नेपालमा मस्टो परम्परा



सम्पादक

जीवनचन्द्र कोइराला
हरि मञ्जुश्री

नेपालमा मस्टो परम्परा

सम्पादक

जीवनचन्द्र कोइराला

हरि मञ्जुश्री

प्रकाशक

हिमालय सेन्टर फर एसियन स्टडिज (हिकास)

स्कुल अफ आर्ट्स

काठमाडौं विश्वविद्यालय

प्रकाशक

हिमालय सेन्टर फर एसियन स्टडिज (हिकास)
स्कुल अफ आर्ट्स
काठमाडौं विश्वविद्यालय

कृति : नेपालमा मस्टो परम्परा
सम्पादक : जीवनचन्द्र कोइराला
: हरि मञ्जुश्री
आवरणसज्जा : इ. रोशन अधिकारी
प्रकाशनकाल : जेठ २०७९
प्रकाशनप्रति : ५०० मात्र
संस्करण : प्रथम
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा, काभ्रे

मूल्य : रु. ५००।-

समर्पण



यस पुस्तकका उत्प्रेरक
लोकसंस्कृतिविद् डा. सत्यमोहन जोशीको
१०३ औं जन्मदिवसका अवसरमा हार्दिक मङ्गलकामनाका साथ !

शुभकामना

वाङ्मय शताब्दी पुरुष लोकसंस्कृतिविद् डा. सत्यमोहन जोशीले कर्णाली र अन्य क्षेत्रको लोकसांस्कृतिक अन्वेषणका क्षेत्रमा गर्नुभएको योगदानका लागि काठमाडौं विश्वविद्यालयले उहाँलाई मानार्थ विद्यावारिधि उपाधि प्रदान गरेको थियो । उहाँले यस विश्वविद्यालयको दीक्षान्त समारोहको प्रमुख अतिथिका रूपमा दीक्षान्त सम्बोधन पनि गर्नुभएको थियो । उहाँको १०३ औं जन्मदिवसका अवसरमा उहाँमा हार्दिक मङ्गलकामना व्यक्त गर्दछु ।

उहाँले आफ्नो अध्ययनको एक विषय मस्टोका विषयमा लेखिएका गहन लेखहरूको सङ्ग्रहका रूपमा छुट्टै पुस्तकको सम्पादन-प्रकाशन गर्ने र त्यसलाई मस्टो विषयको आधिकारिक स्रोतग्रन्थ बनाउने सल्लाह दिनुभएको र यसै आधारमा यस विश्वविद्यालयको 'स्कुल अफ आर्ट्स' अन्तर्गत सञ्चालित Himalaya Center for Asian Studies (HiCAS) का तर्फबाट 'नेपालमा मस्टो परम्परा' नामक पुस्तकको प्रकाशन गर्न लागिएको जानकारी पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ । यस पुस्तकका लागि म प्रकाशक र सम्पादक दुवैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस पुस्तकले समग्र मानव वंशका साथै एसिया महादेशभित्र रहेका विभिन्न क्षेत्रका संस्कृति र परम्पराहरूको समाजशास्त्रीय अध्ययन गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नेछ र सामाजिक अध्येताहरूलाई अन्वेषणको नवीन दिशामा प्रवेश गराउन पनि उत्प्रेरित गराउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

यस पुस्तकको सफलताका लागि मेरो हार्दिक शुभकामना छ ।

– प्रा. डा. भोला थापा
उपकुलपति
काठमाडौं विश्वविद्यालय

-------------- --------------

प्रकाशकीय

नेपालको काली नदीदेखि मेचीसम्मको भूभाग वरिपरि रहेका नेपाली मूलका ब्राह्मण, क्षेत्रिय, ठकुरी एवं अन्य केही जातिहरूले आफ्ना कुलदेवता भन्ने र मान्ने गरेको 'मस्ट' का बारेमा नेपालका विशिष्ट विज्ञहरूले विभिन्न समयमा लेख्नुभएका लेखहरूको यस सँगालोको निकै महत्त्व छ । मस्टका बारेमा रुचि राख्नेहरूका लागि यो पुस्तक आधिकारिक स्रोत र ऐतिहासिक दस्तावेज हुने विश्वास लिन सकिन्छ ।

नेपालमा परापूर्वकालदेखि पाइँदै आएका पुर्खाका अनगन्ती ज्ञान तथा परम्परा कति संस्थागत भएका छन् भने कतिको अनुसन्धान हुन बाँकी छ । ती ज्ञान तथा परम्पराहरू केही पुस्तकमा उद्धृत गरिएका छन् त केही दैनिक दिनचर्याको व्यवहारमा देखिन्छन् । नेपालको भूभाग सानो भए पनि चार वर्ण छत्तीस जातको यस फूलबारीको कुनाकाप्चामा पाइने परम्पराहरू निकै रोचक तथा संस्कृति बोध गराउने खालका छन् । पश्चिम नेपालमा देखिने मस्ट परम्परा पनि कति पुरानो, रोचक अनि लोकजीवनमा भिजेको रहेछ भन्ने कुरा यस पुस्तकबाट प्रस्ट हुन्छ ।

धेरैलाई थाहा नभइसकेको तर ज्यादै रोचक कुराकानी, प्रसङ्ग र व्यक्तिगत अनुभवले भरिएका अनुसन्धानात्मक तथा विचारात्मक लेखहरूको यो सँगालो प्रकाशन गर्ने अवसर पाएकोमा हिमालय एसियाली अध्ययन केन्द्र (Himalaya Center for Asian Studies - HiCAS) का तर्फबाट काठमाडौं विश्वविद्यालय, यस पुस्तकका सम्पादकहरू तथा यस पुस्तकमा आफ्नो अमूल्य विचार र अनुसन्धानले योगदान पुऱ्याउनुभएका विशिष्ट लेखकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । हिकासको उद्देश्य पनि हिमाल वरिपरि रहेका एसियाका संस्कृति, सभ्यता, ज्ञान अनि परम्पराहरूको अध्ययन गर्ने भएकाले यस्तो दुर्लभ सँगालो प्रकाशन गर्न पाउँदा खुसीको अनुभूति गरेको छु ।

आशा छ, मस्ट परम्पराका बारेमा थप अध्ययन गर्न रुचाउने सबैलाई यो पुस्तक ग्रहणीय हुनेछ ।

– प्रा. डा. सागरराज शर्मा
कार्यकारी निर्देशक
हिमालय एसियाली अध्ययन केन्द्र (हिकास)

जेठ २, बुद्धपूर्णिमा
२०७९, काठमाडौं

सम्पादकीय

लोकसंस्कृतिविद् डा. सत्यमोहन जोशीले मस्टोसम्बन्धी लेखहरूको सङ्ग्रहको सम्पादन गर्ने जिम्मा जीवनचन्द्र कोइरालालाई दिनुभएको थियो। त्यसपछि उहाँ त्यस कार्यमा लाग्नुभएको थियो। उहाँले सामग्री सङ्कलन, अक्षराङ्कन र भाषिक शुद्धीकरणका लागि मनिका शर्मा, किरण थापा, भावकेशर बराल, रमेश ढुङ्गेल र सचन विश्वकर्माको सहयोग लिनुभएको थियो। करिब १३० पृष्ठको सामग्री तयार भएपछि उहाँको देहावसान भयो। अनि सामग्रीहरू थपेर सम्पादन गरी त्यस पुस्तकलाई अन्तिम स्वरूप दिने जिम्मा डा. सत्यमोहन जोशीले मलाई दिनुभयो। त्यसपछि मैले सामग्री सङ्कलन-सम्पादन गर्न थालेँ र त्यसका लागि डा. शैलेन्दुप्रकाश नेपाल, इ. रोशन मञ्जुश्री, गीता अधिकारी, सङ्गीता केसी र महेन्द्रकुमार निरौलाको सहयोग लिएँ। यसरी करिब ३०० पृष्ठको यो पुस्तक तयार भएको हो। यस पुस्तकको अध्ययनबाट नेपाली भूभागमा प्रचलित मस्टो संस्कृति र परम्पराका विषयमा आधिकारिक जानकारी प्राप्त गर्न सकिनेछ।

काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टस् अन्तर्गत रहेको हिमालय एसियाली अध्ययन केन्द्र (हिकास) ले हिमालय शृङ्खलाको वरिपरि रहेका विभिन्न मानववंशको संस्कृति, सभ्यता, इतिहास, परम्परा र पुरातात्त्विक सम्पदाहरूको अध्ययन गर्ने गरेको छ। मस्टोसम्बन्धी विषय पनि यसैअन्तर्गत पर्ने भएकाले यस पुस्तकका उत्प्रेरक लोकसंस्कृतिविद् डा. सत्यमोहन जोशीको १०३ औँ जन्मदिवसको अवसर पारेर यही संस्थाबाट यस पुस्तकको प्रकाशन गरिएको हो।

यस पुस्तकको सम्पादन गर्ने जिम्मा दिनुभएकोमा डा. सत्यमोहन जोशीप्रति, शुभकामना मन्तव्य प्रदान गर्नुभएकोमा काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्रा. डा. भोला थापाप्रति, प्रकाशनभार बहन गरिदिएकोमा हिकासप्रति, प्रकाशकको मन्तव्यका लागि हिकासका कार्यकारी निर्देशक प्रा. डा. सागरराज शर्माप्रति र विविध परामर्शका लागि श्री मुकुन्दप्रसाद उपाध्यायप्रति आभारी छु। सहयोगी सबैलाई धन्यवाद ज्ञापन गर्दै यस पुस्तकको सम्पादन गर्न प्रारम्भ गर्ने मित्र जीवनचन्द्र कोइरालाको गतात्माको चिरशान्तिको कामना गर्दछु।

– हरि मञ्जुश्री

विषयक्रम

१. सत्यमोहन जोशी

नेपाली भाषाको पृष्ठिकामा मस्टोका आलनहरू ॥ ९ ॥

२. सत्यमोहन जोशी

मस्टोका धामीसँग साक्षात्कार ॥ ३७ ॥

३. पूर्णप्रकाश नेपाल 'यात्री'

मस्ट एक सामाजिक अध्ययन ॥ ४६ ॥

४. कुलचन्द्र कोइराला

खसबाहुनका कुलदेवता मस्टो ॥ ११३ ॥

५. डा. प्रयागराज शर्मा

पश्चिमी नेपालको हिमालयमा पुजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा ॥ १५२ ॥

६. रत्नाकर देवकोटा

कुलदेवताका रूपमा पुजिने मस्टो र यसका विविध पक्ष ॥ १६७ ॥

७. डा. जगमान गुरुङ

मस्ट : एक चिनारी ॥ २११ ॥

८. डा. माधवप्रसाद पोखरेल

मस्टो हाम्रो कुलदेवता ॥ २१७ ॥

९. रामबहादुर रावल

मस्टो : मेरो ज्ञानमा ॥ २२७ ॥

१०. डा. जयराज पन्त

मस्टोका विविध प्रसङ्ग ॥ २३५ ॥

११. हरिप्रसाद खराल

पश्चिम नेपालमा विकसित नौ बहिनी भवानी परम्परा : एक अध्ययन ॥ २७३ ॥

१२. श्याम खड्का

कुलदेवता मस्टो ॥ ३०४ ॥

नेपालमा मस्टो परम्परा

नेपाली भाषाको पृष्ठिकामा मस्टोका आलनहरू

– सत्यमोहन जोशी –

हुन त नेपालको सुदूर पशिचमाञ्चलमा प्रचलित एवं लोकप्रिय भइरहेको 'मस्टो' सम्बन्धी जानकारी दिने विषयलाई लिएर विस्तृत वैज्ञानिक अन्वेषण गर्न बाँकी नै छ, तैपनि यस लेखले नेपाली लोकसंस्कृतिका अन्वेषक तथा सांस्कृतिक नृतत्त्वशास्त्रीहरूको ध्यानलाई अन्वेषणको यस नौलो क्षेत्रमा आकर्षित गर्नेछ । किनभने लोकसंस्कृतिको दृष्टिकोणले 'मस्टो' को आफ्नै अलग महत्त्व र विशेषता उपलब्धिहरूमा आफ्नैपनको छाप छ ।

अतः भेरी, सेती, कर्णाली, महाकाली आदिका पाखापखेरो र उपत्यकाहरूमा 'मस्टो' को मान्यता र प्रभुत्व जुन सर्वोपरि छ, त्यसको सङ्क्षिप्त भूमिकास्वरूप यो लेख प्रस्तुत छ । वास्तवमा 'मस्टो' एक ग्रामीण देवताको नाम हो । 'मस्टो' को कुनै मूर्ति हुँदैन । मस्टोको प्रतिनिधित्व धामीले गर्दछ । धामी जनसमाजमा अघिपछि एक साधारण मान्छे नै भए पनि, उसमा मस्टो देवता चढ्दा ऊ एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ र मस्टोकै प्रतिनिधित्व गरेर पतुर्न (बोल्न, बक्न) थाल्छ । त्यस बेला गाउँघरमा मानिसहरू मस्टो देवता चढेको धामीमा अगाध श्रद्धा र विश्वास राख्तछन् ।

उक्त सन्दर्भमा कर्णाली अञ्चललाई नै उदाहरणका रूपमा प्रस्तुत गरौं । यस अञ्चलमा चार जिल्लाहरू छन् – १) जुम्ला, २) तिब्रिकोट, ३) मुगु, ४) हुम्ला । यी जिल्लाहरूमा जुनसुकै भेगमा पनि ग्रामीण देवताहरूका क्रममा सर्वेसर्वा तत्त्वचाहिँ 'मस्टो' नै भएको छ । मस्टोलाई 'मैथो' पनि भनिन्छ । मस्टोलाई 'गोसाइँ' (विशेषतः मस्टो देवता चढेको धामीलाई) पनि भनिन्छ ।

अनि गाउँघरका मानिसहरू उक्त 'मस्टो' लाई मागल गीत र चुट्किला गीतहरू घन्काई-घन्काई यसरी आह्वान गर्दछन् –

'गाब्या र आलन तोड गोसाइँ चढाऊँ
दे गोसाइँ चलेर आऊ ।'

(अर्थात् रातो र सेतो कपडा भएको ध्वजा तपाईं मस्टो देवतालाई चढाउँला । हे मस्टो देवता, तपाईं प्रकट भएर आउनुहोस् ।)

'भोटबाट आयो गङ्गा जमुना
किनारा लागला ठाऊँ
सुनका मुरती तुही मस्टा चढाउँला
दे गोसाइँ चलेर आऊ
शङ्ख र घण्ट तुही मस्टा चढाउँला
दे गोसाइँ चलेर आऊ
ज्वला र भुकुर तुही मस्टा चढाउँला
दे गोसाइँ चलेर आऊ
पञ्च र कलश तुही मस्टा चढाउँला
दे गोसाइँ चलेर आऊ ।'

(अर्थात् हिमालबाट निस्की, भोटको बाटो गरी तल बगी आउने कर्णाली नदीजस्तै पानी भएर मैदानमा सम्म भएर बग्न थाल्छ । तपाईं मस्टो देवतालाई सुनको मूर्ति बनाएर चढाउँला, तपाईं मस्टो देवता साक्षात्कार (धामीमा प्रवेश गरी पतुर्ने, बोल्ने र बक्ने) भई देखापर्नुहोस् । तपाईं मस्टो देवता प्रकट भएर आउनुभयो भने हामी तपाईंलाई शङ्ख र घण्टा चढाऔँला, सुन, चाँदी र बाजा चढाऔँला, पञ्चकलश चढाऔँला ।)

मस्टो देवतालाई यसरी आह्वान गर्दा अर्थात् साधन गर्दा अनगन्ती लोकगीतका उद्गारहरू खोला-नाला र पहरा नै घन्किने गरेर निस्किरहन्छन् । अनि मस्टो देवता जब प्रकट हुन्छन् (धामीमा प्रवेश गर्दछन्), त्यस बेला फेरि भक्तजनहरू अपार हर्षले चुट्किला गीतलाई यस्तो रूप दिन्छन् –

'चल्यो गोसाइँ मुसौटाय मेदनि हल्लायो
मेदनिका दैत्यभूत हल्लखल्ल पाऱ्यो ।'

(अर्थात् हेर, मस्टो देवता चढेका धामी काम्न थाले, पतुर्न (बक्न, बोल्न) लागे, मस्टोथानका ध्वजापताकासमेत हल्लिन थाले, मस्टोथानका भूतप्रेतहरू हल्लीखल्लीमा परे ।)

त्यसपछि मस्टो स्थानको महत्त्व र विशेषता झन् बढ्दै जान्छ। टाढा-टाढाका ठाउँबाट समेत आई एकत्रित हुने यात्रुहरू चुट्किला गीतहरूद्वारा मस्टोस्थानको परिचय यसरी प्रस्तुत गर्दछन् –

उडीमेली गौचरन नि उँभो छ हरियो
डाँडामै मस्टाका थान फूलपाती भरियो
डाँडामै मस्टाका थान घण्टैले भरियो
डाँडामै मस्टाका थान शङ्खले भरियो
डाँडामै मस्टाका थान मुरतीले भरियो
डाँडामै मस्टाका थान जात्रुले भरियो।'

(अर्थात् यहाँ गाउँघरको वनपाखामा रहेको चउरले युक्त मस्टो स्थानको विवरण प्रस्तुत गरिएको छ, साथै मस्टोस्थानमा भक्तजनद्वारा मस्टोलाई चढाएका फूलपाती, घण्टा, शङ्ख र अनेक मूर्तिहरूको विवरण पनि प्रस्तुत गरिएको छ। आखिरमा मस्टोस्थान चारैतिरबाट एकत्रित भएका जात्रुहरूले भरिन्छ।)

फेरि मस्टो देवता चढेका धामी मस्टोस्थानको गादी (उच्चासन) मा बसेपछि भक्तहरू लोकगीतकै भाकामा उद्‌गारहरू यसरी पोख्न थाल्छन् –

आफू गोसाइँ मुसौटाय
सिंहासन राज भयो
लायल पटमुनि खेल।

पटमुनि खेलू लाया
क्यौ क्यौ बरु दिल्ला
लायल पटमुनि खेल।

निपुत्यलाई पुत दिन्ना
निर्धनलाई धन दिन्ना
लायल पटमुनि खेल।

(अर्थात् तपाईं मस्टो देवता प्रकट हुनुभयो र गादीमा बस्नुभयो। अब देउताको चौथारो (चौतारो) मा रमिता हुन लाग्यो। बरू अब यसरी देवताको चौतारोमा खेल लाएपछि मस्टो देवता (यहाँ मस्टो देवता चढेका धामी) ले वरदान दिन्छन्, जस्तो अपूतोलाई छोरो गरिबलाई धन।)

एवं रीतको जनभावना र आकाङ्क्षामा मस्टो देवताको साक्षात्कार धामीमा हुन्छ । अब मस्टो देवताको प्रसङ्गमा जुम्ला जिल्लाको सिन्जादरा अन्तर्गत सिन्जाखोला उपत्यकाको हाटसिन्जा पञ्चायतलाई उदाहरणका रूपमा प्रस्तुत गरी चर्चा गरौं । यस पञ्चायतमा पाँच प्रमुख गाउँहरू छन् – १) हाटसिन्जा, २) लेकपर, ३) बोताँ, ४) ओखरपाल, ५) लूम ।

अब यी पाँच गाउँहरूमा चाहे हामी लेकको लेकपर गाउँमा नै जाऔं अथवा डाँडाका ओखरपाटा र बोताँ गाउँमा, अथवा कोप्थेमा लूम गाउँमा अथवा सिन्जाखोलाकै किनार बेसीमा हाटसिन्जा गाउँमा, तर जुनसुकै गाउँमा पुग्न खोजे पनि, टाढैबाट यी गाउँहरूलाई अवलोकन गर्दा सबभन्दा पहिले हामीहरूले दृष्टि त्यहाँ गाउँमा फरफराइरहेका उच्च आलनहरूमा पर्न जान्छ । यहाँ 'आलन' शब्दले लामो काठको लिङ्गाको टुप्पामा सजाइएका ध्वजापताकालाई जनाउँछ । आलनको अर्को पर्याय शब्द 'नेजा' हो । यस किसिमको ध्वजापताकामा कहीं झण्डाझैं चारकुने र बीचमा रातो धर्का (तुल कपडाको तुला-चौका) पनि हुन्छ, कहीं भने तीनकुने अनि यसको बीचमा गुणन चिह्नको तुला-चौका । कहीं-कहीं ध्वजापताकाको साथमा चमर र साना-साना घण्टाहरू पनि हुन्छन् । यस किसिमका मस्टाका आलनहरू फरफराइरहेका देखिँदा कर्णाली अञ्चललाई नै 'मस्टाको देश' भनेमा अत्युक्ति हुने छैन । वास्तवमा यस अञ्चलका गाउँघरको शोभा यस किसिमको आलनले नै बढाएको छ । यसको महत्त्व चाहिँ अलग्ग छँदैछ । यस सन्दर्भमा जुम्ला खलङ्गास्थित श्री चन्दननाथ र श्री भैरवनाथका ५२ हाते आलनहरू पनि विशेष उल्लेखनीय छन् ।

विशेषतः 'आलन' गाउँमा देवीदेवताहरू साधन गरिराखेको घरमा फरफराइराखेको हुन्छ । त्यसैले जुन घरमा मस्टोको अथवा मस्टोसरह अन्य ग्रामीण देवताको माडौं (थान, स्थान, थलो, मन्दिर) स्थापना गरिएको हुन्छ, त्यसमा आलनसहितको लिङ्गो गाडिएकै हुन्छ, अनि गाउँका माझमा र आसपासमा पनि गाउँथलो (घरथान) छ भने त्यहाँ पनि आलनसहितको लिङ्गो गाडिएकै हुन्छ । अझ गाउँको सिरानमा अथवा गाउँघरको हाराहारीको वनजङ्गलको छेउमा रहेको मस्टो अथवा अन्य ग्रामीण देवताको वनथान (वनथलो) मा पनि आलनसहितको लिङ्गो गाडिएकै हुन्छ । यहाँ थान (थलो) को अर्थ देवताको बासस्थान हो । प्रायः मस्टो देवताका दुई थाल (थला) हरू हुन्छन् – १) एउटा वनजङ्गलमा हुने

वनथान वनथला, यहाँ हुने थानचाहिँ मूल थान हुन्छ, अनि २) घरथान (गाउँथलो), योचाहिँ वनथलाकै शाखाका रूपमा सुविधाका निमित्त गाउँघरमा रहेको हुन्छ ।

यो पछिल्लो थान (थलो) छुट्टै पनि बन्न सक्छ, अथवा मान्छे बसेकै घरमा पनि रहन सक्छ । वनथान (थला) चाहिँ सुनसान ठाउँमा अलग्गै रहेको हुन्छ । यस किसिमको मस्टोको वनथान अलि उच्च परेको ठाउँमा अथवा एकान्त परेको ठाउँमा बनेको हुन्छ । यस थानका वरिपरि धुपीका रूखहरू र ढुङ्गाका चौघेरा हुन्छन् । थान एउटा सानो घरकै रूपमा देखापर्दछ । अक्सर यस्तो थानमा काठको छाना (दुईपाखे छाना) हुन्छ । थानभित्रको भाग खुला र चौडा हुन्छ र त्यहाँ एउटा गुप्रो कोठा (मस्टोको आगम) पनि हुन्छ । यसलाई 'गबीर' भन्दछन् । थानमा ठूला-ठूला बुट्टेदार काठका थामहरू हुन्छन् । यहाँ मस्टोदेवलाई चढाएका काठका ठूला-ठूला मूर्ति, ढुङ्गाका साना-साना मूर्ति, तामा-पित्तलका (पातामा उठाएका) साना-साना मूर्ति, घण्टा, शङ्ख, रुद्राक्ष, चमर, त्रिशूल, ध्वजा-पताका, दियो आदि हुन्छन् । कुनै-कुनै वनथानमा मूलद्वार पनि हुन्छ । आलनसहितको लिङ्गोचाहिँ थलोको मुन्डा छानाको मध्यभागमा गगनचुम्बी गजुरझैँ गाडिएको हुन्छ । अर्थात् यो लिङ्गो मस्टो रहेको गुप्ती कोठासँग जोडिएको हुन्छ । यस्तो वनथानचाहिँ एकतले नै हुन्छ । मस्टोको घरथान (गाउँथलो) भने एकतले अथवा दुईतले पनि हुन सक्छ । तर यसमा मस्टोचाहिँ कि तल्लो तलामा रहेको हुन्छ, कि भने माथिल्लो तलामा । यस थानमा पनि वनथानमा झैँ नै आलनसहितको लिङ्गो गाडिएको हुन्छ । यस थानको देउचल (भित्री भाग) पनि खुला हुन्छ र भित्री भागको पनि एक छेउमा गबीर (गुप्ती कोठा) हुन्छ ।

गाउँको माझ एकतले चारकुने देवलजस्तो हुन्छ । यसको भित्री भागमा देवीदेवता रहेका हुन्छन् । यस्तो देवलमा पनि कुनै-कुनैमा आलनसहितको लिङ्गो गाडिएको हुन्छ, तर मस्टोको थानमा झैँ एकै हुनुपर्छ भन्ने कुनै नियम छैन । फेरि प्रायः गाउँघरको प्रत्येक घरमा पनि साना साना खोपाहरूमा आफूहरूले मान्ने मस्टोको सम्बन्ध हुनैपर्छ भन्ने कुनै नियम देखिँदैन । मूलतः धामीले पतुर्ने प्रचलित ठूला-ठूला वनथान र घरथान मानिएका ठाउँहरूमा नै आलनसहितका १५ देखि २० अथवा ३०-४० हातसम्मका लिङ्गाहरू ठड्याइएका पाइन्छन् । प्रायशः नपतुर्ने ठाउँमा

आलनसहितको लिङ्गो गाडिएको हुँदैन । लिङ्गोको काठ प्रायः पावै सल्ला अथवा लेकाली सल्लाको हुन्छ र यो सुरिलो हुन्छ । यो लिङ्गोलाई 'लुगू' पनि भन्दछन् ।

वास्तवमा यी वनथानमा अथवा घरथानमा पुजिने मस्टो अथवा अन्य देवीदेवताहरूको मूर्ति स्थापना गरिएको हुँदैन । माथि उल्लेख भएका काठ, ढुङ्गा र फलामका पातामा मूर्तिहरू त भक्तहरूले मस्टोका नाममा अथवा अन्य देवीदेवताको नाममा जस (फल) पाउनका निमित्त चढाएका मूर्तिहरू मात्र हुन् । यहाँ मुख्यतया लिङ्गो नै प्रतीक हुन्छ अथवा लिङ्गोको मूल फेदको वरिपरि थुप्र्याइएका प्राकृतिक बनोटका चुच्चे ढुङ्गाहरू अथवा गबीरभित्रको खोपामा स्थापना गरिएका शिलाहरू प्रतीक हुन्छन् ।

फेरि यस किसिमका वनथान र घरथानमा प्रत्येक दिन पूजाआजा लागिरहने पनि होइन । विशेषतः पूर्वकालहरूमा अथवा गाउँघरमा मानिसहरूले धमेली गर्न आएको दिनमा (मस्टोको धामी हेराउन आएको बेलामा) यहाँ धुमधामले पूजाआजा हुन्छ । यस बेला यहाँ गोबरले शुद्ध र चोखो पार्न सफासुग्घरसँग लिपपोत गरी सिँगारपटार गरिएको हुन्छ । मस्टोका नाममा सन्दुकभित्र सङ्कलित मूर्ति (सामान्य मूर्ति) गहना, हातहतियार, लुगाफाटा आदि पनि सफासुग्घर गरी सजाइन्छन् । अघिपछि चाहिँ यहाँ विशेष सजावट केही हुँदैन, न नित्यकर्मका रूपमा पूजाआजा नै हुन्छ ।

सिन्जाखोला उपत्यकामा हाटसिन्जा पञ्चायतभित्रका माथि उल्लेख भइसकेका पाँचवटा गाउँहरूलाई नै फेरि उदाहरणका रूपमा प्रस्तुत गरौँ, यी गाउँहरूमा ग्रामीण देवदेवीका थानहरू यसरी देखापर्दछन् –

क) लेकपर गाउँमा – १) लामा विष्णु (मस्टोसरहकै देवता), २) लाटो मस्टो, ३) महाद्यौ, ४) कुलद्यौ ।

ख) बोता गाउँमा – १) बुडावाडा मस्टो, २) महाद्यौ, ३) केसरीपाल, ४) धौलपुर मस्टो, ५) भुवानी, ६) कुलद्यौ, ७) मालिका ।

ग) ओखरपाटा गाउँमा – १) बाँडपाल, २) कैलाश, ३) कुलद्यौ, ४) महाद्यौ, ५) भुवानी नदालिनी ।

घ) लूम गाउँमा – १) ढँडार, बूढू, कवा, थार्प मस्टाहरू (एकै घरमा वा गाउँथलोमा साधना गरेर स्थापना गरिएका), २) छदुस्की,

फुटासिली, ३) भुवानी, ४) बाँसपालो (ठकुरी, बाहुनको), ५) ढोलीको बाँसपालो (दमाईंको), ६) शिवजी, ७) कालिका, ८) कुलचौ, ९) लामा विष्णु (हुँडेखोली लामा)।

यसमा हाटसिन्जा पञ्चायत इलाकाभित्र सिन्जा लामा थाडाको गढीको डाँडोमा रहेको कनकासुन्दरी भगवतीको मूल थलो समावेश भएको छैन। तर यो थलो सिन्जाखोला उपत्यकाभरिकै गाउँघरको साझा देवथलो हो। यहाँ सरकारी गुठी नै छ र यहाँ नित्य पूजाआजाको व्यवस्था छ। कनकासुन्दरीको प्रतिष्ठाचाहिँ सिन्जापति राजाहरूकै पालादेखि भएको विदित हुन्छ। यहाँ कनकासुन्दरीका अतिरिक्त जलपादेवी, तिप्रा (त्रिपुरासुन्दरी), कालिका, गणेश र लामा विष्णुका प्रतीकहरू पनि छन्।

अब हामी आफ्नो विषयलाई 'मस्टो' मा नै केन्द्रित गरौं। किनभने यस भेकमा मस्टो देवता नै सर्वेसर्वा तत्त्व भएको छ।

चाहे वनथानमा होस्, चाहे घरथानमा, त्यहाँका मस्टो देवतासँग गाउँघरका मानिसहरूको निकट सम्बन्ध रहेको हुन्छ, दृश्य वा अदृश्य रूपले। गाउँघरको प्रत्येक मानिसले एक न एक मस्टो मानेकै हुन्छ। उसका निमित्त मस्टो नै सबभन्दा प्रभावकारी दैवी शक्ति बनेको हुन्छ। चाहे ऊ बिरामी होस्, चाहे उलाई मुद्दा लागोस्, चाहे ऊ निःसन्तान बनोस्, चाहे उसको जीवनमा कुनै न कुनै किसिमको आपदविपद पर्न आओस्, उसका निमित्त मस्टो नै एक मात्र रक्षक भइरहेको हुन्छ। आफ्नै गाउँ र आफ्नै अञ्चलमा मात्र होइन, चाहे ऊ व्यापार गर्न दाङ, सुर्खेत, नेपालगन्ज झरोस् अथवा मुद्दा लड्न र जागिर खान अञ्चल अथवा जिल्लाको सदरमुकाममा अथवा राजधानी काठमाडौं उपत्यकामा नै, उसका निमित्त उसको मस्टो देवता टाढा भए पनि नजिक नै हुन्छ। अझ सिमानापारि गई नैनीताल, गोरखपुर, लखनौमा व्यापार गर्न जाँदा अथवा नैनीताल, कानपुरमा सामयिक मजदुरी गर्न जाँदा पनि उसको मस्टो ऊदेखि टाढा हुन सक्तैन। उसको प्रत्येक नाफा-नोक्सानी, जीतहारमा मस्टो मुस्कुराएको अथवा रिसाएको प्रभाव पर्न गइरहेको हुन्छ। यसैले मस्टोदेखि ऊ अलग्गिन चाहँदैन, वास्तवमा सक्तैन पनि। यसैले उसका निमित्त जहाँ बसे पनि मस्टो नै सर्वोपरि हुन्छ।

मस्टोको उत्पत्ति कुन बेला भयो र कहाँबाट भयो भन्ने कुरामा एकरूपता कायम गर्न मस्टोले चर्चेका सबै इलाकाहरूमा विशेष तवरले

सर्वेक्षण गर्नुछ । किनभने कर्णाली अञ्चलमा मात्र होइन, यस अञ्चलबाहेक अरू पश्चिमाञ्चल र भेकहरूमा पनि मस्टोको अस्तित्व र प्रचलन कायम भएको विदित हुन्छ ।

साधारणतया मस्टोको उत्पत्तिको चोसो खोज्दै गएमा दरिलो जनकथनानुसार वर्तमान कर्णाली अञ्चलको दक्षिण भागमा रहेको बझाङ नै मस्टोको आदिथलो देखापर्दछ । पछि यही ठाउँबाट मस्टोका अनेक हाँगाहरू चारैतिर फैलिएर गएको पत्ता लाग्दछ । यस सन्दर्भमा सिन्जाखोला उपत्यकामा अझै निकै प्रचलित भइरहेको 'बान्नो फुटे ढँणार छुटे' भन्ने आहान ऐतिहासिक देखिन आउँछ । यस आहानको भावार्थ 'बान्नीबाट मस्टा फुटे र ढँणारबाट छुटेर गए' भन्ने हो ।

अब यही आहानको पृष्ठभूमिमा केलाएर हेरौँ । बझाङमा बान्नीकोट (उहिले बझाङ राज्य भएकाले) भन्ने ठाउँ छ । 'बान्नी' त्यही ठाउँको दराको नाम हो । ढँणार (सजिलो उच्चारण ढँडार) पनि बझाङकै एउटा गाउँको नाम हो ।

सिन्जा उपत्यकामा लुट्कू पञ्चायतका वयोवृद्ध पं. श्री केदारनाथ न्यौपानेको कथनानुसार 'बझाङ्गे राजाका एकजना पुर्खा बद्रीनारायणधाम गएका थिए । उनी तीर्थधाम गरी त्यहाँबाट फर्कंदा एउटा नीलो रङको कलेवर शिला (ढुङ्गो) उनको साथ लागी आएछ । उनले त्यो ढुङ्गो बाटोमा फाले, तर भोलिपल्ट फेरि त्यो ढुङ्गो उनकै झोलामा देखापर्‍यो । उनले त्यो ढुङ्गो दुई-तीनपल्ट बाटामा फाल्दा पनि उनकै साथ लागेर झोलामा देखापर्‍यो । पछि घर बझाङ्गमा आइपुगेपछि उनलाई एउटा सपना भएछ । त्यस सपनामा ढुङ्गाले भन्यो – "मलाई किन फाल्छस् ? म त मस्टोका रूपमा आएको हुँ तँलाई रोजेर । तँलाई राज्य दिलाउँछु । किन फाल्छस् मलाई ?"

त्यसपछि त्यो सपना देख्नेले त्यस ढुङ्गालाई फाल्ने साहस गर्न सकेन । उसले त्यो ढुङ्गाप्रति श्रद्धा र आस्था राख्यो । उसले त्यो ढुङ्गालाई दैवी शक्तिका रूपमा स्थापना गर्‍यो । तदुपरान्त एक-दुई पुस्तापछि उसका वंशजलाई राज्य प्राप्ति भयो भन्ने कथन छ ।'

यसै कथाको पृष्ठभूमिमा अद्यापि गाउँघरका बूढापाका मानिसहरू भन्दछन् – "हाम्रा मूल मस्टो बद्रीनारायणस्थानको गरुड शिला (ढुङ्गा)

बाट फाटेर आएका हुन्, त्यहाँ दर्शन गर्न जाने मानिसको थैलोमा बसेर आएका हुन् ।"

यस सन्दर्भमा सिन्जा लुट्कू ग्रामनिवासी श्री लक्ष्मण पाध्याको घरमा सुरक्षित एक अज्ञात कविको कविता जुन प्राप्त भएको छ, त्यसबाट मस्टोको उत्पत्ति र भोगबारे केही कुरो थाहा हुन आउँछ, जस्तो –

'पानीका पनेरा भाइ फुलिगयो जाई
इन्द्रका पुत्रले मस्टो बोलायो ।
सुनका भड्यारा फोरी मर्त्यलोक आयो
कहाँ रोज्यो ठाउँ गोसाइँ कहाँ रोज्यो भोग
वाराणसी ठाउँ गोसाइँ ढँडार भोग
कानाकुश नजापुर मस्टो छ नाम ।'

यस कवितामा 'सुनका भड्यारा फोरी मर्त्यलोक आयो' 'ढँडार भोग' आदि उल्लेखले मस्टोको जन्म र मस्टोले भोग गरेको ठाउँको सङ्केत स्पष्ट हुन्छ ।

अनि बझाङको बान्नीकोटमा सर्वप्रथम स्थापना भएकाले त्यस मस्टोको नाम नै 'बान्नी मस्टो' भयो । त्यही बेलादेखि मस्टोको पूजाआजा सुरु भयो । यसको प्रचार चारैतिर हुन थाल्यो । सबैले मस्टोलाई प्रत्यक्ष देवता मान्न थाले । मस्टो सर्वेसर्वा तत्त्वको प्रतीक बने ।

पछि ढँडार गाउँनिवासी एकजना मान्छे बान्नीमा जाँदा संयोगवश त्यो मस्टो देवता चल्यो, लीन भयो, (गुप्त रूपले प्रवेश गर्‍यो) । पछि त्यो मान्छे ढँडार गाउँमा फर्कदा मस्टो पनि गुप्त रूपले ढँडार नै पुगे । अनि ढँडार गाउँमा पनि ढँडार मस्टोको स्थापना भयो । बान्नी र ढँडार दुवै ठाउँमा मस्टो स्थापना भएपछि बान्नी मस्टोकै एक हाँगो ढँडार मस्टोका रूपमा देखापर्‍यो । त्यहाँबाट फेरि 'ढँडार फुट्यौँ पाखान छुट्यौँ' भन्ने आहानअनुसार मस्टाहरू ढँडारबाट पनि फाट्तै वरिपरि पाखा लागेको विदित हुन आउँछ ।

बझाङभित्र आठवटा सानासाना दराका रूपमा उपराज्यहरू थिए, जस्तो – १) तलकोटी (तल्लीकोट), २) थलारी, ३) बजुराल (बाजुरा), ४) कुँडीकोटे, ५) जुगाड, ६) दर्नाली, ७) बिमकोट, र ८) घुँघरकोटे । यसलाई

चार थामी र चार अछामी भनी भन्दछन् । थामीचाहिँ बझाङकै, चार अछामीचाहिँ उँघोका तर कुटुम्बकै ।

पछि तलकोटी राजाले ढँडार मस्टो मान्दा त्यो मस्टो तल्लीकोट चल्यो । मस्टो बिरालोका रूपमा ढँडार आएको कथन पनि पाइन्छ । अनि त्यस बिरालोलाई समाती पोल्न खोज्दा त्यो बिरालो उम्केर बझाङमै ढँडारमुनितिरको क्यूँडाला पुगेको र त्यहाँ क्यूँडाला मस्टो कहलिएको कथन पनि छ । एवं रीतले क्यूँडालाबाट रनाडा (बझाङभित्रै), रनाडाबाट अबला (बझाङभित्रै), अबलाबाट जिउलेक (बाजुराभित्रै), जिउलेकबाट पिना (बाजुराभित्रै, यहाँ पुग्दा मस्टो 'लाटो मस्टो' कहलिएको कथन छ), पिनालेकबाट बाँसकोटको वन (बझाङभित्रै) मा मस्टो सर्दै-सर्दै गएको विषयमा कथनहरू पाइन्छन् । बाँसकोटको वनमा बाहुनकी एउटी कन्याकेटीले एउटा स्फटिकको ढुङ्गो (मस्टो) माथि दूधको धाराले अर्घ्य दिँदा त्यो ढुङ्गो अग्लिन पुग्यो र त्यो मस्टो 'दुधेसिल्टे' कहलियो ।

एवं रीतले बान्नीबाट हाँगा फाटी ढँडारबाट छुटेर गएका मस्टाहरू बान्नी मस्टो, ढँडार मस्टो, तलीकोटे मस्टो, क्यूँडाला मस्टो, रनाडा मस्टो, अबला मस्टो, जिउलेकी मस्टो, लाटो मस्टो, दुधेसिला मस्टो आदि नामले छुट्टिँदै गए । पछि यी मस्टाहरू बाह्र भाइका नामले प्रसिद्ध भए । सल्यानमा 'बिजुली' नामको एउटा डाँडो छ । त्यस डाँडामा बाह्र भाइ मस्टा बसेकाले त्यो ठाउँको नाउँ नै बिलुली डाँडो कहलिएको हो भन्ने कथन छ। यहाँ बिजुलीको अर्थ 'प्रकाश' लाई लिइएको छ ।

एवं रीतले यी मस्टादेवहरू चारैतिर फैलिन थालेपछि बाबिरामा पुगेर 'बाबिरा मस्टो', बुडूमा पुगेर 'बुडू मस्टो', थार्पामा पुगेर 'थार्पा मस्टो' आदिका नामले प्रसिद्ध हुन थाले ।

यो मस्टो देवताको उल्लेख बजाङ्गी वंशावलीमा पनि पाइन्छ । योगी नरहरिनाथद्वारा सङ्कलित इतिहास-प्रकाश, सन्धिपत्रसङ्ग्रह, पृष्ठ ५७५ मा यसरी लेखिएको पाइन्छ – 'श्रीराज शक्तिसिंह ३६-१३६५ इनिका भाइ जक्तिसिं सेतीगङ्गा पारी थलारामा गै मोटो षड्का मारी थलाराका राजा भएका हुँ (हुन) इनि शक्तिसिंका दिनदेखि मस्टा देवता पुजने भै भाग् बाडेको । इनिका पालामा रैका चडी आएको हो । इनि राजामा धेरै शक्ति थियो, १३६५ सालमा राज्ये थियो ।'

यसमा उल्लेख भएको सम्बत् १३६५ का विषयमा ऐतिहासिक क्रमहरूसँग तुलनात्मक अध्ययन गर्नु आवश्यक छ । किनभने सिन्जापति पुण्य मल्ल, पृथ्वी मल्लहरूका शाके सम्वत् उल्लेख भएका अभिलेखहरूमा ब्रह्मा-विष्णु-महेश्वर, बुद्ध-धर्म-सङ्घ आदि नाम उल्लेख भए पनि 'मस्टो' को नाम उल्लेख भएको पाइएको छैन । यसैले 'सम्वत् १३६५' चाहिँ शाके होस् अथवा विक्रम, यो सम्वत्लाई पुण्य मल्ल र पृथ्वी मल्लका समकालीन ठहराउन गाह्रो पर्दछ । एक त शक्तिसिंहको ऐतिहासिक क्रम बाइसे राज्यका क्रममा मिल्न खोज्दछ ।

यसमा अझै खोजी जारी राख्नु उचित हुनेछ । तर सम्वत्को प्रश्नलाई छोडी, मस्टोको प्रादुर्भावको उल्लेख विचार गरी 'बान्नी फुटे ढँडार छुटे' को आहानअनुसार बजाङ्गी वंशावलीमा उल्लिखित मस्टोसम्बन्धी विवरणमा सत्यता झल्किन्छ ।

प्रायः 'मस्टो' को नाम उल्लेख भएका विवरणहरू पुण्य मल्ल र पृथ्वी मल्लपछिका अभिलेखहरूमा ठाउँ-ठाउँमा पाइन्छन्, जस्तो केही उदाहरणहरू –

१) १५४७ (?) मा सुर्ती साईको पालामा लेखिएको एक कागज-पत्रमा – 'रुद्र महादेव देता साछी भञा गङ्गा मेर मंदिर साचि भञा देव देवार साची भञा वाव भुवानी मस्टा साछी भञा ई कुण वदेलीञा ....'

(इ. प्र., अङ्क २, भाग १, पृ. १३७ बाट)

२) श्रीसाके १५१६, श्री संवत् १६१७ (यो सम्वत् शाके सम्वत्अनुसार मिलेको छैन) मा गगनीराज, कर्णराजका पालामा नौ जातले जनै पाएको कागजपत्रमा – '..... असि गोकुल बुडथापा रामु विष्ट मिचा जाडऱ्या रावल उमखोला कालच्या धराला यितिले सर्पका रोतले जनै पाय भै छः धौला पानि पिले म (विष्ट) मस्टाका रोतले जनैः पाया भै छ.....'

(इ. प्र., अङ्क २/१, पृ. ३५६ बाट)

३) कल्यालको वंशावलीमा – '... कल्यालको वंशावली रगुवंसी, रविगोत्र, पञ्चप्रवमध्यानि सासा वुर्तिमकाया क्षेत्रपाल मष्ठो वंदासैनीदेवि...'

(इ. प्र., अङ्क २/१, पृ. ३६७ बाट)

४) सोम वंशावली (स्वो वंशावली) का क्रममा – '..... स्ववसिका कुलदेवता मस्टा बण्डालनी स्वारविष्ट काजी, स्ववंसीराजा, बुडि थर्पु राजधानी बजगाई गुरु पुरोहित ......'

(इ. प्र., अङ्क २/१, पृ. ३७८ बाट)

५) दुल्लू (?) का देतगाउँको एक अभिलेखमा – '...... श्रीसंवत् १९६९ सालमा ..... खेतगाउँका उदेराउतका पुत्र जेठे भानराउनत धामि १ उजल राउत मुषिया १ वुधिसिंह राउत क्षेत्री जना ३ का पालामा श्रीमस्टा देवतालाई अहङ्कारभा गाउका भाइ ससुले चडायाको घंट हो मिती शुभम्: निजै निपाकाल्हा गाउँ बस्न्ये पठान्या सुनारका पुत्र माहासिंगे सुनारको बनायाको घंट हो ।'

(इ. प्र., अङ्क २/१, पृ. २२३ बाट)

'मस्टा' लाई मैथो र 'गोसाइँ' भन्नुका अतिरिक्त 'सुसौटाय' पनि भनिन्छ । मस्टो शब्द एकवचनमा प्रयोग हुँदा 'मस्टो' र बहुवचनमा प्रयोग हुँदा 'मस्टा' गरिएको पाइन्छ । विशेषतः मस्टोको सट्टामा प्रयोग हुने सर्वनामवाची शब्द 'तँ' नै देखिन्छ, जस्तो –

'चल्यो गोसाइँ मुसौटाय मेदिनी हल्लायो
सुनको मुरती तँकन चढाउँला ।'

वास्तवमा मस्टो कुन सम्प्रदायका कुन देवता हुन्, यसमा सबैको एक मत पाइँदैन । जुम्ला खलङ्गामा चन्दननाथ, भैरवनाथहरूलाई नाथ-सम्प्रदायअन्तर्गत लिन सजिलो हुन्छ, त्यस्तै तिब्रीकोटका त्रिपुरासुन्दरी र सिन्जाखोलाका कनकासुन्दरीलाई शाक्त सम्प्रदायमा लिन सजिलो हुन्छ । तर मस्टोलाई यसरी कुनै एक निश्चित सम्प्रदायभित्र राख्न असजिलो मात्र होइन कि कठिन पनि हुन्छ । किनभने 'मस्टो' त त्यस भेकका सबै सम्प्रदायको र धर्मावलम्बीहरूको 'साझा' देवता भएको छ ।

फेरि मस्टोदेवको नाममा विशेष प्रकारले बनेको कुनै प्रार्थना, वन्दना पनि पाइँदैन । मस्टो देवताका नाममा चुट्किला, मागल आदि गीत गाउने चलन देखिन्छ तर यसका आधारमा सम्प्रदाय छुट्याउन सकिँदैन ।

मस्टो देवतालाई कोही चोखो देवता भन्दछन् । किनभने मस्टोले जे पायो, त्यो खाँदैनन् । यिनलाई भातको पूजा पनि लाग्दैन । यिनलाई त

टाट्या (रोटी) लाग्छ । यिनी मद (रक्सी) खाँदैनन् । यसैले यिनलाई तागाधारीजस्तो देवता पनि भनिन्छ ।

मस्टोलाई कोही 'वायु' का रूपमा मान्दछन् । किनभने यी देवता वायुका रूपबाट चल्न सक्छन् र कुनै अवस्थामा साधु, कुनै अवस्थामा गरुड, कुनै अवस्थामा बिरालाको रूप पनि लिन सक्छन् भन्ने कथन छ ।

मस्टोलाई कोही कुलदेवता, इष्टदेवताका रूपमा पनि मान्दछन् । यसैले प्रत्येक घरका परिवारले एक न एक मस्टो मान्ने नै गर्दछन् । यस प्रसङ्गमा पश्चिमबाट (मस्टो सम्प्रदाय भएको ठाउँबाट) अन्यत्र (काठमाडौं उपत्यका पनि) बसाइँ सर्दै आएकाहरूले अद्यापि मस्टोकै एक न एक रूपलाई कुलदेवता मानिआएको पनि विदित हुन्छ ।

शाके १६९७ (वि. सं. १८३३) मा श्री गजपति जोइसीद्वारा लेखिएको सङ्कलित 'ग्रहशान्ति, विवाहकर्म' नामक एउटा हस्तलिखित पुस्तकको ग्रामादि देवताको क्रममा 'मस्टा' देवताको नाम देखापर्दछ । यस पुस्तकमा उल्लिखित विवरण यसप्रकार छ –

'अथ ग्रामादि देवता होम ॥

कुलदेवता कलङ्की देवता मस्टा मन्डाल्नी कालिका मालिका ठिङ्गेल्नी, चुगेल्नी, नोकोटी, दुर्गा, युग्याली, छपन्नकोटी, चामुन्डा, जया, विजया, तारा, त्रिपुरा, स्वर्ग इन्द्र, पाताल वासुकी, मानमी मानधाता, गृहमाता, वास्तुपुरुष, तीर्थराज, व्रतराज, धर्मराज, चित्रगुप्त, मृत्युञ्जय, मासादिपति, स्वामी कार्तिक, नन्दा, दुर्गा, भूमे, खोदाई, कलङ्की, देवता ब्रह्मा देवता, ब्रह्मादेवानी उच्चामेर गैराखाडा काष्ट पाखान छहडी पहडी नैन्यालबाट पाल ठांगी आश्या तिश्या सर्वे गर्भादि देवता पृयंताम् ॥ इति ग्रामादि देवता होम सङ्कल्प ॥'

ग्रामादि देवतासम्बन्धी यस विवरणको उपलब्धिले मस्टो देवता ग्रामीण देवताकै क्रममा देखापर्दछ, तर कर्णाली अञ्चलमा विशेषतः मस्टो देवता नै सबै ग्रामीण देवताहरूमा सर्वेसर्वा र प्रमुख पाइएको छ ।

मस्टो देवताको रूप अथवा मूर्ति कस्तो छ, सो अज्ञात छ । केवल मस्टो थानको लिङ्गा अथवा लिङ्गोको वरिपरि तेर्स्याइएका शिला मस्टोका प्रतीक मान्न सकिन्छन् शालिग्रामझैं । मस्टो पुरुष देवता हो, यी देवताकी वामाङ्गी वा शक्ति छैन । तर 'बाह्रभाइ मस्टा, नौ बहिनी (नवदुर्गा) भुवानी'

भन्ने आहानअनुसार मस्टोदेवका नौवटी बहिनी (भुवानी = भवानी) देखापर्छन् । यिनीहरू कुन देवताका छोराछोरी हुन्, त्यो पनि निश्चित गर्न सकिँदैन । तैपनि यस सन्दर्भमा सिन्जा सन्यालवाडाका पं. अनन्तराम पाध्याद्वारा प्रस्तुत गरिएको एउटा किम्वदन्ती उल्लेखनीय हुन आउँछ ।

'कुनै एक वनमा दुईवटी अप्सरा आगो ताप्न बसेका थिए । त्यो आगो कुनै एक ऋषिको (शिवजीको ?) वीर्यबाट प्रज्ज्वलित भएको रहेछ । फलस्वरूप ती अप्सराहरू गर्भवती भए । जेठीचाहिँ अप्सराबाट १२ जना दाढे मस्टाहरू र कान्छीचाहिँ अप्सराबाट बाह्रजना कुदाढे मस्टाहरू क्रमशः जन्मे । पछि ती मस्टाहरूले शिवजीसँग आफ्नो आफ्नो भाग (अंश) माग्दा शिवजीले तिनीहरूलाई 'मर्त्यलोकमा मानिसहरूको प्रतिपाल गरी मालिक भएर बस्नू' भनेर भाग लगाइदिए ।'

तदुपरान्त दाह्रा भएका (दाढे) मस्टाहरू देवताका रूपमा मान्य भएर पूजाआजा लिई बस्न लागे । उता दाह्रा नभएका (कुदाढे) मस्टाहरू भूतप्रेतका रूपमा छाया लाग्ने (तर्साउने इत्यादि) भएर बस्न लागे ।

'मस्टो' भन्ने नाम कसरी रह्यो भन्ने उनको तर्क छ – 'मान्ठले मानेका हुनाले नै 'मस्टो' भन्ने नाम रहेको हो । सिन्जाली भाषामा (केन्द्रीय खस भाषामा वर्तमान नेपालीको पुर्ख्यौली पूर्वरूप) मान्छेलाई मन्ठ, मन्ट अथवा मन्ठा, मन्टा भन्दछन्, अनि मर्त्यलोकलाई मन्ठालोक अथवा मन्टालोक । मस्टो शब्दको मन्ट शब्दसँग निकटतमं सम्बन्ध हुन सक्छ । अन्यथा सिन्जाली भाषामा 'मस्त' को अर्थ 'धेरै' भन्ने हुन्छ । 'मस्टो' शब्दको अर्को भावार्थ पाइएको छैन ।'

'मस्टो' को लिखित इतिहास पाइएको छैन । यसैले यसको इतिहास जनश्रुतिमै मुख्यतः आधारित छ । तर मस्टो देवताको अस्तित्व र प्रभुत्व अद्यापि परम्परागत रूपले जीवित अवस्थामा भएकाले यससम्बन्धी लोक-संस्कृतिमा अद्यापि आफ्नैपनको गहिरो छाप मौजुद भएको पाइन्छ । मस्टोलाई शास्त्रीय विधिअनुसार पूजाआजा गर्ने नियम छैन, मस्टोसम्बन्धी तन्त्रमन्त्र पनि छैन । यसको पूजा क्रियारहित विधिले आफ्नै नियमानुसार सुसम्पन्न हुन्छ । एक प्रकारले यसको पूजा तामसी प्रकारको हुन्छ । यसले बलि स्वीकार गर्दछ, तर यसलाई बलि लाग्ने पद्धति आफ्नै ढङ्गको छ । यससम्बन्धी चर्चा धामीको प्रसङ्गमा आउँछ ।

मस्टोको स्थापना गाउँमा गाउँथलमा हुन्छ । गाउँनजिकको वनबुट्टा भएको ठाउँमा तथा गाउँको सिरान अथवा पुछारमा रहेको वनथलमा पनि हुन्छ । तर डाँडाकाँडाका लेक र पाटन (ठूला-ठूला पहाडमुनितिरका चौर) मा हुँदैन । यसबाट विदित हुन्छ मस्टोको सम्बन्ध मानिसको जीवनसँग ज्यादै नजिक छ ।

मस्टोको पूजाआजाका निमित्त कहींकहीं सरकारी दरबन्दी भएको पाइन्छ । बझाङका ढँडार मस्टोलाई बझाङी राजाले दिनुपर्ने दरबन्दीमा पूजाआजाका अतिरिक्त बिगुल, हतकडी, नेल आदि पनि भन्दछन् । किनभने यहाँको मस्टोले (मस्टाको धामीले) मुद्दा छिन्ने, दोषीलाई सजाय गर्ने थिति पनि छ भन्दछन् । सिन्जा लुट्कूको ढँडार मस्टोलाई सरकारी पाँच रुपियाँको दरबन्दी छ । सायद यस किसिमका सरकारी दरबन्दी अरू मस्टाहरूका निमित्त पनि हुन सक्छ ।

'मस्टो' शब्द आजको शब्द होइन, सयौं वर्ष पुरानो शब्द हो । मस्टो कर्णाली अञ्चलको जनजीवनमा टाँसिएको शब्द हो । 'मस्टो' शब्दको उल्लेखविना कर्णाली अञ्चलको इतिहास र संस्कृति अपुरो र अधुरो हुन्छ । तर मस्टोसम्बन्धी अन्वेषणात्मक काम सुनियोजित ढङ्गले थाल्न बाँकी छ ।

अब हामी मस्टाका विभिन्न नामहरूबारे चर्चा गरौं । हामीले माथि 'बाह्र भाइ मस्टा र नौ बहिनी भुवानी' भनिसकेका छौं । यहाँनेर मस्टाका बाह्र भाइहरूको नामावली प्रस्तुत गर्दा यसमा एकरूपता ल्याउन ज्यादै कठिन पर्दछ, यस्तै नौ बहिनी भुवानी (भवानी) को नामावलीमा पनि । प्रत्येक गाउँमा जान्ने-बुझ्ने जेठापाकाहरू आफ्नै तरिकाले बाह्र भाइ मस्टाका नामहरू बताउँछन्, यिनीहरूले यसरी नाम बताउँदा कहिलेकाहीं बाह्र पुग्दैन, कहिलेकाहीं बाह्रभन्दा बढी पनि देखापर्छ । फेरि त्यस नामावलीमा आफ्नै गाउँको विशेषता दर्साएर मस्टोको नाम भन्ने गरेको पनि पाइन्छ, साथै एउटै मस्टो विभिन्न नामले पनि देखापर्दछ ।

उदाहरणका निमित्त यहाँ दुईथरि नामावलीहरू छन्, जसअनुसार –

सिन्जा पाण्डुसेराका बूढापाकाका भनाइमा – १) ढँडार मस्टो, २) कवा मस्टो, ३) कालोसिल्टी मस्टो, ४) धवलपुरो मस्टो, ५) दुधेसिल्टो मस्टो, ६) दाढे मस्टो, ७) लरिचाल मस्टो, ८) थार्प मस्टो, ९) बुडू मस्टो १०) कैलाश मस्टो, ११) लाँखुरो मस्टो, १२) सुकिलोहंस मस्टो ।

सिन्जा लुट्कूका बूढापाकाको भनाइमा – १) बान्नी मस्टो, २) ढँणार मस्टो, ३) क्यूँडाला मस्टो, ४) दाढे मस्टो, ५) लाटो मस्टो, ६) बुडू मस्टो, ७) कवा मस्टो, ८) थार्प मस्टो, ९) बाबिरो मस्टो, १०) बाँओ मस्टो, ११) बाँसकोट मस्टो, १२) साइँन मस्टो ।

उक्त नामहरूका अतिरिक्त यी नामहरू पनि देखापर्दछन् – १) सीम मस्टो, २) सुनारगाउँ मस्टो, ३) पुवाँले मस्टो, ४) उखाडी मस्टो, ५) तलीकोटे मस्टो, ६) बाँसकोटे मस्टो, ७) बा मस्टो, ८) लिउडी मस्टो, ९) कामल मस्टो, १०) रमाल मस्टो, ११) धुरापानी मस्टो, १२) गुरो मस्टो, १३) विजयी मस्टो इत्यादि ।

त्यस्तै भुवानी (भवानी) हरूको नामावलीमा पनि पृथक्-पृथक् भनाइ पाइन्छन् । जस्तै :

एकथरिको भनाइअनुसार – १) मालिका, २) कनकासुन्दरी, ३) त्रिपुरासुन्दरी, ४) जालपा, ५) कालिका, ६) खेसमालिनी, ७) ठिङ्ग्याल्नी, ८) दुलेल्नी, ९) विन्द्रवासिनी (विन्दुवासिनी) ।

अर्काथरिको भनाइअनुसार – १) भुवानी, २) कालिका, ३) मालिका, ४) खेसमालिनी, ५) ठिङ्ग्याल्नी, ६) पुगेल्नी, ७) हिमालिनी, ८) कनकासुन्दरी, ९) त्रिपुरासुन्दरी ।

यी नामबाहेक भुरुचुनी, मालिका, पुँगेल्नी, सुरन्दा, अलकानन्दा आदि नामहरू पनि देखापर्दछन् ।

यी मस्टा देवहरूमा दुईथरिको स्वभाव पाइन्छन् । यिनमा एकथरि रजवाली स्वभाव भएका मस्टाहरू हुन्छन्, यिनीहरूले दोषी-अपराधीलाई दण्ड सजाय दिने गर्दछन्, तर तिनीहरूको ज्यान नै लिने काम गर्दैनन् । उता राक्षसी स्वभाव भएका मस्टाहरूले भने दोषी-अपराधीहरूलाई दण्ड-सजाय दिँदा तिनीहरूको ज्यानसमेत लिन बेर लाउँदैनन् । रजवाली वर्गका मस्टाहरूमा ढँणार मस्टो आदि पर्दछन्, राक्षसी वर्गमा चाहिँ गुरा मस्टो आदि । गुरा, विजयी आदिलाई कोही-कोही मस्टो देवताका रूपमा मान्दैनन्, तर तिनीहरूको स्वभाव राक्षसी भएकाले गाउँघरका मानिसहरू तिनीहरूदेखि ज्यादै भयभीत हुन्छन् । जनविश्वासअनुसार गुरा मस्टो लाग्यो भने त्यसले मानिसलाई पेट दुखाउने गर्छ र नसा सड्काएर ज्यान नै लिन्छ ।

रजवाली स्वभावका मस्टा र राक्षसी स्वभावका मस्टाका धामीहरूमा पनि केही विभिन्नता पाइन्छ, जस्तो रजवाली स्वभावका मस्टाका धामीहरूले लठ्ठो (कपालमा टुपीलाई लामो गरेर पाली त्यसमा सुनचाँदीका सूत (पाता र तारले बाँधिराखेको लठ्ठो) हुन्छ। यो लठ्ठोलाई टोपीले अथवा फेटाले छोपिराख्छन्। धामीलाई द्यौता चढेको बेलामा यो लठ्ठो तलसम्म आउने गरेर फुकाइन्छ। धामीले यही लठ्ठो सुमसुम्याएर अनेक चमत्कार देखाउँछ, फुक्छ पनि। तर १२ भाइ रजवाली स्वभावका मस्टामा नमिल्ने राक्षसी स्वभावका गुराका धामीको भने लठ्ठो हुँदैन, केवल केश मात्र हुन्छ। यो गुराको मूल थलो जिल्ला हुम्ला पश्चिम सोरुदरा भैंगाउँमा छ। सिन्जाखोला उपत्यकामा एकथरि सार्की-डुमहरूले गुरा मस्टो मान्दछन्। बुडू मस्टो मान्ने सिन्जाका अन्य मानिसहरूले गुरा मस्टोलाई मान्दैनन्। किनभने बुडू मस्टोले गुरा मस्टोलाई सहँदैन। किन त्यस्तो भन्ने प्रश्न उठ्छ। तर त्यसको उत्तरमा 'हरेली परेकाले' भन्ने कथा जोडिन आउँछ। अर्थात् दुईका बीचमा एउटाकी स्वास्नी अर्कोले लगिदियो भने 'हरेली' हुन्छ।

यी मस्टाहरूमा कुनै-कुनै मस्टोको एक नामभन्दा बढी नामहरू पनि हुन्छन्। यसरी नाम रहँदा एउटै मस्टो अर्कै भिन्नै मस्टोझैँ पनि देखिने हुन्छ। तर यस किसिमको नाम गाउँको प्रधानताले, मस्टोको स्वभावले अथवा मस्टोसँग सम्बन्धित कुनै घटनाले रहन गएको विदित हुन्छ, जस्तो –

सिन्जाखोला उपत्यकामा बुडू मस्टोको नाम अत्यन्त प्रचलित छ, अझ सम्पूर्ण कर्णाली अञ्चलमा नै। वास्तवमा बुडू मस्टो भन्नु ढँडार मस्टो नै हुन्। ढँडार मस्टो बुडू गाउँमा बसिदिएकाले बुडू मस्टोकै नामले प्रसिद्ध हुन गयो। ढँडार मस्टोलाई मस्टामध्येको जेठापाका भएकाले 'भाइराजा मस्टो' पनि भन्दछन्। फेरि यी मस्टोले भोग लिँदा बाघको जस्तो रूप लिएर दाह्राले नै पाठा काट्न सक्ने भएकाले यिनलाई 'दाढे (दाह्रे) मस्टो' पनि भन्दछन् (अर्थात् मस्टोको प्रतिनिधित्व गर्ने धामीले बाघको जस्तो भयङ्कर रूप लिने)। यसको विशेष प्रसङ्ग 'धामी' को प्रसङ्गमा छ।

बुडू मस्टोको अर्को नाम सिगाने हो। यो नाम अन्यत्रका मस्टाहरूले राखेका हुन्। यसलाई 'दाइ सिगाने' अथवा 'रुखा डाँडा (बुडू) का दाइ

सिगाने' पनि भन्दछन् । अझ यसलाई बाँठपाल, दाढे ढँणार राजा, बाँओ मस्टो पनि भन्दछन् । अझ यस मस्टोको मूल हाँगो सेती अञ्चलको बझाङमा बान्नीकोटमा भएकाले 'बान्नी मस्टो' पनि भन्दछन् । त्यस्तै मूलथलो पलाँतामा बाँसकोटमा बस्नेलाई बाँसकोटा मस्टो भन्दछन् ।

फेरि थार्प मस्टोलाई 'ढाँडोको मूल्याहा' भन्दछन्, किनभने यो मस्टोको जन्म मूल नक्षत्रमा भएको मानिएको छ । अनि लिउडी गाउँको नामले लिउडी मस्टो र उखाडी गाउँको नामले उखाडी मस्टा आदि नामले पनि थार्प मस्टो प्रसिद्ध हुन गएको छ । यिनलाई सुकिलाहंस, सुकिलोपय पनि भन्दछन् ।

त्यस्तै दुधेसिल्टोलाई लाँखुरो मस्टो, पुवाँलो मस्टोलाई रमाल मस्टो, बाँडपाललाई बौलोबाँठ्या अथवा कान्छो, बाबिरा मस्टोलाई कालापाल्टे, धवलपुरोलाई कूर्मी, लाटो मस्टोलाई लाटोहीत, बाँओ, दाढे बाँ मस्ट भन्दछन् इत्यादि ।

यी मस्टाहरूमा नाम चलेका प्रमुख मस्टाहरूका भानहरू हुन्छन् । यहाँ 'भान' भन्नाले मस्टोको अधीनमा रहने, मस्टोकै खटनपटनमा काम तामेल गर्ने कार्यपालक हुन् । प्रत्येक मस्टोका एक-दुई भानहरू हुन्छन् । जस्तो बुडू मस्टोको फुटासिली र छरिढुस्के नाम भएका दुईवटा भानहरू हुन्छन् । यी भानहरूका थला गाउँहरूमा छैन । यिनीहरूका थला गाउँघरदेखि बाहिर खोलाका किनारमा मूल बाटामा छन् । प्रायः भानहरू गाउँघरदेखि बाहिरै रहेका हुन्छन् । यी भानहरूको पनि कुनै मूर्ति हुँदैन । केवल रूखको मुनि अथवा कुनै विशेष ढुङ्गानेर अथवा मानिसहरू ओहोर-दोहोर गर्ने बाटो अथवा पुलको एक छेउमा बाहनको थलो मानिएको हुन्छ । यहाँ भानलाई चढाइएका ध्वजापताका, साना-साना घण्टा, मानवाकार काठका मूर्ति आदि हुन्छन् । एक किसिमले भान रहने ठाउँहरू दोबाटा-चौबाटाका भूतप्रेतदेखि सतर्क भएर हिँड्छन् । त्यस्तै यी भानहरूदेखि सतर्क भएर हिँड्छन्, अझ बाटामा हिँड्ने प्रत्येक यात्रुले भानको थलामा पुग्नेबित्तिकै देउरालीमा झैं केही न केही चढाउँछन्, केही नभए पाती भए पनि चढाउने गर्दछन् । अन्यथा भान रिसायो भने यसले नराम्रोसँग दुःख दिन्छ भन्ने जनविश्वास छ ।

मस्टादेवका यी भानहरू ज्यादै भयङ्कर र शक्तिशाली हुन्छन् भन्ने कथन छ । यिनीहरू जे पनि रूप लिन सक्छन्, जस्तो – सर्प, घोडचढी,

कुकुर, बिरालो, गुना (लामपुच्छरे बाँदर) आदि-आदिको । मस्टोको आदेशमा आफ्नो कर्तव्य पालना गर्नमा यी भानहरू ज्यादै आज्ञाकारी हुन्छन् । मस्टो देवता चल्दा अर्थात् देउता चढ्ने धामीले पतुर्दा (बक्दा) अन्यायी, दोषी, अपराधी र पातकीहरू जो-जो ठहरिने हुन्छन् तिनीहरूलाई सजाय दिनमा भानहरू नै अघि सर्दछन् । यसैले यी भानहरूले त्यस्ता दोषी, अन्यायी, अपराधी र पातकीहरू जहाँ बसेका भए पनि समाइहाल्छन् (भानहरू तिनीहरूमा लाग्ने गर्दछन्), तिनीहरूलाई अब उप्रान्त यसो नगर्नू र उसो नगर्नू भनेर चेतावनी दिन्छन्, चेतावनी दिँदा पनि मानेनन् भने पेट दुखाउने, ज्वरो निकाल्ने, महारोगी बनाउने, धनसम्पत्तिमा हानि-नोक्सानी गराउने, पशुधन र बाली आदिमा क्षति पुऱ्याइदिने, आपसमा वैरभाव गराउने इत्यादि सजाय भोगाउन सुरु गर्दछन् । यसैले गाउँघरका मानिसहरू मस्टाका यी भानहरूदेखि 'त्राहिमाम' भएर हिँड्छन् ।

यी भानहरूको उत्पत्तिबारे पनि अनेक कथाहरू पाइन्छन्, जस्तो माथि उल्लेख भइसकेको बुडू मस्टाका भानहरूकै उत्पत्तिबारेको कथा प्रस्तुत गरौँ –

फुटासिलीको उत्पत्ति बुडू गाउँनजिकैको खोलामा फुटासिली भन्ने ठाउँमा नै रहेको एउटा अजङको शिला दुई फ्याकमा फुटेर भएको हो भन्ने कथन छ, र जनतालाई पूरा विश्वास हुने गरी त्यो ढुङ्गो त्यस्तै किसिमको अद्यापि त्यहाँ रहेकै छ । यसले कहिले कुकुर, कहिले सर्प र कहिले मान्छेको रूप धारण गर्छ भन्ने कथन छ । अनि छरिढुस्केको उत्पत्ति छहराबाट भएको हो भन्ने कथन छ । यसले गुनी (मुख कालो हुने खैरो बाँदर) को रूप धारण गर्छ भन्ने कथन छ ।

यी भानहरूको नाममा जग्गा छोड्ने चलन पनि छ । यस किसिमले छोडिएको जग्गामा (चरनमा) भान देवताको घोडा चर्ने गर्दछ भन्ने विश्वास छ । यी भानहरूका आफ्नै आफ्नै विशेषता भएका स्वभाव र गुणहरू हुन्छन् । यस सन्दर्भमा भानहरूका यी अनौठालाग्दा नामहरूको यहाँ उल्लेख गरौँ, जस्तो – ढँडार मस्टोका भानमा खोला ढेल्याय् (चामचुल्ठी), धाइढुङ्ग, बुडू मस्टोका भानमा फुटासिली र छरिढुस्के, थार्प मस्टोका भानमा घोडामौल्याय्, गुमदेउ, गाइँ गोड्याय्, उखाडी मस्टोका भानमा लौरीसिमे, कवा मस्टोका भानमा सिमाइल्याय्, दर्बी (दर्बी गाड्याय्); बाबिरा मस्टोका भानमा हाणीखोले, धामागाडी, बाँसकोटा

मस्टोका भानमा नाउली खोले, निलादह; बाँओ मस्टोका भानमा रुनुकाना जिबर्खी, लाँखुरा मस्टोका भानमा अव्येखडी, ढँडार मस्टो ऐँकुवरको भानमा भातेखोली आदि ।

गाउँघरे जीवनमा मस्टाका यी भानहरू लागिरहन्छन् । बाँओ मस्टोका भान जिबर्खी लागेको एउटा घटना यसप्रकार छ । त्यो जिबर्खी सिन्जाखोला उपत्यकामा धापा पञ्चायतमा छ –

एकचोटि सिन्जाखोला लुट्कू गाउँका पं. केदारनाथ मुगाली गाउँहरूबाट (भातखण्ड़तिरका गाउँघरबाट) खसीको लाडो (बोकाको पाठो) लिई घर फर्किरहेको बेलामा बक्खू ओढेको, चुच्चे टोपी लाएको, हातमा छडी लिएको एउटा भोटेजस्तो (जाडजस्तो) पुड्को मान्छेसँग भेट भयो । उसले पं. केदारनाथलाई एक टक लाएर हेरिरह्यो र पनि ऊ 'अहँ' गरेर कुनियो (उसले 'अहँ' गऱ्यो) । यति के हुनु थियो, पं. केदारनाथ पाध्या आङ फरररर गर्दै बेहोसमा परे । जिबर्खीले बोकाको पाठो लगिहाल्यो । पछि बाँसकोटा मस्टोका धामीलाई पतुर्न लाउँदा (हेराउँदा) जिबर्खी लागेको ठहर भयो र पूजाआजा गरी छोडाइदियो । यसरी मस्टाका भानहरू लागेका घटनाहरू प्रशस्त पाइन्छन् ।

मस्टो सम्प्रदायमा मस्टोका अनेक नाता-कुटुम्बहरू पनि हुन्छन् । यस सन्दर्भमा गाउँघरमा पुजिने अन्य ग्रामीण देवीदेवताहरू यसरी देखापर्दछन् – जस्तो मस्टोका मामाका रूपमा महाद्यौ, मस्टोकी बहिनीका रूपमा भुवानी, मस्टोका मामाका रूपमा लामाविष्णु, मस्टोको भतिजाका रूपमा लाँखुरो, सबै मस्टाका प्रिय भएका कान्छा भाइ (बहुरोबाँठ्या) का रूपमा बाँडपाल (बाँसपाल) आदि । मस्टोदेवका अर्धाङ्गिनीहरू (पत्नीहरू) देखापर्दैनन् । तर कहीँ-कहीँ नाता जोड्दा ऐँकुवरलाई ढँडार मस्टोका छोरा भनेर नाता जोड्ने गरेको देखिन्छ । वास्तवमा मस्टोले यसरी सगोत्रीसँग तथा अन्य ग्रामीण देवीदेवताहरूसँग नाता जोड्नमा अनेक घटनाप्रधान कथा-उपकथाहरू हुन्छन्, जस्तो सिन्जाखोलाका मस्टोहरूले त्यहींका (लेकपरका) लामा विष्णुलाई 'मामा' नाता जोडेको घटनालाई नै प्रस्तुत गरौं ।

'एकचोटि सिन्जाखोला उत्पत्यकाका बोताँ गाउँमा घोडामौला भन्ने ठाउँमा भूतहरूले बाह्र भाइ मस्टाहरूलाई पिंजडामा थुनेछन् । त्यस बेला

मुगूको दाउराघारमा तीखो जूर (पत्थर) बाट पैदा भएका लामाजुले अवतार लिएका थिए । उनले मुगालीहरूलाई (मुगु जिल्लाका भोटेहरूलाई) स्थानीय भूतप्रेतहरूबाट बचाइदिएका थिए । यिनै लामाजुले त्यहाँ आई पिँजडा फोडी मस्टाहरूलाई छुटकारा गरिदिए । त्यस बेला लामाजुले मस्टाहरूसँग सोधे – "तिमीहरूको भीत (शक्ति) के कति छ ?"

मस्टाहरूले बोताँ गाउँको चिप्रे पाखामा बाखाको रूप धारण गरी आ-आफ्नो शक्ति देखाउन थाले । त्यसै बेला लामाजुले बाघको रूप धारण गरेर देखाए । बाखाका रूप लिने मस्टादेवहरू सबै डराए । उनीहरूले लामाजुसँग नाता जोड्दै उनलाई 'मामा' भन्न थाले ।

त्यसपछि बोताँ गाउँदेखि उँधो हाटसिन्जा गाउँदेखि उँभोको गाने जग्गामा लामाजु बाह्र वर्षसम्म ज्ञानका निमित्त तपस्या गर्न थाले । बुडू गाउँका बुडू मस्टोले लामाजुको घडी-बेला हेर्ने पार्तो (पात्रो) चोरे । अनि मन्तरी लामाले चोरलाई पक्रिहाले । उनले चोरसँग भने – "मेरो पार्तो किन चोरिस् ?"

बुडू मस्टोले भने – "तिमी मामा, म भान्जा । मलाई दक्षिणा देऊ ।"

लामाजुले भने – 'भान्जा भइस्, दक्षिणा दियाँ, सत भीत चलेस् रजुवाली भएस् ।' (अर्थात् तँ रजवाली स्वभावको मस्टोदेव भइस्, तँ पनि आफ्नो शक्ति देखाएर अरूलाई वरदान दिन सक्ने भएस् ।)

यस्तै स्थानीय किम्वदन्तीहरू छ्यासछ्यासती पाइन्छन् ।

मस्टो-सम्प्रदायअन्तर्गत मस्टोदेवकै झैँ माडौँ[१] (थलो, मन्दिर) हुने, मस्टोदेवकै झैँ धामी आदि हुने तथा मस्टोदेवकै झैँ पूजाआजा, उत्सवपर्व हुने अन्य ग्रामीण देवीदेवताहरू पनि छन् । तर यस किसिमका ग्रामीण देवीदेवताहरूको आ-आफ्नो अस्तित्व र स्तर भए पनि एक किसिमले यी देवदेवीहरू मस्टाकै समकक्षमा देखापर्दछन् । अब यस सन्दर्भमा सिन्जाखोलाकै केही ग्रामीण देवीदेवताहरूलाई यहाँ प्रस्तुत गरौँ । ती देवीदेवताहरूलाई तीन श्रेणीमा विभक्त गर्न सकिन्छ – १) महाद्यौ,

---

१ यस शब्दसँग 'काडमाडू' (काठमाडौँ) शब्दको व्युत्पत्तिलाई लिएर खोजीकार्य गर्न सकिन्छ ।

कुलद्यौ, भुवानी आदि । २) लाटी द्यौती, हेकर, जगन्नाथ महाबै आदि । ३) लामा विष्णु ।

महाद्यौको अर्थ महादेव, कुलद्यौको अर्थ कुलदेवता, अनि भुवानीको अर्थ भवानीझैँ प्रतीत हुन्छ । यी देवताहरूलाई गाउँघरका मानिसहरू परम्परागत रूपले गाउँघरको रक्षक अथवा लोकपालकै रूपमा मस्टोदेवकै स्तरमा पूजाआजा गर्दछन् । यिनीहरूको पनि विशेष कुनै मूर्ति हुँदैन । यिनीहरू मस्टाले झैं नै पशुबलि खान्छन् ।

लाटी द्यौती, जगन्नाथ महाबै आदि प्रेत देवता (पिशाच) हरू हुन् । यिनीहरूलाई 'मैयुँ' पनि भन्दछन् । यिनीहरूको प्रादुर्भाव मस्टोको पछि मात्र भएको विदित हुन्छ । यिनीहरूको पनि विशेष कुनै मूर्ति हुँदैन, अनि यिनीहरूले पनि मस्टाले झैं नै पशुबलि खान्छन् । यी प्रेतदेवताहरूले ग्रामीण समाजमा कसरी स्थान पाए र यिनीहरू कसरी पुजिन थाले भन्ने बारेमा अनेक घटनाप्रधान कथाहरू पाइन्छन् । विशेषतः कुनै ठाउँमा दुर्घटना गरी मरेका लोग्नेमान्छे वा स्वास्नीमान्छेको प्रेतात्माका रूपमा ।

१. लाटी द्यौतीको उत्पत्ति – उहिले सिन्जाखोला उपत्यकामा दियारपाटा भन्ने गाउँमा प्रजापति नामक एकजना उपाध्या ब्राह्मण थिए । सन्तानका नाममा उनकी एउटी लाटी छोरी मात्र थिइन् । उता उनको सत्रसय हुम्लामा ठूलै पाली (जजमानी) थियो । पछि प्रजापतिको मृत्युपछि लाटीले अपुताली र जजमानी भेट्टाइन् । तर दियारपाटाका गाउँले बाहुनहरूले लाटीलाई मारी उनकी जजमानी आफूहरूले बाँडचुँड गरी लिने षड्यन्त्र रचे । यसैले उनीहरूले लाटीलाई दियारपाटा गाउँदेखि लखेट्तै हुम्ला पुऱ्याएर उहीँ उनलाई घाँटीमा बाबियाको दाम्लाले कसी मारे, अनि लाटीको अपुताली र जजमानी आफूहरूले बाँड्चुँड गरी लिए ।

तर लाटी बाहुनीमा सत थियो, दैवी शक्ति थियो । यसैले उनी प्रेतात्माका रूपमा दियारपाटा र हुम्ला सत्रसयमा देखापरिन् (अवतार लिई प्रकट भइन्) । जुन मानिसमा उनले प्रवेश गरिन्, त्यो मान्छेले लाटीको जीवनका घटनाहरू एक-एक शोककाव्यका रूपमा पडेँलीको भाकामा बक्न थाल्यो । अनि बक्ने मानिसमा (पुरुष वा स्त्री) लाटी देउती चढिन् भन्ने विश्वास सबमा हुन थाल्यो । वैशाख चतुर्दशी र श्रावण चतुर्दशीमा लाटी देउतीको धुमधामले पूजा हुन थाल्यो । उनको थलो पनि बन्यो ।

------------- -------------

उनले त्यस भेकमा निकै प्रसिद्धि पाउँदै गइन् । उनको थलोमा मस्टोको थलामा झैँ धासी पतुर्न लागे । (लाटी देउतीका धामीले फलामका दुई साङ्ला चुँडालेर घण्टा बजाएका थिए भन्ने कथन छ ।)

२) हेकरको उत्पत्ति – यिनको पनि लाटी देउतीकै तुल्यको कथा छ, तर घटनाचाहिँ अर्कै किसिमको । यिनको जन्म सिन्जाखोला उपत्यकामा सिमपाटी गाउँमा देवकोटा ब्राह्मण कुलमा भएको थियो । यिनका पिताको नाम जीवा पण्डित र माताको नाम ठगुमाला थियो । त्यस बेला सिन्जाखोला उपत्यकामा बडुवाल गाउँमा रकाल राज्य गर्दथे । यिनले ब्राह्मणहरूमा शक्ति छ कि छैन भन्दै शक्तिहीन ब्राह्मणहरूलाई धमाधम मारे । हेकर लाटा भए पनि बुद्धि र शक्तिका बाठा थिए । यिनी अनेक रूप धारण गर्न सक्थे । रकालले यिनलाई पक्राउ गरी हुनसम्म दुःख दिए । पछि हेकर मारिए, तर उनको प्रेतात्मा सिमपाटी गाउँमा फर्क्यो । त्यस प्रेतात्माले अनेक चमत्कार देखाउन थालेपछि सिमपाटी गाउँका गाउँलेहरूले २२ मुरी खेतको माझमा हेकरका निमित्त थान हालिदिए (बासस्थान या मन्दिर बनाइदिए) । पछि उनी कालोमाद (हैजा) लागेका मानिसको रोगलाई शान्त गरिदिन सक्ने देवतामा गनिन थाले । हेकरको थानमा त्यस भेकका चार मुख्य मस्टा (बुडू, थार्पा, कवा र बाहाँ) का लिङ्गाहरू पाए । हेकरका थलामा चार पूर्णिमा (वैशाख, श्रावण, कार्तिक र माघ) मा पूजा र मेला चल्न थाले । पछि हेकर र मस्टोमा एकको अर्कासँग सम्बन्ध कायम भयो । हेकर लागेको कुरो मस्टोले भन्ने र मस्टो लागेको कुरो हेकरले भन्ने भयो । हेकरको थलोमा पहिले बाहुन, पछि हमाल ठकुरीहरू धामी भएर पतुर्न थाले । यहाँका धामीमा देवता चल्दा च्याखुरालाई बास्न लगाउने तथा गाईलाई रमाउन (कराउन) लगाउने शक्ति थियो भन्ने चलन छ ।

३) जगन्नाथ महावैको उत्पत्ति – जुम्लाबाट दैलेख जाने बाटोमा महावे नामक एक लेक छ । त्यहाँ महावै (स्थानीय ग्रामीण देवता) को थलो छ । उहिले जुम्ला डिल्लीकोटमा निर्दयी मानिसहरूले जगन्नाथ नामक एक बाहुनलाई रिसइविमा मार्न खोज्दा निज जगन्नाथ महावैको थलोमा लुक्न पुगे । तर गाउँलेहरूले उनलाई पक्री गाउँकै पँधेरानेर मारी उनको लास जलाइदिए । एक दिन जगन्नाथकी विधवा स्वास्नी पँधेरामा पानी थाप्न लाग्दा जगन्नाथको प्रेतात्मा बोल्यो – 'मेरो लुगा लिई

महावैको स्थानमा राखिदे ।' स्वास्नीले लोग्नेको यो कुरो गाउँमा प्रचार गरिदिइन् । सब मान्छे छक्क परे । आखिर तिनीहरूले जगन्नाथको प्रेतात्माको शक्तिमा विश्वास गरे । अनि तिनीहरूले महावै देवताको र जगन्नाथको रास मिलाएर 'जगन्नाथ-महावै' लाई मान्न थाले, साथै जगन्नाथ महावैको धामीले पतुर्दा दैवी शक्ति देखाउन थाले ।

४) लामाविष्णुको उत्पत्ति – सिन्जाखोला उपत्यकामा लेकपर भन्ने गाउँ छ । यहाँ लामाविष्णुको थलो छ । यहाँ पनि मस्टाथानमा झैं नै लिङ्गो छ र धामी पतुर्ने गर्दछ । तर लामाविष्णुको स्थानमा हिंसाकर्म वर्जित छ । यहाँका बूडा क्षत्रीले लामाविष्णुको धामी हुनेबित्तिकै टुप्पी फ्याँक्छ र लामाकै वेशभूषा पहिरी लामाकै भाषामा पतुर्ने गर्दछ । यसको पृष्ठभूमिमा पहिले यहाँ कुनै ग्रामीण देवताको थलो हुनुपर्छ (सम्भवत: विष्णुकै, यो लेकपर गाउँ लामाथाडाकी कनकासुन्दरी भगवती स्थाननेर पर्दछ), त्यो ठाउँ अथवा ग्रामीण देवताको थलो लामाविष्णुको नामले प्रसिद्ध हुन गयो । यहाँ लामाविष्णुलाई मानिसहरू लामा पनि उही, विष्णु पनि उही भनेर पूजाआजा गर्दछन् । श्रावण पूर्णिमा, ज्वारे पूर्णिमा (असोजको पूर्णिमा), अनन्त पूर्णिमा, कार्तिक पूर्णिमा, भैलो पूर्णिमा (मङ्सिरको पूर्णिमा), माघे पूर्णिमा र वैशाख पूर्णिमामा लामाविष्णुको थलामा चारैतिरबाट बौद्धमार्गी भोटेहरू र अरू मस्टो सम्प्रदायका मानिसहरू भेला हुन्छन् । लामाविष्णुले पशुको भोग नखाने भएकाले यी देवतालाई टाट्या हालेको रोटी, खीर, सेजो (सातुको भोग) चढाउँछन् ।

यी माथिका मस्टा र मस्टोसरहकै देवताहरूका वनथला र गाउँथलाहरू प्राय: गाउँघरकै नजिक र गाउँघरमै हुन्छन् । अझ सिन्जाखोला उपत्यकाका कनकासुन्दरी आदि देवीहरूको स्थल पनि गाउँघरकै नजिकका स्थानहरूमा हुन्छन् । तर यस भेकमा एकथरि यस्ता देवदेवीहरू पनि हुन्छन्, जो गाउँघरको नजिकमा नबसी पाटनमा (गाउँघरदेखि टाढाका लेकका फाँट र खर्कहरूमा) मात्र बस्तछन् । यहाँ नवदुर्गा भवानी, मालिका, बडीमालिका आदि देवीहरू हुन्छन् ।

पाटनमा यी देवीहरूको थलो खर्क (गाई-भैंसी राख्ने ठाउँ) बाहिर रहेको हुन्छ, किनभने खर्कभित्र जुठो मान्ने चलन छ र यहाँ अपवित्र मानिन्छ । पाटनका यी देवीहरू बलि खाँदैनन् । यिनीहरू टाट्याका रोटी

पनि खाँदैनन्, यिनीहरू केवल दुध र खीर मात्र खाने गर्दछन् अनि सुगन्धित धुपबत्ती रुचाउने गर्दछन् भन्ने कथन छ।

पाटनमा खर्कदेखि अलि पर महादेव महारुद्रको पनि थलो हुन्छ। यहाँ ढुङ्गो गाडिएको हुन्छ। यहाँ २१ दिन लक्ष्मी (गाईवस्तु) राखेमा ३ पटकसम्म पूजा गर्नुपर्ने चलन छ। विशेषतः यस्तो पूजाआजामा सबै गाई दुहेर खीर पकाउने चलन छ र १ पाथीसम्म नतताइएको काँचो दूध चढाउने चलन पनि छ। पाटनमा हुने अर्को स्थानीय देवता 'पानी हाल्ना द्यौता' हो। यस देवतालाई ढुङ्गा-पाती चढाउने, मास-चामल छर्ने, ध्वजा चढाउने चलन छ।

गगनचुम्बी यी पाटनहरूमा चाहिँ मस्टादेवहरू हुँदैनन्। तर यहाँ बस्ने गोठालाहरू आखिर गाउँघरका नै हुने भएकाले तिनीहरूको निकटतम सम्बन्ध मस्टो देवताप्रति रहेकै हुन्छ। मस्टो देवताप्रति अलिकति मात्र कुभावना वा हेलचेक्र्याइँ हुन गयो भने पशुधनमा बिगार हुन कत्ति बेर लाउँदैन भन्ने धारणा अथवा विश्वास उनीहरूमा दृढ भएर रहेको हुन्छ।

अब यस सन्दर्भमा हामीहरू फेरि मस्टादेवकै प्रादुर्भावमा विचार गरौँ।

यस भेकका मान्ठ अथवा मान्छे आफ्नो गाउँघरका वनजङ्गल, खोलानाला, पहाड-पखेरो, लेकपाटनका सेरोफेरोमा बस्ने भएकाले उसका निमित्त आदिम कालदेखि नै ती सब प्राकृतिक सेरोफेरोको पृष्ठभूमिमा घाम-पानी, आँधी-बेहरी, असिना-वृष्टि, अतिवृष्टि, रात-दिन, ग्रहण, भूकम्प आदि रहस्यमय विषयवस्तु भएका छन्। यसैले स्वभावतः ऊ रहस्यको चिन्तन गर्न थाल्दछ, अनि दृश्य वा अदृश्य रूपमा कुनै अज्ञात शक्तिको अस्तित्वमा आस्था रहने विश्वास सिर्जना गर्न थाल्छ। उसको जौ बाली राम्ररी पाक्यो भने ऊ आफू हर्षले प्रफुल्लित हुने मात्र होइन ऊ आफूदेखि कुनै दैवी शक्ति खुसी भएको सम्झन पुग्छ।

फेरि उसको राम्ररी पाक्न लागेको जौ बाली अचानक असिनाको गोलीद्वारा स्वाहा भयो भने ऊ आफू मात्र आँसु झार्दैन, ऊ त आफूप्रति कुनै दैवी शक्ति क्रुद्ध भएको पनि सम्झन थाल्छ। त्यस्तै सामाजिक परिपाटीमा पनि सुखकै कामना गर्दछ। समाजमा ऊ एक्लो बस्न चाहँदैन,

न त उसका आमाबाबुहरू उसलाई एक्लो जीवन बिताउन दिन नै चाहन्छन् । उसका निम्ति राम्री केटी, धनसम्पन्न भएकी केटी प्रिय हुन थाल्छ, तर उसकी प्रेयसी पोइल गई भने अथवा सुत्केरीको व्यथाले मरी भने उसका निमित्त समाज नै अप्रिय हुन थाल्छ । फेरि उसका निमित्त छोराछोरी (विशेषतः छोरी) अनिवार्य हुँदै आउँछ । यसैले उसकी स्वास्नी निःसन्तान भई भने ऊ एउटा न एउटा उपाय सोच्न थाल्छ । आखिर ऊ जसरी भए पनि समाजमा सुखी बन्न चेष्टा गर्छ, अनि उसको सुखदुःखको पृष्ठभूमिमा कुनै दैवी शक्तिको हात छ भन्ने कुरोमा ऊ विश्वास गर्दै हिँड्न थाल्छ । अझ ऊ आफ्ना शारीरिक र मानसिक प्रतिक्रियाहरूमा पनि दृश्य वा अदृश्य रूपले कुनै दैवी शक्तिले हात राखिछाडेको छ भन्ने कुरामा पनि उत्तिकै विश्वास गर्दछ । यसैले आफू अथवा आफ्ना परिवारमध्ये कोही बिरामी हुन थाल्यो भने ऊ आत्मरक्षाका निमित्त अथवा परिवारको रक्षानिमित्त पनि छटपटिन थाल्छ । अनि ऊ ओखतीमूलोमा भन्दा दैवी शक्तिमै विश्वास गर्न थाल्छ ।

जुम्ला खलङ्गास्थित श्री चन्दननाथ र भैरवनाथका आलनहरू : यिनै सब पृष्ठभूमिमा सिन्जाखोला उपत्यकाका तथा त्यस भेकका अन्य गाउँघरका मान्छेको भावनामा पनि अभिवृद्धि भइरहन्छ । उसको कल्पना अकासिइरहन्छ । अनि यी सबको फलस्वरूप ऊ (सिन्जाखोलाको बुडू गाउँमा बस्ने आदिवासी) आकाशमा एउटा यस्तो अनौठो प्रतीक देख्न थाल्छ, उसको सामुन्ने आकाशबाट एउटा ज्यूघाँड (सुनको घण्टा) टिनिनिनी बज्दै खस्न थाल्छ । पहिले त ऊ चकित हुन्छ त्यो ज्यूघाँडको पृष्ठभूमिमा लुकेको दैवी शक्तिको प्रदर्शनमा । अनि पछिबाट त्यो ज्यूघाँड धूपीको छहारीमुनि ढुङ्गाका डल्लाहरूको थुप्रोमा नदेखिने भएर लुक्ता उसको आँखाका सामुन्ने त्यो ज्यूघाँड दैवी शक्तिको अद्वितीय अतुलनीय प्रतीकमा साकारिन पुग्छ ।

अन्ततोगत्वा त्यही प्रतीक उसका सम्पूर्ण रहस्यचिन्तन, सुखकामना र आत्मरक्षाका पृष्ठभूमिमा देखापर्ने उही अद्भुत दैवी शक्तिको प्रतीक सत्य सावित हुन्छ । तैपनि ऊ यतिमा सीमित हुन चाहँदैन, न ऊ आँखा चिम्लँदै अन्धविश्वासी भएर त्यस प्रतीकलाई दैवी शक्तिको अस्तित्व मान्न नै चाहन्छ । ऊ त त्यो ज्यूघाँडले एक न एक दैवी शक्तिको अद्भुत चमत्कार प्रदर्शन गरेको करामत हेर्न इच्छुक हुन्छ । अनि यसरी ऊ

इच्छुक बनेझैँ उसका गाउँका सबै मानिसहरू पनि करामत हेर्न त्यस्तै इच्छुक बन्छन् ।

आखिर उसकै गाउँघरको एकजना मान्छेले आँखा रसाउँदै ज्यू कमाउन थाल्छ । ऊ बक्न सुरु गर्छ, उफ्रन थाल्छ, उसले आफूले आफूलाई बिर्सन थाल्छ, उसले आँखा चिम्लिकनै छ्यामछुम गरेर खोजखाज गरी आकाशबाट खसेको ज्यूघाँड पत्ता लगाउँछ र गाउँघर, वन-जङ्गल, पाखा-पखेरो नै थर्कने गरी उसले त्यो ज्यूघाँड रन्काउँदै बजाउन थाल्छ । अन्ततोगत्वा यही ज्यूघाँड बजाउने मानिस त्यस दैवी शक्तिको प्रतिनिधित्व गर्ने दैवी पुरुष बन्छ, अर्को अर्थमा मस्टोको धामी । अनि गाउँघरका मानिसहरू यिनै धामीमा सम्पूर्ण आस्था र श्रद्धा राखी, विश्वास गरी, भर परी यिनै धामीलाई 'मस्टा महाराज', 'गोसाइँ नारान' भनेर सम्बोधन गर्न थाल्छन् । धूपी रूखको छहारीमा मस्टोको थान बन्छ । तदुपरान्त फलानो मस्टो भन्नु नै फलाना मस्टाका धामी भन्नु हुन्छ, किनभने धामी नै मस्टोको एक मात्र प्रतिनिधि भएको हुन्छ । अनि धामीकै माध्यमबाट मस्टो देवता बोल्ने, बक्ने र पतुर्ने गर्दछन् ।[२]

तर मस्टो देवता चढेको धामीको वाणी गाउँघरका मानिसहरूको निमित्त देववाणीतुल्य नै हुने भएकाले धामीको बोली अधिपछि साधारण भए पनि मस्टो देवता चढेको बेलामा असाधारण बन्छ । विशेषतः धामीको मुखबाट नैसर्गिक रूपमा प्रस्फुरण हुने लयदार 'पडेली' को रहस्यमय भाषा अमूर्त कलाझैँ बन्छ । यसैले धामीका निमित्त उसका दैवी वाणीहरू जनभाषामा बुझाउन सक्ने तथा गाउँघरका मानिसहरूले जनभाषामा सोधिने कुराहरू धामीको छेउ पुऱ्याइदिने दोभाषेको आवश्यकता पर्न आउँछ । अनि यिनै दोभाषे 'खावा' को नामले धामीको गादीमुनि बस्न पाउँछ । जनप्रतिनिधित्व गरी धामीकै छेउमा बस्न पाउने भएकाले 'खावा' हुने व्यक्तिको उत्तरदायित्व पनि बढेकै हुन्छ ।

---

२ गाउँघरका मानिसहरू नपतुर्ने देवतालाई 'गुप्तवासी' देवता भन्ने गर्दछन् । यसैले पतुर्ने देवता (मस्टोका धामी) मा नै गाउँघरका मानिसहरू बढ्ता श्रद्धा, विश्वास र आस्था राख्छन्, किनभने पतुर्ने देवतासँग तिनीहरूको सोझो सम्पर्क कायम हुन्छ, मनले चिताएको कुरो सोध्न पाइत्ते हुन्छ र अनेक समस्याहरूको समाधान गर्न पाइने हुन्छ ।

फेरि मस्टोको थानमा धामीका निमित्त परिआएका सबै काम गर्ने (लिपपोतदेखि लिएर पूजाआजाका सामानहरू सबै जोडिदिने कार्यपालक) डाङ्ग्रीको पनि आवश्यकता पर्दछ । उता धामी स्वयं मस्टा देवताकै अवतार अथवा प्रतिनिधि हुने भएको हुनाले (अर्थात् धामीले बोलाएको बखतमा मस्टो देवता उनै धामीमा अवतरण हुने भएका हुनाले) उसको स्थान सर्वोपरि हुन्छ तथा सर्वशक्तिसम्पन्न । त्यस बेला धामी मस्टोको स्थानको सीमित घेरामा बसेको भए पनि उनको दैवी राज्य व्यापक बन्दछ । उसको वाणीलाई कसैले नियन्त्रण गर्न सक्तैन । उसको वाणीमा स्वर्ग, मर्त्य र पातालहरू पनि जोडिन्छन् ।

(कर्णाली लोकसंस्कृति र मस्टाका आलनहरू,
प्रज्ञा त्रैमासिक, वर्ष २, अङ्क ३, २०२९, ने. रा. प्र. प्र.)

मस्टोका धामीसँग साक्षात्कार

– सत्यमोहन जोशी –

मस्टो भन्नाले एक ग्रामीण देवताको नाम हो भन्ने बुझ्भाउँछ । मस्टोको कुनै खास मूर्ति हुँदैन । मस्टोको प्रतिनिधित्व धामीले गर्दछ । जनसमाजमा अघिपछि धामी एक साधारण मान्छे नै भए पनि उसमा मस्टो देवता चढ्दा (प्रवेश गर्दा) उसले एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ र मस्टोकै प्रतिनिधित्व गरेर पतुर्न (बक्न) थाल्छ । त्यस बेला गाउँघरमा मानिसहरू मस्टो देवता चढेको धामीमा अगाध श्रद्धा र विश्वास राख्छन् ।

हाम्रो देश नेपालको सुदूर पश्चिमाञ्चलमा भेरी, सेती, कर्णाली, महाकाली आदि अञ्चलका पाखापखेरा र उपत्यकाहरूमा मस्टोको मान्यता र प्रभुत्व सर्वोपरि छ । यी अञ्चलहरूमा जुनसुकै भेकमा पनि ग्रामीण देवताहरूको क्रममा सर्वेसर्वा तत्त्वचाहिँ मस्टो नै भएको छ । मस्टोलाई 'मैथो' पनि भनिन्छ । मस्टोलाई (मस्टोदेवता चढेका धामीलाई) गोसाइँ, गोसाइँ नारान पनि भनिन्छ ।

२०१७ साल जेठ महिनातिरको कुरो हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको तत्त्वावधानमा सुदूर पश्चिमाञ्चलको दुर्गम क्षेत्र कर्णाली अञ्चलमा नेपाली भाषाको व्युत्पत्ति थलो कहलिएको सिन्जाखोला उपत्यकामा लोकसंस्कृति सर्वेक्षण गर्नका खातिर पाँच (सत्यमोहन जोशी, स्थिरबहादुर सिंह, विहारीकृष्ण श्रेष्ठ, डा. चूडामणि बन्धु र प्रदीप रिमाल) जना अन्वेषकहरूको एक टोली पठाएको थियो । त्यस टोलीले मस्टोका धामीसँग साक्षात्कार गरेको एक सङ्क्षिप्त विवरण यसप्रकार छ ।

हामीहरू जुम्ला खलङ्गा बजार छोडी तिलानदीको किनार-किनार भई तातो पानी जमी गाउँमा बास बस्न आइपुग्यौं । तातो पानीको ठूलो मूल भएकाले यस ठाउँको नाउँ 'तातोपानी' को नामले प्रसिद्ध भएको रहेछ । यहाँको तातो पानीमा नुहाउन टाढाटाढाका मानिसहरू आउने

रहेछन् । एक त यहाँ सधैँ मेलाकै रूपमा मानिसहरू ओइरने रहेछन् । तर यहाँको मुख्य अर्को विशेषताचाहिँ 'बाबिरा' मस्टो रहेछ । यो बाबिरा मस्टोको वन (थलो) तिलानदीपट्टि सुन्दर गाउँ (सुनार गाउँ, स्वर्णग्राम) को सिरानतिरको जङ्गलमा रहेछ ।

वारितिर रहेको जर्मी गाउँबाट पारितिर हेर्दा बाबिरा मस्टोको वनथलो ...... लामो ढुङ्गे सिँढी र जुम्ली सल्लो जङ्गलको ...... दृश्य ज्यादै राम्रो थियो । अनि बाबिरा मूल घरथलो पनि नजिकैको बाबिरा मस्टोको शाखा थलो रहेछ । हामी बसेको जर्मी गाउँमै पनि बाबिरा मस्टो रहेछ । त्यहाँ मस्टो रहेको घरको थाडामा (चेप्टो छानाको माझमा) २२ गजे लिङ्गो ठड्याइराखेको, त्यसको टुप्पामा चमर, घण्टा, ध्वजापताका झुन्ड्याइराखेको अनि सेतो पृष्ठभूमिमा बीचमा रातो धर्को भएको आलन (ध्वजा) फर्फराइराखेको थियो । थाडोको भागमा रहेको लिङ्गोको फेदमा काठ र ढुङ्गाका मूर्तिहरू थिए ।

बाबिरा मस्टोको नाम लिनेबित्तिकै त्यहाँका चार पुस्ताअघिका मेदे धामीको कुरो चल्दो रहेछ । यिनी धामी मेदे मृत्युबाट पनि बाँचेर पतुरेका थिए भन्ने चमत्कारपूर्ण किम्वदन्ती रहेछ । त्यहाँ एक रात बस्ता गाउँलेहरूले हामीलाई बाबिरा मस्टोका धेरै प्रभावकारी शक्तिहरूको कुरा सुनाए । मस्टोको परिचय लिने र अध्ययन गर्ने हामीहरूको आकाङ्क्षा झन् बढ्यो । हामीले जर्मी तातो पानी पञ्चायतका प्रधानपञ्चलाई मस्टो देखाउने अनुरोध गर्दा उनले सबै प्रबन्ध मिलाइदिए । उनले राति नै बाबिरा गाउँका मूल धामी तुलाराम बूडाक्षत्री छेउ ...... पठाइदिए । यसो गर्नुको मुख्य मतलब त्यो धामीले धमेलोका निमित्त ...... आफ्नो विधिविधान बेलैमा गर्न पाऊन् भन्नु हो । धामी देखाउनुको एउटा बनौटे कारणचाहिँ 'काठमाडौँबाट जुम्ला आएका मानिसहरूले आफ्नो घरतिर सन्चो-बिसन्चो के-कस्तो भइरहेछ, सो कुरा धामीबाट बुझ्ने' भन्ने बेहोराको थियो ।

भोलिपल्ट बिहानदेखि जमी गाउँमा रमिता सुरु हुन थाल्यो । एक त एक कान दुई कान गर्दागर्दै अघिल्लै दिन राति भोलि धमेलो हुने भन्ने कुरो गाउँघरमा फैलिसकेको थियो । हामीहरू तिलानदीको किनारमा रहेको तातो पानीको मूल धारामा नुहाइधुवाइ गरी गाउँमा फर्किसक्ता त तुलाराम धामी पनि नुहाइधुवाइ गरी चोख्याई आइसकेका रहेछन् ।

उनीसँग परिचय भयो । लगभग ...... वर्ष हुन लागेको मान्छे, ठूलो फित्ता गुतेको । ...... हामी बसेको घरसँगै जोडिएको मुनितिरको बाबिरा मस्टोको घरथलोमा डाङ्ग्रीले लिपपोत गरी पूजाआजाका सबै सरसामान तयार पारिसके भन्ने खबर आएपछि धामीकै साथमा हामीहरू त्यहाँ गयौँ । हातखुट्टा धोई धामी थलोभित्र पसे र गादीको छेउमा बायाँतिर बसे । त्यस बेला डाङ्ग्री धुप बाल्न लागेका थिए, चोख्याएर बसेको हुनाले उनको ज्यूमा एक लँगौटीसिवाय अरू लुगा थिएन । धामीले चाहिँ तुना फुकेको लाएका थिए ।

साँगुरो थलोमा मानिस भरिइसकेका थिए । यही बाहिरको खुला थाडामा पनि मानिसहरू भरिइसकेका थिए । हामीहरू थलोभित्रै गादीको सामुन्ने बसेका थियौँ । हामी खाबाका मार्फत सब कुरा सुन्थ्यौँ ।

बाहिर दमाईहरूले ठूलाठूला चार ढोलहरू बजाउन सुरु गरेपछि मस्टोस्थानको वातावरण नै अर्कै भयो । गाउँलेहरूले धामीका सामुन्ने तीनखुट्टे आसनमा ठूलो हुक्का ठड्याउन ल्याए । जाजरकोटे बुट्टे नली हातमा लिई धामी तमाखु खान थाले । उनी कत्ति पनि नबोलीकन बसे । थलोभित्र केन्द्रविन्दु गरी जोडिएको लिङ्गोको फेदमा देउथलोमा देवताको प्रतीक भएको स्थानमा घण्टा, शङ्ख, रुद्राक्ष, काठका मूर्ति, चमर, राता ध्वजापताकाहरू, त्रिशूल, दियो, पाला, झल्लरी आदि छरिएका थिए । सन्चो नभएकाहरू, भूतप्रेत लागेकाहरू, नि:सन्तानहरू, मुद्दामामिला हुनेहरू, घर बनाउनेहरू, बिहेवारी भएकोमा जस दिन आउनेहरू (उपहार चढाउनेहरू), पानी मार्नेहरू (खेतीपातीका लागि) पनि वरिपरि जम्मा भएका थिए । धामी एकाग्र भएर तमाखु तान्न लागे । यत्तिकैमा खावाले भने – 'देउता प्रसन्न भएमा आफैँ आउँछ, अप्रसन्न भएमा नआउन पनि सक्छ ।' हामीहरू खावाको कुरामा विश्वस्त भई धामीकै मुख ताकेर बस्न लाग्यौँ । उता मुग्लेरीहरू (मागल गीत गाउनेहरू) लेख मस्टोलाई आह्वान गर्दै सुरिलो भाकामा चुट्किला मागल गीतको सामूहिक स्वर गुञ्जायमान गर्न लागे ।

गाव्या र आलन तोड गोसाइँ चढाऊँ
हे गोसाइँ चलेर आऊ ।

(रातो र सेता कपडा भएको ध्वजा तपाई मस्टो देवतालाई चढाउँला । हे मस्टो देवता, तपाईं प्रकट भएर आउनुहोस् ।)

भोटबाट आयो गङ्गा जमुना
किनारो लागला ठाउँ
सुनका मुरती तुही मस्टा चढाउँला
हे गोसाइँ चलेर आऊ
...... घण्ट तुही मस्टा चढाउँला
हे गोसाइँ चलेर आऊ
ज्वला र भुकुर तुही मस्टा चढाउँला
हे गोसाइँ चलेर आऊ
पञ्च र कलश तुही मस्टा चढाउँला
हे गोसाइँ चलेर आऊ ।

(हिमालबाट निस्की, भोटको बाटो गरी, तल बगी आउने कर्णाली नदीजस्तै पानी भएर मैदानमा सम्म भएर बग्न थाल्छ । तपाईं मस्टा देवतालाई सुनको मूर्ति बनाएर चढाऔँला, तपाईं मस्टो देवता साक्षात्कार (धामीमा प्रवेश गरी पतुर्ने, बोल्ने र बक्ने) भएर देखा पर्नुहोस् । तपाईं मस्टो देवता प्रकट भएर आउनुभयो भने हामीहरू तपाईंलाई शङ्ख र घण्टा चढाऔँला, सुनचाँदी र बाजा चढाऔँला, पञ्चकलशहरू चढाऔँला ।)

मस्टो देवतालाई यसरी आह्वान गर्दा अर्थात् साधना गर्दा अनगन्ती लोकगीतका चुट्किला उद्गारहरू खोलानाला र पहरा नै घन्किने गरेर निस्किरहन्छन् ।

अनि हेर्दाहेर्दैमा धामी काम्न लागे । उनको टाउको हल्लिन थाल्यो । उनका दुवै आँखा रसाउँदै आए । आँसुका दाना झर्ला-झर्ला जस्तो देखियो । धामी तमाखु तान्न नसकिने अवस्थामा देखापरे । उनी माथितिर हेर्न थाले । अब उनको आङ पनि काम्न थाल्यो । अब उनी अडी-अडी तमाखु तान्न लागे । उनको मुखाकृति बदलिँदै गयो । उनका खुट्टाका फिलाका मासु बेसरी हल्लिन थाल्यो ।

सबैको दृष्टि धामीमै केन्द्रित भयो । सबैले देउता बोल्न लागेको लक्षण अड्कल गर्न थाले । खावाले ठूलो स्वर गरी बाहिर बाजा बजाउन लागेका दमाईंहरूलाई भने – 'लौ अब देउता चल्ने बाजा बजाऊ ।' दमाहा बाजाले तिलानदीका वरिपरिका पहराहरू नै थर्काए । यत्तिकैमा

धामी बुर्लुक्क उफ्रेर गादी (उच्चासन) मा बसे । बिन्तीभाउ गरी सबैजना एकै स्वरले 'गोसाइँ नारान' भन्दै धामीतिर श्रद्धाभक्तिले झुक्न थाले, आशीर्वाद माग्न थाले । त्यस बेला मुग्लेरीहरू र भक्तहरू मस्टो देवता धामीमा प्रवेश गरेको चाल पाउनेबित्तिकै यसरी गाउन थाले –

चल्यो गोसाइँ मुसीटाय
मेदिनी हल्लायो
हल्लखल्ल पार्‍यो ।

(अर्थात् हेर-हेर, मस्टोदेवता चढेका धामी काम्न थाले, पतुर्न (बक्न, बोल्न) लागे, मस्टो थानका ध्वजापताकासमेत हल्लिन थाले र मस्टोथानका भूतप्रेतहरू हल्लीखल्लीमा पर्न थाले ।)

आफू गोसाइँ मुसौटाय
सिंहासन राज भयो
लायल पटमुनि खेल ।
पटमुनि खेलू लाया
क्यौ क्यौ बरु दिन्ना
लायल पटमुनि खेल ।
निपुत्यलाई पुत दिन्न
निर्धनलाई धन दिन्ना
लायल पटमुनि खेल ।

(अर्थात् तपाईं मस्टोदेवता प्रकट हुनुभयो र गादीमा बस्नुभयो । अब देउताको चौथारो (चौतारी) मा रमिता हुन लाग्यो । यसरी चौतारीमा खेल लाएपछि मस्टो देवताले (मस्टो देवता चढेका धामीले) वरदान दिन्छन् – जस्तो अपुतोलाई छोरो, गरिबलाई धनको पोको । एवं रीतको जनभावना र आकाङ्क्षामा मस्टो देवताको साक्षात्कार धामीमा देखापरेपछि धामीले अक्षता छर्दै 'हँ हँ हँ हँ' गरी पडेली (एक किसिमको सवाईजस्तो भाकामा, नबुझिने भाषामा बोल्ने) पतुर्न थाले । खावा-दोभाषेले सम्म पडेलीको केही अंश बुझ्न सक्ने रहेछ । धामीले अक्षता छर्दै पालैपालो गरी टीका लगाइदिन थाले । उनी 'हँ हँ हँ हँ' गरी पडेली पढ्न थाले । उनले दुई हातले दुईतिर ध्वजापताकासहितका घण्टाहरू अटुट रूपले बजाउन थाले । धामीमा चढेकाले सबैको मुखमा प्रसन्नताले

छायो । धामीले पढ्न थालेको पडेलीमा 'छितो-छितो...' भन्ने धुवा थियो । उनको मौली स्वर कम्पित रूपमा अनौठो सुनिन लाग्यो । धामीले घाँटीमा पनि आधा घण्टासम्म एकैनासले घण्टा बजाई पडेली पढे ।

खावाले धामीद्वारा पढिएको पडेलीको लाक्षणिक अर्थबोध तत्कालै गरी साथमा मूल-मूल कुरो टिप्तै भने – 'अब अछाम डाँडाबाट मस्टो देउता उठेर आएको, बाटोमा ठाउँठाउँमा बास बस्तै आएको कुरो भन्न लागेका छन् । लौ, देउता जाफैमा पुगेछन् रे, त्यहाँ राक्षससँग लडाइँ भएछ । लौ, फेरि बाह्र भाइ मस्टा र नौदुर्गा भवानीको कुरो आयो । लौ, देउता भड्डेचौरमा आइपुगे । लौ, चौथा खोलामा भूतसँग लडाइँ भयो । लौ, त्यहाँबाट फेरि लामाया नेवार गाडामा बास बसे ... त्यहाँ तीन रात तीन दिन राक्षस र देवताको लडाइँ भयो ... लौ, फेरि देवता डाँफे लेकमा आइपुगे । त्यहाँ तेरे चौरमा तेरेको भूतसँग चार दिन चार रात लडाइँ भएछ ।'

धामीले पढेका पडेतीमा बीचबीचमा धुवाका रूपमा भुमा, रोमा, परि, वरि शब्दहरू उच्चरित भएको सुनिन्थ्यो, तर घण्टाको चर्को स्वरले गर्दा शब्दको ठीक-ठीक उच्चारणलाई निश्चित गर्न कठिन पर्दथ्यो ।

खावाले फेरि पडेली टिप्तै भने – 'लौ जैमलेमा मस्टो देउताले जैमले लोहारलाई १ कुरियाबाट २१ कुरिया बनाइदिएछन् । तर जैमले लोहारकी एउटी दुष्ट आइमाईले सौतालाई वचन लाइछ । (द्यौताले रिसाई उसको खेदो खनेछन् ।)

धामी अटुट रूपले गहुँगो घण्टा एकनासले बजाउँदै (थकित भाव कत्ति नदेखाई) घरिघरि आँखा चिम्लन्छन् र उही 'छितो छितो' को धुवामा पडेली लम्ब्याउँछन् । फेरि 'लौ देउता नाइको माटोमा आइपुगेछन्' भनेर खावाले पडेली टिप्तै भन्छन् । प्रसङ्गवश 'द्यौताले भैंसीको दूध नखाने' कुरो चल्छ, 'द्यौताले दामोदर कुण्डको जल' लिइआएको कुरो पनि उठ्छ । पडेलीमा 'धर्मा वर्मा लडेलो (प्यारो), मिडे (राजा), पाली (जनता)' शब्द उच्चरित भएझैं प्रतीत हुन्छ ।

घण्टाको शब्द मधुरो हुँदै जान्छ । अब धामीले घण्टा बजाउन छोडी रुद्राक्षको माला तीन मुठा पार्छन् । थालको अक्षता रुद्राक्षको मालाले घेर्छन् । अनि बायाँ हातमा अक्षता राखी दायाँ हातले अक्षता

केलाएर अक्षता खण्ड-खण्ड पार्छन् र शुभ-अशुभ विचार गर्न थाल्छन् । त्यत्तिकैमा फेरि झस्केर धामी 'अहँ, अहँ, अहँ अहँ' गर्न थाल्छन् र भविष्यवाणी गर्न थाल्छन् । खावा त्यसको भावार्थ बताउँदै भन्न थाल्छन् – 'लौ, कर्णाली सुकेर खोलो हुन्छ रे, सातवर्षे कन्या रजस्वला हुन्छे रे । २०२८ सालमा मान्छेको प्रलय हुन्छ रे ।'

देउथलोमा एकत्रित सबै गाउँलेहरू छक्क पर्दछन् र भयभीत भएर 'गोसाइँ नारान' भन्दै सुरक्षाका निमित्त शरण माग्छन्, शान्तिस्वस्तिको कुरो चलाउँछन् ।

धामी टोपी फ्याँक्छन् र आफ्नो ५/६ हाते टुप्पी मुसार्छन्, हातमा केही दाना अक्षता मिलाएर राख्दै लठ्ठीले छुवाउँछन् र बोल्न थाल्छन् । यसबेला धामीले जे जति पतुर्छन् ती सब सामान्य ग्रामीण बोलचालीको भाषामा हुन्छन् ।

धामी ऐतिहासिक कुरो गर्दै भन्छन् '...... बस्ती, चडेको बस्ती, श्री पाँचको, तीन राज्य, पृथ्वीमा के-के भएछ, मेरो र पशुपति कतिको दुई धर्म हो इ. ।' अनि खावाको कथनानुसार त्यस कर्णाली क्षेत्रमा कल्याल राजाहरूको बस्ती भएको, उत्तरतिर बस्ती भएको र पछि शाहवंशको राज्य भएको कुरो आउँछ । मस्टो सम्प्रदाय र शैव सम्प्रदाय दुई अलग-अलग अस्तित्व भएका धर्म देखापर्दछन् ।

त्यसपछि हामीले गाउँघरमा किनेर लगेको मानाजति अक्षता चामल धामीलाई चढाउनुपर्ने हुन्छ । धामीले एक मुठी अक्षता हामीलाई नै दिन्छ र त्यसमा केही कैफियत छ कि भनेर परीक्षण गर्ने काम हुन्छ । त्यो अक्षतालाई सबैले जाँची त्यसमा केही कैफियत छैन भनेपछि त्यो अक्षता धामीकै हातमा पुग्छ । अनि धामीले त्यो अक्षता आफ्नो हातमा राखी लठ्ठीले छुवाउँछ र त्यसपछि दुवै हातले खुब माड्छ । सबैको आँखा धामीको हातको मडाइमा एकत्रित हुन्छ । हेर्दाहेर्दै धामीको हातको कापबाट गाजलु रङको तेलको धारा रसाएर चुहिन थाल्छ । यो देख्नेबित्तिकै सबजना कराउन थाल्छन् – 'गोसाइँ नारानले सत देखाउनुभयो ।'

सबको मुख धामीको हातको चमत्कारमा प्रफुल्लित हुन्छ । धामी पनि हर्षोल्लासले गदगद हुन्छ ।

--------------- ---------------

खावाले हामीलाई भने – 'हेर्नुस् देउताको सत । सिकापाती भनेको यही हो ।' धामीले आफ्ना दुवै हात खुला गर्छन् । उनको बायाँ हातमा रहेको अक्षता गाजलु तेलले कालो भएको हुन्छ । अनि धामीले हामीलाई र अरूलाई पनि पालैपालो गरेर दायाँ हातले त्यही अक्षतासहितको छाप (सिकापाटी) निधारमा लगाइदिए । सबको मुखको आकृति सिकापातीले अर्कै बनाउँछ, त्यसपछि धामीलाई दक्षिणा चढाउने, जस बढाउने (ध्वजापताका, मूर्ति आदि) काम हुन्छ । किनभने धामीले सबलाई आश्चर्यचकित पारी सिकापाती निकालेपछि धामीको दैवी शक्तिमा सबैको आस्था र श्रद्धा झन्-झन् बढ्न थाल्दछ । सिकापाती निकालिसकेपछि धामीको अनुहारमा पनि झन् बढी ओजस्वीपना देखिन थाल्छ । यस सन्दर्भमा उहिले-उहिलेका धामीहरूले प्रदर्शन गरेर गएका चमत्कारमा कुराहरू पनि उठ्छन्, जस्तो – फलानो धामीले भतभती तातेको तेलमा हात चोपलेर टाँट्या (रोटी) झिक्ने, फलाममा सिक्री चुँडाल्ने, दाँतले च्यापी बोका मार्ने इत्यादि ।

बीचबीचमा भक्तजनहरूले मस्टोका धामीसँग गर्ने अनेकथरिका प्रश्नहरू र धामीबाट दिइने उत्तरहरूको क्रम चलिरहन्छ । हाम्रा आफ्नै प्रश्नहरूको प्रसङ्ग पनि चल्छ । कति कुरा मिल्न खोज्छन्, कति कुरा भविष्यवाणीका रूपमा झुन्डिरहन्छन् । तर धामीप्रतिको आस्था र विश्वासमा भक्तजनहरू भने प्रफुल्लित भइरहन्छन् ।

यसरी तिलानदीको किनारामा अवस्थित बाबिरा मस्टोका धामीसँग साक्षात्कार गर्ने कार्यक्रम सिद्धिएपछि हामीहरू भोलिपल्ट बाबिरा गाउँ छाडेर आफ्नै गन्तव्य स्थान सिन्जाखोला उपत्यकामा लाग्यौँ । त्यहाँ सिन्जाखोला उपत्यकामा पनि ठाउँठाउँमा मस्टो देवताका घरथलाहरू रहेछन् । अनि हामीहरूलाई सिन्जाखोला उपत्यकामा बसुन्जेल जुनसुकै गाउँमा (हाटसिन्जा, लेकपर, बोर्ता, लूम आदि) पुगे पनि, बसे पनि ती गाउँमा फरफराइरहने मस्टाका उच्च आलनहरू (ध्वजापताकासहितका काठका लिङ्गाहरू) ले गाउँघरका शोभा बढाउनुको साथै मस्टो संस्कृतिको बिर्सिनसक्नुको प्रभाव पर्न थाल्छ ।

यसै प्रसङ्गमा मस्टोसम्बन्धी तपसिलका २ वटा तालिकाहरू सरसर्ती अध्ययन गर्द पनि मस्टो र मानिसको सम्बन्ध, मस्टोको उत्पत्ति,

मस्टोको परिवार र नाताकुटुम्ब, मस्टोको स्वभाव, मस्टोको करामत आदिको रोचक जानकारी लिन सकिन्छ ।

अन्ततोगत्वा सदूर पश्चिमाञ्चलको गाउँघरमा मस्टो सम्प्रदायले यसरी गहिरिएर जरा गाडेको भए पनि दुर्गम क्षेत्रहरूमा आउन लागेका नयाँ-नयाँ परिवर्तनहरूले (जस्तो आवागमन, शिक्षा, सामाजिक सेवा, राजनीतिक जागृति, सांस्कृतिक चहलपहल, सञ्चारका अनेकन् माध्यमसम्बन्धी) जनआस्था र विश्वासमा, जीवनशैली र विचारधारामा नयाँ मोडहरू पनि सुरु गरेका छन् । यी सबले गर्दा मस्टो सम्प्रदायमा नयाँ पिँढीका मानिसहरूको श्रद्धा र विश्वास कम हुँदै जान लागेको सङ्केत पनि पाइन थालेको छ । पहिले-पहिलेका धामीहरूले जसरी अनेकन् चमत्कार देखाई पतुर्ने गर्दथे, आज त्यस किसिमका पुरुषार्थी धामीहरू कम देखापर्न थालेका छन् । फेरि बाहिरको जगत्सँग सम्पर्क बढ्दै गएकाले तथा बाहिरका मानिसहरू ती मस्टो सम्प्रदाय भएका भेकहरूमा आउन थालेकाले तथा बाहिर डुलफिर गरी अथवा आधुनिक शिक्षादीक्षा ग्रहण गरी आफ्नै भेकका गाउँघरहरूमा बाहिरी सांस्कृतिक प्रभावहरू बिस्तारै-बिस्तारै पैठारी हुन लागेको लक्षण पनि देखापर्न थालेको छ ।

सांस्कृतिक नृतत्त्वशास्त्रको दृष्टिकोणले तथा लोकसंस्कृतिको आफ्नै विशेषताले भने यो मस्टो सम्प्रदाय अध्ययन, अन्वेषण, अनुसन्धानकै विषयवस्तु हुनुका साथै आफ्नै छुट्टै सांस्कृतिक पहिचान र जीवनशैलीको विषयवस्तु नै भइरहेको छ । अतः गाउँघरमा जतिसुकै सांस्कृतिक परिवर्तन र सांस्कृतिक समन्वय भए तापनि मस्टाका आलनहरूचाहिँ मस्टास्थानहरूमा परम्परागत रूपले शोभायमान भएर फर्फराइरहनेछन् भन्नुमा कुनै अत्युक्ति हुने छैन ।

('कर्णाली लोकसंस्कृति' बाट)

मस्ट एक सामाजिक अध्ययन

– पूर्णप्रकाश नेपाल 'यात्री' –

१.० प्राक्कथन :

प्रस्तुत अध्ययनको विषय नितान्त नौलो नभए तापनि यसको परिप्रसङ्ग नेपालका लागि तथा सम्पूर्ण नेपालीका लागि नवोन्मेषशालिनी रहेको छ । लोकव्यवहारमा मस्टलाई सजिलै व्यक्त गर्नुपर्दा कुलको पूजा देवाली गर्ने भन्ने छ । सम्भवतः देवाली शब्द व्यक्त गर्दा मस्टको नाम भनिरहनुनपर्ने ठानेर होला सङ्क्षेपीकरण अपनाएको । वस्तुतः पश्चिमी हिमालयका चित्राल, युराल तथा जालन्धर पर्वतदेखि कास्मिर, नेपाललगायत हिमालय पादप्रदेशका प्रायशः क्षेत्रविशेषमा लोक आस्था व्यक्त गर्ने परिप्रसङ्गमा मस्टको आराधना गर्ने गरेको पाइन्छ । नेपालबाहिरका नेपाली गोरखाली सम्पूर्ण उँधौली र उँभौलीका अवसरमा कुलको पूजा गर्ने गर्छन् ।

जाति, प्रजाति, उपजाति, जनजाति, उत्पीडित जाति आदि जुनसुकै व्यष्टिमा सम्बद्ध रहेका होऊन्, तापनि धर्मानुप्राणित नेपालीहरू आफ्ना कुलदेव मस्टप्रति आस्थावान् रहिआएका छन् । मस्टका नाममा एकरूपता नभए पनि तिथि, मास, गते, बार तथा दिन र रातमा फरक देखिए पनि आफ्ना कुलप्रति आस्थावान् एव अनुरक्त नबन्ने नेपाली बिरलै होलान् । परन्तु मस्ट भनेको कुलायन र कुलायन वा कुलदेवता भनेको एउटै बिम्बको नाम हो भन्ने ज्ञान सबै उपासकमा नहुन सक्छ । अतएव मस्ट नेपाली जनजीवनको आस्थाको धरोहरबारे के-कस्तो निराकरण पाउन सकिएला, त्यस सम्बन्धमा यथासम्भव अध्ययन गर्ने प्रस्तुत सन्दर्भको सत्प्रयास रहेको छ ।

१.१ पूर्व-उपोद्घात :

सम्भवतः सम्वत् १९९९ सालतिर हुनुपर्छ, भोजपुर भुल्केका भट्टराईहरूको देवाली पर्व परेछ । त्यस देवालीमा पुग-नपुग तीन हजारजति बोका काटिन्छन् अरे भन्ने हल्ला फैलियो र हेर्न गयौँ ।

भट्टराईका कुलदेवताको नाम रहेछ आदिमस्ट, वाराहमण्डली । प्राप्त जानकारीअनुसार भट्टराईका कुलदेवतालाई अन्यान्य गोत्रकाले पनि 'मेरो फलानो काम पुगोस्, भेडो चढाउनेछु' भनेर भाकल गर्दा रहेछन् । सायद मेरी आमाले मलाई त्यस्तै प्रयोजनका सिलसिलामा त्यस देवालीमा सामेल गराउनुभएको थियो ।

ब्राह्मण श्रीलालका आङमा चढेका आदिमस्ट तथा खत्री भीमबहादुरका आङमा चढेका वाराहमण्डली भन्थे । कोही चढेको आकार दृष्टिमा नपरे पनि श्रीलाल र भीमबहादुर भने हातहातमा घण्ट र चमर लिएर थरथर काम्दै के-के बर्बराउँथे । त्यो दृश्य जीवनमा पहिलोपटक देख्न पाएको कौतूहलपूर्ण दृश्य थियो ।

त्यस कौतूहलपूर्ण दृश्यले सायद स्याइँ लगाएछ, कटुन्जे-सिक्तेलका नेपाललाई किनभने तत्काल पूर्व नेपालका कतिपय नेपालबन्धुमाझ कुलका धामी छैनन् भन्ने गाइँगुइँ सुनिन्थ्यो । कटुन्जेको नेपालगाउँमा कुलका धामी नहुनाले देवाली त्यति परिपक्व नहोला कि भनेर भयभीत थिए बुढापाकाहरू । ८-१० दिन टाढा धाएर जानुपर्ने मन्डन विर्ता व्यावहारिक दृष्टिले अभेक परेकाले चुइचुम्मा गाउँमा आई कुलका धामी बोलाएर लगे जान्नेसुन्ने टाठाबाठाले । काका गोपीकृष्ण भनेका छविलाल नेपालका घरमा धामी बसाल्ने रमाइलो सुरु भयो । भोलिपर्सिपल्टदेखि गाउँभरका किशोरहरू दिनभर टन्न खाएर लम्पसार सुतिरहने, साँझ परेपछि 'हेर-हेर डाङ्ग्रे हो, म महामस्टमण्डली हुँ, मलाई सेतो भेडो देऊ' भन्दै कोकोहोलो मच्चाएर गाउँभरि थर्कायमान पार्न थाले । नेपाल बन्धुका घरपरिवारलाई एक प्रकारले आतङ्कित तुल्याएर चुइचुम्माली धामीहरू त्यस आतङ्कलाई शान्त नपारी फिर्ता गए । त्यसपछि कटुन्जेका नेपाललाई हटाइदेऊ गाँड भन्न जाँदा थपिदेऊ गाँड भनेजस्तो भयो ।

गाउँको कोकोहोलो शान्त पार्न खोटाङ दुम्जानिवासी दुईजना दाहाल थरका कुलका धामी ल्याइए । रुमालमस्ट र वसन्तमाला भनेर कायाकैरन दिँदै ती धामीले बन्धुवर्गमा कुलायनको आवाहन गर्न डाङ्ग्रेहरू दण्ड भोग्न तयार होऊ भन्दा जान्नेसुन्ने टाठाबाठाहरू झन् भयभीत बनिएथे । ती धामीका आङमा महामस्टमण्डली चढेर गर्जना गर्दै भनेथे – 'बिटुल घरमा बोलाई अश्रद्धा गरेका अपराधमा म तिमीलाई पन्ध्र वर्ष त्यागिदिन्छु ।'

धामीहरू गाउँमा व्याप्त कोकोहोलो शान्त पारी बिदा भए । देवाली गर्ने धोको पूरा भएन । त्यसपछि कतिपय किशोर, युवक पढाइका लागि भारतका यत्रतत्र लागे । गाउँतिर के भयो, जानकारी मिलेन ।

२००५ सालको दसैंमा सिक्तेल गोगने घाइपामा छँदा यस लेखकलाई हरिताल परेछ, थला पऱ्यो । सात दिन रोगशैयामा कुर्दा हरितालको असरले पाकेको काँक्रोजस्तो पिलन्धरेलाई निको पार्न दिल्यानिवासी दुईजना अधिकारी थरका धामी आएथे । जगन्नाथ खापडमस्ट र गौडाबछलादेवी बताउने ती कुलका धामीले बिरामीको उपचार गरी भेद निकालेर प्रत्यक्षदर्शीलाई आश्चर्यचकित तुल्याएको स्मृति अझ ताजा छ ।

२०१७ साल फाल्गुणमा अध्ययननिवृत्त भई फर्केर गाउँमा जाँदा दुईजना विष्णुप्रसाद नेपाल र धनप्रसाद नेपाल क्रमशः महामस्टमण्डली र काँडाब्रह्म तिवारीका धामीमा उत्रेका रहेछन् । दुम्जाली धामीबाटै दियोकलश पाए । ती दुवै धामी जीवित छन् ।

यसरी समय-समयमा अप्रत्याशित रूपमा घटेका घटनाले लेखकहृदयमा मस्टप्रति श्रद्धा जगायो र आस्था बढायो । त्यसको प्रतिफलको परिणाम यहाँसम्म आइपुगिएछ अविदित अवस्थामा । सायद विद्वत् जगत्ले बुझिदिनुपर्ने विषय हो कुनै पनि जिज्ञासाको निराकरणका लागि दीर्घकालीन लगानीको आवश्यकता पर्दछ । सम्झना गर्दा मस्ट सम्बन्धी अध्ययनमा गरिएको लगानीले अझ साठी वर्ष पार गर्न सकेको रहेनछ । झन् विषयगत परिपक्वता भनेको त आकाशकुसुम नै हो ।

१.२. उपोद्घात :

नेपालीका निजस्व र वर्चस्व दर्शनका लागि तात्त्विक रहस्यहरू छन्, जुन रहस्यको समुद्घाटन बाहिरी आवरणको अध्ययन गर्नाले मात्र अर्थात् पल्लवग्राही अध्ययनले मात्र सम्भव छैन । त्यसका लागि त अन्तर्मुखी अध्ययन र निजात्मक दृष्टिकोण चाहिन्छ । २०१८ सालपछि जब विगतका कतिपय घटनाले मस्टतत्त्व र मस्टका धामीमा र विशेष गरी धामीवादमा केही सत्यता छ भन्ने मधुराभास पायो, त्यो एक शुभ सङ्केत थियो । त्यस्तो सङ्केत पाएपछि यसतर्फ आकर्षित भइयो । फलतः

नेपाली जनजीवनमा मस्टको सामाजिक सम्बन्ध कति घनीभूत रहेछ भने त्यसलाई शब्दमा व्यक्त गर्न सहज सम्भव छैन ।

शरीरको बाह्य आवरणले अन्तरालोकको परिदर्शन गराइँदैन, त्यसलाई त अन्तर्मुखी चेतनाले मात्र दर्साइदिन्छ । नेपाली जनजीवन नेपालीबीचको आवरण हो भने मस्ट अन्तरालोक हो । फरक कति छ भने जो पहिले पनि उल्लेख गरिसकिएको छ, जातिभेद र स्थानभेदअनुसार नाम फरक-फरक हुन्छ ।

यो जातिदर्शनको अदृश्य, अव्यक्त र अमूर्त तत्त्वलाई मानव समाजले यादृच्छिकी नाम दिएको छनक पाइयो । जस्तो कूर्माञ्चलतिर समैजी, पश्चिमी तिब्बतका साहचर्यमा रहेका नेपालीमा भ्रुवो, हिमाञ्चलप्रदेश जोहार प्रगन्नातिर सिचलिङ, कास्मिर, जम्बू, जालन्धर, कर्तृपुर, शिरमौर, काङ्गडालगायत गढवाल र नेपालमा मस्ट ईश्यामी, मैठ स्यूना, वायु, कुलदेवता, कुलायन, देवाली इत्यादि । मगर समाजमा नाग, वराह र झाँक्री, किरात समाजमा खायामाङ, पारुहाङ र निनिमौदमा (चण्डी साकेला), लिम्बू समाजमा बुढासुब्बा, बुढीबजू र तामाङ समाजमा झाँक्री र श्मशानी इत्यादि ।

मेचीदेखि महाकालीका गाउँघरमा लोकास्थाका प्रतीक बनिरहेका मस्टलाई व्यष्टिमा लिनुभन्दा समष्टिमा लिनु वाञ्छनीय देखिन्छ । किनभने पहिलो कुरा त मस्टतत्त्व नितान्त एकलकाटे नभएर गणनायक अथवा परिवारको मूलीका रूपमा देखियो । त्यसपछि दोस्रो कुरा, मस्ट जातिदर्शनको द्योतक, बाह्रभाइ मस्टको समूह, चौरासी उपमस्टको आधार अनि तेस्रो प्रकारान्तरले रुद्रगणको उन्नायक मस्ट सम्प्रदाय भएकाले पनि क्रमशः द्रष्टाको दृष्टिकोण दार्शनिकतातर्फ अभिमुख हुनुपर्ने महसुस भएकाले प्रस्तुत अध्ययनतर्फ अभिप्रेरित बनिन खोजिएको हो ।

१.३. अध्ययनको सावधिक पृष्ठभूमि :

मस्टको सान्दर्भिक अध्ययन-अन्वेषणमा स्वदेशी तथा विदेशी विद्वान्बाट यथायोग्य लगानी भएको छ । त्यस्ता कार्यको प्रशंसा गर्नैपर्छ । यसो गर्नु जातिगत शालीनता हो, तापनि यस सन्दर्भमाथि वस्तुवादी दृष्टिकोणले विहङ्गावलोकन गरी तात्त्विक विश्लेषण गर्दा हामीले आफ्नो गन्तव्य रोकेर सन्तोष मानी बस्न सुहाउँदैन । वस्तुतः आस्थाको अध्ययन

भनेको जातीय अध्ययनजस्तो सहज र सरल हुँदैन । अनि साकार तत्त्वको अध्ययनजस्तो सर्वसुलभ पद्धतिको अपेक्षा निराकारतत्त्वमा सम्भव हुँदैन । अतएव मस्ट निराकार अन्तरालोक दार्शनिक तत्त्वमा रहेकाले विदेशी विद्वान्का दृष्टिले यसको मर्म फेला पार्न कठिन छ । जातीय अस्मिताको दर्शन सजातीय द्रष्टाबाट मात्र सम्भव छ । यस सत्यताप्रति असहमतिका लागि अवसर छैन ।

मस्टका अस्तित्वको पूर्वाभास कुलपूजा नै हो अनि दोस्रो आधारमा कुलका धामीहरू । यी दुवै आधारलाई परिलक्षित मानेर मस्ट र समाजको पारम्परिक सम्बन्ध के-कस्तो रहिआएको छ, यसको आद्योपान्त जान्ने उत्कण्ठाले अध्ययन थालियो । त्यस अध्ययनका क्रममा तीनथरि पद्धति पाइए –

१. कुलका धामी हुने परिवार, जो धामीको अगुवाइमा सार्वजनिक खुला ठाउँ परापूर्वदेखि निर्धारित स्थान (देवालीस्थान) मा बाजागाजाका साथ धुमधामसँग तीन वर्षको फरक पारी कुलपूजा गर्दछन् ।

२. कुलको धामी नभएका परिवार, जसलाई मस्ट र मस्ट परिवारका बारेमा आवश्यक ज्ञान छ । उनीहरू कुल अर्थात् त्यस स्थलमा भेला हुने गरेका भाइबृन्दालामध्ये जेठो घर (मूल दीयो र घण्ट-चमर राखिआएका थकाली अथवा आफ्ना बृन्दालाका गाउँबुढा) का खटनपटनमा निर्धारित स्थानमा भेला भई अग्निस्थापना गरी मन्त्रविधिले पूजा गर्दछन् ।

३. तेस्रो थरिहरू गुप्तागारमा रातको समयमा अरू गोत्रका परिवारलाई हेर्न नदिई देवाली गर्दछन्, पद्धति के हो, जानकारी गराइँदैन ।

पूर्वी नेपालमा भट्टराई, कोइराला, अधिकारी, कार्की, बस्नेत, लुइटेल, लामिछाने, थापा, निरौला आदि कतिपय कुलकुटुम्ब अपवादमा पर्न आउलान्, त्यो बेग्लै कुरा हो, नत्र परिप्रेक्ष्य र पद्धतिमा तात्त्विक भिन्नता पाइँदैन ।

अन्ततोगत्वा यस अध्ययनको व्याप्ति र अवधिको स्मरण गर्नुपर्दा लगभग छ दशक पार गर्न लागेको मान्दा अन्यथा नहोला । त्यसो भएकाले आदि-इत्यादि कुराबारे यथाप्रसङ्ग विचार-विमर्श गर्ने गरी यस विशाल मानव प्रकृतिमा परिव्याप्त यो मस्टतत्त्वको परिभाषा तथा परिवारकोटि अनि सम्प्रदायगत परिवेश के हो त भन्ने प्रश्नको सटीक

उत्तर तथा समाधान खोज्दै परिलक्षित विषयवस्तुतर्फ केन्द्रित रहनु वाञ्छनीय छ ।

१.४. बहुचर्चित मस्टमाडौं कुलायनस्थान र पूजापद्धति :

मस्टको सामाजिक अध्ययन गर्ने क्रममा बर्माको सिमानादेखि कास्मिरको सिमानासम्मका हिमालय प्रदेशअन्तर्गतका देश-प्रदेशमा सामाजिक तथा सांस्कृतिक भ्रमण गर्दा पाइएका कतिपय भिन्नतामध्ये माथि उल्लेख गरिएका मस्टमाडौं, कुलदेवमाडौं र कुलायनस्थान प्रमुख छन् । ती तीनलाई जनाउने क्षेत्रमा धवलागिरी अञ्चलको पूर्वी भाग र लुम्बिनी अञ्चलको पशिचमी कोणबाहेक पूर्वतर्फकाले कुलायनस्थान भन्ने गरेको, त्यसभित्र पनि कतै कुलमाडौं, देवालीस्थान, कतै वायुथान भन्ने गरेको पाइयो । देवाली वा कुलपूजा गर्नेहरूले रूखको फेदमा पर्खालले घेरेर राखेको थानमाथि छानोविनाको माडौं अथवा देवालीथानमा अलग-अलग दुई मण्डप परिकल्पना गरी पूजा गर्ने गरेको पाइयो, जसमा मध्य भागमा सर्वतोभद्रमण्डल परिकल्पना गरी यज्ञमण्डप तयार पारेर अग्निस्थापना विधिद्वारा सात्विक पूजा, हवन, मार्जन गर्ने र पायस बलि दिने गरेका मस्ट, ब्रह्म, महारुद्र, भवानी र सिद्धलाई यज्ञमण्डपभित्रै अर्पण गर्ने र गैंडू, गोसाइँ, नाग, झाँक्री, सिमेभूमे आदिलाई बाहिरी भागमा अर्पण गर्ने गरेको पाइयो भने रक्तबलि दिने परिवारले भवानीलाई भनेर बाहिरी भागमा सामान्य स्थान स्थापना गरी बोका-पाठी काट्ने गर्दछन् ।

देवाली वा कुलपूजाका लागि भनेर कुनै गुठी राखेको जानकारी छैन । देवालीमा भेला भएका सहभागीहरूलाई वैदिक मन्त्रोच्चारणसहित अभिषेक गर्ने, फूलप्रसाद वितरण गर्ने गर्दछन् । पकाएका सेल, पुरी, पुवा, मनभोग, खीर आदि त्यहीँ बसेर खाइसक्ने, घरघर लाने अनि आइमाई, छोरीबुहारी र नातागोतालाई दिने पनि नदिने पनि दुवैथरि देखापरे । परन्तु जुनजुन कुलमा देउता बोलाउने धामीहरू छन्, ती धामीहरू बाघको अभिनय गर्दै बोका-पाठीको घाँटी निमोठेर काँचो रगत तनतनी पिउने गरेको देख्न पाइन्छ ।

देवालीमा होस् चाहे अरू कुनै बेला कुलका धामी बसी देउता बोलाउने खण्ड परेमा मण्डलाकार परिकल्पना गरी दीप, कलश र मस्टको आवाहन गरी कलशको जलले सेचन गरेर देउता बोलाउँछन् ।

अपवादबाहेक सबैजसो घरको अन्तागारमा वायुको थान तोकिएको हुन्छ। देवालीमा प्रयोगमा ल्याइने भाँडावर्तन आदि यदि आफ्ना जिम्मामा छन् भने ती भाँडावर्तन कुलायनको दीयो इत्यादि त्यसै वायुथानमा राख्ने गरी प्रत्येक पूर्णिमामा चोखिनितीसाथ धुपधुवार गर्दछन् । कसैकसैले शङ्ख, घण्ट, डमरु, आशागुर्जो, जनै, सुपारी, ध्वजापताका सजाएर राख्ने गरेको पनि जानकारीमा आयो । तर कतिपयले हेर्न दिइँदैन भनेर टारे ।

पूर्व-पश्चिम नेपाल र कुमाऊँ, गढवाल, हिमाञ्चल र गीलगीत, स्पीती, लुदकोलसम्मका लगभग एक हजार मस्टमाडौंमा पुगेर अध्ययन-मनन गर्दा धामी बस्ने, देवता बोलाउने प्रक्रियामा सामान्य अन्तर पाइए तापनि माथि लेखिएका सीमाबाट पश्चिमतर्फ प्रवेश गरेपछि पाइएका कतिपय तात्त्विक भिन्नतामा धेरैजसो मस्टदेवता र तिवाडी, शमशान्ति, सिद्धका धामीहरू चोखिनिती र थानथपनाविना नै गडगडाएर काम्ने, रहनसहन र वेशभूषामा नपुंसकको अनुकरण गर्ने गर्दछन् । कतिपय अविवाहित बसेका हुन्छन् । गलामा मुगा, मोती, प्वाँलाको माला, हातमा चाँदी अथवा पञ्चरत्नजडित बाला, कानमा मुन्द्री, माथमा पगरी र स्वयंपाकी आचरणमा रहेका पाइए । मस्ट, भवानी, सिद्ध, भुइँयार, भूमे आदिका नाउँमा जग्गाजमिन गुठी राखिएका छन् । धामी र पुजारी, टहलुवा केटाकेटी, पालेपहरा, घोडाका लागि सयस, चरुवा आदिका लागि यथायोग्य खाइजीविकाको बाटो बनाइदिएको र देवीदेवताका माडौं, मन्दिर, चौथाडा, चैत्य, बिहार, घर, कटेरा, गौशाला, घोडीसाल, सुन, चाँदी, तामा आदि प्रशस्त अर्थात् अकुत धनराशी भएका मस्टामाडौंहरू आश्चर्यदायक छन् ।

यस्ता सुसम्पन्न मस्टमाडौंमध्ये प्युठान जिल्लास्थित लुभ ओखरकोटमा रहेको क्षेत्रपाल मस्टमाडौं, जाजरकोट जिल्लास्थित पँयक गाउँको कालभैरव मस्टमाडौं, जुम्ला जिल्ला बाबिरा गाउँस्थित बाबिरो मस्टमाडौं, कालिकोट जिल्लास्थित रकु गाउँस्थित कावाशिला मस्टमाडौं, अछाम जिल्ला विन्ध्यवासिनीस्थित क्षेत्रपाल मस्टमाडौं, डोटी जिल्लास्थित कक्तलेकी मस्टमाडौं, बाजुरा जिल्ला तलीगोठीस्थित लाटेमस्टमाडौं, बझाङ जिल्ला ढँडारस्थित आदिमस्टको माडौं र छान्ना पुजारीगाउँस्थित खापड जगन्नाथको मस्टमाडौं आदि । बहुतायत मस्टमाडौंमध्ये उपर्युक्त मस्टमाडौंमा श्रद्धालु भक्तजनद्वारा मितिमितिमा चढाइएका घण्टको मात्र

व्यवस्थित अध्ययन-अन्वेषण कार्य गरिएका खण्डमा आशानुकूल उपलब्धि हासिल हुने र नवोन्मेषप्राप्तिका सम्भावनाहरू प्रस्ट हुनेछन् ।

यसरी मस्टको सामाजिक अध्ययनको उच्च आकाङ्क्षा लिएर स्थलगत अध्ययन गर्दा पश्चिमी हिमालयतर्फ बेवास्ता गर्न मिल्दैन । कूर्माञ्चल, गढवाल, पश्चिम तिब्बत, मानसरोवरको आसपास, हिमाञ्चल प्रदेश, गिलगित, जोहारतर्फसमेत तुलनात्मक अध्ययनका लागि उपर्युक्त प्रयास हुनु लाभदायक हुनेछ । मूलभूत प्रश्न थियो मस्ट शब्दको व्युत्पत्ति र परिभाषा । 'नेपाली बृहत् शब्दकोश' ले मस्ट शब्दलाई मानक ठानेको छ ।[१] यसका आधारमा मस्ट देवताको सैद्धान्तिक तथा ऐतिहासिक धरातल के हो, लोकमान्यता के हो, त्यसको स्थापना कसरी भएको छ, तत्कालका लागि प्रस्तुत परिप्रसङ्गमा नखोज्दा बिग्रिँदैन, बिस्तारै अर्थ खुल्दै जानेछ । एक्कासि आक्रामक शैलीमा यो पुगेन त्यो पुगेन, यसो भएन, उसो भएन, यसरी भएन, यसो पो हुनुपर्दथ्यो भन्ने प्रसङ्ग सहभागी पार्षदमध्ये जिज्ञासुका बीच निहित रहने कुरा हुन् । ती कुराहरू क्रमिकरूपमा अघि बढ्नेछन् । त्यसैले अरू कुरा थाती राखेर विषयवस्तु प्रस्तुतकर्ताका कर्तव्यपरायणताको प्रतीक्षा गर्नुपर्छ ।

प्रस्तुत प्रयासको खास प्रयोजनका लागि शिलाधारको आवश्यकता पर्न जान्छ । अब समयले शिलान्यास गरिदिएको छ । अतएव यसमा सन्देह नगरे हुन्छ । वास्तवमा तथ्यहरू खारिँदै जान्छन् र यथासमय सङ्कल्प साकार हुनेछ । बरू कतिपयले दिएको व्युत्पत्ति मष् + क्त सान्दर्भिक, प्रासङ्गिक र लोकसम्मत छ कि छैन, त्यसमाथि शास्त्रीय परिप्रसङ्ग अगाडि बढाउनुपर्ने देखिन्छ । मस्ट शब्दको आधारपद मष् होइन, किन्तु मस हो ।[२] मष्लाई आधारपद मानेर व्याख्या गर्ने हो भने अर्थसङ्गति मिल्दैन, बरू अर्थविच्युति हुन जान्छ । वामन शिवराम आपटेको अभिमत पनि यस्तै देखिएको छ ।[३]

मस्ट शब्दको व्युत्पत्ति दिँदा प्रा. बालकृष्ण पोखरेलको अभिमत सर्वसम्मत हुन आउँछ । पोखरेलको भनाइ छ – "मस्टको मूल हो संस्कृत मस्त (शिर) ।[४] यो फार्सेलीमा मजद (तुलनीय अहुर मज्द अथवा होरमज्द) भयो । नेपाली मस्ट उपासनामा अहुर (असुरमस्ट) मस्ट बान्नीमस्ट कहलायो भन्ने मेरो विचार छ । कारण असुर नरेशमध्ये केहीको नाम बानीपाल छ । बाबिरोमस्टचाहिँ पक्कै बेबिलोनको राष्ट्रिय देवता मार्दुक

हो । कारण संस्कृतमा बेबिलोनका निम्ति प्रयोग हुने बाबेरुसँग यो धेरै मिल्दछ ।

२.१०. मष्ट, मष्टा, मष्टो कि मस्ट ?

सर्वप्रथम अनुसन्धीत्सुका तर्फबाट व्यक्त गर्नैपर्ने उद्गारको अर्थपूर्ण बनिन आएको छ तल उल्लिखित विवरणको मूर्त रूप एक नितान्त नवीनतम ऐतिहासिक घटनाको अस्तु । प्रागैतिहासिक कालमा तत्सम्बन्धी गतिविधिले कुन रूप लिएको थियो, त्यसको रेखाङ्कन गर्न मिल्ने आधार तत्काल पाउन सकिँदैन । त्यसउसले भन्न मन लाग्छ इतिहासकालमा जब नेपाली जाति अथवा त्यसभन्दा पूर्व खसजाति र मस्ट एक-अर्काका सुपूरक बनेर देखापरे, तबदेखि सरकार वा कुनै आधिकारिक संस्थाले मस्टलाई नै मूलभूत विषयवस्तु बनाएर सांस्कृतिक सङ्गोष्ठीको आयोजना गरी कार्यपत्र प्रस्तुत गर्न लगाएर मस्टसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक छलफल गराएको जानकारी उपलब्ध छैन ।

अब प्रसङ्गवश कतिपय विद्वान्, विदुषी एव पूजाकाङ्क्षी प्रयत्नका नूतन मत्तोरथसम्बन्धी कूपमण्डूक बृत्तिसम्बन्धी एक उद्धरणको आलोचना गर्नैपर्ने भएको छ । सम्भवतः यसको प्रतिफल सुधारात्मक भविष्यप्रति सापेक्षित रहनेछ । उनींहरू लेख्छन् – "मस्टो एकवचन हो भने बहुवचन मस्टा हो । मस्टाका बारेमा लेख्ने लेखकहरूले मस्टालाई अधिक मात्रामा उच्चारण गर्ने सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका जनताको जनजिब्रालाई ख्याले नगरी 'मस्ट' शब्दको प्रयोग गरेका छन् । जथाभावी शब्द प्रयोग गर्नु सम्बन्धित क्षेत्रका जिब्राअनुसार गर्ने लेखकहरूले यस्तो गरेको पाइन्छ ।"

उनीहरूको प्रहार ठीक ठाउँमा परेको देखिएन । किनभने सार्वभौम विषयवस्तु एउटा भाषिकामा सीमाबद्ध रहन सक्तैन । स्वभावतः उच्चारण पद्धतिगत भिन्नता भनेको भाषा र भाषिकाका मापदण्डका आधारमा विकसित मानिन्छन् । उनीहरूद्वारा सीमाङ्कित क्षेत्रभित्रका भाषिका र तिनका वक्ताका पछि लाग्ने हो भने 'मस्टो' भनेर मात्र पर्याप्त नहोला, मट्ठो, मैठो, मत्थ, मद्द, मुइँद्द, माउद पनि भन्नुपर्ला ।

अतएव यस अनुवाकको निष्कर्षतिर दृष्टिनिक्षेप गर्दा मस्ट शब्दको परिष्कारमाथि शङ्का गर्नुपर्ने आवश्यकता देखिँदैन । कारण मस्ट शब्दको

उच्चारण पद्धति र शाब्दिक अभिधार्थका लागि नेपालीत्वको पञ्चमुहानीभित्र प्रवेश गर्दा समान रूपमा विचरण गर्नुपर्छ ।[५] नत्र निष्पक्षता सिद्ध हुँदैन ।

वास्तवमा कर्णाली प्रदेशको अर्थात् सपादलक्ष साम्राज्यको पृष्ठभूमि भनेको नै नेपालीत्वको आनुकल्पिक पूर्वाधारमा सम्मानित पाँच कुलराज्य हुन् ।[६] यी पाँच कुलराज्य नै 'मस्ट' भावनाका वास्तविक धरातल हुन् । परन्तु यी पाँच कुलराज्यमध्ये सिँजा र कालिकोट मात्र वर्तमान कर्णाली अञ्चलमा पर्दछन् । नत्र श्रीपाल, खप्तड र खुलालीकोट वर्तमान सुदूर पश्चिमाञ्चलका बझाङ, डोटी, अछाम जिल्ला हुन् ।

२.११ मस्ट परिवार :

मस्ट शब्दको परिभाषामाथि यथामति विचारविमर्श गरेपछि अब मीमांसा गर्नुपर्ने आवश्यकता छ मस्ट परिवारमाथि । अद्यावधि मस्ट मस्टकै रूपमा लोकव्यवहारमा कायम रहेका कारणले बहुतायत जनमानसमा मस्टको उत्पत्तिस्थल मध्यकालीन कर्णाली प्रदेश हो भन्ने परे तापनि यथार्थमा मस्टको उत्पत्तिस्थल कर्णाली प्रदेश होइन ।[७] यसबारेका तात्त्विक मन्थन, आलोकन र दर्शन गहन छन् । आविर्भाव तथा विश्वव्यापी लोकमान्यता एवम् लोकप्रियतामाथि विहङ्गम दृष्टि दिँदा तथ्य सामु पर्दै जान्छन् ।

'नेपाली बृहत् शब्दकोश' ले मस्टसम्बन्धी परिभाषा दिएको छ ।[८] दिएको परिभाषामा सहमत हुनु-नहुनु त्यो बेग्लै कुरा हो । अनुसन्धानको द्वार सदासर्वदा खुला रहन्छ नै । सम्भवतः व्याख्यात्मक कूपमण्डूक बृत्तिमा किन पर्ने भनेर हो कि कसो हो, खस जातिका प्रस्तोता र नेपाली राष्ट्रवादका शुभ्रतारा मानिएका भाषाशास्त्री महानन्द सापकोटाले आफ्नो कोशकृति 'नेपाली शब्द परिचय' मा मस्ट शब्दको उल्लेख कतै गरेको देखिएन । यद्यपि कोशमा विन्यस्त शब्दानुशासन उनको भौतिक जीवनको अन्तपछि मात्र राखिएकाले हो कि भन्ने शङ्का उपस्थित हुन्छ ।[९]

वस्तुतः 'नेपाली बृहत् शब्दकोश' को परिभाषाले व्यापक समष्टिको प्रतिनिधित्व गर्दैन, मात्र एक केन्द्रीय भाषिकाको प्रतिनिधित्व गर्दछ ।[१०] यथार्थमा लिखित मूल शब्दको स्तरीय तथा व्यापक रूप हो मस्ट । मस्ट शब्दले नेपाली समष्टिको अभिव्यक्ति प्रदान गर्दछ । यस प्रयोगको

पुनरवलोकन गर्दा स्थानीयमान र स्तरीयतामाथि अलग-अलग व्याख्या गरिएला भन्ने अपेक्षा गर्नुपरेको छ।

वस्तुतः संस्कृति, मानवशास्त्र-समाजशास्त्र तथा पुरातत्त्व अध्ययनका रोचक घटनाहरू सामु पर्दछन् । जस्तो – मानवशास्त्रीय अध्ययनअन्तर्गत हिन्दुकुश पर्वतमालाअन्तर्गत तरिम उपत्यकामा खस, मित्र, हित्ती, बृषीक, आदि मानव जातिका इष्टदेवता साटासाट गरेजस्तो रोमाञ्चकारी एवम् चमत्कारपूर्ण घटनाको स्मरण हुन आउँछ ।[११]

मस्ट परिवारको अध्ययनको सिलसिलामा इतिहासविद् डा. राजाराम सुवेदीको ढँडारे मस्टका सम्बन्धमा अभिमत मननीय छ – "कर्णाली प्रदेशमा मस्टको प्रभाव वि. सं. १४५० वरपर भएको मानिन्छ ।"[१२] उनले स्थानीयतालाई बढी महत्त्व दिएका छन् भन्ने कुरा मस्टो प्रयोग गरेकोबाट प्रस्ट हुन्छ । स्वभावतः स्थानीय भाषिकाका वक्ता र उनमा तात्त्विक भिन्नता अनुभूत गर्नुपर्दा उनी मस्टोका वक्ता नभएर स्तरीय भाषाका वक्ता रहेकाले उनको प्रयोग मस्ट शोभनीय हुन जान्थ्यो । पूर्वप्रकाशित मस्टको धमारीलाई हडबडाएर फाग भन्न पुगेका छन् । धमारी धमारी नै हो, फाग कदापि होइन । अनि धमारीको रूप त्यति पुरानो बुँदा पनि होइन ।

कान्यकुब्जबाट पन्जाब हुँदै जालन्धर पुगेका कुशा भट्टले शङ्खद्वारमा पुगेपछि एउटा शिला भेटे र त्यही शिलाले पहाड पस्ने अर्ति दिँदा बझाङ पुगेको फाग प्राप्त भएको छ । त्यो फागमा ढँडारमा मस्टोले अवतार लिई जसराज धामीलाई आफ्नो वक्ता गराइदिएको कुरा छ । यसो भन्दै उनको प्रकारान्तरबाट समस्त मस्टका अनुयायीजतिलाई कुशा भट्टका सन्ततिमा गाभ्न र सबैका मस्ट ढँडारे मस्ट नै हुन् भन्न खोजेका छन् ।

वास्तवमा त्यहीं नजिक छान्ना पुजाहारी गाउँका खापडा-जगन्नाथ मस्ट र बान्नीचौडका बान्नीमस्टका सम्बन्धमा उनी नितान्त अनभिज्ञ रहेका छन् । फेरि कुशा भट्टका जस्तै काल्पनिक उपोद्घात प्रत्येक मस्टका बारेमा पाइएका छन् । त्यसो भएकाले कुन कुरा सही होला, त्यसको निराकरण गर्न औंल्याउन नमिल्ने कुरा पनि विचारणीय छ । यस्ता अनुकल्पनाहरू बाह्र मस्टका सम्बन्धमा छुट्टाछुट्टै पाइएका छन् ।[१३] मस्ट अलौकिक वर्चस्व, नेपालीका लागि राष्ट्रिय वन्दना र उपासनाको

सर्वस्वका रूपमा जीवन्त छ । मस्टलाई पारम्परिक रुढि मान्ने र अस्मिताको संवाहक मान्ने दुवै अवधारणा सजीव हुन् ।

नेपाली समाजको चातुर्दिक विकासका लागि कट्टरता बाधक मान्ने विश्वव्यापी मानवीय दृष्टिका सामु जातित्वका परिचायकका रूपमा सम्मान गरिनुपर्ने कुराहरू पनि उत्तिकै विवेचनीय छन् ।

लोकायतमा मस्टको नेतृत्व गर्ने परिवार प्रमुखलाई मस्टपा भनिन्थ्यो । मस्टपाको तात्पर्य हो मस्टगणका पिता अर्थात् मस्टगणका स्रष्टा । चौरासी सिद्धको पङ्क्तिमा मस्टपाको गणना गरिएको छ ।

नेपाली समाज संरचनाको पूर्वाधार तथा मस्टको संरचनामा पारम्परिक एवम् अन्योन्याश्रित सम्बन्ध रहिआएको छ । जस्तो – एक तालिका द्रष्टव्य छ । कौशिक गोत्रधारी खप्तडी मूलको नेपाली समाजमा प्रचलित कुलदेवतामा खापड मस्ट, जालपादेवी, धौले झाँक्री, लटीनाथ सिद्ध र जगन्नाथ मस्टपा र सर्वनाथ[१४] नामक सिद्ध एक मात्र भएकोमा मतान्तर पाइएको छैन, परन्तु मस्टको सङ्ख्यामा भने विभिन्न तर्क-वितर्क पाइएका छन् । कसैको मतमा मस्ट (दितीपुत्र), कसैको मतमा मस्तकेश्वर (शिवको जटाबाट पैदा गराइएका मस्त – वीरभद्र आदि एकादश रुद्र अनि कसैको मतमा इन्द्रका पुत्र भन्नेसमेत पाइएकाले यो विवाद सहजै टुङ्गिएला भन्न सकिँदैन ।

हो, पहिलो र दोस्रो मतमा समन्वयको मधुराभास पाइन्छ, किनभने समग्रमा लोकमत मरुतमा पाइएको छ ।

डा. राजाराम सुवेदीका मतमा ढँडार मस्टका फाग (धमारी) मस्टको पुरानो गाथा मानिएको देखिन्छ ।[१५] तापनि यथार्थमा सुवाकोटका छुरी बोहरा, पिरी बोहरासँग सम्बन्धित रहेको घटना त्यति पुरानो होइन भन्ने कुरा प्रस्ट छ । फेरि गाथामा प्रयोग भएका बहुतायत शब्दले पनि प्राचीन गाथा मान्न सहयोग गर्दैनन् ।

लोखाडी मस्टको चैत नामले एक गाथा प्रकाशमा आएको छ ।[१६] त्यस गाथाअनुसार लोखाडी मस्टलाई ईश्वर श्रीकण्ठ मानिएको छ । ऋक्सेन वंशका कुलदेवता टेढी मस्ट बताइएको छ र कुन भाइ भनेर उल्लेख गरेको देखिँदैन ।

वेदका ऋचामा असुरो दधातु नः भन्ने वाक्यांश कुलायनी घृतवती पुरन्धी तथा यतो यतो समीढसे जस्ता वाक्यका आधारमा वैदिक साहित्यमा चर्चा भएका जनश्रुति पाइएको छ । तर असुर शब्द प्राणवाची भएकाले प्रकृतिपरकतामा आधारित मस्टका लागि यो ऋचाको प्रयोग भएको होला भनेर किटान गर्नु युक्तिसङ्गत देखिँदैन । धामीवादको चरम उत्कर्षलाई बुझ्नका निम्ति मस्टको प्राचीनताको अध्ययन गर्नुपर्ने खाँचो देखिन्छ ।[१७]

यो उद्धरण हो 'सेती अञ्चल दिग्दर्शन' को लगभग बाइस-तेइस वर्षपहिलेको । प्रस्तुतीकरणको नतिजाको विस्तार पर्याप्त भइसकेको अवस्थामा कतिपय नवोन्मेष परिसकेकाले पनि यसमा आश्चर्य मान्ने कुरा आएन । बरू वैदिक देवता र मस्टदेवता एकै होइनन् भन्नु समीचीन हुनेछ । यद्यपि मस्टको अस्तित्वलाई पथप्रदर्शकका रूपमा मान्ने धामीझाँक्रीहरू नै वैदिक देवीदेवताका उपासक एवम् पूजक हुन पुगेकातर्फ दृष्टि नपर्ने होइन, अझ छिटो पर्नेछ, तापनि मस्टको गणना कुलदेवताका रूपमा भएको हुनाले वैदिक देवतालाई अधिदेवता र प्रत्यधिदेवताको मान्यता दिएको पनि हुन सक्छ । तसर्थ मस्ट, मस्टा अथवा मस्टोको अन्वेषणको आवश्यकता विद्वज्जगत्को मानसपटलमा खट्केला नै ।[१८]

नेपालीहरू संसारमा जुनसुकै कुनामा पुगेर बसोबास गरी जीवन चलाइबसेका भए तापनि उनीहरूलाई आफ्नो अस्मिताको बोध गराउने लोकास्थाको प्रतीक मस्ट नै हो, जसले आफ्नो पितृभूमिको स्मृतिबोध गर्न लगाउँछ ।[१९] त्यसैले आफ्नो अभीष्ट सिद्धिका निमित्त होस् अथवा अस्मिताको स्पन्दनस्वरूप होस्, मस्टको उपासनागत सार्थक अभिव्यक्ति कुलपूजा अथवा देवालीमार्फत् प्रकट गरिआएका छन् ।

देशाटनका अवसरमा यथावसर मस्टसम्बन्धी पर्व, मेलाजात्रा र उत्सवसँग साक्षात् अनुभूत गर्न पाइएको थियो । सम्भवतः ठाउँठाउँका अभीप्सित दृश्यावलीको विवरण दिँदा संस्कृतिलाई बढी महत्त्व दिन चाख मानेर हो कि कसो हो, केही छाप नियात्रामा पनि परेको छ । त्यस छापसँग साक्षात्कार गर्नका निम्ति 'सेतीको नालीबेली' को एक अंशको उद्धरण दिनु लाभदायक हुनेछ – "भोलिपल्ट मलाई थाहा भयो बझाङेली जनताको आज काँकड मान्ने चाड (लिङ्गो काटेर ल्याउने चाड) रहेछ ।

बझाङ जिल्लाको व्यापक मेला हो यो । यस मेलालाई स्थानीय जनजिब्राले चैतुली चाड (चैते दसैँमा लाग्ने मेला) भन्दछ । विशेषतः यो मेला (मस्टसँग सम्बन्धित) धार्मिक मेला हो ।[२०]

दोपहरपछि ड्याटाडो भन्ने चौरमा धेरैजना जम्मा गराएर फोटो लिइयो । तेस्रो प्रहरमा रजस्थानमा निकै बोका-पाठी काटिए । काटिएका बोका-पाठीको सङ्ख्या तीन ठाउँमा गरेर त तीन सयभन्दा बढी नै थिए होलान् जस्तो लाग्यो । यो पूजा सन्तानबृद्धिको उपलक्ष्यमा, रोगनिदान भएको उपलक्ष्यमा अनि त्यस्तै-उस्तै भाकलबापत दिइने पूजा हो । आजको रात त्यहीँ बास भयो ।"

अन्वेषण प्रसङ्गमा नियात्रा प्रसङ्ग जोड्नाको तात्पर्य अरू केही होइन, सांस्कृतिक नियात्राको एक झलक सान्दर्भिकतामा समन्वय भएको दर्साउनु हो भने उपर्युक्त उपलक्ष्य र त्यस अतिरिक्त सोचेभन्दा बढी व्यापारिक लाभ भएमा, बेरोजगारले जागिर पाएमा, मानसम्मान, उपहार, पुरस्कार पाएमा कुलदेवतालाई विशेष पूजा दिइने चलन नेपाली जगत्मा छ भन्ने दर्साउनुसमेत हो ।

वस्तुतः यस अध्ययनको निष्कर्ष यसो पनि हो – मस्ट परिवार, मस्ट सम्प्रदाय, मस्ट तत्त्व र नेपाली जाति एक-अर्काका पूरक हुन् । त्यस अर्थमा मस्टका बारेमा अध्ययन-अनुसन्धान गर्न इच्छुक विद्वान्-विदुषीले सामाजिक अध्ययनको सबै अङ्गलाई समान रूपमा अपनाई तुलनात्मक अध्ययन गर्न सके मात्र मस्टको इयत्ता प्रकाशमा आउन सम्भव होला ।

वस्तुतः प्रस्तुत अनुवाकको मूलभूत उद्देश्य हो मस्ट परिवारबारे गवेषणा गर्नु । तत्सम्बन्धी निष्कर्षमा पुग्नुभन्दा पहिले बुझ्नुपर्ने भएको छ – मस्ट परिवारबारे जिज्ञासा उठेपछि आजसम्म के-कति व्यक्तिगत वा सामूहिक प्रयास भए ? यसमा हामीले सहर्ष स्वीकार गर्दै भन्न सक्नुपर्छ, यस सम्बन्धमा सर्वप्रथम जिज्ञासा जगाउने प्रयास योगी नरहरिनाथद्वारा भयो । 'हाम्रो संस्कृति' देखि उठान गरेर 'इतिहासप्रकाश' का विभिन्न भाग हुँदै 'इतिहासप्रकाशमा सन्धिपत्रसङ्ग्रह' सम्मका सत्प्रयासमा कतिपय सङ्कलन छन्, जसको जानकारी पाउनसिवाय उद्धरण दिएर पार नलागिने कुरा स्वीकार गर्नुपर्छ । यद्यपि योगीका समग्र कृतिका अध्ययनको औचित्य

भने अपरिहार्य मान्नु समीचीन छ । यसलाई व्यक्तिगत प्रयास मानेर सामूहिक प्रयासतर्फ दृष्टिगत गर्दा डा. प्रयागराज शर्माको अध्ययन प्रशंसनीय र समयोचित मानिन्छ र यसका साथै विश्लेषणात्मक र तर्कपूर्ण पहिलो अध्ययन पनि,[२१] यद्यपि प्रथमपटक सहजतासाथ सम्पन्न गरिएको सामूहिक अध्ययन सिद्ध भएको छ ।

शर्माद्वारा भएको अध्ययनमा परिचय र उत्पत्तिस्थलका सम्बन्धमा चासो गरिएको 'ढँडार छुट्‌यो खप्तड फुट्‌यो' जस्ता राजनीतिक उखानहरूको उल्लेख भएको, दुग्धाहारी र मांसाहारी मस्टका बारेमा तर्क राखिएको, अनेक ऊहापोह र किम्वदन्ती सुन्नुपरेको, मस्टका अन्य कति नाम छन्, यिनको सङ्ख्या के-कति छ स्पष्ट नभएको, मस्टका उपासक प्रायः क्षत्री वर्ग मात्र रहेको जस्ता तर्कहरू अघि सारिएका छन् । वास्तवमा के हो त ? के क्षत्री वर्ग मात्र मस्टका उपासक रहेका हुन् त ? यस प्रश्नको सटीक उत्तरका लागि नै मस्ट परिवारमाथि विहङ्गम दृष्टि दिनुपर्ने भएको छ ।

अगाडि शर्माको अभिमत यसप्रकार छ – "मस्टमा मुख्य चार-पाँच नाम बहुपूजित र सिद्ध छन् । ती हुन् – बुडु, कवा, बाबिरो, थार्पा । यिनीहरूको मूल थान तत्तत् नाउँ भएका जुम्लाको सिँजा, पाँचसयदरा र गमदरामा पर्दछन् ।"[२२]

शर्माको तर्कपूर्ण अभिमतमा सन्देह नगरे पनि हुने हो, किनभने सात्विकी, राजसी र तामसी प्रकृतिको आराधना उपासना भेदले ४ x ३ = १२ मस्टको तात्पर्य स्पष्ट भएको छ । अन्यान्य प्रसङ्गबाट खुलस्त भइसकेको छ – बाबिरोमस्ट, आदिमस्ट, ढँडारेमस्ट र थार्पोमस्ट भनेका एक व्यक्ति अनेक नाम उक्तिअनुसार एउटै मस्टका अनेक नाम हुन्, जो श्रीपाली समुदायका अभीष्ट मानिएका छन् । त्यस्तै, बुडुमस्ट, लाँगडामस्ट, लाटोमस्ट, लोखाडीमस्ट र टेढीमस्ट पनि एक व्यक्ति अनेक नामका द्योतक हुन्, जो सिँजापति समुदायका अभीष्ट मानिएका छन् । त्यसरी नै खापडमस्ट, खापड-जगन्नाथमस्ट, कावामस्ट अर्थात् कावाशिला र कालोशिला, खप्परेमस्ट, दुधेमस्ट, महमण्डलीमस्ट खप्तडी समुदायका आराध्य इष्टदेवता हुन् । कालोमस्ट, स्यूनामस्ट, कैलोमस्ट, धौलपुरोमस्ट, दाह्रेमस्ट, ढाडेमस्ट, सुनामस्ट आदि पनि एक व्यक्ति अनेक नामका द्योतक पाइएका छन् । क्षेत्रपाल नामधारी खुलाल समुदायका आराध्य

देवता हुन् भन्ने प्रस्ट भएको छ र स्थानभेदले र उच्चारणभेदले गर्दा क्षेत्रपाल मस्टका दर्जनौं नाम अस्तित्वमा छन् ।[२३] सम्भवतः उपमस्टको उत्पत्तिगत आधार यस्तै स्थानीयता होला र भौगोलिक विकटता र आवागमनजन्य कठिनाइका कारण अनेक उपमस्टको अस्तित्व दृष्टिगोचर हुन आयो । सायद यसै कुराको महत्त्वबोध गर्दै देवकोटाले पनि यसरी उल्लेख गरेको हुनुपर्दछ ।

कतिपय दर्शनानुभूतिको सहायताले अध्ययन-अवलोकन गरिने आलोकमय विषयवस्तु परेकाले पनि धेरैजसो अध्येता आत्मकेन्द्रित बनेका हुन सक्छन् । त्यसमाथि दृष्टिकोण नै द्रष्टाको दूरवेक्षण मानिने हुनाले द्रष्टा मात्र सक्षम भएर पनि अपेक्षाकृत फल फलित हुँदैन । त्यसका लागि त दूरवेक्षण पनि सफा र निर्मल हुनुपर्छ ।

एकपटक एकजना समाजसेवी विद्वान्ले साथमा दुईजना जापानी छात्रा ल्याएर मसँग भने – “यहाँहरू कुनै एक जापानी विश्वविद्यालयबाट नेपालमा मस्टबारे अध्ययन गर्ने उद्देश्यले नेपाल आउनुभएको छ । अध्ययन-अवधि तीन महिना रहेछ ।”

मलाई ती सज्जनका कुरा सुनेर हाँसौं-हाँसौं लाग्यो । किनभने अझ पनि हामी विदेशीका सामु उभिएर ‘मेरो अनुहार कालो छ कि गोरो छ, भनिदेऊ त’ भन्न विवश छौं । ऐना हेर्न सिकेका छैनौं । यो खेदजनक कुरा होइन र ?

वस्तुतः विश्वका लागि नेपाल चिनाउने आधार सगरमाथा भएजस्तै खस मूलका नेपालीको परिचायक आधार मस्ट हो । यस तत्त्वलाई सबै नेपालीले अभिव्यक्ति दिँदा कि त कुलदेवता कि त देवाली भन्दछौं । त्यस अर्थमा मस्ट अथवा कुलदेवता भनेको जातीय आलोक हो । मौलिक वर्चस्व र अत्यन्त संवेदनशील धमनी पनि । आफ्नो वर्चस्वको अवलोकन विदेशी विधर्मीलाई लौ हेरिदेऊ भन्नु ‘ला स्याल, खुट्टा खा’ भन्नुजस्तै हो ।

नाम नदिएको कारणको मधुर सङ्केत अन्यान्य प्रसङ्ग र अनुवाकमा व्यक्त भइसकेको छ । दृष्टान्तका लागि एक व्यक्ति अनेक नाम स्मरणीय छ । एतावता स्थानभेद, उच्चारणभेद तथा उपासकका थरगोत्रका आधारमा वंशबृद्धिजस्तो दृष्टिगोचर भएकाले उल्लेख गरेर विषयवस्तुको कलेवर बढाइरहनु मनासिब नदेखिएको हो । यद्यपि यस अभावको परिपूर्ति

नेपाल सौरभी (प्रथम पराग तथा द्वितीय पराग) द्वारा थालनी गरिसकिएको छ।[२४]

यस शीर्षकमा नेपाली समाजको अध्ययन गर्दै निकै अगाडि बढाइएको छ। जस्तो – नेपाली समाज र संस्कृतिका आधारशिलालाई मैले दुई पाराबाट नियाल्ने गरेको छु, जो मेरो आफ्नो दृष्टिकोण हो। जस्तो :- (१) स्थानीय लोकास्था, (२) थरको संरचना।

स्थानीय लोकास्थामा मस्टको ज्यादै सशक्त भूमिका पाइएको छ। मस्टका साथसाथै प्रजातिक विकासको भूमिका पनि कम रोचक, कम सशक्त छैन। परन्तु त्यसलाई हेर्ने र मूल्याङ्कन गर्ने आधार वा दृष्टिकोणमा अतिवादितारहित सरल दृष्टिकोणको अपेक्षा गर्न सकिन्छ।[२५]

नेपालीका घरदैलामा गई सर्वप्रथम सात कुराको प्रामाणिक अध्ययन गर्नुपर्ने, जस्तो – (१) मूल प्रकृति, (२) पूर्व अवस्थल, (३) क्षेत्रीय स्वरूप, (४) मस्टको आधार, (५) थरको बनोट, (६) थरबनोटको पृष्ठभूमि, (७) वंशज वा अङ्गीकृत। यसमा नेपाली अनुकल्पनाका पूर्वाधारको प्रकरणमा समेत यथासम्भव विवेचना गर्ने।[२६]

"सामाजिक इतिहासका सङ्घटक तत्त्वमाथि विहङ्गावलोकन गर्दा सर्वश्रेष्ठ सङ्घटन मस्टका आधारमा भएको पाइयो।"[२७]

"वस्तुतः मस्ट सम्प्रदाय अनुयायी समाजमा एक मात्र लगभग तीसपुस्ते व्यष्टिपरक अध्ययनलाई समाजीकरण गर्नुपर्दा र मौलिकताका मध्यविन्दुका बीच सामाजिक सिद्धान्तको विवेचना गर्नुपर्दा स्वाभिमानी समाजशास्त्रीहरू यस प्राप्तिलाई नवचिन्तनका अर्थमा ग्रहण गर्न चाहलान्।"[२८]

मस्टदेवताको आवाहन-पूजन स्थानविशेषले भिन्न हुन सक्ने कुरा पहिले नै प्रसङ्गवश उल्लेख भएको छ। पुनरुक्तितर्फ नलागी सोझै भन्दा मस्ट र वायु अनि वायु र मस्ट भनेका एक-अर्काका पूरक हुन्। वस्तुतः मस्ट वा कुलायन पूजासम्बन्धी परिप्रसङ्ग चल्दा टङ्कनाथ नेपालको अभिमत पनि जान्नुपर्ने भएको छ। उनी लेख्छन् – "कुलायनस्थानको आँगन, चोक, चौको लिपपोत गरी, यज्ञमण्डप तयार पारी विधिपूर्वक अग्निस्थापना गरी यज्ञ गरिन्छ। स्थापित देवीदेवता (जो यसै सन्दर्भका प्रारम्भमा दिइएको पूजा प्रकोष्ठ छ, त्यसअनुसार) लाई आसन,

वस्त्रार्घ्यपात्र, पाद्यार्घ्यपात्र आदि षोडशकर्म उपचारद्वारा पूजा, आवाहन, हस्तार्घ्य, पादार्घ्य, हवन, स्तवन, आरती आदि गर्ने गरिन्छ ।"[२९]

मस्टका नाम, स्वभाव र आवाहन प्रभृतिमा भिन्नता मुखर भए तापनि सारांशमा पूजापद्धतिमा भिन्नता छैन । जुन पूजाप्रकोष्ठको उल्लेख गरिएको छ, यथार्थमा त्यो शास्त्रोक्त सर्वतोभद्रचक्रसित हुवहु मिल्दछ । पूर्वमा आसाम, मेघालयदेखि पश्चिममा स्पीति लदशैल (हिमाञ्चल प्रदेश) सम्मका हिमालयाश्रित बस्तीहरूमा धामी अथवा पुजाहारी र पुरोहितहरूले शिलामा, माटाका चौकामा, ताम्रपत्रमा, काठको पीरामा अथवा यज्ञमण्डपमा पीठाको रेखी हालेर पनि आधारपीठको परिकल्पना गर्ने गरेको दृष्टिगोचर भएको छ । साना-ठूला त्रिकोण, चतुष्कोण गरी २५६ कोठाको परिकल्पना गरी मूल कोठामा आफ्ना मस्टदेवताको नाम दिएको र अन्य कोठाहरूमा काँडाब्रह्म (ब्रह्माको प्रतीक तर कतै तिवारी वा तिवाडी, कतै श्मशानी, कतै सिद्ध) को र भवानी, माला वा रुमाला (दुर्गा वा नन्ना), बराह, नाग, गैंडु-गोसाइँ र झाँक्री वा वनस्खण्डीको परिकल्पना गरिएको लोकव्यवहार छर्लङ्ग देख्न पाइएकाले यस लोक परिकल्पनालाई अनादिकालदेखि नै मानव जीवनले लोकका त्राणदातामा शिवको प्रतीक मस्टपा, बाह्रमस्टका प्रतीक (मरुत र वीरभद्रादि एकादश रुद्र), द्रष्टारक्षक (महारुद्र-असुर), समैजी, भागेश्वर, डोटी-धरालको पूजापद्धति पनि यस्तै हो । अझ आद्याशक्तिकी प्रतीक नन्ना वा दुर्गाभवानी, वनदेवताका प्रतीक झाँक्री तथा गोष्ठदेवताका प्रतीक गैंडु-गोसाइँ अनि आधारशक्तिमा नाग (सीमे), भूमे वा भैरव र मानव संस्कृति सभ्यताका साक्षीभूत द्रष्टामा वराह समन्वित गराई लोकास्थाको परिकल्पना भएको रहेछ भन्ने निष्कर्षको नजिक पुगिएको छ । अरू कुरा अन्वेषणीय छन् ।[३०]

मस्ट एक सामाजिक अध्ययनको उपक्रम कतिपय कुरामा आश्चर्यमय हुन पुगेको स्मृति ताजा छ । उपर्युक्त भूखण्डमा विचरण गर्दा ब्रह्मा (काँडाब्रह्मको स्थान) को मन्दिर एक ठाउँ मनाली हिमाञ्चल प्रदेशमा मात्र देख्न पाइनु, मस्टामाडौं वा मस्टपीठ भएका स्थानका आसपास बौद्ध बिहार वा चैत्य पाइनु, अतीतका अश्विनसंस्कृति, कूर्मसंस्कृति, नागसंस्कृति, वराहसंस्कृतिका आलोकहरू मस्टनेतृत्वमा प्रतिभासित हुनु इत्यादि नवोन्मेषसूचक लाग्दछन् ।

लोकले अभिनयपूर्वक गाउँदै रहेका अवस्थामा सङ्कलन गरिएका मस्टका गाथा वा चैत भन्न मिल्ने लोकपद्यका कतिपय पुष्पिकामध्ये लोखाडीमस्टको चैत पहिले समाविष्ट छ । अब यस अनुच्छेदमा ढंडारेमस्टको धमारी समावेश गरिँदैछ । डा. राजाराम सुवेदीका मतमा यो गाथा प्राचीन कालको फाग हो ।[३१] हुन सक्छ प्रतिलिपीकरण र श्रुतिप्रस्तरणका कारणले शब्दहरूको अत्यधिक रूपान्तर र परिवर्तन भएको भए पुरानो भन्न नमिल्ने कुरा नआउला, नत्र गाथामा पुरातनताको अभाव देखिन्छ । मेरो मतमा यो फाग होइन, किनभने फाग भनेको घारमा मौरी गुनगुनाएझैँ घरमा बसेर नारीकण्ठमा मधुर स्वरले गाइने कम्पनसहितको रागलाई फाग भनिएको छ ।[३२] वस्तुतः फागसम्बन्धी यथार्थ जानकारीका लागि डोटेली लोकसाहित्यमाथि दृष्टि दिन सकिन्छ । फेरि बझाङमा फाग गाउने प्रचलन छैन, मधुरागलाई मागल भनिन्छ । यो गाथा मङ्गलसूचक माँगल हुँदा पनि होइन, प्रस्ट छ । पुरुष पात्रले पुरुष पात्रलाई सामाजिक दण्ड-संजायका लागि दिइने अमङ्गलसूचक चेतावनी हो । अरू कुरा गाथा नियाल्न सकिन्छ ।[३३]

भेरी लोकसाहित्यमा जितारी मल्ल, जालन्धरी मल्लका नाममा दुई गाथा प्रकाशित छन् ।[३४] खससम्राट जितारी मल्लका जीवनकालमा विरचित अनुमान गरिएका गाथामा ठाउँठाउँमा मस्टको उल्लेख पाइएको छ । पहिलो गाथाको एक उद्धरण 'आलम दिउँला, मागल दिउँला, तलीगोष्ठी मस्टौ, भलु बातु बोल ।'[३५] त्यसै गरी बाजुराका रजाली देउता (क्षेत्रपाल मस्ट), कुलदेवमाडौँका खापड-जगन्नाथमस्ट, लाँगडामस्ट र श्रीनन्दादेवी जालपादेवीका नामको आवृत्ति गाइएको छ । यो भयो पहिलो गाथाको प्रसङ्ग ।

त्यस्तै दोस्रो गाथाको थालनीमै दाहालदेवता (रुमालमस्ट), महाभूदेवता (भुँयारमस्ट) को नाम आएको छ । दुर्गा महाकाली, सात सय कर्णाली, सात बहिनी मालिका, ऋणमोक्षेश्वर (महादेव), रणचण्डेश्वरी माई, दानी गौँडाका सिद्ध चन्दननाथका साथ बाह्र भाइ मस्टदेवतासँग रक्षाको माग गरिएको छ ।[३६] एवम् क्रमले क्नकासुन्दरी, खापड-जगन्नाथ मस्टदेवता, जाँगडामस्ट, जालपामाईसहित बालेश्वर, गोपेश्वर, तारकेश्वर, आदेश्वर आदि मस्टपरिवारका प्रायः सदस्य को-को हुन्, तत्सम्बन्धी जानकारी रहनुपर्छ । नाम दोहोरिएर आएका कारणले पिपृच्छु विद्वान्-

विदुषी यस गाथाप्रति अनुरक्त बनेको अनुमान सहज हुन आउँछ । सम्भवतः यस तथ्यका आधारमा भविष्यमा अनुसन्धीत्सुहरू सामाजिक र सांस्कृतिक परिपृष्ठमा यदि विश्लेषणात्मक अध्ययनमा प्रवृत्त बने भने सफलताको नजिक पुग्लान् भन्न सहजै अपेक्षा गर्न मिल्दछ ।

३.० मस्ट भावनामा भुईंयार :

हिमालय पादप्रदेशको जनमानसमा मस्टप्रतिको आस्था र विश्वास मानवताको उद्बोधन कालदेखि नै अन्योन्याश्रित रहिआएकाले वर्तमान कालमा पनि मस्ट तत्त्व र सामाजिक तत्त्वका बीच नङमासुको सम्बन्ध छ भन्न सकिन्छ । राउटे लोकजीवनका मानवशास्त्रीय अध्ययनले पनि यही सत्यताप्रति परिलक्षित गरेको अनुभूति मिल्न आएको छ । परन्तु यहाँनेर एक मानसिक द्वन्द्व देखापरेको छ, जसलाई हामी द्वन्द्वात्मक भौतिकवादको परिप्रसङ्गमा सहजै अपनाउन सक्छौं ।

वस्तुतः एउटै मान्यताका दुई पाटा । जस्तो – मस्ट के हो ? वायु । वायु के हो ? मस्ट । मस्ट वा वायु को हो ? भुइँयार । भुइँयार भनेको के हो ? भयाउने अर्थात् एकलासमा तर्साउने । मस्टको एउटा पाटो लोकास्थाको प्रतीक लोकरक्षक मानिएको छ भने मस्टको दोस्रो पाटो भयाउने, तर्साउने अथवा लोकलाई भयभीत पार्ने । भुइँयार वा भँयारमा प्रस्तुत गरिएको यो द्वन्द्व पश्चिमी हिमालय प्रदेशमा झन् उग्र छ । मस्ट अथवा मद भएर बलि ग्रहण गर्ने लोकदेवता नै भँयार । ऊ रिसायो भने अदृश्य शक्तिका रूपमा विभिन्न वाहनमा सवार भएर आउँछ ।

प्राचीन कर्णाली प्रदेशको केन्द्रविन्दु मानिएको कर्णाली अञ्चलमा पनि यस्तै भावनात्मक द्वन्द्व रहेको सत्यताप्रति सङ्केत गर्दै अन्वेषक विहारीकृष्ण श्रेष्ठले आफ्नो पुस्तक 'कर्णाली लोकसंस्कृति, जनजीवन, खण्ड ३' को उद्धरण दिँदै देवकोटाले विशेष प्रकाश पारेका छन् । हिसाब गर्दै जाँदा आफ्ना-आफ्ना मन्तव्य-अभिमत धेरैले व्यक्त गरेका छन्, परन्तु कसको मूल्याङ्कन कसरी गर्ने हो ? कसका अभिमतहरू तथ्यमा आधारित छन् र कसका अभिमतहरू तथ्यसत्यसँग बाझिएका छन् अनि कसका अभिमतहरू स्वैरकल्पनाले ग्रस्त छन्, ती कुराहरू समयले यथावसर निरूपण गर्ने नै छ । त्यसनिम्ति तत्काल माथापच्ची गरिरहने आवश्यकता परेन ।

यद्यपि माथिका कुराहरू मानेर त्यसै छाडिदिने हो भने विद्वान्-विदुषीका बौद्धिक तथा प्राज्ञिक क्षमतले सरलता पाउन समय नहोला भन्ने सोचेर निजहरूको अभिव्यक्तिको जो उद्धरण गरिएको छ, तत्तत् पङ्क्तिहरूलाई पूर्ण रूपमा स्थान दिएको कुरा यहाँ निवेदन गर्नु अप्रासाङ्गिक नहोला ।

वास्तवमा मस्टको आजापूजामा एकरूपता पाइँदैन भन्नचाहिँ त्यति सुगम छैन, किनभने कोही थरमित्र, कोही गोत्रव्यापक तथा कतिपय सार्वजनिक तथा अन्यान्य गोत्रका सहयोगीसमेत लिएर बडो उल्लासमय वातावरण र खुला प्रवेशका रूपमा जनाउँछन्, तर आवश्यक परेका बेलामा आफ्ना कुलबाहिरका मस्टलाई पनि पूजा (सीकशिरतोष अर्थात् शिर उठाउनी – मानमनितो (?) चढाउन) पठाउँछन् ।[३७]

यस दिग्दर्शनपछि देवकोटाले सश्रम सङ्कलित कुन मस्टका कुन वाहन भन्ने आशयको एक विवरण दिएर प्रशंसनीय काम गरेका छन् । यस पुनीत कार्यले भावी अनुसन्धीत्सुका कार्यमा लालाटिक नहोस् सही, चञ्चुप्रवेश मात्र पनि टेवा पुऱ्याउन सक्छ । त्यो विवरण यसप्रकार छ -

सङ्ख्या मस्टको नाम	वाहन
(१) ढँडारमस्ट	धौल्याया, चापाचुल्ठी, जोडेसिल्लो, सीपाढुल्लो, नीलागिरे
(२) कावामस्ट	सिमैल्या, पर्भिगाडचा, पौचै, छडीघडी, फुटसिलो, कात्या
(३) बुडुमस्ट	फुटासिलो, कालाढुङ्गी, पौक्या, भान्च्या, लाप्के, छयढुस्क्या
(४) थार्पोमस्ट	लामकान्या, गुमद्या, साइँगोया, गुमुद्यो
(५) गुरेमस्ट	समैज्यू, भुँवार
(६) खापडमस्ट	भुसकुटन्या पँचालो
(७) बाबिरोमस्ट	धामागाडी, लाटी, गोठ्याल, धानचडी, हानिखोला
(८) सुनारगाउँमस्ट	(सुनामस्ट ?) धनीखोला, लाटी, धामगाडी
(९) ऊरपाडीमस्ट	भुँयार, डुँडचा भुँयार, लौडीसिम्या
(१०) लाँकुडोमस्ट	अभियारवादी

(११) बान्नीमस्ट रनकाना, जीवर्को ।
(१२) बाँसकोटेमस्ट थैली खोल्या, नीलदह ।[३८]

३.१ उपसंहार :

प्रस्तुत अध्ययनलाई सम्पूर्ण अध्ययन भन्न मिल्दैन, किनभने सम्पूर्ण अध्ययनका लागि विषयवस्तुको व्यापकता सुहाउँदो सिद्धान्त, व्यवहार र इतिहासको सन्तुलन मिल्नुपर्छ । ठीक छ, मस्टसिद्धान्त लोकपरम्परा र अविचलित लोकास्था हो भन्ने स्पष्टता यावत् विवेचित सामग्रीले लगभग खुलस्त गराए र अझ खुलस्त हुनुपर्ने बुँदागत स्पस्टताको अपेक्षा सन्दर्भ टिप्पणीसँग गर्न सकिन्छ । यस कारणले मस्ट सैद्धान्तिक तवरमा लोकजीवनको स्पन्दन हो भन्ने कुरामा सायदै दुई मत होला ।

मस्टको उत्पत्ति सिद्धान्तमा पनि त्यति चर्को वादविवाद आउनुपर्ने कारण देखापर्दैन । मस्टतत्त्व लोकायत होइन, किन्तु कतिपय समुदायको दैनन्दिन व्यवहार हो, लौकिक न्याय र लोकविश्वासको सजीव दृष्टान्त हो । वर्ष दिनभर जनुसुकै तिथिमासमा मस्टदेवताको आराधना-उपासना भइरहेकै पाउन सकिन्छ । मस्टको नाम भिन्न होला, मस्ट उपासकहरू भिन्न प्रकृतिका होलान्, कुलपूजा (देवाली) का लागि निर्धारित तिथिमिति बेग्लाबेग्लै होलान्, देवाली गर्ने प्रवृत्ति आ-आफ्नै होलान्, उँधोली-उँभौली मनाउने प्रकार एक-आपसमा नमिल्ला, त्यति मात्र भिन्न हो, नत्र व्यवहारगत नववर्षारम्भदेखि वर्षको अन्तसम्म कुलदेवता मस्टको आराधना कुनै न कुनै ठाउँमा भइरहने हुनाले यस तत्त्वलाई लोकायत, किंवदन्ती वा सुषुप्त प्रकरण होइन, बरू लोकलाई गतिशील तुल्याइराख्ने लोकसम्मतिमा भिजेको जीवन्त व्यवहार हो ।

यससम्बन्धी प्रश्न नउठाए हुन्छ, सन्देहका लागि अवसरको रहर त्यागिदिए यो ठीक होला, तर यसको इतिहास खोइ ? सबभन्दा जटिल प्रश्न हो । यसमाथि मौलिकता र अस्मिताका पक्षधरले संवेदनशील बन्नुपर्ने देखिन्छ ।

वास्तवमा मस्टसम्बन्धी इतिहास लेखिएको छैन । व्यक्तिविशेषले आफूलाई मन परेका कुरा लेख्तैमा इतिहास निर्माण भएको ठहरिँदैन । यस्ता प्रयासका परिणामहरू केवल ऐतिहासिक सामग्रीमा पर्न सक्छन् । यस्ता सामग्रीहरू र अन्यान्य सूच्य सामग्रीका आधारमा संस्थागत

क्रियाकलाप (गोष्ठी-सेमिनार, सार्वजनिक छलफल), अन्तरक्रिया र मस्टमाडौं, मस्टपीठ आदिको सविस्तार अध्ययन, अन्वेषण गरिनुपर्छ ।

मेरा विचारमा मस्टसम्बन्धी सम्पूर्ण अध्ययनका लागि निम्नतम ५ स्रोतहरू सुस्पष्ट खुल्नु आवश्यक छ – (१) मस्ट उत्पत्तिको कालावधि, (२) बाबिरोमस्ट र बुडुमस्टसम्बन्धी वैज्ञानिक अनुशीलन, (३) रुद्रगणसम्बन्धी पौराणिक परिशीलन, (४) मानसप्रदेश तथा सपादलक्ष र मध्यकालीन कर्णाली प्रदेशमा मस्टतत्त्वको प्रवेश र लोकप्रियताका मानवीय आधारहरू, (५) मस्टसम्प्रदायको अन्यान्य मत-सम्प्रदायसँग सामाजिक सम्बन्ध ।

व्यक्तिगत प्रयासको गतिविधि अवलोकन गर्दा सन्तोषदायक देखिएको छ । अस्मिता अवलोकनको भावभूमिमा लोकास्थाको परिदर्शन स्वयम् साधक-उपासकमध्येबाट हुनु शोभनीय र हितकर मानिन्छ । प्राप्त जानकारीअनुसार निम्नलिखित व्यक्तित्वहरूले मस्टका सम्बन्धमा आ-आफ्ना योगदान दिएका छन् – सर्वश्री योगी नरहरिनाथ, मानवशास्त्री डोरबहादुर विष्ट, प्रा. बालकृष्ण पोखरेल, डा. प्रयागराज शर्मा, सत्यमोहन जोशी, प्रदीप रिमाल, विहारीकृष्ण श्रेष्ठ, टङ्कनाथ नेपाल शास्त्री, पूर्णप्रकाश नेपाल 'यात्री', मस्टका आधारमा काव्यलेखक जब्बरे धामी, देवकान्त पन्त, मोहनप्रसाद खनाल, देवीचन्द्र श्रेष्ठ, कुलचन्द्र कोइराला, रत्नाकर देवकोटा, डा. राजाराम सुवेदी, डा. सूर्यमणि अधिकारी आदि ।

यिनमा कसको योगदान कति भनेर आनुपातिक लेखाजोखा भविष्यले गर्नेछ । त्यसउसले असन्तुष्टि व्यक्त गर्नुपर्ने कारण देखिँदैन । यद्यपि निष्कर्षमा यति भन्नु अन्यथा नहोला – नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान संस्कृति तथा सामाजिक शास्त्र विभागद्वारा सुर्खेत वीरेन्द्रनगरमा सम्पन्न गरेजस्तै, सुर्खेतका स्थानीय सङ्घ-संस्थाद्वारा हार्दिकतापूर्वक सहयोग पुऱ्याएजस्तै सामूहिक प्रयत्नमा पाँच विकास क्षेत्रमा यथासम्भव प्रभावकारी सङ्गोष्ठीहरू सम्पन्न गर्न सकेमा दोस्रो बलियो आधार तयार हुन सक्नेछ ।

यसका साथै भारतीय लेखकहरू महापण्डित राहुल साङ्कृत्यायन, यमुनादत्त वैष्णव 'अशोक' शेखरसिंह गौतम, हरिराम जसटा, अमृतलाल नागर, डा. कृष्णदेव उपाध्याय, बद्रीनारायण, अर्जुन काश्यप आदिको

पुनीत सहयोगमा मस्टको इतिहास लेखनकार्य सार्थक हुने अपेक्षा रहन्छ। यसका अतिरिक्त राजतरङ्गिणी, गोरखवाणी, कुमाऊँ का इतिहास आदिको अध्ययन-अवलोकन पनि कम लाभदायक ठान्न नमिल्ला।

३.२ सन्दर्भसूत्र :

१. सम्पादक प्रा. बालकृष्ण पोखरेल र अरू, नेपाली बृहत् शब्दकोश, प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं, नेपाल, संस्करण २०४०, पुनर्मुद्रण २०५२।

२. रत्नाकर देवकोटा, कुलदेवताका नाममा पुजिने मस्ट र यसका विविध पक्ष शीर्षकको कार्यपत्र, आयोजक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान संस्कृति तथा सामाजिक शास्त्र विभाग र सुर्खेतका स्थानीय सङ्घसंस्था समूह, पश्चिम नेपालको पुरातात्त्विक इतिहास-संस्कृति विषयक दुईदिने विचारगोष्ठी, वीरेन्द्रनगर, सुर्खेत, नेपाल (२०५५ फाल्गुण)।

३. सम्पादक : वामन शिवराम आप्टे, संस्कृत हिन्दी कोश, प्रकाशक : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा. लि., दिल्ली, द्वितीय संस्करण सन् १९६९, पुनर्मुद्रण सन् १९९३।

४. लेखक : प्रा. बालकृष्ण पोखरेल, खस जातिको इतिहास, प्रकाशक : उदात्त अनुसन्धान अड्डा, विराटनगर, प्रथम संस्करण, २०५५।

५. लेखक : पूर्णप्रकाश नेपाल 'यात्री', सिँजाको ऐतिहासिक रूपरेखा, प्रकाशक : प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर, नेपाल, संस्करण २०४२।

६. ऐ. ऐ. (अप्रकाशित पाण्डुलिपि) कर्णाली प्रदेशको मध्यकालीन इतिहास, यात्री, २०४० को परियोजनामा दाखिला प्रतिवेदन। नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

७. सम्पादक : महानन्द सापकोटा, नेपाली शब्द परिचय, २०३४ – २०३७।

८. प्रज्ञा, अङ्क ५६, २०४२, ने. रा. प्र. प्र., कमलादी।

९. डा. राजाराम सुवेदी, कर्णाली प्रदेशको मध्यकालीन इतिहास, प्रकाशक : साझा प्रकाशन, ललितपुर नेपाल, संस्करण २०५४।

---

१०. पूर्णप्रकाश नेपाल 'यात्री', नेपालको सामाजिक तथा सांस्कृतिक इतिहास (मुद्रणाधीन, २०५६) ।
११. सम्पादक : पवन चामलिङ 'किरण', लेखक पूर्णप्रकाश नेपाल यात्री निर्माण (मासिक) संस्कृति विशेषाङ्क, गुम्बा घुर्पिसे, नामची, दक्षिण सिक्किम, सन् १९९९, वर्ष १९ अङ्क ३४ ।
१२. पूर्णप्रकाश नेपाल 'यात्री', भेरी लोकसाहित्य, प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौँ, नेपाल, संस्करण २०४१ ।
१३. ऐ. ऐ., सेती अञ्चल दिग्दर्शन, प्रकाशक : हिमाली सौगात प्रकाशन, विराटनगर, नेपाल, संस्करण २०३५ ।
१४. ऐ. ऐ., बदलिँदो घामछाया, प्रकाशक : हिमाली सौगात प्रकाशन, विराटनगर, नेपाल, २०३७ ।
१५. ऐ. ऐ., सेतीको नालीबेली, ऐ. ऐ. २०३४ ।
१६. सम्पादक : भीमप्रसाद श्रेष्ठ र देवीचन्द्र श्रेष्ठ, कर्णाली प्रदेश एक बिटो अध्ययन, प्रकाशक : सामाजिक अध्ययन समुदाय, जुम्ला, कर्णाली अञ्चल, २०२८ ।
१७. पूर्णप्रकाश नेपाल, नेपाल सौरभी (प्रथम पराग), प्रकाशक : नेपाली वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०५२ ।
१८. ऐ. ऐ.,. (द्वितीय पराग), ऐ. २०५६ ।
१९. लेखक : कुलचन्द्र कोइराला, नेपाली खसबाहुनका कुलदेवता मस्टो, प्रकाशक : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, बानेश्वर, काठमाडौँ, नेपाल, २०५४ ।
२०. पूर्णप्रकाश नेपाल 'यात्री', कौशिकादि सन्तति, प्रकाशक : नेपाल वंशज परिषद्, वंशावली प्रकाशिनी समिति, बत्तीसपुतली, काठमाडौँ, नेपाल, संस्करण २०४५ ।
२१. ऐ., सेतीका तारा, प्रकाशक : हिमाली सौगात प्रकाशन, विराटनगर, नेपाल, २०३४ ।
२२. ऐ., राउटे लोकजीवन, प्रकाशक : रत्नपुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, नेपाल, द्वितीय संस्करण, २०५३ ।
२३. सम्पादक : योगी नरहरिनाथ, इतिहासप्रकाशमा सन्धिपत्रसङ्ग्रह, प्रकाशक : वृहत् आध्यात्मिक परिषद्, गोरक्षपीठ, मृगस्थली, काठमाडौँ, २०२५ ।

२४. प्रदीप रिमाल, कर्णाली लोकसंस्कृति, खण्ड ५, ने. रा. प्र. प्र., २०२८ ।
२५. सम्पादक : जनकलाल शर्मा, प्राचीन नेपाल, अङ्क २०, पुरातत्त्व विभाग २०३१ – २०३४ ।

३.३ सहायक सान्दर्भिक सामग्री :

स्थलगत अध्ययनमा अध्ययन गरिएका एक सयजति कुलायनथान, देवालीथान, वायुथान, कुलदेवमाडौँ, मस्टमाडौँ, जाँगडा, भुँयारका चौका, मनाल, समैजी, बालेश्वर, शिचलिङ मदाना, मदपीय र डोटी घटाल आदि ।

स्कन्दपुराण, श्रीमद्भागवत महापुराण, मार्कण्डेयपुराण, शिवमहापुराण, वायवीयसंहिता, कुमाऊँ, लोकसाहित्य की भूमिका, आदिभारत, साहित्य और संस्कृति, हिमाञ्चल की लोकसंस्कृति, पश्चिमी हिमालय की लोककलाएँ, पश्चिम हिमालय क्षेत्र के अतीत की झाँकी, लोकसंस्कृति में राष्ट्रवाद, मानव जीवन, उत्तरखण्ड और नेपाल, कुमाऊँ का इतिहास (कस्साइट जांति के परिप्रेक्ष्य में), राजतरङ्गिणी, गोरख्याणी, गुजरात की लोकसंस्कृति की झलक, गढवाली लोकसाहित्य, तथा डोटेली लोकसाहित्य, जाँगडामस्टदेव र जालपादेवीको इतिहास, सुर्मादेवीको इतिहास र खेचराद्रि माहात्म्यम् (पं. उमाकान्त भट्ट, नौमती) ।

३.४ सन्दर्भ टिप्पणी :

१. मष्टको परिभाषा :

नेपाली बृहत् शब्दकोश पृष्ठ १०५७ - मस्टा । मस्टो (ना.) सुदूरपश्चिमाञ्चल (भेरी, सेती, कर्णाली, महाकाली आदि) भेगका खसबाहुनले मान्ने परम्परागत कुलदेवता, कुलायन आदि यस्ता बाह्रभाइ मस्टा छन् । तल उल्लिखित विवरणको मूर्त रूप एक नितान्त नवीनतम ऐतिहासिक घटना हो । भन्न मन लाग्छ – इतिहासकालमा मस्टलाई मुख्य विषय बनाएर गोष्ठीको आयोजना गरी कार्यपत्र प्रस्तुत गरिएको पाइएको छैन ।

२. मष्टा, मष्ट कि मस्ट :

कुलदेवताका रूपमा पुजिने मष्टा र यसको विविध पक्ष नामक कार्यपत्र (आयोजक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, मिति २०५५ फाल्गुण

१८ गते अपराह्न १:३० बजे, सभापति प्रा. जगमान गुरुङ, मुकाम वीरेन्द्रनगर नगरपालिका भवन, सुर्खेत) कार्यपत्र प्रस्तोता रत्नाकर देवकोटाका अनुसार मष्टो शब्द संस्कृत, फारसी, उर्दू, बङ्गाली वा प्राकृत कुन भाषाको तत्सम वा तद्भव शब्द हो, त्यस कुराको निक्यौंल विद्वान्हरूबाट भइसकेको छैन, तापनि यसको उच्चारण र शब्दबनोटको आधारमा भन्ने हो भने संस्कृत भाषाबाट अपभ्रंश हुँदै नेपाली भाषामा आइपुगेको आभास पाइन्छ। मष् र टो यी दुई अक्षर मिलेर मष्टो शब्दको निर्माण भएको हुनुपर्दछ। मष् शब्ददेखि संस्कृतको क्त प्रत्यय भएर 'क' को लोप भई मष् + त शब्द भएर ती दुईवटा ष् महाप्राण र अल्पप्राणका बीचमा सन्धि भई मष्ट हुँदै नेपाली भाषाको मूल थलो जुम्लामा आइपुग्दासम्म ओकारान्त मष्टो भएको हुनुपर्दछ। मष्टो एकवचन हो भने बहुवचन मष्टा हो। मष्टाका बारेमा लेख्ने लेखकहरूले मष्टालाई अधिक मात्रामा उच्चारण गर्ने सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका जनताको जनजिब्रालाई ख्यालै नगरी मष्ट शब्दको प्रयोग गरेको पाइन्छ। यस मष्टाको शाब्दिक अर्थ यथार्थ रूपमा जान्नलाई पाणिनीय व्याकरण पल्टाएर हेर्दा त्यसमा मष् शब्दको अर्थ के छ, त्यसैको निर्वचन भई मष्टो शब्दको निर्माण भएको हो भन्न सक्नेछौं। (पत्र नं. ३)

३. संस्कृत हिन्दी कोश :

मष (भ्वादि-परस्मैपदी-मव्यति) चोट पहुँचाना (प्रहार गर्नु), क्षति पहुचाना (खति पुऱ्याउनु), मार डालना (हत्या गर्नु, मार्नु), नष्ट करना (मास्नु, विनाश गर्नु)। पृष्ठसङ्ख्या ७८१। मस्तम् (मष् + क्त) शिर, माथा। सम, दारु (नपुंसक) देवदारु का पेड (देवदार वृक्ष)। मस्तमूलकम् – गर्दन। मस्तकः मस्तकम् (मस्मति परिमात्यनेन मस करणेत् स्वार्थे क (तारानाथ वाचस्पत्यम्) १. शिर, माथा खोपडी, किसी भी चीज की चोटी या शिर यथा पर्वतमस्तके। पृष्ठसङ्ख्या ७८२।

४. खश जातिको इतिहास :

बाबिरो मस्टका बारेमा प्रा. बालकृष्ण पोखरेलको अभिमत – "मध्यपूर्व तथा पश्चिमी एसियामा बाबको अर्थ कतै ईश्वर, कतै मालिक, कतै पिता र कतै मातासमेत लाग्दछ। नेपाली बाबिरोलाई संस्कृत, पारसिक, असुर, बेबिलोन र ग्रीसमा क्रमश बाबेरु, बाबैरुस, बाबिलु,

बाबिली र बाबुलोन भनिन्छ । बाबा (ईश्वर) को (इलोन) ढोका भएको हुँदा बाबिरोलाई बाबिलोन भनिएको हो भन्ने गलत धारणा धेरैको हुन सक्छ । परन्तु प्राचीन बाबिली सुमेरको छायानुवाद प्रतीत हुन्छ । सुमेर एक देश, एक देव र एक जाति भएझैं बाबिली पनि भएको हुनुपर्दछ । प्राचीन सुमेर (देव) पछि बाब-एल (परमेश्वर एल) हुँदाको परिणाम हो यो । बाब-एल (बेल अर्थात् बाल) सुमेर संस्कृतिउपर सामेली संस्कृतिको विजयको एक उदाहरण हो । (सुमेरका आत अर्थात् आतु आकाशदेव थिए । तिनकी पत्नी आन्तुम पृथ्वीदेवी थिइन् । सम्भवतः यी ग्रीसका औरानस र गेयासित तुलनीय छन् । परन्तु सामेली हस्तक्षेपले आल र तत्पुत्र एन्लिल (अनिल अथवा वायुदेव) को भूमिका मार्दुकले खोस्यो, जो बाब (बेल) कै एक अंश थियो । बाबिरोमा बेल (बाल) उपासनाको ठूलो महत्त्व थियो भन्ने कुरो त्यहाँका इतिहासकार बेरोससले पनि प्रमाणित गर्छन् । कारण उनी बेबिलोनको बेल (बाल) मन्दिरका पुजारी थिए । यो बेलआन अथवा एन्लिलका ठाउँमा हाक्काहाक्की आफ्ना इष्टदेवतालाई प्रतिष्ठित गरेको उदाहरण हो ।" (पृष्ठ १९०)

"वरुण र बाबिरोको आधार एकै हो भन्ने कुरो यहाँ उल्लेखनीय छ । अगर्दलाई अगस्तिको मूल स्रोत मान्ने हो भने अगस्तिपिता वरुण बाबिरोभन्दा टाढा नहुनुपर्ने सम्भावना जागेर उठ्छ । वरुण ध्वनि बाबिलोक - वायुलोक - बाबुलोनको अन्त्यको बुलोतमा सुरक्षित छ । अतः बाब, वरुण र बाबिरो एकै ठहरिन आउँछन् । अझै फार्सेली खाडीको एक देश बहराइनले प्राचीन वरुणको सम्झना दिँदैछ । ज्ञातव्य के छ भने वरुण पनि सुमेर (जलदेव) नै हुन् । वरुण र अरुण दुई भिन्न मूलका देवता हुन्, तापनि मितन्नी (मित्रावरुण) कालमा वरुणलाई अरुणका केही आश्विन बेहोरा प्रदान गरिएझैं छ । यो कुरो गाधि र भार्गव ऋषि ऋचीकको उपाख्यानबाट थाहा पाइन्छ ।

ऋचीक ब्राह्मण भएर पनि राजा गाधिकी पुत्री सत्यवती (कौशिकी) सँग बिहे गर्न चाहन्थे । यसका निम्ति राजाले एक कठोर सर्त राखे – ऋचीकले सारा शरीर चन्द्रमाझैं सेतो तर एउटा कान मात्र कालो भएको श्यामकर्ण घोडा थान १००० दिएमा मात्रै छोरी तिनलाई दिनेछन् । ऋचीकले वरुणको सहायताले गाधिको यो माग पूरा गरे र सत्यवतीसित बिहे गरी जमदग्नि (परशुरामका बाबु) जन्माए । अग्निपुराणमा

गन्धर्वहरूलाई वरुणका प्रजा भनिएको छ । त्यहाँका घोडाहरू अर्को जन्ममा गन्धर्व भएको पनि बताइएको छ । जेन्दावेस्तामा गन्धर्वलाई गन्दरेक्स भनिएको छ । वरुणलोक (बाबिरो) का केही लक्षण गधा र केही लक्षण घोडासित मिल्ने प्रजाति नै वरुणका श्यामकर्ण घोडाको आधार भएबारे यहाँ पत्यार गर्नु उचित हो ।

अर्को शब्दमा भन्ने हो भने गर्द (भ) प्रजातिको घोडा नै गन्धर्व उपासनाका साथै गान्धार जातिका मान्छेलाई समेत नाम दिने तथाकथित गधा (गर्दभ) ठहरिन्छ । यो आश्विन समाज (वेद र आवेस्ता) को अर्थात् संस्कृत र फार्सेलीको 'खर' भन्दा भिन्न प्रकारको गधा हो । यस वरुण मूलको गर्द (भ) लाई 'गधा' भनेर घृणा गर्नु र अङ्ग्रेजी भाषामा घोडासँग मिल्ने शब्द (ASS) मा गर्दभत्व पाउनु एकै प्रकारका घटना हुन् ।" (पूर्ववत्, पृष्ठ १९०-९१)

"एन्लिल सुमेर मूलका वायुदेव (अनिल) हुन्, जो आकाशदेव आनका पुत्र मानिन्छन् । पछि अक्कदकासामा मार्दुक नै बाबिरोका वायुदेव (मरुत) हुन पगे र तिनले पिता आन तथा पुत्र एन्लिललाई स्थानान्तरित गरे । परन्तु वायु (बा-यु) को कथा अलिक भिन्न छ । माथि भनिएझैँ मध्यपूर्वमा बाबा, बाब आदि शब्द ईश्वर अथवा पिता (माता) को अर्थमा व्यवहृत हुन्थे । यसै सिलसिलामा इजिप्टका वा (आत्माकी देवी, प्राणदेवी) को पनि चर्चा भइसकेको कुरो यहाँ दोहऱ्याउनुनपर्ला । पश्चिम एसिया पनि बा (वायुदेव मार्दुक) को नाम (बाब अथवा बेल) को सङ्क्षिप्त पर्याय हुन पुगेझैँ छ । 'बा' बाट वायु त्यसरी नै प्राप्त गर्न सकिन्छ, जसरी जटबाट जटायु, हला (पृथ्वी) बाट हलायु । यहाँ घृताची अप्सराका पुत्रहरू (ऋतेयु, कुक्षेयु, स्थण्डिलेयु, कृतेयु, नलेयु, सन्तेयु, धर्मेयु, सत्येयु, बुतेयु र वनेयु) का नामका अन्तिम यु तुलनीय छन् । त्यस्तै उर्वशीपुत्र आयु, श्रुतायु, सत्यायु आदिका नाम पनि तुलनीय छन् । अतः एन्लिल अथवा मार्दुक (मरुत) को पर्याय 'वायु' उर्वशीको 'उर्' वंशसित सम्बन्धित हुन सक्छ ।" (पूर्ववत्, पृष्ठ १९१)

"मस्टको मूल हो संस्कृत मस्त (शिर) । यो फार्सेलीमा मज्द (तुलनीय अहुरमज्द अथवा होरमज्द) भयो । नेपाली मस्ट उपासनामा अहुर (असुर मस्ट) मस्ट बान्नीमस्ट कहलायो भन्ने मेरो विचार छ, कारण असुर नरेशमध्ये केहीको नाम बानीपाल छ । बाबिरोमस्टचाहिँ पक्कै

बेबिलोनको राष्ट्रिय देवता मार्दुक हो । कारण संस्कृतमा बेबिलोनका निम्ति प्रयोग हुने बाबेरुसँग यो धेरै मिल्दछ ।" (पूर्ववत् पृष्ठ २४१)

५. सिँजाको ऐतिहासिक रूपरेखा :

"भारद्वाज गोत्र, लाटेमस्ट र बाबिरोमस्ट मान्ने सिँजापतिहरूको सिँजापतित्व अरू थरसित आत्मसात् बनेर सम्बोधित भएको छ ।" (पृष्ठ ५९)

"सिँजामा प्रचलित कुलदेवता 'मस्ट' को आजापूजा तथा क्षेत्रपालको वर्चस्व एवम् लोकास्थाका विषयमा समीक्षा गर्दा यो वंश अरू-अरू वंशभन्दा निकै अगाडिको हो भन्ने प्रतीत मिल्दछ ।" (पृष्ठ ६०)

"नेपालीत्वका पञ्चमुहानी एवम् नेपालीकरणका सांस्कृतिक पूर्वाधारमध्ये प्रखर तथा सशक्त खप्तडी समुदाय मस्टमा खापडमस्ट, मण्डलीमस्ट, खापड-जगन्नाथमस्ट, रूपामस्ट, ढाडेमस्ट आदि एक व्यक्ति अनेक नाम छन् । उत्खननयोग्य स्थलहरू खप्तड तथा देउलीकोट प्रक्षेत्र ।" (पृष्ठ ५)

"सम्प्रदायवाद तथा मिश्र संस्कृतिका द्योतक मस्टका सम्बन्धमा यस्तो प्रबल धारणा पाइन्छ । नेपालीका थरको आविर्भाव स्थलबाट भएको, नयाँ थरले प्राप्त गरेको भूस्वामित्वका संरक्षक क्षेत्रपाल, ग्रामपाल, मस्ट, बराह, नाग, झाँक्री, सिद्ध वा भैरव र गैंडु-गोसाइँजस्ता लोकसम्प्रदायका निधि कुलदेवताहरू नेपाली जातिका आस्थाका प्रतीकहरू केन्द्रविन्दु भएका कारणबाट यायावर समूह र भूमिपुत्र समूहका बीच नयाँ विचार र व्यवहार बढ्न गएका कारणले मिश्र संस्कृति अस्तित्वमा आयो र नयाँ समाजले त्यसलाई अपनाई आफ्नो धारक सिद्धान्त स्वीकार गऱ्यो । कालान्तरमा त्यही मिश्र संस्कृति नेपाली संस्कृति कहलायो ।" (पृष्ठ ७८-७९)

द्रष्टव्य : लोकसम्प्रदायवादका सम्बन्धमा सन्दर्भस्रोत २ मा न्यूनाधिक प्रकाश पारिएको छ ।

६. कर्णाली प्रदेशको मध्यकालीन इतिहास :

"केदार खशमण्डलमा प्रवेश गरेपछि 'कुलान्त' कहलाएको खश जातिले मस्टलाई कुलदेवता मान्न थाले । त्यही मान्यता परम्परामा

--------------- ---------------

समन्वित रहन जाँदा पूर्वी सपादलक्षअन्तर्गतका श्रीपाल, खप्तड, खुलाली, कालिकोट, सिँजाजस्ता कुलराज्यहरूबाट मस्टदेवताले राजकीय संरक्षण पाएको अनुभव गरिन्छ ।" (पृष्ठ २१२)

"श्रीपाललगायतका कुलराज्यहरूले लौकिक परम्परामा पुजिने देवताको सङ्गठनलाई 'कुलायन' सङ्ज्ञा दिए । अन्ततोगत्वा विक्रम सम्वत् ३७० को लगभग मस्टलाई मस्ट सम्प्रदायका प्रमुख कुलराज्यका संरक्षक प्रमुख कुलायनका गतिदाता मान्दा इष्टदेवी, सिद्ध भैरव, महारुद्र, झाँक्री, सिकारी, गैँडु र गोसाइँ सङ्ज्ञा दिई अङ्गको पारिवारिक कल्पना गरेका हुन् । त्यस क्रममा श्रीपालका आदिमस्ट (बाबिरोमस्ट) लाई सेती नदीको बायाँ पाखामाथि 'ढँडार' भन्ने सुरक्षित स्थानमा राखी आराधना गर्ने स्थिति बसालेकाले यसको दोस्रो नाम 'ढँडारेमस्ट' बोलिन्छ । यसकै अरू नाम बान्नीमस्ट, लाँगडामस्ट, महामस्ट, बराहमस्ट थार्पुमस्टसमेत बोलिन्छ र यसलाई मस्टकुलमध्येको ज्येष्ठ श्रेष्ठ मानिन्छ ।" (पृष्ठ २१२)

(प्रस्तुत विवरण विगत २०३९ सालमा रेडियो नेपालको 'हाम्रो संस्कृति' कार्यक्रमअन्तर्गत प्रसारित र 'झङ्कार मासिक' मा प्रकाशित छ ।)

"मस्टका प्रमुख पाँच भेद – खप्तडीका कुलायन खापडमस्टको स्थापना खप्तड पर्वतको पूर्वोत्तर कोण खापड तालको पूर्वी छेउमा गरिएको छ र दोस्रो स्थान खप्तड पर्वतको उत्तर पाटो तल फेदीस्थित धौलीगाडमाथि छान्नादरा पुजाहारी गाउँमा भएको छ । यहाँबाट खापडमस्टका अगाडि जगन्नाथसमेत जोडेर सम्बोधन गर्न थालियो । खापडेमस्ट, खप्परेमस्ट, खप्तड-जगन्नाथमस्ट आदि यस मस्टका विविध नाम पाइएका छन्, जसलाई स्थानीयताको कारण मान्न मिल्दछ ।" (पूर्ववत्)

"सिँजापतिका कुलायन लाटेमस्टको स्थान सिँजादराअन्तर्गत नराकोटमा छ । यस मस्टलाई पनि नडेमस्ट, गुरेमस्ट, टेढीमस्ट, तलीगोठीमस्ट आदि सङ्ज्ञा दिँदै आएका छन् ।" (पूर्ववत् पृष्ठ २१२)

"कालिकोटेका कुलायन कालामस्टको स्थान कालिकोट जिल्लामा छ । यसलाई कोवामस्ट, कावाशिला, स्यूनामस्ट, बुढामस्ट, लोखाडीमस्ट, बुढामस्ट, भँयारमस्ट आदि अनेक नाम दिइएको पाइन्छ ।" (पूर्ववत्, पृष्ठ २१२)

-------------- --------------

"खुलालहरूका क्षेत्रपालमस्टको स्थान अछाम जिल्लाअन्तर्गत मस्टामाडौँमा छ । यस मस्टका अरू नाम रुमालमस्ट, बछलामस्ट, कैलोमस्ट, धौलोमस्ट, जनालीमस्ट, बन्डालीमस्ट, लुमसरामस्ट, वनलेकीमस्ट, धौलापुरीमस्ट इत्यादि पाइएका छन् ।" (पूर्ववत्, पृष्ठ २१२)

"मस्ट सम्प्रदाय वा परम्परा – भूराजनीतिक दृष्टिले 'मस्ट' को प्रादुर्भाव कर्णाली प्रदेशमा नभई अन्यत्र नै कहीँ कतै भएको भए पनि मानसरोवरका आसपास विशेष गरी मध्यकालीन कर्णाली प्रदेशमा अत्यधिक लोकप्रिय रहेको हो भन्ने बहुधा जनमानसमा परेको बुझिन्छ । यसरी एक विराट परिवेशलाई आफूमा समेटेर आस्था र विश्वासको प्रवाह जगाएर लोकभावनामा जीवन्त रही अगाध श्रद्धा उत्पन्न गराएकाले मस्ट सम्प्रदाय उत्पन्न भएको प्रतीत मिल्दछ । अतएव मस्टको ऐतिहासिक परम्परा के हो, त्यो जान्ने जिज्ञासा हुनासाथ प्रश्न मुखर हुन्छ – यथार्थमा मस्ट के हो ? मस्टको उत्पत्तिस्थल कहाँ हो ? र यो साकार उपासनाको प्रतीत हो अथवा निराकार उपासनाको प्रतीत हो ?" (पूर्ववत्, पृष्ठ २०९)

"मस्टको उत्पत्तिस्थल कर्णाली प्रदेश होइन । विक्रमको पाँच हजार वर्षपूर्व मेरु पर्वतदेखि कोसौँ टाढा कुशद्वीपको पश्चिमोतर खण्डबाट फाटेका मानव जातिको एक परिवार मित्र, मितन्नी वा मित्ती जातिले प्रकृति उपासनाका क्रममा वायुदेवता अथवा मरुतदेवता अर्थात् मरुतेश्वरलाई चराचर जगत्का सर्वेश्वर ठान्यो । त्यसपछि शताब्दीयौँसम्म मित्ती जातिले मरुतको अनुयायी बनेर अरू जातिका माझमा आफ्नो उच्च प्रतिष्ठा कायम राख्यो ।" (पृष्ठ २१०)

७. स्वाभिमत तथा स्थलगत अध्ययन :

(स्वाभिमत तथा स्थलगत अध्ययनका विषयमा यस लेखका ठाउँ-ठाउँमा उल्लेख गरिएको छ – सं.)

८ क. लौकिक न्यायमा मस्टको भूमिका :

क्षेत्रपाल मस्टको भव्य भाण्डागार प्युठान जिल्लाको लूम औखरपाटा गाउँमा छ । यस मस्टलाई निजका उपासकका अतिरिक्त स्थानीय बासिन्दाहरूसमेत लौकिक न्यायदाताका रूपमा श्रद्धा गर्दछन् । यससम्बन्धी अन्वेषणीय प्रयास प्रकाशोन्मुख नियात्रात्मक कृति 'राप्तीको

चौतारी' मा भएको छ । भविष्यमा सम्बन्धित गवेषक विद्वान्सहित विपठिषु पाठकजगत्मा द्विविधा पर्न नआओस् भन्ने ठानेर यो जानकारी गराइएको हो ।

यस्तै भव्य एवम् अपार भाण्डागार अर्थात् ऐतिहासिक समृद्धिले परिपूर्ण आदिमस्टको पारावार भाण्डागार बझाङ जिल्लाको बान्ची चौड-पाटागाउँ र ढँडारमा अनि मुगु जिल्लाको थार्पुसहित जुम्ला बाबिरामा बाबिरोमस्टका सम्बन्धमा यथासम्भव अध्ययन गरिएका छन् । ती ठाउँहरूमा पनि मस्टलाई लौकिक न्यायदाताका रूपमा लिइएको पाइन्छ ।

वस्तुतः घान्ना पुजारीगाउँस्थित खापड-जगन्नाथमस्टको भव्य भाण्डागार भएजस्तै बाजुरा जिल्ला कुलदेवमाडौँका गुरेमस्ट, तलीगोठीका लाटोमस्टलगायतका बहुचर्चित मस्टदेवताहरू लौकिक न्यायदाता मानिएका छन् । त्यसमा कतिपय ऐतिहासिक घटनामाथि प्रकाश पार्दै मदन पुरस्कार गुठीको मुखपत्र 'नेपाली' (२०३७ को कुनै अङ्क) मा यस अन्वेषकको विस्तृत लेख प्रकाशित छ । परन्तु त्यो अङ्क भनेका बेला नपाइएकाले भविष्यका लागि जानकारी रहोस् भन्न चाहन्छु ।

८ ख. हाम्रा देउता बाजे :

श्री ५ को सरकार शिक्षा मन्त्रालय पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल' (२०३७ देखि २०४१ बीचको कुनै अङ्क) मा यस शीर्षकमा मस्टसम्बन्धी विस्तृत विवरणसहित प्रकाशित छ । यस अध्ययनका सिलसिलामा त्यो पत्रिका उपलब्ध हुन सकेन र सान्दर्भिक जानकारी गराउनुपर्ने कर्तव्य ठानेको छु । त्यस सन्दर्भमा कालिकोट जिल्लामा पूजित कावाशिलामस्ट र मध्य-एसियास्थित मक्का-मदिनामा पूजित सङ्गे असबदकावाका बीचमा पाइने तात्त्विक समानता, पूर्वेसिया-हिमालय पादप्रदेशका आराध्यदेव असुरमस्ट (लोकव्यवहारमा असुर उपसर्ग छुट्न गएको, बद्रीनारायण, शेखरसिंह गौतम तथा यमुनादत्त वैष्णव अशोक र डा. आर. आर. रिज्लेसहितको अभिमत) तथा मध्य-एसिया सुलेमान, हिन्दूकुश र माउन्ट मेन्डल प्रदेशका आराध्यदेव अहुरमज्दका बीचको तात्त्विक समानताको अनुशीलन-परिशीलन गर्दै कालिकोट जिल्लाअन्तर्गत पाखाचौकी गाउँको फेदी तिलाकर्णाली नदीको दायाँ पाटामा पुरातन कालदेखि पूजित कालामस्टको रोमाञ्चकारी चमत्कारका बारेमा

चञ्चुप्रयास गरिएको मधुर स्मृति ताजा छ । समयाभावका कारणले प्रस्तुत अध्ययनको प्रसङ्गमा लाभान्वित हुन सकिएन, तापनि अन्वेषकको भौतिक अस्तित्वको प्रमाण बन्न जाओस् भन्ने अभीष्ट हो ।

श्रीमद्भागवत महापुराणमा दुई प्रसङ्ग वडा रोचक छन् । लोकास्था र लोकविश्वासका लागि तिनका पहिलो प्रसङ्ग आएको छ वैन्योपाख्यानमा र दोस्रो प्रसङ्ग छ प्रभासको सोमेश्वर तीर्थका सम्बन्धमा । राजा वेनका दुश्चरित्रका कारणले आन्दोलित समाजले राजा वेनलाई गद्दीच्युत गरी मृत्युदण्ड दियो । त्यस घटनाको परिणाम अराजकता बढ्यो र सृष्टि व्यवस्थामाथि प्रहार हुने खण्ड पऱ्यो । भगवन् कश्यपको मार्गदर्शन र त्रिविक्रमको नेतृत्वमा जनमतद्वारा राष्ट्रप्रमुखको चयन गर्ने क्रममा अर्धजङ्गली अवस्थाको विचित्र मनुष्य देखापऱ्यो, जो निषादगणको नेता थियो । उसका पैताला पछिल्तिर फर्केका थिए र ज्यादै कालो, पुड्को शरीरको, कपिलकेशी वर्गको थियो । ताम्रकेशी र धूम्राक्ष वर्गका समाजले त्यस व्यक्तिलाई मन पराएनन् र दक्षिणको उष्ण प्रदेश दूरवर्ती मरुस्थलतिरको प्रतिनिधित्व गर्न खटाइयो । त्यो प्रदेश वर्तमान साइप्रसको दक्षिणी क्षेत्रसँग मेल खान्छ ।

दोस्रो घटना हो राजा सोमलाई क्षयरोग लाग्दा वैद्यहरूले प्रभास तीर्थमा नित्य स्नान गरेर केही दूरमा गई सोमेश्वर असुर मरुतेश्वरको दर्शन गरेमा क्षयरोग निवारण हुने सल्लाह दिए । त्यसो गर्दा राजा सोमको क्षयरोग निवारण भएको थियो भनेर भगवान् कृष्णचन्द्रले यादवगणको सभामा सम्भाषण गरेको प्रसङ्ग छ ।

प्रभास र सोमेश्वर-मरुतेश्वरको स्थिति आम कहाँ पर्छ, त्यस सम्बन्धमा बेलाबखतमा विद्वान्-विदुषीजनबाट यथासम्भव खोजिनिती गरिएका छन् । परिणामतः वर्तमान मक्कामदिनास्थित सङ्गे असबदका नै असुर सोमेश्वर मरुतेश्वर हुन् भन्ने निष्कर्ष दिएका छन् कतिपय विद्वान्ले । विश्वसंस्कृति परिदर्शनका ती तथ्यहरूमाथि विहङ्गावलोकन गरेपछि मैले आफूलाई यस निष्कर्षमा पुऱ्याएको थिएँ – कर्णाली प्रदेश मस्टको उत्पत्तिस्थल होइन । मानवशास्त्र, समाजशास्त्र, भाषा, संस्कृति, पुरातत्त्व र इतिहासको समन्वयात्मक अध्ययन-अन्वेषण गर्दा पत्ता लाग्छ मस्टको उत्पत्तिस्थल मानसरोवरको स्थितिभन्दा पूर्व भएको होइन ।

धामीवादका प्रखर अनुयायी एवम् स्वस्फूर्त प्रकम्पनका साक्षात्कारदाताहरूको करुण क्रन्दन, जसलाई वर्तमान जनमानसले कायाकैरन, पतुराई, पडेली, धामी बकेको भन्न जानेको छ, त्यसमा खग्गु धामीहरू आफ्नो आविर्भाव ठूला समुद्रका तटवर्ती इलाकामा भएको, अरूका फन्दामा पर्नुपरेको, दुस्मनसँग लड्नुपरेको, सिन्धकुश, गन्धमादन, सुमेरु पर्वत र मानसरोवरका गुफा-कन्दरामा बास बस्नुपरेको बयान गर्दछन् । कम्पन बन्द भएपछि भने केही जान्दैनन् ।

९. प्रज्ञा (अङ्क ५६, २०४२) :

"एउटै थरमाभ्फ अनेक गोत्रात्मक भेद हुनु र प्रत्येक गोत्रका अभिमत हेरी कुलदेवता, इष्टदेवता, मस्ट, भ्फाँक्री तथा सिद्ध सिकारी जस्ता तन्त्रयुगीन देवीदेवताहरू भिन्नभिन्नै हुनु अति नौलो कुरो हो ।" (पृष्ठ ४०)

"वस्तुतः मरुतेश्वर देवता अर्थात् मस्टका उपासक मित्रका कुलका आराध्य देवता कश जातिले अपनाउनु र बाह्र सूर्यमा एक भनेर मित्र नामकरण गर्नु अनि खश जातिका पूर्वाराध्य सविता देवता (सूर्य उपासना पद्धति) मित्र जातिका आराध्यदेव बनिनु अनि ऐल वामनहरूबाट चोरी गरेर लगेका अग्निदेवतालाई आफ्ना आस्थाको प्रतीकमा दुवै जातिले साक्षी राखिनु जस्ता घटनाहरू बढी रोचक छन् ।" (पृष्ठ ४४)

यस विभाजनका कारणमा यिनै घटनाहरू उल्लेखनीय छन् । यथार्थमा त्यस कालमा विभाजित कश तथा शकहरू कदापि जोडिन सकेनन् । यद्यपि पूर्वोक्त अवधिबीच कुन शताब्दीमा यस्तो अपूरणीय विभाजन भयो त भन्ने प्रश्नको समाधानार्थ दीर्घकालीन अध्ययन-अन्वेषण भने गर्नैपर्छ, तथापि कश जातिको हित्ती जाति (हिट्टाइट्स) सँग पहिलोपटक अति भीषण सङ्घर्ष तरिम उपत्यकामा विक्रमपूर्व तीन हजार वर्षतिर भएको हुनुपर्छ । तबसम्म कश जातिले मित्र जातिसँग सम्भ्फौता गर्नैपर्ने आवश्यकता ठानेको थिएन । जब हित्ती जातिसँग पनि लड्नुपऱ्यो, तब मात्र पुरानो शत्रुता त्यागी मित्रता कायम गर्न राजी भएका थिए ।

यस अध्ययनको निजात्मक पद्धति आंशिक रूपमा भिन्न हुनाले आदिस्रोतको चापिसली शाखा तथा कश जाति र मित्र जातिका बीच सङ्घर्ष हुँदा हृषीक जातिको मध्यस्थतामा सम्भ्फौता भई कश जातिले

आफूलाई मस्टको अनुयायी उपासक र दृष्ट साक्षीमा अग्नि राख्ने चलन चलाएको कुरामा प्राध्यापक बालकृष्ण पोखरेल शङ्का गर्नुहुन्छ । परन्तु प्रस्तुत सन्दर्भको सत्यतामाथि शङ्का गर्नुपर्ने उचित कारण छैन । वस्तुतः अध्येताको अध्ययन, अनुभव तथा पूर्वानुमानमा घटना सत्य हो र हृषीक जातिको वर्तमान उत्तराधिकार सोभियत सङ्घ (अब सोभियत सङ्घ नरहेको वर्तमान परिप्रेक्ष्यमा रुसी महासङ्घ) भित्र खोजी गरेमा कतै पाइने सम्भावना रहेकाले शङ्का समाधान हुने छनक छ ।" (पृष्ठ ४४)

१०. टिप्पणीबारे प्रतिटिप्पणी :

प्राध्यापक पोखरेलसँग २०४२ साल वैशाखमा अन्वेषक यात्री, नरेन्द्र चापागाईं र कृष्णराज कोइरालासमेत भई एक अन्तर्वार्ता लिइएको थियो । त्यो अन्तर्वार्ताको कियत् अंश 'हिमाली सौगात' (द्वयमासिक) २०४२-४३ मा प्रकाशित भइसकेको छ । त्यसमा १० वटा प्रश्न सोधिएका थिए, जसमध्ये एक प्रश्न थियो मध्य-एसिया भएर बग्ने आम दरिया र तरिम दरियाका बीचमा अवस्थित तरिम उपत्यकामा खश जाति र मित्र जाति, खश, मित्र र हित्ती जातिका बीच युद्ध भई जातीय संहार हुन लाग्दा पश्चिमोत्तर खण्डबाट हृषीक अथवा हृषीकेश जाति आई तीन जातिका बीचमा सांस्कृतिक सम्झौता गराई खश जाति (कुशली शाखा मात्र) लाई हित्ती जातिको साधनासर्वस्व मरुतेश्वर मस्ट, खश जातिलाई खश जातिको साधनासर्वस्व अग्निदेवता, हित्ती जातिलाई मित्र जातिको साधनासर्वस्व सूर्य आदानप्रदान खश जातिलाई गरी धार्मिक, सांस्कृतिक सख्य भावको घटनालाई कुन रूपमा लिनुहुन्छ भन्ने प्रश्न गर्दा उक्त हृषीक जातिको जातीय अस्तित्वमाथि शङ्का गर्नुभएको थियो । उहाँको शङ्कागराइप्रति प्रश्नकर्ताहरूले प्रतिशङ्का गरेका थिए, जो उचित थियो । वास्तवमा उहाँको कृति 'खस जातिको इतिहास' प्रकाशमा आएपछि पूर्वोक्त शङ्काको औचित्य समाप्त भयो भन्ने सान्दर्भिक आशय हो ।

(द्रष्टव्य - सन्दर्भ टिप्पणी ५)

११. कर्णाली प्रदेशको मध्यकालीन इतिहास :

ढँडारेमस्ट – "कर्णाली प्रदेशमा मस्टको प्रभाव वि. सं. १४५० वरपर भएको मानिन्छ । त्यताका सबैजसो बासिन्दाले मस्टाको पूजा भागको भाकल गर्दछन् । विशाल खश-मल्ल राज्यमा सनातन धर्मको

दुर्लभतापछि शिक्षादीक्षाको अभाव भएकाले सो क्षेत्रका बासिन्दाले काल्पनिक र अभय गर्ने देवताको पूजा गर्न थाले । त्यस्तो देवताका रूपमा उनीहरूले ढँडारमस्टो भेट्टाए । ढँडारमस्टोको उत्पत्ति बझाङमा भयो । मस्टोको बाबु स्वर्गका राजा इन्द्र थिए भनिन्छ । अर्को भनाइ भगवान् शङ्करको वीर्यपात भई दुई अप्सराहरूले त्यहाँबाट दन्केको आगो ताप्दा गर्भ रही एउटीले मस्टो तथा अर्की अप्सराले नवदुर्गाको जन्म दिएको भन्ने थाहा हुन्छ ।

मस्टोको आकृति, स्वरूप र मूर्ति नभई लिङ्ग र ध्वजाको पूजा गरिन्छ । मस्टो रक्षक तल्लो जातिका पालक मान्ने हुँदा अछुतहरू खुब मान्दछन् । उनीहरूले घरमाडौं र वनमाडौंमा मस्टोको पूजा गर्दछन् । काठका मूर्ति, ध्वजा, टाँगा, बाला, लटा, पूजासामग्री, घोडो, मेडो अर्पण गर्दछन् । मस्टोको धामीको बोली पतुरेको नै मस्टो बोलेको मान्दछन् । मस्टोको मूल ढँडारमस्ट हुन् र पछि बाह्रभाइ मस्ट र नौ दुर्गा भवानी भए । जस्तै – ढँडार, कवा, कालोसिल्टो, धवलपुरी, दुधेसिल्टो, ढाँडे, लरिचाल, थार्प, बुडु, कैलाश, लाँखुरी, सुकिलोहंस आदि । भवानीमा कनकासुन्दरी, त्रिपुरासुन्दरी, जालपा, कालिका, खेसमालिनी, ठिँगाल्नी, दुलेल्नी, विन्दवासिनी आदि ।

कान्यकुब्जबाट पन्जाब हुँदै जालन्धर पुगेका कुशा भट्टले शङ्खद्वारमा पुगेपछि एउटा शिला भेटेर त्यही शिलाले पहाड पस्ने अर्ति दिँदा बझाङ पुगेको कुराको फाग प्राप्त भएको छ । त्यो फागमा ढँडारमा मस्टोले अवतार लिई जसराज धामीलाई आफ्नो वक्ता गरिदिएको कुरा छ । उनै ढँडारमस्टले सुवाकोटी राजा बोहराले अन्याय गरेका थाहा पाई शक्तिसिंहलाई सहयोग गरी बझाङ राज्यको स्थापना गरेको कुरा प्रकाशित भएको छ । कल्याल राजा श्रुति शाहीको शाके १५४० को ताम्रपत्रमा मस्टो देवतालाई साक्षी राखी विर्ता दिएका छन् । राजा गगनिराज र कर्णपालले पनि मस्टोको उल्लेख गरेका छन् ।

हालसम्म जुम्लाका कल्याल, बझाङ, बाजुरा, थलाराका सिंह राजा अछाम, डोटीका राजा, दुल्लु, दैलेखका राजा र सम्पूर्ण रैतीले मस्टोलाई मान्दछन् । ढँडारमस्टको घोडा बिक्री गरिन्थ्यो । त्यहाँको धामीकहाँ हतकडी, कोर्रा र तुरही थिए र अझै सुरक्षित छन् । मस्टाका माडौंहरू सिँजा, गम, विनायक, उत्तडी, दह, पैक, डोङ्ग्री, मानागाउँ, अछाम,

बर्दादेवी, सिलगढी, डडेलधुरा, दार्चुला आदि ठाउँमा मस्टलाई मानेर निर्माण (?) गरी पूजा नियमित गरेका छन्, जो प्राचीन माडौंहरू हुन् ।

बाह्रभाइ मस्टोका मूल ढँडारमस्ट नै हुन् । ढँडारमस्टको फाग र अर्थ पनि प्रकाशमा आइसकेको छ, जहाँ उनलाई इन्द्रका पुत्र मन्डाल्लीका पति मर्त्यलोकमा आएर ढँडारमा अवतार लिए भनिएको छ । त्यही बेला सुवाकोटी राजाले छुरी बोराको बनेल चोर्दा मस्टोले पोल खोले । त्यही रिसले परशु (बन्चरो) ले मस्टाको धामीलाई हान्दा सुवाकोटी राजाको घर-दरबार सबै भत्क्यो, मस्टाको हानि भएन । मस्टाले कुशा भट्ट र उनका सन्तानलाई दाजु भन्छन् । ती कुशा भट्ट बझाङको सुवेडामा बस्थे । मस्टोका साथै कुशा भट्टका सन्तान फैलँदै बसाइँ सर्दै गए । अति त्रासपूर्ण कुरा हुँदा सुदूरपश्चिमाञ्चलमा हाल पनि मस्टोको पूजा गर्ने चलन छ । मस्टोको माडौंमा कार्यरत व्यक्तिहरूमा –

१. डाङ्ग्री – मन्दिर सफा गरी देवता नुहाउने,
२. पुजाहारी – पुजाहारीका सन्तान वा कुशा भट्टका सन्तति,
३. धामी – जसको आङमा मस्ट चढी कम्पन हुन्छ, उही धामी हुन्छ ।

मस्टमाडौंका वरिपरि अग्ला लिङ्गा र ती लिङ्गाका टुप्पामा झुप्प परेका, त्यसदेखि मुनि विभिन्न रङ्ग र आकृतिका पताकाहरू हावाले फहराएको टाढैबाट देखिन्छ । पुत्रप्राप्ति भएमा, नयाँ घर बनाई घरपैँचो गरी घरमा बसेका, विवाह गरेमा, राज्यारोहण, मानवृद्धि आदि भएमा मस्टोको अतिरिक्त पूजा-प्रसाद लिनुपर्छ । मस्टोको रीत नपुऱ्याई पूजा गर्दा अनिष्ट हुन्छ भनिन्छ । मस्टो सम्प्रदाय मूर्तिपूजक नभई प्रतीकात्मक पूजा हो । धामीका माध्यमबाट मस्टो बोल्ने हुँदा धामीलाई जटा, बाला, कपडा दिने चलन छ । मस्टोलाई राजसी गुण भएको देवताका रूपमा पूजा गरिन्छ । तर बलि नलिने मस्टलाई सात्विक भनी पूजा गरिन्छ । मस्टका अनुयायीहरू सपनाबाट मस्टको चेष्टा गर्दछन् । त्यसरी हेर्दा सुदूरपश्चिम र समस्त कर्णाली प्रदेशमा विकास भएका बाइसी राज्यमा मस्टलाई शक्ति, समृद्धि, शान्तिसुरक्षा, पोषण, निरोग, न्याय एवम् ग्रामदेवता र कुलदेवताका रूपमा पूजा गरेको कुरा थाहा पाइन्छ । त्यसकारण मस्टसम्प्रदायको आरम्भ बझाङ, मस्टको पहिलो माडौं बझाङ,

बाह्मस्टमा जेठो मस्टो ढँडारेमस्टो भएको कुरा विभिन्न स्रोतहरूबाट पुष्टि हुन्छ ।" (पृष्ठ ५००-५०१)

१२. मस्ट एक अध्ययन :

मस्ट अलौकिक वर्चस्व :

कताकता यस्तो अनुभव हुन्छ – नेपालीले मस्टको अस्तित्व भुलेका दिन आफ्नो जातित्वसमेत भुल्नेछ, किनभने नेपाली जाति र मस्ट एक-अर्काका पूरक सिद्ध भइसकेका छन् । निदानमा मस्ट एक धार्मिक तथा सांस्कृतिक उर्जस्विताको प्रतीक हो । यसको इतिहास अनन्त छ । अर्थात् मानव इतिहासको परपृष्ठ जति सुसङ्गठित र अनादि अनुभव गरिन्छ, मस्टको इतिहास पनि त्यस्तै अविच्छिन्न र अनादि रहेको छ । त्यसै आधारबाट भन्ने साहस आएको हो – नेपाली जनजीवन र मस्टमा अभिन्न सम्बन्ध छ ।

वस्तुतः यसो भनेर पाठकलाई अलमल्याउने चेष्टा गरेको कदाचित् होइन । नेपाली एक राष्ट्रिय वर्चस्वको अभिभूत साधक भएकाले त्यस बृहत् समष्टिभित्र मस्ट नमान्ने नेपाली पनि होलान् । त्यसो भएमा कुनै आश्चर्य हुने छैन । स्पष्टतः नेपाल राष्ट्र एक विशाल सागरका रूपमा भएकाले यक्षका समयमा अनेक रत्न आयात गरिए होलान्, तिनलाई समयानुकूल राष्ट्रिय वर्चस्व मिल्यो होला, आज पनि मिलिरहेकै छ । ती पनि नेपाली हुन्, कुनै विवाद गरिरहनु आवश्यक छैन । अपितु यसो भनेर राष्ट्रिय चिन्तनधारा नै स्थगित राख्नेतर्फ मत व्यक्त गर्नु पनि छैन । स्वभावतः प्रायशः राष्ट्रका नागरिकहरू दुई प्रकृतिबाट परिचित हुन्छन् । तीमध्ये मूल प्रकृति राष्ट्रको मौलिक वर्चस्व हो । त्यसैले राष्ट्रिय मौलिकताको आलोकका रूपमा उसले केही देय बहन गरेको हुन्छ, जुन देय राष्ट्रिय वन्दना र उपासनाको सर्वस्वका रूपमा स्वीकार गरिएको हुन्छ ।

नेपाली समाजको आदिम अवस्थादेखिकै साधना पद्धतिमा दृष्टिगोचर गर्दा उसको समग्र रूप मस्टमा निर्लिप्त रहेको अनुभव गरिन्छ । त्यसको आधारबाट हामी नेपाली समाजलाई धर्मानुप्राणित समाज भन्दछौं । अज्ञानवश कतिपय विवेकले मस्ट अज्ञानताको द्योतक हो र धर्मान्धताको जड हो भनेका छन् । हाम्रो अनुभवमा मस्टप्रति त्यति तुच्छ र हीन भावना राख्नुपर्ने कुनै कारण छैन । बरू यसलाई जातीय

-------------- --------------

कट्टरताका रूपमा स्वीकार गर्नु सर्वथा उचित हुन्छ । किनभने नेपाली जाति संसारका अरू जातिजस्तै आफू भएर आफ्नो स्वत्वमा बाँच्ने जिजीविषा राख्तछ । त्यसो हुँदा उसलाई कट्टरताको आवश्यकता छ, जसले आफ्नो पन भुल्न लाग्दा खबरदारी गरोस् ।

कट्टरता र धर्मान्धताको परिभाषा कदापि एकै हुँदैन । कट्टरताले संसारका कतिपय बिलाउन लागेका जाति-प्रजातिकै पुनरुत्थान गराएको छ भने धर्मान्धताले जातीय प्रतिष्ठाको अधोपतन गराएको छ । संसारबाट दृष्टि फिराएर आफैँभित्र हेर्दा पनि प्रशस्त उदाहरण पाउन सकिएला जस्तो लाग्दछ । सजिलोका लागि राउटे प्रजाति र ब्राह्मणको उल्लेख गर्न सकिन्छ । राउटे प्रजातिमा कट्टरता नरहेको भए आजसम्म उसको अस्तित्व रहन सम्भव थिएन र उसको भविष्य कट्टरतामै जीवित रहन सक्ने प्रत्याभूति मिलिसकेको छ । वस्तुतः जातीय वर्चस्वका दृष्टिले अस्मिताको संरक्षणका दृष्टिले कट्टरता गुमाउनु कदापि कल्याणकारी हुँदैन । यो दृष्टान्त निघण्टुका रूपमा लिनु आवश्यक छ । नेपालको व्यापक क्षेत्र ओगटेको ब्राह्मण समाजमा विद्यमान धर्मान्धता र अनेकौँ कुरीतिले गर्दा दिन-परदिन पतनोन्मुखी भइरहेको छ । युगौँको लगानीबाट निर्मित धर्मान्धता र कुरीतिको महल अब कुनै दिन ढलेर चकनाचुर हुने ताकमा छ ।

यी दुई उदाहरण हाम्रा निम्ति मार्गदर्शन बनिन सक्छन् । अतएव बाँच्नका लागि कट्टरता आवश्यक छ भने बाँच्नकै लागि धर्मान्धता र कुरीतिको त्याग त्यत्तिकै आवश्यक छ । त्यसो भए मस्टको अवलम्बन कुन अर्थमा ग्रहणीय छ, त्यसमा पनि विचार गर्नु आवश्यक छ ।

१३. विकासका लागि कट्टरता बाधक :

एक पक्षले विकासका लागि कट्टरता बाधक मानेका छन् । हुन सक्छ उनीहरूले यथास्थितिलाई नै कट्टरता ठाने होलान् । साथै गूढार्थ त्यसो पनि हुन सक्छ – कसैलाई उसको स्थितिबाट चिप्ल्याएर विमुख नतुल्याएसम्म परिवर्तनका पूर्वाधारहरू स्थापित हुन सक्तैनन्, जसद्वारा परम्परा र संस्कृतिमा परिवर्तन ल्याई मानवताका गम्भीर परिणामहरू पैदा गर्न सकियोस् । कदाचित् यस्तो धारणा सामान्यतया भौतिक विकासको मागरिखा तयार गर्न सरल मानिए तापनि यसको परिणाम

भयावह हुँदैन भन्नै सकिँदैन । तसर्थ विकासका लागि कट्टरता बाधक हो भन्ने मान्यता केवल मिथ्या कल्पना हो, विश्वसनीय होइन ।

अज्ञानवश मानव मस्तिष्क कट्टरतादेखि दिक्क अनुभव गर्दछ र परित्याग गर्न उद्यत हुन्छ । साथै आफ्नो त्यस प्रवृत्तिलाई उदारताको सङ्ज्ञा दिएर अरूलाई प्रभावित पार्न चाहन्छ । वस्तुतः कट्टरता र उदारता सहभागी तत्त्व होइनन् । यिनको गन्तव्य अलग-अलग छ । दृष्टान्तका लागि चारित्रिक उदारता र जातीय कट्टरताका प्रयोगहरू स्मरणीय हुन आउँछन् । विषयान्तर हुन गएमा, जातीय कट्टरता व्यक्तिवादी हुन गएमा, धार्मिक अन्धविश्वासतिर मुछिन गएमा अनि निहित स्वार्थका लागि प्रयोग भएमा घातक सिद्ध हुन्छ । त्यस्तै उदारता पनि अनावश्यक खुकुलो भएमा, स्वार्थसिद्धिसँग मुछिन गएमा अनि कपट र कल्मषले रङ्गिन गएमा घातक सिद्ध हुन्छ ।

अन्ततोगत्वा चतुःश्रेय साधनमा कट्टरता बाधक होइन, बरू सहायक हुन आउँछ । जातीय कट्टरता नभएको राष्ट्रियता खोक्रो मुलाजस्तै हो । गुदीबेगरको खोक्रा मुलाको स्वाद हराएजस्तै राष्ट्रियताबेगरको उद्‌बोधन राष्ट्रिय हितमा हुँदैन । त्यसकारण जसले आफ्नो जातीय स्वत्वको संरक्षण गर्न सहायता गर्दछ, सांस्कृतिक अस्मिता जोगाउन सहायता गर्दछ र राष्ट्रिय अभीप्साको परिपूर्तिमा अग्रसर गराउँछ, त्यस खालको कट्टरता स्वच्छ मस्तिष्कका लागि नभई नहुने तत्त्व हो । त्यही तत्त्वका रूपमा मस्ट एक ऐतिहासिक सम्प्रदाय भएका कारणले खश जातिसँग परापूर्वदेखि अन्तरङ्ग सम्बन्धमा थियो । त्यसैले खश जातिका चार प्रारम्भिक प्रकीर्णहरू जसरी फैलिए, त्यसरी तिनका आस्था र विश्वासहरू पनि अन्तरङ्ग बनिरहे । मस्टको मूर्ति हुँदैन । यो निराकार उपासनाको प्रतीक हो । यो सर्वव्यापक भएकैले मानवका बहुधा समाजमा आस्था र विश्वासको शिरोमणि बनिरहेको छ । यिनै कारणहरूले मस्टको व्युत्पत्ति खोज्न मरुतेश्वर वायुदेवताको लोकतिर चहार्नु लाभदायक हुनेछ ।

मस्टको नेतृत्व बहन गर्ने मूल नायकलाई मस्टपा भनिन्थ्यो । यसको भावार्थ हो मस्टगणका पिता अर्थात् मस्टगणका स्रष्टा । चौरासी सिद्धको प्रतिपादन गर्नेले मस्टपाको उल्लेख गरेका छन् वा छैनन्, त्यो एक अनुसन्धेय विषय हो । यद्यपि खश जातिको उत्पत्तिसँगै अभिन्न सम्बन्ध रहेको मस्ट जातीय एकताको कारण हो भन्नुमा कुनै आश्चर्य छैन ।

त्यसो भन्दैमा मस्ट भेदरहित सम्प्रदाय हो भन्न पनि मिल्दैन । त्यसउसले मस्टलाई शक्तिविन्दुमा मात्र सीमित नराखेर निराकार उपासनाका अनेक प्रकीर्णहरूको पुष्कल स्वर र साध्यसहितको सिद्धगण हो भनी ठान्नु समीचीन छ ।

नेपाली ममतावश मस्टलाई अनेक नामले सम्बोधन गरिआएको छ, जस्तो कतै समैजी, कर्त ईश्यामी, कतै कुलायन, कतै कुलदेवता, कतै कुलदेव वा कुलदेउ, कतै मसानी, कतै बेताल र कतै ब्रह्मा । प्रतीकार्थका यतिका नाम रहनुका कुनै ऐतिहासिक कारण होलान् । कदाचित् त्यस्ता कारणहरूको खोजिनिती भई प्रकाशमा आउन सके तत्सम्बन्धी थप सामग्री तयार हुने कुरामा सन्देह रहँदैन ।

मस्टको उपासना विधिमा पनि विविधता मुखर भएको छ, जसमा कुनै-कुनै मस्टहरू पायसबलि ग्रहण गर्ने र कुनै-कुनै मस्टहरू वेदमन्त्रद्वारा अभिषेक दिएमा सन्तोष मान्ने पनि देखिएका छन् । अपितु बहुधा मस्टहरू छागथलि ग्रहण गर्दछन् र कतै-कतै शूकरबलि दिएको समेत पाइएको छ ।

मस्ट पनि मनुष्यजस्तै गोत्रमा प्रतिबद्ध रहेको बुझिएको छ । त्यसउसले त मस्ट आफ्नो गोत्रका कुलीन कुमारका आङमा उत्रिन्छ र आफ्नो बयान दिन्छ । अक्सर दाजुबहिनी, मामाभानिज, सिद्धसिकारी, झाँक्री, महारुद्र, गैडु-गोसाइँ र भूमे नामधारी (कतै-कतै भूमेको सट्टामा नागको पूजा गर्ने गरेको पाइएको छ) नौजनाको सङ्ख्यामा विचरण गरेका र वाताहारी प्रकृतिका भएको बुझिएको छ । समाजभेदअनुसार कतै-कतै यिनै मस्टगणलाई वायुदेवता भनेको, आङमा वायु उत्रिन्छ भनेको, वायुको स्थान वायुपूजाकोठा, वायुको भाग, वायु लाग्नु आदि जनभावना, लोकभावना प्रतिबिम्बित रहेको पाइएको छ । मस्ट अथवा कुलायनको पूजा गरिने अन्तागार पनि अक्सर घरको खोपा, ठूलो रूखको फेद, ओढार अथवा गुफा र विनामूर्ति र छत (तलो) छानो नभएको माडौं (मन्दिर) देख्न पाइएका कारणबाट मरुतेश्वरका उत्तराधिकारीमा सिद्ध गर्ने प्रयत्न गरिएको हो ।

(नेपालको सामाजिक तथा सांस्कृतिक इतिहास, पृष्ठ २५ (मुद्रणाधीन अवस्थामा छापाखानामा रहेकाले तथ्य र उद्धरणमा लिइएका पद पछि फरक नपर्ने ।)

---

१४. निर्माण संस्कृति विशेषाङ्क पृष्ठ ७७ । सम्पादक पवन चामलिङ 'किरण' । प्रकाशक निर्माण प्रकाशन गुम्बा घुर्पिसे, नाम्ची, दक्षिण सिक्किम (वर्ष १९ अङ्क २४, अप्रेल १९९९) :

रातो राम्रो गुलियो मिठो उखानमा बाँचेको नेपालीत्वको मौलिक धरातल आफ्नै प्रकारको छ । मूलतः यो जाति मस्टको उपासक हो, जसमा शिवतत्त्व र मरुतत्वको समन्वय रहेको मानिन्छ । भूमि, जल, वायु, अग्नि र आकाशलाई नै आफ्नो आराधनाको सर्वस्व र साधनाको वर्चस्व मान्ने नेपालीत्वभित्र समन्वयात्मकताको अपार संयोग पाइन्छ । वर्तमान विश्वमा यस जातिको समष्टिगत स्वरूपलाई धर्मानुप्राणित, धर्मसहिष्णु एवम् प्रकृतिप्रेमी जस्ता विशेषणयोग्य सम्मान उपलब्ध भएको भए तापनि खास अर्थमा नेपाल बहुजातीय समष्टि, बहुभाषिक अभिव्यक्ति, बहुसांस्कृतिक प्रकृति एवम् बहुधार्मिक प्रतिमूर्तिगत पृष्ठभूमिमा आधारित मानिएको छ । अतएव मान्यताका पुष्टिखातिर सर्वप्रथम नेपालीको सामुदायिक स्वरूपसँग परिचित हुनु आवश्यक छ । ती समुदायका स्वरूप हुन् – १. खश समुदाय, २.किरात समुदाय, ३. मगर समुदाय, ४. नागर वा नेवार समुदाय, ५. मैथिली समुदाय । यिनका अतिरिक्त राउटे, राजी, चेपाङ, मुन्डा, मगन्ते, किचक, दनुवार, बाँतर, बहामू, धामी, धिमाल, गनगाई, मूर्मी, कूर्मी, जिरेल, सिरेल, सुनुवार जस्ता कतिपय अल्पसङ्ख्यक आदिवासी जनजाति पनि अध्ययन-अन्वेषणमा समाविष्ट छन्, जो नेपाली संस्कृतिका मौलिक अभिव्यक्ति हुन् ।

१५. निर्माण संस्कृति विशेषाङ्क (पृष्ठ ९६-९७) :

जसका आधारमा नेपाली जातिलाई धर्मानुप्राणित, समन्वयात्मक, संस्कृतिका उद्गाता, रातो राम्रो गुलियो मीठोका पृष्ठपोषक तथा मौलिक संस्कृतिका धनी भन्ने गरिन्छ, सायद त्यस मर्मको उद्घाटन हुन सकेको छैन । नेपाली जातिले अनादिकालमा परिकल्पना गरेका साधना र उपासनासर्वस्वको नाम हो मस्ट । यस आधारमा नेपालीहरू मस्ट सम्प्रदायका अनुयायी मानिन्छन् र सार्वभौम बनेका पाँच सम्प्रदायमा मस्ट सम्प्रदाय थपिन जाँदा त्रिवर्गको साधनासर्वस्वको द्विगुणित सङ्ख्यालाई छ सम्प्रदायमा व्यक्त गरिएको हो भन्ने बुझिन्छ । मस्टसम्प्रदाय बलिप्रथाको द्योतक रहेको कुरा आजभोलि पनि प्रायशः कुलपूजामा अर्थात् देवाली पद्धतिमा प्रत्यक्ष देख्न र अनुभव गर्न पाइन्छ । परन्तु प्रारम्भमा यही प्रथा

अङ्गीकार गरिएको थियो भनेर मान्न अलि गाह्रो देखिन्छ । यसका विभिन्न कारण मुखर छन् ।

मस्टसम्प्रदायको इतिहास अध्ययन गर्दा मस्टको प्रादुर्भाव कम्तीमा तीन हजार वर्षपूर्व भएको अनुमान गरिएको छ । प्रारम्भमा यसका प्रतिपादकलाई लोकले मस्टपा भन्ने गरेको थियो । मस्टपाका १२ भाइ छोरा र ९ बहिनी छोरी, १२ पार्षद र ७ सिद्ध थिए भन्ने किंवदन्ती पाइएको छ । कारण लिखित प्रमाणको अभावमा किंवदन्तीलाई आधार मान्नुपरे तापनि लोकव्यवहारमा अझसम्म जीवन्त पाइँदैछ ।

यसको एक तालिका द्रष्टव्य छ – कौशिक गोत्रधारी खप्तडी समाजमा प्रचलित कुलदेवतामा खापडेमस्ट, जालपादेवी, धौलेझाँक्री, लटीनाथ सिद्ध र जगन्नाथ । त्यसरी नै वशिष्ठ गोत्रधारी समाजका कुलदेवतामा आदिमस्ट, सुर्मादेवी, रिट्ठेझाँक्री, लाँगडासिद्ध, आदिवराह र सर्वनाथ । यसरी नै मस्टका भेद १२ उपभेद ७२ गरी कूल भेद ८४ अध्ययन गरिएका छन् र मस्टसम्प्रदायका अनुयायीद्वारा चलाइएका बलिप्रथाका विरुद्धमा बुद्धधर्म अथवा मत अस्तित्वमा आएको पूर्वानुमान हुन थालेको छ ।

अन्ततोगत्वा नेपाली संस्कृतिको आवर्तनमा जस्तो समन्वय प्रबल हुन गएको थियो, विवर्तनका उपक्रममा त्यो समन्वय लगभग ध्वस्त नै भयो भन्दा अन्यथा हुँदैन । वास्तवमा यहाँनेर पनि उही भनाइ दोहोरिन आउँछ, जति भाँडो उति चुबुर्को । आजको नेपाली समाज बाह्य प्रभावमा जति चाँडो आकर्षित हुँदै गएको छ, इयत्ताको तराजुमा मौलिकताको आखर खुट्याउँदा त्यति चाँडो विचलित हुँदैन । विचलनलाई सायद सांस्कृतिक विडम्बना मान्नुपर्ने होला ।

१६. लेखाडी मस्टको चैत :

बेल्या फुल्यो केवलय चुल्या फुल्यो जाबो
कैका कौसी कबुलायौं कैका कौसी जाबो
ईश्वर कहायो लोखाडी मस्टो बालक टेढिय बालो
सुवर्णाक कोख जायो सुवर्ण वासी छायो
लोखाडीका हितु बिस्टौ ! मण्डप बारिदेऊन
सुतारकोटका कृपा बिष्टौ ! देवतामाथि ल्याउन
------------- -------------

मण्डप तमारो सारिदिउँला स्थिति बसाउँला
चिनीचानी थर्पुकायौ राखिहाल्या कोयो
गोरु काट्न्या दैत्यकन हालिहाल्या धोको
आडोपुँडो तखतपौ कुण्डमाभ्र धारो
सुलादकोट केवला फुल्यो चुल्या फुल्यो जाबो
हिमाल फुल्यो ननिका फुल माल फुल्यो रायो
बाह्र राँगा छाला ओढी गोरु काट्न्या आयो
लमकँदा बाघपुच्छ ठनकंदा घाँट
गोरुकाट्न्या दैत्य मऱ्यो बिहानीका पाख
बलाराका सैनमति काकडीको बेला
गोरु काट्न्या दैत्य माऱ्यौ देवडुको थलो
धलाराका सैनमानि भ्रुण्ल्की हाल्या घाम
कति आयो सुवेकीय कति आया दाम
बड्डी आइछिन् सेबडिय बाला आइछिन् राम
थलाराका सैनमनि उल्किगया घाम
लालु-लोखाडाका मस्ट कुलदेव नाम
माल फुल्या गुर्दौलीय लेक जन्तीफुल
कौन तम्मा मस्टपा हुन् कौन तम्मो मूल ?
थलाराका सेनमनि उँधो ढल्क्या घाम
सिरिकण्ठ मस्टपा हुन् ऋक्सेनीका मूल
थलाराका सैनमनि उँधो ढल्क्या घाम
रकु थमेलाका मस्ट कुलदेवतानाम
थलाराका सैनमनि उडाइल्याया धुरी
बाटबाटै खेडिगया थलारो छप्पुरो
देवताका नमति पढ्या बजाउन्या छ ढोली
यही चैत्र मिलाउन्या पिरीबोली ओली
थलाराका सैनमनि मण्डप सज्याया
मस्टपा मनाउने सबकन जनाया ।
लोखाडाका मानिखाडा लोखाडीमस्टो
साछी रत्य कुलदेव सिद्ध गोसाई अस्टौ
सुनारगाउँका विन्दा बिष्ट चनुखाडा निस्क्या
चनुखाडा निस्किकन देवता बोलाया

लेखाडीय ढेढिमस्ट परखी सजाया
सजायाका मण्डपमाथि बाजिन बजाया ।

(भेरी लोकसाहित्य, पृष्ठ १९९-२००)

१७. सेती अञ्चल दिग्दर्शन (पृष्ठ ३९८-४००) :

मस्टो एवम् भवानी – डोटेली लोकसंस्कृतिका सन्दर्भमा कुरा कोट्याउनेबित्तिकै मस्टोको उल्लेख गर्नैपर्छ। आञ्चलिक संस्कृतिको राम्ररी निछोडेर अध्ययन-मनन गर्दा एकातिर शिव र विष्णुका उपासकहरूको सम्प्रभुता रहेको बलियो वैदिक अनुष्ठानगत आधार मिल्दछ भने अर्कातिर धामीझाँक्रीको प्रभुतातर्फ पनि दृष्टि नपुगी छाड्दैन ।

धामीवादको चरम उत्कर्षलाई बुझ्ननिम्ति मस्टको प्राचीनताको अध्ययन गर्नुपर्ने खाँचो देखिन्छ । यस नेपाली समाजले कुन शताब्दीदेखि मस्टको प्रभुतालाई स्वीकार गरी आयो, यस सम्बन्धमा अध्ययन-अन्वेषण गर्नुपर्ने आवश्यकता देखापर्दैछ । यद्यपि मस्टको अस्तित्वलाई पथप्रदर्शकका रूपमा मान्ने धामीझाँक्रीहरू नै वैदिक देवीदेवताका उपासक एवम् पूजक हुन पुगेकोतर्फ दृष्टि नपर्ने होइन, झन् छिटो पर्नेछ, तापनि मस्टको गणना कुलदेवताका रूपमा भएको हुनाले वैदिक देवतालाई अधिदेवता र प्रत्याधिदेवताको मान्यता दिएको पनि हुन सक्छ । तसर्थ मस्ट, मस्टा अथवा मस्टोको अन्वेषणको आवश्यकता विद्वज्जगत्को मानसपटलमा खट्केला नै ।

मस्ट वा मस्टोको चर्चा गर्नेबित्तिकै छुट्टै नयाँ जगत् खडा भएजस्तो लाग्दछ । मस्टसँग भवानीको नाम पनि आउछ । जहाँ मस्ट र भवानीको नाम आयो, त्यहाँ भैरव, झाँक्री, सिद्ध, भूमे, बेताल आदि गणनायकहरूको पनि नाम आउँछ । यी तान्त्रिक देवीदेवताहरूको मान्यता कहिलेदेखि प्रचलनमा आयो, त्यसको विस्तृत अन्वेषण हुन आवश्यक देखिएको कुरो पहिले सङ्केत गरियो । यद्यपि मस्टका सामान्य विभेदहरूको सङ्क्षिप्त उल्लेख गर्नु युक्तिसङ्गत होला ।

सामान्यतः मस्टका १२ भेद ८४ उपभेद र ४ समूहमा वर्गीकरण भएको तथ्य सामु पर्दछ । तीमध्ये ज्येष्ठ-श्रेष्ठ मस्टलाई आदिमस्ट भन्दछन् । यिनको प्राचीनता बताउने प्रमुख आधार धामीको कैरन हो ।

बाह्र भेदको सुरुआत आदिमस्टदेखि हुन्छ र रुमालमस्ट, दाह्रेमस्ट वा खप्परमस्ट, टेढीमस्ट, मण्डलीमस्ट, दुधेमस्ट, लडेमस्ट, मुण्डामस्ट, रुमामस्ट, कैलोमस्ट र कालामस्ट हुन् र यिनमा पनि चार विभेद अथवा समूहभेद पाइन्छ । आदिमस्टदेखि क्रमश टेढीमस्टसम्म रजोगुण रक्तबलि खाने, मण्डलीमस्टदेखि सत्वगुणी पायसबलि खाने र मुण्डामस्टदेखि कालमस्टसम्म तमोगुणी जता पनि भाग लिनेमा पर्दछन् ।

मस्टको खास उत्पत्तिस्थल मानसरोवरको आसपास भन्नाले डोटी-कर्णालीकै भूभाग रहेछ भन्ने माने लाग्दछ । आदिमस्टको कैरनले कस्तो पनि दिग्बोध हुन्छ भने विक्रमको पाँचौं शताब्दीपूर्व नै बझाङको राजसत्ताको अस्तित्वमा आएका सैपाल थापाको समयमा पनि मस्टले मान्यता पाएको थियो ।

डोटी, बझाङ र जुम्लाका रैथानेहरू मस्टलाई स्थानीय देवाधिदेव ठान्दछन् । यसै मस्टलाई विश्वका विभिन्न भूभागमा छरिएर बसेका नेपालीहरू आफ्ना कुलदेवता मान्दछन् । यसरी कुलदेवता मान्नुपर्ने मुख्य आधार पैतृक थलोलाई लिएको विश्वास गर्न सकिन्छ । जस्तै तिमिलासैन गाउँबाट फैलिएकाहरू दुधेमस्ट पुज्दछन् भने खप्तडका आसपासबाट फैलिएका खप्तडीहरू खापडमस्ट वा खप्परेमस्ट मान्दछन् ।

मस्टको आवाहन गर्नेले भवानी, झाँक्री, भैरव, बेताल आदि पनि पुकारेका हुन्छन् र सबैलाई यथायोग्य मिलाएर मर्यादाक्रममा तलमाथि पर्न नदिने व्यवस्था गर्दछन् । मस्ट नेपाली परम्पराका आराध्यदेव नै देखिन आएकाले यसको विस्तृत अन्वेषण हुनुपर्ने सार्वत्रिक जोड पाइन्छ । सम्भवतः यससम्बन्धी खोजले कतिपय ऐतिहासिक सत्य फेला पार्न सक्लान् । मस्टप्रशासित क्षेत्रमा जुनसुकै जाति बस्न गएको भए पनि एउटा न एउटा मस्ट मानेकै हुन्छन् र यहाँबाट पूर्व-पश्चिम फैलिएका विभिन्न कुलगोत्रका साथमा पैतृक थलोको चिनोका रूपमा मस्ट आविर्भाव भएको हुन्छ ।

स्थानीय जनधारणाअनुसार मस्टको पूजा विभिन्न विधिविधानले गर्नुपर्छ । सत्वगुणी समूहका मस्टको पूजा सालबसाल आलमप्रधान गरिन्छ भने रजोगुणी र तमोगुणी मस्टको पूजा प्रत्येक तेस्रो वर्षमा छागबलिद्वारा गर्ने गर्दछन् । कुनै-कुनै मस्टका उपासक धामीहरू आङमा मस्ट चढेका

बेला जखमले बोकाको गर्दन चटक्क आफ्नो बलिया दाह्राले छिनाल्दछन् भन्ने कहावत पनि छ । भनिन्छ त्यति बेला धामीका मुखमा विशेष किसिमका दाँत आएका हुन्छन् ।

सेती नदी दक्षिणको मस्ट गन्याप आदि सिद्ध शक्तिको अधीन भएको मानिन्छ र समाजमा जमेर बस्तछ । यो मस्ट आफ्नो क्षेत्रमा सर्वाधिक प्रिय मानिन्छ । मस्टको भिन्नताको अध्ययन गर्नका निम्ति डोटी, अछाम, बझाङ, बाजुरा, जुम्ला, हुम्ला र दुल्लु-दैलेख मिलाएर चार उपक्षेत्रमा विभाजन गरी खोज गरेमा सत्य कुरा के हो, त्यसको दिग्बोध हुन जान्छ । कुनै-कुनै मस्टका माडौंमा रहेका घण्ट, चामर आदि प्राचीन स्मारक सामग्रीहरूको अध्ययन गर्न वर्षौं समय लाग्न सक्छ ।

मस्टको विषय अन्वेषणीय यस अर्थमा हुन सक्छ – अन्य क्षेत्रमा मस्टको पूजा गर्नुलाई देवाली भन्दछन् र कुनै-कुनै थरको देवाली त कति भव्य हुन्छ भने त्यसलाई एक थरको देवाली नभनेर सानोतिनो सम्मेलन नै भने हुन्छ । कोही-कोही मस्टको पूजा भिन्न गोत्र भिन्न बलाकाले पनि गर्ने गर्दछन् । मनोकामना पूर्तिहेतु रक्साल सुनाएको (भाकल गरेको) हुन्छ र आलम पर सारेका हुन्छन् । यसरी रक्साल सुनाउनेबित्तिकै मनोकामना पूरा भएको पनि हुन सक्तछ ।

"सिजापति मल्लकालीन स्मारकहरू पाटागाउँ, कोटदेवल, कोल्टी, खापड, जगन्नाथ, तिमल्सेन, दर्जा, मस्टामाडौं, विनायक, कुच्ची, कालिकास्थान, श्रीकोट आदि स्थानमा रहेका खेलहरू पर्दछन् । स्थापत्यकाल परिपक्व हुनाका साथै मूर्तिकला, रेखाचित्र एवम् अमूर्त चित्रहरू उल्लेखनीय छन् । खप्तडी सभ्यताका प्रतीकहरू खापड-जगन्नाथ मन्दिर, छान्ना पुजाहारी गाउँ, जगाजगामा स्थापित मस्ट, भवानी र क्षेत्रपालका माडौंहरू, श्रीकोट भग्नावशेषदेखि लिएर बैजनाथ मन्दिरसहित सारा देवस्थल र खप्तडको बेनी मेला आदि प्राचीन नेपालका खप्तडी सभ्यताको प्रतीक रहेको अनुमान हुन्छ ।" (पृष्ठ ४०६-७)

१८. बदलिँदो घामछाया (पृष्ठ ३२९-३०) :

"मस्टसम्बन्धी धारणा नेपाली जनजीवनमाझ अनुद्भिन्न प्रक्रिया भएको छ । परम्परादेखि भनौं अनादिकालदेखि अद्यावधिसम्मको

-------------- --------------

नतिजामाथि विहङ्गम दृष्टि दिँदा मस्ट नेपाली जनमानसका बीच अभिन्न अङ्ग सिद्ध भइसकेको छ । नेपालीहरू संसारको कुनै खण्डमा पुगेर बसेका भए पनि आफ्नो पैतृक स्थलको स्मरण गराउने मुख्य आधार प्रस्ट भएको छ । त्यसैले आफ्ना अभीष्टसिद्धिका निमित्त होस् अथवा अस्मिताको स्पन्दनस्वरूप होस्, मस्ट उपासनाको सार्थक अभिव्यक्ति कुलपूजा अथवा देवालीमार्फत् प्रकट गरिआएका छन् । यसरी अनादिकालदेखि मस्ट र नेपाली जनजीवनको अन्योन्याश्रय सम्बन्ध कायम भइआएको छ, तथापि ज्ञानवान् समाजले व्यक्त गरिने आस्था र निरक्षर अज्ञानी समाजले व्यक्त गरिने आस्थाका बीचको अन्तराल भने सानोतिनो नहोला, यद्यपि दुवैथरिका आस्थाको मध्यविन्दु क्षेत्रपाल देखिएको छ । क्षेत्रपाललाई शिवको प्रतीक मानिनुमा शास्त्रीय सहमति छ । त्यसैले शिवको प्रतीक चाहे मस्ट होस चाहे झाँक्री होस्, चाहे भुटाहा बाबा होस्, चाहे खायामाङ होस्, चाहे सुप्तुलुङ मिचोलुङ मिहालुङ होस् चाहे ख्याक होस्, चाहे बुढासुब्बा होस् चाहे बुडवा होस्, चाहे चिचिमा ताल्तोलेमा होस्, चाहे लम्बपाद लुइपा वा लुलाफा होस्, ती सबैमा शिवत्व प्रतिबिम्बित छ, जसमा भेददृष्टि वा भिन्नदृष्टिले हेर्नु उचित हुँदैन । यतिका नामानुरूप देवास्थाहरू स्थानीयता र भाषिक अवान्तरका कारणले मात्र कताकता भिन्न दृष्टिगोचर हुन्छ, नत्र यी सबै धर्मानुप्राणित नेपालीका स्थानीय वन्दनाको शिवत्व र अर्चनाको सर्वस्व हुन् एवम् क्षेत्रीय अन्तरालमा सम्बोधित हुँदै आएका शिवत्वका प्रतीक हुन् ।

सबै क्षेत्रपाललाई लोकले आफ्ना अभीष्ट सिद्धिदाता, त्राणकारक र षडैश्वर्यका प्रतीक एवम् लोकोत्तर गतिका समान गतिदाता मानिआएका छन् । त्यसरी नै स्थान-स्थानका शक्तिपीठहरू कालिका, मालिका, जालपा, आदि नामले सम्बोधित हुँदै आएका छन् । सम्भवतः यी सबै शिवत्वका अन्तःस्वरूपको चिदाभास मिलेर नै दार्शनिक कवि बालकृष्ण समका घटाकाशदेखि यी पङ्क्तिहरू उद्भव भएका हुन् –

मेघमाला जटाजूट छ
जहाँ गङ्गाको उद्गमस्थान छ
व्योमकेश सर्वोच्च दिगम्बर
सौम्य रुद्र सहस्र शीर्ष
चन्द्रशेखर गौरीपतिको

सगरमाथा माथ हो
नेपाल शिवको मूर्ति हो ।

धर्म र संस्कृतिअन्तर्गत आउने आउने यावत् उपक्रमको अस्तित्व र वर्चस्व नेपालीत्वको पोषक छ । यस गरिमापूर्ण सम्पदालाई बाहिर अन्यत्रदेखि आयात गरिएको हो भनेर धमिल्याउन खोज्नु दुष्प्रयास हुनेछ र आरोप लगाउनु महाअन्याय हुनेछ । जसरी नेपाली समाज दिग्दिगन्त शिवमय देख्तछ र पदपदमा शिवको अस्तित्वलाई शिरोधार्य गर्दछ, त्यसरी नै ढोगभेट, शिष्टाचार, अदब-काइदा, स्वागत-सत्कार एवम् सामाजिक मर्यादाका आदर्शहरू पदपदमा स्वस्थ, स्पष्ट र बुकीसुनका रूपमा देख्छ । घर-व्यवहार, चालचलन, रहनसहन, आचारविचार, आजापूजा, ध्यानधारण, साधना-उपासना तथा जातिगत रीतिथिति आदिमा नेपालीको मौलिक चोखोपनको परिचय पाइन्छ । सम्भवतः पौराणिक पक्षका केही मान्यताहरू नेपाली राष्ट्रियताभित्र सीमाबद्ध नहोलान्, परन्तु लौकिक पक्षमा भने निर्विवाद नेपालीको मौलिक स्वरूप सदासर्वदा उद्दीपित छ ।"

"मेरा यी उद्गारलाई नभुलिदिनुहुन अनुरोध गर्दै म के पनि अनुरोध गर्दछु भने चौरासी सिद्धमध्ये सरहपा, लुइपा, कण्वपा, जालीनपा आदिका अनेकौं दोहा पाइएझैं हाम्रा मस्टपाका दोहा पाउनुभयो-भएन ? पाउनुभएको भए ती अमूल्य हुनेछन् ।" - बालकृष्ण पोखरेल ।

जालीनपाका अनेक नामभेद पाइएका छन्, जस्तो – जालधरप्पा, जाइप्पा, जाप्पा, जालपा र जाप आदि । जापबाट जाब र जय क्रिया भएको हुनमा कति सम्भव छ, यो विचार गर्ने गवेष्य विषय भएको अनुरोध गर्दछु । – यात्री (ऐ. पृष्ठ ७१)

१९. सेतीको नालीबेली (पृष्ठ ६१, ६२, ६३, ६४) :

भोलिपल्ट मलाई थाहा भयो बझाङेली जनताको आज काँकड आन्ने चाड (लिङ्गो काटेर ल्याउने) रहेछ । बझाङ जिल्लाको व्यापक मेला हो यो । यस मेलालाई स्थानीय जनजिब्राले चैतुली चाड (चैतमा लाग्ने मेला) भन्दछ । विशेषतः यो मेला (मस्टसँग सम्बन्धित) धार्मिक मेला हो । यसको सम्पूर्ण बयान संस्कृति सन्दर्भ मेला गर्नुपर्ला । यस्तो मेलामा मेरो उपस्थिति हुन पाउनु कम भाग्य होइन । एकपक्षव्यापी मेलाको रमिता हेरिहालौं, के-कस्तो हुने रहेछ !

उता काकर आन्न जानुपर्ने, यता घरमा इष्टमित्र आएको दिन कनकबहादुर सिंहज्यूलाई निकै सकस परेछ । भात खाइसकेपछि मुख नलागी-नलागी पनि भन्नुभयो – "लेकको यात्रामा दुःख-तकलिफ हुन्छ । के बिन्ती गरौं भनेर ।"

उहाँको आशय बुझें । त्यो त मेरो पनि अभिरुचिको विषय हो । मेरो मनसाय बुझेर उहाँको साग्रह डयाटाडो (दियाटारी – बत्ती जलाउने टहार) भन्ने लेकमा जानुपर्दछ भन्नुभयो । त्यसमा सहज स्वीकृति थियो ।

अब के चाहियो ! पूरा राजसी ठाँटबाटसँग तयारी भयो । गुन्टा कसेर भरिया अघि लगाइयो । अर्सा, अनर्सा, फिनी, पुरी, सेल, मालपुवा, मनभोगलगायतका मेवामिष्ठान्न बोक्न झोले केटाहरू भिन्नै, चियाको केतली, तस्तरी, तुम्लेट इत्यादि बोक्ने भिन्नै केटाहरू साथ लिएर बाटो लागियो । साथमा क्यामेरा, रेडियो, बत्ती इत्यादि केही चीजको कमी थिएन । साथमा गाउँका मानिसहरू प्रशस्त थिए । तेर्प्याइँ-तेर्प्याइँ चढ्दै कालापातलमा प्रवश गऱ्यौं । पानीखोलो, साउँखोलो, दलाउने खोलो आदि ठाडा खोला र खोल्सा, केही छिपछिपे पानी भएका खोलाहरू भेटिँदै गए, छाडिँदै गए ।

केही उकालो पार गर्दै नौनी चढाउने देउरालीमा पुगेर सुस्ताइयो । पातलमा रातो गुराँस फुलेर ढकमक्क रातो पाखो सजिएको थियो । बरुवा (कागते) को घारी, लिसो, ठँयर, झिँगनु, आरुपाते, गुँहेली, मेल, इडामेल, असारे, लोत, अँघेरी, कटुस, पात्ले, काउलो, खसु, बाँज आदिको घना जङ्गल रहेछ । यस वनजङ्गलको रेखदेख कँडेल गाउँ पञ्चायतले गर्ने गरेको रहेछ । यसरी गाउँ पञ्चायतले रेखदेख गरेकाले वनजङ्गलको घनत्वमा कमी आउन पाएको छैन ।

दोपहरपछि उचाटाडो भन्ने चौरमा धेरैजना जम्मा गराएर फोटो लिइयो । तेस्रो प्रहरमा रजस्थानमा निकै बोकापाठी काटिए । काटिएका बोकापाठीको सङ्ख्या तीन ठाउँमा गरेर त तीन सयभन्दा बढी नै थिए होलान् जस्तो लाग्यो । यो पूजा सन्तानवृद्धिको उपलक्ष्यमा, रोग निदान भएको उपलक्ष्यमा अनि त्यस्तै-उस्तै भाकलवापत दिइने पूजा हो ।

आजको रात त्यहीं बास भयो ।

चलनअनुसार काकर आन्न काकरयोग्य सल्लाको गाछी हेरेर ठीक ठहऱ्याएर पछि त्यस गाछीलाई धूप, दीप, अक्षताले पूजा गरी ढलाउँछन् र उसको फेदमा बलि दिन्छन् । बलिपूजा भएपछि फेदसम्म ताछेर खिरिलो बनाउँछन् र बाजागाजाका साथ बाटो लाउँछन् । माथिदेखि पाखैपाखा घिसार्दै तल झार्दछन् । माझ ढाडभन्दा अगाडि फेदतिर काँध लाउने र कतै डोरी बाँधी डोरीले घिसार्ने गर्दछन् । त्यसरी घिसार्दै झार्दा खोला-खोल्सेरा, छाँगा-छहरा, खहरे आदि अप्ठेरा ठाउँहुँदो, ढाँडहुँदो ठक्कर खाँदै लछारिँदै झर्दछ । सुरक्षित हिसाबले बोकिएको हुँदैन र यसरी बेढङ्गसित घिसार्दै झार्दा यदाकदा भाँचिन्छ पनि । कथंकदाचित भाँचियो भने त्यसलाई जुन ठाउँमा भाँचियो, चटक्क त्यहीँ छाडेर अर्को रूख ढाल्न फर्कन्छन् । पचपन्नदेखि उँभो चौंसठ्ठी हात अग्लो लामो काकर तीन गाउँका अलग-अलग भए पनि एकै जगामा उसै जङ्गलमा काट्नुपर्छ र एकैसाथ ल्याउनुपर्छ । बीच बाटोमा एक गाउँको काकर भाँचियो भने अरू टोलका पनि मद्दतमा आउँछन् । अशिक्षा र अज्ञानताका कारण अन्धाधुन्ध अन्धानुसरण गर्दै आएको स्थानीय जनपद स्वावलम्बन र प्रगतिशीलताको महत्त्वसित पूर्णतः अपरिचित रहेको बोध हुन्छ ।

आज पनि यी महापण्डितहरू मूर्खताको सिकार भए । एक त लिङ्गो काट्ता नै भस्मेफँडाइ गरेर वनजङ्गल साफ पारेका थिए । सधैं-सधैं यस्तै काम गरिआएकाको पनि रूख काट्ने ढङ्ग देखिएन । प्रथमतः यी मूर्खको बोल्नेतक ढङ्ग छैन । रूख ढाल्ने कामलाई रूख गाड्नु भन्दछन् । खाल्टो खनेर गाड्ने वस्तु र आकाशमा लगेर राख्ने वस्तुको अर्थसहित मिल्दो प्रयोग गर्ने कलासित यी सदैव अपरिचित छन् । उस्तै जिली र गाँठी नमिलाई घिसारेको लिङ्गो सिलढुङ्गामा ल्याइपुऱ्याउँदा भाँचियो । काकर भाग्यो भन्दै खुब खैलाबैला गरे । खलबलाउँदै अक्खो काँकड गाड्न लागे फेरि उकालो । निर्जन जङ्गलभित्र को कता जान्छ, यसको सुराक पत्ता लाउँथ्यो दमाहाको टिटिरी पिरिरी टिटिरी पिरिरी अरू प्रस्ट आवाजले । वरिपरि सारा जङ्गलभरि बाजा घन्केर पातल नै गुञ्जायमान बनिरहेथ्यो । मान्छेको ताँती बाजा बजाउँदै-बजाउँदै उकालो लागेपछि कनकबहादुरजी र म लाग्यौं पाटागाउँतिर ।

भान्सा गरेपछि अर्का-अर्काथरिले ल्याउँदै गरेमध्ये तल्लो छबीसीले ल्याउँदै गरेको काँकडपट्टि लाग्यौं । अलि माथि पाखामा पुग्दा धेरै आइमाई

देउडा खेल्दै थिए । रहनी थियो 'सिपाही भाला खाँदैन हो कि !' चामल भिजाएर अलि बेरमा काँकड ल्याइपुऱ्याए । चौंसट्ठी हात लामो थियो । सबैले काँधमा बोकेका थिए । मैले विभिन्न पोजको फोटो लिएँ । मानिसहरू हजार डेढ हजारजति थिए । पाखैपाखा बारीबारी लगेर बान्नीमस्टको माथिल्लो मन्दिरनेर राखे । यो काँकड मेलाको अन्तिम दिन दुधेमस्टका मुख्य मन्दिरमा पुऱ्याइनेछ, अनि यस ठाउँमा तल्लो छबीसीको काँकड ल्याएर राखिनेछ ।"

"आज बल्लबल्ल पाटागाउँको काँकड आइपुग्यो । यो काँकड तेह्रवटा टुटेपछिको चौधौँ हो भनी भन्दथे । त्यसको पनि फोटो लिएँ ।"

(ऐ. पृष्ठ ११८-१९) जात्राको रमिता जति हेर्दै गयो, उति हेरौँ-हेरौँ लाग्ने । यस जात्राको सुरुवात भनौँ त भने एक पक्षव्यापी मेला भनेमा अत्युक्ति होला जस्तो लाग्दैन । औँसीका दिन तीन-तीनवटा लिङ्गा ल्याएर तीन गाउँका जनताले आफ्ना-आफ्ना निर्दिष्ट स्थाऩमा राखेका हुन्छन् । ती तीनै लिङ्गाहरू आज पूरै तेह्र दिनपछि स्थान सट्टापट्टा गरिन्छन् । उस दिन तल्ला छबीसीले ल्याएर मस्टका माथिल्ला माडौँमा पसारेका स्थितिमा राखेको लिङ्गो आज सर्वप्रथम त्यहाँबाट उठाई बोकेर मस्टका मुख्य माडौँमा लगेर पाटागाउँ (माथिल्लो छबीसी) का भागको लिङ्गो ल्याएर पाटागाउँका सिरानको चौरमा, जो काँकड गाडेका (काटेका) दिन अर्थात् काँकड चाडका दिन ल्याएर राखिएको हुन्छ, राखिएको ठाउँबाट उठाई ल्याएर पाटागाउँको प्रवेशद्वारनजिक उभ्याइन्छ । तेस्रो नम्बरमा बझाङ राजाका तर्फबाट प्रदान गरिने लिङ्गो मुम्लेगाउँ, सुबेड, परिगाल, तम्तोला आदि गाउँका जनताले ल्याएर रजन्थलीमा पसारेर राखेको लिङ्गो पाटागाउँको सिमानासम्म काँधमा बोकेर ल्याइन्छ । पाटागाउँ पोखरीका छेउमा, जो आजकल बारी आबाद छ, ल्याइपुऱ्याएपछि ठड्याएर खडाखडै बोकिन्छ । त्यसरी चौंसट्ठी हात अग्लो सिङ्गो रूख खडा उभ्याएर बोक्नु साधारण बात होइन । कतिपय जोखिम कबोल्नुपर्दछ, तापनि जनताहरू सम्भावित विपत्तिको पर्वाह नगरी झुम्मिएका हुन्छन् ।

यो लिङ्गो बोक्ता कसैका हातखुट्टा भाँचिए अथवा लडे, थिचिए भने पनि आदिमस्टका कृपादृष्टिले ज्यान बिग्रिँदैन भन्ने प्रबल विश्वास रहेको छ । सम्भवतः यो परम्परानुगत जनधारणा एवम् धार्मिक आस्थाको चिनो होला ।

पाटागाउँ पानीको मूलसम्म, जो आजभोलि पानीको मूल अन्यत्र सर्नाले ढुङ्गेधाराको स्मारिका मात्र बाँकी छ, पुऱ्याएपछि पुनः सुताएर काँधमा बोकिन्छ । त्यसरी सुताएर बोक्नै नहुने पोखरीको एरिया करिब एक हजार मिटर हुन सक्छ । यसबीचमा लहलहाएको गहुँ बाली लिङ्गो बोक्ने मान्छेले कुल्चेर धूलोपीठो पारिन्छ, तापनि बालीधनीबाट कुनै प्रतिवाद आउँदैन । यो पनि अनुसन्धानको विषय भएको अनुमान हुन्छ ।

पानीको मूलदेखि उठाएर लगी पाटागाउँलेका लिङ्गासँग दाँजिन्छ । यसरी एक क्षणको दँजाइपछि पुनः उखेलेर दुवै लिङ्गहरू सँगसँगै लगेर मस्टको मुख्य माडौँमा एउटा खडा गर्ने अनि एउटाचाहिँ माथिल्लो माडौँमा लगी खडा गर्ने गर्दछन् । सबभन्दा पछिल्लो लिङ्गो माथिल्लो माडौँमा उभ्याएपछि काँकडजात लिङ्गो ठड्याउने यात्रा र चैतुली चाड पूरा भएको मानिन्छ र खुसियालीमा छालाको भकुन्डो बान्नीचौडमा खेलिन्छ ।”

२०. कर्णाली प्रदेश एक बिटो अध्ययन (पृष्ठ ९१-१०४) :

“जुम्ला प्रदेशमा अत्यधिक पुजिने देव मस्ट हुन् । प्रचलित विश्वासअनुसार मस्टका परिवारमा नौ दुर्गा भवानी बाह्रभाइ मस्ट भन्दछन् । त्यस्तै अर्को बहुप्रचलित उक्तिअनुसार यिनीहरूको उत्पत्ति ढँडारमा वा खप्तडमा भयो (ढँडार छुट्यो, खप्तड फुट्यो) । सायद खप्तडमा आई यी देवहरू अ-आफ्ना दिशातिर लागे भन्ने यो उक्तिको भनाइ हो । मस्टमा मुख्य चार-पाँच नाम बहुपूजित र प्रसिद्ध छन् । ती हुन् बुडु, कव, बाबिरो, थार्पा । यिनीहरूको मूल थान तत्तत् नाउँ भएका जुम्लाका सिजा-पाँचसय र गमदरामा पर्दछन् । त्यसै गरी दाड्यामस्ट पनि मस्टमध्येको प्रख्यात हो । दाड्यामस्टको भेदमा दुधेमस्टको नाम लिइन्छ । यी दुईमा एकले पाठो स्वीकार्ने र अर्कोले दूध मात्र खाने विश्वास गरिन्छ । दाड्या र दुधेमस्टको थान दुल्लू र दैलेखतिर ज्यास्ती भेटिन्छन् । दाड्यामस्ट जुम्लामा पनि नभेटिने होइन । दुल्लूतिर दाड्यामस्टका कतिपय थानमा पाठाहरूलाई धामीले दाँतले छिनाल्छ भन्दछन् । उपर्युक्त नामबाहेक मस्टका अन्य कति नाम छन्, तर यिनको सङ्ख्या ठीक बाह्र मात्र पुग्ने छैन । बाह्रभाइ मस्टाको कुनै निश्चित नामावली छैन । खालि तिनीहरू बाह्रभाइ छन् भन्ने सामान्य प्रचलनसम्म छ ।

-------------- --------------

मस्टका मुख्य उपासकहरू को-को हुन्, केलाउने हो भने प्रायः ती छेत्री वर्गका मानिस छन् । यिनलाई जुम्ला प्रदेशतिर थर पनि भन्दछन् । यहाँका छेत्रीहरूलाई हेर्दा तिनीहरू जनै लाउने परम्परालाई विशेष ध्यान नदिने खालका छन् । हुन त जनैको ठूलो सामाजिक महत्त्व छ र कसैलाई यो प्रश्न एक्कासि गर्दा ऊ जनै लाउने होइन भनी हम्मेसी स्वीकार गर्दैन । बुड्ु, कव, बाबिरो र थार्पा गाउँहरूका मस्टका उपासक यस्तै जनै नलाउने खालका छन् । थार्पामस्टलाई लिएर मैले यस्तो उक्ति सुनेको छु – 'जहाँ छेत्रीको छाइलो, त्यहाँ मेरो पाइलो' । मध्य नेपाल र पूर्वी नेपालका कतिपय छेत्रीका कुलदेवता बारा मस्ट छन् । यसलाई धेरै व्यक्तिले अडकल लगाई बराह र मस्टको संयुक्त नाम ठहऱ्याउँछन्, तापनि यो जुम्लाको बाह्रभाइ मस्टको अपभ्रंश हो जस्तो लाग्छ । यसबाट मस्ट सम्प्रदाय पश्चिम नेपालबाट मध्य र पूर्वी नेपालमा बढेको प्रस्ट देखिन्छ । साथै जुन रूपले यो सम्प्रदाय जुम्लामा व्यापक रूपमा अहिलेसम्म विद्यमान छ, त्यसबाट यसको मूल उत्पत्ति थलो यही हो कि भन्ने विचार उठ्तछ ।

मस्टका उत्पत्तिकथा धेरै छन् । यिनीहरूमा जेठो-कान्छोको क्रम पनि देखाइन्छ । यिनको अन्य देव र देवीहरूसँग नातागोता पनि देखाइन्छ । यिनका गुण झल्किने उक्तिहरू पनि खुब भनिन्छन् । उदाहरणका लागि 'बुडो बुडचाइलो, थार्पा थर्पाइलो, कव कजाइलो ढँडार रजाइलो ।' यिनको उत्पत्तिका बारेमा केही माथि भनिसकियो । अघि राक्षसहरूको प्रकोपबाट संसारलाई त्राण दिन भनी मस्टहरूको अवतार भएको रे । राक्षसहरूले नौ दुर्गा भवानीको सतीत्व डगाउन खोजेका थिए रे । यसरी मस्टको अवतार भई राक्षसहरूको विनाश तथा नौ दुर्गा भवानी र लोकको रक्षा भयो ।

मस्टको प्रत्येक थानमा भगवतीको पनि एउटा खोपो हुन्छ र सो खोपामा पनि पूजा चढाइन्छ । प्रचलित भनाइअनुसार मस्ट रक्त नखाने शाकाहारी देव हो । पूजाका दिन थानमा काटिने पाठाहरू भवानीलाई लक्षित हुन्छन् । तर चौधबीस खोलामा मतवाली छेत्रीहरूको समाजमा भने मस्टले रगत नखाने कुराको ज्ञान छैन ।

भिन्नाभिन्नै मस्टका भिन्नाभिन्नै कथा छन् । यो कथा तिनको जीवनीजस्तै हो । यो जीवनी धामीले पतुरेको बेलामा भन्दछ । यस्ता

कथामा देवले गरेका अनेकन् घटना वा चमत्कार, राक्षसहरूको विनाश, एक ठाउँबाट अर्को ठाउँमा गरेको विवरण वा यात्राको वर्णन पाइन्छ। धेरै कथा कृषि-गोठाले जीवनको पृष्ठभूमिमा आधारित छन्। यहाँ यी सब कथालाई सम्पूर्ण रूपमा दिन साध्य नहुँदा यिनको मोटामोटी लक्षण मात्र बताएँ। मैले सङ्कलन गरेका कथामा थार्पा, उखाडी (गडुली सिद्ध), बुड्ढ, कव, खापर र बाँटपाल सम्मिलित छन्। यी कथा हामीलाई बाहुन अथवा ठकुरीले सुनाएका हुन्।

मस्ट देउता हो भनेर किट्न गाह्रो छ। के यो भैरवको रूप हो ? योगी नरहरिनाथले मस्टलाई देवीका सेनानी र आफ्नो मस्तक थापी राक्षससित लडेकाले मस्ट नाम हुन गयो भनी भनेका छन्। उनको आफ्नै भनाइबाहेक यस तथ्यको अरू कुनै स्रोतबाट पुष्टि हुँदैन। मस्टको थानमा यिनको कुनै रूप, आकार अथवा मूर्ति हुँदैन। यिनको पूजा एउटा खोपोमा हुन्छ। कहीँ-कहीँ देवीको प्रतीकका रूपमा धातुको घण्ट (घाँड) हुन्छ। पूजाक्रम र धार्मिक प्रक्रियामा यतातिर घण्टाको महत्त्व र प्रचलन निकै छ। धामीले पतुर्दा हातमा घण्टा समातेको हुन्छ। छापबिदो लगाउने काममा घण्टाको प्रयोग अनिवार्य हुन्छ, इत्यादि।

मैले कालिकोट दरामा पर्ने दाहा गाउँमा सुनेअनुसार विभिन्न मस्टलाई पाण्डवको अवतार पनि भनियो। त्यसै गरी खापरलाई इन्द्रको छोरा भनेको पनि सुनेँ। तर यस किसिमको सम्बन्ध प्रायः बाहुन अथवा ठकुरीहरूले हालेको कथामा मात्र देखिएको छ। छेत्री समूहलाई यी सब कुराको उचित ज्ञान छैन। यो सबै भएको उनीहरूको अनभिज्ञताले हो कि बाहुन-ठकुरीको शिक्षित समुदायले अपौराणिक देवलाई पौराणिक रूप दिन खोजेकाले हो, मस्टको समय-समयको ठूलो पूजा पूर्णिमाका दिन हुन्छ। यस बेलामा थानका सञ्चालकहरूले उपाध्याय बाहुनलाई बोलाई होम गराउँदछन्। यो ब्राह्मण समाजको मूल्यको स्पष्ट प्रभाव हो।

बाबिरो मस्टको एउटा पूजामा होम गराउने बाहुनले बाबिरोलाई वामदेव गोत्र दिएको मैले सुनेँ। गोत्र दिने प्रयास पनि यस्तै प्रभावको अर्को उदाहरण हो। बाहुनको उपस्थिति सो पूजामा यति काम सम्पन्न गराउनका लागि हुन्छ। बाँकी पूजाको सम्पादन तथा अन्य धार्मिक क्रिया र पद्धति आफ्नै किसिमको र बिलकुलै अपौराणिक रूपका छन्।

मस्टदेवको मूल थानबाहेक कतिपय गाउँमा यिनका शाखा थान पनि हुन्छन् । शाखा थानले मूल थानका गाउँका निवासीहरू कालान्तरमा फुटेर अन्यत्र गई बसेको तर आफ्नै मूल अवस्थाको देवलाई पुजिराखेको देखाउँछ । शाखा थान बनाउँदा मूल थानबाट ध्वजा र घाँड लगी कार्य सिद्ध गर्दछन् । शाखा थान बसाल्दा त्यसका उपासकहरूको यथेष्ट सङ्ख्या सो गाउँमा भइसकेपछि मात्र गरिन्छ । यस्तो सङ्ख्या नपुग्ने भए ती व्यक्तिहरू पूजाको पूर्णिमामा धजा, सिक र भेटी लिई मूल थानमा आउँदछन् । यस्तो उठ्ती-पुठ्तीलाई थानको पुजारीले बडो सक्रियताले उठाउँदछ ।' (पृष्ठ १०३)

२१. नेपाल सौरभी (प्रथम पराग, पृष्ठ ७) :

"नेपाली संस्कृतिका आधारशिलालाई मैले दुई पाटाबाट नियाल्ने गरेको छु, जो मेरो आफ्नो दृष्टिकोण हो – १. स्थानीय लोकास्था २. थरको संरचना । स्थानीय लोकास्थामा मस्टको ज्यादै सशक्त भूमिका पाइएको छ । मस्टका साथसाथै प्रजातिका विश्वासको भूमिका पनि कम सशक्त छैन । परन्तु त्यसलाई हेर्ने र मूल्याङ्कन गर्ने आधार वा दृष्टिकोणमा अतिवादितारहित सरल दृष्टिकोणको अपेक्षा गर्न सकिन्छ ।"

"समीक्षणको तेस्रो आधारका माध्यमबाट नेपालमा प्रवेश गर्ने मानव सन्तानहरू अनुमानित कुन शताब्दीदेखि कुन-कुन भेक हुँदै नेपालमा प्रवेश गरेका थिए र तिनीहरूको सामाजिक प्रतिष्ठा के-कस्तो रहिआएको छ, त्यस सम्बन्धमा अध्ययन गर्नु रहेको छ । त्यसपछि क्रमैले मस्टको आधार तथा थरको आधार अधीतव्य हुन आउँछ । अद्यावधि नेपालमा मात्र मस्टको उपासना गरिन्छ । मस्टलाई जातीय इष्टदेवता मान्ने चलन नेपालीमा छ, अनि मस्टपाका दोहा र विरुदावली पनि नेपालमा प्राप्त छन् । मस्ट उपासनाका माध्यमबाट बन्धुबान्धव (भाइविरिन्दालो) सम्मेलन हुँदै आएको प्रचलन चाखलाग्दो छँदैछ । यसलाई स्थानभेदले कतै मस्ट, कतै कुलाइन, कतै कुलदेवता, कतै देवाली कतै कुलपूजा, कतै वायुपूजा भनिन्छ ।" (पृष्ठ १३)

"स्थलगत अध्ययनका क्रममा एक वरिष्ठ विद्वान्को मौखिक सल्लाह पाएको थिएँ – नेपाल सौरभी प्रतिकृति तयार पार्ने । त्यसो गर्न प्राय: नेपालीका घरदैलामा गई सर्वप्रथम सात कुराको प्रामाणिक अध्ययन

गर्नुपर्ने देखिन्छ – १. मूल प्रकृति, २. पूर्वअवस्थल, ३. क्षेत्रीय स्वरूप, ४. मस्टको आधार, ५. थरको बनोट, ६. थर बनोटको पृष्ठभूमि, ७. वंशज वा अङ्गीकृत । यसमा नेपाली अनुकल्पनाको पूर्वाधारका प्रकरणमा समेत यथासम्भव विवेचना गर्ने ।" (पृष्ठ ५५)

२२. नेपाल सौरभी (द्वितीय पराग) :

"सामाजिक इतिहासका सङ्घटक तत्त्वमाथि विहङ्गावलोकनं गर्दा सर्वश्रेष्ठ सङ्घटन मस्टका आधारमा भएको पाइयो । यो नेपाली समाजको विशेषतायुक्त मौलिक पक्ष हो । अरू-अरू पक्ष भनेका अन्यान्य समाजमा पनि हुन सक्छन्, तर मस्ट सम्प्रदायजस्तो यति लामो परम्पराचाहिँ अरू-अरू मानव प्रकृतिसँग होला भन्न गाहारो छ । कालक्रमिक विश्लेषण गर्दा क्षेत्रका आधारमा विभाजित समाजभन्दा मस्टका आधारमा विभाजित समाज शताब्दियौ पुरानो विभाजन हो भन्न सकिन्छ ।" (पृष्ठ ३३)

"सामाजिक इतिहासका प्रकीर्णमाथि जिज्ञासा गर्दा पाणिनिकालीन शकन्धु, ककन्धु, सद्भ्योऽण्, लोके भाषायाम् जस्ता सूत्रको मधुर स्मरण हुन आउँछ । यसको खास तात्पर्य यस कतिपय सामाजिक जगत्सँग वर्तमानले सम्झौता गर्नुपर्ने हुन्छ । ढुङ्गेल थरको समस्यालाई त्यस रूपमा लिनुपर्ने छाँट देखिन्छ ।

वस्तुतः मस्ट सम्प्रदायका अनुयायी समाजका एक मात्र लगभग तीसपुस्ते व्यष्टिपरक अध्ययनलाई सामाजीकरण गर्नुपर्दा र मौलिकताका मध्यविन्दुबीच सामाजिक सिद्धान्तको विवेचना गर्नुपर्दा स्वाभिमानी समाजशास्त्रीहरू यस प्राप्तिलाई नवचिन्तनको अर्थमा ग्रहण गर्न चाहलान् ।" (पृष्ठ ८७-८८)

२३. कुलचन्द्र कोइरालाको अभिमत :

"मस्टको आराधनामा रुद्रको प्रच्छन्न रूप – मस्टोको आराधना गर्दा पहिले मस्टोको धामीले पवित्र भई घण्ट, चमर, पङ्खा अथवा स्यौली लिएर मस्टोको स्मरण गरेपछि धामीले आँगमा मस्टो देवता हावारूपमा प्रवेश गरी आफ्नो मानवीय सहज स्थितिलाई बिर्साइदिएको अनुभव गर्दछन् । कामेर (पतुर्दा) फलाक्ता, आफ्नो कैरन (पूर्ववृत्तान्त) दिँदा सपादलक्ष गिरिप्रान्तरभित्र प्रथम प्रवेश गर्दा यो प्रदेश घना जङ्गल भएको

र बाघ, भालु आदि वन्यजन्तुले परिपूर्ण ठाउँ भएको तथा जङ्गलमा बस्ता बाघले मारिदिएको व्यक्तिको प्राणवायुरूपमा घुम्न लाग्यो र सर्वत्रव्यापी, सर्वदर्शी, सर्वज्ञाताका रूपमा मानिसको देहमा चढी बोल्ने भयो । यी आदिकालमा मर्ने व्यक्तिको नाउँ पनि मस्टो हुन सक्छ । यिनलाई खुसी गराई मानभाउ पुऱ्याएमा सुखशान्ति दिने, अनिष्टको सूचना दिने र अपमान गरेमा कष्ट, दुःख दिने धारणा भएकाले नवपाषाणकालीन अथवा ताम्रयुगीन मानवले जङ्गल-प्रदेशमा पसेर नयाँ बसोबास गरेकै बेलाको यो घटना भएको हुन सक्छ । त्यो बेला नयाँ ठाउँमा अन्य देवाधिदेवको आगमन र स्थापना पनि नभइसकेकाले आदिमष्ट वायुदेवताका रूपमा सबैबाट पूजित भए होलान् । हिमाली क्षेत्रमा हुने बादल, बिजुली र हावाको उग्रता र विनाशमा पनि मस्टोकै प्रकोप ठान्नु स्वाभाविक हो ।" (नेपाली खसबाहुनका कुलदेवता मस्टो, पृष्ठ १९)

२४. कौशिकादि सन्तति (पृष्ठ १८३-८९) :

"कुलायनस्थानको आँगन, चौको लिपपोत गरी यज्ञमण्डप तयार पारी विधिपूर्वक अग्निस्थापना गरी यज्ञ गरिन्छ । स्थापित देवता (जो यसै सन्दर्भको प्रारम्भमा दिएको पूजाप्रकोष्ठ छ, त्यसअनुसार) लाई आसन, पाद्यादि षोडश उपचारले पूजा गर्ने, हवन-स्तवन गर्ने गरिन्छ । कुलदेवताका अन्तरङ्ग ६ कोठी र सर्वतोभद्रमण्डल तयार पार्न चामलको पीठाको रेखी हालिन्छ । सर्वतोभद्रमण्डलका ६४ कलापूर्ण २५६ स-साना मध्यान्तर कोठा बनाइन्छ । त्यस चक्र प्रकोष्ठभित्र ३६० अहर्निशको परिकल्पना र आराधना गरिन्छ । प्रत्येक कोठामा कुलायनस्थानका हाताभित्र पारी लोग्नेमानिसले पकाएको गाईको दूधको खीर र आधा माना पीठाको बाबर नामको रोटी पकाई ६४ टुक्रा पार्नुपर्दछ । तीनपाते सिमालीका पातमा वा पातीका पातमा भाग राखिन्छ । सबै भाइबृन्दाला मिली बुढापाकाले लाए-अह्राएको काम गरिन्छ । अचेल धामीको चलन लोप हुँदै गयो । तसर्थ उमेरमा पाको र साइनोसमेतमा मान्नुपर्नेमध्येकै व्यक्तिविशेषको आज्ञा पालन गरिन्छ । त्यसअनुसार पूजामण्डपका ६ कोठाका कल्पना गरिएका सर्वतोभद्रमण्डलभित्र प्रत्येक कोठामा आसन, जल, अर्घ्य, चन्दन, अक्षता, फूल, अबीर, जनै, सुपारी, भेटी, सुन, कपडा, धूप, दीप, नैवेद्य, वासन, उपायन पुऱ्याई पूजाविधि पूरा गरिन्छ । बाजागाजा बजाई भारी उत्सव मनाइन्छ ।

-------------------- --------------------

पूजा सकेपछि भाइबृन्दाला बसेर प्रसाद खाइन्छ । जो पक्वान्न तयार छ, त्यसबाट प्रत्येक परिवारमूली र दीयाको भाग पर सारेर मात्र प्रसाद वितरण गरिन्छ । विगोत्री र स्वास्नीमान्छेलाई सहभागी बनाइँदैन । पुरोहित र भान्जाले प्रसाद पाउँछन् ।

वर्षदिनभित्र घटेका प्रिय-अप्रिय घटनाहरू, तीता-पीरा, टर्रा, मीठा-नमीठा कुराहरू त्यहाँ बसेर छलफल गरिन्छन् । पकाउने भाँडा र यज्ञपात्रको गुठी राखिएको हुन्छ र ती भाँडाहरू माथबरी कुलबृद्धका जिम्मा रहन्छन् । पूर्वोक्त ६ कोठामा स्थापना गरिने कुलदेवता दसथरि हुन्छन् । जस्तो – १. मुख्य कुलायन महामस्टमण्डली र उनका शिरोभागमा महासरस्वती र मरुतेश्वर देवता, २. काँडाब्रह्म तिवारी (भान्जा थानी), ३. ऐरा-सिकारी, ४. देवी-देउराली, ५. गौरा-पार्वता, ६. विन्दवासिनी, ७. गङ्गा-भवानी-सरस्वती, ८. श्मशानी, ९. सुनाझाँक्री, १०. बेताल भैरव ।

पहिलो कोठामा मस्ट भनेका शिवका प्रतीक बाह्रभाइ मस्टमध्येका एक हुनाले महामस्टमण्डली भनिएको हो । दोस्रो कोठामा ऐरा देवता भनेका अहीर अर्थात् पशुपालकका प्रतीक गोठदेवता हुन् र सिकारी भनेका वनजङ्गलका रक्षक वनदेवता हन् । तेस्रो कोठामा काँडाब्रह्म तिवारी भनेका कुलका भान्जा हुन् । चौथो वर्गमा देवी-द्यौराली भनेर अन्नपूर्ण र सीमेभूमे, क्षेत्रपाललाई भनेको हो । गौरा-पार्वता भनेको देशका शिवशक्ति र विन्दवासिनी भनेकी ग्रामदेवीको प्रतीकमा लिइएको छ । गङ्गा-भवानी र सरस्वती भनेका कुल, गोत्र र थरले सृष्टिकालदेखि मानिएका इष्टदेवी हुन्, जसको विकल्प छैन । श्मशानी देवता गौतम गोत्रीय काँडाब्रह्म तिवारीका छाया हुन् । दशसम्राट जितारी मल्ल, जालन्धरी मल्ल, अक्षय मल्ल, आदित्य मल्लहरूले हाम्रा पुर्खालाई दिएको नेपा बिर्ता तिवारी जगन्नाथबाट कट्टा गरिदिएको र पछि जगन्नाथ तिवारीको अपुताली पर्दा कल्याणकारी छोरीका सन्तानको हैसियतले सेखीबाँकी सम्पत्तिसमेत सम्हालेका अर्थमा दाता मानेको हो भन्ने शैलीय धारणा छ । सुनाझाँक्री र बेताल भैरव भनेका बाह्य आक्रमणबाट जोगाउने रक्षकका प्रतीक हुन्, साथै बज्रपात, बाढीपहिरो, आँधीबेरी इत्यादि प्राकृतिक प्रकोपबाट त्राण पाउने आशाले कुलायनपार्षद्मा मान्यता पाएका हुन् भन्ने अनुभव हुन्छ । मलाई लाग्छ यी कुलायनहरू

सबै हिन्दू धर्मावलम्बीका साझा वर्चस्व हुन् । त्यसो भएकाले प्रत्येक सवर्ण समाजमा देवाली गर्ने प्रथा खस जाति र संस्कृतिसँगै अन्योन्याश्रय रहिआएको छ । (टङ्कनाथ शास्त्री नेपाल, काभ्रेपलान्चोक, पाँचखाल)

२५. सेतीका तारा (२०३४) पृष्ठ ७४-७६ को घटनाबाट (मस्टको गाथा) :

ढँडारेमस्टको धमारी – प्रस्तुत लोकपद्य धमारी जस्ताको तस्तै सार्नुभन्दा पहिले यसको घटनासारमाथि सङ्क्षिप्त प्रकाश पार्नु वाञ्छनीय हुनेछ । सम्भवतः यस छर्छराहट घटनाको समय चौधौँ शताब्दीतिरको अनुमान गरिएको छ । किनभने सुवाकोट-बुढाकोटका संयुक्त माण्डलिक (प्रशासक) सारूप्रताप बम्मका शाके १२२८ तिरका केही अभिलेखसहितका स्मारिका शिलास्तम्भहरू प्राप्त भएका छन् । त्यसउसले कालक्रमगत कुरामा सन्देह गरिरहनुपर्ने कारण छैन । जति बेला यो घटना घट्यो, त्यति बेला प्रशासक सारूप्रतापका प्रतिनिधि सिगारु बम्म सुवाकोट (वर्तमान बझाङको साहिकादरा) मा थिए । त्यससँग जोडिएको काँडादरा (वर्तमान बाजुराअन्तर्गत) भित्रको काँडासैन गाउँमा छुरी बोहरा, पिरी बोहरा नामका सहोदर दाजुभाइ बस्थे । ती दुईले रहरले बनेल पालेका थिए । दैवसंयोग एक दिन दाजु छुरीको बनेलको पाठो हरायो । सुरुमा आपसमा खटपट पनि पऱ्यो । आसु बोहराको सहयोग लिएर छुरी बोहरा ढँडारेमस्टसँग न्याय माग्न पुगे । त्यस बेला आदिमस्ट अर्थात् ढँडारेमस्टका धामी जयराज थिए । उनले (इन्द्रपुत्रले) बोहराको बोलबिन्तीमा मस्ट बोलाए । जयराजका आङमा उत्रेका आदिमस्टले भने – 'हेर छुरी बोहरा ! भनूँ भने तेरो भलो हुन्न, नभनूँ भने मेरो भलो हुन्न ।'

भनिदिन बारम्बार आग्रह गरेकाले आदिमस्टले भनिदिए – 'छुरी बोहराको बनेलको पाठो राजाको पेटमा पुग्यो ।' त्यस्तो जानकारी पाएपछि छुरी बोहरा तातेर सौगातसाथ सिँगारु बम्मसामु पुगेर भन्यो – 'महाराज ! न्याय पाऊँ ।' हठी राजा सिँगारु बम्मले गर्जिंदै भने – 'केको न्याय ?' 'मेरो बनेलको पाउ राजदरबारमा हरायो ।' राजाले जङ्गिँदै सोधे – 'तँलाई कसले सुनायो ?' छुरीले भन्यो – 'गोसाइँ ढँडारेमस्टले ।'

राजा सिँगारु बम्मले मस्टमाडौँ विध्वंस पार्नका लागि कलुवा लोहारसँग बाह्र धार्नी फलाम गालेर गबिरो (बन्चरो) बनाउन चारवर्षे भेडाको लाख लिएर ढँडार जान भन्यो । ती सामान लगेर मस्टलाई

आशागुर्जासहित आर्सी चढाउनुपर्दथ्यो । राजा आफू नगई अमर्यादित तरिकाले व्यवहार गरेकामा जयराजका आङमा उत्रेका मस्टले राजालाई धिक्कार दिँदै भने – 'राजा सिँगारु बम्मलाई कालले क्षमा गर्ने छैन, सबै सखाप हुनेछ ।'

गाथाको पूर्ण रूप –

१. पानी पन्यारा फुलिभ्काला जायो
इन्द्रका पुत्रले मस्ट बोलायो
कहाँ रोज्यो ठाउँ गोसाई ? कहाँ रोज्यो भोक ?
बानारसी ठाउँ गोसाई ढँडारा भोक
काडासैन छुरी बोरो पिरी बोरो दुई साक्य भाइ
छुरीको सुँगरी छाउरो कुन चडी खाई ?
धाउँदा धिपाउँदो छुरी ढँडार आई
चुचकोटी असु बोरा ? मेरो बलु ल्यान
धामी जयराजजखी निम्तो हालिद्यान
बासाखी साँझ बत्ती थालिद्यान
भोल्याउँ प्रभात पात बसिद्यान
कहुँ ता छुरी बोरो, तेरो भलो नाइँ
नकहूँ ता छुरी बोरो, मेरो भलो नाइँ
छुरीको सुँगरी छाउरो छलड्याले खायो
ताँ छै त छुरी बोरो निज घर आयो
कन्न बान्यो चामल बान्यो हात लियो दहीठेकी
धाउँदो धिपाउँदा छुरी बोरो सुवाकोट गयो
राजाखी सिँगरु बम्म हालिहान्यो वादी ।

२. सिँगारु बम्म हठी राजा चौसिँग्या हाँक्दो
हठी राजा हाकन्दो चौसिग्या छेकन्दो
राजाखी छुरीबोरो दिइठान्यायेय हाँक
हठी राजा ! सिँगारु बम्म ! मेरो बलु ल्यान
निया पाया बाइजाँदो हुँ निया बसिद्यान
क्याउरे भनन्त छुरी ? क्याउरे बोलन्त
मेरो सुँगरी छाउडा तमी चोडी खायो
कनले भन्याये छुरी ? कनले बोलन्थ्यो ?

मेरो गोसाई मस्टले भनी बोलायो
मस्टका गबिरा गउँतकी सीज
तेरो गोसाई मस्टखी मै दाखूँ भीच ?
बाँस्तोली कलुवा लोहार ! मेरो बत्नु ल्यान
बारधान्नी दव्वारवरको खिपु काटिद्यान
कलुवा लोहार खिपु काटिदियो
चौसिक्यो लाखको मष्तिष्क खीया निलाइदियो
साँकल्याइँ भाइ र मेरो वस्तु ल्यान
ढँडार मस्ट झाइबर निउँलो हालिद्यान ?
घाउँदो धियाउँदो भाइ ढँडार गयो
बासकि साँझ धामी ! दीप बालिद्यान
प्रभात धामी हो ! पात वसिद्यान ।

३. धामी जयराज सन्चितो भयो
आफ्नो चेत सन्चिन हुँला
पराया चेत झानऊँ मस्ट
हठी राजा सिँगारु बम्म ढँडार गयो
लुवाखीप हाल्या पाठो गविरा राख्यो
धामी जयराज पात बसिगया
मस्ट देउता कप्पु हालिगया
अठारे कम्पकि मस्ट बान्है कप्प आयो
चलइ गुसाई मस्ट गबिरा गयो
परलको छमर्को खचाङ खुचङ भयो
दसरी छमर्को बत्तीसै भाग्यो
तिसरी छमर्को लुवाखीप काट्दो
चउथ छमर्को लाख भोग भयो
पाँचउँ छमर्को धामी पात बस्यो
सुनऊ हठी राजा ! काल तिमी राखन्ना
छुरीको सुँगरी छाउडो तमी खाया छतड्या ?
पइलको कटाऱ्यो खम्बा लगिगयो
दुसरी कटाऱ्यो तमतमी भयो
तिसरी तमासा छतड्या, पाछ धेकौलो
खम्बका कटारा खम्बै रहिगया

हठी राजा सिँगारु बम्म घर भागिगया
ढँडार गया राजै ! क्याउ क्याउ भैछ ?
बाबुकि छुड्याउली ढँडारै रहिगैछ
दुसरी दिन हुरी चली आयो
छठी राजा सिँगारु बम्म हुरी उडायो
हुरी उडाई धुरी धुरी नाङ्गा फाल्यो
डाँडा फाल्यो हुरी डाँडाखके फाल्यो
चौका फाल्यो हुरी चौका लेक फाल्यो
सुवाकोटी राजाको सत्यानाश पाउन्नो
बाह्रैकोटी बाह्र राजा हुरी उडायो ।"

(ढँडारोमस्टका पुजाहारी भूमिराज जोशी बझाङ भालेखोलाको सौजन्य । 'सेतीका तारा' मा प्रकाशित पाठको केही अशुद्धिमा दीर्घराज जोशीबाट संशोधित ।)

२६. राउटे लोकजीवन

(६.२) भुइँयारप्रतिको अनन्य आस्था :

"भुइँयार अर्थात् भूमेदेवताको लौकिक सम्बोधन सीमेभूमे पनि पाइएको छ । यस देवतालाई स्थानभेद, कालभेदका कारणले कतै-कतै ग्रामदेवता र अधिकतम लोकले क्षेत्रपाल भन्ने गरेको पाइन्छ । यसको लौकिक तात्पर्य, मर्यादा र लोकभावनामाथि विचार-विमर्श गर्दा विशेषतः स्थानाधिपतिलाई लोकले व्यक्त गर्ने भावनाको अन्तर्नाद भन्नुपर्ने हुन्छ । यसको अन्य स्वरूप वनखण्डी वा वनदेवता हो भन्ने अनुमान हुन आउँछ । वस्तुतः स्थानाधिपतिको शाश्वत अनुभूति वनमा वनखण्डी र ग्राम वा पुर-नगरमा क्षेत्रपाल हुन्छ । त्यस हिसाबले भुइँयारलाई खेतीवालका देवता भन्न सुहाउँछ । खेतीका सुगम र सुलभ पैदावारको आशा राखेर खेतीवालहरूले भुइँयारको पूजा गर्दछन् ।

राउटेमा भुइँयारको पूजा गर्ने चलन पाइँदा यससँग तिर्यक् रूपले कुनै सांस्कृतिक उन्मेष छिपेको आभास पाइन्छ । तथापि वर्तमान जगत्ले भुइँयार वा क्षेत्रपाललाई जेजस्तो भावनाले मान्दछ, राउटेले चाहिँ यसरी मान्दैन । किनभने राउटेका भावनामा स्थान स्थापना गर्ने र मूर्तिपूजा गर्नुपर्ने बाध्यता पाइँदैन । एतावता राउटेहरू जब नयाँ ठाउँमा राउटी

सार्नुपर्ने निश्चयमा पुग्छन्, त्यस बेला उनीहरूलाई भुइँयारको स्मरण हुन आउँछ र कुनै रूख वा पानीका मूलमा पुगेर भुइँयारको आराधना गर्छन् र फूलपाती आदि तत्काल उपलब्ध उपचारद्वारा भूमेदेवतालाई सन्तोष गराउने प्रयत्न हुन्छ । यसका निम्ति कुनै निश्चित स्थान र समय हुँदैन ।

२७ (६.३) मस्टप्रति रहेको चिरन्तन र अगाध विश्वास :

स्थानीय ग्रामीण समाजमा जस्तै राउटे समाजमा पनि मस्टप्रति चिरन्तन एवम् अगाध विश्वास रहेको छ । मस्टलाई अभीष्ट दाताका भावमा मानिआएका हुँदा कतिपय राउटे मुखियाका हृदयमा यस्तो विश्वास प्रतिबिम्बित रहेको अनुभव हुन्छ – 'मस्ट रिसायो भने मान्छेले धेरै ठूलो खती सहनुपर्नेछ । अझ राउटेको हिँड्ने बाटो र गर्ने काममा गाउँलेले बाधा पारे भने कावामस्टले त्यस्तो बदमास गाउँलेलाई दण्ड दिनेछ । मस्ट रिसायो भने आकाश खस्छ ।'

राउटेसँग सद्भावना पाइरहेका कावामस्टका परिप्रसङ्गले पनि अन्वेषकहरूका हृदयलाई विगतका युगान्तकारी विप्लव र परिवर्तनहरूका छेकावार नघाएर इतिहासकालको त्यस कोटितर्फ आकर्षित पार्दछ, जसले निरन्तर गतिशील रहेका कतिपय समाजशास्त्रीय घटाटोपको रहस्योद्घाटन गरिदिन्छ ।

पाँचौं शताब्दीपूर्व अविभाज्य रहेको खससंस्कृतिको कौमोदकीय प्रकाशका अप्रतीम छविसँग निकटबाट चियाउन समर्थ कावामस्ट कुशद्वीपबाट प्रायः लोपको अवस्थामा पुगेर वर्तमान हाम्रा भ्रमणशील वनवासी राउटेसँग आत्मीय सम्बन्ध गाँसिरहेको छ भने यस तथ्यलाई महत्त्वपूर्ण सांस्कृतिक अंशमा लिन सुहाउँछ । मध्ययुगीन विप्लवका कतिपय प्रलयङ्कारी भेलले सीमाङ्कन गरेका मानवीय मूल्यका धार्मिक-सांस्कृतिक स्वरूपका अविभाज्य कौमुदीबारे खोज्न 'प्रेरणा दिने प्रेरक कावामस्टका शाश्वत स्वरूपसँग विनोदप्रिय रहिआएकाले होला, राउटेका हृदयाकाशमा धार्मिक विकृतिको प्रवेश नगण्य पाइन्छ । अन्ततोगत्वा ज्ञानैषणाका चरमोत्कर्षका' आशीकाहरूका लागि राउटे जनजीवनको महत्त्वपूर्ण पक्ष कावामस्ट हुन सकेमा मानवशास्त्र, समाजशास्त्रका अप्रतीम चमकका साथै सांस्कृतिक उर्जस्वितासमेत प्रकाशमा आउने अधिक सम्भावना मुखर हुन्छ ।

-------------- --------------

राउटे आफ्ना परम्पराका रूपमा प्रत्येक साउन र पुस महिनामा नागको पूजा गर्दछ भन्ने तथ्यसँग प्रायः स्थानीय जनजीवन परिचित छ। पूर्वप्रसङ्गमार्फत् यसै प्रस्तुतिले पनि ज्ञान गराएको छ । राउटे प्रजाति वर्षमा दुईपटक नागको पूजा गर्दछ । यस पूजागराइमा पुरातन छवि प्रतिबिम्बित छ-छैन, त्यसको झट्ट किटान गर्न त्यति सजिलो नभए पनि यस पद्धतिलाई परम्पराकै रूपमा ग्रहण गरेको अनुभव हुन्छ। अझ हितान थर भएका राउटेहरू त आफूलाई नागका सन्तान नै बताउँछन् । त्यसो हुँदा यस पद्धतिलाई परम्परा भनौं अथवा कौलीय अनुसरण गरेको ठान्न सकिन्छ।

राउटेले नागको पूजा गर्दा पानीको मूलमा गर्दछ । छुट्टै स्थान स्थापना गरेको वा कल्पनासम्म गरेको देखिँदैन । उसको भनाइअनुसार पानीको मूलका संरक्षक नै नाग हुन् । नाग प्रसन्न रहिरहे भने पानीका मूल सुक्तैनन्, जसबाट खानेपानीको हाहाकारबाट बच्न सकिन्छ।" (पृष्ठ १५४-५६)

पादटिप्पणी :

१. नेपाली बृहत् शब्दकोश, पृष्ठ १०५७ (२०५२)
२. प्रस्तोताको स्वाभिमत
३. संस्कृत हिन्दी कोश, पृष्ठ ७८१ (सन् १९९३)।
४. खस जातिको इतिहास, पृष्ठ १९०, १९१ र २४१।
५. सिँजाको ऐतिहासिक रूपरेखा, पृष्ठ ५।
६. कर्णाली प्रदेशको मध्यकालीन इतिहास (यात्री, २०४० मा दाखिला प्रतिवेदन तर अप्रकाशित पाण्डुलिपि)
७. स्वाभिमत
८. पूर्ववत्, पृष्ठ १०५७ (२०५३)
९. नेपाली शब्द परिचय, पृष्ठ ३२९ (व्यतिक्रम), पृष्ठ ४८८ (थप)
१०. पूर्ववत्, पृष्ठ १०५७
११. प्रज्ञा, अङ्क ५६ (२०४२)
१२. कर्णाली प्रदेशको मध्यकालीन इतिहास, पृष्ठ ५००-५०१, साझा प्रकाशन, २०५४

१३. नेपालको सामाजिक तथा सांस्कृतिक इतिहास, पृष्ठ २५ (लेखकको यो ग्रन्थ मुद्रणशील अवस्थामा छापाखानामा रहेकाले तथ्य र उद्धरणमा लिइएका पद-वाक्यमा पछि फरक नपर्ने ।)
१४. निर्माण संस्कृति विशेषाङ्क, पृष्ठ ९६, ९७ (१९९९)
१५. सुवेदी, पूर्ववत, पृष्ठ ५००-५०१
१६. भेरी लोकसाहित्य, पृष्ठ १९९-२००
१७. सेती अञ्चल दिग्दर्शन, पृष्ठ ३६८-४००
१८. बदलिँदो घामछाया, पृष्ठ ३२९-३३०
१९. सेतीको नालीबेली, पृष्ठ ६१
२०. पूर्ववत्, पृष्ठ ६२
२१. कर्णाली प्रदेश : एक बिटो अध्ययन, पृष्ठ १०३
२२. पूर्ववत्
२३. स्वाभिमतका साथै प्रस्तोताको स्थलगत अध्ययन
२४. नेपाल सौरभी (प्रथम पराग), अधीतव्य
२५. नेपाल सौरभी (प्रथम पराग), पृष्ठ ७
२६. पूर्ववत्, पृष्ठ ५५
२७. नेपाल सौरभी (द्वितीय पराग), पृष्ठ ३३
२८. पूर्ववत्, पृष्ठ ८७-८८
२९. कौशिकादि सन्तति, पृष्ठ १८३-१८९
३०. अन्वेषकको स्थलगत अध्ययन र कतिपय पूर्वानुमान पनि
३१. पूर्ववत्, पृष्ठ ५००-५०१
३२. पूर्ववत्, पृष्ठ ९०९
३३. सेतीका तारा, पृष्ठ ७४-७६
३४. पूर्ववत्, पृष्ठ २०२-२४८
३५. पूर्ववत्, पृष्ठ २३३, २३५, २३९, २४२
३६. राउटे लोकजीवन (संस्करण दोस्रो, २०५२), पृष्ठ १५४-१५६
३७. पूर्ववत्
३८. पूर्ववत्, पत्र नं. ३१

(प्रज्ञा त्रैमासिक, वर्ष ३०, नें. रा. प्र. प्र.)

खसबाहुनका कुलदेवता मस्टो

– कुलचन्द्र कोइराला –

पृष्ठभूमि :

नेपाल अधिराज्यको काली नदीदेखि मेचीसम्मको भूभाग र अझ त्योभन्दा पनि पूर्व भारतीय उपमहाद्वीपको आसाम प्रान्त, त्रिपुरा, मणिपुरसम्म छरिएका नेपाली मूलका ब्राह्मण, क्षत्रिय, ठकुरी एवं अन्य जातिहरूले कुलदेवता-इष्टदेवताका रूपमा पूजा गरिएका मुख्य देवता 'मस्टो' हुन् । यिनै मस्टोलाई स्थानविशेषमा पूजा गर्दा ठाउँ र गाउँको नामका आधारमा नामकरण भएको पाइन्छ । जस्तै, खापड मस्टो अथवा खापर या खप्परे मस्टोको उल्लेखबाट खप्तड (खेचराद्रि) का माण्डलिक प्रजाहरूले मानिएका कुलदेवता हुन् । बोडु मस्टो, थार्पा मस्टो, बाबिरो मष्ट, कव (कावा) मष्ट गाउँकै नाउँबाट प्रसिद्ध भएका छन् ।

मस्टोबारे प्रारम्भिक अनुसन्धान गर्ने त्रि. वि. का प्राध्यापक डा. प्रयागराज शर्माज्यू लेख्नुहुन्छ – जुम्लाप्रदेशमा अत्यधिक पुजिने देव मष्ट हुन् । प्रचलित जनविश्वासअनुसार मस्टोका परिवारमा नौ दुर्गाभवानी र बाह्रभाइ मस्टा गनिन्छन् । त्यस्तै अर्को बहुप्रचलित उक्तिअनुसार यिनीहरूको उत्पत्ति ढँडार वा खप्तडमा भयो । (ढँडार छुट्यौं, खप्तड फुट्यौं) सायद खप्तडमा आई यी देवहरू आ-आफ्ना दिशातिर लागे भन्ने उक्ति हो । मष्टमा चार वा पाँच नाम बहुपूजित छन् । ती हुन् बुडु, कव, बाबिरो र थार्पा । यिनीहरूको मूल स्थान तत्तत् नाउँ भएका जुम्लाका सिँजा, पाँच सय र गम दरा (थुम या प्रगन्ना) मा पर्दछन् । त्यसै गरी दाढ्या मष्ट पनि मष्टमध्येको प्रख्यात हो । दाढ्यामष्टको भेदमा दूधे मष्टको नाम लिइन्छ[1] ।

यिनै मस्टोविषयक चर्चा गर्दै पश्चिमी नेपाल काली, सेती र कर्णाली अञ्चलका कुनाकाप्चा चहारेर धर्म, संस्कृति र साहित्यको गहन अन्वेषण गर्ने श्री पूर्णप्रकाश नेपाल 'यात्री' ज्यू आफ्नो 'सेती अञ्चलको दिग्दर्शन' (पृ. ३९८) मा भन्नुहुन्छ – डोटेली लोकसंस्कृतिको कुरो कोट्याउनेबित्तिकै मस्टोको उल्लेख गर्नैपर्छ । आञ्चलिक संस्कृतिको

निछोटेर अध्ययन गर्दा एकातिर शिव, विष्णुका उपासकको सम्प्रभुता रहेको वैदिक अनुष्ठानको आधार मिल्दछ भने अर्कोतिर धामीझाँक्रीको प्रभुतातर्फ पनि दृष्टि नपुगी छाड्दैन ।

धामीवादको चरण उत्कर्षलाई बुझ्ननिम्ति मस्टोको प्राचीनताको अध्ययन गर्ने खाँचो देखिन्छ । यस समाजले कुन शताब्दीदेखि मस्टोको प्रभुतालाई स्वीकार गरी आयो, यस सम्बन्धमा अन्वेषण गर्नु पनि आवश्यक छ ।

यात्रीजी अगाडि भन्नुहुन्छ – सामान्यतः मस्टोका १२ भेद र ८४ उपभेद छन् । ४ समूहमा वर्गीकरण भएको तथ्य सामु पर्दछ । तीमध्ये ज्येष्ठश्रेष्ठलाई आदिमस्टो भन्दछन् र यिनको प्राचीनता बताउने आधार धामी नै हो । १२ भेदको सुरुआत आदिमस्टोदेखि हुन्छ र रुमालमष्ट २, दाहे्रमष्ट ३, खप्परमष्ट ४, टेढीमष्ट ५, मण्डलीमष्ट ६, दूधेमष्ट ७, लडेमष्ट ८, मुण्डामष्ट ९, रुद्रमष्ट १०, कैलीमष्ट ११, कालामष्ट १२ हुन् । यिनमा पनि चार विभेद अथवा समूह पाइन्छ । आदिमष्टदेखि क्रमशः टेढीमष्टसम्म रजोगुणी रक्तबलि खाने, मण्डलीदेखि लडेमष्टसम्म सत्वगुणी पायसबलि खाने र मुण्डादेखि कालामष्टसम्म तमोगुणी जता पनि भाग लिनेमा गनिन्छन् ।

मस्टोको खास उत्पत्तिस्थल मानसरोवरको आसपास, भन्नाले डोटी-कर्णालीकै भूभाग रहेछ भन्ने माने लाग्छ र आदिमस्टोको कैरनले यस्तो पनि दिग्बोध हुन्छ कि विक्रमको पाँचौं शताब्दीपूर्व नै बझाङको राजसत्तामा आएका सैपाल थापाको समयमा पनि मस्टोले मान्यता पाएको थियो । किन्तु 'असुरो मष्ट्या तुमरा ध्यान जागो' आदि गीतको प्रचलन गढवालतिर पाइने हुँदा यो हिमाली भेगको मात्र भन्न नमिल्ने भएको छ ।

डोटी, बझाङ र जुम्लाका रैथानेहरू मस्टोलाई स्थानीय देवाधिदेव ठान्दछन् । यसै मस्टोलाई विश्वका विभिन्न भागमा छरिएका नेपालीहरू आफ्नो कुलदेवता मान्दछन् । यसरी कुलदेवता मान्नुपर्ने मुख्य आधार पैतृक थलोलाई लिएको विश्वास हुन्छ । जस्तै तिमल्सैन गाउँबाट फैलिएकाहरू प्रायशः दूधेमस्टो पुज्दछन् ।

मस्टोको आवाहन गर्नेले साथै भवानी, झाँक्री, भैरव, बेताल आदि पनि पुकारेका हुन्छन् । मस्टो नेपाली परम्पराको आराध्यदेव नै देखिन

आएकाले यसको अझै विस्तृत अध्ययन हुनु आवश्यक छ। मस्टोप्रशासित क्षेत्रमा जुनसुकै जाति बस्न गएको भए पनि एउटा न एउटा मस्टो मानेकै हुन्छ। नेपाली क्षत्री, बाहुन र अन्य जातिको पनि बसैंसरा इतिहास छ। जीवननिर्वाहको खोजी र आफ्ना आश्रयदाताहरूको नयाँ ठाउँमा राज्यस्थापनले पनि नेपालीहरूलाई ठाउँ सर्न कर लाग्यो।

उपर्युक्त वाक्यांशहरू अनुसन्धाता 'यात्री' जीका हुन्। पुरातात्त्विक सामग्रीको अभाव र यसबारे वर्तमान नेपालबाहिर मस्टोदेवताको अस्तित्व नभएकाले भारतीय तथा युरोपीय विद्वान्हरूको अन्वेषण उल्लेख नहुनु र नेपाली विद्वान्हरूबाट पनि सुरु प्रयास मात्रै भएकाले यस विषयमा ठीक निष्कर्ष निकाल्नु सहज छैन। तर पुरातात्त्विक अन्वेषण र प्राप्त सामग्री एवं किम्वदन्तीहरूको सम्पुष्टि मूर्तिकलाबाट हुन सक्छ। आर्यसाहित्यले वैदिक र पौराणिक देवताको उल्लेख गर्दछ र ती विषय लिखित रूपमा प्राप्त हुने हुँदा त्यसको इतिहासको निश्चिति सहजै छ। उपर्युक्त आधार नभएको विषयमा भने ऐतिहासिक अनुश्रुति, परम्परागत लोकमान्यता र देवताको अस्तित्व नै सर्वोपरि हुन्छन्। पौराणिक कथा पनि अनुश्रुति नै हुन् र यसैबाट इतिहासका तानाबाना पनि बुन्न सकिन्छ।

बहुसङ्ख्यक नेपालीका सर्वमान्य देवता तथा कुलदेवताका रूपमा पूजित मस्टोले नेपालको ऐतिहासक र भौगोलिक अस्तित्वलाई स्पष्ट रूपमा देखाएको छ। महाकालीपश्चिममा मस्टोको विशेष पूजा र कुलदेवताका रूपमा स्थानगत अस्तित्व नपाइनुले पनि नेपालको पुरातन सीमारेखा कोर्दछ भने भाषा (तद्भव र तत्सम शब्दावलीहरू) र केही सांस्कृतिक मान्यताहरू एवं धार्मिक पक्षहरूले महाकाली पश्चिमबाट मानवसमूह पूर्वतिर सर्दै आएको माने तापनि खास नेपाल र नेपाली समाजको प्राचीनताको छुट्टै अस्तित्व भने मस्टोले नै देखाएको छ। सम्भवतः खस संस्कृतिको यो मान्यता गढवाल र कुमाउँमा दक्षिणबाट आउनेहरूको आर्यसंस्कृतिले पछाडि पाऱ्यो भन्न सकिन्छ।

यात्रीजीको अन्वेषणमा मस्टो मानसरोवर कैलाश क्षेत्रका देवता हुन् र आर्य इतिहासको सुरु, भनौं सृष्टिको आदिथलो पनि हाम्रा आर्यग्रन्थहरूले यसैलाई मानेका छन्। मानसरोवर कैलाशको पठारदेखि पश्चिम क्यास्पियन (कश्यप) सागरको उत्तर-पश्चिमी क्षेत्र (वर्तमान दक्षिण रूस) सम्म आर्यसन्तानको जन्मभूमि, कर्मभूमि एवं विचरणक्षेत्र हो

भन्ने कुरा पुरातात्त्विक सामग्री र आर्यसाहित्यले नै पनि केही हदसम्म पुष्टि गर्दछन् । हाम्रो वैदिक साहित्यमा उत्तर कुरु प्रान्त हिमालयउत्तरकै क्षेत्र मानिन्छ जहाँ देवविद्याका ज्ञाता यज्ञनिष्ठ कर्मिष्ठ ब्राह्मणहरू बस्तथे र जसको भाषा शुद्ध संस्कृत (देवभाषा) थियो भन्ने कुरा 'शतपथब्राह्मण' तथा 'बृहदारण्यक उपनिषद्' द्वारा पनि थाहा पाइन्छ ।

जनलोक (ठूला-ठूला कविताको आवादी) सूचक स्थान कश्यप सागरको किनार नै हो । त्यहाँ यो सातौं मन्वन्तरका प्रजापति कश्यपको आश्रम थियो र उनका प्रजा नाग, यक्ष, राक्षस, सुर, असुर, दानव, गन्धर्वका गण (समूह) यही हिमाली शृङ्खलाको उत्तर तथा दक्षिण भागलाई नै आफ्नो आदिम थलो बनाएर विचरण गर्दथे । सबैका आदिपतिका रूपमा प्रजापति कश्यप थिए, जसलाई प्रजापति भनिन्थ्यो । उपर्युक्त जातिका सन्तानले नै आफ्ना आदिपुरुषलाई देवत्वका रूपमा हेरेर मान्यता दिँदै आएका छन् । मानववंशको इतिहास कश्यपबाटै सुरु हुन्छ ।

वैज्ञानिक आधारबाट हेर्ने हो भने विश्वका अन्य मानव-समुदायभन्दा धेरै अगाडि नै हिमालयको वरिपरि निवास गर्ने जातिले नवपाषाणकालबाट धातुयुगमा प्रवेश गऱ्यो, सृष्टि-स्थितिका बारेमा चिन्तन र मनन गऱ्यो तथा आफ्नो सभ्यताको मानसिक र भौतिक दुवै रूपमा विकास पनि गऱ्यो ।

ऋग्वेदकाललाई आफ्नो विकासको सापेक्षतामा हेरेर अड्कल गर्ने पाश्चात्य मनीषिहरूको विचारलाई यसैकारण पहिले नै नकारिसकिएको छ, किनकि वैदिक साहित्यको चिन्तन र निर्णायक पक्ष निकै गहन छ । वेदका आधारमा नै अन्वेषण गर्ने भारतीय विद्वान्हरूको तर्कलाई नै अन्य ठोस प्रमाण नपाएसम्म मान्ने हो भने पनि वि. पू. ४ हजारदेखि ६ हजार वर्षसम्मको काललाई ऋग्वैदिक काल भनेर यस अन्वेषणमा मानिसकिएको छ । यस अन्तरालभित्र नै आर्यसन्तानका शाखा-प्रशाखाले विभिन्न गण (समूह) मा आफूलाई विभाजन गरिसकेका थिए । कुश, कश, शक, पार्थ, मग आदि अनेक गणमा विभाजित आर्यसन्तानले वैदिक कालभन्दा अगाडि नै पूर्व-पश्चिममा छरिन सुरु गरे ।

युरोपीय समुदाय, युनानी समुदाय, स्लाभ क्यास्पियन सागरको पश्चिम उत्तरमा बस्ने महाशक समुदाय, वंक्षुका तीरमा बस्ने सुग्ध काशगर (खसगिरी) मा बस्ने कश वा खस, हिन्दूकुश पर्वतमालाका

वरिपरि बस्ने कुश वा खस समुदाय, पश्चिमी इरानका असुर समुदाय, पारसी वा पार्थिव समुदायहरू, युनानीहरू आफ्ना गणनायकका नाउँबाट विभाजन भएको कुरा ऐतिहासिक सत्य हो । यस्तै अनु, द्रह्यु, पुरु, तुर्वसु, यदु आदि मुख्य र भरत, तृत्सु, पक्थ, अलिन, काशी आदि ऋग्वेदबाट जान्न सकिने गण (समुदाय) हरू सिन्धुका वारिपारि आवाद थिए भन्ने कुरा पनि ऐतिहासिक सत्य नै हो । वेदमा अगाडि नै फुटेका वर्गको कुरा पाइँदैन र समीपवर्ती गण-समुदायको मात्र उल्लेख छ ।

पाश्चात्य अन्वेषक मनीषिहरूले अनुमान गरेका निगृतो र त्यसपछिका अस्त्रोलाइद भनेको जाति पनि आर्यसन्तानको विस्तार हुनुभन्दा अगाडि नै यस उपमहाद्वीपभित्र अस्तित्वमा थियो भन्ने कुरा पनि अन्वेषकहरूले चर्चा गरिसकेकै छन् । हिन्दूकुश पर्वतमालादेखि पूर्व समुद्रसम्म र दक्षिणमा विन्ध्याचलको महारण्यसम्म फैलिन पुगेको खसजातिलाई पनि खससंस्कृतिका अन्वेषकहरूले प्रमाणित गरिसकेका छन् । पश्चिमबाट सिन्धुप्रदेशमा आर्यमूलका जातिहरू पूर्वतिर पसे भने पूर्वबाट मङ्गोलियन मूलका किराँतजातिहरू पनि आर्यसन्तानसँग भेट्न यमुनाको वरिपरिसम्म पुगेको कुरा पनि नृतत्त्व तथा भाषाशास्त्रीले मानेका छन् । साथै प्राप्त अवशेष र आर्यसाहित्यले पनि भनिरहेकै छन् । त्यो यायावरी युगमा पूर्व क्षितिजको पश्चिम र पश्चिमको पूर्व क्षितिजका भूभाग छुन पुगेका छन् ।

यो ऐतिहासिक सम्मिश्रणबाट धर्म, संस्कृति र भाषाको आदानप्रदान भएन भन्ने कुरा सत्यबाट पर हुन्छ । समन्वयात्मक संस्कृति नै आजको नेपाली संस्कृति हो । विश्वका मानव-संस्कृतिको विकास पनि यसरी नै भएको छ । संस्कृति-सम्मिश्रणले मानव-सभ्यता विकसित भएको छ । चिरकालदेखि नेपाली समाजमा चलेको शब्दावली खस, बाहुन, पुहुनी, तागाधारी र मतवाली, विष्ट आदिको पनि त्यत्तिकै ऐतिहासिक महत्त्व रहेको छ । यी सबै जाति वा वर्गविशेषले मस्टोप्रति आस्था र विश्वास राखेकै छन् ।

केही नेपाली विद्वान्हरू खस भन्ने शब्दबाटै तर्सन्छन् । नेपाली भाषामा खस शब्दको खस्नु (तल झर्नु) अर्थ सम्झेर अपमानजनक जस्तो मानेका होलान् । तर खस शब्द तल्लो वर्गबोधक नभएर एक गणवाचक (समूहवाचक) शब्द हो । बङ्गाली, मैथिली, द्रविडी, मार्वाडी, गुजराती भनेर

स्थानविशेषका जातिलाई भन्दा त्यसभित्र ब्राह्मण, क्षत्री, वैश्य र इतर जाति पनि सम्मिलित हुन्छन् । त्यो ठाउँमा बसेका वा त्यो भाषाभाषीभित्र उच्च, नीच, गुणी, मूर्ख सबै नै पर्न आउँछन् ।

यस्तै आर्यसन्तानभित्रकै एक शाखा खस पनि हो र यो समूहको रूपरङ्ग, धर्मसंस्कृति, आकारप्रकार आर्यसँग नै मिल्दछ । शक वा कश, पारसी वा पार्थिव, हित्ती वा कसाइट, मेद वा मग आदि स्थानगत तथा गणवाचक शब्दले जातिबोध गराए पनि सुरु-सुरुमा धार्मिक आस्था र देवता सबै गणका एकै थिए भन्ने कुरा पनि अन्वेषणकर्ताले प्रमाणित गरिसकेका छन् ।

आर्यहरूका निम्ति पृथ्वी, अन्तरिक्ष र स्वर्ग तीन लोकको अस्तित्व वेदले नै निश्चित गरेको छ । त्यस्तै ईश्वरको तेजोमय रूप, पृथ्वीका अग्नि, अन्तरिक्षका मरूत्, (विद्युत्रूप अग्नि) र दिव (स्वर्ग) का सूर्य पनि वेदद्वारा नै मानिन्छन् । सारा वैदिक वाङ्मयले यिनै त्रिस्थानीय देवतालाई नै प्राणशक्तिका रूपमा व्याख्या गरेको छ । यस सौरजगत्को अस्तित्व पनि सूर्य नभए सम्भव थिएन भन्ने कुरा वैज्ञानिक सत्य हो ।

वास्तवमा सूर्य नभए पृथ्वीमा जीवको अस्तित्व रहन सक्थ्यो वा सक्तैनथ्यो भन्ने कुरा विचारणीय छ र यदि मरुत् देवता (वायु) नभए पनि जीवजन्तु रहने थिएनन् । अथवा आप (पानी) पनि बाँच्नलाई त्यत्तिकै आवश्यक छ । तेज बीजमय भए आप रजोमय हो । विनारजवीर्यको संयोगले प्राकृतिक सृष्टि सम्भव छैन । यसरी पञ्चतत्त्वको परस्पर मिलनबाट नै जीवसृष्टि भएको छ भन्ने कुरालाई हामीले स्वीकारेका छौं ।

यसरी धर्तीका निवासीहरूको चिन्तनप्रक्रियाले वास्तविक तथ्यका आधारमा प्राणरूप तत्त्वको देवताका रूपमा परिकल्पना गरेर उपासना गऱ्यो, जुन कुरालाई अज्ञान र अन्धविश्वास मात्र भनेर पन्छाउन सकिँदैन ।

आर्यहरू अग्निका उपासक थिए । परशु (इरानी) का पनि मुख्य देवता अग्नि नै हुन् । पृथ्वीस्थानीय सूर्यरूप अग्निद्वारा नै जीवको कल्याण हुनेमा विश्वस्त भएकाले नै प्रत्यक्ष देवता अग्निको यज्ञद्वारा सेवा गरियो । यस्तै परशु (पारसी) आर्यशाखा पनि अग्निकै उपासक हुन् भन्ने कुरा अवेस्ता (वेद) बाट थाहा हुन्छ । आर्यशाखाका प्रशाखा शकजाति, जसलाई ऋषिकजाति पनि भन्छन्, दिव-देव सूर्यका उपासक थिए भन्ने कुरा

सूर्यमन्दिरको निर्माण र सूर्यप्रतिमाले बताउँछ र आफ्नोजस्तै रूपरङ्ग, पहिरनको परिकल्पना सूर्यमूर्तिमा पनि गरेकाले शकजातिकै इष्टदेवता सूर्य हुन् भन्ने कुरा इतिहासबाट सावित हुन्छ । हाम्रो पुराणले पनि यसको समर्थन गर्छ ।

अन्तरिक्षका देवता 'मरुत्' मेघ बिजुलीका सृष्टिकर्ता र वायुरूपले सर्वव्यापी भएर रहेका असु (प्राणस्वरूप) को महत्ता वेदमा नै बखानिएको छ । शकशाखाको इष्टदेवता सूर्य भएजस्तै शक वा कशशाखाका कुलदेवता मरुत् भएको कुरा प्राप्त प्रमाणबाट थाहा हुन्छ ।

पश्चिमेसिया एसियामाइनर (इराक) मा १४४० वि. पू. तिर शासन गर्ने हित्तीजाति (जसलाई खसशाखा नै मानिन्छ) का देवता तिशूव (शिवको मरुत्रूप) को एक मूर्ति सन् १९३० को पुरातात्त्विक उत्खननबाट फुराँत नदीको किनारामा कारचेमिस तेल-जल-अहमार (प्राचीन तिल-बराशय) भन्ने ठाउँमा प्राप्त भएको छ । यो हाल अलप्पोको राष्ट्रिय सङ्ग्रहालयमा राखिएको छ । साँढेमाथि खडा भएको यो मूर्तिको शिरमा दुई पङ्खाका बीचमा अर्धचन्द्राकार नाउमाथि सूर्यको गोल बिम्ब राखिएको छ । मूर्तिको एक हात माथि उठेर परशु धारण गरेको छ, शिरमा चन्द्रमा र देब्रे हातमा त्रिशूल लिएको छ । साँढेमाथि उभिएको यो मूर्तिको असिरियाका असुर राजाहरूको जस्तै दाह्री देखिन्छ र घुँडामाथि कम्मरमा चर्म बाँधिएको छ । पाउमा पुरातनकालमा लगाइने अगाडिको नोख (चुच्चो) माथि उठेको जुत्ता लगाइएको छ, जुन जुत्ता आज पनि सिरियायी मानिसहरू लगाउँछन् । यस प्रकारका जुत्ता भारतमा मुसलमानहरूले ल्याए र कतै-कतै अझै पनि देख्न पाइन्छ ।

यसबाट के थाहा हुन्छ भने वैदिक कालभन्दा अगाडि नै विभाजित आर्यगणको खसशाखाको पनि मित्तन्नी, हित्ती प्रशाखाहरूमा वैदिक देवताको अस्तित्व थियो । साथै पश्चिम एसियाका देशहरू बेबिलोन, युनानमा मूर्तिपूजा चलेकाले मरुत्को पनि मूर्ति बन्यो । तर अगाडि नै कास्मिरतिर झरेका खसगणले चाहिँ निराकार रूपमा नै मरुत् पुज्ने गरे ।

पश्चिम एसियामा पाइएको यो 'मरुत्' देवताको मूर्तिले भारतीय आर्यहरूको शिवरूपमा साम्य राख्तछ भने पङ्ख फैलाएका चन्द्रमा नै पारसी जरथुस्त्र धर्मको प्रतीक जरितारिको समता भएको पाश्चात्य

अन्वेषकहरूले ठहराएका छन् ।[२] ऋग्वेदका मन्त्रहरूमा मरुत् र शिवको निरन्तर साहचर्य छ र मरुत्‌लाई शिवपुत्र भनिएको छ । विद्युत्‌रूप अग्निका प्रतीक मरुत् हुन् भने शिवलाई पनि अग्निरूप र सूर्यरूपमा वेदले स्तुति गरेको छ । विभिन्न गोत्रका आर्यकुलमा शिव, विष्णु, दुर्गा आदि देवी-देवतामध्ये कुनै एकलाई आफ्नो वर्गको विशेष इष्टदेवता मान्ने र सामूहिक रूपमा सबैलाई श्रद्धासाथ पुज्ने परम्परा आज पनि रहेकै छ । यस्तै आर्यले अग्नि र इन्द्र, पारसीहरूले अग्नि र मित्रावरुण, शकहरूले सूर्य र खसहरूले मरुत् इष्टदेवता मानेर सामूहिक रूपमा इन्द्र, वरुण, सूर्य, अग्नि, मरुत्, वसु आदि वैदिक देवतालाई पनि मान्दथे भन्ने कुरा पुरातात्त्विक अन्वेषण र परम्परागत प्रचलनबाट सिद्ध हुन आउँछ ।

वैदिक संहितामा उल्लेख भएका देवताहरू वैदिक संहिताको सङ्कलनभन्दा अगाडि नै अस्तित्वमा थिए भन्ने कुरा पनि अन्य गणका दैवी मान्यताबाट ज्ञात हुन्छ ।

इतिहासका अन्वेषकहरूका अनुसार अराल समुद्रको पूर्वी-दक्षिण भागमा बस्ने कशजातिको एक शाखा कस्साइट नाउँले पश्चिम एसियाको भूखण्डमा पसेर पर्वतीय जातिका रूपमा बस्यो । केही समयमा सुमेर, बेबिलोन, सिरिया, मिश्र आदि राज्यलाई विजय गर्दै विशाल साम्राज्य खडा गर्न सफल भयो भनेर इतिहासवेत्ताहरू मान्दछन् । यस्तै दक्षिण-पूर्व लागेको शाखाले हिन्दूकुश पर्वतमाला पार गरेर अफगानिस्थान, कास्मिर, जालन्धर आदि ठाउँमा बस्ती बसाउँदै पूर्वतिर महाभारत शृङ्खलाको उत्तर र दक्षिणतिरबाट बढ्दै आसाम, ब्रह्मपुत्रभन्दा पारिसम्म पुगेर आफ्नो शाखाको विस्तार गऱ्यो ।

राहुल साङ्कृत्यायन मध्येसियाको इतिहास (पहिलो भाग) मा शक जातिहरूको वर्गीकरण गर्दै भन्दछन् – दोनपूर्व, क्यास्पियन सागर उत्तर, अराल समुद्र र सीर नदीको मध्यभागसम्म मसागित (महाशक) जातिको विस्तार थियो । अराल समद्रको नजीक निम्नवक्षु उपत्यकामा र ख्वारेज्ममा पनि शकजाति नै फैलिएको थियो । यो शकशाखाको दक्षिण क्यास्पियन सागरको किनारमा 'दहा' नामक घुमन्ते शकजाति बस्तथ्यो । यही दहाजातिबाट नै पछि पार्थजातिको विकास भयो ।

मसागित (महाशक) जातिको पूर्व सीर नदीको माथिल्लो उपत्यकाको उत्तरी भागमा तरीम नदीसम्म (सकमौरा) प्राक् सइ वुङ

जाति निवास गर्थ्यो । अल्ताईमा प्रग्बुसुन जाति थियो, जो पछिल्लो समयमा बुसुनजाति जन्माउने पुर्खा बन्यो । योभन्दा पूर्व ह्वाङहो नदीको नजीक कानसुतक युची (कुषाण) जातिका पूर्वजहरू बस्तथे । तरिम उपत्यका (सिङ्कियाङ) मा शककै एक शाखा खसजाति थियो, जो काराकुरम गिरिमाला पार गरेर गिलगित हुँदै कास्मिरमा फैलियो र फेरि अघि बढ्दै नेपाललाई खसभूमि बनाइदियो । यो सम्पूर्ण खसजाति पाँच शताब्दीसम्म पित्तलयुगमा थियो ।

मसागित शब्द मसाग - महाशग - महाशकबाट बनेको हो । अथवा महाशक - महाशग - मसाग - मसागित हुँदै विकास भएको हो । यो ज्यादै ठूलो जनसमूह भएकाले महाशक भनिन योग्य पनि थियो । यो जातिको पश्चिम (अर्थात् क्यास्पियन सागरपश्चिम) सरमात (सरमायिन) जाति थियो र यो पनि शकजातिकै एउटा शाखाभेद हो ।

बुसुनजाति पनि शकजातिकै एक शाखा हो । यो अल्ताई (स्वर्णभूमि) मा थियो कङ्ग । यो पनि शककै शाखा हो र कज्जाकिस्तानका बासिन्दा यो जातिका उत्तराधिकारी हुन सक्तछन् । यो जाति अराल समुद्रको उत्तर बुसुनजातिभन्दा पश्चिम-उत्तरमा बस्तथ्यो, जसको उल्लेख महाभारत र पुराणमा पनि पाइन्छ । यो पनि आर्यको आदिमयुगीन शाखा नै थियो । छैटौं शताब्दीसम्म कङ्गजाति मध्येसियामा बाँचेको थियो र पछि तुर्क र सोग्दीजातिमा यसको विलय भयो । कङ्गजातिको स्थानलाई अझै कङ्गो भनिन्छ ।

रसियन इतिहासविद् डा. बेनादस्कीको भनाइअनुसार कङ्गोभन्दा पश्चिममा बस्ने सरमान जातिकै वंशज अलान हुन् । अलानबाट नै अन्ति भयो । स्कलाव (शकलाव) पहिले एउटै नामधारी थिए र भाषा पनि एउटै हो । त्यस्तै रूपरङ्ग पनि एकै थियो र अत्यन्त बर्बर बोली बोल्दथे । अग्ला, हट्टाकट्टा, कैला केश, गौर वर्ण र अग्लो नाकवाला थिए, महाशकजातिजस्तै कठोर जीवन बिताउँथे ।

बेनादस्की भन्दछन् – सुरमात तथा अन्तिजाति कज्जाखबाट पश्चिम सर्दै ई. पू. दोस्रो शदीतिर दक्षिण रूसमा आए । उताबाट आउनेमा यही जाति बलियो थियो र दोन उपत्यका, ककेससलाई निवासस्थान बनायो । अलान - अन्ति - अस्सी - अस्, यही विकासक्रम

हो र अन, असु या यासु यही जाति हो, जसले वंशज आधुनिक ओस्सेती हो । पूर्वी स्लाभ (आधुनिक रूसी) जातिको निर्माणमा यसै जातिको ठूलो हात छ ।

मध्येसियाको इतिहास (भाग १, पृष्ठ १३८) मा राहुल भन्दछन् – उत्तरापथ सिकियाङमा आरम्भिक शकजाति बस्तथे । शककै वंशज यूची (कुषाण), तुषार, सइवङ, बुसुन, अलान (ऋग्वैदिक अलिन ?), सरमात, समागेत, कशजाति हुन् । इस्वीको दोस्रो शदीतिर शकभूमिमा उत्तरपूर्वबाट हुण (मङ्गोलियन) फैलिए । हुणका वंशज अवार, जुजुन, तुर्कहरूले शकभूमिमा शासन गरे । ७६६ इस्वीसम्म तुर्कको राज्य रहँदासम्म पनि तरिम उपत्यका शकवंशज तुषारजातिको अधीनमा थियो र यो क्षेत्र भारतकै अङ्ग थियो । यस बेलाका धेरै अभिलेखहरू तकला मकानको मरुभूमिमा पाइएका छन् । त्यसमा तुखारी प्राकृत भाषा र ब्राह्मी लिपिको प्रधानता पाइन्छ । धर्ममा बौद्ध, इसाई, नस्तोरी, जरथुस्त्र (इरानी) को पनि प्रचार थियो र सबै मिलेर बसेका थिए । इस्लामी आक्रमणपछि धेरै मारिए, लुटिए र दास बनाइए । यसपछि बुद्धिस्टहरू नेस्तोरी साधुलाई साथ लिएर लद्दाखतिर पसे । तरिम उपत्यकाका आठ नगर ६९२ मा तिब्बतको अधीन भयो । यसमा काशगर, खोतान, अबसू आदि सहर पर्दछन् । (मध्येसियाको इतिहास, भाग १)

सातौँ शदीका यात्री हुएन साङ सप्तनद चु उपत्यकादेखि आमू नदीको उपत्यकासम्म एउटै सोग्दी भाषा र लिपिको उल्लेख गर्छन् । सप्तनद (शकभूमि) को व्यापार र कृषिकर्म गर्ने सोग्दीजाति शककै प्रशाखा थियो ।

यी उपर्युक्त कुराको यहाँ चर्चा गर्नुपर्ने आवश्यकता किन पऱ्यो भने विक्रमपूर्व ३००० वर्षदेखि तेस्रो शताब्दीसम्म जुन जातिको शाखा-प्रशाखाको दबदबा मध्येसिया, पश्चिमेसिया र युरोपका भूभागमा व्याप्त रह्यो तथा अफ्रिका महादेशका उत्तरी भूक्षेत्रमा ई. पू. २१ सय वर्षतिर नै पनि साम्राज्य कायम गर्न सफलता पायो, जुन जातिकै एक खस शाखाले हिमालको दक्षिण काखैकाख पसेर ब्रह्मपुत्रसम्म हलचल मच्चायो र आर्यशाखामा आत्मसात् गरेर कतिपय ठाउँमा अस्तित्व विलोप गरे पनि नेपाल, कास्मिर आदि हिमाञ्चल क्षेत्रमा केही अस्तित्व बाँचेकै छ, त्यसको लेखाजोखा नगरी लेखिएको सांस्कृतिक पक्ष सधैँ अपूर्ण रहन्छ ।

आर्यहरूको इतिहास साहित्यिक दृष्टिबाट ऋग्वेद र सप्तसिन्धुको भूभागबाट सुरु हुन्छ । तर मूल सृष्टिको थलो पहिल्याउँदै जाँदा मानसरोवर र कैलाशको अन्तराल नै ब्रह्मसृष्टिको मुख्य स्थान सिद्ध हुन आउँछ ।

हाम्रा इतिहास र पौराणिक गाथाले अतिरञ्जनायुक्त वर्णन गरेका मानस, आर्यसंस्कृतिका मर्मज्ञ र व्याख्याता महाकवि कालिदासको यक्षनगरी अलका, भगवान् शङ्करको क्रीडाभूमि, सप्तर्षिहरूको तपोभूमि सबै यही मानस-कैलाशकै सेरोफेरोमा पर्न आउँछन् । आर्य भनिने जातिको मूल नर्डिकजाति भनेर नृतत्त्ववेत्ताले भनिने जातिको आदिम स्थल पुरातत्त्ववेत्ताका दृष्टिमा मध्येसियाका तिनै क्षेत्र मानिन्छन् ।

यद्यपि राहुल साङ्कृत्यायन कास्मिर, जालन्धर, कुमाउँ, नेपाल हुँदै खसजाति पूर्व लागेको समय इसापूर्व ७०० तिरको अनुमान गर्दछन् र किराँतपछि खसको आगमन भएको मान्दछन् । किन्तु मध्येसियामा १२०० इसापूर्व नै अस्तित्वमा आएको खस (कस्सी वा कस्साइट) नेपालमा किराँतभन्दा अगाडि नै गोचारकका रूपमा पसेर राज्य जमाउने शैव गोपालजातिको वंशावलीमा वर्णन पाइनु र महाभारत र प्राचीन मानिएका पुराणहरूमा चर्चित खस प्रशाखा इसापूर्व ३००० को लगभग नै छरिएको अनुमान हुन्छ । इ. पू. २१०० तिर नीलघाटीमा कुश साम्राज्य खडा भएको कुरा पनि प्राचीन इतिहासकारहरू नै मान्दछन् ।

मध्येसियाको इतिहासमा इसापूर्व १२०० वर्षका उत्खनन सामग्रीमा शक शाखाका सामग्रीहरू पाइन्छ तर खसको सभ्यताका चिह्नहरू पाइएनन् भन्ने कुरा पनि राहुलजी नै लेख्तछन् । काशगर (काशगिरि), खोतान, हिन्दूकुश, हिमालयउत्तरका देश र कास्मिर आदि दक्षिणका देश, नेपालदेखि नागाल्यान्डसम्म अस्तित्वमा रहेको खसजातिलाई देखेर विशाल खस शाखाको अस्तित्वलाई पनि उनी स्वीकार गर्दछन् । यसबाट पनि मध्येसियाका क्षेत्रमा शक-कुषाण शाखाको चकचकी हुँदा खसहरू पश्चिमेसिया र हिमाल दक्षिणको विशाल भूभागमा छ्याप्छ्याप्ती फैलिइसकेका थिए भन्न सकिन्छ ।

ऋग्वेदमा दासराज्ञयुद्धको सन्दर्भमा काशीजातिको उल्लेख भएको छ । आर्यहरू सरस्वतीकिनारमा निवास गर्दा यो जाति छिमेकीका रूपमा

थियो भन्ने कुरा सिद्ध हुन्छ र सायद यो गण कास्मिर घाटीमा नै आवाद थियो । यसैको शाखाको नाउँले काशी, कुशस्थली (मथुरा) आदि नाउँ रहेको मान्न सकिन्छ ।

कैलाश मानसखण्डमा प्राचीन समयदेखि नै यो खसजाति थियो र यसका वंशहरू किराँत र हुण (तिब्बतीयन) जातिसँग मिश्रित भएर वर्तमान र पश्चिमी तिब्बतीयन जातिका रूपमा बाँचेका छन् । एट्किन्सनको विचारमा भारतीय पुराण र साहित्यमा वर्णित यक्षजातिलाई उनी यक्ष-यकश-कश-खस भएको मान्दछन् । गरुडपुराणबाट पनि कश्यपकी खशा पत्नीबाट राक्षस र यक्ष भए भन्ने कुरा थाहा पाइन्छ । कालिदासले यक्षजातिलाई राजा र राजाका पनि राजा एवं कैलाशवासी शिवका मित्र भनेर कुबेरको वर्णन 'मेघदूत' मा गरेका छन् । स्वर्णगिरी (सुनखानी) भएको ठाउँ विभिन्न मूल्यवान् पत्थरको खानी भएकाले त्यो भूखण्डलाई निवासभूमि बनाउने त्यहाँका जातिबाटै पिपीलिका, स्वर्णचूर्ण, जडिबुटी, रत्नमणिहरूको भारत, इरान, बेबिलोन र पश्चिमी रोमसम्म पुगेको कुरा ऐतिहासिक सत्य हो । यस्ता खानी भएका ठाउँका यक्षहरू धनी थिए । धनी भएकाले (राजराजेश्वर) र खानीका रक्षक हुँदा नै राक्षस भएका र खानी गुप्त रूपमा राख्ने हुँदा गुह्यक नामले अभिहित भएका थिए । पौराणिक कथाको वर्णनबाट यक्ष, राक्षस तथा गुह्यकमा पनि त्यति अन्तर पाइँदैन । कार्यविभाजनले नै यक्ष जातिका विभिन्न नाम रहेका हुन सक्छन् ।

वन, वनौषधि, पशु तथा रोगव्याधिका देवता रुद्रको महत्त्व ऋग्वेदमा पाइन्छ भने मध्यवैदिक कालतिरको यज्ञसाधना, देवताका प्रतिको चिन्तन-धारणा यजुर्वेदबाट जान्न सकिन्छ । यजुर्वेदका रुद्र सर्वव्यापी, सर्वशक्तिमान्, इन्द्ररूप, सूर्यरूप, मरुत्‌रूप, जटाधारी, मडकेशी, खड्ग, धनुर्धारी, सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा वर्णित छन् । शुक्लयजुर्वेदको १६ अध्याय रुद्रयज्ञको नामले उल्लेख छ जसलाई 'रुद्री' भनेर हामी आज पनि शिवको उपासनाका निम्ति पाठ गर्दछौं । त्यसमा रुद्रका सहस्रौं नाम र कामको चर्चा आएको छ । शङ्कर, शिव, भव, मृड, कपर्दी, हरितकेशी आदि भनेर पुकारा गरिएको छ । उक्त अध्यायका अन्तिम मन्त्रहरूमा दिवि (स्वर्ग) स्थानीय रुद्र, जसका वर्षारूपी वाण छन्, अन्तरिक्षका रुद्र, जसका हावा र वर्षाका जल नै वाण छन् र

पृथ्वीस्थानीय रुद्र, जसका अन्न वनौषधि नै वाण छन् भनेर स्तुति गरिएको छ । यसरी सर्वत्रगामी, सर्वव्यापी शिवको महिमाले वैदिक कालमा नै सर्वोत्तम स्थान पाइसकेको छ । शिव सर्वव्यापी भए पनि गिरिशन्त पर्वतमा बसेर कल्याण गर्दछन् । गिरीश पर्वत (कैलाश) मा सुत्दछन् भनेर वर्णन गरिएकाले हिमशृङ्खलाका आसपास बस्ने आर्यसन्ततिका प्रमुख देवता शिव थिए । यसैले खस जातिका निम्ति पनि रुद्र महादेवका नाउँले पुजिन्छन् ।

वर्तमान शिवको रूप अनार्य जातिबाट आर्यहरूले लिएका हुन् भन्ने कुनै विद्वान्हरूले तर्क निकालेका छन् । अनार्य, असभ्य जाति, जसको भाषा, साहित्य एवं विकसित चिन्तन परम्परा नै छैन, कसरी सर्वव्यापी शिवको परिकल्पना गरे भन्न नसकिनेचाहिँ होइन । तर असभ्य जातिका पनि इष्टदेव हुन्छन् र चिन्तनपक्षले व्यापकता दिन नसके पनि आफ्ना धन, पशु, परिवार आदिका संरक्षकका रूपमा मान्दथे भन्न सकिन्छ ।

शिवरूपमा मरुत् देवता :

हिमालय पर्वतमालाका आसपास बस्ने जातिका निम्ति सूर्य, अग्नि प्राणरक्षक (तातो दिने) मा मान्य छन् भने मरुत् देवता जल, वायु, मेघ रूपका हुँदा बढी डरलाग्दा थिए । हावा र वर्षाले नै हिमपात हुन्छ । उग्र हिमपात र प्रचण्ड वायुद्वारा जीवनधारीको असङ्ख्य विनाश हुन्छ । यस कारणले पनि भयका देवता बढ्ता पूजित हुन्छन् । पशु, औषधि, वन, पर्वतका देवता रुद्र घुमन्ते जीवका निम्ति पनि मान्य हुन्छन् । यसैले रुद्र जङ्गली अवस्थाकै मानवनिम्ति पूज्यतम थिए । स्वर्णगिरि, कैलाशका समीप बस्ने यक्षरक्षक (कश) जातिले असु – प्राणशक्तिरूप मरुत्देवताको मान्यता गर्थे भने पशुचारक जातिको वनौषधि र रोगव्याधका देवता रुद्रको शान्तरूप शिवको आराधना पनि विशेष रूपले गर्थे । यसकारण मरुत् र रुद्रको साहचर्य पुरानै हो र त्यसैको विकसित रूप वेदमा छ ।

अग्नि र सूर्य प्रत्यक्ष देखिने देवता हुन् भने मरुत्देवता स्पर्शद्वारा मात्र थाहा पाइने एवं प्राणरूप हुन् अथवा बादल, वृष्टि, बिजुली रूपमा देखिने देवता भएकाले सर्वव्यापी हावाका रूपमा, निराकारका रूपमा आराधना गरिने प्रथा ज्यादै पुरानो चलन हो । आर्य र खसहरूको व्यापक प्रसारभन्दा अगाडि भारतीय प्रदेशमा बस्ने निगृतो र अस्त्रोलाइडजातिको

सम्मिश्रणबाट कोल-कुण्डजातिको उत्पत्ति भएको मान्दै आर. सी. मजुमदार लेख्तछन् – उत्तरपाषाणयुगीन सभ्यता लिएर आउने अस्ट्रोलाइड जातिले कपडा बुन्ने, खेती गर्ने, कोरीको हिसाबमा गन्ती गर्ने, धार्मिक भावना, पुनर्जन्म आदि संस्कार ल्याए । उनीहरू साकार देवताको कल्पना गर्दैनथे र निराकारको पूजा-आराधना गर्थे, जो कुरा उनीहरूका वंशज जाति आज पनि गर्दैछन् ।[३]

उपर्युक्त कुरालाई नै तथ्य मान्ने हो भने पनि आकारप्रकारहीन देवता 'मस्टो' सर्वशक्तिमान्का रूपमा मान्ने प्रथा उनीहरूकै देखासिकी पनि भन्न सक्छौं । तर विचारणीय कुरा के हो भने संसारका प्राणीहरूले अमूर्त, सर्वव्यापक ईश्वरको परिकल्पना गर्नुभन्दा पहिले आर्यहरू नै यो चिन्तनधारामा पुगेका थिए र देवताको मूर्तिपूजाभन्दा यज्ञद्वारा अमूर्त देवताको उपासना गर्दथे भन्ने कुरामा वेद नै प्रमाण छ ।

प्राप्त प्राचीन वैदिक साहित्यहरूको अपहेलना गरी वर्तमानमा पाइने कोल-मुण्ड आदि जातिका वंशजको उपासनापद्धतिलाई हेरेर तर्कका भरमा सबै कुरा अस्त्रोलाइडजातिको देन मान्ने विद्वान्हरूलाई वैचारिक लघुताबाहेक के भन्न सकिन्छ र ! सांस्कृतिक समन्वयमा पछिपछि उचित ठहरिएका केही कुरा स्वीकार्य भए हुनन् । मुख्य विषहरू मान्न सकिँदैन ।

मस्टोपरम्परामा रुद्रको प्रच्छन्न रूप :

मस्टोको आराधना गर्दा पहिले मस्टोको धामीले पवित्र भई घण्ट, चमर, पङ्खा अथवा स्यौली लिएर मस्टोको स्मरण गरेपछि धामीले आँगमा मस्टो देवता हावारूपमा प्रवेश गरी आफ्नो मानवीय सहज स्थितिलाई बिर्साइदिएको अनुभव गर्दछन् । कामेर (पतुर्दा) फलाक्ता, आफ्नो कैरन (पूर्ववृत्तान्त) दिँदा सपादलक्ष गिरिप्रान्तरभित्र प्रथम प्रवेश गर्दा यो प्रदेश घना जङ्गल भएको र बाघ, भालु आदि वन्यजन्तुले परिपूर्ण ठाउँ भएको तथा जङ्गलमा बस्ता बाघले मारिदिएको व्यक्तिको प्राणवायुरूपमा घुम्न लाग्यो र सर्वत्रव्यापी, सर्वदर्शी, सर्वज्ञाताका रूपमा मानिसको देहमा चढी बोल्ने भयो । यी आदिकालमा मर्ने व्यक्तिको नाउँ पनि मस्टो हुन सक्छ । यिनलाई खुसी गराई मानभाउ पुऱ्याएमा सुखशान्ति दिने, अनिष्टको सूचना दिने र अपमान गरेमा कष्ट, दुःख दिने धारणा भएकाले नवपाषाणकालीन अथवा ताम्रयुगीन मानवले जङ्गल-

प्रदेशमा पसेर नयाँ बसोबास गरेकै बेलाको यो घटना भएको हुन सक्छ। त्यो बेला नयाँ ठाउँमा अन्य देवाधिदेवको आगमन र स्थापना पनि नभइसकेकाले आदिमष्ट वायुदेवताका रूपमा सबैबाट पूजित भए होलान् । हिमाली क्षेत्रमा हुने बादल, बिजुली र हावाको उग्रता र विनाशमा पनि मस्टोकै प्रकोप ठान्नु स्वाभाविक हो ।

मस्टोको उत्पत्तिबारेका लोकोक्ति र परम्परागत अनुश्रुतिका आधारबाट मामा-भानिज सपरिवार नयाँ ठाउँमा बस्न जाँदा भानिजचाहिँ बाघबाट मारिएका हुन् । कसैकसैको परम्परामा मामाबाट नै झुक्किएर मारिएका हुन् भन्ने पनि लोकोक्ति पाइन्छ । यो कथा पश्चिम, मस्टोको देशबाट मस्टोपूजकका साथ पूर्वी नेपालको छेउसम्म नै पुगेको छ ।

मस्टोका धामीहरूले पतुर्दा (कामेको बेला फलाक्ता) आजकलको भाषाभन्दा अलग्गै प्राचीन भाषाका शब्दावलीहरूको प्रयोग गरेको पश्चिमाञ्चलको अनुभवले बताउँछ भने बाह्र-चौध पुस्ता बितेका पूर्वाञ्चलमा बस्ने ब्राह्मण-क्षत्रिय जातिको कुलपूजाको बेला मस्टो बोलाउँदा आजकलकै भाषामा फलाकिन्छ । उत्पत्तिबारे प्राचीन कथानकमा मामा-भानिजको कथा नै प्रायः जोडिएको हुन्छ । पश्चिमको अस्पष्ट भाषाचाहिँ पुरातन खस प्राकृत हुन सक्छ । त्यस्तै थार्पामष्टको भाषा तिब्बती मूलको मान्न सकिन्छ ।

मस्टोका विभिन्न रूप :

एउटा नृवंशको नयाँ ठाउँमा प्रवेश भएको बेलामा घटेको घटना र मान्यता प्राप्त गरेका सर्वशक्तिसम्पन्न मरुत्‌देवताका प्रतिरूप मस्टो बसाइँ सरेका ठाउँमा पनि नपुग्ने कुरै भएन । नयाँ ठाउँमा जाँदा कुलदेवताका रूपमा पुजिएका मस्टो सँगै लगिए । वायुरूप हुँदा पहिलेदेखि नै मूर्तिको कल्पना गरिएन । एक ठाउँमा निश्चित रूपले मानभाउ, पूजा गर्न सजिलो पर्ने हुँदा गाउँघरनजिक वनको छेउमा सानो कुटी वा मन्दिर बनाएर त्यसैभित्र आराधना गर्ने चलन चल्यो । स्थानभेदले जातीय भेद र पूजाप्रकारको भेद र गाउँठाउँको नाउँको मस्टोका पनि भेद हुँदै गए । ठाउँ सर्दा लगिने मस्टोका प्रतीक घण्टा, चमर अथवा दियो हुन् । सात्विक अग्निहोत्री ब्राह्मणले मस्टोको आराधना गरिँदा हिन्दूपरम्परामा अमृत मानिएको गाईको दूध, खीर र आदिकालीन सभ्यताको मुख्य भोजन टाटे (

बाबर रोटी), नौनी घिउ चढाई पूजा गरिने मण्डलीमष्ट, दूधेमष्ट, लाडेमष्टलाई सात्विक मष्टका रूपमा मान्न सकिन्छ । यीबाहेकका मष्टहरूचाहिँ छागबलि (रक्तबलि) खाने मानिन्छन् ।

मानवीय संस्कृति परिशीलन गर्दा एउटा तथ्य के फेला पर्दछ भने जुन मानवजातिको भोज्य पदार्थ उसको दृष्टिमा स्वादिलो र महत्त्वपूर्ण मानिन्छ, त्यही नै उसले आफ्ना इष्टदेवतालाई पनि समर्पण गर्दछ । आफूले प्रयोगमा नल्याउने भोजन सामग्री सकेसम्म देवार्पण पनि गरिँदैन । कसैकसैको पूजा र बलिमा उपर्युक्त कुराहरू अपवाद हुन सक्छन् । जस्तै : ब्राह्मण र क्षत्रिय जातिबाट देवीलाई पञ्चबलि चढाउँदा अभोज्य बलि चढाएको पनि पाइन्छ । किन्तु यी कुरा देवताको तामसी प्रवृत्तिलाई मानेर गरिन्छन् । सत्य कुराचाहिँ मानिसले आफू जे खान्छ, त्यही नै चढाउँछ ।

योगी नरहरिनाथज्यू मस्टोको रूप (छिन्नमस्ता) मान्नुहुन्छ ।[४] तर मस्टो मस्तकको अपभ्रंश रूप हो भन्ने तर्क उहाँको संस्कृतप्रियताको परिकल्पना मात्र हो । छिन्नमस्ताको पनि रूपमण्डन हुन्छ । टाउको मात्रै अलग पूजित पनि देखिँदैन । काठमाडौँ उपत्यकाभित्र पूजिने प्राचीन देवता आकाशभैरव (जसको टाउको मात्रै हुन्छ) को प्रतिरूप प्रतिमाहरू नै पाइएका भए पनि मस्टोलाई मस्तक (टाउको) को अर्थमा प्रयोग गर्न सकिन्थ्यो । अर्को विचारणीय कुरा, मस्टोसँग नवदुर्गा भवानी (मस्टोकी बहिनीका रूपमा) मान्यता प्राप्त भएर साथसाथै पुजिने देवी हुन् । यस कारणले पनि मस्टोको रूप छिन्नमस्ता भन्न मिल्दैन । शिव वा रुद्ररूप मस्टोलाई मान्ने हो भने मात्र देवीहरूको साहचर्य सार्थक हुन आउँछ । देवीका रूपको पूजन-परम्परा मस्टोभन्दा पछाडिकै हुनुपर्छ । जसरी आर्यसंस्कृतिमा देवीहरूको पूजन-परम्परा चल्यो, त्यसरी नै मस्टोपूजकले पनि स्वीकारे ।

बाह्रभाइ मस्टा र नौबहिनी दुर्गा :

डोटी, जुम्ला (कर्णाली र सेती अञ्चल) का पूजनीय मस्टो देवतालाई बाह्रभाइ मस्टो भन्ने परम्परा छ । यसका ८४ भेद छन् भनेर पूर्णप्रकाशजी 'सेती अञ्चलको दिग्दर्शन' मा लेख्नुहुन्छ । बाह्रभाइ मस्टोको उपाख्यानलाई कुनै-कुनै विद्वान्हरूले बराह र मस्टो भन्ने अड्कल पनि लगाएका छन् । बराह पौराणिक कालका ख्यातिप्राप्त विष्णुका पहिलो

अवतार हुन् अथवा मत्स्यावतारदेखि गनेमा तेस्रो अवतारमा पर्दछन् । बराहलाई यज्ञावतार पनि भनिन्छ र बराहको स्वरूप कल्पना मात्रै गरिएको होइन कि प्रतिमा पनि प्राचीन कालदेखि नै पाइन्छ ।

विष्णुको रूप सात्विक हो र अहिंसक पनि हो । यसकारण बाह्रमस्टोको व्याख्यामा बराह र मस्टोको भिन्नता छ भन्न मिल्दैन । साथै धामीले आह्वान गर्दा आङ चढ्ने देवताभित्र सात्विक देवता पर्दैनन् । शिव, विष्णु, ब्रह्मा, सूर्य, इन्द्र, वरुण आदि वैदिक देवताहरूलाई बोलाएर आङ चढाएको (कामेर फलाकेको) परम्परा पनि देख्न र सुन्न पाइन्छ । अतः बराहलाई लोकदेवताको रूप मान्नुपर्छ अथवा बाह्रमस्टो शब्दकै अपभ्रंश बारामष्ट पनि हुन सक्छ । कुलदेवता मस्टो, देवीहरू, झाँक्रीहरू र अकालमृत्यु भई वायु बनेका बाहेक धामीले आङ चढाएर पतुर्ने (फलाक्ने) देवता अरू पाइँदैनन् ।

कर्णाली अञ्चलमा विशेष रूपले मान्यताप्राप्त मस्टोदेवता क्षेत्रपाल (स्थानीय ग्रामदेवता) का रूपमा पूज्य भएकाले त्यहाँको मानववंशले विभिन्न क्षेत्रमा बसाइँ सर्दै सुरुमा बाह्र ठाउँमा बसोबास भएको र यिनै १२ मण्डलका बासिन्दाहरूले आफ्ना-आफ्ना क्षेत्रमा मस्टोदेवताको स्थापना गरेपछि गन्तीमा ठाउँको नाउँबाटै मस्टोको नामकरण भएर १२ रूप हुन गएको कुरा अनुमान गर्न सकिन्छ । यसरी विभिन्न ठाउँको नाउँले पुकारिएका मस्टोदेवता स्थापनापद्धति र आराधनापद्धतिमा त्यति विशेष फरक नपाइनु, रूपकल्पना नगरिनुबाट पनि मस्टा एउटै हुन्, धामी, डाँग्री र अन्य साधारण भेद स्थानगत मात्रै हो भन्ने कुरा सिद्ध छ । जसरी सुरुका आदिमष्ट बाह्र ठाउँको नाउँले बाह्रभाइ हुन गए, त्यसरी नै विभिन्न गाउँ-दराका विभेदले ८४ पनि पुगे । मस्टोपूजकहरूको सात्विक, राजस र तामस वृत्तिले गर्दा उनीहरूको पूजाप्रकारमा पनि भिन्नता पाइन्छ ।

जसरी सेती र कर्णाली अञ्चलका गाउँहरूमा २-४ पुस्ता बिताएका कारणले गाउँको नाउँबाट नेपाली ब्राह्मण, क्षत्री, ठकुरी, मगर आदिको थर जन्म्यो र पछिल्लो समयमा गण्डकी अञ्चल र त्यसभन्दा पूर्वतिर छरिने नेपालीहरूले त्यही आदिथलोको गाउँले थर नै कायम राखे, त्यस्तै कुलदेवता मस्टो पनि थर राख्ने गाउँ वा त्यस मण्डलमा पूजित मस्टोलाई नै मानेकाले आज काठमाडौँपूर्व मेची र आसामसँग छरिएका

नेपालीहरूको मस्टो पनि तिनै प्राचीन नाउँले नै पुकारिएर पूजित छन् । खोपा बनाएर निराकार मस्टोको आह्वान र पूजा गरिन्छ ।

विभिन्न थरीका कुलदेवताको नाउँ सोधेर मूल थलो पहिल्याउन र कुन वंशको नेपाली कहाँबाट छुट्टिएको रहेछ भन्न पनि सजिलै सकिन्छ । कुलदेवताको नाउँले कुन वंशपरम्परा नेपालभित्र कति पुरानो हो भनेर पत्ता लगाउन पनि ठूलो आधार मस्टो नै बनेका छन् ।

नेपाली बासिन्दाहरू आफ्नो वंश र जातिको आगमनलाई दुई ठाउँ देखाउँछन् । मङ्गोलाइन जातिहरू किराँतसमेत आफूलाई उत्तरबाट दक्षिण पसेको लोकोक्तिलाई नै मान्य ठहराउँछन् भने ब्राह्मणहरू, क्षत्री र ठकुरीहरू दक्षिण (भारत) बाट आएकोमा विश्वस्त छन् । ब्राह्मणहरूले आफूलाई कान्यकुब्जीय, मैथिल भन्दछन् भने ठकुरी र क्षत्रीहरूले आफ्नो सम्बन्ध राजपुताना, माडवार अथवा गुजरात देखाउँछन् ।

उपर्युक्त अनुश्रुतिलाई आधार मान्ने इतिहासकारहरू साधारणतया भारतमा मुस्लिम आक्रमण भएपछि जात बचाउन शरणार्थीका रूपमा पहाड पसेको उल्लेख गर्दछन् । मुस्लिम आक्रमणपछि र अगाडि नै नेपाल पसेका जातिहरूको इतिहास छुट्याउने ठोस आधार कुलदेवता मस्टो नै हुन् । कुनै वंशपरम्पराले कुलदेवतामा मस्टोलाई मान्दैनन् र अरू नै शिव, विष्णु अथवा तारा, छिन्नमस्ता आदि देवतालाई कुलदेवता मान्दछन् अथवा दिवाली गर्दैनन् भने अवश्यै तिनीहरू बाह्रौं शताब्दीपछि नेपाल पसेका हुन् । अथवा थरचाहिँ पुरानो वंशकै छ र कुलदेवताको पूजा गर्दैनन् भने कारणवश मात्र कुलपूजा छुटेको भन्नुपर्ने हुन आउँछ ।

कुलपूजा नगर्नेहरू पनि गोठपूजा गर्दछन् । मोही पारेर घिउ झिकेपछि अग्निलाई पर सार्दछन् । यसलाई धूप हाल्नु भनिन्छ । त्यो बेला कुन-कुन गोठदेवतालाई धूप हाल्छन्, अथवा गोठपूजा गर्दा खीर, नौनी घिउ, बाबर (रोटी) नैवेद्य चढाउँछन् र अमलाको पात पूजामा प्रयोग गर्दछन् र देवतालाई पूजा गर्दा महारुद्र, काँडाब्रह्म, चण्डी, द्यौराली, गङ्गाभवानी, विन्ध्यवासिनी (विन्दुवासिनी), गैँडु, गोसाइँ, गैंया, ऐरा वा ऐरीसिकारी आदिको पूजा गर्दछन् भने, यी देवतालाई धूपधुवाँर गर्छन् भने त्यो वंश १२ औं शताब्दीभन्दा पूर्व नै नेपालको काली, सेती र कर्णाली अञ्चलमा पसेको थियो भन्ने कुरामा सन्देह रहँदैन । बाह्रौं शताब्दीपछि

नेपाल पसेका जातिहरूले उपर्युक्त देवताहरूलाई र खास गरेर मस्टोलाई मानेको पाइँदैन । मस्टोपूजक बाहुन-क्षत्रीहरूको इतिहास इस्वी सन्को सुरुदेखि छैटौं शताब्दीभित्र नै पश्चिम नेपालमा पसेको मान्नुपर्ने हुन आउँछ ।

मरुत् (मारुत) = मस्टोसँग शिवरूपको तादात्म्य :

कश वा खसजातिको प्रसङ्ग पहिले नै वर्णन गरिसकियो । यो वंश कश (खस) जाति आर्यजातिकै नजिकको एक शाखा हो भनेर इतिहासकार मान्दछन् । ग्रिसम्यानले उल्लेख गरेअनुसार खसजातिको उल्लेख विक्रमपूर्व २४०० मा पुजुर शिशुनाक युगको अभिलेखमा पाइन्छ । वि. पू. तेस्रो सहस्राब्दीतक यो जातिलाई विशेष महत्त्व मिलेको थिएन ।[५] स्ट्रेबोको भनाइअनुसार क्यास्पियन सागर मूल थलो भएको यो जातिलाई कस्सेआइ, कस्साइट, कस्सी नाम दिएको पाइन्छ । यो जातिको ज्वलन्त इतिहास पश्चिम एसियामा देखिन्छ भने काराकोरम पर्वतमाला पार गरेर कास्मिरमा झरेको शाखाले कास्मिर, गढवालमा - कशखाल, कशवाडी, कशली नगर, कशमोली, कशाणी र टिहिरीमा कश, कशौली, कशसल, कशूर आदिका गाउँबस्तीहरूलाई जातिसूचक नाउँ दिएको पाइन्छ ।

इतिहासकार विलफोर्ड भन्दछन्[६] – मध्येसियामा कशगर (खसगिरी), कुशा (कुचा) आदिले खसजातिको सूचना दिन्छन् । खसजाति आर्यजाति भारतमा आउनुभन्दा अनेक शतीपूर्व नै हिमालय दक्षिणमा पसेर कास्मिरदेखि नेपालतक सारा मध्यहिमालय, भारतको उत्तरी मैदान, दक्षिणको पठारसम्म फैलियो ।[७]

एट्किन्सनको विचारमा अशोकको समयमा जुन यक्षजातिको वर्णन मिल्दछ त्यो खसजाति नै थियो ।[८] यही जाति हिमालका उत्तुङ्ग घाँटीमा बसेर तुरुन्त जातिसँग घुलमिल भएकाले तुषार नाउँले प्रसिद्ध भयो ।[९] विष्णुपुराण र भीष्मपर्वमा खशीर जनपदको, द्रोणपर्वमा खस देशको, मार्कण्डेयपुराणमा नीहारजाति र गुरगण जातिको (जसलाई नेवार र गुरुङ जाति भनेर विद्वान्हरू मान्दछन्) वर्णनले पनि आर्यमूलका खसजातिको व्यापकता थाहा हुन्छ ।

यी उपर्युक्त कथनबाट के थाहा हुन्छ भने मध्येसियाको दक्षिणपूर्वमा फैलिएको यही जाति नै पश्चिमी तिब्बत, लद्दाख, कैलाश/मानसरोवरको

बीच खारी, गुगे आदि प्रदेशमा पनि बसोबास गर्दथ्यो । मानसरोवरको नजिक कैलाशको वारिपट्टि कुवेरको अलका यक्षगणको राजधानी थियो भन्ने कुरा महाकवि कालिदासले (वि. पहिलो शदी) मेघदूतमा उल्लेख गरेका छन् ।

महाभारतमा पाञ्चालका राजा द्रुपदका छोरा शिखण्डीको कथा पाइन्छ । यी स्त्रीरूपमा जन्मेका थिए । ज्योतिषी (भविष्यवाणीकर्ता) ले यी पुरुष हुन्छन् भनेकाले छोरा हुन् भन्ने प्रचार गरियो । राजकन्यासँग विवाह भएपछि कुरा खुल्यो । छोरी दिने राजा रिसाएर जाँच्न देऊ कि युद्ध गर भनेर हाँक पठाए । राजा द्रुपदलाई अप्ठ्यारो पऱ्यो । यो कुरा सुनेका शिखण्डी वैराग्य लिएर उत्तराखण्डतिर लागे । यक्षसँग भेट भयो । मलाई मार भनेर रोएकाले यक्षलाई दया आयो र यक्षले उनको स्त्रीत्व लिएर आफ्नो पुरुषत्व साट्यो । यो ससुरालीका अगाडि देखाएर बाबुको इज्जत राखेपछि फेरि यक्षलाई पुरुषचिह्न जिम्मा लगाएर आफ्नो स्त्रीचिह्न फिर्ता लिने सर्तमा साटेका थिए । शिखण्डीले ससुरालबाट जाँच्न आएका जाँचकीलाई पुरुषत्व देखाई स्वास्नीलाई उल्लु बनाएर बाबुको इज्जत राखे । काम सकिएपछि नासो जिम्मा लगाउन उनी यक्षकहाँ पुगे । यसैबीच यक्षराज कुवेर घुम्दै आउँदा यक्षले पुरुषत्व दिएर आफू स्त्रीका रूपमा बसेको थाहा पाई अब साटासाट नहुने श्राप दिइसकेका थिए । यसकारण इमानदारीपूर्वक नासो बुझाउन गएका शिखण्डीले बुझाउन पाएनन् । उनी पुरुष नै भए, यक्ष स्त्री नै भएर बस्यो ।

यो कथाभित्र सत्यतथ्य जेसुकै होस्, तर पाञ्चालको राजधानीदेखि यक्षबस्ती धेरै टाढा थिएन । महाभारतकालसम्म यक्षजाति लोप पनि भएको थिएन । वर्तमान उत्तराखण्ड बद्री-केदार क्षेत्रमा यक्षबस्ती रहेको थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

यक्षकै एक शाखा राक्षसजाति बलियो, लडाका, हिंसक र मायावी थियो, जसको प्रसार भारतको पश्चिमी क्षेत्र हुँदै विन्ध्यको दक्षिणी क्षेत्रमा फिँजिँदै लङ्कासम्म आफ्नो अस्तित्व पुऱ्यायो । रामायणकालमा दक्षिणपथमा फैलिएका मानिसको मासु खाने यो जातिलाई रामचन्द्रले संहार गरे । लङ्कामा बस्ने यो जातिका राजा रावण वेदविद्याका ज्ञाता र पराक्रमी राजा थिए । ऋषि पुलस्त्यका नाति र विश्रवाका छोरा रावणको मातृकुल मात्र असुरवंश थियो । उनको प्रवृत्तिले र आर्यविरोधी हिंसक राक्षसजातिलाई

संरक्षण दिएकाले रावण पनि राक्षस कहलाए । यसबाट के थाहा पाइन्छ भने राक्षसजाति पनि रूपरङ्ग, आकार-प्रकारमा आर्यहरूभन्दा अलग थिएनन् । मनुष्यभक्षी र क्रूर भएकाले तथा वैदिक धर्मका विरोधी भएकाले राक्षस कहलाए । यसै वंशका रावणका भाइ विभीषण आर्यधर्मका पक्षपाती थिए र उनले संरक्षण पाए । राक्षसकै राजा भए पनि राक्षस कहलाएनन् । यसैले राक्षसी प्रवृत्तिलाई राक्षस भनियो । यो जातिलाई अरू कुराबाट आर्यसँग छुट्याउने आधार पाइँदैन ।

उपर्युक्त राक्षस, यक्ष, कश (खस) र अन्य आदिम जातिहरूले पनि मानिएका आदिदेव वैदिक रुद्र नै शिव, महादेव, पशुपति नामले यक्ष, गन्धर्व, राक्षस, नाग र अनुष्यले आराधना गरिने महादेव हुन् । शिव, भूत, प्रेत, पिशाच (निषद) किराँत आदि सबै जातिले मानिएका महेश्वर हुन् ।

यायावर पशुचारक हिमालयका अगलबगल बस्ने जातिहरूले मानेका रुद्र देवताको निवासस्थान कैलाशपर्वत हो ।

वेदमा शिवलाई 'त्र्यम्बक' (तीन आमा हुने) भनिएको छ । भारतीय विद्वान् त्र्यम्बकम्को अर्थ तीन नेत्रवाला गर्दछन्, जसको तात्पर्य हुन्छ दुई भौतिक पदार्थ हेर्ने आँखा र एउटा अन्तर्यामी सर्वज्ञ आँखो । पश्चिमी वेदविद् मेकाडनल आदि विद्वान् 'त्र्यम्बकं' को अर्थ तीन नेत्र भन्ने मान्दैनन्, तीन आमा भन्ने अर्थ गर्दछन् । साधारणतया एक व्यक्तिकी जन्मदात्री तीन हुन सक्तैनन्, तथापि वैदिक धारणाबाट नै शिव तीन आमाका छोरा हुन् ।

ऋग्वेदमा रुद्रदेवताको साहचर्य मरुत्‌देवतासँग भएको देख्न पाइन्छ । आँधी, पानी, व्याधिसँग ध्वंश, विनाश, बादल, वृष्टिका विधाता मरुत्‌देवतासँग शिवको तादात्म्य छ, जसबाट बच्नका निम्ति उषा, मित्र, वरुण, इन्द्र आदिको लोकरक्षकका रूपमा सुन्दर ऋचाहरूले स्तुति गरिएको छ । त्यस्तै ऋग्वेदमा भयावह जगत्‌बाट त्राण पाउन रुद्रको स्तुति गरिएको पाइन्छ र उनी प्रसन्न भएका रुद्रको शिव, शङ्कर आदि जगत्‌कल्याणकारी रूपमा पनि देखिन्छन् ।

वैदिक साहित्यमा सृष्टिका तीन आधारतत्त्व आराधनीय तेजोरूप देवता सूर्य, मरुत् (विद्युत) अग्नि हुन् । पृथ्वीका अग्नि, अन्तरिक्षका मरुत् र स्वर्गका सूर्य, तीन तेजोमय शक्तिको समष्टिरूप नै रुद्र वा शिव

भएकाले त्र्यम्बकम् (सूर्य, अग्नि, मरुत्) शिवको नाउँ हो । यजुर्वेद १६ औं अध्यायमा शिव सूर्य, अग्नि, मरुत् रूपमा स्तवित छन् । यसकारण तीन मातृत्वको समष्टि रूप नै शिव हो भन्ने धारणामा अर्थ गरिएको छ ।

आधुनिक विज्ञानबाट पनि यही कुरा सावित हुन्छ कि अत्युग्र सूर्यको तापले मरुत् देवता (आँधी) उत्पन्न हुन्छ र आँधीबाट मेघ पानीको आकाशमा जमघट भएपछि विद्युत् उत्पन्न हुन्छ । यही कुरा ऋग्वेदका मन्त्रद्रष्टा ऋषिहरूले रुद्र र अग्नि अथवा सूर्य र रुद्रका रूपमा वर्णन गर्दछन् ।[१०] यही कुरा महाभारत वनपर्वको कुमारजन्मको कथाले पनि सङ्केत गर्दछ ।

सर्वव्यापी अनन्त सत्ताधारी त्रिअग्निमय रुद्र देवताको विश्वमा हुने विभिन्न क्रियाकलापबाट अनेक नाम रहेका छन् । शिव वा रुद्रको शैव सम्प्रदायमा पञ्चमुख शिवको पनि वर्णन पाइन्छ । शिवका पञ्चमुखका नाम हुन् – १. सद्योजात, २. वामदेव, ३. अघोर, ४. तत्पुरुष, ५. ईशान । यी पाँचै मुखबाट आफ्ना भक्तगणहरूको कल्याण गर्न शिवले २८ शैव-आगम (शैवतन्त्र शास्त्र) को आविर्भाव गर्नुभयो भनिन्छ ।

यस्तै शिवका आठ रूपको पौराणिक र साहित्यिक परिचर्चा पनि पाइन्छ र शिवका नामहरूमा अष्टमूर्ति पनि प्रसिद्ध नाउँ हो । पुराण र अन्य ग्रन्थमा रुद्रको गणना गर्दा एकादशरुद्र भनिन्छ । अष्टमूर्तिमा भव, शर्व, ईशान, पशुपति, उग्र, रुद्र, भीम, महादेव नामकरण गरिन्छ भने एकादशरुद्रमा सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान, मृत्युञ्जय, विजय, किरणक्ष, अघोरास्त्र, श्रीकण्ठ, महादेव आदि ११ रुद्रको नाम हो ।

पुराणहरूमा रुद्र एघारभाइ थिए भन्ने पनि वर्णन पाइन्छ । पश्चिमी नेपालका आदिवासी शिव भएकाले शिवको उपासनाको परम्परा चलेको थियो । शिव-उपासक खसहरू मानसखण्डबाट दक्षिण भेकमा झरेर नयाँ बस्ती बसाउँदा पनि वैदिक (भय र पशुका) देव रुद्रलाई बिर्सेका थिएनन् । यसै क्षेत्रको नयाँ बसोबासोमा बाघद्वारा मारिएका आदिपुर्खा वायुरूपमा प्रकट भएर त्रास दिन थाले । उनको सेवासुश्रूषाले, अर्चना-वन्दनाले त्रासबाट मुक्ति पाउने र शुभफल पाउने विश्वासमा उक्त मस्टो (मरुत्) देवतालाई गाउँपिच्छे र कुलैपिच्छे आराधना गर्ने परम्परा बस्यो । भूत, प्रेत, पिशाचको अस्तित्व पनि वायु भनिन्छ र यसको मूल रूप मरुत् हुन् ।

पशुचारक यायावर खसजातिले बसोबास गर्न र खेती गर्न थालेपछि उत्तराखण्डको तपोभूमिमा आश्रम बनाएर तपस्या गर्ने तथा गुरुकुलको कुलपति भएर विभिन्न मानव-समुदायलाई शिक्षादीक्षा दिने आर्य धर्मावलम्बी कण्व, भारद्वाज, गौतम आदि महर्षिहरूले व्रात्यरूपमा विचरण गर्दै रहेका कैयन् खस परिवारलाई विद्यादान दिएर 'क्रिण्वन्तो विश्वमार्यम्' को सङ्कल्पलाई अघि बढाए ।

प्राकृत युगको मानव-मस्तिष्कमा भयका देवता मरुत् र रुद्रले गाढा छाप पारेकै थिए । सर्वशक्तिमान् र सर्वव्यापी भएर विश्वमा प्राण संचरण गराउने मस्टो (मरुत्) नै रुद्ररूप थिए र रुद्र नै मरुत् रूप भएकाले मानव-समुदायमा जग जमाइसकेका मस्टोलाई बिर्सन-बिर्साउन गाह्रो थियो र विश्वकै असु = प्राणशक्ति भएर रहेका देवतालाई मान्न नहुने कारण थिएन । मरुत् वा असु वैदिक कालदेखि आजसम्म एक सार्वभौमिक तत्त्व हो । यसको अस्तित्वविना जीवनशक्ति रहँदैन । यसर्थ ऐतिहासिक कालका मस्टोलाई ११ रुद्रको पङ्क्तिमा खडा गरेर बाह्र आदित्यजस्तै बाह्रभाइ मस्टोको सङ्ज्ञाले शिवसँग समन्वय गरिएको पाइन्छ । यसपछि आर्यवंशीलाई पनि मस्टोलाई कुलदेवताका रूपमा मान्न असजिलो परेन ।

शिव उग्र पनि हुन् र पशुपति पनि हुन् । धनुर्धारी किराँतेश्वर पनि र भूत, प्रेत, पिशाच, बेताल आदि प्रमथगणका गणपति (अधिनायक) पनि हुन् । शिवरूप सात्विक र कल्याणदाता भए पनि रिसाएर क्रूर रूपले संहारकारी सङ्कर्षण पनि हुन् । अत्यन्त तामसी (राक्षसी) प्रवृत्तिमा तामसी भोजन गर्ने, श्मशानमा बस्ने, नरमुण्डधारी उग्रभैरव मूर्ति पनि हुन् । यसकारण ११ भाइ रुद्रका हारमा मिलेर १२ भाइ भएका मस्टोको प्रकृति सात्विक पनि छ, राजसी र तामसी पनि छ ।

शिव आर्यहरूका नाग, गन्धर्व, यक्ष, राक्षस र भूतप्रेत, पिशाच आदि सबैले आराधना गरिने इष्टदेव भएकाले शिवको रूप र अलङ्कार पनि समन्वयवादी छ । आर्य शाखाका कश (खस) कुशन, शक आदि प्रशाखामा विभाजित भएको ऐतिहासिक तथ्य हो भने शक कुशानहरूको शाखा पहिले सूर्यवंशी (सूर्यपूजक) देखिन्छन् । कश (खस) शाखा निश्चय रूपले चन्द्रवंशी हो भन्नुपर्ने भएको छ । खसको क्रीडाभूमि कैलाश, मानस, जालन्धर र केदारखण्ड मुख्य हो । पौराणिक भनौं अथवा ऋग्वेदमा देखिएका ऐल (पुरुरवा) र उर्वशीको क्रीडाभूमि गन्धमादन पर्वत हो, मेरु

मन्दरका घाँटी र सुन्दर उपत्यका हुन् । अन्य क्षेत्रका नभए पनि यो क्षेत्रका कशजातिलाई सोमवंशी भन्न सकिन्छ ।

उत्तराखण्डका इतिहासकार डा. शिवप्रसाद डबराल भन्छन् - कशजाति प्राचीन अन्य जातिको जस्तै पशुचारक अवस्थामा वैदिक सूरियस (सूर्य), मरुतस् (वैदिक मरुत्), बूरियस (युनानी बोरीज) आदि देवताको उपसना गर्दथे । यो जातिको देवचिह्न (जातीय चिन्ह) अश्व थियो । पहिलो अश्वपालक जाति पनि यही थियो भन्ने अनुमान हुन्छ ।[११]

कशजातिको मुख्य देवता कस्सू थियो, जसलाई आफ्नो जातिका अधिरक्षक मान्दथे । यायावरी जीवनमा अन्य विविध देवतालाई अपनाउने र पुराना छाड्ने गरेको देखिए तापनि इष्टदेवता कस्सू सबै ठाउँमा पुज्दै रहे ।[१२]

कशजातिको आफ्नो जातिनाम खससँग र आफ्नो देवतावाचक 'सु' सँग यति प्रेम थियो कि हिमालयका विभिन्न भागको सयकडौं स्थानमा कश, खस अथवा सु जोडेको पाइन्छ । आज पनि कास्मिरदेखि लिएर जौनसारसम्म महासुको नामले, चम्पा काँगडातिर मणिमहेशको नामले, समस्त भारतमा महेश्वरको नामले पुज्दछन् ।[१३]

उपर्युक्त तथ्यबाट पनि के भन्न सकिन्छ भने वैदिक देवता प्राणवाचकका रूपमा (असु (मरुत्), मरुत् (सर्वव्यापी विद्युत्रूप), महासु र मरुत्रूप महादेवसँगको तादात्म्यले महेश्वर मणिमहेशको रूपमा पूजित शिव नै कर्णाली अञ्चलमा पसेका खसजातिका कुलदेवता महासुबाट अथवा मरुत्बाट मस्टाका रूपमा पूजित भए । प्राकृतिक भाषाको स्थानभेदले उच्चारणभेद हुनु सामान्य कुरा हो । फेरि जालन्धर, कास्मिर र गढवालसम्म तुषारी प्राकृत (पैशाची) को रूप पाइन्छ भने डोटी-कर्णालीतिर शूरसेनी र महाराष्ट्रीका प्राकृत शब्दावलीहरू पनि प्रशस्तै मिलेको पाइन्छ । महा-असु = महासु - महासु - मस्स - मस्त - मस्टोको विकास भएको मानेमा पनि मरुत्कै प्रतीक मस्टो देखिन आउँछन् ।

पारस्परिक आवागमनको सुविधा नभएको दुर्गम पहाडी क्षेत्रमा भाषाको विकास आफ्नै पाराले हुन्छ । लोकोक्ति र अनुश्रुतिमा पनि भन्ने मान्छेको कथोपकथनको शैली र रोचक बनाउने व्यक्तिहरूको प्रवृत्तिले असम्भाव्यता र अतिशयोक्ति पनि थपिँदै गएर पौराणिक कथाको रूप लिने

हुँदा सत्यतथ्य पहिल्याउन पनि निकै गाह्रो पर्दछ । तैपनि आफ्नै सांस्कृतिक पारामा हुर्केको कर्णाली भेकका नाच, जात्रा, चाडपर्व, देवताका मान्यताहरूले कालीदेखि पूर्व र पश्चिमको सांस्कृतिक धरातलमा कतिपय विषयहरूमा सीमारेखा कोरेको स्पष्टै थाहा पाइन्छ ।

कालीपारिका गाउँठाउँमा नपाइने मस्टो कालीपूर्वका क्षत्री, ठकुरी, उपाध्याय ब्राह्मण, अन्य मतवाली खस, दमाईं, कामी, सार्की र राउटे जस्ता जङ्गली जातिका पनि सम्मान्य देवताका रूपमा पुजिने देवता भएकाले मस्टोको इतिहास ज्यादै प्राचीन भएको कुरामा सन्देह रहँदैन । त्यस्तै मस्टोको सर्वव्यापकताबारे अन्य जातिको संस्कृतिमा नपाइने हुँदा क्षेत्रपाल देवताका रूपमा मात्र मान्नुपर्ने हुन आउँछ । नेपालको सांस्कृतिक पक्षमा भने मस्टोको गरिमामय प्रतिष्ठा र प्राचीनता एवं विशेषता देखापर्छ । मस्टोको प्रकृति र मान्यता, उत्पत्तिको अध्ययन गर्दा यो मानसरोवरको अधित्यकाबाट जन्मेर सोझै कर्णाली अञ्चलमा मान्य र पूज्य भएको थाहा पाइन्छ ।

बराहमस्टो :

कसैकसैले बाहृमस्टोको ठाउँमा बराह र मस्टो भिन्नाभिन्नै रूपमा कल्पना गरेको र बेग्लै पूजाआजा गरेको पनि थाहा पाइएको छ । वर्तमान गण्डकी अञ्चल र काठमाडौँबाट पूर्व लागेका ब्राह्मण परिवारमा यस्तो सुन्न र देख्न पाइन्छ । तर पौराणिक कथाको प्रचार भएपछि र ब्राह्मणहरूमा वैष्णव सम्प्रदायको प्रभावमा पर्दै गएपछि यो परिकल्पना भएको भन्ने स्पष्ट थाहा हुन्छ । कुनै-कुनै पूर्वेली बाहुनहरूको अनुश्रुतिमा बराह र मस्टो मामा-भानिज हुन् । झुक्किएर मामाको हातबाट भानिज मस्टोको निधन भएकाले पश्चात्तापले पीडित मामाले त्यहीँ खुकुरीद्वारा आत्महत्या गरे । पछि वायुरूपमा देखापरेकाले पूजा गर्ने चलन चल्यो र कुलका स्थानी भए भन्ने कुरा पनि प्रचलित छ । यसबाट पनि सर्वव्यापी मरुत्देवताको हावारूप मस्टो हुन् भन्ने कुरा‍कै पुष्टि हुन्छ । यो किम्वदन्ती कर्णाली भेगका धामीहरूकै कैरनबाट जन्मेको हो ।

जुम्ला क्षेत्रमा बस्ने जनै नलगाउने व्रात्यरूपका प्राचीन खस र राउटेहरूले पनि कुलदेवताका रूपमा पुज्ने गरेकाले पनि खसजातिकै देवता हुन् भन्ने कुरा किट्न सकिन्छ । शिव व्रात्य र व्रातपति पनि हुन् ।

डाक्टर प्रयागज्यू आफ्नो लेखमा भन्नुहुन्छ – मस्टोको उत्पत्तिका कथा धेरै छन् । यिनीहरूमा जेठो-कान्छो क्रम पनि देखाइन्छ । यिनका गुण झल्किने उक्तिहरू पनि खुब छन् । उदाहरणका लागि बूडो बुड्याइलो, थार्पा थर्पाइलो, कव कज्याइलो र ढँडार रजाइलो आदि ।

उपर्युक्त कहावतमा पनि चिन्तन गर्ने आधारहरू पाइन्छन् र यसभित्र पनि सत्यांश हुन सक्छ । 'ढँडार छुट्यौँ, खप्तड फुट्यौँ' भन्ने कहावतमा यस मानसखण्डभित्र पसेको आदिम खसजातिको जेठो थलो ढँडार हो जहाँ आदिमस्टोको उत्पत्ति अथवा पूजा सुरु भयो, त्यसपछि फुटेको ठूलो शाखा खप्तडीको हो, राज्य गर्ने जातिका कुलदेवता ढँडार हुन् भन्ने कुराको सङ्केत पाइन्छ । त्यस्तै कव वा कावामस्टोको कजाइलो कुराले अर्को तर्क गर्ने ठाउँ के दिन्छ भने कावा खसहरूको पुण्यस्थल मक्का-मदिनाका प्राचीन रुद्ररूप मरुत्‌देवता हुन् । संसारभरिका मुसलमानले पूजित कावामा बलिदानपछि कावाको शिलास्तम्भलाई अङ्कमाल गरेर चुम्बन गरेपछि हाजीसाहेब मनुष्यत्वबाट हाजी (धर्मगुरु) हुन पुग्छन् ।

इतिहासकारहरूको भनाइमा कावाको कालो पत्थर प्राचीन शिवलिङ्गको रूप हो । यहाँका प्राचीन बासिन्दा मूर्तिपूजक नै थिए र मुहम्मद साहेबको इस्लाम प्रचारपछि अन्य मन्दिर र मूर्तिहरू विखण्डित भए तापनि कावाचाहिँ नयाँ धर्मको पनि मुक्तिदाता भयो ।

ईसाको तीन हजार वर्षपूर्व नै पश्चिम एसियाको क्षेत्रमा पशुचारक घुमन्ते कश (कस्साइट वा कस्सी) जातिको प्रवेशलाई इतिहास र पुरातत्त्वका विशिष्ट प्राचीन विद्वान्‌हरूले स्वीकारेका छन् । पश्चिमेसियाका इतिहासकार हाना घ्रिसम्यान भन्छन् – स्ट्रावो आदिको अनुसन्धानबाट क्यास्पियन सागरको छेउछाउमा मूल थलो भएको यो जाति नै एसिया, युरोप, उत्तर अफ्रिकामा विशाल साम्राज्य खडा गर्न सफल भयो । प्रशान्त महासागरदेखि लिएर आन्ध्र महासागरसम्म फैलिएका अनेकन् प्राचीन जातिमा खल्बली मच्चाइदियो । यो जातिले आजभन्दा छ शताब्दीपूर्व नै कृषिकर्म र पशुचारणमा दक्षता प्राप्त गरेर कास्ययुगमा प्रवेश गरिसकेको थियो, जुन बेला अरू जाति पाषाणयुगमै थिए ।[१४]

उपर्युक्त अनुसन्धानबाट असुर बनीपालको राज्यशासनपूर्व नै कस्सीहरूको साम्राज्य सुमेर, बेबिलोन, उर आदि प्राचीन देश, फराँत र दजला नदीकिनारको विशाल भूभागमा फैलिएको थियो भन्ने बुझिन्छ। असिरियाको असुरजातिको आक्रमणले साम्राज्य ध्वस्त भएपछि पूर्व-उत्तर लागेको कशजातिको शाखा कास्मिर, जालन्धर हुँदै कर्णाली क्षेत्रसम्म छरिन आयो होला। दुर्गम पहाड र वनजङ्गल भएको क्षेत्रमा वनजङ्गल फाँडेर नयाँ बस्ती बसाउन सक्तथे र आदिम खस राजाहरूलाई पश्चिमेसियाको विकसित राज्यसञ्चालक बुद्धिले काजी (मन्त्री) र सेनानायकका काम गरेर सहयोग पुऱ्याउन सक्थे। मरुत्‌देव मस्टोको मान्यतामा आपत्ति नहुनाले उनीहरूले पनि मरुत्‌को शिवसँग तादात्म्य गरेका कुलदेवता कावालाई नै कावामस्टोको नाउँमा पुज्न थाले होलान्।

यस्तै थार्पामस्टो उत्तरबाट दक्षिण पस्ने हुण सम्मिश्रणपछिका खसजातिले मानेका देवता हुन्, जसको भाषा तिब्बती (हुण) भाषासँग मिसिएको खस भाषा हुँदा प्राचीन भाषिक रूप अनुसन्धेय छ र धामीले पतुरेको शब्दावलीलाई बुझ्न दोभाषिया 'खावा' को आवश्यकता परेको कुराले उत्तरी खस शाखा (हुण भाषाभाषी) को कुलदेवता मान्न सकिन्छ। भाषा, जातीय सम्मिश्रण र वेशभूषाले पार्थक्य देखिए पनि कुलदेवता र संस्कारगत मान्यता हम्मेसी बदलिँदैनन्।

डा. प्रयागजी भन्नुहुन्छ – विभिन्न मस्टोका भिन्नाभिन्नै कथा छन्, यो कथा तिनको जीवनजस्तै हो। यो धामीले पतुरेको बेलामा भन्छ। यस्ता कथामा अनेकन् चमत्कारी घटना र राक्षसहरूको विनाश, एक ठाउँबाट अर्को ठाउँमा गरेको विचरण र यात्राको वर्णन पाइन्छ।

उपर्युक्त कथनबाट डा. प्रयागज्यूले मस्टोको जीवनसम्बन्धी चर्चा भनेर पौराणिक चमत्कारका लोककथाको रूप मानेर छाडिदिनुभएको भान हुन्छ। वास्तवमा मस्टोको जीवन-चरित्रलाई नै त्यस क्षेत्रमा बस्ने जातिको इतिहास, आपदविपद, उनीहरूका पुर्खाले सहनुपरेको कष्ट, सङ्घर्ष र यायावरी जीवनकै कहानी मान्नुपर्छ। त्यसभित्र कति सांस्कृतिक र इतिहासका पक्ष छन् र कति कथामा पछिका पौराणिक कथाका रोचक वर्णन समावेश हुन पुगेका छन्, त्यो छुट्याएपछि एक ज्वलन्त सांस्कृतिक इतिहासको पक्ष केलाउन र निष्कर्षमा पुग्न सकिन्छ भन्ने मेरो धारणा छ।

पुरातात्त्विक, ऐतिहासिक र साहित्यिक सामग्रीको अभावमा यिनै छानबिन, अनुश्रुति र किंवदन्तीहरू नै इतिहासका पक्ष हुन् । नेपाल उपत्यकाका वंशावलीको सँगालो पनि सत्य इतिहास होइन र सबै झूटा, कपोल कल्पना पनि होइनन् । त्यस्तै पश्चिम नेपालको आदिम इतिहास र संस्कृति, समाज-व्यवस्था, जातिहरूको आगमन, नेपाली जाति, थर, गोत्र, संस्कारको प्राचीनता र अन्य आर्यसंस्कृतिमा नपाइने देवता, लोकाचार, चाडपर्व, परम्परा नै ज्यूँदो नेपाली संस्कृति हो, जो कर्णाली क्षेत्रको अध्ययनले दिन सक्छ तथा मस्टोका धामीहरूले पतुरेर बाटो लगाइदिन सक्छन् ।

मस्टोदेवताको मरुत्‌रूप र शिवसँगको समन्वयमाथि धेरै विचार गरियो । फराँत घाँटीमा प्राप्त मूर्ति, जसको वाहन साँढे छ, शिरमा अर्धचन्द्राकार नाउमाथि गोलसूर्यको प्रतिबिम्ब छ, पङ्खहरू छन् र जसलाई एसियामाइनरको हित्ती (कश शाखा) ले मानेका मरुत्‌देवता भनेर पुरातत्त्वविद्‌हरूले लेखेका छन् । उक्त मूर्तिको टिप्पणीमा 'रुद्र का रुत्‌रूप' (इसापूर्व १२ बी शदी) लेखेर चित्र दिइएको छ ।[१५] उक्त मूर्तिको एउटा हातमा त्रिशूल र दाहिने हातमा परशु (बन्चरो) छ ।

वैदिक साहित्यमा वृष वा वृषभ शब्द इन्द्र पराक्रमी, सम्मान्य, पूज्यवाचक भएर प्रयोग भएको पाइन्छ । गोरु वा साँढेलाई कहने वृषभ शब्द परवर्ती कालमा रूढजस्तै भएको छ । शिवको वाहन, मरुत्‌देवताको युगमा शिवको आराधना गरिने चलन भएको थाहा हुन्छ । सेतो वृषभ आर्यहरूको माङ्गलिक प्रतीक पनि हो । शिरमा अर्धचन्द्राकारमाथि सूर्यबिम्बाङ्कित मूर्तिले सूर्यपूजक शक, चन्द्रपूजक अरेबियन वा चन्द्रवंशी कश (खस) हरूको भयका देवता रुद्ररूप मरुत्‌देवताको समन्वयवादी रूप मूर्तिमा परिलक्षित हुन्छ ।

ईसापूर्व ३००० वर्षपहिले नै छरिएका खसहरूका लगत्तै पछि खसवंशका भेलमा पसेका किराँतहरू र पुराणमा देवयोनिविशेष भनेर गणना भएका कश्यप प्रजापतिका सन्तान नागवंशी खसहरू, हिमप्रदेशमा बस्ने गन्धर्व, यक्ष (खस), राक्षसहरूका सर्वमान्य देवता रुद्र नै थिए । संहारका रुद्र खुसी भएर शिव (कल्याण) रूप हुने हुँदा रक्षक, भक्षक, कल्याणकारी, परमेश्वर, देवाधिदेव भएकाले महादेव कहलाए ।

आदिकालका प्रकृति वृक्ष, नदी, पर्वत, आदिका पूजक अनार्यका लागि पनि विभिन्न रूपधारी शिव सर्वशक्तिमान्का रूपमा पुजिए । वैदिककालीन अनार्य भनिएका प्रकृतिपूजक (लिङ्ग र योनि) ले पनि आद्यप्रकृति पार्वती र परमपुरुष शिवलाई पाएपछि लिङ्ग र योनिको सङ्गमरूप शिव नै भएकाले महेश्वरको लिङ्गपूजन पछिल्लो कालमा सर्वमान्य भएको देखिन्छ । हिन्दूधर्ममा भने लिङ्ग त्रिलोकव्यापी परम पुरुषको प्रतीक 'यूप' को नयाँ रूप हो । यसको अवस्थिति पराशक्तिको प्रतीकमा आधारित छ ।

ऐतिहासिक वा पौराणिक कालमा आएर सारा प्रकृतिपूजक जाति र आर्यजातिका पनि महादेव मानिएका शिवका रूपमा सबैको जातिविशेषको प्रतीक देख्न पाइन्छ । चन्द्रपूजक वा चन्द्रवंशी (खस) को प्रतीक शिवको शिरमा चन्द्रमा छन् । नदी मातृकजातिको प्रतीक सबैभन्दा पूज्यतामा पवित्र गङ्गा नै शिवका शिरमा वास गर्दछिन् । कश्यपसन्तान नागजातिका पूज्य सर्पहरू नै शिवका गहना छन् । पशु, बाघ, हात्तीपूजकका निम्ति शिवले बाघाम्बर बाँधेका छन् र हस्तीचर्म ओढेका छन् । शक्ति (देवी) पूजकहरूका निम्ति उमा नै शिवकी प्राणप्रिया हुन् र उनका पति नै शिव हुन् । जटाधारी भस्मलेपन गर्ने योगीभेषले ऋषिमुनि, तपस्वीहरूको प्रतिनिधित्व गर्दछन् । सूर्य, चन्द्र र अग्नि नै उनका तीन आँखा हुन् । वैदिक अर्थमा त्रिमातृक पनि हुन् ।

श्मशानवासी वृषवाहन, त्रिशूल र पिनाक धनुर्धारी भएकाले लडाकु वीर जातिका पनि पूज्य छन् र भूत, प्रेत, पिशाच गणका स्वामी, जादू, टुना जान्नेका पनि ईश्वर सर्वोच्च शिखर कैलाशमा बस्ने भएकाले पार्वत्य जातिको प्रतिनिधित्व पनि गर्दछन् । यक्ष, राक्षस, सुर, असुरले पनि मानेका वनवासी किराँतको भेषमा घुम्ने र मायावी (रूप बदल्ने) भएकाले के आर्य, के अनार्य, कोल, भील, मुण्ड, निषाद आदि सबैका देवाधिदेव महादेवले उत्तरवैदिक कालमा नै जाति-समन्वय गरिसकेका छन् । संस्कृति-समन्वयको ज्वलन्त रूप शिवमा देख्न पाइन्छ ।

यज्ञमा विश्वास गर्ने, अग्नि, सूर्य, वरुण, इन्द्र आदि देवताको स्तुति गाएर आफ्नो चिन्तनधाराको विकास गर्ने आर्यहरू, 'शिश्नोदेवा:देखि रक्षा गर' भनेर पुकारा गर्थे । ती प्रकृतिपूजकको पनि आदिप्रकृतिरूपिणी 'उमा'

र उमापति शिव भएकाले उनीहरूको दृष्टिमा शिव र उमाको प्रतीक भएको 'लिङ्गपूजा' पछि आएर घृणाको विषय हुन पाएन ।

मानव मनोविज्ञानमा प्रेम र भय दुवै पक्ष मान्यताका आधार हुन् । विश्वका मानवहरूले प्रकृतिको भयावह स्थितिबाट रक्षा पाउन अनन्त सत्ताधारी देवताको उपासना गऱ्यो, कि प्रेम र सद्भावना पाउन सात्विक देवताको चिन्तन गऱ्यो । हिन्दू-परम्परामा यी दुवै पक्षका आफ्ना-आफ्ना देवताको महत्त्व छ । भयका देवता संहारकारी रुद्र शिव थिए भने प्रेमका देवताका रूपमा वैदिक कालका द्वादश आदित्यमध्येका विष्णु सर्वशक्तिमान् भुक्तिमुक्तिदाता परमेश्वर बने ।

भयका देवताहरू कल्याणकारी शिवका रूपमा पनि पूजित छन् । तर सात्विक प्रवृत्तिका निम्ति उत्तरवैदिक (उपनिषद्) कालमा आएर विष्णु अन्तर्यामी आत्मस्वरूप, समदृष्टि राख्ने अहिंसक, मुनिजनका आराध्य मानिए । त्रिविक्रम (तीनै पादले तीन लोक ढाक्ने), त्रिलोकव्यापी ज्योतिका प्रतीक नै विष्णु हुन् ।

शिवचाहिँ हिंसक-अहिंसक सबै जातिका आफ्ना-आफ्ना परम्परागत आचार-विचार, चालचलनमा कुनै परिवर्तन नगरीकनै उपास्य देवता रुद्र वा शिव भएकाले संस्कृति-समागममा विष्णुको भन्दा शिवको महत्त्व गरिमामय देखिएको छ । त्यसमा पनि हिमप्रान्तरमा बस्ने विभिन्न जातिको फूलबारी भएको नेपालमा शैवधर्मले व्यापकता पाएको छ । मरुत् रूप इन्द्रकै प्रतिच्छवि मस्टोमा पाएकाले विक्रमको चौथो-पाँचौं शदीभन्दा आगाडि नै जालन्धर, कान्यकुब्ज आदि ठाउँबाट पश्चिम नेपालमा पस्ने वेदविद्याका पारङ्गत उपाध्याय ब्राह्मणहरू र राजपूतानातिरबाट पस्ने सूर्यवंशी क्षत्रियहरूले यो शिव-पार्वतीको देशभित्र पसेर मस्टोलाई आत्मसात् गर्न र कुलदेवताका रूपमा मान्यता दिन कठिन परेन ।

निराकार रूपमा पुजिने मस्टालाई विशेष पूजा गर्दा यज्ञविधान गर्ने अन्य वैदिक देवतालाई पनि हवन गर्ने चलन चल्यो । अर्को विशेषता के भने मस्टोलाई हवन गर्दा शिवका ऋचाहरूले हवन गरिन्छ ।

डा. प्रयागज्यू भन्नुहुन्छ – यज्ञमा मस्टोलाई वामदेव गोत्र दिएको पनि मैले सुनें । होम गर्ने परम्परा, गोत्र दिने प्रयास ब्राह्मण समाजको प्रभाव हो ।

उपर्युक्त कुरा हुन पनि सक्तछ, नहुन पनि सक्तछ । मस्टोलाई उपाख्यानमा बाघबाट मारिएका कुन जाति थिए ? ब्राह्मण, क्षत्री, वैश्य वा वर्णव्यवस्थामा नबाँधिएको कुनै जाति ? ब्राह्मणबाहेकको जाति हो भने नपढेकाले पनि मस्टोको धामी हुने सिलसिलामा ४० अध्याय शुक्ल यजुर्वेद कसरी भन्ने ? यसको वास्तविक अन्वेषण भएर निष्कर्षमा पुग्नु जरुरी छ । मस्टाको कैरन नै कर्णाली भेगका मानव-समुदायको प्रारम्भिक इतिहास हो र त्यसभित्र कति सत्य इतिहास छ, केलाउनुपर्दछ ।

मस्टोदेवताको धामी, डाङ्ग्री र वाहन :

निराकार वायुरूपमा पुजिने मस्टोदेवताका प्रतीक वा प्रतिनिधि धामी हुन् । धामीले शुद्ध पवित्र भई चम्मर, घण्टा लिएर आह्वान गरेपछि धामीको आङमा कम्प दिएर मस्टो उत्रन्छन् । यो बेला आफ्नो जीवनी, गरेका कामकुराहरू, पुरानो इतिहास धामीको मुखबाट कहन्छन् । सोधेका कुरा राम्रो-नराम्रो के कसो हुन्छ भनिदिन्छन् । भविष्यवाणी गर्ने, सिद्ध-साधु, सन्त, ज्योतिषीमा अनन्त विश्वास राख्ने विश्वभरि नै ठूलो समाज छ । नेपाली जनजीवनको अशिक्षित जनसमुदाय बढी भएको ठाउँमा यस्ता कामकुराप्रति आस्था-विश्वास बढ्दै जानु स्वाभाविक नै हुन्छ । प्रश्न गरिएका विषयमा सत्यता पाइयो भने उनको महत्तामा आज पनि कुन जाति वा व्यक्तिले श्रद्धा र आस्था प्रकट नगर्ला र ?

मस्टोको कैरनबाट ऐतिहासिक डोरी पहिल्याउन खोज्ने पूर्णप्रकाश यात्रीज्यूको विचारमा सांस्कृतिक अध्ययनका निम्ति गरिनुपर्ने वर्गीकरण यसप्रकार छ –

मण्डल : खप्तडी, कालीकोटे, श्रीपाली, सिँजाली, खुलाल
मस्टो : खापड, कावासिल्ला, आदिमस्टो, लाटामस्टो, क्षेत्रपालमस्टो
सहायक देवी : गङ्गाभवानी, रुमाला, सुरमादेवी, कनकसुन्दरी, विन्दुवासिनी, लाँगडा, भुरोसिलो, ढाडेभाँक्री, लट्टेभाँक्री, गौडो बछलो ।

उपर्युक्त प्रणालीबाट के थाहा हुन्छ भने इतिहासकालको सुरुमा यो भेकको आवादी मुख्यतया पाँच भागमा बाँडिएको थियो । यी पाँच पुर्ख्यौली थलोमा बस्ने बाहुन, ठकुरी, क्षत्री तथा अन्य जातिहरूको पुर्ख्यौली विभाजन यसै प्रकार हुने गरेको पाइन्छ । कुन मस्टो र देवी

मान्दछौ ? भनेर सोद्धा मेचीसम्म फैलिएका बाहुन, क्षत्री, ठकुरी, कामी, सार्कीसम्मले श्रीपाली, कालीकोटे, सिँजाली, खप्तडी, खुलाल भन्ने परिचय दिन्छन् र सो छुट्याउन नसके पनि मस्टो र देवीको (कुलदेवता) पत्ता लागेपछि त्यो जाति वा वंशको आदिथलो पत्ता लाग्न सक्छ। यो पाँच क्षेत्र पश्चिम नेपालका पाँचमण्डल रहेछन् र यसरी मण्डल विभाजन गरिने आधार पाँच माण्डलिक राजा भएकाले नै हुन सक्छ। अन्यथा दैलेखबाट कुनै जुम्ला गएको वंशावली भेटिन्छ भने जुम्लाबाट खप्तड, अछाम गएको पनि पाइन्छ। किन्तु मूल थलो कहाँबाट छुट्टिएको भन्ने कुराचाहिँ भोजपुर, धनकुटासम्म पुगेका क्षत्रीहरू श्रीपाली बस्नेत, थापा आदिको वंशपरिचयबाट पाइन्छ। यी पाँच देवताको मान्यता र चाडपर्वका विशेषताहरूको सूक्ष्म अध्ययनबाट ऐतिहासिक कालपछिका सामान्य विभेदहरू पत्ता लाग्दछन्, जसको गहन अध्ययन हुनु जरुरी छ।

खस नेपालीको मौलिक पक्ष र मस्टो :

मस्टोलाई कुनै इतिहासकारहरूले शिवका गण वीरभद्रको रूप हो भन्ने तर्क प्रस्तुत गर्दछन्। यो विचार योगी नरहरिनाथज्यू र वरिष्ठ भाषाशास्त्री प्रो. बालकृष्ण पोखरेलको हो।

परन्तु यी देवताको स्थापना-प्रकार, पूजाप्रकार र धामीले पुकारा गरी शरीरमा आवेश गराएर फलाक्ता बनाएका कुराहरूको अन्वेषण मरुत्‌देवताका रूपमा पूजित रहेछन् भन्ने विश्वास जन्मन्छ। मरुत्‌रूप हावा र विद्युत् हो, जसको मूर्ति हुँदैन। कुलपूजा गर्दा केवल मन्दिरको कल्पनामा खोपा मात्र बनाइन्छ, मूर्तिस्थापना गरिँदैन। मस्टो वीरभद्र रूप भए अवश्य नै मूर्तिमन्त हुने थिए।

जुम्ली भाषामा मस्तको लौकिक अर्थ हुन्छ धेरै। हामी मस्तको अर्थ मस्ती सम्झन्छौं। लौकिक उच्चारणमा 'माइथो', 'माइथमत्त' आदि भनेको पनि पाइन्छ। कुमाउनी गीतमा 'असुरो मष्ट्या' भन्ने गरेको पाइन्छ र हाम्रा पुराणले पनि देवताको रिस गर्ने दितीबाट जन्मेका मरुत् (वायु) असुर मूलका नै हुन् भनेको छ। यिनको सङ्ख्या कहीँ २१, पुराणमा ४९ र वेदमा १०० सम्म पाइने हुनाले मरुद्‌गणे भन्दछन्। मरुत् इन्द्र (वर्षा बादलका देवता) का सहचारी, आँधी-पानीका देवता, रुद्रका पुत्र तथा सहयोगका रूपमा वैदिक संहितामा उल्लेख गरिएको छ। पश्चिम एसिया

(वर्तमान इरान-इराक क्षेत्र) मा मरुत् नामक गणजातिको अस्तित्व थियो भन्ने कुरा इतिहासविद् मान्दछन् । सायद यो मरुत्पूजक जाति थियो ।

इसापूर्व चौधौँ शताब्दीतिर एसियामाइनरमा हित्ती नामक जातिको शासन थियो । यो जाति आर्यमूलकै मानिन्छ । यो जातिले मानभाउ गरिएका आँधीपानीका देवता मरुत्को मूर्ति शिवको आकारमा निर्मित छ । यो मूर्तिलाई तूफानका देवता 'तेशव' को मूर्ति हो भन्ने सिरियाका इतिहासकार फिजिक के. हिट्टीको कथन छ । हित्तीजातिकै छिमेकी अर्को आर्यजातिको शाखा मितन्नीहरू पनि तिशुव (तेशव) को उपासना गर्दथे भनिएको छ ।

भारतीय वैदिक आर्यहरू प्राचीनकालमा मूर्तिपूजा गर्दैनथे । तर मूर्ति बनाई स्थापना गर्ने चलन थिएन भन्न सकिन्न । वैदिक संहिता कालमा मूर्तिपूजा गर्ने चलन थियो भन्ने कुरा संहितामा पाइन्न ।

हिन्दूहरू मूर्तिमा भन्दा भावनामा देवता छन् भन्ने विश्वास गर्दछन् । प्राचीन मिश्रदेश बेबिलोन र युनानमा मूर्तिनिर्माण गर्ने र देवतारूपमा स्थापना उपासना गर्ने चलन भएकाले हावारूप मरुत्देवताको पनि मूर्ति निर्माण भएको पाइन्छ, तापनि आर्यसभ्यता अङ्गिकार गर्नेहरूले भने मूर्ति नभएका मस्टोको पूजा गर्ने गरे ।

वैदिक धर्मका अनुयायीहरूलाई हामी आर्य भन्दछौँ । रूपरङ्ग, आकारप्रकारले यी जातिसँग मिल्ने र वैदिक देवता इन्द्र, वरुण, सूर्य, नासत्यौ, शिव, मरुत्, अग्नि, मित्र आदिकै उपासना गर्ने आर्यजातिकै अर्को शाखा हो कश वा खस । शकजाति, मल्हव, पारसिक, मितन्नी, हित्ती, असुर आदि जाति पनि आर्यजातिकै शाखा-प्रशाखा हुन् ।

आर्यजातिका यी शाखाहरूमा कोही सूर्यलाई इष्टदेवता मान्ने थिए, कोही अग्निलाई र कोही मरुत्लाई । यीमध्येका कोही असुरजाति तथा खस शाखाका मितन्नी, हित्ती र मानसरोवर क्षेत्रमा बस्ने यक्ष भनिने खसजातिहरू इष्टदेवताका रूपमा मरुत् (आँधी, पानी, बिजुलीका देवता) लाई मान्दथे । वैदिक मरुत्देवता शिवकै अवतार वा सन्तान भएकाले र शिव (महादेव) महारुद्रको पनि सहचारी देवता भएकाले रुद्रकै रूपमा मरुत्को आह्वान गरिन्थ्यो । रुद्रलाई यजुर्वेद (अ. १६) मा अग्निरूप, सर्वव्यापकरूप, रौद्ररूप र कल्याणकारी रूप पनि मानिएको पाइन्छ ।

यसैकारण एकादशरुद्रमा मरुत्‌रूपसमेत मिलाएर १२ रुद्रको वर्णन पनि शास्त्रमा पाइन्छ ।

आर्यजातिहरूको मुख्य धन पशु हो । गाई, घोडा, बाख्रा, भेडा आदि पशुका मुख्य देवताका रूपमा देवकालभन्दा अगाडिदेखि नै रुद्रलाई मानेकाले नेपाली ब्राह्मण, क्षत्रिय, ठकुरी, किराँती र अन्य जातिका पनि गोठका मूलदेवता महारुद्र (महादेव) हुन् । भारतवर्षमा बस्ने आर्यजातिले पनि रुद्र वा महादेवको पूजा-उपासना गर्दछन् तापनि इष्टदेवता वा गोठको देवताका रूपमा मान्ने चलन छैन । नेपालको पहाडी क्षेत्रमा बस्ने अधिकांश जातिले भने सालको एकपटक वा दुईपटक मार्गशीर्ष पूर्णिमा र वैशाखको पूर्णिमामा गोष्ठदेवताको पूजा (गोठको धूप) गर्दछन् । नेपाली समाजमा यजुर्वेदको सोह्रौं अध्याय (रुद्री) को एक सय मन्त्र पढेर गाईको दूध, पञ्चामृत अथवा पानीमा पञ्चामृत (दूध, दही, घिउ, मह, सख्खर) मिसाएका जलले अटुट जलधारा चुहाएर रुद्री पाठ गरिन्छ । गोष्ठदेवताको पूजा गर्दा गाईको दूध, दही, घिउ, खीर, नौनीघिउ र बाबर (रोटी) को नैवेद्य चढाउनु अनिवार्य हुन्छ । गाईको दूधले अभिषेक गर्नु र घिउको धूप हालेर गोठ धुप्याउनु पनि आवश्यक कुरा हो । फूलपातीका रूपमा भने अमलाका पातहरू प्रयोग हुन्छन् । यो प्रचलन प्रायः सबै नेपाली समाजमा छ ।

कुनै पनि नेपाली समाजमा गाई-भैंसी ब्याउँदा बिगौती दूध पकाई दूधिलो चोप आउने रूखको हाँगो चिरेर त्यसैका पातमा सात थुप्रा बिगौती राखेर सातपोके बाँध्छन् । कसैकसैको सात पोकामाथि २-४ पोका (स्थानीय देवतालाई) थपेर बाँध्ने चलन पनि छ । यी सात गोष्ठदेवतामा प्रायशः निम्नस्थ देवता पर्दछन् – १. महारुद्र, २. काँडाब्रह्म, ३. ऐरादेवता (सिकारका देवता), ४. गैंडू, ५. गोसाईं, ६. गैया । उक्त ६ देवतामाथि कसैले कुलदेवता मस्टो थपेर सात पुऱ्याउँछन् भने कसैले कुनै कुलदेवी (काली, तारा, चण्डी, दुर्गा, विन्दुवासिनी) मध्ये एक थपेर सात पुऱ्याउँछन् । यो प्रथा नेपाली जातिको परम्परागत सांस्कृतिक पक्ष हो । सैनी नाउँकी देवी पनि कसैका निम्ति पूज्या छिन् ।

उपर्युक्त गोष्ठदेवताको परम्परा खस राज्य जुम्ला, जसभित्र डोटी, अछाम र महाकालीपारि पनि पर्न सक्छन्, मा अनादिकालदेखि नै चलेको परम्परा हो । यसको मूल तत्त्वले आर्यशाखाको खस गणको परम्परालाई

औँल्याउँछ । यायावर (घुमन्ते पशुचारक) युगको संस्कृति र मान्यतासँग वैदिक परम्पराको सम्मिश्रण भएको बेग्लै नेपाली संस्कृतिको यो ज्वलन्त पक्ष हो । आर्यजाति र इरानीहरूको अग्निपूजक इतिहास छ । गार्हस्थ्यमा अग्नि ननिभाईकन राख्ने र अग्निलाई अगाडि लगाएर मात्रै परदेश जाने, बसाइँ सर्ने वैदिक परम्परा हो ।

भारतीय क्षेत्रमा अग्निभयले आगो निरन्तर बालिँदैन, अग्नि नभएको भान्सामा भात खान निषेध पनि छैन । तर नेपाली संस्कृतिमा अगेनामा आगो निभ्न नदिने र आगो निभ्यो भने भान्सा छोइने, भोजन गर्न नहुने परम्परा थियो, कतै-कतै अझै छँदैछ । गाईलाई लक्ष्मीका रूपमा सबै आर्यजातिले पुज्दछन् । तर गाईगोठमा बरबधू एक रात नवसी विवाह नहुने र गाई अघि लगाएर हिँडेपछि साइत हेरिरहनु नपर्ने स्थिति जुम्ला भेकमा जीवन्त छ । गाईगोठसँग प्रत्येक शुभकार्यको सम्बन्ध रहनु पनि खस संस्कृतिको मौलिक पक्ष हो । मेचीकिनारमा बसाइँ सरेर गएका ब्राह्मण-क्षत्रियले पनि गृहप्रवेश गर्ने साइत निस्केन भने पहिले गाईलाई नयाँ घरमा हुली एक-दुई दिन राखेपछि विनासाइत नै घरमा सर्न हुने चलन आज पनि चलेकै छ ।

उपर्युल्लेख भएका विषयहरू कशजाति (खसजाति) का सांस्कृतिक पक्ष हुन् । यो सांस्कृतिक पक्षलाई कुरु, पाञ्चाल, कान्यकुब्जबाट पहाड पसेका ब्राह्मण, राजपूत र अन्य जातिले पनि स्वीकार गरेका हुँदा नेपाली आर्यमूलका जातिहरूको छुट्टै संस्कृति निर्माण भएको पाइन्छ ।

उत्तरभारतीय क्षेत्र तथा पश्चिमोत्तर भारतबाट नेपालको महाकालीभन्दा पूर्वमा आठौँ शताब्दीपछि भारतका विभिन्न प्रदेशबाट उत्तराखण्डमा आउने ब्राह्मण, ठकुरी, क्षत्रीहरूले खससंस्कृतिका परम्परा गोष्ठपूजा, गोष्ठदेवता, कुलदेवताका रूपमा मानिने मरुत् (मस्टो) र अन्य ग्रामदेवताको मान्यतालाई पूर्णतः स्वीकार गरेका छैनन् भन्न सकिन्छ । कुमाउनी ब्राह्मणहरू मस्टो पुज्दैनन् । किन्तु ब्राह्मणको संसर्गमा रहेको जातिले चाहिँ मस्टो पुज्ने गरेको पाइन्छ ।

बझाङको संस्कृतिमा मस्टोपर्व :

बझाङ जिल्लामा मस्टोदेवता सुदूरपश्चिमाञ्चल क्षेत्रका निम्ति प्रसिद्ध छन् । यी देवतालाई दाहे्रमस्टो पनि भन्छन् । दाहे्रमस्टोका धामीले

कामेको बेलामा दाँतले सयौँ बोकाको गर्धन छिनाउँथे । मस्टो आङ चढेको बेला धामीका दाह्रा निस्कन्थे, जो तीक्ष्ण खड्गभन्दा पनि मापाका थिए भन्ने कथन बहुप्रचलित छ ।

बभाङका प्रगतिशील विचार राख्ने राजाले धामीको वा मस्टोको परीक्षाका निम्ति मोटो गर्धन भएको जखु बोकाको घाँटीमा फलामे पाताको जन्जिर लगाएर बोका बलि दिन ल्याएछन् । धामीले टोकेर नै गर्धन र फलामे पट्टी पनि छिनाइदिए तर उनका दुईवटा दाह्रा पनि टुटेछन् । त्यसपछि मस्टो आङ चढेका बेलामा फलानाको जाँच गर्ने कर्तुतले मेरा दाह्रा टुटे भनेर दुई दाह्रा टुटेको मस्टोका धामीले देखाउँथे भनेर पचास वर्ष नाघेका स्थानीय मानिसहरूको भनाइ छ ।

वर्तमानमा त्यसरी बलिदान गर्ने चलन धेरै हटेको छ र दूधेमस्टोका रूपमा पनि पूजा गरिन्छ । मस्टोलाई मोटेश्वर पनि भनिन्छ । यो सुधारिएको नाउँ हो । यी मस्टोलाई इन्द्रपुत्र हुन् भनेर पनि लोकमा विश्वास गरिन्छ । यसबाट मस्टो र इन्द्रको बाबुछोराको सम्बन्ध भएको बुझिन्छ । मस्टोलाई लेखकले मरुत्‌देवताको प्रतीक अथवा मरुत्‌बाट नै मस्टो भएको कुरा स्वीकार गरेको छ ।

यो धारणालाई पनि स्थानीय लोकोक्तिले पुष्टि नै गर्छ । इन्द्र र मरुत्‌गणको ज्यादै नजिकको सम्बन्ध भएको कुरा हाम्रा पौराणिक साहित्यले पनि स्वीकार गर्छन् र वेदमा भने मरुत्‌गणलाई रुद्रपुत्र भनिएको पनि पाइन्छ । वैदिक मरुत् २१ वा एक सय भएको कुरा वैदिक साहित्यबाट जान्न पाइन्छ भने इन्द्रका सहचारी र रुद्रका पुत्र अथवा गणका रूपमा मरुत्‌को उल्लेख भएको छ ।

मस्टोदेवताको मान्यता सम्पूर्ण पश्चिम नेपालमा भए पनि बभाङ जिल्लामा मस्टोको ज्यादै प्रसिद्धि छ । चैत्र कृष्णऔँसीका दिन मस्टोको काँकर (लिङ्गो) ल्याउन गाउँलेहरू खाजा सामल लिएर बाजागाजाका साथ भोकै जङ्गलमा प्रस्थान गर्छन् । यो औँसीलाई सम्वत्सर औँसी भन्ने चलन छ, किनकि चैत्र शुक्ल प्रतिपदाको दिनदेखि शक सम्वत्सर सुरु हुन्छ । ६०-६५ हातको पहिले सल्लाको सुरिलो रूख छानेर काँकर काटिन्छ । रूख काटेको ठुटामा रूख काटेर ताछतुछ पारी बोक्न सक्ने बनाएपछि रूख काटेको ठुटामा बोकाको बलि दिन्छन् । यो बलिका निम्ति हजारौँ मानिसले इच्छापूर्तिका

निम्ति भाकल गरिराखेका हुन्छन् । पाँच-छ सय बोका काटिनु साधारण कुरो हो । यो लिङ्गो मोडाल थर हुनेहरूले काट्छन् । पुजारी पनि लिङ्गो काट्ने ठाउँमा जानुपर्छ । यसको लम्बाइ परिणाम ३२ बाहाँभर भन्छन् अर्थात् ६४ हात ।

धामीको काँकर काटेर (धामीगाउँ) कणेल गाउँ विकास समितिले ल्याउँछ । जैदुमैदु बोहराहरूको लिङ्गो बान्नीकोट गाउँ विकास समितिले ल्याउँछन् । पुजारी सुवेडा (सुवेदी) हरूको लिङ्गो यसबापत गुठी जग्गा खाने, मुडुलेल, कठायत, ऐडी थरवाला खसले ल्याउँछन् । यिनीहरूको दुई वर्षको पालो हुन्छ । अर्को दुई वर्ष पाटा गाउँकै १ नम्बर वडामा बस्ने ठकुरी मोत्थाल, रोकाया, ऐडी, कठायत तीन जातले ल्याउँछन् । बोकेर, लडाएर, घिसारेर ल्याउँदा लिङ्गो भाँचियो भने तुरुन्तै गएर नयाँ ल्याउनुपर्छ । यी लिङ्गाहरू ल्याएर तोलेनी भन्ने मैदानमा राखिन्छ ।

तोलेनी भन्ने चौरमा पहिले कुण्ड थियो । त्यहाँ मस्टो र महिषासुर भन्ने दानवको १२ वर्षसम्म लडाइँ भयो । त्यसपछि मस्टोका बहिनी – धुर्का, सुर्मा, स्याही आदि १६ बहिनीले महिषासुरलाई जालमा पारेपछि मारे । त्यसपछि त्यो दानवको जेगजाँगडो (जाङ र खुट्टाहरू) फ्याँक्ता डोटी जोरायलमा पुग्यो । त्यसैले डोटी-जोरायल नाउँ रहेको हो ।

औँसीका दिन काटेको लिङ्गो भोलि या पर्सिपल्टसम्ममा मस्टोको नजिकको तोलेनी मैदानमा ल्याएर राखिन्छ । चैत्र शुक्ल त्रयोदशीका दिनमा फेरि मानिसहरू जम्मा भएर मुख्य काँकर खडाको खडै रूपमा बोकेर मस्टोको माडुनजिक पुऱ्याउँछन् । खडा काँकरले त्यो चौरको बीच चिर्दै लैजाने चलन छ । त्यस कुरालाई महिषासुरको छाती चिरेको भनिन्छ । पहिले-पहिले यसरी काँकर चौर कोरिँदा रगत आउँथ्यो रे, किन्तु अब त्यस्तो हुँदैन । काँकर लिङ्गो यहाँको जात्रामा जस्तो गाडेर खडा गर्ने चलन छैन । अर्थात् खडा गरेर ढाल्यो अनि त्यसलाई ४५ हात लामो मस्टोको माडुमा लगेर चढाइन्छ अर्थात् सुताएर चढाइन्छ । धामीको काँकरमा (लिङ्गोमा) ध्वजापताका र चमर, घण्टी बाँधेर सिँगारिन्छ । अन्य लिङ्गोमा ध्वजापताकाले मात्र सिँगार्ने चलन छ । लिङ्गो खडा गर्ने काम सकिएपछि दुई गाउँ तल्लो छबिसे र उपल्लो छबिसेका बीच मस्टोको खुसियालीमा भकुन्डो खेल्छन् । पहिले-पहिले त्यसै दिन बाघले मारेको गाईगोरुको छाला ल्याई भकुन्डो बनाउने चलन थियो । आजकाल जङ्गल

मासिएको र बाघ, चितुवा पनि सकिँदै गएकाले यो सम्भव छैन । कहिलेकाहीँ यस्तो परिहाल्यो भने प्राचीन मान्यताको पालना गरिँदैछ ।

यो पर्वलाई चैतुली चाड भन्दछन् । यो मेलामा अनिवार्य रूपमा बझाङका सबै व्यक्तिहरू जानुपर्थ्यो । डोटी, डडेलधुरा, अछामदेखिका मानिसहरू यो मेला भर्न आउँछन् । आइतबार र बुधबार मस्टोको माडौंमा नित्य पूजा हुन्छ । पुजारी सुवेदी ब्राह्मण छन् र उनले नभ्याउने बेलाका निम्ति अन्य उपाध्याय ब्राह्मण पनि राखिएका छन् ।

मस्टोलाई गाई, घोडा, सुन, चाँदी र रुपियाँ चढाउने चलन छ । यो चढौना धामी, पुजारीको हुन्छ । धामी थरको जातै हुन्छ । यही जातबाट धामी छानिन्छन् । जसको आङमा चढेर मस्टोदेवता बोल्न थाल्छन्, त्यसको अनेक किसिमले परीक्षा लिइन्छ । मस्टोको शक्तिले युक्त भएको जनविश्वास भएपछि मात्रै धामीका रूपमा स्वीकार गरिन्छ । नमरेसम्म उही व्यक्ति नै धामी हुन्छ र मरेपछि नयाँ धामीका निम्ति उपर्युक्त नियम लागू गरिन्छ । मस्टोको मन्दिरमा वेद, रुद्री, चण्डीको पाठ गरिन्छ र यसको प्रतिष्ठाका निम्ति वा पूजापछि यज्ञ गरेर हवन गरिन्छ ।

महादसैँको अष्टमीका दिन विशेष पूजा र बलिदान गरिन्छ । वेद, रुद्री, चण्डीपाठ र यज्ञ पनि यो दिन हुन्छ । दोस्रो पर्व जन्माष्टमी हो । त्यो दिन त्यस क्षेत्रभरिका घरमा गाई, भैँसीले जति दूध दिन्छन्, त्यो सम्पूर्ण दूध ल्याएर मस्टोलाई चढाउनुपर्छ । यो बेला दोहमस्टाका रूपमा दूधेमस्टोको पूजा हुन्छ । अर्थात् दूध, खीर, टाटे (बाबर) चढाउने सात्विक पूजा मात्रै हुन्छ । यो दिन राति जात्रा पनि लाग्छ । पुसको शुक्लपक्षको अष्टमीमा पनि मस्टोको विशेष पूजा र पर्व हुन्छ । असारको शुक्ल अष्टमीमा पनि विशेष पूजा र पर्व हुन्छ ।

चैतुले चाड चैत्र शुक्ल त्रयोदशी (काँकर खडा गर्ने, चढाउने र भकुन्डो खेल्ने) सबैभन्दा विशेष जात्रा हो । यो बान्नीमाडुमा रहेको मष्टमाडुमा ४५ हातको लामो माडु छ । त्यसमा मूर्तिविनाका कोठामा नै मस्टोको आराधना गरिन्छ । मस्टोको कोठामा जान धामी पुजारीबाहेक अरूलाई मनाही छ । मस्टामण्डली (देवी), जसलाई मस्टोकी आमा भनिन्छ, उनको र 'लाटाहित' (मस्टोका गणप्रमुख) को स्थान अलि पर छ । यी तीनै देवताको मस्टोको पर्वसँग पूजाआजा हुन्छ ।

पादटिप्पणी :

१. कर्णाली प्रदेश एक बिटो अध्ययन, सं. भीमप्रसाद श्रेष्ठ
२. संस्कृत सङ्गम, उत्तराञ्चल (पूर्वार्द्ध), यमुनादत्त वैष्णव
३. एनसेन्ट इन्डिया, पृ. १४-१८, आर. सी. मजुमदार
४. इतिहासप्रकाश, भाग १, अ. १, योगी नरहरिनाथ
५. घ्रिसम्यान, पृ. ६५
६. उत्तराखण्ड का इतिहास, पृ. ६५, शिवप्रसाद डबराल
७. एसियाटिक रिसर्चेज, जि. ६, पृ. ४३
८. हाना, पृ. ४४
९. कुमाऊँ का इतिहास, बद्रीदत्त पाण्डे
१०. हाना, पृ. ४३
११. प्रतिभा विज्ञान, पृ. ९९, डा. द्विजेन्द्रनाथ शुक्ल
१२. घ्रिसम्यान
१३. The native god Kashshu doubtless - bone the name of the people as is known to have occured among other Asianic tribes (घ्रिसम्यान, पृ. ६५)
१४. उत्तराखण्ड का इतिहास, भाग १, पृ. ११८, शिवप्रसाद डबराल
१५. हाना, पृ. १०, कुन, पृ. २२३
१६. उत्तराखण्ड का इतिहास, भाग १, पृ. १०४-१०५, शिवप्रसाद डबराल
१७. संस्कृत सङ्गम, उत्तराञ्चल, पृ. १९, यमुनादत्त वैष्णव
१८. मध्य एसिया का इतिहास, भाग १, राहुल साङ्कृत्यायन
१९. सेती अञ्चल दिग्दर्शन, पूर्णप्रकाश नेपाल 'यात्री'
२०. 'कोइराला वंशलता' को आमुख, कुलचन्द्र कोइराला, २०४४
२१. कान्तिपुर दैनिक (शनिबार अङ्क), कुलचन्द्र कोइराला
२२. धर्मदर्शन (प्र. गुठी संस्थान)
२३. प्रज्ञा (ने. रा. प्र. प्र.)

('नेपाली खसबाहुनका कुलदेवता मस्टो' २०५२)

पश्चिमी नेपालको हिमालयमा पुजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा

– डा. प्रयागराज शर्मा –

प्रस्तुत लेख लेखकले सं. २०२४ र २०२७ सालमा दुईपटक गरेको कर्णाली प्रदेशको भ्रमणमा आधारित छ। यी भ्रमणमा दुल्लु, दैलेखका साथै जुम्ला, मुगु र तिब्रिकोट जिल्लाका भागहरू सम्मिलित थिए। यो सारा क्षेत्रलाई सामान्य रूपमा परिश्रमी नेपालको सङ्ज्ञा दिनु बढी उपयुक्त हुनेछ। यस भेकको प्रचलित धार्मिक रूपमध्ये नेपाल अथवा काठमाडौं उपत्यका (सायद पूर्वी नेपालसहित) बाट त्यता जाने कुनै पनि व्यक्तिलाई नौलो र भिन्न नलागिरहन सक्तैन।

यस क्षेत्रका निवासीहरू अल्प भोटे समुदायलाई छाडी छेत्री-बाहुन समुदायका छन्। बाहुनहरूमा उपाध्याय र जैसी, त्यसै गरी विभिन्न उपनाम लेख्ने ठकुरीहरू, अनि नाना थरका क्षत्री र मतवाली क्षत्री, संन्यासी नाथ, कामी, सार्की, दमाई वा ढोली, हुड्के, गायन र वादी, यी सबै यहाँका बासिन्दा हुन्। यिनमा ठूलो सङ्ख्या छेत्री, ठकुरी र जैसी बाहुनहरूको छ। बोलिचालीको भाषा नेपालीका क्षेत्रीय उपभेदहरू छन्।

भौगोलिक दृष्टिकोणले दुल्लु र दैलेखलाई एक वर्ग र जुम्ला, मुगु र तिब्रिकोटलाई अर्को वर्गमा राख्नु युक्तिसङ्गत देखापर्दछ। सबै प्रकारले यी दुई ठाउँ एक-अर्काबाट भिन्न छन्। यी दुई ठाउँका निवासीहरूको सांस्कृतिक विकास र दैनिक जीवनयापनको पद्धति यसै कारणले गर्दा बेग्लै छ। हुन त ऐतिहासिक क्रममा त यी दुवै ठाउँहरू मध्यकालमा एकै राज्यअन्तर्गत आबद्ध थिए। पश्चिमी नेपालका अरू क्षेत्रहरूको तुलनामा यस ऐतिहासिक घटनाले गर्दा जुम्ला प्रदेशको दुल्लु, दैलेख प्रदेशसित केही भिन्नता हुँदाहुँदै पनि यिनीहरू एक-अर्कासँग सबैभन्दा नजिक पनि छन्।

यस लेखमा गरिएको धार्मिक जीवनको अध्ययन विशेष गरी जुम्लामा केन्द्रित छ, तापनि दुल्लु र दैलेखसम्म आइपुगेको यसको प्रभाव र यस क्षेत्रको पनि सीमित अध्ययन यहाँ समाविष्ट छ।

धार्मिक विशेषता :

जुम्लामा पुजिने देउताहरूको नाउँ सुन्दै अनौठो लाग्ने र प्रचलित पौराणिक धर्ममा कतै नभेटिने खालको छ। केही त्यस्ता नामहरू ब्राह्मण धर्मका प्रचलित देवताहरूसँग मिल्नेजुल्ने भइहाले पनि यस्ता देवलाई पुज्ने वा उपासना गर्ने पद्धति ब्राह्मण धर्मको पद्धतिसँग ठ्याम्मै मेल खाँदैन। हरेक गाउँमा एउटा वा सोभन्दा बढी थानहरू पाइन्छन्। यस्ता थानमा प्रतिष्ठित प्रत्येक देवलाई त्यस गाउँका विभिन्न जात, थर वा कुटुम्बले पुस्तौँदेखि पुज्दै आएका हुन्छन्। यस्ता थानभित्र कुनै देवमूर्ति हुँदैन। यिनीहरूको कुनै रूप वर्णन वा लक्षण वर्णन भएको पनि थाहा छैन। यिनीहरूमध्ये कतिपयको उत्पत्तिका बारेमा कथा भेटिन्छ। यी कथाअनुसार ग्रामदेवताहरूको चरित्र र स्वभाव उनका उपासकहरूले बस्ने प्राकृतिक र भौगोलिक पृष्ठभूमिअनुरूप भएको मात्र झल्किन्छ। यसबाट यिनीहरू पौराणिक कथासँग सम्बद्ध भएको बिलकुलै देखिँदैन।

नेपाली पहाडका छेत्री-बाहुनहरू आफूलाई हिन्दू भन्दछन् र वैदिक वा सनातन धर्मका अनुयायी मान्दछन्। यसै रूपमा उनीहरूको सबै ठाउँमा गणना पनि भएको छ। तर यी पहाडी हिन्दूहरूमा स्थान परिवर्तन र नयाँ प्रदेशको वातावरणले गर्दा यिनमा धेरै क्षेत्रीय रूप आएको छ। यिनमा हिन्दुस्तानी मैदानका हिन्दूहरूको जति उग्र कट्टरताको अवशेष भेटिँदैन। उदाहरणका लागि –

जात विभाजन अथवा जाति विभाजनको त्यति साह्रो अप्रिय रूप यहाँ देखापर्दैन। पहाडमा अछुतहरू एउटै गाउँमा बसेका हुन्छन् र एउटै पँधेरोबाट पानी खान्छन्। पहाडको कृषि जीवन विभिन्न जातिहरूको आपसी सहयोगमा निर्भर छ। यस समुदायभित्र अन्तरजातीय विवाहबाट जन्मेका बच्चाहरूको जाति सजिलै तय गर्ने सामाजिक नियम विद्यमान छ। उदाहरणस्वरूप, बाहुन-ठकुरी, बाहुन-छेत्री वा अन्य अनुलोम विवाहबाट जन्मेका सन्तानको जाति निर्णय सजिलै र सर्वमान्य तरिकाले गरिन्छ। बाहुनहरूमा विधवा विवाह पनि नेपालको पहाडी समाजमा

सर्वत्र चलेकै छ, जसको फलस्वरूप जैसी समुदायको ठूलो सङ्ख्या नेपाली पहाडमा भेटिन्छ । ठकुरी, छेत्री वा अन्य स्त्रीलाई एक अथवा दुईपटकसम्म चित्त नबुझेको खण्डमा पति फेर्ने चलन सामाजिक मर्यादाभित्रै दिइएको पाइन्छ । यी सबै यहाँको समाजको विशेषता हो ।

यी हिन्दूहरूद्वारा उपासित पश्चिमी नेपालका देउताहरू नेपालका अन्य भागमा पुजिने देउताभन्दा भिन्नै किसिमका छन् भन्ने कुरा अगाडि नै भनियो । त्यसलाई अब विस्तृत रूपमा हेरौं ।

मध्य नेपाल (काठमाडौं उपत्यकाबाहेक) र अन्यत्र नेपालमा हामी ठाउँठाउँमा कालिका, काली, भगवती वा यस्तै अन्य नामका देवीहरूको थान धेरै सङ्ख्यामा र अलि थोरै मात्रामा शिवजी र गोरखनाथ जस्ता देवताहरूको सार्वजनिक मन्दिरहरू पाउँदछौं । यी थानमा समय-समयमा मेला लाग्दछन् र अरू समयमा पूजा पठाइन्छन् । अर्को शब्दमा नेपालको पहाडमा देवीहरूका थान बढी छन्, तापनि अन्य ब्राह्मण धर्मका देवताहरूको थान पनि बराबर पाइन्छन् । दुल्लु र दैलेख प्रदेशतिर पनि हिन्दूहरूका पौराणिक देवताको थान सुलभै भेटिन्छन् ।

तर यसको उत्तरतिर लागेपछि, अझ विशेष गरी यहाँदेखि अलि टाढाको अग्लो लेक काटी जुम्ला क्षेत्रमा पदार्पण गरेपछि पौराणिक देवताहरू लुप्तप्रायः नै हुन्छन् । यदि भेटिन्छ भने सर्वत्र यिनै विचित्र नाम भएका ग्रामदेवताहरू मात्र जताततै भेटिन्छन् । तर त्यसो भन्दाखेरि यहाँ पाइने विभिन्न देवीहरूको थानलाई भने बिर्सनु हुँदैन । यस्ता देवीहरू, विशेष गरीकन मालिकाको थान यहाँ धेरै ठाउँमा पाइन्छन् । यी थान प्रायः पर्वतका अग्ला टाकुरामा स्थापित भेटिन्छन् र यहाँ श्रावण पूर्णिमाका दिन पूजा हुन्छ । कतिपय देवीहरूको थानमा बडादसैं र चैते अष्टमीमा पूजा हुन्छ । तर यी देवीहरूका धामी हुँदैनन् । धामी के हुन् भन्ने कुरा अलिकति तल वर्णन गरिनेछ । यही अपवादभित्र जुम्ला खलङ्गाका प्रतिष्ठित देवता चन्दननाथ र भैरवनाथ पनि पर्दछन् । तर यी कुनै समूह विशेष वा कुटुम्ब विशेषका देवता नभई सम्पूर्ण क्षेत्रले पूजिएका सार्वजनिक देवता हुन् । यिनको खर्च मन्दिरको आफ्नै गुठीको आम्दानीले चल्दछ ।

जुम्ला प्रदेशको गाउँगाउँमा पुजिने देवहरूलाई भने तिनका उपासकहरूले सम्पूर्ण रूपले आफ्नो जीवनचक्रमा अपनाएका हुन्छन् ।

उनीहरूको जम्मै आध्यात्मिक खाँचो, इष्ट-अनिष्टको विचार र उनको कल्याण यिनै देउताको दयामा आश्रित हुन्छन् । यहाँको यस धार्मिक विशेषता भौगोलिक तथा ऐतिहासिक कारणमा उपज हुन सक्तछ ।

ब्राह्मण धर्मको उत्पत्ति, विकास र यसलाई पोस्ने र समृद्ध पार्ने पुराण वा अन्य ग्रन्थहरूको रचना हिन्दुस्तानकै मैदानमा भयो । हिमालका पहाडतिर यसको विस्तार पछि मात्र भयो । यसलाई विस्तार गर्ने मुख्य श्रेय ब्राह्मणहरूलाई नै छ । तर जुम्लाको शीत र दुर्गम प्रदेशमा पसेका ब्राह्मणहरूले आफ्नो दक्षिणको मूल अवस्थलसँग पछि बराबर सम्पर्क राखिराख्न सकेनन् र आफ्नो शास्त्रीय ज्ञानलाई संरक्षण र संवर्द्धन त्यही कुशलताले गरिराख्न सकेनन् । यसैकारण ब्राह्मण धर्मको प्रभाव जुम्लाजस्ता प्रदेशमा टाढा तथा शिथिल भयो ।

हुन त ब्राह्मण समाजका व्यापक मान्यताहरू यस भेकमा पनि स्थापना नभएका होइनन् । तैपनि यसभित्रका अनेकन् जटिल कर्मकाण्ड र धार्मिक पद्धतिहरू यहाँ त्यति फैलिन सकेनन् । जुम्लाको बहुप्रचलित धार्मिक रीतिथितिले यही नै दर्शाउँछ ।

जुम्ला प्रदेशमा पुजिने देवहरूलाई मोटामोटी चार वर्गमा बाँड्न सकिन्छ । ती हुन् – (क) मस्ट, (ख) मस्टसरहकै अन्य देव, (ग) देवी, र (घ) विविध ।

मस्ट :

जुम्ला प्रदेशमा अत्यधिक पुजिने देव मस्ट हुन् । प्रचलित विश्वासअनुसार मस्टका परिवारमा 'नौ दुर्गा भवानी र बाह्र भाइ मस्टा' गनिन्छन् । त्यस्तै अर्को बहुप्रचलित उक्तिअनुसार यिनीहरूको उत्पत्ति ढँडारमा वा खप्तडमा भयो (ढँडार छुट्यौँ, खप्तड फुट्यौँ) । सायद खप्तडमा आई यी देवहरू आ-आफ्ना दिशातिर लागे भन्ने यो उक्तिको भनाइ हो । मस्टका मुख्य चार पाँच नाम बहुपूजित र प्रसिद्ध छन् । यी हुन्, बुड्डू, कव, बाबिरो, थार्पा । यिनीहरूको मूल थान तद्-तद् नाउँ भएका जुम्लाका सिन्जा, पाँचसय र गमदरामा पर्दछन् ।

त्यसै गरी दाडचा मस्ट पनि मस्टमध्येको प्रख्यात हो । दाडचा मस्टको भेदमा दूधे मस्टको नाम लिइन्छ । यी दुईमा एकले पाठो

स्वीकार्ने र अर्काले दूध मात्र खाने विश्वास गरिन्छ । दाडचा र दूधे मस्टका थान दुल्लु र दैलेखतिर ज्यास्ती भेटिन्छन् । दाडचा मस्ट जुम्लामा पनि नभेटिने होइन । दुल्लुतिर दाडचा मस्टका कतिपय थानमा पाठाहरूलाई धामीले दाँतले छिनाल्छ भन्दछन् ।

उपर्युक्त नामबाहेक मस्टका अन्य कतिपय नाम छन् । तर यिनको सङ्ख्या ठिक्क बाह्र मात्र पुग्ने छैन । बाह्र भाइ मस्टको कुनै निश्चित नामावली छैन । खालि तिनीहरू बाह्र भाइ छन् भन्ने सामान्य प्रचलनसम्म छ ।

मस्टका मुख्य उपासकहरू कोको हुन् भनी केलाउने हो भने प्रायः ती क्षत्रीय वर्गका मानिस छन् । यिनलाई जुम्ला प्रदेशतिर थर पनि भन्दछन् । यहाँका छेत्रीहरूलाई हेर्दा तिनीहरू जनै लाउने परम्परालाई विशेष ध्यान नदिने खालका छन् । हुन त जनैको ठूलो सामाजिक महत्त्व छ र कसैलाई यो प्रश्न एक्कासि गर्दा ऊ जनै लाउने होइन भनी हम्मेसी स्वीकार गर्दैन । बुड्ढ, कव, बाबिरो र थार्पा गाउँहरूका मस्टका उपासक यस्तै जनै नलाउने खालका छन् । थार्पा मस्टलाई लिएर मैले यस्तो उक्ति सुनेको छु – 'जहाँ छेत्रीको छाइलो, त्यहाँ मेरो पाइलो ।'

मध्य नेपाल र पूर्वी नेपालका कतिपय छेत्रीहरूका कुलदेवता 'बारा मस्टा' छन् । यसलाई धेरै व्यक्तिले अड्कल लगाई बराह र मस्टको संयुक्त नाम ठहऱ्याउँछन्, तापनि यो जुम्लाको बाह्रभाइ मस्टको अपभ्रंश हो जस्तो लाग्छ । यसबाट मस्ट सम्प्रदाय पश्चिमी नेपालबाट मध्य र पूर्वी नेपालमा बढेको स्पष्ट देखिन्छ । साथै, जुन रूपले यो सम्प्रदाय जुम्लामा व्यापक रूपमा अहिलेसम्म विद्यमान छ, त्यसबाट यसको मूल उत्पत्ति थलो यहीं हो कि भन्ने विचार उठ्तछ ।

मस्टको उत्पत्तिकथा धेरै छन् । यिनीहरूमा जेठो-कान्छोको क्रम पनि देखाइन्छ । यिनको अन्य देव र देवीहरूसँग नातागोता पनि देखाइन्छ । यिनका गुण झल्किने उक्तिहरू पनि खुब भनिन्छन् । उदाहरणका लागि 'बुडो बुडचाइलो, थार्पा थर्पाइलो, कव कजाइलो ढँडार रजाइलो ।' यिनको उत्पत्तिका बारेमा केही माथि भनिसकियो । अघि राक्षसहरूको प्रकोपबाट संसारलाई त्राण दिन भनी मस्टहरूको अवतार भएको रे । राक्षसहरूले नौ दुर्गा भवानीको सतीत्व डगाउन खोजेका थिए

रे । यसरी मस्टको अवतार भई राक्षसहरूको विनाश तथा नौ दुर्गा भवानी र लोकको रक्षा भयो ।

मस्टको प्रत्येक थानमा भगवतीको पनि एउटा खोपो हुन्छ र सो खोपामा पनि पूजा चढाइन्छ । प्रचलित भनाइअनुसार मस्ट रक्त नखाने शाकाहारी देव हो । पूजाका दिन थानमा काटिने पाठाहरू भवानीलाई लक्षित हुन्छन् । तर चौधबीस खोलामा मतवाली छेत्रीहरूको समाजमा भने मस्टले रगत नखाने कुराको ज्ञान छैन ।

भिन्नाभिन्नै मस्टका भिन्नाभिन्नै कथा छन् । यो कथा तिनको जीवनीजस्तै हो । यो जीवनी धामीले पतुरेको बेलामा भन्दछ । यस्ता कथामा देवले गरेका अनेकन् घटना वा चमत्कार, राक्षसहरूको विनाश, एक ठाउँबाट अर्को ठाउँमा गरेको विवरण वा यात्राको वर्णन पाइन्छ । धेरै कथा कृषि-गोठाले जीवनको पृष्ठभूमिमा आधारित छन् । यहाँ यी सब कथालाई सम्पूर्ण रूपमा दिन साध्य नहुँदा यिनको मोटामोटी लक्षण मात्र बताएँ । मैले सङ्कलन गरेका कथामा थार्पा, उखाडी (गडुली सिद्ध), बुड्, कव, खापर र बाँटपाल सम्मिलित छन् । यी कथा हामीलाई बाहुन अथवा ठकुरीले सुनाएका हुन् ।

मस्ट देउता हो भनेर किट्न गाह्रो छ । के यो भैरवको रूप हो ? योगी नरहरिनाथले मस्टलाई देवीका सेनानी र आफ्नो मस्तक थापी राक्षससित लडेकाले मस्ट नाम हुन गयो भनी भनेका छन् । उनको आफ्नै भनाइबाहेक यस तथ्यको अरू कुनै स्रोतबाट पुष्टि हुँदैन । मस्टको थानमा यिनको कुनै रूप, आकार अथवा मूर्ति हुँदैन । यिनको पूजा एउटा खोपोमा हुन्छ । कहीँ-कहीँ देवीको प्रतीकका रूपमा धातुको घण्ट (घाँड) हुन्छ । पूजाक्रम र धार्मिक प्रक्रियामा यतातिर घण्टाको महत्त्व र प्रचलन निकै छ । धामीले पतुर्दा हातमा घण्टा समातेको हुन्छ । छापबिदो लगाउने काममा घण्टाको प्रयोग अनिवार्य हुन्छ, इत्यादि ।

मैले कालिकोट दरामा पर्ने दाहा गाउँमा सुनेअनुसार विभिन्न मस्टलाई पाण्डवको अवतार पनि भनियो । त्यसै गरी खापरलाई इन्द्रको छोरा भनेको पनि सुनेँ । तर यस किसिमको सम्बन्ध प्रायः बाहुन अथवा ठकुरीहरूले हालेको कथामा मात्र देखिएको छ । छेत्री समूहलाई यी सब कुराको उचित ज्ञान छैन । यो सबै भएको उनीहरूको अनभिज्ञताले हो

कि बाहुन-ठकुरीको शिक्षित समुदायले अपौराणिक देवलाई पौराणिक रूप दिन खोजेकाले हो, मस्टको समय-समयको ठूलो पूजा पूर्णिमाका दिन हुन्छ । यस बेलामा थानका संचालकहरूले उपाध्याय बाहुनलाई बोलाई होम गराउँदछन् । यो ब्राह्मण समाजको मूल्यको स्पष्ट प्रभाव हो । बाबिरो मस्टको एउटा पूजामा होम गराउने बाहुनले बाबिरोलाई वामदेव गोत्र दिएको मैले सुनें । गोत्र दिने प्रयास पनि यस्तै प्रभावको अर्को उदाहरण हो । बाहुनको उपस्थिति सो पूजामा यति काम सम्पन्न गराउनका लागि हुन्छ । बाँकी पूजाको सम्पादन तथा अन्य धार्मिक क्रिया र पद्धति आफ्नै किसिमको र बिलकुलै अपौराणिक रूपका छन् ।

मस्टदेवको मूल थानबाहेक कतिपय गाउँमा यिनका शाखा थान पनि हुन्छन् । शाखा थानले मूल थानका गाउँका निवासीहरू कालान्तरमा फुटेर अन्यत्र गई बसेको तर आफ्नै मूल अवस्थाको देवलाई पुजिराखेको देखाउँछ । शाखा थान बनाउँदा मूल थानबाट ध्वजा र घाँड लगी कार्य सिद्ध गर्दछन् । शाखा थान बसाल्दा त्यसका उपासकहरूको यथेष्ट सङ्ख्या सो गाउँमा भइसकेपछि मात्र गरिन्छ । यस्तो सङ्ख्या नपुग्ने भए ती व्यक्तिहरू पूजाको पूर्णिमामा धजा, सिक र भेटी लिई मूल थानमा आउँदछन् । यस्तो उठ्ती-पुठ्तीलाई थानको पुजारीले बडो सक्रियताले उठाउँदछ ।

अन्य देव :

पश्चिमी नेपालमा मस्टसमान अरू देव पनि छन् । यिनका अनुयायीहरू पनि प्रशस्त छन् । यिनीहरू नामले मस्ट नकहलाए पनि यिनको पूजापद्धति वा अरू सबै रीतिथिति मस्टसरह नै छ । यस्ता अमस्ट देवमा दुई प्रसिद्ध नाम गुरो र कैलाश हुन् । यी दुवै न्यायका देव मानिन्छन् । गुरोलाई जगगामा कसैलाई अन्याय वा बेइन्साफी भयो भने गुहारिन्छ । यो देवलाई ईश्वर र गौराको छोरो भनिएको छ । देवकी पत्नी नाथमाला र तिनको छोरालाई काशीनाथ भन्दछन् । यसबाट गुरोको शिवसँग सम्बन्ध देखिन अउँछ । त्यसै गरी कैलाशलाई पनि न्याय माग्नै भनेर गुहारिन्छ । यस देवको न्याय अति प्रत्यक्ष र कडा छ भन्ने जनविश्वास छ । अपराधीलाई दण्ड दिन यी देवका आफ्नै नेल र हतकडी छन् भनिन्छ ।

दुई अन्य देवहरू महादेव र महारुद्र नाम भएका पनि छन् । कैलाश नाम पनि शिव सम्प्रदायसँगै मिल्दोजुल्दो देखिन्छ । तर यी देवहरू शुद्ध शिवकै रूप हुन् भन्न भने गाह्रो पर्दछ । यिनीहरूको उपासना पद्धति मस्टसरह नै छ । यिनको थानमा रगत चढ्दछ । यिनका मूर्ति छैनन् इत्यादि ।

अर्को उल्लेखनीय देवथान हाटसिजादेखि केही पूर्वतिर लेकपर भन्ने गाउँको लामाज्यूको छ । वास्तवमा यो थान लामा-विष्णुको संयुक्त थान हो । एउटै धामीलाई आलोपालो गरी लामा र विष्णु आउँदछन् । तर यी दुईमा मुख्य देव लामाज्यूको हो भन्ने कुरा यिनको कथा आदिबाट स्पष्ट हुन्छ । लामा नाउँले हामीलाई तुरुन्तै भोटको सम्झना दिइहाल्छ । हुन पनि कथामा यस देवको उत्पत्ति थल भोटको सिमाना मुगुमा भनिएको छ । यस देवको रोचकता यसको पौराणिक देव विष्णुसँग भएको सम्बन्धबाट देखिन्छ । कथामा दुई देवले आपसी भेटघाटपछि भाइ भएर बस्न मञ्जुर गरेको कुरा, भेट पहिले विष्णुलाई रगत खाने देउता भनेको कुरा (यो कुरा विष्णुको पौराणिक चरित्रको प्रतिकूल छ), लामाज्यूको सङ्गतमा आएर रगत खान छाडेको कुरा, त्यसै गरी भेटभन्दा पहिले विष्णुले जनै लाउने र रक्सी नखाने तथ्य, तर कसरी लामाज्यूको सङ्गतले उनको दुवै कुरा समाप्त भयो भन्ने कुराहरू परेका छन् । कथाअनुसार एक दिन लामाज्यूले छल गरी चतुर्दशीका दिन हुने आफ्नो पूजा विष्णुलाई दिंदा विष्णुले रक्सी पनि खान पुगे (किनकि लामाज्यूको रक्सी पनि आहार हो), जसले गर्दा उनको जनै चुँडिन गयो र जात गयो । यसबाट लामाज्यूको बड्‌याइँ गरेको देखिन्छ । लामाज्यूका उपासक लेकपर गाउँका जनै नलाउने तर मद खाने बडाछेत्रीहरू हुन् ।

लामाज्यू आएर सिन्जामा आफ्नो बास बनाउँदा सिन्जा दरबारमा राजा जालन्धरी (ऐतिहासिक नाम होइन) राज्य गर्दथ्यो । लामाज्यूको चमत्कार राजाले कति प्रकारले परीक्षा गरी अन्तमा लामाज्यूलाई 'अब धेरै रङ्ग देखायौ, कुरङ्ग पनि देखाऊ' भनी भन्दा लामाले सुरुमा यसबाट विनाश हुन्छ भनी त्यसो गर्न इन्कार गरे । राजाले ढिपी गरिरहँदा लौ त भनी केही पातीका मुठा हातमा दली आकाशतिर फाल्दा लामा थाडा (कनकसुन्दरीमाईको टाकुरो) मा शिव बाघ बर्साए । ती शिव बाघ सो टाकुरोको फेदीमा अद्यापि छँदैछन् ।

देवीहरूको थानमा मुख्यत: भवानी, कालिका, मालिका वा तिनकै उपभेदहरू भेटिन्छन् । यिनीहरूको पूजा साउन पूर्णिमा, बडादसैं, चैते अष्टमी जस्ता दिनमा हुन्छ ।

दुल्लु र दैलेखदेखि उता जुम्लातिर जाँदा र कालिकोट र कोटवाडातिर पुजिने प्रचलित देव हुन् महाबु र जगन्नाथ । महाबुको मूल थान माबु लाग्नाको शिखरमा छ । यिनका बारेमा परापूर्वकालमा भूर्ति दैलेखका कुनै एउटा लाटा अचार्ज बाहुनले भैंसीको दूध प्रतिदिन चढाई उत्पन्न गराइएका यी देव हुन् भन्ने धारणा लिइन्छ । अद्यापि यस देवका पुजारी भूर्तिका अचार्ज छन् । त्यसै गरी जगन्नाथ एक लाटो बाहुन थियो रे । रासकोटी राजासित आफ्नो भाइसँगको जग्गा मुद्दामा न्याय नपाई सेरिएर मरेपछि ऊ देव भई फेरि औतियो । यसको मूल थान पाद्मे साँघुदेखि अलिमाथि ढिस्कामा छ । यसरी आत्महत्या गरी मरेका र फेरि औतिएका देवलाई यतातिर 'पितर' भन्दछन् । यस कोटिका देवहरूमा देउतीको थान यत्रतत्र प्रशस्त भेटिन्छन् । कुनै दु:खमा परी आत्महत्या गरी मरेका बाहुनीहरू फेरि प्रकट हुँदा तिनलाई पूजा गरी समन गर्न यस्ता थानहरू बनाइन्छन् ।

यसका अतिरिक्त गाउँगाउँमा पुजिने अर्को देव हो भँयार । यो भूमि र कृषिसम्बन्धी देउता हो । त्यसै गरी अर्को एउटा लाग्ने मुइया पनि हुन्छ, जसलाई लाग्नबाट बच्नलाई बराबर समन गरिरहनुपर्दछ ।

थान :

देवहरूको थान होचो ढुङ्गाको गारो र काठको मुढाले दुईतिर पाखा झिकी लगाएको एउटा मामुली घरजस्तो निर्माण हुन्छ । थानको मुहुडा कैलाशतिर राखिएको हुन्छ । मुहुडातिरको सानो खण्ड थामले अड्याएको खुला दलानजस्तो हुन्छ । यसको एक छेउमा धामीले पतुरेको अवस्थामा बस्ने माटाको चौकी अथवा गादी हुन्छ । कति थानमा यस खुला खण्डमा बेलाबेलामा चढाएका काठका मूर्तिहरूको रास लागेको हुन्छ । यसभित्र भित्री खण्ड हुन्छ । यहाँ एउटा पूजा गर्ने अग्लो चौकी हुन्छ । थानको गारोमा दुईतिर खोपा हुन्छन् । भित्री खण्डको माझमा एउटा अगेनो हुन्छ । होमलगायत सबै पूजाआजा भित्रै गरिन्छ । पूजाका दिन धामी नाच्ने काम भने थानबाहिरको खुला आँगनमा हुन्छ ।

थानलाई माडू पनि भनिन्छ । गाउँभित्रको थानलाई घरमाडू र गाउँबाहिरको थानलाई वनमाडू भनिन्छ । घरमाडू पुजारी अथवा धामीको घरको थाडामा पनि हुन सक्तछ । धामीलाई अरू बेलामा पतुर्नुपर्‍यो भने यहीँ पतुर्छ । तर मुख्य पूजाको बेलामा सम्पूर्ण कार्य वनमाडूमा सम्पन्न गरिन्छ ।

थानलाई सञ्चालन गर्ने मुख्य तीन अधिकारीहरू हुन्छन् । ती हुन् धामी, डाङ्ग्री र पुजारी । थार्पाको थानमा यिनका अतिरिक्त एउटा खावा पनि छ । यी पदवीहरू पाउने उत्तराधिकार तद्-तद् परिवारका सदस्यहरूभित्रै सीमित भएको पाइन्छ, अझ बढी बाबुबाट छोरामा गएको धेरैजसो भेट्टाइन्छ । थानहरूको कुनै ठूलो आम्दानी हुँदैन । तर भएको आमदानीमा यी पदवीवालको समान हक हुन्छ ।

धामी :

सबैभन्दा मुख्य पदवी धामीको हो । देवहरू धामीको माध्यमबाट प्रकट हुन्छन् । देव चढेको अवस्थालाई धामी पतुरेको भन्दछन् । यसरी देवलाई मनुष्यरूपी धामीमा पूजाआजा गरिन्छ । धामी त्यस गाउँका निवासीका विभिन्न समस्या समाधान गर्न सहायक बन्दछ । धामीसँग कुनै पनि प्रश्न गरिन्छ अथवा सल्लाह मागिन्छ । ऊसँग साइत अथवा लगन मागिन्छ, उपचारका लागि अनुरोध गरिन्छ, अन्य सानातिना पितर अथवा त्यही देवका भान (वाहन) लागेका छन् भने तिनबाट छुटकाराका लागि याचना गरिन्छ । गाउँमा उठेको झैझगडालाई लिएर वाद-प्रतिवाद हुन्छ भने चाहेको खण्डमा देवले त्यसमा आफ्नो फैसला दिन्छ । यसप्रकार धामीको उपस्थितिले गाउँलेको आध्यात्मिक इच्छा मात्र परिपूर्ति नगरी उसको दैनिक जीवनमा उठिरहने समस्याको समाधान निकाल्नमा सहायक सिद्ध हुन्छ ।

हरेक धामीका आफ्नो दैवी शक्ति देखाउने विशेषताहरू हुन्छन् । कोही सिक (फुको चामल) लाई हत्केलामै डढाई कालो बनाउँछन्, कोही त्यसलाई शालिग्राम शिलामा परिवर्तित गर्दछन् इत्यादि ।

धामीको पदावधि जीवनभरको हुन्छ । जब कुनै धामी मर्दछ, त्यसपछि अर्को धामी औतिन केही समय लाग्दछ । यसको कुनै निश्चित अवधि हुँदैन । चौधबीस खोलाको तल्फी गाउँमा थार्पाको धामी मरेको

आज २०-२५ वर्ष भयो। तर नयाँ धामी औतिन सकेको छैन। अन्यत्र भने नयाँ धामी वर्ष, दुई वर्षमै औतिएका पनि छन्। भरखर पतुर्न थालेको धामीलाई पूरा परीक्षण गरेपछि मात्र समुदायले स्वीकार गर्दछ। के विश्वास लिइन्छ भने मस्टको धामीले पूर्ण निरक्षर भईकन पनि ४० अध्याय वेद (शुक्ल यजुर्वेद) पुस्तक अगाडि राखेर बसेको बाहुनका अगाडि कण्ठस्थ मात्र होइन, एकदम शुद्ध पाठ गर्दछ। अनि एउटा थप अध्याय आफ्नो बेग्लै पाठ गर्दछ। यसो गर्न सक्यो भने त्यो धामीको सक्कली पहिचान भएको मानिन्छ।

धामी हुनेबित्तिकै त्यस व्यक्तिलाई कतिपय नियमहरूको पालना गर्नु आवश्यक हुन जान्छ। उसले मद र कुखुरा खान हुँदैन। खराती सुरु भएदेखि पैठ नसकुन्जेल एकभक्त रहनुपर्दछ। थार्पा मस्टको धामीलाई सुरुवाल लगाउन पनि वर्जित छ। उसले खेतीपातीको काम अथवा कुनै किसिमको शारीरिक परिश्रम पनि गर्न हुँदैन र गाउँ छाडेर अन्यत्र पनि जानु हुँदैन।

धामीको एउटा विशेषता उसको अत्यन्त लामो टुपी हो। यो टुपीलाई अरू बेलामा शिरमा एउटा जुरो पारी बाँधिराखेको हुन्छ। नाच्ता अथवा पतुर्दा भने शिरबाट टोपी झिकेको हुन्छ र टुपी खुला छोडिइन्छ। फुकफाक गर्दा धामीले यस टुपीलाई बराबर प्रयोगमा ल्याउँदछ। कतिपयको टुपी चाँदीको तारले बेरेको हुन्छ।

धामीले पतुर्दा कुनै खास बारमा पतुर्दैनन्। यो धामीपिच्छे भनौं अथवा देवपिच्छे फरक-फरक हुन्छ। त्यसै गरी सुत्केरी अथवा जुठो परेको छ भने पनि यो काम नचोखिउन्जेल रोकिन्छ। गाउँमा त्यस समुदायको कुनै आइमाईको छुई (नछुनी) भयो भने पनि पूजा अथवा धमेलो रोकिन्छ।

नयाँ धामी औतिएपछि या त उसले तीर्थ गर्नुपर्दछ या कुनै ठूलो देवको थानमा गई छापबिदो लिई आउनुपर्दछ। छापबिदो भनेको ठूलो देवको धामी भनौं अथवा मूल थानको धामीको हातबाट घण्टाको छाप नयाँ धामीले आफ्नो शिरमा थापी प्रतिष्ठित हुने काम हो। यिनका तीर्थ गर्न जाने प्रमुख ठाउँ हुन् – ऋणमोक्ष, छायानाथ, मुक्तिनाथ, ठाकुरजी इत्यादि।

हरेक देवका आ-आफ्ना भान (वाहन) हुन्छन् । ती भान पनि आ-आफ्ना धामीका माध्यमबाट प्रकट हुन्छन् । ठूलो पूजाको अवसरमा यिनीहरू आ-आफ्नो स्वभाव र लक्षण प्रकट गर्दै उफ्रन्छन् र नाच्तछन् । यसै सन्दर्भमा पूर्णिमाको पूजाका अवसरमा देवको धामीलाई काँधमा राखेर बोक्तछन् पनि । भानहरूलाई मास, चामल र कुखुरा चढाइन्छ । यिनको थान देवको थानबाट अलिकति टाढा बुटामुनि अथवा कुनै शिलामा स्थापना गरेको हुन्छ । रिसाए भने यी भानले मनुष्यलाई अनेक प्रकारले दुःख दिन्छा, तकलिफ र पिरपिराउ गर्दछन् । यस्तो बेलामा दुःख पाउने व्यक्तिले मूल देवको धामीलाई देखाई कारण परीक्षा गराएर त्यसको उचित उपाय गर्दछ ।

अन्य पदवीहरू :

थानको अर्को मुख्य पद डाङ्ग्रीको हो । डाङ्ग्रीको काम थानको रेखदेख गर्नु र थानका पूजाका भाँडाहरू वा अन्य सामग्रीहरूलाई सम्हालेर राख्नु हो । यसबाहेक अर्को पद हो पुजारीको । पुजारीले पूजा गराउने काम गर्दछ । कतिपय थानमा पुजारीको पदवी नभए सो काम डाङ्ग्रीद्वारा नै सम्पादन हुन्छ । खावाले देव र मनुष्यका बीच दोभाषियाको काम गर्दछ । थार्पाको थानमा धामी, डाङ्ग्री र खावा (त्यहाँ पुजारीको पदवी छैन) को उपस्थिति नभई कुनै पनि धमेलो गरिँदैन ।

पैठ :

यी देवहरूको, अझ विशेष गरी मस्टको पैठ (पूजा) पूर्णिमाका दिन पर्दछ । थानैपिच्छे अथवा देवैपिच्छे पैठको पूर्णिमा बेग्लाबेग्लै हुन्छ । जुम्लाभरि सर्वत्र साउन पूर्णिमाको ठूलो महिमा छ र यस दिन धेरै थानमा पैठ पर्दछ । कुनै-कुनै देवको पूर्णिमाबाहेक अरू दिन पनि पैठ परेको पाइन्छ ।

पैठ गाउँको एउटा रमाइलो अवसर हुन्छ । पैठको आरम्भ पूर्णिमा अगाडिको एकादशीदेखि नै हुन्छ । यस अवधिलाई खराती भन्दछन् । साँझको भात खाइसकेपछि गाउँका सारा आइमाई, लोग्नेमानिस र केटाकेटीहरू खराती गर्ने ठाउँमा भेला हुन्छन् । यो उत्सव घरमाडूमा गरिन्छ । स्त्रीहरूले यस समयमा स्थानीय भाषामा मागल गाउँछन् । यी गीतहरूले देवको गुण बखन्छन् र धार्मिक प्रवृत्तिका हुन्छन् । दमाईहरू

ठूलो ठूलो शब्दमा दमाहा पिट्तछन् । यही मौकामा स्त्री पुरुषहरू सम्मिलित भएको धार्मिक चाँची पनि खेलिन्छ । कैयौं हास-परिहास साथसाथै राखिन्छन् । खरातीको मुख्य आकर्षण धामीको नाच हो । देव र भानका धामीहरूले दमाहाको तालमा कहिले उफ्रने, कहिले दगुर्ने र कहिले अक्षताले हिर्काउने क्रियाकलाप गर्दछन् । यसै अवस्थामा उपासकहरूले यिनको पूजा गर्दछन् र नैवेद्यका रूपमा दूध खान दिन्छन् । आफ्नो समस्याको छलफल गर्ने र हेराउने काम पनि यही बेलामा गरिन्छ । यही क्रम चतुर्दशीको रातसम्म दोहोऱ्याइन्छ ।

पूर्णिमाका दिन पैठ (मुख्य पूजा) हुन्छ । लगभग मध्याह्नदेखि पूजा प्रारम्भ हुन्छ । यस दिनको पूजा वनमाडूमा हुन्छ । थानलाई गोबरले लिपपोत गरिएको हुन्छ । पूजाका सामान पुजारीको निर्देशनमा भित्री खण्डमा फैलाइएको हुन्छ । पूजासामानमा मुख्य सिक (फुको चामल) र धजा (राता सेता तुलका ससाना धरा) को महत्त्व निकै छ । जोसुकैले पनि देवलाई चढाउने मुख्य कुरा यही हो । देवको नैवेद्यका लागि दूध र चामल (खीर पकाउन), पिठो, घिउ (टाट्या हाल्न) र पाठा जम्मा गरिन्छन् । केही घिउ र चरु होमका लागि छुट्याइन्छ । यसका अतिरिक्त धूप, दीप, भेटी र फूल सबै थोक पूजामा सम्मिलित गरिएका हुन्छन् । पूजाको यजमान पुजारी अथवा डाङ्ग्री हुन्छ । कुनै थानमा धामी मरेर अर्को औतिनसकेको भए त्यस्ता थानमा काँचो नैवेद्य चढाइने 'बुको पूजा' गरिन्छ ।

पूजाको दिनको मुख्य आकर्षण पनि धामीकै नाच हुन्छ । पूजा सुरु भएदेखि नै दमाईंहरूको लामो पङ्क्तिले ठूलो शब्द गरी धेरै दमाहालाई एउटै ताल र ध्वनिमा पिट्तछ । धामीको नाचलाई गति दिने यिनै दमाहा हुन् । यसैले धामीको दमाहा पिट्ने दमाईंप्रति विशेष स्नेह हुन्छ ।

धामीले आफ्नो नाच्ने प्रक्रियामा गर्ने काम हुन् – गादीमा बसी आफ्ना रैतीहरूको प्रश्नहरूको जवाफ दिनु, आफ्नो चमत्कार देखाउनु, फुको अक्षता मन्तरी ख्वाउनु, फुको अक्षताले टीका दिनु र फुको अक्षतालाई चारै दिशातिर बलपूर्वक हान्नु । धामीले गादीमा बसी चिन्ता गर्दा वा जोखना गर्दा उसका अगाडि चामलको एउटा थाली हुन्छ, जसबाट ऊ केही गेडा हत्केलामा उठाई केलाउँछ । त्यसपछि उसले जे भन्ने हो भनिदिन्छ र सो अक्षता देखाउने व्यक्तिलाई या फुकेर

खुवाइदिन्छ अथवा कुनै स्थानविशेषमा लगी छर्ने सल्लाह दिन्छ। उसका उपासकहरूलाई पतुरेको बेलामा धामीले नर अथवा मनुष्य भनेर सम्बोधन गर्दछ र अरूले धामीलाई सम्मानपूर्वक गोसाइँ महाराज भनी भन्दछन्।

धामीले हिर्काएको सिर्का लागेपछि उभिएका भानका धामीहरू केही अन्तरमा पालैपालोसित काम्न थाल्दछन् र नाचमा सम्मिलित हुन्छन्। धामीलाई देव आरुढ भइसकेपछि उसले लाएको टोपी, सुरुवाल र कोट ऊ फुकाल्दछ। यसरी धमेलोमा नाच्नेहरूको सङ्ख्या बढ्दै जान्छ। कुनै धामीहरू ठूलो बल देखाएर नाच्तछन्। भानका धामीहरू आ-आफ्नो गुण र स्वभाव प्रकट गर्ने क्रियामा व्यस्त हुन्छन्। धामीले टीका लगाइदिने गर्छ। यसै सिलसिलामा दमाहा पिट्ने दमाईहरूलाई पनि टीका लगाइदिन्छ। तर टीकापछि शुद्ध हुन धामीले छिटो लिन्छ।

पैठको भव्यता सम्बन्धित देवको प्रसिद्धि र प्रतिष्ठानुसार हुन्छ। जुम्लामा व्यापक प्रसिद्धि कमाएका देवहरूमा बाबिरो, थार्पा, बुड़ू मस्ट, गुरो र कैलाश हुन्।

उपसंहार :

माथि वर्णित पश्चिमी नेपालको धार्मिक रूप अवश्यै नेपालको अरू पहाडी क्षेत्रमा प्रचलित धार्मिक रूपभन्दा भिन्नै किसिमको छ। यसको उत्पत्ति कसरी भयो र यो प्रथा कति प्राचीन हो भनेर किट्ने प्रमाण अहिले हामीसित केही पनि छैन।

मस्टको सबैभन्दा पुरानो उल्लेख शक १५४७ को सुर्तीसाइको कागतमा छ (इतिहास प्रकाश अङ्क २, भाग १ पे. १३७)। त्यहाँ भवानी मस्टोलाई साक्षीका रूपमा उल्लेख गरिएको छ। शक १७६८ को एउटा अर्को कागतमा त्यसभन्दा पछि थपेको टिपोटमा क्षेत्रपाल मस्टो (ऐ. पे. ३६७) को उल्लेख छ। जुन बेला यस प्रदेशमा मल्लराजाहरूको शासन थियो, त्यस बेलाका लेखमा मस्टको वा अन्य यस्ता अनौठा देवहरूको कुनै उल्लेख भेटिँदैन। तिनका ठाउँमा बरू बुद्ध र ब्राह्मण धर्मका पौराणिक देवताहरूको उल्लेख प्रशस्त मात्रामा भेटिन्छ। ब्राह्मण धर्मको प्रचलित उपासना पद्धति वा भनौं बौद्ध धर्मानुसार गरिने कृत्यको कुनै अवशेष आज यहाँ पाइन्न।

के यो धर्म मल्ल शासनको अन्त्यपछि मात्र यहाँ उदय भएको हो अथवा यो यहाँ पहिलेदेखि नै विद्यमान थियो, जुन मल्लकालको केही शताब्दीसम्म अलि शिथिल भएको थियो ? यसको टुङ्गो लगाउन गाहारो छ। यस धर्मअन्तर्गतका धेरैजसो अनुष्ठान शास्त्रीय ब्राह्मण धर्मसँग मेल नखाने खाल्का छन्।

फेरि यस सम्प्रदायलाई मध्य र पूर्वी नेपालमा प्रचलित झाँक्री पद्धति र विश्वाससँग समान रूपमा दाँज्नु पनि युक्तिसङ्गत देखिँदैन । किनभने झाँक्रीहरू पश्चिमी नेपालका धामीले झैं कुनै देवविशेषको प्रतिनिधित्व गर्दैनन्, न त यी कुनै निश्चित थान अथवा देवसँग सम्बन्धित हुन्छन्। यिनीहरूलाई परम्परागत मान्यताअनुसार झारफुक गर्ने र बोक्सी धपाउने काममा प्रयोगमा ल्याइन्छ । झाँक्रीप्रथाले देवविशेषको बोध गराउनुको साटो टुनामुनामा आधारित उपचार प्रक्रियालाई बढी झल्काउँछ र यो प्रथा पश्चिमी नेपालको धामी सम्प्रदायको तुलनामा अझ अविकसित धार्मिक प्रक्रिया हो भन्न करै लाग्छ।

(कर्णाली प्रदेश : एक बिटो अध्ययन, सम्पादक भीमप्रसाद श्रेष्ठ, प्रकाशक सामाजिक अध्ययन समुदाय, जुम्ला, वि. सं. २०२८)

कुलदेवताका रूपमा पुजिने मस्टो र यसका विविध पक्ष

– रत्नाकर देवकोटा –

१. मस्टाको ऐतिहासिक र भौगोलिक परिवेश :

नेपालका सुदूर पशिचमाञ्चल र मध्यपशिचमाञ्चल विकास क्षेत्रभित्र महाकाली, सेती, भेरी, कर्णाली र राप्ती अञ्चलका २४ जिल्ला पर्दछन् भन्ने कुरा सबैलाई विदित भएकै कुरा हो । उपर्युक्त सबै जिल्लाभित्रको भूभाग मित्रराष्ट्र चीनको हालको स्वशासित क्षेत्र तिब्बतको भूभाग र मित्रराष्ट्र भारतको हालको उत्तराञ्चलभित्र पर्ने कुमाऊँ, गढवाल, नैनिताल, कास्मिर, कालापहाड आदि ठाउँ पनि कर्णाली प्रदेशभित्र पर्दथे ।

कर्णाली प्रदेशको मूल राजधानीका रूपमा रहेको जुम्ला सिन्जा साम्राज्यको प्राचीन इतिहासको अवसान भएको लगत्तै वि. सं. चौधौं शताब्दीतिर (वि. सं. १४६१) मध्यकाल सुरु हुँदा तात्कालिक विभिन्न सामाजिक र ऐतिहासिक घटनाक्रमका आधारमा यस प्रदेशको भूभाग विभिन्न दरा, खोला, गर्खा, थर्पु, प्रगन्ना, मौडुर, गढीको नामले परिचित भएको पाइन्छ । दराको उल्लेख गर्दा पनि अधिकांश रूपमा सङ्ख्यात्मक दरा पाइन्छन् । यस्तो स्थिति कोसी र गण्डकी प्रदेशमा प्रायः पाइँदैन । भाषिक, सांस्कृतिक, ऐतिहासिक आदि विषयमा आफ्नो नौलो र बेग्लै खालको पहिचान यस कर्णाली प्रदेशले दिन सकेकाले नै यस प्रदेशको बेग्लै महत्त्व छ ।

आफ्नो भूखण्डलाई आफ्नै शैलीबाट परिचित गराउने उद्देश्यले परम्परागत रूपमा चल्दै आएका उपर्युक्त २ वटा विकास क्षेत्रभित्रका केही दराका नाम र तिनीहरूको सङ्ख्या यसप्रकार छ –

दराका नाम	सङ्ख्या	जिल्ला
१. असी दरा	८०	जुम्ला
२. चौधबीस दरा	२८०	जुम्ला
------------		------------

३. पाँचसय दरा	५००	जुम्ला
४. तिब्रिकोट (भोटान) दरा		डोल्पा
५. सिन्जा दरा		जुम्ला
६. गम दरा		मुगु
७. खत्याड दरा		मुगु
८. मुगु दरा		मुगु
९. करान दरा		मुगु
१०. सोरु दरा		आधा हुम्ला आधा मुगु
११. हुम्ला दरा		हुम्ला
१२. गल्बा दरा		हुम्ला
१३. रकाल दरा		कालिकोट
१४. बारबीस दरा	२४०	कालिकोट
१५. कालिकोट दरा		कालिकोट
१६. सान्नी दरा		कालिकोट
१७. रास्कोट दरा		कालिकोट
१८. मलौंता दरा		कालिकोट
१९. कुण्डा दरा		बाजुरा
२०. सिम्ता दरा		सुर्खेत (प्राचीन दैलेख राज्यअन्तर्गत)
२१. डाँडा दरा		सुर्खेत
२२. तल्लो भैंसोल्या दरा		अछाम
२३. मल्लो भैंसोल्या दरा		अछाम
२४. छबीस दरा	१२०	अछाम
२५. सातबीस दरा	१४०	अछाम
२६. आठबीस दरा	१६०	अछाम
२७. नौबीस दरा	१८०	अछाम
२८. बारबीस दरा	२४०	अछाम

------------- -------------

२९. पन्ध्रबीस दरा	३००	अछाम
३० पानसय दरा	५००	अछाम
३१. जाजरकोट दरा		जाजरकोट
३२. आठबीस दरा	१६०	जाजरकोट
३३. रुकुम दरा		रुकुम
३४. मुसिकोट दरा		रुकुम
३५. छबीस दरा	१२०	जाजरकोट
३६. साततियाँ दरा	२१	जाजरकोट
३७. आठबीस दरा	१६०	दैलेख
३८. चौधबीस दरा	१८०	बझाङ
३९. तीनछब्बीस दरा	१२०	अछाम
४०. छबीस दरा	१२०	अछाम

म. प. र सु. प. विकास क्षेत्रभित्रका जम्मा २४ वटा जिल्लामध्ये पहाडी भेकमा पर्ने १९ जिल्लामा त्यस बेला घरधुरी र बस्तीका आधारमा यस्ता दराको व्यवस्था भएको थियो भने दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा भने यस्ता दराको अवस्था भएको पाइँदैन ।

पौराणिक कालको स्वर्णप्रस्थ वा सुवर्णभूमिलाई खसप्रदेश भनिन्छ । सपादलक्षले परिचित सिन्जा साम्राज्यभित्र त्यस बेला ८४ वटा राज्य र ती राज्यभित्र ३६ वटा थर्पु थिए । ती ३६ वटा थर्पुभित्र १०८ वटा ग्रामीण राज्य थिए । ती ग्रामीण राज्यभित्र जम्मा १ लाख २५ हजार गाउँ थिए । यति ठूलो भौगोलिक क्षेत्र ओगटेको र यहाँका राजाहरूले अछाम, बझाङ खारी (ताक्लाखार), खशान्त, कुलान्त (कुर्माञ्चल), शिरा, लवणिका, श्रीनगर, जालन्धर, कविलास, जुगाडा, मुस्ताङ, भीरकोट, कास्की, पर्वत, प्रत्यन्त, दिगन्त, शिरमयुर, सोरगढी, कुण्डलवन, पूषा, थानेश्वर, कान्तिपुरसमेतका राज्यलाई करद राज्य र डोलीलाई रैकर राज्य बनाउन सकेकाले नै सिन्जा राज्य साम्राज्य र सपादलक्षमा गनिन समर्थ भएको हो ।

यस प्रदेशभित्रका ३६ वटा थर्पुमध्ये हालसम्म पत्ता लगाउन सकिएका १० वटा थर्पु यसप्रकार छन् –

१) उकु थर्पु (दार्चुला), २) सीडिल थर्पु (बझाङ), ३) जुकी (जिउ) थर्पु, ४) कुँडी थर्पु (बझाङ), ५) पिउ थर्पु (बाजुरा), ६) तरापगाड थर्पु (डोल्पा), ७) काउकाउ थर्पु (मुस्ताङको नरसिंह खोवा), ८) ढिक्याँ थर्पु (ढीक पुरचौडी), ९) अडै थर्पु (पश्चिम आकोर), र १०) गढी थर्पु (?) आदि । सामाजिक, सांस्कृतिक, भौगोलिक र ऐतिहासिक समानताको कारणले मस्टा र भवानीको व्यापकता यस क्षेत्रमा हुन सकेको तथ्य हाम्रा अगाडि देखापर्दछ ।

२. मस्टो शब्दको शाब्दिक अर्थ र यसको व्यापकता :

'मस्टो' शब्द संस्कृत, फारसी, उर्दू, बङ्गाली वा प्राकृत कुन भाषाको तत्सम वा तद्भव शब्द हो, त्यस कुराको निक्र्यौल विद्वान्हरूबाट भइसकेको छैन, तापनि यसको उच्चारण र शब्दबनोटका आधारमा भन्ने हो भने संस्कृत भाषाबाट अपभ्रंश हुँदै नेपाली भाषामा आइपुगेको आभास पाइन्छ । मष् + टो, यी दुई अक्षर मिलेर 'मस्टो' शब्दको निर्माण भएको हुनुपर्छ । मष् शब्ददेखि संस्कृतको 'क्त' प्रत्यय भएर 'क्' को लोप भई मष् + त शब्द भएर ती दुइटा (ष् महाप्राणी र त अल्पप्राणी) को बीचमा सन्धि भई 'मस्ट' हुँदै नेपाली भाषाको मूल थलो जुम्लामा आइपुग्दासम्म ओकारान्त 'मस्टो' भएको हुनुपर्छ । मस्टो एकवचन हो भने बहुवचन मस्टा हो ।

मस्टाको बारेमा लेख्ने लेखकहरूले मस्टालाई अधिक मात्रामा उच्चारण गर्ने सुदूर पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका जनताको जनजिब्रोलाई ख्यालै नगरी 'मस्ट' शब्दको प्रयोग गरेको पाइन्छ । यस मस्टाको शाब्दिक अर्थ यथार्थ रूपमा जान्नलाई पाणिनीय व्याकरण पल्टाएर हेर्दा त्यसमा 'मष्' शब्दको अर्थ के छ, त्यसैको निर्वचन भई 'मस्टो' शब्दको निर्माण भएको हो भन्न सक्नेछौँ ।

यसै विषयमा डा. प्रयागराज शर्मा 'कर्णाली प्रदेश : एक बिटो अध्ययन' भन्ने पुस्तकको पृ. नं. ९६ मा लेख्नुहुन्छ – 'मस्ट के देउता हो भनेर किट्न गाह्रो छ । के यो भैरवको रूप हो ? योगी नरहरिनाथले मस्टोलाई देवीको सेनानी र आफ्नो मस्तक (शिरमाथा) थापी राक्षससित लडेकाले मस्टो नाम हुन गयो भनेका छन् । उनको आफ्नै भनाइबाहेक यस तथ्यको अरू कुनै स्रोतबाट पुष्टि हुँदैन ।'

३. मस्टा र भ्वानीको सामीप्य र दूरी :

पश्चिम नेपालका मानिसहरूले मस्टोलाई आफ्नो कुलायन देवता (कुल द्यौता) र भ्वानी (भवानी) लाई कुलदेवीका रूपमा परम्परादेखि अत्यन्तै श्रद्धाका साथ मान्ने गर्दछन् । मस्टा वा भ्वानीका पाली (भक्त) हरूले मस्टा भन्नेबित्तिकै १२ भाइ र भ्वानी भन्नेबित्तिकै नौ दुर्गा भ्वानीको नाम सहसा लिने गरेको पाइन्छ । यी मस्टा र भ्वानीका बीचमा केकति सामीप्य र के कति दूरी छ, सो कुरा यिनीहरूको मूल थलाका बारेमा जान्न खोज्दा केही यिनै तथ्य फेला परेका छन् –

३.१ ने. रा. प्र. प्र. द्वारा प्रकाशित हुने प्रज्ञा, वर्ष २५, पूर्णाङ्क ८१-क (२०५१ असार-माघ) को पृ. नं. ९२-९३ मा यिनै पङ्क्तिकारद्वारा लिखित मस्टोसम्बन्धी लेखमा मस्टो र भ्वानीको मूल थलो र प्राचीनता बारेमा केही भनाइ यसप्रकार छन् –

क) अघि राक्षसहरूको प्रकोपबाट संसारलाई धारा दिने भनी मस्टाहरूको अवतार भएको हो । राक्षसहरूले नौ दुर्गा भ्वानीको सतीत्व डगाउन खोजेका थिए । मस्टाको अवतार भई राक्षसहरूको विनाश तथा नौ दुर्गा भ्वानी र लोकको रक्षा भयो । राक्षससँग लडेर देवीको रक्षा गरेकाले 'मस्टो' भन्ने नाम रहन गएको हो ।

ख) भगवान् शङ्करको वीर्य पतन भई सो वीर्यको ज्वाला बल्दा स्वर्गकी दुईवटी अप्सराले ताप्ताखेरि एउटी अप्सराले मस्टालाई जन्म दिइन् भने अर्की अप्सराले भ्वानीलाई जन्म दिइन् ।

ग) कुनै समयमा एउटा ब्राह्मण भारतको कान्यकुब्जबाट पन्जाब हुँदै जालन्धर भन्ने ठाउँमा पुग्दा उनले त्यहाँ बस्ती बसाले । त्यसपछि उनी त्यहाँबाट तीर्थाटन गर्दै शङ्खद्वारमा पुग्दा उनले त्यहाँ एउटा कालो शिला देखेकाले त्यस शिलालाई आफ्नो झोलामा हाले । तीर्थाटन गर्ने क्रममा उनी त्यहाँबाट फेरि बद्री र केदारमा पुगी आफ्नो घर (कान्यकुब्ज) मा फर्कन लाग्दा मुसलमानहरूले उनका परिवारलाई अपहरण गरी मारे । त्यसपछि उनी त्यहीँ कालो शिला लिई उत्तरतर्फको मानसरोवरतर्फ जान्छु भनी दुल्लु ज्वालाजीको बाटो भई आए । त्यहाँ राजसभा भएको बेला उनले केही चमत्कारपूर्ण कार्य गरेर राजालाई प्रभाव पार्दा राजाबाट उनले एउटा विर्ता पाए । उनका झोलाको कालो शिलाले ढँडारमा

मध्याह्नको समयमा गोठको दही चोरी खाएको चाल पाई त्यहाँका गोठालाहरूले उनलाई घेरी ब्वाँसो आकारको जनावरलाई पक्रन खोज्दा त्यहीँ ढँडार परी ठूलो आवाज आएछ । त्यस आवाजले गर्दा त्यहाँका सबै गोठाला मूर्च्छा परेछन् । अन्त्यमा जसराज नाम गरेको त्यहाँको एउटा गोठालाको जिउमा कम्प छुटी मस्टाले ढँडारको अवतार लिए ।

घ) विष्णुगादीबाट राजा, राजागादी (राजगद्दी)बाट इन्द्र, इन्द्रगादीबाट १२ भाइ मस्टाको क्रमशः भाग (अधिकार) पाएका हुन् । मस्टाको गादी इन्द्रगादी हो ।

ङ) यी मस्टाहरूको मूल जन्मस्थल सुरुदेखि नै हालको बझाङ जिल्लाको ढँडार भन्ने ठाउँमा हो भन्ने कसैको भनाइ छ भने यी मस्टाहरू भारतको बद्री र केदारतर्फबाट आएर बझाङको ढँडारमा सुरुमा नै उब्जेका हुन् भन्ने धेरैको भनाइ छ ।

च) यी मस्टाहरूको आफ्ना १२ धाम छन् भन्ने भनाइ छ । यी १२ धामको गणनामा भारतका बद्री, केदार, गया, प्रयाग, मथुरा, वृन्दावन, वाराणसी र नेपालका मुक्तिनाथ (मुस्ताङ), छायानाथ (मुगु) खेचरनाथ (हुम्ला), ऋणमोक्ष (मुगु) र स्वामीकार्तिक ठाकुरज्यू (जुम्ला) को नाम आउँछ ।

यिनै पङ्क्तिका लेखकद्वारा लेखिएर काठमाडौँबाट प्रकाशित आभा मासिक पत्रिकाको वर्ष १, अङ्क २-३ (२०२८ जेठ-असार) को पृष्ठ नं. ४३ मा दिएको 'मस्टो : एक परिचय' लेखमा यस्तो लेखिएको छ –

'पहिले एकचोटि ढँडार भन्ने ठाउँमा जमिनबाट एकैपल्ट १२ वटा मस्टाको जन्म भएको हो । एकैचोटि जन्मेका यिनीहरूलाई पानीको प्यास लागेछ । त्यस बेला उक्त ठाउँमा कतै पनि पानी पाइँदो रहेनछ । यी १२ मध्ये पाँचौं नम्बरमा परेको राइँलो भाइ गुरो भन्ने मस्टाले जमिनमा आफ्नो दायाँ घुँडो धस्ता जमिनबाट पानीको मूल फुटेछ । ती सबै भाइले त्यस मूलको पानी पिएर आ-आफ्नो प्यास मेटे । अहिले त्यस ठाउँलाई स्थानीय मानिसहरू 'ढँडार मूल' भन्ने गर्दछन् भन्ने कुरा सुनिएको छ । त्यस मूलबाट अहिलेसम्म पनि पानीको मूल फुटिरहेकै छ भन्ने भनाइ छ । त्यो गुरो मस्टो एक दिन बाहिरतिर यसो घुम्न गएको बेलामा अरू भाइलाई अत्यन्तै भोक लागेछ । उनीहरूमध्ये एउटा भाइले

भन्न जाँदा जमिनबाट खाजा निस्केछन् । गुरो मस्टो त्यस बेला अन्यत्रबाट त्यस ठाउँमा आइपुग्दासम्म अरू भाइले ती खाजा खाएर सिध्याइसकेका रहेछन् । गुरो त्यस ठाउँमा आइपुग्दा खाजा एक दाना पनि बाँकी रहेनछ । गुरोले मलाई खाजा चाहियो भन्दा अरू भाइले गुरोलाई 'खाजा छैन, तँ माटो खा' भन्दा गुरोले जवाफ दियो 'ठिक छ, म माटो नै खान्छु, अबउप्रान्त यस भेगको माटो मेरो अधिकारको भयो । माटोसम्बन्धी सबै कुरा म नै हेर्दछु, माटाको मामिलामा तिमीहरूको कुनै अधिकार हुने छैन ।'

त्यसपछि ती सबै आई ढँडार मूलबाट जुम्ला सिन्जा दराको 'कालाकाँडो बिजुलीडाँडो' भन्ने पहाडमा आई बसे । उनीहरू त्यहाँबाट पनि जुम्ला सिन्जाको लामाथाडामा आई बसे । त्यस बेला तिब्बतको मानसरोवर तलाउको दक्षिणतिरको लङ्कातिर दहको किनारको गुम्बामा बस्ने एउटा भिक्षु सो लामाथाडामा आई बसेका रहेछन् । सिन्जाको लामाथाडामा मस्टा र ती लामाको भेट भयो । मस्टाहरूले सो लामासँग मामाको नाता जोडे । ती लामाले उपर्युक्त मस्टाहरूलाई निर्दिष्ट स्थानमा बस्न लगाए । त्यस बेला सिन्जामा जालन्धरी नामक राजा (सिन्जा साम्राज्यका सम्राट् अशोक चल्ल (अनेक मल्ल) का दुइटा छोरामध्ये कान्छा छोरा आनन्द मल्लको अर्को नाम जालन्धरी मल्ल भन्ने पनि भएकाले सम्भवतः वि. सं. तेह्रौं शताब्दीका उनै आनन्द मल्ल हुनुपर्छ) राज्य गर्दथे । यी जालन्धरी यहाँका अशोक मल्लका छोरा नभएर यहाँका प्राचीन जङ्गली मानिसहरूका राजा हुन् भन्ने पनि यहाँ कसै-कसैको भनाइ छ । ती जालन्धरीले आफ्नो सुरक्षाका लागि सिन्जाको लौडीसीअ (ओढार) नामक ठाउँमा लौडीसीम, जीवका र मालुवाफङ्की भन्ने तीनवटा संरक्षक (भूतांशी पहरेदार) लाई तीन ठाउँमा राखेका थिए । लामाले जालन्धरी राजाले थाहा नपाउने गरी उक्त तीनजना भूतांशीलाई मारिदिए । ती लामाको इच्छा के थियो भने जालन्धरी र उनका भूतांशी (पहरेदार) हरूलाई खतम गरी मस्टाको सुव्यवस्था गरी त्यहाँ मस्टाहरूकै बाहुल्य बढाइदिनु ।'

यस कथाले मस्टाका बारेमा जानकारी लिन चाहने सबैलाई ३-४ कुराको पूर्वाधार तयार गरिदिएको छ ।

१) ढँडार भन्ने ठाउँमा १२ मस्टाको मूल जन्म थलो हो ।

२) ढँडार मूल भन्ने ठाउँ त्यहाँ छ कि छैन ? यदि छ भने ढँडार शब्दसँग मूल शब्द र मूल शब्दसँग ढँडार शब्द किन जोडियो ?

३) सिन्जाको कुनै भूभागमा कालाडाँडो र बिजुलीडाँडा भन्ने ठाउँ छ कि छैन ? यदि छ भने १२ भाइ मस्टाभित्रको दसौं नम्बरको एउटा बिजुलीडाँडो भन्ने मस्टाको नाम पनि यस बिजुलीडाँडो भन्ने ठाउँसँग मिल्नु ।

४) सिन्जा साम्राज्यभित्रका ऐतिहासिक राजाहरूको वंशावलीभित्र जालन्धरी भन्ने राजा वा राजकुमार वा राजाका भाइ-छोरा छन् कि छैनन् ? छन् भने को हुन् ? छैनन् भने उपयुक्त कथाभित्र जालन्धरी राजा भनी किन नाम आयो ? र तिनी कुन बेलाका हुन् ? यी सबै कुरा केलाएर पुनः अध्ययन-अनुसन्धान गर्नुपर्ने देखिन्छ । यी कुराहरू यहाँ एकातिर पाइन्छन् भने अर्कोतिर 'ढँडार छुट्यो, भँडार फुट्यो' भन्ने यहाँ अर्को लोकोक्ति प्रचलित छ । यस लोकोक्तिले ढँडार भन्ने ठाउँमा मस्टाको उत्पत्ति भएको हो भन्ने उपर्युक्त भनाइलाई पुष्टि गर्दछ ।

३.२ डा. प्रयागराज शर्मा 'कर्णाली प्रदेश : एक बिटो अध्ययन' भन्ने पुस्तकको पृ. नं. ९४-१०४ को बीचबीचका पानामा मस्टाको ऐतिहासिक स्थलबारे यस्तो लेख्नुहुन्छ –

क) 'जुम्ला प्रदेशमा अत्यधिक पुजिने देव मस्टा हुन् । प्रचलित विश्वासअनुसार मस्टाका परिवारमा 'नौ दुर्गा भवानी, बाह्र भाइ मस्टा' भनिन्छन् । यिनीहरूको उत्पत्ति ढँडारमा वा खप्तडमा भयो । सायद खप्तडमा आई यी देवहरू आ-आफ्नो दिशातिर लागे भन्ने भनाइ छ । मस्टाका मुख्य चार-पाँच नाम बहुपूजित र प्रसिद्ध छन् । ती हुन् – बुड्ढ़, कव (कवा), बाबिरो, थार्पा (थार्प) । यिनीहरूको मूल थान तद्-तद् नाउँ भएका जुम्लाका सिन्जा, पाँचसय र गम दरामा पर्दछन् । मस्टाको सङ्ख्या ठिक्क बाह्र मात्र पुग्ने छैन । मध्य नेपाल र पूर्वी नेपालका कतिपय क्षत्रीहरूका कुलदेवता 'बारा मस्टा' छन् । यसलाई धेरै व्यक्तिले अड्कल जमाई वराह र मस्टाको संयुक्त नाम ठहऱ्याउँछन् । तापनि यो जुम्लाको बाह्रभाइ मस्टाको अपभ्रंश हो जस्तो लाग्छ । यसबाट मस्ट सम्प्रदाय पश्चिमी नेपालबाट मध्य र पूर्वी नेपालमा बढेको स्पष्ट देखिन्छ । साथै जुन रूपले यो सम्प्रदाय जुम्लामा व्यापक रूपमा

अहिलेसम्म विद्यमान छ त्यसबाट यसको मूल उत्पत्ति थलो यही हो भन्ने विचार उठ्तछ ।'

ख) 'अघि राक्षसहरूको प्रकोपबाट संसारलाई चारा दिन भनी मस्टाहरूको अवतार भएको रे । राक्षसहरूबाट नौ दुर्गा भवानी र लोकको रक्षा भयो रे । मस्टको प्रत्येक थानमा भवानीको पनि एउटा खोपो हुन्छ र ती खोपामा पनि पूजा चढाइन्छ । प्रचलित भनाइअनुसार मस्ट रक्त नखाने शाकाहारी देव हो । पूजाका दिन थानमा काटिने पाठाहरू भवानीलाई लक्षित हुन्छन् । तर चौधबीस खोला (जुम्ला) मा मतवाली क्षत्रीहरूका समाजमा भने मस्टले रगत नखाने कुराको ज्ञान छैन ।'

ग) 'मैले कालिकोट दरामा पर्ने दाहा गाउँ (हाल कालिकोट जिल्लाभित्रको गाउँ) मा सुनेअनुसार विभिन्न मस्टलाई पाण्डवको अवतार पनि भनियो । त्यसै गरी खापर (मस्टो) लाई इन्द्रको छोरा भनेको पनि सुनें । ... बाबिरो मस्टको एउटा पूजामा होम गराउने बाबिरोलाई वामदेव गोत्र दिएको मैले सुनें । ... पूजाको सम्पादन तथा अन्य धार्मिक क्रिया र पद्धति आफ्नै किसिमको र बिलकुलै अपौराणिक रूपका छन् ।'

३.३ लेखक विहारीकृष्ण श्रेष्ठ 'कर्णाली लोकसंस्कृति' (खण्ड - ३) 'जनजीवन' को पृ. नं. ९५-९६ मा मस्टो र भवानीका सम्बन्धमा लेख्नुहुन्छ –

क) मस्टो एक्लो छैन, जसका जम्मा १२ दाजु भाइ र नौ बहिनी छन् भन्ने स्थानीय परम्परा छ । तर १२ भाइ मस्टा कुन-कुन हुन् भन्ने कुरामा स्थानीय जनताको मतैक्य छैन । उदाहरणार्थ मस्टाका १२ भाइको नाम सङ्कलन गर्दा १३ वटा नाम फेला पारें – बुड्‌ क (कवा), बाँ (वाम), थार्पा (थार्प), बाबिरा, जिउडी (ज्यूडी), कामल (?), सीम, रमाल, ढँडा, डुसायानी, डढीसितल र कुर्मो मस्टो ।

यसै गरी नवदुर्गा भवानीमा भवानी (भ्वानी), कालिका, मालिका, खेसमालिनी, ठिगाल्नी, पुगेल्नी, हिमालिनी, कनकसुन्दरी र त्रिपुरासुन्दरी ।'

३.४ अनुसन्धानकर्ता पूर्णप्रकाश नेपाल 'यात्री' 'सेती अञ्चल दिग्दर्शन' (दोस्रो खण्ड) को पृ. नं. ३९८-३९९ मा मस्टाको उद्‌गमस्थल र प्राचीनताबारे लेख्नुहुन्छ –

क) 'मस्टाको खास उत्पत्तिस्थल मानसरोवरको आसपास भन्नाले डोटी-कर्णालीकै भूभाग रहेछ भन्ने लाग्दछ र आदिमस्ट (ढँडार मस्टो) का कैरन (सम्भवतः पडेली) ले यस्तो पनि दिग्बोध हुन्छ कि विक्रमको पाँचौं शताब्दीपूर्व नै बझाङको राजसत्ताको अस्तित्वमा आएका सैपाल थापाको समयमा पनि मस्टाको मान्यता पाएको थियो । डोटी, बझाङ र जुम्लाका रैथानेहरू मस्टोलाई स्थानीय देवाधिदेव ठान्दछन् ।'

ख) 'डोटेली लोकसंस्कृतिको सन्दर्भमा कुरो कोट्याउनेबित्तिकै मस्टाको उल्लेख गर्नैपर्दछ । आञ्चलिक संस्कृतिको प्रतिष्ठालाई राम्ररी निछोटेर अध्ययन-मनन गर्दा एकातिर शिव-विष्णुका उपासकहरूको सम्प्रभुता रहेको बलियो वैदिक अनुष्ठान गरी आचार मिल्दछ भने अर्कातिर धामीझाँक्रीको प्रभुतातर्फ पनि दृष्टि नपुगी छाड्दैन । धामीवादको चरम उत्कर्षलाई बुझ्नका निम्ति मस्टाको प्राचीनताको अध्ययन गर्नु खाँचो देखिन्छ ।' ... यी तान्त्रिक देवीदेवताहरूको मान्यता कहिलेदेखि प्रचलनमा आयो, त्यसको विस्तृत अध्ययन हुनु आवश्यक छ ।

यसै गरी श्री नेपाल 'यात्री' 'भेरी लोकसाहित्य' को पृ. नं. २६ र २७ मा मस्टाको प्राचीनताबारे फेरि लेख्नुहुन्छ –

ग) 'ब्राह्मण क्षत्रीयहरू जुन शताब्दीमा जालन्धर गडवाल छोडेर कर्णाली प्रदेशमा बसाइँ सरे त्यसबेला ठूलो सङ्ख्यामा मानिसहरू आएका र शासक स्वर्ण पनि उहींदेखि आएका हुनाले यस्ता परम्परादेखि चलिआएका जनजीवनका संस्कार सम्बन्धहरूसमेत सर्लक्क साथमा आए । कर्णाली प्रदेशमा आएपछि शासक र शासित दुवैथरी उहींका अनि सहधर्मी, सहकर्मी हुनाले संस्कार सम्बन्धको विषयलाई लिएर कहिले विवाद भएन ।'

३.५ यो पङ्क्तिकार (रत्नाकर देवकोटा) ले मस्टोसम्बन्धी केही पुराना कागजात र छापिएका ऐतिहासिक सामग्री खोतल्दै जाँदा योगी नरहरिनाथद्वारा सङ्कलित एवम् सम्पादित 'इतिहास प्रकाश' (दोस्रो अङ्क, पहिलो भाग) को पृ. नं. १३७ र ३६७ मा मस्टाका बारेमा थोरै कुरा लेखिएको पाइन्छ ।

उक्त पुस्तकको पृ. नं. १३७ मा शाके १५४७ (वि. सं. १६८२) मा जुम्लाका कल्यालवंशी राजा सूर्तीसाइ महाराजबाट नरी

बूढाले पाएको दानपत्रमा भुवानी (भवानी) मस्टोलाई साक्षीका रूपमा राखिएको पाइन्छ । यसै गरी सो पुस्तकको पृ. नं. ३६७ मा 'शाके १७६८ (वि. सं.१९०३) मा 'कल्यालको वंशावली' भनी कागजको पछाडिपट्टि पछि लेखिएको टिपोटमा 'रगु वंशी, रवि गोत्र, पञ्च प्रवर, मध्याह्नी शाखा, बुर्त्तिम कावा, क्षेत्रपाल मस्टो, वंदासैनी देवी' भनी उल्लेख गरिएको पाइन्छ ।

यिनै कुरालाई डा. प्रयागराज शर्माले 'कर्णाली प्रदेश : एक बिटो अध्ययन' भन्ने पुस्तकको पृ. नं. १०४ को आफ्नो लेखको अन्त्यमा योगी नरहरिनाथले उल्लेख गर्नुभएका उपयुक्त साल मितिलाई समर्थन गर्दै 'मस्टो शब्दको सबैभन्दा पुरानो उल्लेख यिनै हुन्' भनी स्पष्टसँग लेख्नुभएको छ । पुराना प्राप्य सामग्री खोतल्दै जाँदा योगीजीले उल्लेख गर्नुभएको वि. सं. १६८२ को तिथिमितिलाई उछिनेर अघि बढ्न सकिन्छ भन्ने कुरामा अनुसन्धानकर्ता श्री नेपाल 'यात्री' द्वारा सङ्कलित, सम्पादित एवम् लिखित 'भेरी लोकसाहित्य' नामक ५७१ पृष्ठको पुस्तकलाई अगाडि सार्न सकिन्छ ।

उक्त पुस्तकको पृ. नं. ७७ को 'पञ्चकोशी देवताको मागल' (नं. १), पृ. नं. ८६ को 'बढीमालिकाको धमारी' (नं. ८), पृ. नं. १०६ को 'देवताको मागल' (नं. १८), पृ. नं. १२० को 'षष्टिका मागल - १' (नं. २६), पृ.नं. १३८ को 'देवताको मागल', पृ.नं. १४८ को 'विवाह मागल - २ (नं. ४३), पृ. नं. १६२ को 'विवाह मागल' (नं. ५०), पृ. नं. १७७ को 'बधूप्रवेशको मागल' (नं. ६१), पृ. नं. १९९ को 'लोखाडीभएको चैत' (नं. १), पृ. नं. २२०-२२१) को 'बालाराजा काशीरामको भारत' (नं. २) र पृ. नं. २२२-२७६ सम्मका राजा जितारी मल्ल तथा जालन्धरी मल्लका गाथा र भारत (नं. ३ र ४ को व्याख्यासमेत) ले स्पष्ट गरेका छन् ।

४. मस्टा र भ्वानी एवम् वराह र बज्यूका भेद एवम् उपभेद :

लेखकहरू योगी नरहरिनाथ, पूर्णप्रकाश नेपाल 'यात्री', डा. प्रयागराज शर्मा, विहारीकृष्ण श्रेष्ठ, रत्नाकर देवकोटा, देवीचन्द्र श्रेष्ठ, प्रदीप रिमालसमेतका कृति र लेखरचनामा दिइएका विषयवस्तुहरूको अध्ययनका आधारमा विभिन्न मस्टो, भवानी, वराह र बज्यूका नाम सङ्कलन गरी एक ठाउँमा जम्मा गरेर उनीहरूलाई समाजले दिएको

मान्यता, स्थान र उनीहरूको पुजाइ (पूजाविधि), स्थानीय समाजमा पर्न गएको उनीहरूको प्रभाव आदि कुरालाई केलाई हेर्दा मस्टा र वराहका १२ भेद, ८४ उपभेद र सहायक भेदको यहाँ प्रथमपटक वर्गीकरण गर्न खोजिएको छ । यस विषयमा ती विभिन्न लेखकका विचार यसप्रकार छन् –

क) डा. श्री शर्माले आफ्नो उपर्युक्त कृतिको पृ. नं.९४ मा 'जुम्ला प्रदेशमा पुजिने देवहरूलाई मोटामोटी चार वर्गमा बाँड्न सकिन्छ । ती हुन् – (क) मस्ट, (ख) मस्टसरहकै अन्य देव, (ग) देवी, र (घ) विविध' भनी यहाँको लोकमान्यताको विचार प्रस्तुत गर्नुभएको छ ।

ख) श्री 'यात्री' ले 'सेती अञ्चल दिग्दर्शन' (दोस्रो खण्ड) को पृ. नं.३९९ मा मस्टो देवताका १२, ८४ उपभेद र स्वभावअनुसारका ४ समूहमा बाँड्नुभएको छ । ती ४ किसिमका विभेद वा समूह यसप्रकार छन् –

१) सत्वगुणी - पायसको बलि खाने ।
२) रजोगुणी - रक्तबलि खाने ।
३) तमोगुणी - पायस र बलि जे पाइन्छ खाने ।
४) केही नपाइए पनि सन्तोषी ।

ग) लेखक श्री यात्रीले आफ्नो सो पुस्तकको पृ. नं.३९९ मा मस्टाका १२ भेदको उल्लेख गर्ने सन्दर्भमा सेती अञ्चलमा प्रचलित आदि मस्ट, रुमाला मस्ट, दाह्रे मस्ट, खप्पर मस्ट, टेढी मस्ट, मण्डली मस्ट, दूधे मस्ट, लडे मस्ट, मुण्डा मस्ट, रुद्र मस्ट, केली मस्ट र काला मस्टको नाम उल्लेख गर्नुभएको छ । साथै उहाँले त्यसमा मस्टाका ८४ वटा उपभेद हुन्छन् भनेर केवल सङ्ख्याको मात्र उल्लेख गर्नुभएको छ, तर ती ८४ वटा उपभेदभित्रका मस्टाहरू कोको हुन्, सोको केही उल्लेख गर्नुभएको छैन ।

घ) प्रज्ञा (२०५१) मा प्रकाशित पङ्क्तिकारको मस्टोसम्बन्धी लेखले ती ८४ वटा उपभेदको सङ्ख्या पुऱ्याउन थप सहयोग पुगेको छ । पङ्क्तिकारको सो लेखमा ती केही उपभेदभित्रका मस्टाहरूका नाम वैकल्पिक मस्टा र द्यौता भनी उल्लेख गरिएको छ । जुम्लामा १२ भाइ मस्टा भन्ने गरिएका मस्टाका भेद र पङ्क्तिकारले उपर्युक्त प्रज्ञामा

उल्लेख गरेका १२ भाइ मस्टाका नाम जहाँसम्म हुन्छ, ठ्वाक्क मिलेको हुनुपर्छ ।

उपर्युक्त लेखहरूसहितका अरू विभिन्न लेखकले आ-आफ्ना लेख-रचना तथा कृतिहरूमा स्थानविशेषका आधारमा १२ भाइ मस्टा र ९ दुर्गा भ्वानीका नाम उल्लेख गरे पनि जुम्लामा भनिने १२ भाइ मस्टा र ९ दुर्गा भ्वानीका नाम नै सर्वमान्य मूल आधार हुन सक्छन् । भेद, उपभेद र सहायकभित्रका मस्टाका नाम यिनै हुन् –

१) ढँडार मस्टो (आदिमस्टो)	- बझाङ
२) कवा मस्टा	-जुम्ला र मुगु
३) बुडू मस्टो	-जुम्ला
४) थार्प मस्टो	-जुम्ला र मुगु
५) गुरो मस्टो (अमस्ट देव)	-मुगु र हुम्ला
६) खापर मस्टो	-जुम्ला, मुगु, डोटी, अछाम, सान्नी
७) दाड्या मस्टो	-जाजरकोट, दैलेख, डोटी, अछाम, रास्कोट
८) दुध्या मस्टो	-जाजरकोट, दैलेख, डोटी, अछाम, रास्कोट
९) विनाइक मस्टो	-जाजरकोटसमेतका जिल्ला
१०) बिजुलीडाँडो मस्टो	-जुम्ला, डोल्पा र कालिकोट
११) कालशिलो मस्टो	-जुम्ला, कालिकोट, अछाम
१२) बाबिरो मस्टो	-जुम्ला
१३) सुनारगाउँ मस्टो	-जुम्ला
१४) लाँकुडो मस्टो	-डोल्पा र कालिकोट
१५) उखाडी (गडुली सिद्ध)	-जुम्ला
१६) रुम (रोम) मस्टो	
१७) छल मस्टो-डोल्पा	
१८) राउतकोट्या मस्टो	-अज्ञात
१९) कफाल्ना मस्टो	-जाजरकोट
२०) पुइँक मस्टो	-जाजरकोट
२१) बाम मस्टा	-जुम्ला, मुगु
२२) बाँटपाल मस्टो	-हुम्ला
२३) रामपाल मस्टो	-हुम्ला
२४) लडीपाल मस्टो	-ठाउँ निश्चित नभएको

२५) सोलुपाल मस्टो २६) क्षेत्रपाल मस्टो
२७) वनपाल मस्टो २८) लोहासुर मस्टो
२९) दूवेशिला मस्टो -हुम्ला
३०) हगुरो मस्टो ३१) सीमताडी मस्टो
३२) भ्वीन मस्टो -जाजरकोट
३३) सुम्लेगुरो मस्टो ३४) भुइँगरो मस्टो
३५) ह्याङ्ग्या मस्टो -जुम्ला
३६) राँगामाचुला मस्टो ३७) दयाशिला मस्टो
३८) भूवाँर मस्टो -जुम्ला
३९) कैलाश (अमस्टदेव) मस्टो -जुम्ला
४०) लामा-विष्णु मस्टो
४१) जगन्नाथ मस्टो -जुम्ला
४२) कुडाचा मस्टो -जुम्ला
४३) कालिकोट (रास्कोट) मस्टो
४४) हिङ्गाल मस्टो -जाजरकोट
४५) लड्या मस्टो -डोटी
४६) लट्या मस्टो -डोटी
४७) भैरो (भैरव) मस्टो -बाजुरा
४८) सिद्ध मस्टो ४९) तेडी मस्टो
५०) गच्चु मस्टो -जुम्ला
५१) कालढुङ्गी मस्टो -जुम्ला
५२) ढुँडीडुस्की मस्टो
५३) सार्कीघो मस्टो -हुम्ला
५४) उब्ज्या मस्टो -जाजरकोट
५५) धुरगाँ (गाउँ) मस्टो -जाजरकोट
५६) ठिङ्गाल मस्टो -जाजरकोट
५७) बान्नी मस्टो ५८) शम्भु मस्टो
५९) भुइँफुटो मस्टो -जाजरकोट
६०) धुपीरुख्या मस्टो ६१) बाँजकोट्या मस्टो
६२) धौलपुऱ्या मस्टो -जुम्ला, कालिकोट
६३) भात्याखोल्या मस्टो ६४) पन्त्या मस्टो
६५) महाबै मस्टो -दैलेख र कालिकोट

६६) कुलद्यो मस्टो ६७) महाद्यो मस्टो
६८) राहद्यो मस्टो
६९) सर्कीद्यो मस्टो -सम्भवतः हुम्ला
७०) लाटोद्यो मस्टो ७१) कुलसैनी मस्टो
७२) लाटोबाउन मस्टो ७३) सुपारीपण्डित मस्टो
७४) मशालो मस्टो ७५) ध्यौल्यानी मस्टो
७६) रुमाला मस्टो -सेती अञ्चल

(सङ्कलक : पूर्णप्रकाश नेपाल 'यात्री')

७७) टेढी मस्टो ७८) मण्डली मस्टो
७९) सड्या मस्टो ८०) मुण्डा मस्टो
८१) रुद्र मस्टो ८२) कैली मस्टो
८३) काला मस्टो ८४) खप्पर (खप्तड) मस्टो
८५) गन्याय मस्टो
८६) लोखाली (डी) मस्टो -भेरी अञ्चल
८७) लिउडी मस्टो -जुम्ला (सङ्कलक : विहारीकृष्ण श्रेष्ठ)
८८) काँफल मस्टो -जुम्ला
८९) सीम मस्टो -जुम्ला, कालिकोट
९०) ढुसापानी मस्टो -जुम्ला, कालिकोट
९१) डढी शीतल मस्टो -जुम्ला, कालिकोट
९२) कुर्मी मस्टो -जुम्ला, कालिकोट
९३) रमाल मस्टो -जुम्ला, कालिकोट
९४) बाइफालो मस्टो -हुम्ला (सङ्कलक : जयबहादुर श्रेष्ठ)
९५) रामफाल मस्टो -हुम्ला
९६) महारुद्रद्यौता मस्टो -जुम्ला, हुम्ला
९७) बाँसकोट्या मस्टो ९८) पुआँल्या मस्टो
९९) क्यूँडा मस्टो १००) साइन मस्टो
१०१) धुरापानी मस्टो १०२) बडाबाडा मस्टो
१०३) तलिकोट्या मस्टो १०४) श्वेता मस्टो
१०५) पँचालो मस्टो -कालीकोट (सान्नी-सिकु)
१०६) रूपा मस्टो -जुम्ला
१०७) काला मस्टो - कालिकोट (कालिकोटेको कुलापन)
१०८) स्थुना मस्टो -कालिकोट (रास्कोट दरा स्युना)

------------- -------------

जम्मा १०८ वटा मस्टो ।

उपर्युक्त नामका मस्टाहरू सामान्य रूपमा मस्टाको गणनाभित्र परे तापनि यिनीहरूमध्ये कोही मस्टो, कोही देवता, कोही क्षेत्रपाल, कोही प्रसिद्ध, भूत-भवाँर र कोही प्रसिद्ध पुड्यानाभित्र पनि पर्दछन् ।

उपर्युक्त विभिन्न सङ्कलकले कर्णाली प्रदेशभित्रका मस्टाहरूको अध्ययन-अनुसन्धान र सङ्कलन गर्ने क्रममा आफूले पाएका नामजति सबैलाई मस्टाकै गणनामा पारे तापनि ती सबै नाम मस्टाकै होइनन् भन्ने कुरामा यो पङ्क्तिकार विश्वस्त छ ।

यस पङ्क्तिकारले जुम्लामा पाएको दुईथरि भनाइलाई यहाँ अगाडि सारेर जुम्लामा प्रचलित खास १२ भाइ मस्टाका नाम यिनै हुन् भनी यहाँ किटानीका साथ उल्लेख गर्न खोजेको छ । तीमध्ये एकथरि भनाइअनुसारको सूची र उनीहरूको गणनाक्रम यसप्रकार छ –

१) ढँडार मस्टो (जेठो), २) कवा मस्टो (माइँलो), ३) बूडू मस्टो (साइँलो), ४) थार्प मस्टो (काइँलो), ५) गुरो मस्टो (राइँलो), ६) खापर मस्टो (ठाइँलो), ७) दाड्या मस्टो (अठाइँलो), ८) दूघ्या मस्टा (पठाइँलो), ९) विनाइक मस्टा (रठाइँलो), १०) बिजुल्लीडाँडो मस्टो (भ्फटाइँलो), ११) कालाशिलो मस्टो (कठाइँलो), १२) बाबिरा मस्टो (कान्छो) ।

यहाँको एक अर्कोथरि भनाइअनुसार ती १२ भाइ मस्टाको नाम र गणनाक्रम यसप्रकार छ –

१) ढँडार मस्टो (जेठो), २) थार्प मस्टो (माइँलो), ३) बूडू मस्टो (साइँलो), ४) कवा मस्टो (काइँलो), ५) गुरो मस्टो (राइँलो), ६) खापर मस्टो (ठाइँलो), ७) सुनारगाउँ मस्टो (अठाइँलो), ८) लाँकुडो मस्टो (पठाइँलो), ९) बिजुलीडाँडो मस्टो (रठाइँलो), १०) दाड्या मस्टो (भटाइँलो), ११) दूघ्या मस्टो (कठाइँलो), १२) बाबिरा मस्टो (कान्छो) ।

लेखक श्री 'यात्री' ले सङ्केत गर्नुभएका ८४ वटा मस्टाका उपभेदभित्रका मस्टाहरूबारे पङ्क्तिकारको अध्ययन-अनुसन्धान, मनन-चिन्तन, बुद्धिविवेक र सोचाइअनुसारका नाम उल्लेख गरेर ती ८४ वटा उपभेदभित्रका केही मस्टाको नामसमेत यहाँ किटानी गर्न खोजिएको छ । अन्य अनुसन्धाता र लेखकहरूको सोचाइ यहाँ मेल खान पनि सक्छ र

नखान पनि सक्छ । मस्टाहरूको बढी चर्चा र पूजन जुम्ला क्षेत्रमा हुने भएकाले यी पङ्क्तिकारले उल्लेख गरेका १०४ वटा मस्टा त्यही उपभेदभित्रका हुनुपर्छ । उपर्युक्त मूल सूचीभित्रका १ देखि ३७, ४०, ४२, ४३, ४४, ४५, ४६, ४७, ४८, ५२, ५३, ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ७४, ७६, ७७, ७८, ७९, ८०, ८१, ८३, ८४, ८५, ८६, ८७, ८८, ८९, ९०, ९१, ९२, ९३, ९४, ९५, ९७, ९८, १०१, १०३ र १०४ (जम्मा ८८) नं. का मस्टाहरू तिनै उपभेदभित्रका हुन् भन्ने दावी छ । अन्य ९ वटा मस्टा मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रभित्रका प्रकाशमा आउन नसकेका बाँकी मस्टा हुनुपर्छ ।

जुम्ला जिल्लाका विभिन्न गाउँ-ठाउँमा मस्टाकी एकथरि बहिनीका रूपमा पुजिने ९ ओटी द्यौती बज्यूका नाम यसप्रकार छन् –

१) हीरा माला (बाहुनी)
२) ठगु माला (आत्महत्या गरी मरेकी महिला)
३) पन्याग माला (कालिकोट पलाँता खाडा बाँजाडाकी आत्महत्या गरेकी बाहुनी)
४) नाथ माला
५) पुनीमता बज्यू (जुम्ला असीदरा द्यौकाटाबाडाकी हत्या गरेर मारिएकी बाहुनी)
६) द्यौती (जुम्ला र सुर्खेतकी औतिएकी महिला)
७) फुटाशिली (जुम्ला असीदरा डाँफेको लेकबाट फुटेको ढुङ्गा)
८) वरदादेवी (आत्महत्या गरी मरेर प्रेतयोनिमा गएकी जुम्लाकी कुनै एक महिला)
९) सती रानी (कालिकोट रकाल दरा जुबिथा गाउँकी एउटी शाही ठकुरानीले आत्महत्या गरी मर्दा प्रेतयोनि पाएकी सती नामकी महिला)
१०) बाम्नी (काल्रिकोट जिल्ला सन्नीदरा मालकोट गाउँ) ।

यसै गरी महाकाली अञ्चलमा मस्टाको एकथरि बहिनीका रूपमा प्रचलित एवम् पूजित सातवटा सैनीका नाम पाइन्छन् । ती नाम यसप्रकार छन् –

१) पि(नि)ङ्गलासैनी - देहीमाडू (कालिकोट रास्कोट दरा फुककोट)

२)　रणसैनी - बैतडी
३)　कपिलासैनी- ककडपाखा
४)　दिलासैनी- पुरचौडी
५)　बिजासैनी- पुरचौडी
६)　चो(यो)दलासैनी - छेली
७)　पटलासैनी - तल्लो स्वराङ

यसै गरी कर्णाली अञ्चलमा १२ भाइ मस्टाको नामका साथसाथै आउने ९ दुर्गा भ्वानी भन्ने गरिएको तर ती भ्वानीका नाम गणना गर्दै जाँदा सोभन्दा बढेर १२ वटी कालिका, मालिका र भगवतीका नाम भेटिएका छन् । मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका कुनै कुनै ठाउँमा 'मालिकाकी सातै बहिनी' भन्ने पनि गरिएको पाइन्छ ।

यहाँ उच्चारण गरिने कालिका, मालिका र भगवतीका नाम यसप्रकार छन् –

१)　चिमारा मालिका - जुम्लाको असी र चौधबीस दराको सङ्गम
२)　बाँसी मालिका - जुम्लाको असी दरा
३)　बुडीचौर मालिका - जुम्लाको असी दरा
४)　दरबार मालिका - जुम्लाको असी दरा
५)　भुरीचुला मालिका - जुम्लाको पानसय दरा
६)　नदै मालिका - जुम्लाको पानसय दरा
७)　बडी मालिका - डोटी, अछाम, बाजुरा, बझाङ र कालिकोट जिल्लाको सङ्गम
८)　खेस मालिका - मुगुको खत्याड दरा
९)　चुलेल्नी मालिका - कालिकोटका रकाल र कालिकोट दरा
१०)　धुगेल्नी मालिका - कालिकोटका रकाल र कालिकोट दरा
११)　त्रिपुरासुन्दरी भगवती - डोल्पा-तिब्रिकोट दरा
१२)　कनकासुन्दरी भगवती - जुम्लाको सिन्जा दरा

यस मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रका २४ जिल्लामध्ये केही जिल्लामा पौराणिक र परम्परागत धार्मिक ग्रन्थमा मान्यता प्राप्त केही देवी भगवतीको पूजा-आराधना गर्ने गरिएको छ । ती

देवीका नामसँग मार्कण्डेयपुराण एवम् देवीभागवतमा उल्लिखित देवीका नाम मिल्ने गरेका छन् । लोकाचारमा 'नौ दुर्गा भ्वानी' भन्ने गरिएकी भवानी यिनै हुन् वा अरू कोही हुन्, त्यो बेग्लै विवेच्य विषय छ ।

यी दुई विकास क्षेत्रभित्रका प्रसिद्ध देवीमन्दिरका नाम भेटिएसम्म यसप्रकार छन् –

१) बालात्रिपुरासुन्दरी भगवती मन्दिर - डोल्पा
२) कनकासुन्दरी भगवती मन्दिर - जुम्ला
३) भुवनेश्वरी भगवती मन्दिर - सल्यान
४) बडीमालिका भगवती मन्दिर - ४ जिल्लाको सङ्गम
५) वागेश्वरी (व्याघ्रेश्वरी) भगवती मन्दिर - बाँके
६) त्रिपुरासुन्दरी (त्रिपुरेश्वरी) भगवती मन्दिर - बैतडी
७) निगालासैनी (देही गाडौँ) भगवती मन्दिर - बैतडी
८) उग्रतारा भगवती मन्दिर - डडेलधुरा
९) शैलेश्वरी भगवती मन्दिर - डोटी
१०) वरदादेवी भगवती मन्दिर - अछाम
११) सूरमादेवी भगवती मन्दिर - बझाङ
१२) नाट्येश्वरी भगवती मन्दिर - बाजुरा
१३) कालिका-मालिका (संयुक्त) भगवती मन्दिर - मुगु
१४) बगलामुखी भगवती मन्दिर - बर्दिया
१५) द्यौतीबज्यू (भगवती) मन्दिर - सल्यान
१६) गङ्गामाल प्रतुर्माला भगवती मन्दिर - सल्यान
१७) त्रिपुरेश्वरी देवी मन्दिर - रोल्पा
१८ देवीस्थान देवी मन्दिर - दाङ
१९) कालिका-मालिका भगवती मन्दिर- दाङ
२०) कालिका भगवती मन्दिर - प्युठान
२१) त्रिसिद्धेश्वरी (महाकाली, महालक्ष्मी र महासरस्वती संयुक्त) मन्दिर (निरामिशा)
२२) अम्बिकेश्वरी मन्दिर (बीसौँ शताब्दीमा स्थापित) दाङ, पछिल्लो मन्दिर)

महाकाली अञ्चल दार्चुला जिल्लाको तिङ्करदेखि धवलागिरी अञ्चलको मुस्ताङ जिल्लाको मुक्तिनाथ क्षेत्रसम्मका दशनामी संन्यासी

सम्प्रदाय र बाह्रपन्थी नाथ सम्प्रदायसँग सम्बन्धित शैव, वैष्णव, भैरव र मस्टासँग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध राख्ने मन्दिर भेटिएसम्म यसप्रकार छन् –

१) घटाल (घटोत्कच) मन्दिर - डडेलधुरा
२) मालिकार्जुन मन्दिर - दार्चुला
३) बैजनाथ (समजी) मन्दिर - कञ्चनपुर
४) ग्यासी (समजी) मन्दिर - कैलाली
५) वैद्यनाथ (झरखण्ड) मन्दिर - अछाम
६) स्यूनाथ (शिवनाथ) मन्दिर - कालिकोट
७) चन्दननाथ (स्वामी दत्तात्रेय) - जुम्ला
८) भैरवनाथ (दशनामी संन्यासी) मन्दिर - जुम्ला
९) तारानाथ (१२ पाथीनाथ) मन्दिर - जुम्ला
१०) छायानाथ (ठाकुरज्यू) मन्दिर - मुगु
११) नीलाभैरव मन्दिर - जुम्ला
१२) ढोकाभैरव मन्दिर - जुम्ला
१३) खेचरनाथ मन्दिर - हुम्ला
१४) पञ्चदेवल मन्दिर - कालिकोट
१५) पञ्चदेवल मन्दिर - अछाम
१६) पञ्चज्वाला (पादुका, धूलेश्वर, नाभिस्थान, श्रीस्थान र पादुका) मन्दिर - दैलेख
१७) स्वर्गद्वारी (शैव) मन्दिर - प्युठान
१८) छायाक्षेत्र (माता सतीदेवीका विभिन्न अङ्ग पतन भएका आधारमा स्थापित दैलेख विभिन्न पीठ- शङ्खमूल) - सल्यान
१९) शिव मन्दिर - रुकुम (रुकुमकोट)
२०) सिद्ध रत्ननाथ (१० नाम सन्यासी) मन्दिर - दाङ
२१) सिद्ध भगवन्तनाथ (१० नाम संन्यासी) मन्दिर - दाङ
२२) भैरव (भैरवनाथ) मन्दिर - सुर्खेत
२३) शिव मन्दिर - रोल्पा (लिवाङ)
२४) शिव मन्दिर (स्वर्गद्वारी महाप्रभुको जन्म भएको ठाउँ - रोल्पा (सखी गाविस- ९ रुस्टीगाउँ)।

मस्टालाई भगवान् शङ्करका सेवक वीरभद्रका रूपमा र भवानीलाई महाकालीका रूपमा संस्मरण गर्ने यस क्षेत्रका धार्मिक जनका निमित्त उपर्युक्त मन्दिरहरूले ठूलो सहयोग पुऱ्याइरहेका छन् ।

डा. शर्माले 'कर्णाली प्रदेश : एक बिटो अध्ययन' भन्ने उक्त पुस्तकको पृ. नं. ९५ – ९७ मा जनैका कुरा उठाएर जुम्लातिरका तागाधारी र गैह्रतागाधारी क्षेत्रीका सम्बन्धमा लेख्नुभएको छ । उहाँले 'मस्टका मुख्य उपासकहरू कोको हुन् भनी केलाउने हो भने प्रायः ती क्षत्री वर्गका मानिस छन् । तिनलाई जुम्लाप्रदेशतिर थर (थरी) पनि भन्दछन् । यहाँ क्षत्रीहरूलाई हेर्दा तिनीहरू जनै लाउने परम्परालाई विशेष ध्यान नदिने खालका छन् । ..... क्षत्री समूहलाई यी सब कुराको उति ज्ञान छैन । यो सबै भएको उनीहरूको अनभिज्ञताले हो । बाहुन ठकुरीको शिक्षित समुदायले अपौराणिक देवलाई पौराणिक रूप दिन खोजेकाले हो ?' मस्टो, भवानी, भैरव, क्षेत्रपाल, भूत, भ्योर आदिलाई यस क्षेत्रका मानिसहरूले मान्नु पौराणिक देवताहरूभन्दा अपौराणिक देवीदेवताहरूलाई मान्नु संस्कारको प्रतीक हो भन्ने आशयले लेख्नुहुने डा. शर्माले उल्लेख गरिएका उपर्युक्त शैव र शाक्त मन्दिर र उल्लेख हुन बाँकी अन्य अनेकौं वैष्णव मन्दिरहरूको उद्घाटन, पूजन एवम् अर्चनाले आफूले चाहेको उत्तर पाएको हुनुपर्छ ।

डा. शर्माले सोही पुस्तकको आफ्नो बेग्लै लेखमा 'मध्य नेपाल र पूर्वी नेपालका कतिपय क्षत्रीहरूका कुलदेवता 'बारा मस्टा' छन् । यसलाई धेरै व्यक्तिले अड्कल लगाई वराह र मस्टको संयुक्त नाम ठह्-याउँछन्, तापनि १२ भाइ मस्टको अपभ्रंश हो जस्तो लाग्छ । यसबाट मस्ट सम्प्रदाय पश्चिमी नेपालबाट मध्य र पूर्वी नेपालमा बढेको स्पष्ट देखिन्छ' भनी मस्टाको सन्दर्भमा वराहको कुरा उठाउनुभएको छ । यस कुरालाई राम्रो पक्ष (अनुसन्धनीय) बाट हेरिन्छ ।

पङ्क्तिकार (देवकोटा) को दाङ जिल्लाको तुलसीपुरबाट प्रकाशित हुने सीमारेखा (साप्ताहिक) मा 'पाणी भुवन नगरी : अतीतदेखि वर्तमानसम्म' भन्ने आलेख वि. सं. २०५४/१०/२ देखि २०५५/७/२६ सम्म धारावाहिक रूपमा (३८ औं लेखमाला) छापिएको छ । यसै क्रममा दाङ जिल्लाको त्रिभुवननगर नगरपालिका वडा नं. ७ सेवार वनगाउँस्थित 'वराहदेव मन्दिर' को ऐतिहासिक विवेचना गर्ने सन्दर्भमा राप्ती

अञ्चलका विभिन्न भेगका वराह मन्दिर, यहाँ भन्ने गरिएका १२ भाइ वराहका नाम र उनीहरूकी बहिनीका रूपमा स्थापित बहिनी वराहका नाम यी पङ्क्तिकारबाट स्थानीय विभिन्न व्यक्तिसँग सोधपुछ र खोजीखबरीका आधारमा यहाँ नाम र ठाउँ छुट्याउने काम भएको छ । राप्ती अञ्चलका विभिन्न भागमा पाइने १२ वराह, बहिनी वराहका नाम र वराह मन्दिरहरू यसप्रकार छन् –

१) वराहदेव मन्दिर - दाङ
२) रेहार वराह मन्दिर - दाङ
३) वराहदेव मन्दिर - दाङ
४) वराह मन्दिर - दाङ
५) वराह मन्दिर - दाङ
६) जलजला वराह मन्दिर - रोल्पा
७) कैला वराह मन्दिर - रोल्पा
८) वराह मन्दिर - रोल्पा
९) वराह मन्दिर - रुकुम
१०) वराह मन्दिर - सल्यान
११) वराह मन्दिर - प्युठान
१२) वराह मन्दिर - प्युठान
१३) वराह मन्दिर - प्युठान
१४) वराह मन्दिर - प्युठान
१५) वराह मन्दिर - प्युठान

(मिति २०५५/५/१८ मा प्रकाशित लेखमाला – ३२)

यसै गरी उक्त पत्रिकामा २०५५/६/१ मा प्रकाशित यी पङ्क्तिकारकै लेखमाला- ३४ मा राप्ती अञ्चलमा बहुप्रचलित एवम् बहुपूजित '१२ वराह' र 'बज्यू वराह' का नाम खोज्दै जाँदा १२ ठाउँमा १६ वटा वराहका नाम भेटिएका छन् । अझै खोजी गर्ने हो भने भविष्यमा कतिवटा नाम भेटिने हुन्, त्यो भविष्यको गर्भमा छ । हाल प्राप्त ती वराहका नाम यसप्रकार छन् –

१) कैलु (जेठो)
२) गामालेखी वराह (माइँलो)
३) सेतु वराह (साइँलो)

४) लाटु वराह (काइँलो)
५) भीरखानी वराह (राइँलो)
६) हाँसु वराह (ठाइँलो)
७) चित्रलेखी वराह (अठाइँलो)
८) पीनालेखी वराह (पठाइँलो)
९) सुताकीटी वराह (रठाइँलो)
१०) भैरव वराह (झटाइँलो)
११) भेडालेखी वराह (कठाइँलो)
१२) एग्ला वराह (कान्छो)
१३) हलौरे वराह (थप)
१४) भूमिथान वराह (थप)
१५) बज्यू वराह (बहिनी) थप
१६) रानीबज्यू (सिद्धबज्यू बहिनी) (भतिजी) थप

पश्चिम नेपालका अरू भागमा राप्ती अञ्चलमा बढी प्रचलित १२ भाइ वराह देवता र वराह मन्दिरहरूको खोजी गर्दै जाँदा यहाँ १२ बाट बढेर वराहका नाम १६ वटा पुगेका छन्। तीमध्ये उपर्युक्त नं. १५ र १६ भित्रका वराह पुरुष नभई महिला वराह हुन् भनिएको छ। बज्यू वराह र रानीबज्यू वराह ती वराह (भाइ पहिली) की बहिनी हुन्। उपर्युक्त सम्पूर्ण वराहको मूल थलो राप्ती अञ्चलका रोल्पा र रुकुम जिल्लाको सीमानामा पर्ने सुन्दर सिसो हिमालका काखमा अवस्थित 'जलजला' भन्ने ठाउँमा हो भन्ने भनाइ यहाँ पाइन्छ।

जुम्ला क्षेत्रमा पाइने उपर्युक्त नं. ४६ को भैरव (भैरँ) मस्टो नं. ४७ को सिद्ध मस्टो र नं. ९२ को कैली मस्टाका नामसँग राप्ती अञ्चलमा पाइने उपर्युक्त कैली (कैलु) वराह, नं. १० को भैरव (भैरुँ) वराह र नं. १६ को सिद्ध वराह (सिद्धबज्यू)का नामले मेल खाएका छन्। तर राप्ती अञ्चलका सिद्ध वराह (सिद्धबज्यू) पुरुष (दाज्यू) को गणनामा नलिई महिला (बहिनी) को गणनामा लिइएको पाइन्छ।

कर्णाली, सेती, भेरी र महाकाली अञ्चलतिर १२ को सङ्ख्यालाई सांस्कृतिक सन्दर्भमा मस्टाका दाज्यूभाइतिर र राप्ती अञ्चलतिर १२ को सङ्ख्यालाई वराह दाज्यूभाइतिर लिइएको पाइन्छ। यी सबै ठाउँमा मस्टा वा वराहका नाम लिँदा ठ्याक्क १२ वटा भाइको उच्चारण गरिनुले यी

पाँचै अञ्चलका स्थानविशेषले कतै मस्टो र कतै वराहका नाम लिइए पनि मस्टो र वराह लोकव्यवहारमा समान मर्यादाका सूचक रहेछन् भनेर सहजै अनुमान गर्न सकिन्छ । तर, मस्टाहरू भगवान् देवाधिदेव महादेवका प्रतिमूर्ति हुन् भने वराह भगवान् विष्णुका प्रमुख १० अवतारमध्ये तेस्रो अवतार हुन् । मस्टालाई शैव र वराहलाई वैष्णव रूपका मानिन्छ । भगवान् शङ्करका अनेकौं नाम भए पनि मस्टाका सन्दर्भमा कैलाश, जगन्नाथ, भैरव, शम्भु, महाबै, महाद्यो, रुद्र, महारुद्र (उपर्युक्त नं. ३९, ४१, ४६, ५७, ६४, ६६, ८१, ९६) आदि नामले भगवान् महादेवका गतिविधिसँग प्रत्यक्ष-परोक्ष सम्बन्ध राखेकै पाइन्छ । हाम्रा मस्टा, भ्वानी र वराहहरूको पौराणिक मान्यतालाई चटक्क बिर्सेर 'कर्णाली प्रदेशका मानिसहरू यस्ता अपौराणिक देवतालाई किन मानिरहेका छन् ?' भनेर औंलो ठड्याउने हाम्रा लेखकहरूप्रति टीठ लागेर आउँछ ।

५. भेदोपभेदभित्रका मस्टाका स्वरूप र एकीकृत मस्टाका वाहनहरू :

५.१ ने. रा. प्र. प्र. द्वारा २०५१ मा प्रकाशित 'प्रज्ञा' (५१ – १) मा प्रकाशित यस पङ्क्तिकारको मस्टासम्बन्धी लेखमा मस्टाका उपर्युक्त भेद, उपभेदभित्रका केही मस्टा (क्षेत्रपाल, द्यौता पनि भनिने) का स्वरूपबारे थोरबहुत चर्चा गरिएको छ । सो पत्रिकाको आफ्नो लेखको टिप्पणी यहाँ यसरी गरिएको छ –

क) मस्टालाई पाण्डवको अवतार हो भन्ने एकथरि मत पाइन्छ ।

ख) विष्णुगादीबाट राजा, राजागादीबाट इन्द्र, इन्द्रगादीबाट १२ भाइ मस्टाले क्रमशः भाग पाएका हुन् भन्ने भनाइ छ ।

ग) खापर मस्टालाई स्वर्गका राजा इन्द्रका छोरा भनिएको छ ।

घ) १२ भाइ मस्टामध्येका सबैभन्दा कान्छा बाबिरा मस्टालाई जग्गाको अधिपति (भूमिपति) भनी पुकारिन्छ ।

ङ) गुरो मस्टोको भगवान् शङ्करसँग प्रत्यक्ष सम्बन्ध छ भनिन्छ ।

च) कैलाश देवता (मस्टा) लाई पनि जग्गाको अधिपति भन्ने गरिन्छ । कैलाश शब्दले महादेवसँग सम्बन्ध राखे पनि कैलाशको स्थानमा बलि चढाइन्छ ।

छ) जगन्नाथ एउटा बाठो बाहुन हो । तात्कालिक रास्कोटी राजासँग आफ्ना भाइसँगको जग्गा मुद्दामा न्याय नपाई सेरिएर मरेपछि जगन्नाथ नामको व्यक्ति द्यौता भई औतेका

हुन् । यिनको मूल थान कालिकोट जिल्ला बारबीस दराको पाम्र गाड (पाम्रेसाँघु) देखि अलि माथिल्लो ढुस्का (ढिस्का) मा छ ।

ज) महाबै (मह्नाबु) मस्टो (द्यौता) ब्राह्मण कुलमा जन्मेको एउटा बालक हो ।

झ) मस्टो शब्द संस्कृतको मस्तक शब्दसँग मिल्दोजुल्दो भएको र हाम्रो सगरमाथालाई स्वर्ग छुने मस्तकजस्तै भनिएर स्वर्णमस्तकबाट अपभ्रंश हुँदै 'सगरमाथा' भएजस्तै राक्षससँग लड्न मस्टाहरूले सर्वप्रथम आफ्नो शिर अगाडि सारेकाले संस्कृतको 'मस्तक' शब्दको अपभ्रंश भएर 'मस्टो' हुन गएको हो भन्ने आधार बलियो छ ।

५.२ 'कर्णाली प्रदेश : एक बिटो अध्ययन' नामको पुस्तकको पृ. नं. ९४ – १०० मा मस्टोसम्बन्धी लेखका लेखक डा. प्रयागराज शर्माले लेख्नुभएको मस्टाका भेद र उपभेदभित्रका केही कुराको टिप्पणी यसरी गरिन्छ –

क) पाड्या मस्ट पनि मस्टामध्येको प्रख्यात हो । पाड्या मस्टको भेदमा दूधे मस्टको नाम लिइन्छ । यी दुईमा एकले पाठो स्वीकार्ने र अर्काको दूध मात्रै खाने विश्वास गरिन्छ । पाड्या र दूधे मस्टका थान दुल्लु र दैलेखतिर ज्यास्ती भेटिन्छन् । दाड्या मस्ट जुम्लामा पनि नभेटिने होइन । दुल्लुतिर पाड्या मस्टका कतिपय थानमा पाठाहरूलाई धामीले दाँतले छिनाल्छ भन्दछन् ।

ख) थार्प मस्टलाई लिएर मैले यस्तो उक्ति सुनेको छु – 'जहाँ क्षत्रीको छाइलो, त्यहाँ मेरो (थार्पमस्टो) पाइलो-पाइलो ।'

ग) मस्टाका उत्पत्तिसम्बन्धी कथा धेरै छन् । यिनीहरूमा जेठा-कान्छाको क्रम पनि देखाइन्छ । यिनले यिनका गुण किल्कीले उक्तिहरू पनि खुब भनिन्छन् । उदाहरणका लागि 'बुडो बुड्याइयो, थार्पा थर्पाइलो, कब कजाइलो, ढँडार रजाइलो ।'

घ) विभिन्न मस्टलाई पाण्डवको अवतार पनि भनियो । त्यसै गरी खापरलाई इन्द्रको छोरा भनेको पनि सुनें ।

ङ) बाबिरोलाई वामदेव गोत्र दिएको पनि सुनें ।

च) पश्चिमी नेपालमा मस्टसमान अरू देव पनि छन् र अरू तिनका अनुयायी पनि प्रशस्त छन् । यिनी नामले मस्ट नकहलाए पनि यिनको पूजा पद्धति वा अरू सबै रीतिथिति मस्टासरह नै छ । यस्ता अमस्टदेवमा दुई प्रसिद्ध नाम हुन्, गुरो र कैलाश । यी दुवै न्यायका देव मानिन्छन् । गुरोलाई जग्गामा कसैलाई अन्याय वा बेइन्साफी भयो भने गुहारिन्छ । यो देवलाई ईश्वर र गौराको छोरो भनिएको छ । देवकीपत्नी नाथमाला र तिनको छोरालाई काशीनाथ भन्दछन् । यसबाट गुरोको शिवसँग सम्बन्ध देखिन आउँछ । दुई अन्य देवहरू महादेव र महारुद्र नाम भएका पनि छन् । कैलाश नाम पनि शिव सम्प्रदायसँग मिल्दछ । तर यी देवहरू शुद्ध शिवकै रूप हुन् भन्न गाहारो पर्दछ । यिनीहरूको उपासनापद्धति मस्टसरह नै छ । यिनका थानमा रगत चढ्दछ । यिनका मूर्ति छैनन् ।

छ) अर्को उल्लेखनीय देवथान हाटसिन्जा (जुम्ला) देखि केही पूर्वतिर लेकपर भन्ने गाउँको लामाज्यूको छ । वास्तवमा यो थान लामा-विष्णुका संयुक्त थान हो । एउटै धामीलाई आलोपालो गरी लामा र विष्णु आउँछन् । तर यी दुईमा मुख्य देव लामाज्यूको हो भन्ने कुरा यिनको कथा आदिबाट थाहा हुन्छ । त्यस देवको रोचकता यसको पौराणिक देव विष्णुसँग भएको सम्बन्धबाट देखिन्छ । लामाज्यू भोट (मुगु जिल्लाको भोटे क्षेत्र) बाट आएर सिन्जामा आफ्नो बास बनाउँदै सिन्जा दरबारमा राजा जालन्धरी (ऐतिहासिक नाम होइन, राज्य गर्दथ्यो) सँग बस्तथे ।

ज) आत्महत्या गरी मरेका र फेरि औतिएका देवलाई यतातिर पितर (पितृ) भन्दछन् । यस कोटिका देवमा देउतीका थान यत्रतत्र प्रशस्त भेटिन्छन् । कुनै दुःखमा परी आत्महत्या गरेर मरेकी बाहुनीहरू फेरि प्रकट हुँदा तिनलाई पूजा गरी क्षमा गर्न यस्ता थान बनाइन्छन् । यसका अतिरिक्त गाउँगाउँमा पुजिने अर्को देव हो भयौर । यो भूमि र कृषिसम्बन्धी देवता हो । त्यसै गरी अर्को एउटा लाग्ने भुइँया पनि हुन्छ ।

५.३ कर्णाली लोकसंस्कृति जनजीवन (खण्ड - ३) को पृ. नं. ९६-९७ मा 'धार्मिक परम्परा' का सन्दर्भमा लेखक विहारीकृष्ण श्रेष्ठले मस्टाका वाहनबारे केही कुरा लेख्नुभएको छ । ती कुरा यसप्रकार छन् –

क) 'मस्टाका शक्तिहरूमा १२ भाइ मस्टा र ९ दुर्गा भवानीको साथसाथै प्रत्येक मस्टासँग सम्बन्धित वाहनहरू पनि हुन्छन्, जसले मस्टाको आदेश कार्यान्वयन गर्दछन् । उदाहरणार्थ बुडू मस्टाका वाहनहरू हुन् फुटासिली, भन्या, लाप्के र छ्यढुस्का । त्यस्तै गरी ढँडार मस्टाका वाहनहरू चौपचुल्डी, लोडेसिमी, सिमादुलो र निलाग्र हुन् । यी वाहनहरू विभिन्न रूपले हिँड्छन् । छ्यढुस्का वानरको रूपले हिँड्छन् । छ्यढुस्का, फुटासिली ठाउँका नाम पनि हुन् । चाँपचुल्ठी मुगाल भोटेको रूपले हिँड्छ । लोडेसिनीले बनेलको जुनी, सिपादुल्योले बाघको जुनी र निलाग्रेले राक्षसको जुनी लिएका हुन्छन् । ठाउँठाउँमा ती वाहनहरूलाई कालगो पनि पुजेको हुन्छ ।'

ख) स्थानीय जनता सबै मस्टाहरूलाई पुज्दैनन् । कुनै एक मस्टाको कुनै एक कुलसँग सम्बन्ध हुन्छ । तसर्थ कुलका सदस्यहरूले आफूहरूले मान्ने मस्टालाई कुलदेवताका रूपमा जनाउँछन् । तर आवश्यक परेको बेलामा आफ्नो कुल बाहिरको मस्टोलाई पनि पूजा (सिक) चढाउन पठाउँछन् ।

५.४ ने. रा. प्र. प. द्वारा २०५१ मा प्रकाशित प्रज्ञा २०५१ (क) मा प्रकाशित यस पङ्क्तिकारद्वारा लिखित मस्टोसम्बन्धी लेखमा छापिएका र हाल सङ्कलित मस्टाका वाहनहरू यसप्रकार छन् –

१)	ढँडार मस्टो	- धेल्याया (चाँप चुल्ठी), लोडेसीमी, सिमादुलो, निलाग्रे
२)	कवा मस्टो	- सीमैल्या, पर्भिगाड्या, पौचै, छडीघडी, फुटासिली र कात्या
३)	बुडू मस्टो	- फुटासिली, कालढुङ्गी, पौक्या, भान्चा, लाप्के र छयढुस्क्या
४)	थार्प मस्टो	- लामकान्या, गुम्द्यो, गाइँगोया, गुमद्यो ।
५)	गुरो मस्टो	- समाइज्यू, भूवाँर
६)	खापर मस्टो	- भुसकुट्न्या, पचालो

७) बाबिरा मस्टो - घामगाडी लाटी, गोठ्याल, धानचडी, हानिखोला
८) सुनारगाउँ मस्टो - धानिखोला, लाटी, धामगाडी
९) उखाडी मस्टो - भूयाँर, डुंड्या भूयाँ, लौडीसीम्या
१०) लाँकुडो मस्टो - अभ्यारवादी
११) बान्नी मस्टो - रनकाना, जिबर्की
१२) बाँसकोट्या मस्टो - थैली खोल्या, नील दह
१३) दाड्या मस्टो - सुकाखोली ।

५.५ साझा प्रकाशनद्वारा २०४६ सालमा प्रकाशित पङ्क्तिकारद्वारा लिखित 'कर्णालीको अथ-इति' पुस्तकको पृ. नं. १०६-१२१ मा छापिएको मस्टो र भूतप्रेतसम्बन्धी लेखमा यहाँ समाजमा प्रचलित भूत-भूयाँरका कुराबारे विस्तृत विवेचना गरिएको छ । त्यसमध्ये केही कुरा यिनै हुन् –

क) कर्णाली अञ्चलमा काठमाडौँतिरको नेवारी समाजमा पाइने मुलुकता ख्या, अगतिको ख्या आषि ख्या, ख्याक र किचकन्नीहरू पाइँदैनन् । यहाँ मानिसहरू माटोलाई 'राउन्या ऽऽ मासे (रावणको) भन्ने गर्दछन् ।
ख) यहाँ राक्षसलाई 'रागस' भन्ने चलन छ । जति खान दिए पनि नअघाउने मानिस वा पशुवस्तुलाई त्यस्तो रागससँग तुलना गरिन्छ । यहाँ यस्ता रागस, भूतप्रेत, डङ्किनी, कप्टिनी र बोक्सिनीहरूलाई समष्टि रूपमा बोलाउँदा 'भ्याउन्या' (डर देखाउने) भन्ने गरिन्छ । यहाँका यस्ता भ्याउन्या-तर्स्याउन्याहरूको वर्गीकरण गर्दा यस्ता नामका भ्याउन्याहरू पाइन्छन् –

१) रागस - जति खान दिए पनि नअघाउने स्वभाव
२) भूत - कंस, रावण र भस्मासुरका जस्तो व्यवहार गर्ने
३) भ्याउन्या - भ्याउन्या (अस्वाभाविक रूप देखाएर तर्साउने)
४) मुसान्या - मसानघाट, दोभान र नदीकिनारमा पाइने
५) खोल्या - खोल्या (खोला, तलाउ, पोखरी आदिमा बस्ने)
६) वायु - हावाजस्तो भएर शून्य आकाशमा उड्ने
७) कप्टिनी - खानेकुरामा कपट मिसाएर खुवाउने
८) डङ्किनी - बसाउठी र कुराकानीबाट बेहोस बनाउने

९) बोक्सिनी - खराब चीज प्रयोग गर्न दिएर स्वास्थ्य बिगार्ने
१०) दानुवा - दानवको जस्तो अरूको अहित गर्ने
११) पीत्त - अकाल मृत्यु भई मर्दा देवयोनि नपाएको
१२) पुड्याना - (अकाल मृत्यु भई मर्दा पितृयोनि नपाएको)
१३) भुयाँर - (पितृका जस्तो शुद्ध पिण्ड पानी नपाएर शुद्ध पहेँला वा काला अक्षता पाउने प्रेत)
१४) भान - (मस्टो भवानीको वाहन भएर डुल्ने)
१५) छा ऽऽ (छाया) - (छायामा परिणत भई डुल्ने)
१६) द्यौता - (मस्टो, क्षेत्रपाल र देवताको रूप)
१७) द्यौती वा बज्यू - (अकाल मृत्यु भएर मरेकी आइमाईले धेरै वर्षपछि आफूले मन पराएको कुनै मानिसमाथि धामीका रूपमा काँपेर दैवी शक्ति देखाउने महिला)

ग) यी भ्याउन्या बर्साउनेहरूले स्थानीय मानिस (खास गरी ग्रह-दशा लागेका) हरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने उद्देश्यले कुनै पनि बेला यसो मौका पारेर भियाउने, तर्साउने, झम्टिने, लट्याउने, छाया लाग्ने र अकस्मात बिरामी पारिदिने गरेको पनि कतैकतै पाइन्छ। ती प्रभाव यसप्रकार छन् –

१) बिहान, साँझ वा राति आँखाअगाडि झ्याम्टो देखिने।
२) खेत, बारी, माटो, वनजङ्गलमा दोछाया पर्ने ठाउँमा तर्साउने।
३) थाङमाङ्ने कालो घोच्या लुगा लगाई देखिने।
४) अँध्यारो रातमा बाजा बजाएर हिँड्ने।
५) सङ्क्रान्ति, चतुर्दशी, औंसी, पूर्णिमामा वनपाखामा झल्याकझुलुक आगाको राँको बालेर हिँड्ने।
६) रात – आधा रातमा घरको आँगन वा घरको छतमा ठूलो आवाज आउने गरी धुम्को दिएर हिँड्ने।
७) राति बिस्तारामा सुतेको बेला बोली बन्द हुने गरी एक्कासि जिउ अँठ्याई यताउति चल्न नदिने।
८) साँझ-राति ओढाएर, गुफा, कन्दरा, खोला, बगर, नदी किनार र दोभानमा कसैबाट भयभीत भएर सुरक्षाको माग गर्ने।
९) नदी, बगर र खोलाका दोभान वा किनारमा राति नाङ्गै भएर आगो बाली नाच देखाउने।

१०) खेतबारी र वनपाखामा हिँड्दा, साँघु, पुल वा खोला तर्दा एक्लै दोक्लै पारेर नजानिँदो किसिमले तर्साउने केही कुराको भ्रम पार्ने, छाया लाग्ने आदि ।

६. मस्टो, भवानी, कालिका, मालिकासम्बन्धी प्रकाशित पडेली, भारत, चैत, धमारी गाथा आदिको उद्धरण :

६.१ सुदूरपश्चिमाञ्चल विद्यार्थी समिति (सु. प. वि. स.) द्वारा २०२८ सालमा काठमाडौँमा प्रकाशित यही पङ्क्तिकारको प्रधान सम्पादकत्वमा सम्पादित मालिका (पहिलो साहित्यिक उपहार, सामयिक) मा यही पङ्क्तिकारको 'धामीको पडेडीमा मस्टाको ऐतिहासिक पूर्वदृष्टान्त' भन्ने एउटा लेख छापिएको छ । प्रस्तुत आलेखलाई बढी प्रामाणिक, आधिकारिक र विश्वस्त बनाउने उद्देश्यले उक्त पत्रिकाको पृ. नं. ५७ – ६१ सम्मको पाठ यहाँ उद्धृत गरिन्छ –

क) २०२८ साल जेठ १५ गते पङ्क्तिकारको जुम्लाको घरमा धमेलो भएको थियो । पञ्चौली गरिदिने काममा जुम्लाको बाबिराका धामी तुलाराम निम्त्याइएका थिए । घरको मैडामाथि लिपपोत गरी धामीको आसन र द्यौताको गादी बनाइएको थियो । नजिकै घौट, घंट र शङ्ख राखिएका थिए । हेराउन-कोराउन गर्नेहरू हातमा फूल-चावल लिएर बसेका थिए । धामी गोडा धोई आफ्नो आसनमा बसी निकै घोटिएका थिए । घौट, घण्ट, शङ्ख, भौगल, पाठ, पूजाको आवाज बढ्दै जाँदा धामी आफ्नो आसनमा चट्ट उफ्रँदा धामीमा देउता आएको महसुस भयो । धामीले बाबिरा मस्टाको पडेली सुरु गरे । धामीको अनुमति लिएर पडेली टिप्न बसेको यस पङ्क्तिकारको कलमले धाराप्रवाह हरूमा चलिरहेको धामीको पडेलीको पौडमा कलमले भेट्टाउन सकेन ।

यस लेखकसँग त्यस बेला टेपरेकर्डर थिएन, तैपनि यी हातका माध्यमबाट लेखनीले टिप्न सकेका वाक्यहरू यहाँ उद्धृत गरिएका छन् । तर सो पडेलीको तीन भागमा एक भाग मात्र टिप्न सकिएको छ । सो पडेलीको भाषा यसप्रकार छ :

१. पडेली :

क) बार बर्ख ...
तेरो लाग्यो छ

नौ बुइनी बारडोही लुप्का
डूमा ऽऽ घर पस्या छुँ
नौ बुइनी नौखुवा अछाम
सेतीका गाडय
नल धार लि
खोचेरा बर्मैलु
नौ बुइनी खोचेर
हुकुम पायौ
कल्यालका बच्छाय
बूडूका बच्छाय
दार्म ...
गौरीका सीमेनी बस्याछ
बूड्याका टोक्याप
रोख्पा (न्या) छु
जाँचका खोलाण
एक डाँडो आकाश
एक डाँडो पाताल
लड्या जोतीहल्याँ
चार रातका ...
एक थाप्ला साव ठोक्या
दुर्वचन लाप ।

२) लट्ट्या द्यौताको इति (इतिवृत्त) :
क) छापर त्रेता प्रगमा
आपै कन्या आउन्या छ
काजी घट्टालो हुन्या छ
घट्टालो काजी हुन्या छ
कर्नाली सुक्नेर
डोको घो ...
२०२८ सालमा धोक्वा
बुद राजा छ
शनिश्चर मन्त्री छ
२०३० सालमा धोक्या

बडा पाँचै ...
एक छत्त लट्ट्याका
राज हुन्या छ
बार भायउको भ (ढ) लमल
देख्न्या छु
राज वाणी मु ठूलो
२०३१ सालमा
छलफल हुन्या छ
रात छडाई दिन बिताउन्या छ
छापरमा ... शिवशर्मा वेद मुल्या छ
पाँड्या होम मुल्यान्य छ।

बाबिराका तुलाराम धामीको मुखबाट निस्केका उपर्युक्त पडेली र अथ-इतिले केही यिनै कुरालाई बुझाउने प्रयास गरेको छ – मस्टाहरूको मूल स्थान बद्रीनारायणदेखि बझाङको ढँडार, जुम्लाको सिन्जा चौथा, घोडामौला, घाँसओढार, लामाथाडासम्म पुगेका र त्यहाँबाट आफू (बाबिरा मस्टा) छुट्टिएर थार्मान्या, डाँफेको लेक, चेरेचौर, नाओढार, सिंङाचौर, हैतां ठिन्क्याको रूख, सिङाचौर हुँदै बिबिराको सुनढुस्कीमा गई बसेको सामान्य जानकारी मिलेको छ। १२ भाइ मस्टाले ढँडारलाई जेठो र राजा भाइ मारे पनि बुडूलाई बुढ्यौली र कावालाई काजी मान्न गरेका छन्। बद्रीनारायणबाट बझाङको ढँडारमा आएर त्यहाँबाट अरू भाइ मानसरोवरमा गए तर ढँडार मस्टो गएन।

लाँडोकु दाड्या, प्र, पैल्या र गुरो (खुकुर्‍यालाई मस्टा) का रूपमा माने पनि यिनीहरू १२ भाइ मस्टाभित्र पर्दैनन् भन्ने मत पनि यहाँ एकथरिको पाइन्छ। यी १२ भाइ मस्टामध्ये कुनै १ मस्टालाई मान्ने पाली गुरो, जगन्नाथ र महावैको हातबाट बीपो (छापबिदो) माग्दैनन्। गुरोबाट ढिँच्याइ गरी-गरी अरूको भन्दा बाबिराले मस्टाको भाग बढी मागेकाले बाबिरालाई म 'माट्या धनी' भन्ने भावना छ भन्ने आम भावना छ।

६.२ साझा प्रकाशनबाट प्रकाशित हुने गरिमा वर्ष १६, अङ्क ४, पूर्णाङ्क १८४ (२०५४ चैत) मा यस पङ्क्तिकारद्वारा लिखित 'कर्णाली प्रदेशका प्रमुख ९ वटा शक्तिपीठ एक चर्चा' भन्ने लेख छापिएको छ।

बाह्र भाइ मस्टाको गणनाभित्र परेकी नौ दुर्गा भवानी भन्ने गरिएकी देवीमध्ये डोल्पाकी बालात्रिपुरासुन्दरी भगवती, जुम्लाकी कनकासुन्दरी भगवती, सेती र कर्णालीको बीचकी बडीमालिका भगवती समेतकी ९ बहिनी हुन् । उपर्युक्त भवानीहरूमध्ये को जेठी र को कान्छी, को अघि र को पछि स्थापित भएकी देवी हुन् भन्ने कुरामा सो पत्रिकामा जुम्लाको लोकसाहित्यभित्रको एउटा 'गाथा' छापिएको छ । सो गाथा यसप्रकार छ –

छर्काभोट लामाचुम्मा, बडा बस्या ज्ञान
द्यौन द्यौन लामा गुरु ? हामी भाग देऊ
तुमरो भाग दियौ बेलै ?, बाइसै पाटन
ह्वीँरबाठ उठिन् माताज्यू, तिब्रीकोट पौँचिन्
तिब्रीकोट पदर्सादय, आलो छैकि बासी ?
जेठी ब्वैनी तिपुराण, यो (भावार्थ नबुझी छोडेको) भाग
(शब्दार्थ नबुझी छोडेको) हुइँर बसिन्
हुइँरबाट उठिन् माता, मोन्यामाति पौँचिन्
ठिन्च्या ज्यूला पर्सादय, अलो छैकि बासी ?
द्यौन द्यौन गुरु लामा ?, हामी भाग द्यौन
ह्वीँरबाट उठिन् माता, लामाथाडा पौँचिन्
सिन्जाखोला तल हबूर, झुराई बास्या काग
ह्वीँरबाट उठिन् माता, सुनढुस्की पुगिन्
सुनढुस्कीका पर्सादय, आलो छै कि बासी ?
ह्वीँरबाट उठिन् माताज्यूले, नै खुवा अछाम
अबो हेरिन् माताज्यूले, माली (?) जस्तो ज्यूलो
ह्वीँरबाट उठिन् माता, बडीमालिका पुगिन् । इत्यादि ।

हालको कर्णाली अञ्चलको डोल्पा जिल्लाको भूभागलाई पहिले तिप्रीकोट बरा भनिन्थ्यो । यस बराभोटानलाई बारा पनि भन्ने गरिन्थ्यो । यस डोल्पा जिल्लाका २३ वटा गाविसमध्ये तिन्जे, साल्वाङ, मुककोठ, छार्काभोट, भिजेरर, फोकसुन्धो गाविसहरू यस जिल्लाका अत्यन्तै विकट भोट क्षेत्रमा पर्दछन् । यो जिल्ला पहिले माथिभोटान, मध्यभोटान र तालिभोटान गरी ३ भागमा बाँडिएको थियो । यो छार्काभोठ माथिभोटानमा र त्रिपुरासुन्दरी भगवतीको मन्दिर मध्यभोटानको कोठगाउँमा छ ।

प्रस्तुत गाथाको सुरुमा उल्लिखित छार्काभोठ भनेको उही छार्काभोट हो । यसै ठाउँमा लामा चुम्मा बौद्ध लामा गुरु ज्ञान गर्न बसेका थिए । एकजना महिलाले ती लामा गुरुसँग गई दाज्यूको नाता जोडेर आफ्नो भाग मागिन् । ती लामाले उनलाई तिमी बाइसपाटनमा बस्नू भन्ने भाग दिए । त्यहाँबाट उनी (बहिनी) तिप्रीकोटमा त्रिपुरासुन्दरी देवीको नामले प्रख्यात भइन् । त्यहाँबाट उनी मोरेयानी (डोल्पा र जुम्लाको बीचको लेक), त्यहाँबाट ठिन्केज्यूला (हालको जुम्ला जिल्ला असी दरा चन्दननाथ गाविस वडा नं. २) छिनासिम (जुम्ला जिल्लाको सदरमुकाम छिनासिम-चौघान-खलङ्गा बजार), लामाथाडा (जुम्ला सिन्जा दरा कनकासुन्दरी गाविसको कनकासुन्दरी भगवती मन्दिर), सुनढुस्की (जुम्ला पानसपवरा तातोपानी गाविसस्थित बाबिरा मस्टाको थान) नौखुवा अछाम हुँदै बडीमालिकाको लेकमा पुगेर स्थायी आश्रम गर्न थालिन् ।

यसरी देवी भगवती छार्कामोठ - तिप्रीकोट - मौरेकालेक - ठिन्केज्यूला - छिनासिम - लामाथाडा - सुनढुस्की - नौखुवा अछाम हुँदै बडीमालिकाको लेकमा पुगेर आसन जमाएको कुरा उपर्युक्त गाथाले मार्गदर्शन गरेको छ ।

६.३. ने. रा. प्र. प्र. द्वारा २०४१ सालमा प्रकाशित भेरी लोकसाहित्यका लेखक एवम् सङ्कलक पूर्णप्रकाश नेपाल 'यात्री' को पुस्तकले पश्चिम नेपालको लोकसंस्कृतिको परिचय दिनमा निकै सहयोग पुऱ्याएको छ । उक्त पुस्तकको पृ. नं. ३७, ३८, ३९ मा मालिका भगवतीको उत्पत्तिका बारेमा राम्रो विवेचना गरिएको छ ।

क) लेखक 'यात्री' लेख्नुहुन्छ – 'मालिका नामले सम्बोधन गरिने सबभन्दा पूर्वको मालिका बाग्लुङ जिल्लास्थित गहूँस्वारा गाउँमाथिका पञ्चासीमालिका हो । त्यस्तै पश्चिम महाकाली नदीका पूर्वी किनारमा लालु गाउँभन्दा माथिको पञ्चासीमालिका हो । त्यस्तै पश्चिममा महाकाली नदीका पूर्वी किनारमा लालगु गाउँभन्दा माथिको शिखरलाई 'भूरामालिका' भनेको पाइएको छ । ... अघि सिन्जापति जालन्धरी सुनचरी (वि. सं. १३१८ देखि १३४९ सम्मका राजकुमार आनन्द मल्ललाई जालन्धरी मल्ल पनि भन्ने सायद यिनै हुन् वा यिनका दाज्यू प्रचण्डबली सम्राट् जितारी मल्ल हुन्, यो लेखक महाराजका समयमा राजाप्रासाददेखि टड्कारै देखिने गाउँमा उपमन्युगोत्रीय पण्डितको गाउँ

थियो । त्यस गाउँमा एकजना पण्डितकी बिछट्ट राम्री छोरी थिइन् । उनको विवाह गौतमगोत्रीय ब्राह्मण कुमारसँग हुने निश्चय भएको थियो । गुरुपूर्णिमाको दिन गुरुपूजा गर्न जाँदा ब्राह्मण कुमारलाई नदीले बगायो । ती उपमन्युकन्या त्यस खबरले स्तब्ध भइन् र कसैलाई जानकारी नदिइकन सुटुक्क बेपत्ता भइन् । त्यसका केही दिनपछि उनका पितालाई सपना भयो । सपनामा भगवतीले भनिन् – 'तिम्री छोरी मकहाँ छिन्, भेट गर्न आऊ ।'

सपनाको सखेरा लिएर सानोतिनो लावालस्करसहित ती ब्राह्मण आफ्नी छोरीलाई भेट्न गए । त्यो दिन ऋषितर्पणी पूर्णिमाको दिन थियो । मालिका शिखरमा पुग्दा त्यहाँ मानिसको उपस्थिति थिएन, केही शिलाहरू मात्र खडा थिए । शिलाका माझबाट 'अशरीरावाणी' सुनियो – 'म यहाँ छु, आजको दिनमा सालसालै भेट्न आउनू, भलो हुनेछ ।'

त्यस दिनदेखि मालिकामा सालसालै मेला लाग्ने चलन चल्यो । गौतमगोत्रीयहरूले मालिकाको शिला स्पर्श गर्दैनन् । उपमन्युगोत्रीय यात्री जाँदा ज्ञात भएसम्म मालिकाका पुजारीहरूले माइती भनेर ती उपमन्यु गोत्रीय आगन्तुकलाई स्वागत गर्दछन् ।'

यहाँ यो विश्वास गरिन्छ कि असोज पूर्णिमादेखि चैत्र पूर्णिमा मालिका गाई पूर्णागिरी पर्वत (महाकाली नदीको पश्चिमी तटवर्ती भारतीय प्रदेश) मा निवास गर्नुहुन्छ । यस पूर्णागिरीमा सतीदेवीको देब्रे कान पतन भएको उल्लेख स्वस्थानी कथामा पनि भएको छ ।

बडीमालिकाको प्रसिद्धि सोझो हिसाबमा कालीदेखि महाकालीका बीचमा छ भन्दा अन्यथा हुने छैन, तापनि काली (कृष्णागण्डकी हो कि ? – लेखक) र सेतीका बीचमा बढी व्यापकता रहेको छ । यस बीचका प्रत्येक अग्लो शिखर मालिका नामले पुकारिन्छ ।

ख) यहाँ कतै मालिकामाई, कतै मालिकादेवी, कतै मालिका भगवती (भुवानी) अनि कतै मालिका माता भनिन्छ । मालिकागाथाअनुसार जालन्धरी राजा ज्यूनारमा अलमलिएका बखत 'मालिका माता' सुटुक्क हिँडिहालिन् । घरबाट निस्किएपछि नदी किनारमा गएर सुनका गहना जन्तर आदि आभूषण पहिरिएर बस्न लागिन् । सिन्जा छोडियो । सिन्जाखोला छोडेर सर्वप्रथम मानसरोवर गई महास्नान गरेर गयाजी

पुग्दछिन् । गयाजी हुँदै मुक्तिक्षेत्र - ज्वाला क्षेत्र (दुल्लु) हरिद्वार - सुरमा सरोवर - नाचन्ली (बाजुरा) मा चुलेश्वरीसँग आएर आफ्नो जुहारन (पूजन-स्तवन) माग्दछिन् ।

ग) मस्टका गाथा सम्बन्धमा लेखक यात्रीले सेवाकावारा (प्रथम संस्करण) पृ. नं. ७५ बाट उद्धृत गरी 'भेरी लोकसाहित्य' पृ. नं. ३५ मा दिनुभएका ३ पङ्क्ति यसप्रकार छन् –

'पानी पन्यारा फुली झल्या जाबो,
इन्द्रका पुरेतले मस्टो बोलायो
कनले भन्यो छुरी कनले बोलन्थ्यो ?
मेरो गोसाइँ मस्टले भनी बोलायो
तेरो गोसाइँ मस्टसिं राखुंभित्र
मस्टका गाबिरा गौंताकि सिंज ।'

(घ) ने. रा. प्र. प्र. द्वारा २०२७ सालमा प्रकाशित प्रदीप रिमालद्वारा सङ्कलित एवम् लिखित 'क. लो. सं.' खण्ड ५ का पृ. नं. ५, १४, १५, १७, ३६ बाट उद्धृत गरी श्री 'यात्री' ले 'भेरी लोकसाहित्य' (२०४१) को पृ. नं. ३५-३६ मा उल्लेख गर्नुभएको छोटो रूप यसप्रकार छ –

'अहैनी ? नैरेनी ?
बरैकका टोल्यैन ? खरल्ली काटिदेऊ मुडुल्ली बनाइदेऊ
पानीका सामल, बतासका पैरन, काँढाका ओछ्यान, ढुङ्गाका सिरान
अहैनी ? नैरेनी ...
जडा काटी माङ तुमाखु टुप्पाको सूरती रे
बाह्र भाइ मैठाकन चढाउँला मूर्ति रे
दूध पडे सामलिप, तर पडे केश
हँउ गोसाइँ मस्ट देव पुतलीका भेष'।

ङ) प्रस्तुत मस्टो र भवानीका सन्दर्भमा विस्तृत अध्ययनार्थ अनुसन्धानकर्ता श्री 'यात्री' द्वारा सङ्कलित सम्पादित एवम् लिखित 'भेरी लोकसाहित्य' भित्रका निम्न पाठहरू मनन गर्न आवश्यक छ –

१) बडीमालिकाको धमारी — पृ. नं. ८६-८९
२) देवताको मागल — पृ. नं. १०६-१०७

३) षष्टिका (छैंटीको) मागल १ पृ. नं. १२०
४) देवताको मागल पृ. नं. १३८-१३९
५) देशान्तर जाँदाको मागल २ पृ. नं. १४४-१४५
६) विवाह मागल ७ (दुलाहा सिँगार्दाको) पृ. नं. १६२
७) विवाह मागल ७ (मण्डप प्रवेश गर्दाको) पृ. नं. १६२
८) बधूप्रवेशको मागल पृ. नं. १७७
९) लोखाडी भएको चैत पृ. नं. १९९-२००
१०) बालाराजा काशीरामको भारत पृ. नं. २०१-२२१
११) जितारी मल्ल जालन्धरी मल्लको गाथा पृ. नं. २२२-२३८
१२) राजा जितारी मल्ल जालन्धरी मल्लको भारत पृ. नं. २३९-२४८
१३) राजा संसारी वर्माको धमारी पृ. नं. २५७-२५८
१४) पञ्चैबाजाका वाद्यवादनको अनुद्भिन्न वालिका पृ. नं. २७१-२७५
१५) पाँच पाण्डवको चुट्किलो पृ. नं. २७६-२७७

इत्यादि ।

च) मस्टाको धामी गादीमा बसेर बडेली पर्दा र बिहे-व्रतबन्ध गर्दा बाहुनले यज्ञमण्डपमा रेखी हाल्दा भनिने यस माङ्गलिक उच्चारणले पनि देवताको गादी कस्तो हुँदो रहेछ, सोको अध्ययन गर्न सजिलो हुनेछ –

१) बिछ्याउनीमाथि रेशमेकी गादी
रेशमैकी गादीमाथि पटम्बरकी गादी
पटम्बरकी गादीमाथि कौशऽम्वासनीय
कौशडम्बैकी गादीमाथि मोतीका लहराय
मोतीका लहरामाथि मैठादेउ चल्या ।

२) धूपै र बाती पुजै र पाती अवरीय
कहाँ ल्यायौ बिछ्याउनी ?
बिछ्याउनीमाथि रेशमैकी गादी
मैठा देउ चल्या गनपति (गणपति) चल्या ... ।

३) चन्दैकी रेखी मेहदीकी रेखी
दशै र वामन (बाहुन) चल्या देवै र पाठ चल्या

मैठा देउ चल्या सुब्बल (क्षेत्रपाल) चल्या
हैंत गैंछ घरिना काज्ज कम्म (कार्य, कर्म)
वामन बोल्या स्वस्ति र शान्ति
मैठा देउ बोल्या स्वस्ति र शान्ति
मैठा देउ बोल्या स्वस्ति र शान्ति
सुब्बल बोल्या स्वस्ति र शान्ति ।

छ) उक्त पुस्तकको पृ. नं. १२० मा उल्लिखित षष्टिका मागल - १ ले मस्टदेउ र मालिकाको संस्मरण गराइरहेको छ । सो मागलका केही पङ्क्ति यसप्रकार छन् –

'… … … … … … … … … …
… … … … … … … … … …
यस घरका मस्ट देव तमी दाहिना भया
यस गाउँका सीमे-भूमे तमी दाहिना भया ;
यस गाउँका क्षेत्रपाल तमी दाहिना भया
जगनाथ दाहाल (रुमाले मस्टो) देवता तमी दाहिना भया
ज्वालाक्षेत्र पञ्च ज्वाला तमी दाहिना भया
सातै बहिनी मालिभाइ तमी दाहिना भया
जैका घर बालो बालो तपियो (जन्मियो) उहका घर सुन भरियोस्
सुनढीकी (सुनको ढुकुटी) सुनथाक (सुनको राशि) खेली बढी
लाख वरिष (वर्ष) बाँच तमी हाम्रा प्यार नाना भाउव (सानो भाइ)'

ज) उक्त पुस्तकको पृ. नं. २३९ मा उल्लिखित 'राजा जितारी मल्ल, जालन्धरी मल्लको भारत' का केही पङ्क्ति यसप्रकार छन् –

'दाहिना भया दाहाल देवता हो …
दाहिना भया पमामै देवता हो …
दाहिना भया गाथै देवता हो …
दाहिना भया पञ्चकोशी पञ्चज्वाला हो …
दाहिना भया सातै बहिनी कालिका हो …
दाहिना भया सातै बहिनी मालिका हो …'

६.४ वि. सं. २०३२ सालमा प्रकाशित योगी नरहरिनाथद्वारा लिखित 'हाम्रो देशदर्शन' नामक पुस्तकको पृ. नं. ४० देखि ९५ सम्मका

भेरी, कर्णाली, सेती र महाकाली अञ्चलका सन्दर्भमा मस्टा, मालिका र मालिकाका सन्दर्भमा धेरै कुरा लेखिएका छन्। तीमध्येको केही कुरा छोटो टिप्पणीका रूपमा यहाँ यसरी दिइन्छ –

क) कर्णाली अञ्चल –

स्वच्छै मानसरोवरस्य सलिलै; कैलाश गङ्गाजलै ।
मूलोल्लासित निर्झरै; क्रमचिता, कल्याण कुल्यानणाम् ॥
वेदोद्या संदपादराजमहिता, कर्णाल नादा नदी ।
कर्णाली सरयू; समेत्य सरति श्री मालिकाम् मालिकाम् ॥

स्कन्दपुराणका मालिका माहात्म्यादि र उपनिषद्हरूमा मालिकाको महिमा भएअनुसार यस भेकमा नारी जातिको नामकरण मालिकाको मालान्त राख्ने चलन छ – खञ्जनमाला, खण्डमाला, धर्ममाला, दीपमाला, रत्नमाला, ज्ञानमाला, मणिमाला, कल्याणमाला आदि ।

मालिकाकी नवै बैनी, बासिन्, थुम थुम ।
पाउडण्डी उकालो लाग्यो, अलि अलि घुम ॥

मालिकाकी नौ बहिनी कर्णाली अञ्चलका सर्वोच्च हिउँचुलीहरूमा गाथमा बसेकी छन् – मालिका अथवा बडीमालिका, चुलल्पीँ मालिका, पुगेल्नी मालिका, भूरिचला मालिका, दुनेल्लीँ मालिका र खेसमाल्नी मालिका ।

ख) सेती अञ्चल –

'शिल्गढी शिलङ्ग फुल्यो, लङ्का बाइगो बास' ।
पञ्चपुर्‍या मालिकायाः ऋक्सेनाः स्थापिता नृपाः ।
खेचराद्रेः समुत्तीर्णः खेचराः खप्तडाः क्रमात् ॥

यस अञ्चलको मुटु खप्तड हो र मुकुट कैलाश हो । अछामको विशाल सांप्या जिउलो आज पनि मालिकालाई ५ माना चढाउँदैछन् । तडीगैरादेखि माथि शारदा मालिकावलोकित रमाइला १२ बण्ड १८ खण्ड छन् ।'

ग) महाकाली अञ्चल –

डडेल्धुरा जिल्लामा भूत्युँ, पश्प, छ, पीपलकोट, रूपाल, बोगटा, गड, लुलान, तल्लीस्वराड, बेतडी र दार्चुला जिल्लामा मल्लीस्वराड,

लेकम, दुहुँ, तल्लीमार्ग, मल्ली मार्मा, पुचौडी, व्यास, चौदांश, बायल आदि गर्खा छन् । कञ्चनपुरमा बाइसी, रेकवार, सेलीपहाड, बेतोडा, तिलाचौड, रौतेली आदि तप्पाका साथै अञ्चलभरिमा सिगास, सिक्लुकेदार, शोलेश्वर केदार, ग्वाल्लेख केदा, डँडेल, नम्पामार्मा, मालिकार्जुन, लेकम, रानीशिखर, भागेश्वर, डागेश्वर, घण्टेश्वर, पाताल, भुवनेश्वर, गोरख पट्क्यालेख आदि अनेकौं धुरा छन् । सुदूर पश्चिमाञ्चलमा ऐतिहासिक चरित्रलाई चैत भन्ने चलन छ । त्यसैले मस्टा र भवानीका अनेकौं चैत पाइन्छन् ।

घ) भेरी अञ्चल –

अदितिकी दिदी दनुका छोरा दानवहरूको उर्ग-दानुवाकोट, दानुवा ताल यसै बर्दियामा छन् । सूरक्षेत्रको सुरखेत नाम राखिएको सुरखेत भनेको देवताहरूको खेत हो । पालसाम्राज्य कालमा तथा मल्लसाम्राज्य कालमा पनि यस पश्चिम सुरक्षेत्रमा विचित्र कला-शिल्प-कल्पित काँक्रेविहारजस्ता विहार लाटीकोइलीजस्ता शिवालय, देवालय र मङ्गलगढी आदि हिउँदे दुर्गसहित धनधान्य समृद्ध राजधानी थियो । काँक्रेविहार, लाटीकोइली, मङ्गलगढी, वाणगङ्गा, भुलभुले पानी, फिनिकाँडा, मल्लकाँडा, गाइनेकाँडा, गोठीकाँडा, बयालकाँडा, राम्रीकाँडा, रानीमत्ता आदि किल्ला काँडाले तल गादीदेखि माथि डाँडासम्म पूर्वस्मृति गराइरहेका छन् । लाटीकोइली शिवालयको शिलालेख आजदेखि ३९२ वर्षअघि (यस सङ्ख्यालाई २०५५ सँग जोड्दा ३९२ भन्दा बढेर ४१५ वर्ष अर्थात् वि. सं. १६४० मा) भएको जीर्णोद्धारतिर औँल्याइरहेको छ । मङ्गलगढीनेर भैरवस्थानको शिलालेखले शाके १४०० (वि. सं. १५३५) को सुरक्षेत्रको चित्रण गर्दैछ । सुरक्षेत्रमा अनेकौं पुरातात्त्विक स्थल छन् । कर्णालीमा रामघाट, लाहोरे खोला आएर मिलेको त्रिवेणीमा धनुर्वेदाचार्य भारद्वाज द्रोणाचार्यको आश्रम छ –

'श्यामैव रामा कविरेव विद्वान्, विद्यैव बन्धुर्धनुरेव शस्त्रयम् ।
स्वात्मैव तीर्थ हरएव धन्वी, मार्गेष माहेश्वर एव मार्गः ॥

भनेर द्रोणेश्वरका नामले हरको स्थानमा गरेर धनुर्वेदको अध्ययन गरेको साधनास्थली द्रोणेश्वरबाट अचेल डुङ्गेश्वर भएको छ । यसै एकान्त तपोवनबाट शास्त्र, शस्त्र र अस्त्रहरू सञ्चालनमा पारङ्गत भएर-

'अग्रतश्चतुरो वेदान्, पृष्ठवः सश्वरं धनुः
इदूं ब्राह्ममिव क्षत्रा शापादणि शरादपि ॥'

भन्दै बायाँ हातमा शास्त्र दायाँ हातमा शस्त्र लिएर द्रोणाचार्य हस्तिनापुरमा पुग्दा शस्त्रशास्त्रतत्त्वज्ञ भीष्मपितामहले द्रोणाचार्यलाई पाण्डव-कौरव विद्यार्थीहरू सुम्पेर हरद्वारमाथि पुरेका चुलीमा आश्रम बनाइदिएथे ।

७. मस्टो, कालिका र मालिकासम्बन्धी जुम्लामा पाइने केही लोकोक्ति (बालगीत) :

१. चूली मालिकाको पानी, कर्णालीको छडो
गोर्खा राज्य घुमी गयाँ, अब गयो घडो ।
२. चूली द्यै मालिका अल्को, मालिकाद्यै पुडो
खाँडाचक्रमाथि अल्को, मलैबम्को ढुङ्गो ।
३. मु जान्या चीमारा माइती, तो जान्या भुचुँला
ताँका ती रूपौस्या दुन्त, सित्ति काँ बिर्सुला ।
४. डोटी राम्णो डँडेल्धुरा, अछाम् राम्डो साँप्या
गाडा माछा थला बाज, लेख-लेख डाँफ्या ।
५. सल्ल्यानी चाखुडो खेल्लो, प्युठानीका बून
रोएर राज् पाइन्या होक्या, नरो नर्गीभून ?
६. सुर्खेतकी लाटीकोइली, नेपाल पशुपति
मूनपड्या पीरथीका, छाइलो पड्या गति ।
७. फेवाताल् भुन्यौत पुनि, ताल् ठूलो छ रारा
साती छन् कि एग्लै घुम्छै, वीरस्पति तारा ?
८. काली कुमाउँ चुम्पावती, गोडा सहर
मेरै बाडी फूल फूल्लैनन्, म्वी मान्नो रहड ।
९. बिष्टज्यूका तालभित्त, भूर्चुलाको छाया
पानी तिर्खा लाग्या जून, मूल लाग्छ माया ।
१०. कर्णाली कर्णालीतिर, भेरी भेरीतिर
मू एग्लो डाँडाको मिर्ग, क्वैनाई मेरातिर ।
११. काँदैमा बन्दुक हाली, काँ जान्छौ जर्नाली
आउना-जाना पानी प्यूँला, नसुक्यै कर्नाली ?

१२. काली र कर्णाली तऱ्याँ, भेरी म्बी तरूँ कि ?
घाँटीउनो पासो लगाई, न्यै कतै मरूँ कि ?
१३. तो घुम्या मेरो मुन घुम्छ, नघुम कर्णालीय
विना दूद भात खानैन, राजा दर्नालीय ।

इत्यादि ।

८. वैदिक र पौराणिक वाङ्मयमा आधारित कर्णाली लोकसंस्कृतिका केही शब्द :

सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रभित्रका महाकाली, सेती, भेरी, कर्णाली र राप्ती अञ्चलको भूभाग कुनै बेला कर्णाली प्रदेशको बाइसी राज्यभित्र पर्दथ्यो । यहाँ प्रचलित मस्टो, भैलो र भूवो परम्पराले अधिराज्यका अरू भागको तुलनामा छुट्टै सांस्कृतिक परम्परा कायम गरेका छन् । यहाँ प्रचलित शब्दहरूले नेपाली भाषा शब्द भण्डार भर्नमा ठूलो सहयोग पुऱ्याएका छन् । उदाहरणका लागि केही शब्द यहाँ दिइन्छ –

१) मस्टो = मस्तक (शिर), २) पूजाइ = पूजाविधि, ३) भ्वानी = भवानी (दुर्गा), ४) थान = स्थान (मन्दिरविशेष), ५) राम = मस्टा र भ्वानीको पैठको उत्सवमा पाइने रमाइलो वातावरण, ६) थानी = बस्ने ठाउँ र खाने भोजनको राम्रो व्यवस्था मिलाएर बसेको मानिस (बाहुन), ७) धामी = माल (तलतिरको समथर भूमि) र हिमाल (अग्लो भूमि) मा लोकमान्यताको आधारमा धार्मिक निष्ठा भएको धामको अगुवाइ गर्ने मर्यादित पुरुष, ८) गब्बीर = गह्वर (गुफा) डाँग्रीले मस्टाको पूजाइ गर्ने मस्टाको थानभित्रको सानो अँध्यारो कोठा, ९) पाली = मस्टो मान्यताका पालक (भक्त), १०) अछ्छेता = धामीले पालीलाई आशीर्वाद र वरदान स्वरूप प्रदान गरिने चामलका अक्षता, ११) रागस = राक्षस, १२) दनुवा = दानव, १३) मनुवा = मानव । इत्यादि ।

९. उपसंहार :

वैशाख, साउन, कार्तिक र माघ हरेक ३-३ महिनाका शुक्लपक्षका एकादशीदेखि पूर्णिमा र अवसर एवम् परिस्थितिअनुसार जेठ, भदौ, असोज, मङ्सिर र चैत महिनाका चतुर्दशी र पूर्णिमाका दिनमा पनि

मस्टोको पूजाइ र पैठ गर्ने परम्परा छ । मौका र परिस्थितिअनुसार अरू बेला आवश्यकता हेरी धामीले आफ्नो पालीलाई एक ठाउँमा बसेर अछेतामा हेराउन कोराउन गरेर आफ्ना पालीको मर्का हेरी उपकार हुन सक्ने भए गरिदिने गरेको यहाँ पाइन्छ । मस्टाका धामीले अवस्थाअनुसार एउटा चिकित्सक, न्यायाधीश, प्रशासक वा समाजसेवीको काम गरेको पाइन्छ ।

मस्टो द्यौतामा मुक्ति दिने क्षमता हुँदैन, तर भुक्ति दिन सक्ने क्षमता प्रभावशाली धामीहरूमा अवश्य हुन्छ । हरेक साल भाद्र शुक्ल अष्टमी (कागे अष्टमी) का दिन भवानी मालिका हिमालबाट तल मालमा ओर्लिन्छन् भने चैत्र शुक्ल अष्टमीमा मालबाट हिमालमा चढ्दछिन् भन्ने स्थानीय जनताको विश्वास छ ।

धर्मलाई हेर्ने हाम्रा दृष्टिकोण दुई किसिमका छन् – संस्कारजन्य र प्रदूषणजन्य । स्वत:स्फूर्त धार्मिक संस्कार र अरूबाट प्रभावित धार्मिक संस्कार । हामी हिन्दू धर्मावलम्बीहरू पाञ्चायन देवतालाई पञ्चोपचार वा षोडशोपचारले पूजा गर्छौं, गाई, दीप, कलश र गणेशको स्थापना गर्दछौं । मस्टो द्यौता निराकार हुन्छ । यसलाई पञ्चोपचारको सट्टा कोरा अक्षता र फूल चढाई बत्ती बालेर पूजाइ गरिन्छ । आखिर यो मस्टो र धामी-झाँक्री परम्परा अशिक्षित समाजले रुढिवादिताले मानेको हो कि भन्ने कुरामा विचार गर्दा हामीहरू निराकार र साकार द्वैत-अद्वैतलाई मान्ने हुँदा त्यसलाई हाम्रो समाजबाट हटाउन सकिँदैन र यो मानसिक अवस्थाबाट हट्तैन । अस्तु ।

सन्दर्भसामग्री र स्रोत :

१. पूर्णप्रकाश नेपाल 'यात्री' - सेती अञ्चल दिग्दर्शन - २०३५ (दोस्रो खण्ड) हिमाली सौगात प्रकाशन, विराटनगर ।
२. पूर्णप्रकाश नेपाल 'यात्री' - भेरी लोकसाहित्य, २०४१, ने. रा. प्र. प्र., काठमाडौं ।
३. विहारीकृष्ण श्रेष्ठ, कर्णाली लोकसंस्कृति - जनजीवन (खण्ड ३), २०२८, ने. रा. प्र. प्र. काठमाडौं ।
४. डा. प्रयागराज शर्मा, 'कर्णाली प्रदेश : एक बिटो अध्ययन', सामाजिक अध्ययन समुदाय, काठमाडौं, २०२८ ।

५. योगी नरहरिनाथ, 'हाम्रो देशदर्शन', २०३२ (शाके) ।
६. रत्नाकर देवकोटा 'कर्णालीको अथ-इति' क. थं. मा मस्टो र भूतप्रेतको प्रभाव एक आधारभूत संस्कृति, साझा प्रकाशन, २०४६ ।
७. रत्नाकर देवकोटा, 'कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरू, २०५१, ने. रा. प्र. प्र., काठमाडौं ।
८. रत्नाकर देवकोटा, पश्चिमी नेपालमा प्रचलित मस्टो तथा धामी परम्परा, 'प्रज्ञा' वर्ष २५, पूर्णाङ्क ८१ (क), ने. रा. प्र. प्र.।
९. रत्नाकर देवकोटा, 'कर्णाली प्रदेशका प्रमुख ९ वटा शक्तिपीठ : एक चर्चा', गरिमा १६/४/१८४ (२०५४ चैत्र) ।
१०. रत्नाकर देवकोटा, 'धामीको पडेलीमा मस्टाको ऐतिहासिक पूर्ववृत्तान्त' 'मालिका' (सुदूर पश्चिमाञ्चल विद्यार्थी समितिको पहिलो साहित्यिक उपहार), २०२८ ।
११. रत्नाकर देवकोटा, 'त्रिभुवन नगरी : अतीतदेखि वर्तमानसम्म' लेखमाला ३१ र ३४, दाङ तुलसीपुरबाट प्रकाशित हुने सीमारेखा (सा.), २०५५/५/१८ र २०५५/६/१ मा छापिएको ।
१२. योगी नरहरिनाथ, 'इतिहास प्रकाश' दोस्रो अङ्क, पहिलो भाग (२०१२) ।
१३. देवीचन्द्र श्रेष्ठ, 'निसाप हेराए हुम्ला जानु', घामपानीको छापबिंडो, ने. रा. प्र. प्र., काठमाडौं, २०४५ ।
१४. कर्णाली अञ्चलबाट प्रकाशित हुने अन्य विभिन्न साहित्यिक पत्रिकाहरू (२०२६- २०५४) ।
१५. स्रोत-सामग्री उपलब्ध स्थान - यस पङ्क्तिकारको निजी पुस्तकालय, भारद्वाज आश्रम, तुलसीपुर नगरपालिका, वडा नं. ६, रजौटा, दाङ ।

(खस जाति र कुलपूजा, बानियाँ बन्धु समाज, २०७०, काठमाडौं)

मस्ट : एक चिनारी

– डा. जगमान गुरुङ –

मस्ट खास गरी नेपालको सुदूर पशिचमाञ्चलको एउटा लोकप्रिय देवता हो । मस्टलाई ठाउँअनुसार 'मष्टि' पनि भनेको पाइन्छ । पशिचमाञ्चलको भेरी, सेती, कर्णाली र महाकाली अञ्चलको जनजीवनमा मस्टको मान्यता र प्रभुत्व सर्वोपरि रहेको पाइन्छ ।

'जहाँ क्षत्रीय छाइलो त्यहाँ मेरो पाइलो' भन्ने कथनअनुसार पशिचम नेपालबाट बसाइँ सरेर आएका मध्यमाञ्चल एवं पूर्वाञ्चलका छेत्री-बाहुनहरूले आफ्नो कुलदेवताका रूपमा एउटा न एउटा मस्टलाई कुलदेवता मान्ने परम्पराको विकास पशिचम नेपालमा भए तापनि यसले सम्पूर्ण नेपालको खस संस्कृतिलाई प्रभाव पारेको पाइन्छ ।

मस्टको उत्पत्तिबारे केलाउँदै जाँदा 'बान्नी फुटे ढँणार छुटे' भन्ने जनकथन पाइन्छ। बान्नी र ढँणार यी दुवै ठाउँ बझाङ जिल्लामा पर्दछन्। यस आधारमा पशिचम नेपालको सेती अञ्चल बझाङ जिल्ला नै मस्ट देवताको आदिम थलोका रूपमा देखापर्दछ । बझाङ्गेहचाहिँ बद्रीनारायणको गरुड शिलाबाट मस्ट देवता फाटेर आएको विश्वास गर्दछन् ।

ठाउँअनुसार मस्ट देवताका हाँगाबिँगा छरिँदै गएपछि बाह्रवटा शाखामा विभाजित भएको पाइन्छ, जसलाई पशिचम नेपालको लोकभाषामा बाह्रभाइ मस्ट भनिन्छ। बाह्रभाइ मस्टका नामहरू प्रायजसो त्यही ठाउँको नामबाट उठान भएको पाइन्छ । बाह्रभाइ मस्टको नामावली भने भिन्नाभिन्तै पाइन्छ । जुम्ला सिन्जा पाण्डुसेरामा प्रचलित बाह्र मस्टका नाम यसप्रकार छन् –

१) आदि मस्ट, २) खापर मस्ट, ३) बबिरो मस्ट, ४) काला मस्ट, ५) रुमाल मस्ट, ६) ढँडारे मस्ट, ७) थार्पा मस्ट, ८) बान्नी मस्ट, ९) कावा मस्ट, १०) मण्डली मस्ट, ११) दाडे मस्ट, १२) दाह्रे मस्ट ।

यी मस्ट देवताहरूमा रजवाली र राक्षसी दुई थरिको स्वभाव पाइन्छ । रजवाली स्वभाव भएका मस्टहरूले दोषी-अपराधीलाई दण्ड-सजाय दिने गर्दछन् तर तिनीहरूले ज्यान नै लिने काम भने गर्दैनन् । राक्षसी स्वभाव भएका मस्टहरूले भने दोषी-अपराधीलाई दण्ड-सजाय दिँदा तिनीहरूको ज्यानसमेत लिन बेर लाउँदैनन् । रजवाली स्वभावका मस्टमा ढँणार मस्ट आदि पर्दछन् । ढँणार मस्ट बाह्रभाइ मस्टमा जेठा मानिन्छन् । अतः ढँणार मस्टलाई भाइराजा मस्ट भनिन्छ । गुरो मस्ट र विजयी मस्टलाई कोही कोहीले मस्ट देवताका रूपमा लिँदैनन् । यी देवताहरू साह्रै राक्षसी स्वभावका हुन्छन् । गुरो मस्टको मूल थलो हुम्ला जिल्लाको सोरुदरा भैगाउँमा छ ।

सिन्जा खोला उपत्यकामा एकथरी सार्की डुमहरूले गुरो मस्टलाई मान्दछन् । यी मस्टहरूमा कुनैले पशुको भोग नखाएर दूध खाने दुधे मस्ट हुन्छन् भने कुनै मस्टको धामीले बोका-पाठाका घाँटीमा दाँत गाडेर रगत चुस्छन् । यस्ता मस्टलाई दाह्रे मस्ट भनिन्छ ।

वास्तवमा मस्ट कुन देवता हुन्, यसमा सबैको एम मत पाइँदैन । मस्टलाई कोही वायुका रूपमा मान्दछन् । किनभने यी देवता वायुका रूपमा चल्न सक्छन् र कुनै अवस्थामा साधु, कुनै अवस्थामा गरुड र कुनै अवस्थामा बिरालोको रूप पनि लिने गर्दछन् । मस्टहरू कुलदेवता वा इष्ट देवताका रूपमा पनि मानिन्छन् । आजकालका मस्टलाई धेरै व्यक्तिले अड्कल लगाएर वराह मस्टको संयुक्त नाम ठहऱ्याएका छन्, तापनि यो जुम्लाको बाह्रभाइ मस्टको अपभ्रंश रूप हो । मस्टलाई देवीको सेनानी र आफ्नो मस्तक थापेर राक्षससहित लडेकाले मस्ट नाम रहेको पनि भनिन्छ, तर यो कुरा कुनै स्रोतबाट पुष्टि हुँदैन । जुम्लाको कालिकोट दरामा विभिन्न मस्टलाई पाण्डवको अवतार मानिन्छ । यसै गरी खापर मस्टलाई इन्द्रको छोरा भनिन्छ, तर यस्ता कुराहरू बाहुन-ठकुरीहरूले हालेको कथामा मात्र पाइन्छ । क्षत्रीहरूलाई यी सब कुराको उति ज्ञान छैन ।

मस्टको समय-समयको पूजामा थानका सञ्चालकहरूले बाहुनलाई बोलाएर होम पनि गराउँछन् । यस बेला बाहुन पुरोहितले मस्ट देवतालाई गोत्र पनि दिएको हुन्छ । यी कुराबाट मस्ट अपौराणिक देवता हुन् र यसलाई पौराणिक रूप दिन खोजेको देखिन्छ ।

जुम्ला भेकमा लेखिएको ग्रामीण देवताको होमविधिमा मस्ट, मन्डाल्नी, मालिका आदिलाई ग्रामदेवताका रूपमा उल्लेख गरिएको छ। यसबाट पश्चिम नेपाल आदि थलो भएका सबै वर्गका मानिसहरूले मान्ने र उनीहरूको क्रियाकलाप एवं सुखदुःखमा महत्त्वपूर्ण भूमिका निभाउने मस्ट देवतालाई कुनै सम्प्रदायअन्तर्गत राखिएको भने छैन।

यी मस्ट देवताका भानहरू पनि हुन्छन्। यी भानहरू मस्टकै खटनपटनमा काम तामेल गर्ने कार्यकलाप हुन्। भानहरूका थला गाउँघरदेखि बाहिर खोलाका किनार र मूल बाटाहरूमा हुन्छन्। यी भानहरूका पनि कुनै मूर्ति हुँदैन। रूखको मुन्तिर, ढुङ्गोनेर र बाटोको छेउछाउमा भानका थलाहरू हुन्छन्। बाटो हिँड्दा मानिसहरू देउरालीमा जस्तै यी भानका थानहरूमा पाती चढाउँछन्। मस्ट देवताका यी भानहरू ज्यादै शक्तिशाली मानिन्छन्। यिनीहरूले सर्प, कुकुर, बिरालो, लामपुच्छ्रे, बाँदर, घोडा चढेका मान्छे आदिको रूप लिन सक्छन् भन्ने विश्वास छ।

मस्ट देवताले न्यायनिसाफ गर्दा अपराधीलाई सजाय दिने काममा यिनै भानहरू अघि सर्दछन्। अतः गाउँघरका मानिसहरू मस्टका भानदेखि त्राहिमाम हुन्छन्। यी भानहरूका नाममा जग्गा छोड्ने चलन छ र त्यस्ता जग्गामा भानको घोडा चर्दछन् भन्ने विश्वास छ। यिनका नाम पनि अनौठो लाग्दा छन् जस्तै ढँणार मस्टको भान खोला ढेल्याय र घाइढुङ्गे, बढू मस्टको भान कुटासिली, थार्पा मस्टको भान घोडा मौल्याय, गुमदेउ, गाइँ गोड्याय आदि।

मस्ट देवताका अनेक नाताकुटुम्बहरू पनि हुन्छन्, जस्तै मस्टका मामाका रूपमा महान्चौ र लामा-विष्णु, बहिनीका रूपमा भुवानी, भतिजाका रूपमा लाखुँरो कान्छा, भाइका रूपमा बाँडपाल आदि। मस्ट देउताका पत्नीहरू देखापर्दैनन् तर कहीँ-कहीँ नाता जोड्दा एँ कुँवरलाई ढँणार मस्टको छोरा भनेको पाइन्छ।

मस्ट देवता चढेको धामीको बोली दैवी वाणीतुल्य मानिने हुनाले उक्त वाणीलाई जनभाषामा बुझाउन र मानिसहरूले जनभाषामा सोधेका कुराहरू मस्ट देवताका छेउ पुऱ्याउन दोभाषेको आवश्यकता पर्दछ। यस्ता दोभाषेलाई स्थानीय भाषामा खावा भनिन्छ। मस्ट देवता चढेको

धामी पतुर्दा खावाचाहिँ धामीकै छेउमा बस्छ । मस्टथानमा धामीका लागि परिआएका सबै काम गरिदिने, थानको लिपपोत गर्ने, पूजाका सामानहरू जोडिदिने व्यक्तिलाई डाङ्ग्री भनिन्छ ।

मस्टको प्रतिनिधित्व धामीले गर्दछ । धामी जनमानसमा अघिपछि एउटा साधारण मानिस नै भए तापनि उसमा मस्ट देवता चढ्दा धामीले एउटा दैवी पुरुषको रूप लिन्छ र मस्टकै प्रतिनिधित्व गरेर पतुर्न थाल्दछ । मस्ट देवता चढेको धामीलाई मानिसहरू गोसाइँ भनेर सम्बोधन गर्दछन् ।

मस्ट देउताको कुनै साकार मूर्ति हुँदैन । यस देउताका वनमाडू र घरमाडू गरी दुईवटा थान हुन्छन् । यसमा वनमाडूचाहिँ मुख्य थान हुन् । मस्ट देउताको वनथान वनको एकान्त ठाउँमा काठका दुईपाखे छाना राखेर बनाइएको हुन्छ । यस थानका देउचल (भित्री भाग) खुला हुन्छ र त्यस भित्री भागमा पनि एक छेउमा गबीर (गुप्ती कोठा) बनाइएको हुन्छ । थानभित्र धामी पतुर्दा बस्ने चौका वा गादी पनि बनाइएको हुन्छ ।

धामीको नाच भने थानबाहिर आँगनमा नाचिन्छ । धामीले पतुर्ने मस्टका थानहरूमा अग्लो आलन (ध्वजा) गाडिएको हुन्छ । मस्टको थानमा मानिसले मस्ट देउतालाई चढाएका काठ र ढुङ्गामा बनेका मानवाकार मूर्ति, घण्टा र ध्वजाहरू राखिएका हुन्छन् । मस्टको घर माडु छुट्टै वा मानिस बस्ने घरकै एउटा कोठामा हुन्छ । यसरी मस्ट स्थापना गरिएको घरमा पनि आलन गाडिएको हुन्छ ।

मस्ट देउताको घरथान र वनथानमा प्रत्येक दिन पूजा लागिरहने होइन । मानिसहरू धामी हेराउन आएको बेलामा थानमा गोबरले लिपपोत र सिँगारपटार गरेर पूजा गरिन्छ ।

मस्ट देवताको पैठ (पूजा) को आरम्भ विशेष गरी पूर्णिमाका दिनमा गरिन्छ । थानैपिच्छे अथवा देवतापिच्छे पैठ गरिने पूर्णिमा बेग्लाबेग्लै हुन्छ । जुम्लामा भने साउन पूर्णिमा (जनैपूर्णिमा) का दिन धेरै थानमा पूजा गरिन्छ । कुनै-कुनै मस्टको पूजा पूर्णिमाबाहेक अरू दिनमा पनि गर्ने गरेको पाइन्छ ।

मस्टको पैठको आरम्भ एकादशीदेखि नै हुन्छ । मस्टको पूजा गरिने एकादशीदेखि पूर्णिमासम्मको अवधिलाई खराती भनिन्छ । साँझको भात

खाइसकेपछि यो उत्सव घरमाडूमा गरिन्छ । यस अवसरमा आइमाईहरू मागल गाउँछन् । दमाईंहरू दमाहा बजाउँछन् । यही मौकामा स्त्री-पुरुषहरू सम्मिलित भएर धार्मिक चाँचीहरू पनि खेल्छन् । खरातीको मुख्य आकर्षण धामीको नाच हो । मस्ट देउता र उनका भानहरू धामीको माध्यमबाट दमाईंले बजाएको तालमा कहिले उफ्रने, कहिले दौडने र कहिले अक्षताले हिर्काउने गर्दछन् ।

यसै अवस्थामा उपासकहरूले धामीको पूजा गर्दछन् र नैवेद्यका रूपमा दूध खान दिन्छन् । अनि आफ्नो समस्याको छलफल र हेराउने काम पनि यही बेला गरिन्छ । यो क्रम चतुर्दशीको रातसम्म दोहोऱ्याइन्छ ।

पूर्णिमाको दिन पैठ (मुख्य पूजा) हुन्छ । लगभग मध्याह्नदेखि पूजा सुरु हुन्छ । यस दिनको पूजा वनमाडूमा हुन्छ । पूजासामानमा मुख्य गरी सिक (फुको चामल) र ध्वजाको निकै महत्त्व हुन्छ । नैवेद्यका लागि खीर पकाउन दूध, चामल, पिठो, घ्यू र पाठा जम्मा गरिन्छ । कुनै थानमा धामी मरेर अर्को औतिइनसकेको भए त्यस्ता थानमा काँचो नैवेद्य चढाएर बुको पूजा गरिन्छ ।

पूर्णिमाको दिनमा पनि धामीहरू पतुर्ने र नाच्ने गर्दछन् । धामीले लगौंटीबाहेक अरू केही लगाएको हुँदैन । कुनै-कुनै मस्टको धामीले आफूलाई भोग चढाउन ल्याएको बोकाको घाँटीमा दाँत गाढेर रगत चुस्तछन् । कुनै थानमा भोग दिन ल्याएको पाठोलाई डाङ्ग्रेले काट्छन् र त्यस पाठाको दाहिने खुट्टा, फोक्सो र कलेजो मस्टको थानभित्रै राखेर बाँकी पूजा गर्न आउनेलाई फर्काइदिन्छन् ।

मस्टका धामीले उपचारका रूपमा आफ्ना भक्तहरूलाई अक्षता मन्तरेर दिन्छन् र त्यो अक्षतालाई त्यसै वा भातसँग पकाएर खाने र कुनै ठाउँमा लगेर गाड्ने वा छर्कने सल्लाह दिन्छन् ।

मस्टको धामीले विभिन्न किसिमको मुद्दामामिला छिन्ने र दोषी-अपराधीलाई दण्ड-सजाय दिने, हत्कडी नेल र गलफन्दा लगाएर कैद गर्ने पनि गर्दछन् । मस्टको निर्णय सबैलाई मान्य हुन्छ । अतः आफ्ना कुनै दुःख-आपत पऱ्यो भने उनीहरू आ-आफ्ना मस्ट देउताको पूजा-आराधना गर्दछन् ।

यसरी मस्ट सम्प्रदायले खास गरी पश्चिम नेपालको खस संस्कृतिमा गहिरो प्रभाव पारे तापनि पूर्वमध्यकालका खस मल्लहरूले कुनै अभिलेखमा स्पष्टसँग मस्टको उल्लेख गरेको पाइँदैन । पृथ्वी मल्लको इ. १३५६ को कथनपत्रमा उल्लिखित गोसाइँ शब्दलाई मस्टसँग सम्बन्धित गराउन सकिन्छ । किनभने पतुरेको मस्टको धामीलाई उनका भक्तहरू गोसाइँ महाराज भनेर सम्बोधन गर्दछन् ।

यसै गरी पृथ्वी मल्लकै इ. १३५७ को दुल्लुको कीर्तिस्तम्भमा साक्षी बसेका धर्ममाणक सम्भवतः यिनै मस्ट देउताका धामी हुन सक्तछन् । सुर्तीसाइको शक सम्वत् १५४७ (इ. १६२५) को एउटा कागजमा भने मस्ट शब्दको स्पष्ट उल्लेख छ र यसैलाई नै विद्वान्हरूले मस्टको सबैभन्दा पुरानो उल्लेख मानेका छन् ।

(कार्यपत्र, खड्का क्षत्री महासमाज, काठमाडौं, २०७३)

मस्टो हाम्रो कुलदेवता

– डा. माधवप्रसाद पोखरेल –

सबैजसो पहाडे खस नेपालीले दिनहुँ 'कुलाइन' (कुलायन, कुलदेउता) लाई साँझबत्ती बाल्नुपर्छ । कुलाइनको दियो कसैलाई छुन दिनु हुँदैन, मूल खाट र मूल ओच्छ्यानमा अरूलाई सुत्न अथवा छुन दिइँदैन । कुलाइनको दियो बालेको ठाउँमा पनि अरूलाई जान दिइँदैन । कुलाइनको पूजा गर्ने कोठामा अरूलाई छिर्न पनि दिइँदैन । वैशाखे पूर्णिमा र मङ्सिरे पूर्णिमामा सके देवाली (दीपावली) गरेर गोठको धुप हाल्नुपर्छ, नसके पनि कुलाइनको पूजा चाहिँ गर्नैपर्छ । कुलाइनको पूजा बर्तमन (व्रतबन्ध) गरेका छोराले मात्र गर्नु हुन्छ ।

कुलाइनको पूजामा नगरी नहुने र गर्नै नहुने अनेक औपचारिकताहरू छन् । परम्परादेखि आएको पूजाविधिमा भरसक फरक नपरोस् भन्ने हरेक खस नेपालीलाई थाहा हुन्छ । रमानन्द आचार्य (जुम्ला) के भन्दछन् भने मस्टालाई अरूले छुनु हुँदैन, घरबाहेकका्ले मस्टाको थानमा जानु हुँदैन । अनि नुहाएर मात्र मस्टाको थानमा जानु हुन्छ । औपचारिकतामा कतै अलिकति पनि त्रुटि भयो भने पिरपिराउ हुन्छ भन्ने मानिन्छ । देवाली नगरेको अथवा गोठको धूप नहालेको वर्षमा आफ्ना गाईको दूधमा चिउरा हाल्नु हुँदैन ।

परम्परादेखि चलेर आएको कुलपूजामा भरसक फरक नपरोस् भनेर जति चिताए पनि समयक्रममा पश्चिम पहाडबाट पूर्वतिर सरेको कुलपूजामा ठाउँ नै पिच्छे औपचारिकतामा अलिअलि फरक पर्दो रहेछ । यसले गर्दा पूर्वको र पश्चिमका कुलदेवता, पूजाविधि र औपचारिकतामा धेरै फरक परेको देखिन्छ । जुम्लाबाटै मस्टा अरूतिर गएको मानिन्छ ।

सबै पहाडे खस (बाहुन, छेत्री, ठकुरी, कामी, दमाइँ, सार्की, गाइने, वादी आदि) हरूको मूल कुलदेवता मस्टो हो । उदाहरणका लागि पूर्वका पानीपोखरेलका एउटा मुख्य कुलदेउता काला मस्ट हुन् । अर्का कुलदेवताको नाम 'आदिवाराह' छ । मनोहर लामिछानेले एउटा मस्टाको

नाम 'वराह' पनि लेखेका छन्, त्यसैलाई सिवाकोटी (२०१४ इ.) ले 'बारामस्टा' लेखेको सूचना उनैले दिएका छन् । यसरी एक भाइ मस्टाको नाम 'वराह' नै हुन पनि सक्छ । खसानभरि मस्टाहरू १२ भाइ छन् भन्ने किम्वदन्ती छ, त्यसै अनुसार एउटा मस्टाको नाउँ नै 'बारमस्ट' अथवा 'बारामस्ट' भएको पनि हुन सक्छ ।

खसहरू कुलाइनको पूजा चुलाको भर्सेलीमा पनि गर्छन् । कुलाइनको पूजा जुन ठाउँमा गरे पनि हामी भर्सेलीका बीचमा 'मन्डाल्नी' लाई कुलदेवी भनेर पूजा गर्छौं । मन्डाल्नीलाई दूध र सेतो फूलले पूजा गर्नुपर्छ, उनलाई मासु चढ्दैन भनेर हुम्लाको सिमकोटमा एउटा माडौं (मण्डप) का डाङ्ग्रेले मलाई सुनाएका थिए । मन्डाल्नी हाम्री सबभन्दा ठूली कुलदेवी हुन् ।

कालिकोटमा चाहिँ तुलाराज बिस्टले 'बन्डाल्नी' भन्ने एउटी राक्षसीलाई खसहरू पूजा गर्छन् भन्ने सूचना दिएका थिए । त्यहाँ पचालो, खापर, नैनेल (नदी किनाराका देउता) र राँगा माचुलोजस्ता राक्षस देउता पनि पुजिन्छन् अरे । यसरी ठाउँअनुसार कुनै खसले देउता मानिरहेकालाई अर्को ठाउँका खसले राक्षस मानेको पनि पाइने रहेछ । अवेस्तामा देउतालाई 'असुर' भनिन्छ भने राक्षसलाई चाहिँ 'दएव' (देव) भनिन्छ (विलियम मलन्द्रा, १९८३ इ., 'एन इन्ट्रोडक्सन टु इरानियन इन्स्क्रिप्सन्स', पृ. ४७) । 'असुर' शब्द ऋग्वेदमा १०५ पल्ट प्रयोग गरिएको छ, जसमध्ये नराम्रो अर्थमा चाहिँ १५ पल्ट मात्र र राम्रो अर्थमा चाहिँ ९० पल्ट प्रयोग भएको छ (विकिपिडिया)। आर्यहरूकै दुई खाले बगालबीचमा भएको वैमनस्यले गर्दा 'देव' र 'असुर' शब्दमा अर्थ परिवर्तन भएको रहेछ । मन्डाल्नीलाई अन्यत्रका खसहरूले देवी मान्ने कालिकोटमा चाहिँ राक्षसी मानेर पूजा गर्ने चलनमा पनि त्यस्तै परेको हुन सक्छ ।

मनोहर लामिछाने र प्रेम कैदीले मस्टाका सूचनाको मूल स्रोत खसानका 'फाग', 'सगुन', 'हुड्केली' र 'भारत' जस्ता लोकगाथामा पाइने कुरो गरेका छन् । खसान क्षेत्र (कर्णाली र सुदूर पश्चिम) मा मस्टो नै सबैभन्दा ठूलो देउता हो । सबैलाई दूधको दूध पानीको पानी छुट्याएर न्याय दिन सक्ने भएकाले मस्टा नै त्यहाँ गरिबगुरुवामा सबैभन्दा प्यारा छन् । खसानमा मस्टाको निर्णय जुनसुकै मुद्दामा सर्वस्वीकार्य हुन्छ ।

त्यहाँ मस्तालाई 'दैलाका देउ' का रूपमा पुजिन्छ । मस्ताका धामीको ठूलो सामाजिक भूमिका हुन्छ । खसानमा धामीका माध्यमबाट मस्ता नै क्षेत्र रक्षक र न्यायकर्ता हुन् । मस्ताको धामीले पतुर्दै अक्षताको टीको लगाइदिने, घण्टले टाउको छोइदिने र आसिक दिने गर्दा सुब्बेफाब्बे हुन्छ भन्ने जनविश्वास पाइन्छ ।

आफूले चिताएको सबै कुरो पुऱ्याइदिने भएकाले ठूलो आस्थाले खसानका मानिसहरू मस्ताको पूजा गर्छन् । मस्ताको पूजाविधि पनि ठाउँअनुसार फरक पर्छ । लामिछाने (सल्यान) को सूचनाअनुसार चैत्र शुक्ल अष्टमीमा थानमा पूजा गर्ने चलन भए पनि साउन शुक्ल पूर्णिमामा मस्ताको पूजा धुमधामसित हुन्छ । कुलपूजा (देवाली) चाहिँ कार्तिक पूर्णिमा र जेठ पूर्णिमामा गरिन्छ । देवाली ३, ५, ७, ८, १२ वर्षमा गरिन्छ, तर प्रायजसो वर्षको २ पल्ट गरिन्छ । पूर्वी नेपालमा चाहिँ कुलपूजा वैशाखे पूर्णिमा र मङ्सिरे पूर्णिमामा गरिन्छ । कुलदेउतालाई कात्तिक पूर्णिमामा न्वागी चढाउने गरिन्छ । न्वागी खानकै लागि धामीहरू विभिन्न गाउँमा जाने चलन छ । नयाँ बालीलाई न्वागी भन्छन् । कुनै ठाउँमा चाहिँ मस्ताको पूजा आइतबार र बुधबार गरिन्छ भन्ने लामिछानेको सूचना छ ।

आर. डी. प्रभास 'चटौत' (डडेलधुरा), मनोहर लामिछाने (सल्यान) र रमानन्द आचार्य (जुम्ला) ले दिएको सूचनाअनुसार मस्ताको थान, माडौँ, माणु खुला हुन्छ, त्यहाँ छानो हुँदैन, मूर्ति हुँदैन, ढुङ्गो थापेर अथवा खोपामै पूजा गरिन्छ । आफूलाई समस्या पर्दा मस्तालाई जहाँ पनि स्मरण गरे पुग्छ । वनथलो माणु र घर थलो माणु गरी माणु पनि दुई किसिमका हुन्छन्, वनमाणुमा चाहिँ लिङ्गो हुन्छ, विशेष पूजा मात्र हुन्छ, तर घरमाणुमा नै दैनिक पूजा हुन्छ । मस्ताको थानमा 'आलम' (ध्वजा-पताकाको लिङ्गो) गाडिएको हुन्छ ।

मस्ताको आगम (वा गुह्य स्थान) लाई 'गब्युर' (गर्भगृह) भनिन्छ । मस्ताको थानमा तीनवटा गर्भगृह हुन्छन् (रमानन्द) । गब्युरसँगै गाडिने आलमसहितको लिङ्गो प्रायः धामीले पतुर्ने मस्ताको थानमा मात्रै फहराउँछ । मस्ताको थानभित्र र वरपर ढुङ्गा, काठ, तामा, पित्तल, काँस, आदिका मूर्ति, त्रिशूल, रुद्राक्षका माला, दियो र शङ्ख-घण्ट हुन्छ (आचार्य) । बझाङमा चाहिँ मस्ताले गद्दी ('पाट' भनिने काठको खाट) मा

दर्शन दिने कुरो सुनाउँदै डा. लक्ष्मी पण्डित के भन्दछन् भने त्यहाँ वनमाणु र घरमाणुको भेद हुँदैन, पुजारीको घरमै मस्टाको कम्पन हुन्छ।

मस्टाको थानभित्रै एक भागमा माटाको मैरो बनाइएको हुन्छ, जसलाई गादी भन्दछन् । मन्दिरमा चारैतिर ढुङ्गाले बारेर सामान्य ध्वजा, फलामको सोटा (एक प्रकारको राजदण्ड) र घण्टहरू राखिएका हुन्छन् । थान वा मन्दिर प्रायः उत्तर (कैलाश) तिर फर्केका हुन्छन् (लामिछाने) । मस्टाको नजिकै देवीथान हुन्छ (जस्तै डोटीको शैलेश्वरी मन्दिरकै पछाडि चण्डेश्वरी भैरवथानको २० मिटरजति दूरीमा क्षेत्रपाल दूधे मस्टाको थान छ) । मस्टा र भवानीको नाउँसँगै भैरव, झाँक्री, सिद्ध, बेतालजस्ता देउताहरूको नाउँ प्रायः जोडिन्छ (लक्ष्मीदत्त अवस्थी) ।

लामिछानेका अनुसार मस्टा र भवानी दाजु-बहिनी भए पनि मस्टाका परिवारमा मस्टाका भतिजा, मामा, भान्जा, भान्जी र सेवकहरू पनि भएको विश्वास गरिन्छ । मस्टाको थाननजिकै दायाँ-बायाँ अलिक पर विभिन्न प्रकारका स्थानीय भूत, प्रेत, पितर, भैयार, साासल्या, बज्रठिङ्ग्याल, खोल्या, महाकाल (मकाल), भैरव, लाटो, तेडी, समैजी र बेताल जस्ता डुलुवाहरूको भाग मस्टाले छुट्याइएको हुन्छ । यस्ता स्थानीय देव र भूतप्रेतलाई मस्टाले नै नियन्त्रण गर्ने विश्वास गरिन्छ । मुगु र हुम्लातिर लामाज्यु भनेर पनि मस्टासितै पूजा गरिन्छ (बौद्ध प्रभाव) ।

मस्टाको पूजाआजामा धामी, डाङ्ग्री, पुजारी, दमाईं र कविलास (कैलाश भाक्ने) नियुक्त हुन्छन् । मस्टाको धामीले रुद्राक्षको माला लगाउँछन्, कपाल पाल्छन्, त्रिशूल, चिम्टा र फलामको लौरो लिन्छन् (आचार्य) । मस्टाको धामी ईश्वरीय शक्ति भएको मानिन्छ । धेरै धामी भएका ठाउँमा एकजना मुख्य धामी र अरू सहायक धामी हुन्छन् । मूल धामी गादीको मुख्य अधिकारी हुन्छ । मस्टा उत्पत्तिका मुख्य ठाउँबाट अरू ठाउँका धामीलाई छाप अथवा लालमोहर दिने पनि चलन हुन्छ । मस्टाको धामी र पुजारीको जुनसुकै जात हुन सक्छ । धामीपछिको अधिकारी डाङ्ग्रीले थानको रेखदेख, पूजाका भाँडाकुँडा र अरू सामग्रीको सुरक्षा गर्छ । मस्टाको धामी नाच्ता दमाईंहरूले दमाहा बजाउने हुनाले दमाईंहरू पनि मन्दिरकै सहायक मानिन्छन् (लामिछाने) ।

मस्टाको सबैभन्दा ठूलो प्रभाव क्षेत्र जुम्ला हो । जुम्लाको पश्चिमतिर पनि पूर्वतिर पनि मस्टाको प्रभाव कम छ । कालिकोटमा मस्टाका विशिष्ट बेहोराहरू देखिन्छन् । कुमाऊँ र गढवालमा पनि मस्टो मानिन्छ । मस्टाको उत्पत्तिस्थल मानसरोवरदेखि कर्णालीसम्म मानिन्छ । आचार्य भन्दछन्, 'धामीका पडेली (भकाइ)' मा इन्द्रलाई मस्टाका बाबु भन्छन्, मस्टा 'भोटमा उब्जेका' भनेर चिनाउँछन्, मस्टाको पूजामा आराध्य देव शिव नै हुन्छन्, अनि वन, पाटन हुँदै मस्टा हिँडडुल गर्छन् ।

मनोहर लेख्छन्, बालब्रह्मचारी मस्टालाई निराकार मानेर रूपमा पूजा गरिँदैन । मस्टाको मूर्ति हुँदैन, ढुङ्गो थापेर पूजा गरिन्छ । मस्टालाई वायु रूपको हुन्छ पनि भनिन्छ । शिवजीले सबै प्राणीको पालन, पोषण र रक्षा गर्न खटाएका गण मस्टा हुन् । मस्टो उदारता र समन्वयको प्रतिमूर्ति हो । कुलचन्द्र कोइराला मस्टो शब्दको व्युत्पत्ति नै 'मरुत्, मरुत्तस्' (वायु) बाट भएको मान्दछन् ।

मस्टालाई खसान क्षेत्रका कुलदेउता, क्षेत्रपाल अर्थात् त्यस क्षेत्रका रक्षक, भूमिपति, अरू स्थानीय देउतालाई पनि नियन्त्रण गर्न सक्ने, परम शक्तिशाली देउता मानिन्छ । आचार्य मस्टाको गोत्र वामदेव (शिवकै नाउँ) हो भन्दछन् । डा. जयराज पन्त (डोटी) ले शिवजी र पार्वतीको गणका रूपमा मस्टो लोककल्याणकार्यमा खटिएको जनाएका छन् । मस्टाको धामीले पडेली र कैरन पतुर्दा खस प्राकृत भाषा बोल्छ । भारत, हुड्केली, गाथा, फाग र सगुनमा जस्तो भाषा पाइन्छ, त्यताको धामीले पतुर्दा त्यतैतिरको बोली प्रयोग गरेको देखिन्छ (लामिछाने) ।

चटौतले अमरकोशमा 'मश्' धातुको अर्थ 'रिसाउनु', 'कराउनु', 'तपस्या गर्नु', 'हिंसा गर्नु' बाट मस्टाको अर्थ खोजेका छन् । 'शब्दकल्पद्रुम' मा त्यसैसम्बन्धी 'मक्ष' धातुको अर्थ पनि 'रिसाउनु', 'कुट्नु', 'कराउनु', 'मार्नु', 'फल दिनु' पाइन्छ । चटौतले भेष बदलेर वा प्रकट भएर कसैको परीक्षा लिनु, भविष्यवाणी गर्नु, भलो हुने कुरो बोलिदिनु (सात्विक गुण) अनि 'चोट पुऱ्याउनु', 'क्षति गर्नु' (रजोगुण) भन्ने अर्थ मस्टासित मिल्ने 'मश्' धातुबाट निकालेका छन् । आचार्यले 'शिवमहिम्नस्तोत्र' मा शिवलाई 'महिष्ठः' भनेको कुरो अघि सार्दै 'मस्टो' शब्द त्यसै शब्दबाट व्युत्पन्न भएको निर्णय दिएका छन् ।

'मस्टो' लाई स्थानीय जनजिब्राले 'मइठो देउ' (महिष्ठदेवः) भन्दछ । यसबाट 'मस्टो', 'महिठो' अथवा 'मइठो' शब्द भगवान शिव जनाउने 'महिष्ठः' शब्दबाट बनेको रहेछ भन्ने अर्थ निस्किन्छ । इरानीहरूको 'अवेस्ता' मा मुख्य देवताको नाउँ 'अहुर मज्दा' भन्ने पाइन्छ । आचार्यको भनाइ मान्ने हो भने 'अहुर मज्दा' भन्ने शब्द संस्कृतको 'असुर महिष्ठः' भन्ने शब्दबाट बनेको प्रमाणित हुन्छ । आप्टेको 'संस्कृत शब्दकोश' अनुसार 'महिष्ठः' शब्दको अर्थ 'महान् देव' (अर्थात् महादेव) हुन्छ ।

विलियम मलन्द्रा (१९८३ इ., एन इन्ट्रोडक्सन टु एन्सिएन्ट इरानियन रिलिजन) ले इरानी अखामनीहरूको अभिलेख (पृ. ४५) मा 'अहुरस्य मज्दाह' (असुरस्य महिष्ठ) भेटेका छन् । त्यस अभिलेखमा 'अन्तिम जनाधिक्यका बेलामा मज्दाले यिमसित (शिवले यमसित) सामूहिक सल्लाह गरे' (१७६) भन्ने लेखिएको छ । कुज्मिना (२००७ इ., हिस्ट्रियर अफ इन्डोइरानियन्स) ले इरानी आर्यहरू वैदिक आर्यसँग छुट्टिएर दक्षिणतिर लाग्दा यमले नेतृत्व गरेका थिए भन्ने लेखेकी छन् । यमलाई अवेस्तामा 'यिम' भनिएको छ । हिन्दुकुशको स्वात उपत्यकामा इन्द्रलाई 'यिम्र' भनिएको छ । यसरी 'यिम', 'यम', 'यिम्र' र 'इन्द्र' को साइनो गाँसिन्छ (पर्पोला, २०१५ इ., 'रुट्स अफ हिन्दुइज्म') । लामिछानेले मस्टालाई इन्द्रको सन्तान मानिने भएकाले 'इन्द्र गादी' (इन्द्रासन) इन्द्रबाटै मस्टाले अधिकारमा पाएको विश्वास गरिन्छ, त्यसैले धामीहरू गादी (मैरो) मा काम्दै उफ्रेर चढ्छन् अनि यसरी काम्दा 'देउता चढ्ने, चढ्ने, जिउ चढ्ने, औतार लिने' हुनाले मस्टाको बोली देववाणीमा परिणत हुन्छ भन्ने लेखेका छन् । मस्टाहरू आफूलाई इन्द्रका छोरा (शिवजी इन्द्रका छोरा) भनेर चिनाउँछन् भन्दै लक्ष्मी पण्डित 'इन्द्रको जायो (छोरो) मइठो (मस्टो) बोलायो' भन्ने बझाङको उखान सुनाउँछन् । पण्डितको भनाइअनुसार मस्टाकी 'आमा मन्डाल्नी, बाबु इन्द्र' हुन् । इन्द्रको मूल्याहा छोरो भएकाले मस्टालाई इन्द्रले पातालमा फ्याँकिदिएको किम्वदन्ती बझाङमा छ, अरे । सोमयाग, महाव्रत, राजसूय, वाजपेय र अश्वमेध यज्ञमा व्रात्यहरूलाई देउताले स्वर्ग लगेनन् भन्ने प्रसङ्ग आउँछ । अथर्व वेदमा शिवजीलाई नै व्रात्य भनिएको छ (पर्पोला, २०१५ इ.) ।

खसान क्षेत्रमा प्रचलित लोककथा र गाथाअनुसार दक्षयज्ञ नाश गरेपछि शिवगणमध्ये वीरभद्रजस्ता केहीचाहिँ शिवजीमा लीन हुन

चाहे, तर केहीले चाहिँ वायुरूपमा घुम्ने, मान्छेको जिब्राले बोल्ने इच्छा गरे । मस्टा तिनै शिव गण हुन् (आचार्य) । अर्को लोककथाअनुसार असुर (दक्ष, रावण, जालन्धर, शङ्खचूड, अन्धकासुर) हरूले शिवकी भगवतीलाई दुर्व्यवहार गरी बन्दी बनाएकाले शिवजीले आफ्ना गण (विनायक, गणेश, स्कन्द) हरूलाई मुक्त गर्न लगाए । गणहरूले मस्तक थापेर युद्ध गरी जिती ल्याएका (मस्तकमा राखेर भगवतीलाई ल्याएका) हुनाले त्यही मस्तकबाट मस्टो शब्द बनेको हो (लामिछाने) । मानसरोवरमा विहार गर्ने क्रममा शिवजीको वीर्यपात भएर दन्दनी बलेको आगो स्वर्गबाट नुहाउन आएका दुइटी अप्सराले तापेकाले एउटीले कालिका, मालिका र दुर्गा जन्माएको र अर्कीले मस्टो जन्माएको पनि मिथक छ (लामिछाने) । भैरव र सिद्धका रूपमा पनि मस्टा पुजिएको सूचना पनि पाइएको छ । घोडा नै मस्टाको प्रमुख वाहन हो, तर भेडा, चितुवा र जाड्या पनि मस्टाका वाहन मानिएका छन् ।

मस्टाहरू १२ भाइ छन् र उपभेद ८४ छन् भन्ने किम्वदन्ती खसानभरमा छ अनि त्यो उपभेदको आधार धामी हो (आचार्य), तर सूचकहरूबाट बटुलेका मस्टाका नामहरू गनिसाध्य छैनन्, जस्तै –

(१) उखाडी, उखड्या (मनोहर) : आचार्य अनुसार यो मस्टाको मूल थलो जुम्लाको उखाडी हो ।

(२) कवा, कः, कावु (मनोहर) : 'कवा' मस्टाको मूल थान मुगु हो । 'कवा' मस्टालाई केश अर्थात् कपालको आँठो चढाउँछन्, (आचार्य) । मनोहर 'कौवा' मस्टाको मूल थलो 'कौवा लेक' लेख्छन् ।

(३) कालोसिल्टो, कालसिला, काल्सिला, काला, काल्या, 'कालाशिला विनायक मस्टो' (विष्ट, कालिकोट),

(४) क्षेत्रपाल, छेत्रपाल्या : पूर्ण धितालको भनाइअनुसार क्षेत्रपाल मस्टालाई समन्वयकारी मस्टो मानिन्छ, क्षेत्रपाल मस्टाको माडौँ जुम्लाको धिताल्नी गाउँ हो ।

(५) खापड, खापर : खापर मस्टाको माडौँ कालिकोटको पलाँता गाउँ हो (धिताल) । लामिछानेचाहिँ कालो खापडे अर्थात्, खापर मस्टाको माडौँ खप्तड हो भन्दछन् ।

(६) ढणार, ढँडार, ढँडारे : आदि मस्टाका रूपमा पुजिने यो जेठो भाइको मूल थलो बभ्फाङको ढँडार हो । 'रातो ढँडार' भन्ने बेग्लै मस्टो पनि छ कि ? 'ढँणार फुट्यो, पखान छुट्यो' भन्ने उखानको अर्थ हो : ढँडारको प्रवाहमा प्रवाहित हुँदै जल, थल, पाखापखेरा सबै मस्टामय भए (पण्डित) ।

(७) थार्पा, थापर, थापरे, थार्प, थार्पो मस्टालाई सर्वज्ञ र विद्वान् मस्टो मानिन्छ । मुगुको थार्पा भन्ने ठाउँ यसको मूल थलो हो । मुगुमा 'मस्टो पोखरी' छ (धिताल) ।

८) दाढ्या, ढाडे, दाढे, दारे : धितालका अनुसार चमत्कारी दाढ्या मस्टाको माडौँ मुगु हो । जुम्लाकै आचार्यचाहिँ दाढ्या मस्टाको मूल थलो दुल्लु हो भन्दछन् । सल्यानका लामिछाने चाहिँ 'दारे' मस्टाको मूल थलो जुम्ला, मुगु र जाजरकोट लेख्छन् ।

(९) दुध्या, दुधे, दुधेसिल्टो : यो 'दूध खाने सात्विक' मस्टाको मूल थलो दुल्लु हो (आचार्य) । यो मस्टो शाकाहारी हो अरे ।

(१०) बाम, बाऔँ, बाहाँ : धितालका अनुसार बाऔँ मस्टाको माडौँ जुम्लाको बाऔँ गाउँ हो । बाऔँलाई सुरक्षा दिने देउता मानिन्छ । आचार्यचाहिँ 'बाहाँ', 'बाम' मस्टाको मूल थलो मुगु भन्दछन् ।

(११) बाबिरो, बाबिरा : धितालका अनुसार जुम्लाको खलङ्गा नजिकैको बाबिरा गाउँ बाबिरो मस्टाको माडौँ हो । आचार्य बाबिरो मस्टालाई कान्छो भाइ भनेर चिनाउँछन् । बालकृष्ण पोखरेल (२०५५, खस जातिको इतिहास, २४०) ले '(बाबिरो) मस्टा' शब्दको साइनो इरानी '(बाबैरुरा) मज्दा' सँग जोडेका छन् र बाबिरो मस्टाले खसहरूलाई एकातिर असुरसित अर्कातिर बेबिलोनसित जोड्छ भन्ने विचार व्यक्त गरेका छन् (लामिछाने) ।

(१२) बिजुल्डाणो : आचार्य यस मस्टाको मूल थलो जाजरकोटको ब्वारेकोट मान्दछन् ।

(१३) बुढो, बुढाल, बुडु, बड : जुम्लामा बुडु मस्टालाई नै सर्वशक्तिमान् मस्टो मानिन्छ । बुडु मस्टाको माडौँ जुम्लाको बुडु गाउँ हो (धिताल) । बुडु नै सबैभन्दा जेठो मस्टो हो ।
(१४) रमाल, रुमाल, रुमाल्या मस्टाको मूल थलो लामिछाने (अछामको) 'खिड्कीसैनी' लेख्छन् ।

(१५) लाडे, लरे, लाट्या, लाटो, 'लट्टे, जटाधारी' मस्टो इमान र न्यायको देउता हो, जसको माडौँ जुम्लाको सन्जेलबाडा हो (धिताल), तर जुम्लाकै आचार्यचाहिँ लाटो मस्टाको मूल थलो हुम्ला भन्दछन् ।

(१६) सुनारगाउँ, सुनारगाउँले मस्टाको मूल थलो जुम्लाकै सुनारगाउँ हो (आचार्य) । लामिछानेले दिएका मस्टाका अरू नाउँ यस्ता छन् – उडिसिला, कमल, कलि, कुर्मी, कैडल्यो, कैलास, क्यँडालो, खुन्दात, खुन्दाल, गुणे, गुरौ, 'गुरो' (मूल थलो हुम्ला र मुगु), घुरापानी, जिय, टेठ्या, टेढी, 'तेडी' (मूल थलो डोटी), डाङ्ग्री डोग्री, तुसापानी (ढुसापानी), पुवाँले, बान्नी, बाँसकोटऱ्या, बाँस्यालो, माङ्ले, मुण्डा, रुद्र, लाकुड्या, लाङ्खुरे, लिउडी, वनपाला, वराह, बारामस्टा, सुकिलो हंस र सुन्दरगाउँले ।

तुलाराज विष्ट लिङ्गासैनी मस्टलाई भगवान शिव मान्दछन् । उल्लेख गरिएका सूचकहरूले मस्टाका अरू नाम र किसिम पनि चिनाएका छन्, जस्तै कामत, कैल्या, डढी सिमल, डाँडा, थोते, धौलपुरा, धौलपुर, धौलपुरे, धवलपुरी, बिजुल, मण्डल्या, मुढ्या, म्हावै, वाँ, लरिचाल, लाङ्डा, लेखाडी, लोखाडी, साइन, सिम । स्थानभेद र उच्चारणभेदले पनि मस्टाको सङ्ख्या बढेको पाइन्छ ।

स्वभावका दृष्टिले मस्टा तीन किसिमका पाइएका छन् :

(अ) रजोगुणी मस्टाले रगतको बलि खान्छन्, जस्तै – जेठो आदि मस्टो, रुमाल मस्टो, दाह्रे, खप्पर, खपरे र टेढी । दारे मस्टाको धामीले दाँतले बोकाको घाँटी टोकेर बलि स्वीकार्छ । दारेबाटै थोते मस्टो जन्मेको मानिन्छ ।

(आ) सत्वगुणी मस्टाले दूध र खीरको बलि मात्र खान्छन्, जस्तै – दुधे र लडे ।

(इ) सर्वाहारी मस्टाले जस्तो बलि पनि खान्छन्, जस्तै – मुण्डा, रुद्र, कैली, काला र रानी मस्टाहरू ।

पण्डित के भन्छन् भने ठाउँका नाउँले मात्र मस्टाको सत्या धेरै देखिएको हो, नत्र मस्टो एउटै मात्र हो । त्यसका मूलतः ३ किसिमका रूप हुन्छन् – (अ) दाढ्या (दाँत देखाउने अर्थात्, भोग खाने), (आ) दुध्या (दूध खाने), (इ) रोड्या (न्यायाधीश) । उनको भनाइअनुसार बझाङमा मस्टालाई मासु चढाइँदैन, दही चामलले मात्र पुजिन्छ ।

बाह्रभाइ मस्टा र नौबहिनी भवानी भन्ने प्रसिद्ध भए पनि भवानीका नाउँमा पनि एकरूपता पाइँदैन । लक्ष्मी पण्डित भन्दछन्, मस्टालाई बझाङतिर १६ बहिनीको 'एक्लो भाइ' भनेर चिनाउने चलन छ । भवानीहरूका नाउँ यस्ता भेटिन्छन् – अलकनन्दा, कनकसुन्दरी, कालिका, खेसमालिनी, चुली मालिका (कालिकोट), जालपादेवी, ठिङ्ग्याल्नी, डिङ्ग्याल्नी (गद्धीनसिन), थिगेल्नी, त्रिपुरासुन्दरी, दूधेभवानी (जुम्ला), दुलेल्ली, नदई (जुम्ला), निगालासैनी (डोटी, बैतडी), पुंगेल्नी, पुँग्याल्नी (अधिकारिणी), पुगमालिका (कालिकोट), पोटलासैनी (डोटी, बैतडी), बडिमालिका (कालिकोट), बन्डाल्नी । पूर्ण धितालको भनाइ अनुसार यिनै सबभन्दा ठूली देवी हुन् ।

आचार्य यी देवीको वैकल्पिक नाम मण्डाल्नी भन्दछन् । विष्टले चाहिँ बन्डाल्नीलाई जङ्गलमा पूजा गरिने राक्षसी देवी भनेर चिनाए । आचार्य इन्द्रपत्नी 'मस्टाली' लाई चाहिँ दैत्य मानिन्छ भन्दछन् । (विन्ध्यवासिनी, (डोटी, बैतडी, अवस्थी), बिन्दासैनी, भवानी, भुजेल्नी (जुम्ला), मङ्गलासैनी (डोटी, बैतडी), मालिका, रामारानी (रामारानीका रूपमा खसानसँग जडान संस्कृतिको एउटा बाहौं मिसिएको पाइन्छ), शैलेश्वरी वा शिलादेवी (डोटी, बैतडी), सुन्दरादेवी, हरूपादेवी (अग्ला टाकुरामा बस्ने, ऋषितर्पणीमा मात्र पुजिने, कालिकोट) । आचार्य भवानीहरूलाई मस्टाका अनुचरी भनेर चिनाउँछन् भने अरूले बहिनी भनेर चिनाएका छन् ।

(नयाँ पत्रिका (झन् नयाँ), २०७६ मङ्सिर १४ बाट)

मस्टो : मेरो ज्ञानमा

– रामबहादुर रावल –

स्थानीय तहका विजा तथा विजार भनिने विजयवर भट्टले गङ्गास्नान गर्दा एउटा सानो शिला गङ्गाप्रवाहको विपरीत माथितिर पौडिरहेको देखेर श्रद्धावश त्यसलाई टिपी झोलामा राखेर तीर्थबाट घर फर्किने क्रममा वृद्धगङ्गा र कैलाशको दोभान अछाम जिल्लाको जिमराडीमा बास बसे । भोलिपल्ट पूर्णिमा परेको र नजदीकको गाउँमा यजमानी भएका कारण सङ्गममा (स्थानीय भाषामा मोरो) स्थान गरी त्यसै ठाउँको एउटा वनधायरोको बोटमा झोला झुन्ड्याई पाती लगाउन यजमानी पालीमा पुग्दा लामो समयसम्म क्रियाकाज रोकिँदा आफ्नो सट्टा अर्कै पुरोहित पुजिएको पत्ता लगाई रित्तो हात र उँधो मुख फर्केका भट्टज्यूले झोला हेर्दा शिला अलप भएको भेट्टाए । यजमानीबाट अपमानित र अवकाशप्राप्त तथा आशा, विश्वास र श्रद्धाका साथ तीर्थबाट बोकी ल्याएका देवताबाट अपहेलित र परित्यक्त विजाले निराश भई त्यसै बोटमा झुन्डी मर्ने अठोट गर्दा त्यो वनधायरोबोट भयङ्कर रूपमा काँप्ता पनि विजारको निराश भई आत्महत्या गर्ने सुरमा कुनै परिवर्तन नभएको बुझी भट्टले साथमा सहयोगका लागि ल्याएको मानिसमा प्रथमपटक मस्टोदेवता अवतरित भयो । यसप्रकार चढेको देवताले भट्ट विजारको सन्तान दरसन्तान धामी र पुजारीभन्दा पनि ठूलो र पूजाआजाको प्रमुख भाग पाउने वाचाबन्धनमा आफू सधैं रहने आश्वासन र वरदान दिँदा चित्त बुझाई भट्ट घर फर्के ।

यसै परम्पराअनुसार विजयवर भट्टका शाखासन्तान अछाम घोडासैनका अधिकारी अछामका प्रमुख मस्टोको हालीमुहाली गर्छन् र मस्टादेवताको बाईस पढको (मठ) लागि व्यवस्था भएको गुट (गुठी) जग्गाको मुखियाली गर्ने हुँदा 'गुटका मुखिया' को दर्जाबाट स्थानीय स्तरमा सम्मानित र सम्बोधित हुन्छन् । यसका अतिरिक्त प्रसिद्ध तीर्थस्थल जिमराडीमा मस्टो रूख र मानिसमा प्रथमपटक अवतरिएको हुँदा त्यस सङ्गम क्षेत्रलाई मस्टोको अवस्थलो मानिन्छ र मानिसभन्दा पहिले वनधायरोमा प्रकटिएकाले प्रतीकात्मक रूपमा मस्टो आफूहरूलाई

प्रसङ्गवश वण्डाली (वनको डाली) भन्ने र अरूहरूले पनि मान्ने क्षेत्रगत प्रचलन रहेको छ । मस्टोपूजित क्षेत्रमा यस प्रकारका अनेकन् कथाहरू प्रचलनमा रहने स्थितिलाई नकार्न नसकिने र उल्लिखित उपाख्यानलाई प्रतिनिध्यात्मक रूपमा मात्र मान्न सकिने हुन्छ ।

मस्टो शब्दको व्युत्पत्तिबारे विद्वान् खोजकर्ताहरूमा मतैक्य रहेको छैन । भगवान् शिवका प्रख्यात अष्टमूर्ति अथवा प्रसिद्ध अष्टभैरवको साङ्ख्यकी शब्द 'अष्ट' बाट नै 'मस्टो' भएको मान्ने एक पक्ष छ भने ... ... (कुलचन्द्र कोइरालाले) 'मरुत्' बाट 'मस्टो' शब्द निष्पत्ति भएको प्रशस्त शास्त्रीय आधार र प्रमाणहरू स्तुत्य रूपमा प्रस्तुत गर्नुभएको छ । वास्तवमा आँसुका थोपाहरूबाट क्रमशः देवप्रिय रुद्राक्ष र पितृप्रिय चाँदी बर्साउने प्रसिद्ध रुद्र, रोदनको अनुसरणमा सम्पूर्ण प्रणालीहरू जन्मिँदा रुने क्रियासूचक 'रुद्र' (रुनु) बाट रुद्र तथा बज्रप्रहारबाट राक्षसजननी दितीको गर्भका सात र त्यसपछि प्रत्येकका सात-सात टुक्रा हुन गई छिन्नभिन्न भएका ४९ टुक्राहरू रुन लाग्दा प्रहारक इन्द्रले 'मारुद' (नरोऊ) भनेको 'रुद्' धातु नै रुद्र-मरुत् दुवैको साझा स्रोत भएकाले मस्टोको व्युत्पत्तिमा रुद्र अथवा मरुत्मध्ये कुनै एकलाई अथवा दुवैलाई प्रधानता प्रदान गर्न नसकिने होइन । किनकि ४९ मरुत्गणभित्रका उग्र, भीम, पुरुष, साम तथा मारुती नाम र सोअनुसारको काम विभाजनअनुसार निश्चय नै रुद्रांश सिद्ध हुन्छन् । 'यथाऽकाश स्थितो वायु नित्यं सर्वगतो महान्' का अनुसार आकाशचारी र महाबली मारुती अथवा वायुका रुद्रावतार पुत्र हनुमान र भीमको कथानकबाट पनि वायु अथवा मारुतीमा शिवसान्निध्य तत्त्व देखापर्छ । त्यसका अतिरिक्त साध्या विश्वदेव, रुद्र, मरुत्, वसु, अश्विनिकुमार, आदित्य यी सात देवगणको गणना वायुरूपी र आकाशचारी हुँदा मरुत्गणमा गरिने पाठभेद पनि प्रचलित छ ।

जनस्तरीय व्यवहार र प्रचलनको विचार गर्दा मस्टोदेवता मुख्य तीन रूपमा पूजित हुन्छ । रगतको बलि नचढ्ने र विशेषतः दूधको भोग मात्र लाग्ने मस्टोलाई स्थानीय प्रचलनमा दूधेमस्टो भन्दछन्, जसलाई सात्विक शिवरूप मान्ने प्रथा छ । हतियारले बोको रेटी गरेको बलि चढ्ने राजसीलाई मस्टो भन्ने प्रचलन रहेको छ र तीखा दाँतले बोकाको घाँटी छिनी रातोतातो रगत चुस्नेलाई तामसी रूपको दाह्रेमस्टो भन्ने व्यवहार छ ।

यसै क्रममा अरू देवताहरू, देव र शिवजी मात्र महादेव मानिने धार्मिक परम्पराअनुरूप अरू देवता इष्ट र स्वयं महादेव महाइष्ट सम्बोधित हुने मर्यादित धार्मिक प्रचलनको अनुसरणमा पुष्पदन्तले शिवस्तुतिमा 'महीष्टाय नमोनमः' भनी गरेको सम्बोधित महीष्ट (महाइष्ट) बाट मस्टो निष्पत्ति भएको जनस्तरीय बोलचालमा मस्टो, महिठो वा मैठो उच्चरित हुँदा महीष्ट नै मस्टो बन्न पुगेको प्रस्ट हुन्छ । 'तीक्ष्णदन्त', 'भीमदंष्ट्र', 'मासाशी' आदिरुद्रांश भैरवसम्बन्धी विशेषणहरूको विचार गर्दा बोकाको रगत चुस्ने दाहृमस्टो निश्चय नै रुद्रगणभित्रका देवता मानिनु बढी न्यायसङ्गत हुने देखिन्छ । आकाश छुने जटा, लटा र झाँक्रोको विशेषताले स्वयं रुद्रावतार (व्योमकेश, शिखीसख, जटाजुट, जटाधारी आदि) सम्बोधित हुने परम्पराअनुसार टुपीको ठाउँमा धामीको शिरमा असाधारण लट्टो र झाँक्रीको झाँक्रो हुने चलन छ । सुनचाँदीले ठाउँठाउँमा बाँधिएको लट्टो, टोपीको सट्टा विशेषता व्यक्त गर्ने पगरी, माथि निधारबाट नाकको टुप्पोसम्म पुग्ने गरी लगाइएको सिन्दुर, कानमा पिङ खेल्ने सुनका गहना तथा काँप्ता झङ्कारित हुने कुहिनासम्म पुग्ने चाँदीको मर्दाना बालाले सजिएको धामी रुद्रावतारको शृङ्गारप्रियताको (नानालङ्कारभूषिता) स्थानीय भेषधारणा मान्न सकिन्छ ।

उल्लिखित जिमराडीको धामीले आफू र महाकाली एकै समयमा शिवजीको जटाबाट प्रकट भएको भनी गर्ने बरवान (बयान) ले दक्षयज्ञ र वीरभद्रको पौराणिक पक्षको स्मरण गराउँदछ र त्यसैले दुर्गालाई बहिनी र आफू बाहृभाइ मान्ने मस्टो वीरभद्रको गन्ती गर्दा एकादशरुद्रसहित बाहृ हुन्छ । भगवान् शिवका प्रसिद्ध ज्योतिर्लिङ्गको सङ्ख्या पनि बाहृ नै छ । त्यसका अतिरिक्त दक्षप्रजापतिको छिन्न गर्धनमा उल्टो जोडिएको बोकाको टाउकोको क्रोधपूर्ण स्मरणमा दाहृमस्टोको धामीले उत्तानो पारी दाँतले घाँटी काटी बोकाको तातो रगत पिउने चलन बसेको पनि हुन सम्भव छ ।

त्यस्तै, स्वर्गारोहणका क्रममा उत्तराखण्ड पुगेका पाण्डवहरू केदारेश्वरको दर्शन गर्न भगीरथ प्रयत्नमा लागेका देखी गोत्र-हत्याराहरूलाई दर्शन दिन अनिच्छुक नाथ अनुचरसहित राँगोको बथानमा परिणत हुँदा रुद्रांश वायुपुत्र भीमको युक्तिअनुसार चारभाइले राँगाहरू लखेट्ता एकबाहेक अरू सबै गोरेटोको वारिपारि फैलाएका टाङमुनि छिरी

भागे र नभाग्नेलाई चिनी पाण्डवहरूले छुँदा ज्योतिर्लिङ्ग केदारेश्वरको शरीर महिषाकार शिलामा र शिर नेपालका आराध्यदेव पशुपतिनाथको मूर्तिमा क्रमशः परिणत र प्रकट भएको सत्यको सम्मान र स्मरणमा राँगोलाई केदारपुत्र मान्ने र राँगो बलि नचढ्ने हुँदा मस्टोपूजित क्षेत्रमा पशुधन विशेषतः राँगा, भैँसी मस्टोका नाउँमा पालिन्छन् । अन्नबाली र पशुधनको अधिष्ठाता मानिने मस्टोलाई नयाँ अन्न (न्वागी) चढाउने, चोख्याउँदा नौनीको धूप हाल्ने र विशेष अर्वपर्वमा भोगका लागि सम्बन्धित क्षेत्रमा दूध, दही र घ्यू अनिवार्य रूपमा उठाउने प्रचलनका साथसाथै त्यसप्रकार पालिएका पशुधनको धिनाली पानी (दूध र दही) नबेच्ने र अरू गोरस पनि तथाकथित तल्लो जात र पर सरेकीलाई नदिने कडा प्रतिबन्ध कायम छ ।

मस्टो खसप्रदेशको घरघरमा कुलदेवता र स्थानविशेषमा क्षेत्रपालका रूपमा पूजित अर्धाङ्गिनी नभएको पुरुषदेवता हो । पाकिस्तान, भारत र नेपालको उत्तर-पहाडी क्षेत्रलगायत कम्बोडियासम्मको उत्तर मोन (मङ्गोल) र दक्षिण खमेर (खस) बस्ने भूभाग बृहत् खसक्षेत्र ठहर्ने अनुसन्धानात्मक खोज र निष्कर्षहरू उपलब्ध हुन लागेका भए तापनि प्रस्तुत पुस्तिकाका सन्दर्भमा कास्मिरदेखि कुमाऊँसम्मको भारतीय पहाडी प्रदेश, महाकालीदेखि त्रिशूलीसम्मको नेपाली पर्वतीय खण्ड र सिँजा साम्राज्यअन्तर्गतको हाल तिब्बतमा पर्ने खारी प्रान्तलाई खास खसप्रदेश मान्दा उद्देश्य र आशयमा फरक नपर्ने देखिन्छ । अरू शाखा र उपशाखाहरू पूर्व सिन्धु-गङ्गातट पुग्ने वेद-उपनिषद्को रचना, वर्णाश्रमको व्यवस्था तथा संस्कारहरूको पालनाका दृष्टिबाट आफूलाई विशिष्ट र अरूलाई तल्लो ठान्ने आर्यसमुदायलाई उछिन्ने प्रयासमा युनानी सिदियनका छिमेकी कृष्णसागरको (क्यास्पियन) आसपास बसोबास गर्ने आर्यशक (कश, खस) वंशीय राजा शालिवाहनले शक सम्वत् फिराए ।

त्यस्तै, उल्लिखित शाखा कश (कुशान) शिरोमणि कनिष्कको समयमा सनातनी हिन्दू आचार, विचार, संस्कारको पुनरुत्थानकारक अभियान सुरु भयो र यस क्रममा विशेष रूपमा सुसंस्कृत खस, सनातनी क्षत्रीभन्दा पनि ठूला खस क्षत्री (ठकुरी) र बाँकी साधारण खस क्षत्री सम्मानपूर्वक सम्बोधित हुन लागे । बाहुन र ठकुरीले अरू क्षत्रीलाई खस भन्ने र ओठे जवाफमा सो जातकाले बाहुनलाई काठा (प्रेतसम्बन्धी दान

खाने कठशास्त्र पढ्ने) र ठकुरीलाई कुसुन्डा (कुशान) भन्ने, तल्लो जातले अनुपस्थितिमा ठकुरी र क्षत्री दुवैलाई खस भन्ने, तराईका बानियाँहरूले सबै पहाडीहरूलाई खसिया र तिनको क्षेत्रलाई खसियान भन्ने र हिउँदमा पहाडबाट मधेस झरी पहाडियाहरूले गर्ने बन्जब्यारको मोशेमलाई खसियारी भन्ने जनस्तरीय प्रचलनका आधारमा पनि सम्पूर्ण पश्चिम नेपालको पहाडी प्रदेश खसप्रदेशको अभिन्न भाग हो ।

यसै क्रममा काठमाडौँ उपत्यका लगायत पूर्व किराँत प्रदेशमा आक्रमण गर्ने उल्लिखित क्षेत्रका नागवंशी मल्ल राजाहरूलाई वंशावलीले खस मल्ल भनेको र सोही भनाइअनुसार आधुनिक खोजकर्ता र इतिहासकारहरूले पनि जुम्ली महाराज सिँजापतिलाई खसिया मल्ल मान्ने चलनको ऐतिहासिक सान्दर्भिकता सबैको सामु खडा छ ।

सूक्ष्मरूप अथवा वायुरूपमा देवता प्रवेश गरी वा गराई मानिसको शरीरलाई माध्यम बनाई फलाक्ने प्रक्रिया या त मन्त्रबलका आधारमा या स्वतः शक्तिपातको सिद्धान्तमा सर्वत्र अडेको पाइन्छ । अधिराज्यको प्रसिद्ध तलेजु (तुलजा) लाई कन्यामा आह्वान गरी देवी कुमारी बनाई श्री ५ महाराजाधिराजले पनि टीका थाप्नुपर्ने र नुवाकोटस्थित प्रसिद्ध संहार भैरवीलाई बज्राचार्य पुजारीले मन्त्रबलका आधारमा शरीरमा प्रवेश गराएपछि धामीले गरेको फलादेश गोप्यरूपमा राजदरबारमा जाहेर गर्ने अटुट प्रथा कायम छ । यसै क्रममा मानिसमा आवाहित भद्रकाली, पचलीभैरव आदिसँग १२-१२ वर्षमा राजाले खड्ग साटासाट गरी खड्गसिद्धि गर्नुपर्ने परम्परा मर्यादित छ । झाँक्री तथा गुरुवाजस्ता मन्त्रबलका आधारमा देवता चढाउने अनेकौं प्रकारका प्रथा र प्रक्रियाहरू यसै क्रममा सान्दर्भिक हुने देखिन्छन् ।

मन्त्रबलविना स्वतः शरीरमा चढ्ने देव शक्तिपालका सिलसिलामा विभिन्न देवीदेवताका नामधारी शक्तिमाता देउती, भगवती आदिको अधिराज्यभरि जनस्तरमा व्यापक चलन देखिन्छ । रुद्रावतार, 'दुष्टभूत निसेवित' पनि हुँदा भूत, प्रेत, पिशाच र अन्य अवान्तर र वायुदेवताहरूलाई आफ्नो सानवान (साधनवाहन) मान्ने र नियन्त्रण गर्ने मस्टोको अनुसरणमा उल्लिखित गणहरू पनि आ-आफ्नो धामीमा चढ्दा स्वयं आफूलाई भूत र पिशाचले राकस (राक्षस), प्रेतले काँचो वायु र पितृले वायु भन्ने व्यापक प्रथामा जनविश्वास पनि रहेको छ ।

यसै प्रसङ्गमा तिब्बती खाम भाषा बोल्ने खारी प्रदेशको धामीमा चढ्ने वायुदेवतालाई पनि उल्लेख गर्न सकिन्छ । सङ्क्षेपमा जनस्तरमा रहेको यस प्रकारको विश्वासलाई झन् बढी पुष्ट्याइँ पुग्ने गरी डडेलधुराको प्रसिद्ध घटाल देवता आफूलाई भीमपुत्र घटोत्कच घोषित गर्छन् भने भोटको बाटो खोल्ने मस्टोस्तरीय बझाङ्गी वीर लाँगो (नागो) देवतालाई कुनै पराक्रमी नागो योगीको वायुरूपी देवात्मा मान्नु बढी तर्कसङ्गत सावित हुन्छ । यसै क्रममा निराधार आरोप खप्न नसकी आत्महत्या रोज्ने रणध्वज शाह नै श्री ५ महाराजाधिराजको वायुदेवता भएका र सो देवताका धामी (धमला) पनि श्री ५ कै भैयादमध्येका धादिङ ज्यामरुङ निवासी चौतरिया हुने परम्परा यस क्रमको ऐतिहासिक तथ्य हुनुका साथसाथै वायुदेवतासम्बन्धी प्रचलनहरूको प्रतिनिधित्व गर्ने घतलाग्दो घटनाक्रम पनि हो ।

मस्टोले आफूलाई सत्ययुगी वायु अथवा वीरभद्र घोषित गर्ने परम्परा भए तापनि बझाङ्गी दाहे्रमस्टो आफूलाई मनडालीबाट जन्मेको इन्द्रपुत्र मान्दछ । 'इन्द्रका पुत्र गोसाइँ (स्वामी) मनडालीका जाया (जन्मेका)' यस उपाख्यानअनुसार कुशा भट्टले जालन्धरबाट झोलीमा बोकी ल्याएको मस्टोदेवता ढाडे वनबिरालो वा त्यसै प्रकारको मिल्दोजुल्दो चारखुट्टेका रूपमा गोठको दूधदही चोरी खान पल्किँदा गोठालाहरूले भाग्न नपाउने गरी चारैतिरबाट घेरी चुटेर मार्न खोज्दा पशुरूपी मस्टो बज्रपातसरह जमिनमा घुस्यो । त्यही ढँडार नै बझाङ्गी मस्टोको मुख्य थलो मानिन्छ र बझाङको वर्तमान नामकरण पनि त्यसै बडझाँझरबाट भएको अड्कल लगाउन पनि सकिन्छ । ढँडार दाहे्रमस्टोले अष्टबाहु बराह मस्टोको पनि प्रशस्ति धारण गर्छ ।

विश्लेषणात्मक रूपमा विचार गर्दा बराह र इन्द्रको प्रतीकात्मक प्रयोग भएको मान्नु बढी तर्कसङ्गत सावित होला । कैलाशपति शिव कैलाशेन्द्र मानिने र पृथ्वीलाई कमलको फूलसरह काँधमा उठाई उद्धार गर्ने बराह अवतार वीरताको उपयुक्त प्रतीक व्यक्त हुने क्रममा मस्टो आफूलाई वीर, बराह, डाडो, वायु आदि भन्ने गर्छ । अछाम र बझाङमा उल्लिखित र प्रचलित मस्टोका कथाहरूमा वनडाली र मनडाली तथा विजा भट्ट र कुशा भट्टको प्रसङ्ग पनि मिल्दोजुल्दो देखिन्छ । अष्टबाहु, दाहे्रमस्टो रुद्रगणभित्रकै हुनु बढी युक्तिसङ्गत देखिन्छ ।

जे होस्, महाभारतको कुरुक्षेत्र, दक्षप्रजापतिको यज्ञ भङ्ग भएको कनखल, प्रसिद्ध ज्वालामुखी पीठ रहेको पठानकोट र प्रसिद्ध पतिव्रता वृन्दापति जालन्धर राक्षस, शिवसंहारित पार्वती आसक्त जालन्धर वीरपुरुष, चमत्कारी योगी जालन्धरीनाथ तथा जालन्धरी राजा जुम्ला सिँजापतिसँग आबद्ध जालन्धर (काँगडा उपत्यका) मस्टोको प्रसङ्गमा बढी वर्णित हुन्छ । वैश्वानर ज्वालाका कारणले पनि प्रख्यात भएको उल्लिखित काँगडाको ज्वालामुखीकै हाराहारीमा उभिने दैलेख र मुस्ताङका ज्वालाजीका अतिरिक्त मल्लिकार्जुन (दार्चुला), मल्लिका गिरी (मालिका), खेचरी पर्वत (खप्तड), कैलाश तथा मानसरोवरसँग आत्मीय र भौगोलिक जीवन वृत्तान्त वर्णन गर्ने मस्टोदेवता साधारणतया कल्याणकारी मानिने भए तापनि पीडित, दीनदुःखीको पुकार सुनी अन्यायी र अत्याचारीमाथि जाइलागी बिगार पनि गर्छ भन्ने जनश्रुति व्यापक रहेको छ ।

यसप्रकार गरिने पुकार धुयाग्री (रुनु-धुनु) र धुयाग्रीअनुसार देवता लाग्ने काम लागुभागु मानिने स्थानीय प्रचलन छ । देवता लगाउने (धुयाग्री गर्ने) र लाग्ने दुवैथरिले धामीले भनेअनुसार देवता नमानेसम्म बिगार हुन बन्द हुँदैन भन्ने जनविश्वास रहेको पाइन्छ । यसप्रकार अवस्था र स्थितिअनुसार धुयाग्री सुनी लाग्ने मस्टोदेवता कुनै मन्त्रबल तथा आह्वानको अपेक्षा नराखी र प्रतीक्षा नगरी सोझै धामीको (धामप्रमुख) आङमा चढ्छ र भयङ्कर कम्पनका साथ काम्न थाल्छ जसलाई अछाम र बझाङमा बखान काट्नु (वर्णन गर्नु) र जुम्लामा पतर्नु (बरबराउनु) भन्ने चलन छ ।

यसप्रकार रोगव्याध गर्दा, भूतप्रेत र बोक्सीको दोहलो झार्दा तथा अरू सामान्य भविष्यवाणी गर्दा साधारण स्थानीय व्यक्तिहरूले पनि बुझ्न नसक्ने प्रतीकात्मक भाषामा दर्दसूचक ऐया ! ऐया ! ओहो ! आदिसँग मिल्दोजुल्दो अह ! अह ! शब्दको अहङ्कारलाई जोरजोरसँग भट्याई भयङ्कर रूपमा काँप्तै उफ्री-उफ्री नाच्न र धमर्को गर्न थाल्छ । यसैलाई धम्यौल भन्ने चलन छ । धम्यौल गर्दा चढेको देवताले धामीलाई डाँगर (भारी बोक्ने पशु डिङ्गर वाहन) भन्ने, भैरवको बाहन भाले कुकुर डाँगो भनिने, काठमाडौँको इन्द्रयात्रामा इन्द्रकी आमाको स्वाङ गर्ने मानिस डाँगी बोलाइने र मरेको पशु डिङ्गो ठहरिने भाषिक प्रयोग उल्लिखित प्रतीकात्मक भाषाको प्रतिफल र खस भाषाको प्रमाण मान्न सकिन्छ ।

यसैअनुरूप खसप्रदेशबाट किराँतमा बसाइँ सरेका जातजातिहरूमध्ये मुख्य तथाकथित तल्लो जातका मात्र त्यहाँ धामी हुने र यो चलन तल तराईको धिमाल क्षेत्रमा झर्दा गाउँले देवताका पुजारी धामी कहलाउने मान्यता कायम भएको पाइन्छ । धामीले आङमा चढेको देवताको हाउभाउ, नाच र कम्पनसँग सुरताल मिलाई बाजा बजाउने बाजे ध्यौल्या र त्यस प्रकारको अति फुर्तिलो नृत्यप्रधान सङ्गीत सुर धेउल (धैवत, पञ्चम सुरपछिको छैटौँ) भनिने र मानिने प्रख्याति छ । मङ्गलसूचक नौमती र पञ्चेबाजाको अतिरिक्त धम्यौलमा अनिवार्य ठानिने र एक हातमा समातिएको गजा र अर्को हातको हत्केलाले पश्चिमी नेपालमा बजाइने ढोल (धोल) खस प्रभावस्वरूप धिमाली भूभाग पुग्दा उल्लिखित धामी-ढोल अथवा धिमाल-ढोलमा नामकरण हुन गई काठमाडौँ उपत्यकामा प्रवेश गर्दा धिमा या धिमे बाजाका रूपमा प्रसिद्धि पाइरहेको छ ।

परेमा जहाँ पनि र साधारणतः अर्वपर्वमा आफ्नै माडौँमा धम्यौल गर्ने मस्टोको मन्दिर छाने र शिखरशैलीभन्दा फरक खुला आकासे र कलात्मक मूर्तिविहीन हुन्छ । त्रिशूल, फलामे गुर्जा, फलामे पिङ, साधारण शिला, धम्यौल गर्दा बस्ने अग्लो काठको पाट वा गादी (गद्दी) र नाच्ता आवश्यक पर्ने फराकिलो चौरबाहेक अरू सजीव सजावटको सर्वथा अभाव झल्किन्छ । पूजामा विधिविधानको सरलता र मन्दिरमा कलात्मक वास्तुकलाको अभाव देखिने भए तापनि खसप्रदेशमा मस्टोसम्बन्धी प्रचलित मान्यता र परम्पराहरूबांट नेपालको सांस्कृतिक, धार्मिक र भाषिक क्षेत्रमा परेको सृजनात्मक प्रभावको परिणामस्वरूप दर्दपिशाचीको छिमेकी खस बोली आज राष्ट्रभाषामा विकसित भएको, धम्यौलको धेउल नृत्यप्रधान फुर्तिलो सङ्गीत धमारी, झ्याउरे आदिजस्ता लोकसंस्कृतिमा सँगालिएको तथा धामी प्रथा राष्ट्रिय स्तरभन्दा बढी जनस्तरमा व्यापक र विश्वासिलो मानिदै रहेको सामाजिक र ऐतिहासिक सत्यको विश्लेषण-मूल्याङ्कन र अनुमानका आधारमा भन्दा अनुसन्धान र खोजका आधारमा गरिनुपर्नेछ ।

('नेपाली खसबाहुनका कुलदेवता मस्टो' पुस्तकको भूमिकाबाट सम्पादित)

मस्टोका विविध प्रसङ्ग

– डा. जयराज पन्त –

मनोरञ्जन, शिक्षा वा उपदेश, लोकमङ्गलको कामना र सामाजिक परम्पराको प्रस्तुतिका निम्ति व्यवहारमा ल्याइने लोकसंस्कृतिमा लोकज्ञान वा लोकभावनाको प्राधान्य, सामूहिकता, सामाजिक संरचनाका आधार, सरलता, गतिशीलता, मौलिकता, हार्दिकता, अनुशासन, जीवनमूल्य जस्ता गुणहरू पाइने हुनाले धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक, सामाजिक, भाषिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक, मानवशास्त्रीय, समाजशास्त्रीय दृष्टिले यिनको महत्त्व र उपयोगिता रहेको हुन्छ । अचेल जातीय पहिचानका पुरातात्त्विक आधारहरू लिखित दस्तावेजहरूमा नपाइएका खण्डमा र तिनको प्रामाणिकता सिद्ध गर्नुपर्ने अवस्थामा यस प्रकारका स्रोतको अध्ययनबाट सत्यतथ्य पत्ता लगाउने प्रवृत्ति बढ्दै गएको परिप्रेक्ष्यमा यिनको महत्त्व र उपयोगिता स्वतः थाहा पाउन सकिन्छ ।

यति ज्यादा मूल्यवान् सामाजिक सम्पदाको संवाहक सामान्य अवस्थामा रहने लोक नै हो, तर त्यसैलाई सामाजिक दृष्टिले पछिल्लो अनुक्रममा राखिँदै आएको छ । यसो हुनु राम्रो होइन । त्यसले बचाउँदै ल्याएको वैभव हालका दिनमा तीव्र गतिमा लोपोन्मुख बन्दै गएको छ । देश र जनताको यस अमूल्य धनमा पहिचान लुकेर रहेको हुन्छ र निजत्वका आधारहरू घनीभूत रूपमा एकाकार भएका छन् । सही अर्थमा उन्नति गर्न चाहने व्यक्ति, परिवार, समाज वा देशले आफ्नो मूलभूत पहिचानलाई जोगाउँदै समयसापेक्ष रूपमा अघि बढ्ने काम गर्दछ । मान्छेको शिरमा रहेको बुद्धिको बायाँ भागमा तर्क र दायाँ भागमा भावना रहेको कुरा विज्ञहरू बताउँछन् । यी दुवै पक्षको सन्तुलन मिल्न सक्यो भने मात्र उन्नति हुन्छ भनिन्छ । एउटा पक्षमा मात्र लाग्यो भने पूर्ण उपलब्धि हासिल हुन सक्तैन । महान् वैज्ञानिक आइन्स्टाइनको सफलताको कारण चिन्तन, परीक्षण, गम्भीर अध्ययन र अनुभव तथा प्रमाणसिद्ध अनुसन्धान मात्र नभएर सङ्गीतप्रतिको आकर्षण पनि हो भन्नेहरू धेरै छन् ।

प्राचीन कालमा यज्ञाग्नि प्रज्ज्वलनका लागि विशेष मन्त्र पाठ गरिन्थ्यो । दीपक रागको गायनबाट बत्ती बल्ने, निश्चित खालका सङ्गीत सुनाउँदा वनस्पतिले असमयमै फलफूल दिने र हिंसक जनावरहरूलाई काबुमा राखिने परम्परा आज किंवदन्ती भइसकेको छ, तापनि त्यसमा सत्यको अंश छँदै छैन भन्न गाह्रो पर्दछ । मिश्र देशका बासिन्दा पुर्खालाई नबिर्सेको, पुर्खाहरूले गर्न नभ्याएका सत्कार्य पूरा गरेको र समयको परिवर्तनसँगै विकसित भएका मूल्य र मान्यताहरूलाई अनुकूल हुने गरी अङ्गीकार गरेकाले नै आजको गौरवपूर्ण समुन्नति प्राप्त भएको कुरा बताउँछन् । अतीत बर्सेर न इतिहास बचाउन सकिन्छ, न संस्कृतिको संरक्षण गर्न सकिन्छ, न आत्मसन्तोष हुन्छ, न आफ्नोपन जोगिन्छ, न समुन्नति नै हुन्छ । एउटा मात्र होइन अनेकौँ कारणबाट वर्तमानको गति र प्रगतिको आधार अतीत हो ।

भारतीय उपमहाद्वीपका ऐतिहासिक महत्त्वका ठाउँमा आफ्नो प्रभाव जमाउन प्राचीन कालको अध्ययन-अनुसन्धानको परम्परा र गुरुकुल शिक्षापद्धति विस्थापन नगरेसम्म सम्भव नहुने देखेर सुनियोजित ढङ्गबाट वैदिक-पौराणिक परम्पराका उपलब्धिहरूलाई जङ्गली, असभ्य, तत्त्वहीन र निरर्थक भन्दै अङ्ग्रेजी शिक्षापद्धतिको व्यापक प्रचारप्रसार गरिएको थियो । पूर्वीय सभ्यताअनुसारको गुरुकुल शिक्षापद्धतिमा ज्ञान, विज्ञान, योग र अध्यात्म जस्ता सर्वतोमुखी व्यावहारिक शिक्षाको समन्वय थियो र जीवनलाई सार्थक तुल्याउने चेतना अभिवृद्धि गर्ने उद्देश्य अन्तर्निहित थियो । पूर्वीय संस्कृतिका अनुयायीहरूले शिक्षा क्षेत्रको आफ्नो धरातल अर्थात् गुरुकुल पद्धति जहाँनेर छोडे, त्यहींनेर सांस्कृतिक-सामाजिक प्रदूषण भित्र्याउने क्रम सुरु गरेका हुन् । अझ त्यहींदेखि पुर्खा बिर्सन, खुट्टा टेक्ने ठाउँ भत्काउन र उपलब्धिपूर्ण अतीत ध्वस्त पार्न थालेका हुन् ।

इतिहासबाट पाठ सिकेर जीवन भोग्नु बुद्धिमानी हुन्छ, इतिहास दोहोऱ्याउनु बुद्धिमानी हुँदैन । धर्ती बिर्सियो, इतिहास बिर्सियो, पुर्खा बिर्सियो र समाज बिर्सियो भने टेक्ने र समाउने आधार समाप्त हुन सक्तछ र व्यक्ति सम्पूर्ण हिसाबले नासिन सक्तछ । पुर्खाले गरेका सत्कार्यको निरन्तरता र गर्न नसकेका सपनाहरू साकार पार्न सकियो भने इतिहासका जगमा सुन्दर वर्तमान बनाउन सकिन्छ । यसो भन्नुको आशय अतीतका साराका सारा चलन र परम्परा राम्रा छन् र तिनको यथावत्

अनुसरण हुनुपर्दछ भन्नेचाहिँ होइन । समाजको उन्नतिका बाधक चलन त तत्काल हट्नुपर्दछ, तर युगौँदेखि उत्तम मानिएका मूल्य र मान्यताको जगेर्ना पनि सँगसँगै हुनुपर्दछ ।

आफूले पाएको, भोगेको र आफूसित भएको सम्पत्तिको मूल्य सामान्य अवस्थामा थाहा हुँदैन । खुट्टा कति लाभदायक छ र त्यसको उपयोगिता कति छ भन्ने कुराको ज्ञान सद्दे खुट्टा भएको व्यक्तिलाई तब मात्र हुन्छ, जब काँडा बिझ्दछ, खुट्टा टेक्न नसकिने अवस्था आउँछ वा खुट्टामा चोट लाग्दछ । जुत्ताको अभावका काँडा बिझे पनि हामीसित अझै खुट्टा बाँकी छन् । खुट्टा नै नरहेका खण्डमा जतिसुकै राम्रा जुत्ताको सार्थकता हुँदैन ।

आजको भौतिकवादी आचार-व्यवहारले व्याप्त सांस्कृतिक-सामाजिक जीवनमा पहिचानका समस्त सूत्रहरू टुटेर इतिहास हराउने क्रम दिनानुदिन बढ्दै गइरहेको छ । बाह्य वातावरणमा छाएको धूलो, धूवाँ र आवाजको प्रदूषणले मानव-जीवनमा जसरी हानि पुऱ्याइरहेको छ । त्यसभन्दा ज्यादा हानि आज समाजमा बढिरहेको सांस्कृतिक प्रदूषणबाट भइरहेको छ । परिवार, समाज र देशको इतिहास निर्माण गर्ने आजको पुस्तामा देखापरेको यो प्रदूषण हटाउन पनि जाति, समाज, क्षेत्र तथा देशको पृष्ठभूमिसहितको साहित्य लेखिनु आवश्यक छ । मस्टोदेवता पुज्ने परम्पराका पछाडि यस्तै अनेकौँ अनुकूल आधारहरू छन् । अवलम्बनीय मानिने त्यस प्रकारका आधारको संरक्षण गर्नु जरुरी छ ।

परम्परादेखि चल्दै आएका सबै चालचलन, व्यवहार, क्रियाकलाप, चाडबाड, विधि-प्रविधि अन्धविश्वास मात्र हुँदैनन् । तिनको गहिरो अध्ययन भयो भने अनेकौँ लोककल्याणकारी तत्त्व तिनमा पाइन सक्तछ । ओखतीमुलो, इन्जिनियरिङका विविध पक्ष, कृषिप्रविधि, वन संरक्षणका उपाय, जलाधारका स्रोतहरूको दीर्घकालिक उपयोग, सांस्कृतिक सम्पदाको ज्ञान, सामाजिक मूल्यको चिनारीसमेतका थुप्रै पक्षमा आज गम्भीर वैचारिक मन्थन गर्नुपर्ने बेला आएको छ । अर्कातिर जीवनमा अवलम्बन गर्नुपर्ने परम्परागत आचारविचारका कुरातिर पनि वैज्ञानिक आधारमा र प्रामाणिक रूपमा सिद्ध गरेर समयसापेक्ष हिसाबबाट ध्यान पुऱ्याउनु जरुरी छ । 'जान्नेलाई चन्दन, नजान्नेलाई खुर्पाको बिँड' भनेजस्तै चन्दन र खुर्पाको बिँडका बीचको अन्तर खुट्याउनु पनि आज

आवश्यक भएको छ । लामो नदी र अग्लो पहाडलाई ऐतिहासिक महत्ता, सभ्यताको प्राचीनता, धार्मिक विशिष्टता र सांस्कृतिक गरिमाको प्रतीक मानिन्छ । लामा नदीका धारिला ढुङ्गा खिइँदै गएर लोहोरो, लोहोरोबाट शालग्राम र शालग्रामबाट शिवलिङ्गजस्ता चिप्ला र आकर्षक बन्दछन्, किनभने प्रवाहको लम्बाइ र निरन्तरताको सुदीर्घ शृङ्खलाले सामान्य स्तरलाई असामान्यमा परिणत गर्दछ । लामो परम्परा र संस्कृतिका पनि यस्तै विशेषता हुन्छन् ।

हालका दिनमा क्षेत्रीय, जातीय, सामाजिक र सांस्कृतिक परम्पराको पहिचान प्रस्तुत गरी आआफ्नो उपस्थिति र अभिरुचि राष्ट्रनिर्माणका कार्यमा देखाउने उत्साह धेरैतिर र धेरैमा बढेको देखिन्छ । कसैकसैले यस कार्यलाई क्षेत्रीयता, सङ्कुचितता, साम्प्रदायिकता, जातीयता, सीमित सोचको द्योतक र विखण्डनकारी मान्यताका हिसाबमा अर्थ्याउने गरेको पनि पाइन्छ, तर मलाई भने त्यस्तो लाग्दैन । यस्तो शक्तिलाई सकारात्मक मार्ग, रचनात्मक दिशा र प्रगतिशील पथमा लैजाने हो भने यसले ज्यादै आकर्षक परिणाम ल्याउन सक्तछ र देशको विकासमा सशक्त मद्दत पुऱ्याउन सक्तछ भन्ने कुरामा म विश्वस्त छु, किनभने यसले समाजमा लुकेर रहेको शक्ति, सामर्थ्य, इतिहास, परम्परा, पहिचान र मनोबललाई मुखरित गर्दछ र राष्ट्र एवं समाजप्रतिको जिम्मेवारी बोधमा हौस्याउने काम गर्दछ । यस्ता कार्यलाई गलत अर्थमा नमोडेर सांस्कृतिक-सामाजिक चेतनाको विकास भन्नु उपयुक्त हुन्छ ।

म यस पक्षमा सूक्ष्म जानकारी राख्ने क्षमताको व्यक्ति होइन । यस विषयको मेरो ज्ञान सामान्य स्तरको नै छ । त्यसो भए तापनि जातीय सभ्यता, इतिहास, वंशावली, संस्कृति, परम्परा, कला र मान्यताप्रति जिज्ञासा राख्ने बानी भएकाले अलिकति सुनेका, केही मात्रामा देखेका-भोगेका र अलिकति बटुलेका कुरामा आधारमा म यहाँ बोलिरहेको छु ।

भगवान् शङ्करको परिवारमा रहनेहरू एक-अर्काको ज्यान लिने व्यवहार भएका छन्, तर तिनीहरू एउटै परिवारमा ज्यादै घनिष्ट सम्बन्ध राखेर बस्तछन् । भगवान् शङ्करको वाहन नन्दीलाई देवी पार्वतीको वाहन बाघले भेट्टाएसम्म आहार बनाउँछ । त्यसै गरी कार्तिकेय अर्थात् कुमारको वाहन मयुरले भगवान् शङ्करको अलङ्कारका रूपमा रहने सर्पलाई भेट्टाएसम्म लखेटेर मार्दछ । यसै गरी भगवान् शङ्करका तिनै अलङ्कार

गणेशको वाहन मूसोलाई पाएसम्म स्वादिष्ट भोजन मानेर खान्छन् । यस्तो विषम अवस्था हुँदाहुँदै पनि ती सबै एउटै परिवारका अभिन्न सदस्य बनेर बस्तछन् । सामान्य घरपरिवारभित्र रहँदा-बस्ता रुचि र आकाङ्क्षा भिन्न भए पनि शान्ति, संयम, सहयोग, मित्रता कायम गरेर पारिवारिक संरचना नबिग्रने गरी बस्नुपर्दछ भन्ने सन्देश विशाल कैलाश दरबारमा बस्ने भगवान् शङ्करका कथा तथा चरित्रका किंवदन्तीहरूले दिन्छन् । परम्पराबाट सिक्नुपर्ने पाठ यस्तै हुन्छ । प्रतीक, बिम्ब, आशय, दृष्टान्त र सङ्केत बुझेर तिनको अर्थ जान्नु आवश्यक हुन्छ । मस्टो पुज्ने चलनका पछाडि पनि यस्तै अनेकौं गूढ अर्थहरू रहेका देखिन्छन् ।

कुनै वस्तु नासियो, मासियो, बिग्रियो, रोगव्याधिले सतायो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, सलह, महामारी, भूकम्प, बाढी, पहिरो, अकालमृत्यु जस्ता अनिष्टहरू आइपरेमा देवीदेवता रिसाएको ठान्ने र खुसी पार्न स्तुतिभक्तिका स्तोत्र पाठ गर्ने, भाकल गर्ने, पूजापाठ तथा धूपदीप, आगोसप्को गरी पीडामुक्तिका उपाय अपनाउने चलन देवताप्रतिको विश्वासकै सन्दर्भमा चलेका हुन् । त्यसै गरी कुनै वस्तुको प्राप्ति, विवाह, सन्तति जन्म, दुर्घटनाबाट त्राण, विशेष सफलता, रोगमुक्ति, शोकमुक्ति, कीटपतङ्ग तथा हिंसक जन्तुको आक्रमणबाट बच्न सकेको अवस्था र सुख एवं सन्तोषका घडीमा आयोजना गरिने अनुष्ठान वा चाडबाडलाई पनि देवीदेवताकै आशीर्वादको परिणाम मानेर स्तुतिभक्तिका फाग गाई धूपधुवाँर तथा मिष्टान्न चढाई पूजापाठ गर्ने चलन चलेको हो ।

भूत, प्रेत, धामी, झाँक्री, बोक्सा, बोक्सी, डाइनी, पितृ, वायु, मैठ, सर्ग्याम, मुन्धुम, समैजी, नाग, गुरुवा, देवताबाजे, देवतीबज्यै, मसानी, भुमे, खोले, खायामाङसहितका जातजातिअनुसारका विभिन्न देवीदेवता, भूतप्रेत वा पितृहरूको पूजा दुःखकष्ट वा सुखसयल दुवै अवस्थामा मानव-समाजमा गरिँदै आएको पाइन्छ ।

कुलको नायक बनेर वंशवृक्षको रक्षा गर्ने मस्टोदेवता दैवी शक्तिका सर्वोच्च सत्ताचाहिँ होइनन् । यिनलाई केही स्थानीय देवी-देवताका स्वामी र केहीको समान स्तरमा आउने मित्र भनिन्छ । मस्टो भनेका स्थानीय देवता हुन् । मस्टो शब्दले प्रमुख, मुख्य, उच्च, पहाडको चुचुरो, दैवी शक्तिको सेनानी, अलौकिक दैवी शक्ति, कुलको उच्च तहमा बसेर ऋद्धि, सिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्ति र सामर्थ्यले सम्पन्न र

अलौकिक चमत्कार देखाउन सक्ने गणदेवता, हिमाली देवता, महादेव र भवानीपछि आउने र कुलदेउका नामले चर्चित स्थानीय दैवी शक्ति, सिद्ध र भैरव दुवै रूपमा पुजिने स्थानीय देवता, शैव र शाक्तपछिको शक्तिशाली रैथाने देवता जस्ता विविध अर्थ जनाउँछ । कुलको प्रमुख संरक्षक देवता मानिने हुँदा यसलाई प्रमुख वा मुख्यका अर्थमा पनि लिन सकिन्छ । मस्टोलाई कुलको सर्वोच्च स्थानमा राखिने र सुखदुःखका प्रत्येक अवस्थामा पुजिने हुनाले यिनलाई उच्च अर्थले पनि जनाउँछ । यिनका माडौँ वा स्थानहरू पहाडका चुचुरा, देउराली वा थाम अर्थात् अग्लो भागका समथर भूमिमा रहने हुनाले पहाडको चुचुरो अर्थले पनि यिनलाई व्यक्त गर्दछ ।

यसरी मस्टो भनेका कुलदेवताका रूपमा मानिने पुजिने रैथाने देवता हुन् । भगवान् शङ्कर तथा देवी भगवतीको गण बनेर लोककल्याणका कार्यमा खटिएका यी अनेकौँ रूपमा स्थानीय तहमा प्रचलित रहेको विश्वास गरिन्छ । मट्ट्या अर्थात् माटोको अधिपति वा स्थानीय दैवी शक्तिको प्रतीकका अर्थमा यिनलाई लिइन्छ । मस्टो शब्दका पनि अनेकौँ कथ्य रूप प्रचलित छन् । स्थानको भिन्नतानुसार मस्टालाई मैठा, मैठो, मास्ठा, मुइठा, मुस्टो, मस्ट, मुन्ठा, मुन्ठो र मुइठो पनि भनिन्छ । यी सबै शब्दले आर्थिक रूपमा मस्टालाई नै जनाउँछन् । आफ्नी दिदी भगवती कालीमाथि राक्षसहरूको कुदृष्टि परेको र तिनीहरूले कालीप्रति दुर्व्यवहार गर्ने प्रयत्न गरेकाले ज्यानको पर्वाह नगरी शिर वा मस्तिष्क थापेर राक्षसहरूलाई सङ्ग्राममा पराजित गर्न सफल भएका हुनाले यिनलाई मस्तिष्क देवता भनिएको र कालान्तरमा सो शब्द मस्टो बनेको कुरा विज्ञहरू बताउँछन् । यिनलाई छेत्रपाल पनि भनिन्छ । भगवान् शङ्करले दसै दिशाका जीवजन्तुको पालनपोषण एवं संरक्षणका निम्ति खटाएका गणहरूले जिम्मेवारीमुताबिकको कर्तव्य इमानदारीपूर्वक निर्वाह गरी जनजनको मन जित्न सफल भएका र प्राणीहरूले आफ्नो वंशका रक्षक ती गणहरूलाई कुलका देवता मानी पुजेकाले क्षेत्रक्षेत्रको पालन गर्ने तिनलाई छेत्रपाल अर्थात् क्षेत्रपाल भनिएको कुरा पनि सुन्नमा आउँछ ।

मस्टोको उत्पत्तिका विषयमा ठाउँअनुसार फरक-फरक कुरा प्रचलित रहेका पाइन्छन् । कसैले कैलाश वा मानसरोवरमा यिनको उत्पत्ति

भएको हो भन्दछन् भने कसैले खप्तडमा यी उत्पन्न भएका हुन् भन्छन् । कसैले यिनलाई महाराष्ट्र वा राजस्थानबाट आएका देवता मान्दछन् भने कसैले डोटी प्रदेशका पहाडी खोंचबाट उत्पन्न भएका शक्ति मान्दछन् । अझ कसैले भगवान् शङ्करका पुत्र त कसैले पाण्डवका सन्तान भन्दछन् । जसले जे भने पनि यिनलाई सबैले मट्ट्या अर्थात् रैथाने देवता मान्छन् ।

मानसरोवरमा भगवान् शङ्करको वीर्य पतन भएकोमा सो वीर्य ज्वालाका रूपमा बलिरहेका बखत कैलाशको जाडोले थर्थर कामेका अप्सराहरूले कसैले बालेको आगो ठानेर ताप्ता ती अप्सराहरूमा गर्भ रहन गयो । त्यस प्रकारको गर्भबाट एउटी अप्सराले शिवकै अवतार मानिने देवता जन्माइन् भने अर्कीले देवी भगवतीको अवतार मानिने मालिका, काली, दुर्गाको आदिलाई जन्म दिइन् । तेस्रीले चाहिँ शिव र शक्तिका प्रमुख गण बनेर लोककल्याणमा समर्पित हुने प्रस्तुत मस्टोदेवता जन्माइन् ।

भगवान् शङ्करले दसै दिशाका समस्त जीवजन्तुको पालन-पोषण तथा संरक्षण गर्ने जिम्मेवारी दिई खटाएका गणहरूमध्येका गणहरूले लोककल्याणका कार्य ज्यादै प्रभावकारी तवरले पूरा गरेकाले तिनलाई स्थानीय बासिन्दाहरूले मस्टो नाम दिएर देवताका रूपमा स्थापित गरी पुज्न थालेका कारण सम्प्रदाय बनेर यी देवता प्रकट भएका हुन् पनि भनिन्छ ।

सुसा र तरिम उपत्यकामा बसोवास गर्ने कुश प्रमिन्दसहरूमाथि भित्तिगण नायकहरूले बेलाबखत आक्रमण गर्दा सङ्गठित भएर प्रत्याक्रमण गर्ने सल्लाह मिलाए । नभन्दै त्यस सल्लाहले सार्थक परिणाम ल्यायो । कुश र प्रमिन्दसको संयुक्त दलबलका सामु भित्तिगणको केही लागेन र पराजय भोग्नुपर्‍यो । त्यस सफलतापछि कुश र प्रमिन्दस जातिको एकीकरण भयो । यिनको संयुक्त रूपलाई कस्साइट भनियो । बिस्तारै कस्साइट शब्द कस र कस शब्द शकमा परिणत भयो । तिनै शकहरू पछि गएर खस भनिए । यस जातिको वर्चस्वमा विशेष सहयोग गरेकाले मस्टो देवताका रूपमा परिणत भएका हुन् भन्ने तर्क पनि कतिपयले राख्तछन् ।

खापड मस्टोलाई पाण्डवको सन्तान हो भन्दै विभिन्न युद्धमा तिनले अतुल साहस प्रस्तुत गरेका कथा स्थानीय जीवनमा प्रचलित छन् ।

अर्जुनझैँ खापडे पनि इन्द्रका सन्तानका रूपमा पुजिएका हुन् भनिन्छ। साथै बाबिरो मस्ट वामदेवगोत्री वंशका सन्तति हुन् पनि भनिन्छ। खस निजी संस्कृति भएको जाति होइन। त्यस बखतका किरात, यक्ष, किन्नर, विद्याधर, नाग, तङ्गण, कुलिन्द र खसहरू परस्परमा घनिष्ट सम्बन्ध राखेर बस्तथे। तिनीहरूले एक-अर्काका रीतिरिवाज पनि मनाउँथे। सँगै रहँदा-बस्ता विभिन्न जातिका परम्पराको सम्मिश्रित नयाँ संस्कृतिको उदय तिनीहरूबाट भयो। सोही संस्कृति खसहरूको संस्कृति बन्यो। मस्टोको मान्यता खसहरूको नभएर नागहरूको हो। सांस्कृतिक एकीकरणका क्रममा नागहरूबाट यो खसमा सरेको हो पनि भनिन्छ।

मस्टोको ख्याति पहिलेदेखि नै थियो, तापनि खस जातिले कुलदेवता मानेपछि सो ख्याति झनै बढ्यो। बिस्तारै बान्नीबाट ढणार र ढणारबाट अछाम, बाजुरा, मुगु, हुम्ला हुँदै जुम्ला, तिब्रिकोटमा मस्टोका थानहरू थपिँदै गएका हुन्। ठाउँको नामका आधारमा मस्टोका भेदहरू पनि भिन्न-भिन्न नामले प्रचलित भएका हुन्। मुगल शासकको धार्मिक अत्याचारबाट आजित भई महाराष्ट्र र राजस्थानबाट स्थानान्तरित भएर आएका आफ्ना उपासकहरूका साथ आएका देवताका रूपमा पनि यिनको चर्चा गरिन्छ।

मस्टोका अधिकतर रूप दुग्धाहारी नै हुन्छन्। कोरा अक्षता, पातीका पात वा फूल, दूध, दही र घ्यू, हवनको धूवाँ, धूप, दीप र फल यिनले सेवन गर्ने वस्तु हुन्। यी दयालु, क्षमाशील, आशुतोष, धैर्यशाली र शान्त प्रकृतिका हुन्छन्। भगवान् शङ्कर तथा देवी दुर्गाको प्रमुख सेनानी भएर पनि देवी दुर्गाले रक्तबलि ग्रहण गरे पनि यी रगत भोग गर्दैनन्। यिनलाई फलको बलिसम्म ग्राह्य हुन्छ। शुद्ध र सात्विक आहारविहार हुने भएकाले यिनको आचार-व्यवहार पनि पवित्र, स्वच्छ र शान्त हुन्छ। आफ्ना उपासकहरूले अचाक्ली गरिहाले पनि यी कडा सजाय दिँदैनन्, सहिदिन्छन् र क्षमा गरिदिन्छन्। ज्यादै प्रतापी र लोककल्याणकारी प्रवृत्ति यिनको हुन्छ। यिनी देवी दुर्गाको सौम्य रूपका सेवक मानिन्छन्।

कतिपय मस्टोले रक्तबलि ग्रहण पनि गर्दछन्। कालो वर्णको बोकाको बलि तिनलाई प्रिय हुन्छ। अक्षता, पाती, फलफूल र धूपदीप यिनलाई पनि चढाइन्छ तर बलि भोग गर्ने भएकाले सात्विकभन्दा राजसी आहारका वस्तु नै यिनमा बढी मात्रामा चढाइन्छन्। आहारअनुसार

यिनको स्वभाव पनि क्रूर हुन्छ । अन्यायी भनिएको व्यक्तिलाई कोर्रा हान्ने, डाम्ने, अमानवीय तवरले सास्ती दिने, अङ्गभङ्ग गर्ने, मार्ने वा क्रोध देखाउने काम यिनले गर्दछन् । त्यसैले दुग्धाहारी मस्टोलाई सज्जन र यिनलाई कडा देवता भनिन्छ । साथै दुग्धाहारीलाई दुर्गा माताको सौम्य र शान्त रूपको सेवकका रूपमा लिइन्छ भने यिनलाई महाकाली वा उग्रचण्डीका सेवक भनिन्छ । सानातिना गल्ती पनि यिनले सहँदैनन्, तुरुन्त कडा सजाय दिइहाल्दछन् । यिनको जाँतमा उत्ताउलो व्यवहार देखाउने, कुनै उपासकका घरको सामान चोर्ने वा साधारण काम बिराउने व्यक्तिले माफी मागे पनि यिनले क्षमा गर्दैनन्, आवश्यकताभन्दा बढी नै सजाय दिन्छन् ।

मस्टोका अनेकौं नाम र अवतार भए पनि आकार, प्रकार वा देहको आकृति भने हुँदैन । यी कतै-कतै मानवीय आकृतिविहीन सामान्य प्रस्तरपिण्ड उत्पन्न भएका देखिए पनि यिनका अधिकतर स्थानहरूमा राखिएका तोरण वा आलम, घण्ट, दियो, त्रिशूल वा कुनै पात्रविशेषलाई नै मस्टोदेवता मानेर पुज्ने ढोग्ने गरिन्छ । धामीमा आरूढ भएका बेला धामीको मुखाकृति रूप, रङ्ग र ढपढङ्ग जस्तो हुन्छ, यिनलाई सोही आधारमा ठम्याउने चलन छ ।

दुग्धाहारी मस्टोको धामी काम्दा अनुहार पहेंलो वा सेतो वर्णको हुने र शान्त स्वरूप झल्कने हुँदा सो मस्टोलाई पहेंलो वा सेतो वर्णको र सज्जन स्वरूपको मानिन्छ । त्यसै गरी मांसाहारी मस्टोको धामी काम्दा अनुहार रातो वर्णको र स्वरूप उग्र स्वभावको देखिने हुँदा सो मस्टोलाई रातो वर्णको र उग्र स्वरूपका देवता भनिन्छ । अझ सपनामा श्वेतवस्त्रधारी ब्रह्मचारी, पण्डित, साधु, योगी, बालसंन्यासी देखिएमा दुग्धाहारी मस्टोको दर्शन पाइएको मान्ने र बाघ, भालु, सर्प जस्ता डरलाग्दा प्राणी तथा जटाधारी जोगी देखिएमा मांसाहारी मस्टोको दर्शन मिलेको ठान्ने मान्यता पनि विद्यमान छ । यसरी मस्टो मानिने वस्तुविशेषबाट आकार तथा रूपरङ्ग प्रकट नभए पनि धामीको स्वरूप एवं सपनामा देखिने दृश्यप्रतिको विश्वासका आधारमा भने यिनका रूपरङ्गको खाका कोर्ने गरिन्छ ।

यी जताततै कुलदेवताका रूपमा पुजिन्छन् । दुग्धाहार वा मांसाहार जे गरे पनि स्थानभिन्नताअनुसारका थान नामका आधारमा जतिसुकै भेद

वा भाइका रूपमा बाँडिए पनि यिनलाई रैथाने देवता भनिन्छ र कुलदेवता नै मानिन्छ । सिद्ध र भैरव तथा शिव र शक्ति दुवै रूपमा यिनको पूजा गरिन्छ । यिनका यी दुई स्वरूपमा सिद्ध र शिव दुग्धाहारी भेद हो भने भैरव र शक्तिचाहिँ मांसाहारी भेद हुन् । शिव र शक्तिको अधीनमा बसेर प्रकृति र प्राणीको रक्षाका निम्ति खटाइएका क्षेत्रपाल वा पहरेदारको जिम्मेवारी निभाउने देवताको मान्यतानुसारको स्वरूपको परिकल्पना गर्दा पनि यिनको रेखाचित्र बनाउन सकिन्छ । तसर्थ निश्चित रूपरङ्ग र आकारमा प्रकट हुन खोज्दाखोज्दै पनि निराकार बनेको देवताका रूपमा यिनलाई चिनाउनुपर्ने हुन्छ ।

कैलाश अर्थात् मानसरोवरमा उत्पन्न भएका मानिने यी गणदेवता हिमालय क्षेत्रबाट लोककल्याणका कार्य गर्नका निम्ति पहाडी प्रदेशमा झर्ने क्रममा पर्वत-शिखरका देउरालीहरूमा बस्तै खप्तड आइपुगेका र त्यहाँबाट डोटी र कर्णाली प्रदेशका बस्तीबस्तीमा निवास गर्दै पूर्वाभिमुख भएर नेपाल, भारत र तिब्बतका विभिन्न भागसम्म पुगेका देखिन्छन् । वास्तवमा यी देवताले बसाइँ सारेको नभएर यिनलाई कुलदेवता मान्नेहरूले एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्दा यिनलाई पनि नयाँ ठाउँमा स्थापित गर्दा बन्न गएका विविध थान नै यिनका स्थान मानिएका हुन् ।

यिनका उपासकहरूले जहाँ-जहाँ बस्ती बसाले, त्यहाँ-त्यहाँ यिनलाई विभिन्न रूपमा स्थापित गरे । प्रत्येक क्षण, प्रत्येक अवस्था र प्रत्येक स्थानमा आफ्ना पूजकका पछिपछि लागेर संरक्षण गर्ने देवता मानिने भएकाले वन जाँदा वनमा र घर बस्ता घरमा पुज्ने गरेबाट वन र घरका भिन्नभिन्न थान यिनका लागि निर्धारण गरिए । सोही क्रममा यिनका वनथान र घरथान बन्न गएका हुन् ।

पल्लो डाँडाको चुचुरोमा मस्टोको थान वा माडौँ छ भने वल्लो डाँडाको ठीक सामुन्ने पर्ने बाटोभन्दा तल वा माथि छुट्टै थान बनाएर टाढैबाट पाती चढाई हिँड्दासमेत यिनलाई ढोग्ने क्रममा बनेका पातीहाल्लालाई पनि यिनकै थानका रूपमा लिइन्छ । यिनको पनि गणना गर्दा मस्टोका थानहरू एउटै गाउँबस्तीमा पनि अनेक देखिन्छन् । मूलतः घरथान र वनथान नै यिनका प्रमुख थान हुन् ।

शङ्ख, घण्ट, त्रिशूल, वस्त्र, ताम्रपत्र, विविध पात्रलगायतका सुनचाँदीका भाँडाकुँडा, मूर्ति, गरगहना एवं साधनहरू थन्क्याइने भण्डार

वा गाउँबस्तीका बीचको माडौँलाई मस्टोदेवताको घरथान भनिन्छ । यसका अतिरिक्त कुलको जेठो व्यक्ति वा गाउँको मुखियाको घरमा स्थापित मस्टोदेवताको थानलाई पनि घरथान भन्ने चलन छ । अझ प्रत्येक घरका पूजाकोठामा कुलदेवताका रूपमा मानिएको घण्ट, त्रिशूल, दियो वा कुनै पात्रविशेष राखिने ठाउँलाई पनि यिनको घरथान भन्ने गरिन्छ । सामान्यतया घरथान भनेको गाउँबस्तीमा राखिएको भण्डारगृह वा माडौँ नै हो । सबै ठाउँमा त्यस्तो भण्डार वा माडौँ हुँदैन । त्यसको सट्टा कुलको जेठो वा गाउँको मुखियाको घरको पूजाकोठामा स्थापित मस्टोदेवताको प्रतिमूर्तिलाई नै घरथान भनिन्छ । घरथान ठौर वा खास स्थान तथा बाडा अथवा टोलमा पनि निर्धारण गरेको पाइन्छ ।

गाउँबस्तीभन्दा केही टाढाको वन, देउराली, भन्ज्याङ वा वृक्ष-वनस्पतिले परिवेष्ठित निकुञ्जमा स्थापित माडौँ वा विशेष स्थानलाई मस्टोदेवताको वनथान भनिन्छ । वार्षिक वा षाण्मासिक पूजा वा जाँत वनथानमै आयोजना गरिन्छ र हवन वा बलिका विधिहरू सोही थानमा पूरा गरिन्छन् । वनथान निश्चित स्थान, खेत, गरा, वृक्ष-वनस्पति र चौतारोमा पनि निर्धारण गरिएको हुन्छ । वर्षचक्रका निर्दिष्ट तिथिमितिमा त्यस्ता ठाउँमा पूजा गरिन्छ । इष्टसिद्धि, सङ्कटमुक्ति र कार्यपूर्णताका स्थितिमा वनथानमा घण्ट, त्रिशूल, दियो, नेजा, आलम वा झन्डा र विशेष पात्र चढाइने हुँदा यस प्रकारका वस्तुहरू यी ठाउँमा यथेष्ट मात्रामा जम्मा भएका देखिन्छन् । बाटोको छेउछाउमा परेका यी देवताका थानमा प्रत्येक यात्री पाती चढाई ढोगेर मात्र यस्तो ठाउँबाट अघि बढ्छ । त्यसरी पूजा र अभिवादन नगरे यात्रा निष्कण्टक हुँदैन भनिन्छ । मस्टोको धामीले कामेर *'अगाडिको जङ्गल फाँडेर, पछाडिको जङ्गल काटेर, बहिनी भगवतीको आशीर्वाद र आज्ञा शिरोपर गरी, गहिरो नदी तरी, दुर्लङ्घ्य पहाड चढी, लड्दैपड्दै, पानीको भोजन, हावाका लुगा, काँडाका ओछ्यान र ढुङ्गाको सिरान बनाएर तिमीहरूका पछिपछि लाग्दै कहाँबाट कहाँ आइपुगेँ, तिमीहरूले देखेकै छौ'* भन्ने गरेबाट यी देवता उच्च पर्वत छिचोल्दै यस क्षेत्रका जनताको संरक्षण गर्न लामो यात्रा तय गरेर आएको कुरा थाहा हुन्छ । कैलाश छोडिसकेपछि मस्टोले खप्तडलाई आफ्नो मुख्य बासस्थान बनाएको कुरा इतिहासविद्हरू बताउँछन् । उच्च पर्वतीय क्षेत्रमा माडौँ भएका भगवान् शिव र भगवती दुर्गाको सेवाटहलमा यी देवता समर्पित रहेका हुन् भनिन्छ ।

बाजुरा जिल्लाको उत्तरी क्षेत्रको उच्च पर्वतमा आसीन मालिका, डोटी जिल्लाको मध्य भागमा पर्ने महाभारत पर्वतको चुचुरोमा आसीन केदार, काफली तथा घण्टेश्वर, डडेलधुरा जिल्लाको मध्य भागको पर्वतशृङ्गमा अवस्थित भागेश्वर, महाकाली नदीको किनारको साधारण पहाडको थुम्कोमा आसीन त्रिपुरासुन्दरी तथा अछाम जिल्लाको बुढीगङ्गाको किनारमा स्थापित वैद्यनाथलाई स्वामी मानेर सबैको सेवाटहल पुऱ्याउनका निम्ति मस्टोले यी सबैको मध्य भागमा बस्नुपर्ने हुन्थ्यो । सो मध्य भाग खप्तड भएको हुनाले पनि कैलाशपछिको यिनको अर्को रैथान खप्तड बनेको कुरा विश्वसनीय देखिन्छ ।

खप्तडलाई केन्द्रविन्दु बनाएपछि यिनको विस्तार पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर भएको हो । एकपछि अर्को ठाउँमा फैलँदै नयाँ-नयाँ पुस्तासित काम, माम तथा उचित बासस्थानको खोजीमा पूर्वाभिमुख भएर नेपाल तथा भारतका विभिन्न क्षेत्रमा बसाइँ सर्दा आफ्ना कुलदेवतालाई पनि उपासकहरूले स्थापित गरेकाले कहीँ उही र कहीँ अलि फरक मान्यतामा मस्टोको चलन विस्तारमा आएको थाहा हुन्छ । कालो बोका भोग गर्ने डोटी प्रदेशको खापडे, दाडे र थोते मस्टो पूर्वतिर कालो मस्टोका नामले चर्चित हुनु, ठाउँठाउँका बस्तीमा थानहरू थपिँदै र उपासकहरू बढ्दै गएपछि एउटै रूपका पनि अनेक रूप मानिँदा मस्टोका बाह्र भाइ भएका किंवदन्ती जोडिनु र तिनै बाह्र भाइ भएका मस्टालाई पूर्वतिर बराह मस्टो भन्दै भगवान् विष्णुको बराह अवतारको प्रतिमूर्ति मान्नु समयको अन्तरालले थप्तै गएका किंवदन्ती हुन् । समय बित्दै गएपछि, ठाउँ छुट्तै गएपछि र घटनाहरू जुट्तै गएपछि किंवदन्तीहरू छोडिन्छन् र जोडिन्छन् पनि । एउटै कुरा एकले अर्को र अर्कोले तेस्रो हुँदै सयौँ व्यक्तिसम्म पुग्दा फरक पाठमा परिणत हुन पनि सक्तछ । त्यसैले श्रुतिस्मृतिको परम्पराकै कारणले किंवदन्तीमा भिन्नता आउँछ । मस्टोको कथालाई पनि यही रूपमा हेर्न सकिन्छ ।

यी देवता सबैतिर कुलदेवताका रूपमा मानिँदै र पुजिँदै आएका छन् । साथै शिव र भगवतीको गणका रूपमा यिनलाई लिइन्छ र पश्चिमबाट पूर्वतिर सर्दै गएका जातजाति तथा थर-गोत्रहरूका साथ यी पनि व्यापक एवं विस्तृत हुँदै गएका देखिन्छन् । यिनको प्रभाव चाँडै पर्ने र चमत्कारी कार्यद्वारा आफ्नो क्षमता वा सामर्थ्य प्रकट गर्ने भएकाले

यिनले आफ्नो गढ विस्तार गर्नमा सफलता पाएको देखिन्छ । गई बसेकाले सँगै लैजाने र आई बसेकाले यिनको प्रभावबाट आकर्षित हुने कारणले परम्परागत कुलदेवता छोडेर यिनलाई कुलदेवता मान्ने गरेको पनि पाइन्छ ।

यिनको दुग्धाहारी रूपभन्दा मांसाहारी रूप बढी उग्र, कडा र शक्तिशाली देखिने हुँदा मांसाहारीका उपासकहरू पूजाआजा एवं स्तुतिभक्तिमा अधिक सतर्क हुन्छन् । मान्नुपर्ने अवसरमा मानिएन, ढोग्नुपर्ने बेलामा ढोगिएन, बोलाउनुपर्ने बेलामा बोलाइएन र पुज्नुपर्ने बेलामा पुजिएन भने बाघ, सर्प, महामारी, आँधीहुरी, अरिँगाल र सलह बनेर यिनले दिनसम्मको दुःख दिन्छन् भनिन्छ । त्यसै गरी यिनको उचित स्तुतिभक्ति एवं पूजाअर्चना गरिरह्यो भने इष्टसिद्धि, निर्बिघ्न कार्यसमाप्ति र निरोगिता प्राप्त हुन्छ भनिन्छ । त्यसैले यिनलाई नमानेर जीवन चलाउन सकिँदैन ।

करले वा रहरले जसरी माने पनि कुलदेवता तथा गणदेवताका रूपमा यिनलाई पुर्खाले मानेका र फैलँदै बढ्दै गएका नयाँ पुस्ताले पनि मान्न नछोडेकाले कालीदेखि मेचीसम्मका सबै नेपाली क्षेत्रमा यिनको परम्परा विकसित भएको हो । भारतको विभिन्न स्थानका बासिन्दा र तिब्बतीहरूले पनि यिनको पूजा गर्ने हुनाले नेपालको रैथाने हुँदाहुँदै पनि नेपालबाहिरसमेत फैलिएका शक्तिशाली देवता यिनलाई भन्नुपर्दछ । सनातनीका साथै अन्य धर्मावलम्बीहरूद्वारा पनि मानिने-पुजिने हुनाले यी व्यापक बनेका देखिन्छन् ।

खोला, खोल्सा, बाटाघाटा, नदी, नाला, गल्ली, गल्छेडा, धारा, पँधेरा, खेत, गरा, वन, जङ्गल र भीर, पाखा सबैतिर छुट्टाछुट्टै स्थान भएका विभिन्न ग्रामीण देवताले यिनलाई स्वामी मान्दछन् र यिनको खटनपटनका कार्य गर्दछन् । ती देवताहरू मस्टोभन्दा पनि कडा स्वभावका हुन्छन् । सानातिना गल्तीमा अर्थात् चिच्याएर ठूलो स्वरमा बोलेमा, यिनको थानका छेउछाउमा पर्ने गरी दिसापिसाब गरेमा, यिनको थानतिर ढुङ्गामुढा प्रहार गरेमा, रातबिरात वा बेलाकुबेला यिनको स्थानक्षेत्रमा हिंड्डुल गरेमा वा यिनलाई बाधा पर्ने अन्य कुनै काम गरेमा लाग्ने, बल्भने, दुःख दिने र मृत्युसम्म गराउने काम यिनले गर्दछन् । छुवाछुतको परहेज पनि यिनका थानमा गर्नुपर्दछ ।

गाउँबस्तीका चेलीबेटीको विवाह भएमा चेली पक्षले पाठो चढाउनुपर्ने, कुनै गल्ती भएमा भरभाकल गरी धूपधुवाँर गर्नुपर्ने, खुसीका कार्य तथा इष्टसिद्धिमा पूजाआजा गर्नुपर्ने र यिनलाई मानिरहनु, पुजिरहनुपर्ने नियम छ । रिसाएमा दुःखकष्ट जसरी दिन्छन्, त्यसरी नै प्रसन्न भएमा अभीष्ट लाभ तथा सुख शान्ति पनि यिनी दिन्छन् । त्यसैले यिनका थानमा पूजा-अर्चनाका साथ चढाइएका घण्ट, त्रिशूल, दियो, नेजा, आलम वा झन्डा, विभिन्न पात्र तथा औजारहरू राखिएका हुन्छन् । त्यस प्रकारका सामग्रीमै यिनलाई स्थापित गरिएको हुन्छ ।

मस्टोको अधीनमा बस्ने देवतालाई मस्टोका बान अर्थात् मस्टोका गण वा मस्टोको परिवारका सदस्य भनिन्छ । कसैलाई कुनै बानले पिरोलेमा वा दुःख दिन नछोडेमा मस्टोको धामीमार्फत खुसामद गराएर मनाउने पनि गरिन्छ । मस्टो गणनायक हुन् भने बानचाहिँ गण हुन् । यी पनि धामीमा अवतरित हुन्छन् र मस्टो तथा शिव र शक्तिलाई रिथि अर्थात् स्वामी भन्दछन् । मस्टोका जाँतमा बानका धामीहरू पनि मस्टोको आज्ञा लिई परम्परागत घाई वा बाजाका तालमा नाच्तछन् । मस्टोका धामी यिनै बानहरूका काँधमा चढेर नाच्तछन् ।

शक्ति, सामर्थ्य, प्रभाव र मान्यताका क्रममा कतिपय स्थानीय देवता यिनका समानान्तरमा पनि रहेका देखिन्छन् । यिनले तिनलाई मीत अर्थात् मित्र भनेर बोलाउने गर्दछन् । साथै एक-अर्काका जाँतमा उपस्थित भएमा यिनका धामीहरू कामेर ससम्मान घाई अर्थात् चलनचल्तीको वाद्यधुनमा नाच्तछन् । समानान्तरका शक्तिलाई सम्मान गर्नाले आफूलाई पनि सम्मान प्राप्त हुन्छ भन्ने कुरा यिनीहरू राम्ररी बुझ्दछन् । त्यसो हुँदाहुँदै पनि कहिलेकाहीँ यिनीहरूमा शक्ति, सामर्थ्य र छलबलमा तँभन्दा म ठूलो भन्ने विवाद पर्दछ र ठूलो झगडा पनि मच्चिन्छ । त्यस्तो अवस्था आएमा मध्यस्थ बनेर समानान्तरकै कुनै देवताको धामी वा स्वामी मानिने देवताको धामीले झगडा सुल्ट्याउने काम गर्दछन् ।

भैरव, लाटो, तेडी, कैलपाल, समैजी, बेताल, गौंडीबाग, बन्थडीलाई यिनको समानान्तरका स्थानीय देवता भनिन्छ । यिनमा पनि ठाउँअनुसार एउटैका अनेकौं रूप हुने कुरामा विश्वास गरिन्छ । लाटो देवताका मात्र चौरासीवटा रूप भएको र ठाउँठाउँमा ती रूप स्थापित भएका कुरा

स्थानीय बासिन्दाहरू बताउँछन् । ठाउँको नामका आधारमा कतिपय ठाउँमा मस्टो र लाटोलाई भाइभाइ पनि भनिन्छ ।

सामान्य गृहस्थले सांसारिक नातागोता, मायामोह र बाधा-बन्धनमा बाँधिएर जीवन निर्वाह गरेझैं मस्टोदेवता पनि घरगृहस्थीको सन्जालमा लटपटिएको विश्वास विवेच्य क्षेत्रका निवासी गर्दछन् । त्यसो त मस्टो मात्र होइन, भगवान् शिवपार्वती, लक्ष्मीनारायण, गणेश, देवी भगवती समेतका सम्पूर्ण देवीदेवताहरूले साधारण डोटेलीले जस्तै घरसंसारका विविध झमेलामा भोग्नुपर्ने र अभाव एवं सङ्कटपूर्ण जीवन जिउनुपर्ने कुरामा विश्वास गरिन्छ । मस्टोका विषयमा यो प्रसङ्ग झनै चर्को रूपमा आएको हुन्छ । यहाँ प्रचलित लोकविश्वासअनुसार मस्टोदेवता संयुक्त परिवारप्रणालीमा बस्तछन् र सबैका प्रति आफ्नो कर्तव्य पालन पूर्ण निष्ठाका साथ गर्दछन् । अझ नातागोताको बिस्तार र दाजुभाइको स्वतन्त्र गृहस्थी एवं पारस्परिक स्नेह भएको जनश्रुतिको अध्ययन गर्दा धेरै सन्तान भएको कुनै परिवारविशेषले ठाउँठाउँमा बस्ती बसालेको र एक-अर्काबीचको सम्बन्ध सुदृढ बनाएको अवस्थाझैं मस्टोको गृहस्थी चलेको कुरा थाहा हुन्छ । आदर्श व्यक्ति, आदर्श परिवार, आदर्श समाज र आदर्श संसारको सन्देश प्रवाह गर्नका निम्ति पनि यस्तो लोकधारणा उत्पन्न गराइएको हुनुपर्दछ ।

भक्तहरूले जहाँजहाँ बस्ती बसाले, त्यहाँत्यहाँ आफ्ना आराध्य देवतालाई स्थापित गर्दै निश्चित तिथिमितिमा पूजा-उपासना गर्ने परिपाटी कायम गरेअनुसार मस्टोका थान पश्चिमबाट पूर्वतिर सर्दै गएका र एकबाट अनेक बनेका देखिन्छन् । भिन्न-भिन्न ठाउँका थानहरूलाई बिस्तारै एउटै मस्टोका भाइहरूको थान भन्न थालिएको र तिनको गणना थानअनुसार बढाउँदै लगिएको बुझिन्छ । यही कारणले गर्दा मस्टोका अनेकौं भाइ भएका कुरा जनश्रुतिमा आएका देखिन्छन् । त्यस्ता नाम पनि थान राखिएका ठाउँको नामका आधारमा दिइएको देखिन्छ । जस्तै ढणार भन्ने ठाउँमा स्थापित मस्टोलाई ढणार मस्टो, बान्नी भन्ने ठाउँमा स्थापित मस्टोलाई बान्नी मस्टो, बाबिरो भन्ने ठाउँमा स्थापित मस्टोलाई बाबिरो मस्टो वा बाबिऱ्या मस्टो भनिन्छ र यी सबैलाई एउटै मूल मस्टोका भाइ भनिन्छ । त्यसैले ठाउँअनुसार थानहरूको सङ्ख्या हेरेर मस्टोका भाइहरूको सङ्ख्या निर्धारण गरिएको थाहा हुन्छ । त्यसै गरी

चलनचल्तीका जनश्रुतिबमोजिम भाइहरूका साथै मस्टोका आराध्य देवता, बाबुआमा, दिदीबहिनी, सन्तति, मामा, भान्जा, भान्जी, इष्टमित्र र सेवकसहितको ठूलो परिवार भएको कुरामा विश्वास गरिन्छ । नेपाली समाज यस्तै खालको पारिवारिक संरचनामा निर्माण भएको देखिने हुनाले पुर्खाहरूले देवतालाई आफूजस्तै देखेको अवस्थाका कारण यस प्रकारका मान्यता विकसित भएका हुन् भन्न सकिन्छ ।

भगवान् शङ्करको वीर्य पतन हुँदा आगोका रूपमा सो वीर्य प्रज्ज्वलित भयो र जाडो याममा चिसोले कठ्याङ्ग्रिएका स्थितिमा आगो ताप्न आएका दुईजना अप्सराले गर्भधारण गरेपछि एउटीबाट मस्टो र अर्कोबाट दुर्गा भवानीको जन्म भएकाले यिनका बाबु शङ्कर भगवान् हुन् भन्ने एकथरि छन् । अर्काथरिको भनाइअनुसार पाण्डव वंशका यिनी अर्जुनजस्तै कुन्ती र इन्द्रका सन्तान हुन् । तेस्रो कथनबमोजिम दुर्गा भवानीमाथि राक्षसहरू जाइलागेकाले आफ्ना गणहरूलाई भगवान् शङ्करले सहयोगार्थ पृथ्वीमा पठाएपछि जनसमूहबाट लोककल्याणका लागि तीमध्येका केहीलाई सधैँका निम्ति पृथ्वीमै नियुक्त गर्ने अनुरोध भएकाले मस्टो कैलाशबाट मर्त्यलोकमा झरेका हुन् । यी भगवान् शङ्करका गण र तिनको पत्नीका कोखबाट जन्मेका हुन् पनि भनिन्छ ।

मस्टोको अवतार मानिने धामी कामेपछि दुर्गा भवानीप्रति आफ्नो अगाध आस्था प्रकट गर्दछन् र दुर्गा भवानीको पूजा-अर्चनापछि मात्र आफूलाई पुज्न सल्लाह दिन्छन् । सनातन परम्परामा निर्बिघ्न कार्यसम्पन्नताका लागि सर्वप्रथम गणेशपूजा गरिएझैँ मस्टो सम्प्रदायमा दुर्गा भवानीको आराधना एवं अर्चनापछि मात्र मस्टो पुज्ने चलन छ । साथै विशेष शक्ति तथा सामर्थ्यको आवश्यकता परे सहयोगका लागि भगवती दुर्गासित अनुरोध गर्ने र भुलचुकवश कुनै गल्ती हुन गए उनीसित क्षमायाचना गर्ने काम प्रत्येक मस्टोले गर्दछन् । अझ जहाँजहाँ मस्टोका थान हुन्छन्, त्यहाँत्यहाँ कुनै न कुनै रूपमा कहीँ न कहीँ भगवतीका थान रहेकै हुन्छन् । मस्टोलाई शिव र भगवतीको गण वा सेवक पनि मानिन्छ । तर प्रायः देवी शक्तिले विशेष स्नेह गर्ने भ्रातृशक्ति मस्टो हो भन्ने विश्वास बढी दरो देखिन्छ ।

दुर्गा भवानी मस्टोकी बहिनी नभएर दिदी हुन् । बहिनी शब्दले दिदी-बहिनी दुवैलाई बुझाउने हुनाले दुर्गालाई मस्टोकी बहिनी नै भन्ने

गरिन्छ । यस भनाइले दिदीको अर्थ प्रकट गरेको हो बहिनीको होइन, किनभने मस्टोले भगवती दुर्गाप्रति जेजस्तो भक्तिभाव देखाउँछन्, त्यसले बहिनीभन्दा पनि दिदीप्रति गरिने व्यवहार प्रकट गर्दछ ।

मस्टोका दिदीहरू नौजना छन् भनिन्छ । ती मालिका, कनकसुन्दरी, त्रिपुरासुन्दरी, जालपा, खेसमालिनी, ठिङ्याल्नी, पुङ्याल्नी, हिमालिनी र विन्ध्यवासिनी हुन् । अझ यी नामहरूमा फेरबदल गरेर कालिका, मालिका, भवानी, जालपा, सुनन्दा अलकनन्दा, कनकसुन्दरी, त्रिपुरासुन्दरी र उग्रताराको गणना पनि गरिन्छ । यिनमा पनि मालिकाका र त्रिपुरासुन्दरीका छुट्टै सात-सात र नौ-नौ दिदीबहिनी भएका र तिनलाई पनि मस्टोले दिदीका रूपमा मानेको कुरा व्यक्त गरिन्छ । मालिकाका दिदीबहिनी दरबारमालिका, मालिका, चिमारामालिका, बडिमालिका, चुलिमालिका, पुङ्गमामालिका, भुरचुलामालिका र बासीमालिका हुन् । दरबारमालिका भन्नु र कोटमालिका भन्नु शब्दप्रयोगको मात्र भिन्नता हो । यी दुवै एउटै हुन् र बासीमालिकाको नाम पनि अतिरिक्त रूपमा जोडिएको हो भन्दै मालिकाका दिदीबहिनी कोटमालिका र बासीमालिका बाहेकका माथि भनिएका अन्य नामका देवी शक्ति नै हुन् भन्नेहरू पनि निकै छन् । यसै गरी त्रिपुरासुन्दरीका दिदीबहिनी पनि कसैले नौ र कसैले सातजना छन् भन्दछन् । ती काफलासैनी, पोटलासैनी, निङलासैनी, डिलासैनी, मेलासैनी, रैण्यासैनी र चिरासैनी हुन् । त्रिपुरासुन्दरी भन्नु र रैण्यासैनी भन्नु एउटै हो । यी सबैको उत्पत्तिका छुट्टाछुट्टै कथाहरू प्रचलित छन् ।

दूधे, लडे, दाडे र खापडे गरी प्रथमतः मस्टोलाई चार भागमा बाँड्न सकिन्छ । यी चार भेदलाई नै यिनका चार भाइ मानेर विभिन्न भागमा कुलदेवताका रूपमा मस्टोपूजा गरिएको पाइन्छ । यिनमा दूधे मस्टो र लडे मस्टो पायसभोगी वा सात्विक भोग ग्रहण गर्दछन् भने दाडे मस्टो र खापडे मस्टोचाहिँ रक्तबलि ग्रहण गर्दछन् । कहीँकहीँ लडे मस्टो पनि रक्तबलि भोग गर्दछन् । दूध, दही, घ्यू जस्ता सात्विक भोग लिने भएकाले दूधे मस्टो भनिएको र लठ्ठिएका कपालको लामो टुपी राख्ने हुँदा लडे मस्टो भनिएको हो । यसै गरी दाँतले टोकेर बोका काट्ने र त्यसरी बोका काट्नुभन्दा पहिले मस्टोको धामी कामेपछि लामा दाँत प्रकट हुने भएकाले दाडे मस्टो भनिएको हो भने मस्टोदेवता अवतरित भइसकेपछि

खापडेका धामीले आँ गरेर असामान्य आकारमा मुख खोल्ने हुँदा खापडे मस्टो भनिएको हो । खप्तडको खापड दहलाई बासस्थान बनाएकाले पनि खापडे नाम परेको हो भनिन्छ ।

यी प्रमुख चार भेदका अतिरिक्त बाह्र भेदको वर्गीकरण गरी बाह्रभाइ मस्टोको गणना गरिएको पनि पाइन्छ । ती बाह्रभाइ मस्टोलाई बझाङमा बराह मस्टो भन्दै भगवान् विष्णुको बराह अवतारको स्वरूप मान्ने पनि चलन छ । सामान्यतः मस्टोका पुजारी क्षत्रिय हुने र बराह मस्टोका पुजारीचाहिँ बाहुन हुने भएकाले बाहुन वा वामन शब्दको अपभ्रंशबाट बराह बनेको र सोही नामबाट बराह मस्टो भनिएको हो भन्ने मत पनि प्रचलित छ । मस्टोको बाह्रौँ थानलाई बराह मस्टो भनिएको कुराचाहिँ यथार्थ हो । बराह मस्टोलाई बाह्रमस्टोका नामले पनि पुकारिने हुँदा यो थप प्रामाणिक हुन्छ । यी बाह्रभाइ मस्टोमा जेठो, माहिँलो, साहिँलो, ठाहिँलो, राहिँलो, काहिँलो, अन्तरे, मन्तरे, जन्तरे, लन्तरे, लखन्तरे र कान्छोको क्रम पनि रहेको छ । त्यसो भएर पनि कहीँ कुनैलाई त कहीँ कुनैलाई जेठो-कान्छो मानिएको देखिन्छ । अझ प्रत्येक क्रममा एकभन्दा बढी नाम राख्ने पनि चलन छ । जस्तै –

क) जेठो - कैलाश, बुडो, रुद्र, ढणार, दूधे र दूधे सिल्टो ।
ख) माहिँलो - बान्नी, बाबिऱ्या, रमाल, रुमली, लडे, थार्प्या, कबु, लाकुडी र लडी चाल ।
ग) साहिँलो - उखड्या, सिम, तुसापानी, धुरापानी, सुकिलो हाँस, दाडे र बाँ ।
घ) ठाहिँलो - कालो सिल्टो, काल शिला, कालो, खापडे र मुन्डा ।
ङ) राहिँलो - छेत्रपाल, गुरो, सुन्दर गाउँले, कलि र लाङ्खुरे ।
च) काहिँलो - गुणे, धौलपुरे, खुन्दाल, सिम र उडी शीतल ।
छ) अन्तरे - माङले, पुवाले, उखाडी र लाकुड्या ।
ज) मन्तरे - लिउडी, कमल र डोगी ।
झ) जन्तरे - विजय, विनायक र वनपाला ।
ञ) लन्तरे - मण्डली, कैली, साइन, कुमाल र क्युँडालो ।
ट) लखन्तरे - बाँस कोट्या, डाङ्ङी, पुवाले र कुर्मी ।
ठ) कान्छो - बाँठे पाल, बराह, बार र सुनार गाउँले ।

यी सबै नाउँहरूलाई चार भागमा विभक्त गरेर मस्टोले ग्रहण गर्ने भोगका आधारमा वर्गीकरण गरिएको पनि कतैकतै पाइन्छ । जस्तै –

क) जेठो - कैलाश, रुद्र, दूधे / दूधे सिल्टो, रमाल / रमलो, सुकिलो हाँस, छेत्रपाल, गुरो, धौलपुरे, उडी शीतल, कमल र विजय ।

ख) माहिँलो - लडे, लडीचाल, बाँस्कोट्या र तलकोटे ।

ग) साहिँलो - सिम, तुसापानी, धुरापानी, दाडे, कलि, कैली, कालशिला, कालो, कालो सिल्टो, सुन्दर गाउँले, माङले, विनायक, वनपाला, बराह र सुनार गाउँले ।

घ) कान्छो - खापडे, मुन्डा, बाँ, लाङ्खुरे, खुन्दाल, पुवाले, लिउडी, मण्डली, साइन, कुमाल, क्युँडालो, कुर्मी र बाँठे पाल ।

यो विवरण हेर्दा कुरा स्पष्ट हुनुको सट्टा झनै अल्झेको जस्तो देखिन्छ । जम्मा साठीवटा नामको यस क्रमलाई एकपछि अर्को गरी स्थानविशेषमा स्थापना गरिएका एउटै मस्टोदेवताका अनेक थानका रूपमा बुझ्नुपर्ने हुन्छ । यस विवरणले कहाँबाट स्थापित हुँदै यो देवता कहाँसम्म पुग्यो भन्ने कुरा स्पष्ट गराएको छ । मस्टोको जेठो-कान्छो क्रमभन्दा पनि मस्टोका थानको जेठो-कान्छो इतिहास यसबाट बुझ्न सकिन्छ । यी विभिन्न थानलाई नै दाइभाइमा विभाजन गरेर हेर्दै मस्टोपरिवार शाखाविस्तारमा यथेष्ट मात्रामा फैलिएको विश्वास जनसामान्यले गर्दछ । यहाँ प्रस्तुत गरिएका भन्दा थप नाम र स्थानीय कथ्यभेदका आधारमा बनेका एउटैका अनेक नाम पनि देखिन्छन् । अझ यिनै नामावलीमा थपघट गरी कहीँ छपन्नभाइ मस्टो भएका कुरा पनि अघि सारिन्छ । मस्टोकी पत्नी छैनन् । यिनलाई बालब्रह्मचारी देवता मानिन्छ । व्यक्तिगत सुखभोगभन्दा लोककल्याणलाई महत्त्व दिने र हरपल जनहितका कार्यमा संलग्न रहने देवता यिनी हुन् भनिन्छ । भक्तजनको उन्नति, सुरक्षा र समृद्धिमा सहयोगी बन्ने क्रममा यिनले उपासकलाई आफ्नो सर्वस्व ठानी विवाहबन्धन अस्वीकार गरेको कुरा सुन्नमा आउँछ ।

मस्टोको जाँतमा महादेव, विष्णु र तेडीका धामीलाई मामालाई दिइने सम्मान दिएर विशेष उपचारका साथ स्वागत गरिन्छ । कहीँकहीँ तेडीलाई पनि मस्टोकै भाइ मान्ने चलन छ । कतिपय ठाउँमा तेडीलाई

मस्टोका मामा भनिन्छ । मस्टोका दिदी वा बहिनी भए पनि अविवाहित भएर आआफ्ना थानमा बसेका कुराको वर्णन पाइन्छ । कुनचाहिँ दिदी वा बहिनीले विवाह गरी गृहस्थी जीवन बिताएको हो, कोसित विवाह गरेको हो र केकति सन्तान प्राप्त गरेको हो भन्नेबारे कहीँ कतै केही उल्लेख पाइँदैन, तर क्षेत्रपाल तथा भैरवलाई यिनका भान्जा मानेर पूजा गर्ने र भान्जा भनिने तिनलाई सेतो बोको बलि दिने चलन पनि छ । मस्टोलाई नै क्षेत्रपाल भन्ने र भैरवलाई मस्टोकै भाइ मान्ने गरेको पनि कुनै-कुनै ठाउँमा पाइन्छ । वसन्तमाला नामक स्थानीय देवीलाई मस्टोकी भान्जी भनिन्छ । यिनी मस्टोकी कुनचाहिँ विवाहिता दिदी वा बहिनीबाट जन्मेकी हुन् र यिनका पिता को हुन् भन्ने कुरा स्पष्ट छैन । रक्तबलि ग्रहण नगर्ने र कोरा पूजा वा सात्विक भोग लिने यिनी कुनै-कुनै मस्टोको पूजाका साथ मात्र पुजिन्छिन् । इष्टमित्र तथा नातागोता ज्यादै व्यापक भएका स्थानीय देवता मस्टो हुन् । नजिक र टाढाको साइनो लाग्ने यिनका सम्बन्धी देवीदेवताहरू अनेक छन् भनिन्छ । विशेष गरी ऐक्वार, डाणा बाग, झलल्या, बन्थडी, लाटो, कलङ्की, निमौने, नान्ने, असङ्खी, बेताल र सिद्ध जस्ता स्थानीय अन्य देवताहरूसित यिनको नजिकको नाता लाग्दछ भन्ने जनश्रुति छ । उपासकलाई साँगुरो-अप्ठेरो पर्दा मस्टोले यिनलाई सहयोग गर्न र यीबाट मद्दत लिई लोकहितका कार्य गर्दछन् भनिन्छ ।

स्थानीय नदीनाला, बाटोघाटो, भीर, भन्ज्याङ, खोला-खोल्सा, खेत, गरा, वनजङ्गल, पाखापखेरामा बस्ने सहायक देवीदेवतालाई मस्टोका सेवक मानिन्छन् । यी देवीदेवताहरू मस्टोभन्दा अधिक कठोर र बढी शक्तिशाली मानिन्छन् । ससाना गल्तीमा ज्यानसम्म लिने, लागोबिल्जो गरेर दुःख दिने, क्षमा माग्दा पनि सजाय दिने, खुसामद गर्दा पनि नमान्ने र खुसी पार्न गाह्रो हुने शक्तिका रूपमा चर्चित रहेका कुरा स्थानीय बासिन्दा सुनाउँछन् । यिनलाई मस्टोका गण वा मस्टोसित परिवारिक सम्बन्ध भएका गणदेवता भनिन्छ ।

धामीमा अवतरित भएपछि परम्परागत बाजाको धुनमा नाच्नुपर्दा गण मानिएका स्थानीय सहायक देवताका धामीको काँधमा चढेर झुलनामा झुलेझैँ गरी मस्टो नाच्तछन् । भगवती दुर्गाका प्रमुख सेनापति वा मुख्य सहायक मस्टोको वाहन बाघ हो । यिनलाई कुलदेवता मान्नेहरूले सपनामा बाघ देखेमा यिनको दर्शन पाएको विश्वास गर्दछन्

र गाउँबस्तीमा बाघ देखियो वा त्यसको आतङ्क फैलियो भने यी देवता रिसाए भन्दै चलनचल्तीका उपचारको अवलम्बन गर्दछन् । यसका साथै गण वा सेवक मानिने स्थानीय खास-खास सहायक देवता पनि यिनका विविध थानका स्वामी वा दाजुभाइहरूका वाहन मानिन्छन् । यिनका वाहनको विवरण निम्नानुसार रहेको कुरा थाहा हुन्छ –

क) बुडा मस्टोको वाहन फुटा शिला र चाडी ढुस्क्या ।

ख) ढणार मस्टोको वाहन छ्यामचुल्ठ्या, घाइढुङ्ग्या र भात्खोल्या ।

ग) बाबिरा मस्टोको वाहन हाँडी खोल्या ।

घ) बान्नी मस्टोको वाहन रुन्काँड्या र जिबर्खी ।

ङ) बाँसकोटे मस्टोको वाहन थैली खोल्या र नील दह्या ।

च) काबा मस्टोको वाहन सिमैल्या र दर्भी गाड्या ।

छ) थार्पा मस्टोको वाहन गुमादेउ र गागोड्या ।

ज) उखाडी मस्टोको वाहन सिम्या ।

कहीँकहीँ घोडालाई पनि यिनले वाहन बनाएको देखिन्छ । खप्तडको खापड दहमा गङ्गादशहराका मेलामा खापडे मस्टो घोडा चढेर जमिनमा हिँडेझैं गरी वार र पार गर्दछ । एकभन्दा अधिक स्थानीय सहायक देवतालाई उनका कथा उति नै ज्यादा हुन्छन् । भूमिको स्वामी, स्थानदेवता वा रैथाने शक्ति भएको र असङ्ख्य उपासकहरूद्वारा पुजिने भएकाले मस्टासम्बन्धी किस्साकहानी पनि धेरै छन् । लगभग सिङ्गो नेपाल तथा भारत एवं तिब्बतका केही भूभागमा प्रभुत्व भएका यी देवताका ठाउँठाउँका कथाहरू बटुल्ने हो भने आफैँमा महाकथा बन्न सक्तछ ।

यिनका जाँत वा मेलामा उत्ताउलो तडकभडक देखाउने र अनावश्यक रवाफ जमाई अरूलाई दुःख दिने व्यक्तिलाई रिँगटा लगाएर, अररो बनाई थला पारेर, वाकवाकी लगाएर यिनले सजाय दिन्छन् भनिन्छ । अझ होहल्ला गर्ने, वर्ज्य वस्तु भोग गरेर उपस्थित हुने र पूजापाठमा अवरोध ल्याउन खोज्ने व्यक्तिलाई पनि यस्तै सजाय दिएर यिनले काबुमा राख्तछन् भन्ने विश्वास छ । अपराधीलाई उचित दण्ड दिनका लागि प्रयोगमा ल्याइने हतकडी, कोर्रा, नेल, सिक्री जस्ता वस्तु यिनका कतिपय ठाउँका भण्डारमा राखिएका पाइन्छन् । यसबाट पनि यिनको अनुशासनमोह प्रकट हुन्छ । यिनका जाँतहरूमा शान्तिसुरक्षाका निम्ति राज्यले सेना वा प्रहरी खटाइरहनुपर्दैन, यिनले स्वयं त्यसको

व्यवस्था गर्दछन् र कदाचित् त्यस्तो ध्येयले सैनिक वा प्रहरी आएमा यिनलाई मन पर्दैन, यिनले आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप गरेको अनुभव गर्दछन् भनिन्छ ।

जीव र निर्जीव सम्पूर्ण चराचर जगत्को परिपालकका रूपमा यिनलाई लिइन्छ । यिनलाई जीवनदाता, त्राता र स्थानीय माटो वा प्रकृतिको प्रतीक मानी असामान्य शक्तिसामर्थ्य एवं अतुल धनसम्पदाको स्वामी भनिन्छ । यिनको संरक्षण नपाइएमा जीवन चल्न सक्तैन भन्ने कुरामा विश्वास गर्दै यिनबाट पाइने अभिभावकीय छत्रछायाको कामना स्थानीय बासिन्दा गर्दछन् । संरक्षकीय दायित्व निर्वाहकै क्रममा यी धेरै टाढाबाट समीक्ष्य प्रदेशमा आइपुगेको कुरा यिनका उपासकहरू सुनाउँछन् र मुगलकालमा विधर्मीहरूको नाश एवं स्वधर्मको प्रचारप्रसारको अभियान चल्दा भारतका महाराष्ट्र, राजस्थान तथा अन्य प्रान्तहरूबाट बसाइ सरेर आएका सनातन धर्मावलम्बीहरूसँग यी देवता पनि संरक्षकीय दायित्व पूरा गर्न आएका हुन् भनिन्छ । विशेष गरी बझाङी ठकुरी सिंहहरूको बस्तीमा यो उक्ति प्रचलित छ, तर यिनको प्रभाव प्रस्तुत क्षेत्रमा सोभन्दा पहिलेदेखि नै भएको देखिने हुँदा यस भनाइमा तथ्यको मात्रा कम रहेको कुरा थाहा हुन्छ । भारतका विभिन्न प्रान्तबाट मुगलकालमा यस भूमिमा आई बसेकाहरूले प्रस्तुत देवताको प्रभाव र प्रताप स्वीकार गर्दै कुलदेवताका रूपमा मान्न र पुज्न थालेको कुराचाहिँ सत्य हो ।

पहाडका थुम्का, शिर वा देउरालीमा लताकुञ्ज तथा ठूला-ठूला रूखैरूख भएको फराकिलो बाँझो जमिनका बीच भागमा निर्मित विशेष निर्माणशैलीको भुइँतले वा एकतले एक्लो भवन देखियो भने त्यो प्रायः माडौँ र त्यसको क्षेत्र नै हुन्छ ।

ढुङ्गाको चिनाइ, माटोको गारो र चारैतिर पेटी दिएर माडौँ निर्माण गरिन्छ । काठका विशाल बाँसा, जुवा र थामको प्रयोग हेर्दा यिनलाई ढुङ्गा, माटो र काठको संयुक्त मिश्रणको भवन भन्न सकिन्छ । काठका थाममा सर्प र देवीदेवताका चित्र अङ्कित हुन्छन् । निकै ठूलो ढुङ्गा प्रयोगमा ल्याइँदा त्यसमा पनि सर्प र देवीदेवताका मूर्ति कपिन्छन् । मस्टो प्रायः निराकार स्वरूपमा रहेका हुन्छन् । मस्टो मानिने वस्तुमा मानवाकृति, देवाकृति वा कुनै खास चित्र अङ्कित हुँदैन । कहीँ प्रस्तर शिला, कहीँ दियो, कहीँ पानस, कहीँ घण्ट, कहीँ कुनै पात्रविशेष र कहीँ त्रिशूललाई मस्टो मानेर पूजा

गरिन्छ । निश्चित आकारविहीन स्वरूपका देवता मानिने हुँदा यिनलाई निराकार भनिएको हो ।

डोटी जिल्लामा मात्र सीमित भएर हेर्ने हो भने पनि यिनका माडौँहरू अनेक ठाउँमा स्थापना गरिएका देखिन्छन् । उच्चाकोट, बैरकोट, देउकार, बोरगाउँ, उजेलीगाउँ, ढुङ्ग, कौराडी, गिरिचौका खतेडा, देहीमाडौँ, ऐली, आगर, हिन्नेकाँडा, बाँझ, ककानी, सताला, दिपायल, सिलगढी, कालागाउँ, फलिणी, साइल, गडसेरा, जोरायल, मस्स्या लगायतका विभिन्न ठाउँमा मस्टोका माडौँहरू पाइन्छन् । यी माडौँहरू मस्टोका प्रमुख माडौँ हुन् । शिव र शक्तिपीठका साथ स्थापित मस्टोका थानको गणना यसमा गरिएको छैन ।

योगी-संन्यासीहरूबाट जन्मेकाहरू सम्प्रदायअनुरूप गिरी, पुरी, भारती, संन्यासी नाथ थर प्रयोग गर्दछन् । यिनीहरू पनि मस्टोपूजक देखिन्छन् । आफ्नो सम्प्रदायका मूल देवतालाई सर्वोपरि महत्त्व दिँदादिँदै पनि यिनीहरू स्थानीय बासिन्दाका हैसियतले अन्य मस्टोका उपासकहरूसँगै उत्तिकै श्रद्धाभक्तिपूर्वक मस्टोको पूजा गर्दछन् ।

टमटा, लुहार, कसारा, सार्की, भुल, ढोली, चुनारा, पार्की लगायतका दलित भनिने जातिले पनि मस्टोलाई कुलदेवताका साथै आराध्य देवता मानेर पुज्ने चलन छ । कतिपय ठाउँमा त यिनीहरूले छुट्टै मस्टो थान राखी निश्चित तिथिमितिमा छुट्टै पूजा गर्ने परम्परा पनि बसालेका छन् । ती ठाउँमा पुजारी, भण्डारी, धामी र आवश्यक अन्य कार्यकर्ता यिनीहरूकै जातिका व्यक्ति बनाइएका हुन्छन् । बझाङ जिल्लाको पुजारी गाउँको मस्टामाडौँको छेउमा सार्कीहरूको छुट्टै मस्टो थान छ ।

कसैले पनि त्यत्तिकै कसैलाई देवता मान्दैन । देवताको मान्यता पाउनका लागि आचार-व्यवहार तथा शक्तिसामर्थ्यमा देवत्व देखाउन सक्नुपर्दछ । धामीमा अवतरण भएपछि यी आफ्ना उपासकहरूलाई आशीर्वाद दिँदै *'तिमीहरू जहाँ हुन्छौ, म त्यहीँ पुग्छु र तिमीहरूले दिएको श्रद्धाभक्तिकै कारण म तिमीहरूको संरक्षण गरिरहेको हुन्छु । तिमीहरूका घर, परिवार, खेतीपाती, जन्तु-जनावरको सुरक्षामा म सधैँ तल्लीन रहन्छु । तिमीहरू कर्तव्यपथ र उन्नतिमार्गमा लाग, सारा विघ्न नाश गरेर सफलता दिलाउन म सहयोगी बनेर तिम्रा साथमा रहनेछु । मैले धेरै*

बोल्नु हुँदैन, कामबाट आफ्नो प्रभाव देखाउनुपर्दछ । त्यसैले तिमीहरू मेलो नछोड, सफलता दिलाउने म तिमीहरूको पछिपछि हिँड्न छोड्दिनँ' भन्दछन् । कामेको मस्टोका धामीका यस्तै कुरा सुनेर जनसामान्यले आफ्ना प्रत्येक सफलतामा मस्टोदेवताको आशीर्वाद रहेको विश्वास गर्दछ र मस्टोको छत्रछाया रहेसम्म कसैले कुनै व्यवधान खडा गर्न नसक्ने कुरामा दृढ विश्वस्त रहन्छ ।

बाबुआमाले सन्तानहरूको र घरमुलीले परिवारका समस्त आश्रितहरूको रेखदेख गरेझैँ मस्टोले पनि आफ्नो प्रभावक्षेत्रमा कुनै पनि प्रकारका महामारी, अनिकाल, अतिवृष्टि, अनावृष्टि, हिंसक जन्तुको आतङ्क, चोरी, डकैती, अन्याय, अत्याचार, शोषण, अर्घेल्याइँ, पशुरोग, अनिष्ट र अमङ्गल हुन दिँदैन भनिन्छ । यस प्रकारका दुर्घटना भएमा देवता रिसाएको ठानेर आवश्यक उपचारका निम्ति पूजापाठ तथा विशेष अनुष्ठानको आयोजना गरिन्छ ।

अभिभावकसँग आश्रितहरूले झगडा गर्ने, रुने, कराउने, अप्ठेराहरू सुनाएर निवारणका निम्ति सहयोग माग्ने, यथासमय आवश्यक निदान नभए रिसाउने, ठुस्कने र निराश भएको देखाउने जस्ता सामान्य व्यवहारमा देखिने घटनाझैँ उपासकहरूले यी देवताका प्रति गरेको देखिन्छ । यिनले आफ्ना उपासकहरूको घुर्की, रोदन, आह, पीडा, छटपटी, ठुस्काइ र क्रोध पनि सहनुपर्दछ । त्यस प्रकारका व्यवहारले जनसामान्यको भरोसा यिनका प्रति निकै ज्यादा रहेको कुरा थाहा हुन्छ । ज्यादै अप्ठेरो परेपछि सङ्कट मुक्तिका लागि *'तँ हुँदाहुँदै पनि यस्तो दुःख सहनुपर्‍यो, अबदेखि तेरो पूजाआजा केही गरिँदैन, अभिभावक नभएको टुहरोले जस्तै भोग्नुपरेका पीडा मनमै पचाएर सहेर बस्नुपर्‍यो । तँ टलुटुलु हेरिरहिस् । सङ्कटबाट मुक्त गराउन तैँले केही गरिनस् । गारोसाँगुरोमा तैँले सहयोग गरिनस् र बचाइनस् भने तँलाई मानेर मात्र के गर्नु, पुजेर मात्र के गर्नु, अबदेखि हाम्रो पूजाको आशा तैँले नगरे हुन्छ'* भन्ने किसिमका धम्की-घुर्कीको भाषा उपासकहरू यिनलाई सुनाउँछन् । यिनले त्यस्तो अवस्थामा अभिभावकले आश्रितलाई आश्वस्त पारेझैँ आफ्ना उपासकहरूलाई सम्झाउँछन्, बुझाउँछन् र प्रयत्नरत हुँदा पनि काम बन्न नसकेको र प्रयास जारी रहेको कुरा सुनाउँछन् । साथै समस्याबाट मुक्ति चाँडैभन्दा चाँडै दिलाउने आश्वासन पनि दिन्छन् ।

यसरी सारा उपासकको अभिभावक बनेर संरक्षणको छत्रछाया दिनु यिनको विशेषता मानिन्छ ।

असजिलो पर्दा कुनै पनि व्यक्तिले आफ्ना आमाबाबुलाई सम्झेर आमा वा बा भनेझैं यिनका भक्तहरू दुःखकष्टका क्षणमा *'हे मस्टा, हे कुलदेवता, हे माटी, हे ईश्वर, हे मालिक, हे भगवान्'* भनेर यिनलाई सम्बोधन गर्दै अप्ठेराबाट मुक्त गराइदिन अनुरोध गर्दछन् । यिनको अस्तित्व छ-छैन, यिनका प्रतिको विश्वास आधारभूत हो-होइन, यिनको शक्तिसामर्थ्य मानेजस्तो छ-छैन, त्यो भिन्नै प्रश्न हो । यिनीप्रति अटल आस्था जनाएर सङ्कटहरण गर्ने सजिलो उपायको खोजीका क्रममा यिनको अस्तित्व मात्र होइन, प्रत्यक्ष उपस्थितिको अनुभव स्थानीय निवासी गर्दछन् । धामीमा अवतरण भई साक्षात्कार हुने र दर्शनसमेत पाइने कारणबाट यिनीप्रतिको विश्वास झनै प्रगाढ बनेको हो । शुभकर्ता, अशुभहर्तालाई आँखाअघि देख्यो भने भक्तिशील बन्नु स्वाभाविकै हो ।

कसैले अन्याय गरे, रोग लागे, काममा बाधा परे, सामान, चोरिए, शत्रु लागे, गाईबस्तु मरे, माहामारी फैलिए, हिंसक जन्तुले दुःख दिए, भोकमरी भए, दैवी प्रकोपका घटना घटे वा कुनै पनि सङ्कट आइलागे मुक्तिको सजिलो बाटो मस्टोपूजन मानिन्छ । भिन्न देवतालाई कुलका स्वामी मान्नेहरूले मूलतः आफ्ना कुलदेवतालाई सम्झे-पुजे पनि यस्तो समयमा मस्टोलाई पनि सहयोगी शक्तिका रूपमा स्वीकार्छन् र पुज्छन् । दुःखमा पुकारेझैं सुखमा पनि यिनलाई सम्झने गरिन्छ । नयाँ अन्न, नयाँ फल, खास अवसरमा पकाइने मिष्टान्न, विशेष भोज्य वस्तु, पहिलो टीका, पहिलो जमरा र पहिलो पूजा यिनलाई चढाएपछि मात्र यिनका उपासकहरू तत्तत् वस्तु आफू भोग गर्दछन् । सन्तानजन्म, छैटी, न्वारन, पास्नी, चूडाकरण, अक्षरारम्भ, व्रतबन्ध, विवाह, चाडबाडका पूजा, सत्यनारायण कथा, रुद्री, चण्डी, सप्ताह, नवाह, रामायण लगायतका संस्कार एवं अनुष्ठानमा यिनलाई आमन्त्रण गर्ने र पुज्ने गरिन्छ । उपर्युक्त आयोजनाहरूमध्ये चोखो मानिने अनुष्ठानमा मस्टोको धामी, भण्डारी र पुजारीका साथै अन्य प्रमुख कार्यकर्ताहरूलाई निमन्त्रण दिई विशेष स्वागत-सत्कार गरिन्छ । दुलही भित्र्याउँदा धामीले कामेर दुलहा-दुलहीलाई गृहप्रवेश गराउँछन् । यसै गरी घरको शिलान्यासमा वास्तुपूजा गर्दा र नवनिर्मित भवनमा विधिपूर्वक गृहप्रवेश गर्दा पनि पूजापाठको

परम्परागत पद्धतिको अवलम्बन गरिन्छ र सो अवसरमा धामी कामेर आशीर्वाद दिनाका साथै परिवारका सबै सदस्यलाई गृहप्रवेश गराउँछन् । अझ ठाउँ, माटो र मुहूर्त अनुकूल नभए वा नजुरे शिलान्यास नगर्न र सो समयमा गृहप्रवेश नगर्न पनि धामीले कामेर सल्लाह दिन्छन् ।

दुःखका घडीमा यिनले नपुकारे पनि साथ दिन्छन् तर सुखमा चाहिँ यिनलाई भित्री मनबाट सम्झेकै हुनुपर्दछ । सुखद क्षणमा नसम्झे, यिनका कार्यकर्तालाई नबोलाए, गर्नुपर्ने पूजाआजा नगरे यी रिसाउँछन् र कुनै न कुनै प्रकारको हानिनोक्सानी पुऱ्याउँछन् । सुखका बेला पुज्दा, मान्दा, कार्यकर्ताहरूको स्वागत गर्दा यी प्रसन्न हुन्छन् र मनोकामना पूर्ण गराउँछन् ।

अन्यायीलाई कोर्रा हान्ने, चुट्ने, हतकडी र नेल लगाउने, अपराधअनुसारको दण्ड दिने काममा संलग्नता हुने भएकाले यिनको भण्डारमा तरबार, भाला, खुकुरी, कोर्रा, हतकडी, नेल र सिक्री तत्कालीन उपासकहरूले चढाउने गरेका हुन् भनिन्छ । अझै पनि अर्कालाई हानि पुऱ्याउने, चोरी गर्ने, लुटपाट मच्चाउने र ज्यान मार्ने व्यक्तिलाई आँखा देख्न नसक्ने, अङ्गभङ्ग गर्ने, सार्वजनिक रूपमा माफी माग्न लगाउने र अपराध स्वीकार गराउने कार्य यिनीबाट हुन्छ भन्ने विश्वास गरिन्छ । कसैले जानी-जानी गरेको अपराधका कारण अन्यायमा परेको व्यक्तिले मनमनै यिनको पुकारा गरी न्यायका लागि अनुरोध गरेमा अपराधीले दण्ड पाउँछ र अन्यायमा परेको व्यक्तिले न्याय पाउँछ भनिन्छ । धामी, भण्डारी, पुजारी जस्ता यिनका मुख्य उपासकहरूका घरबाट चोरी गर्ने व्यक्तिले चोरिएको वस्तु फिर्ता नगरेसम्म रोगी हुनुपर्ने, आँखाको क्षमता गुमाउनुपर्ने वा सार्वजनिक रूपमा गल्ती स्वीकार गर्ने अवस्था भोग्नुपर्ने कुरा पनि सुन्नमा आउँछ ।

कतै वैशाख पूर्णिमा, कतै श्रावण पूर्णिमा, कतै कार्तिक शुक्ल अष्टमी, कतै कार्तिक पूर्णिमा, कतै मङ्सिर पूर्णिमा र कतै माघ पूर्णिमामा मस्टोको पूजा गरिन्छ । विशेष गरी कार्तिक-मङ्सिर शुक्ल अष्टमी र पूर्णिमाका दिन गरिने पूजालाई नै वार्षिक पूजाका रूपमा लिइन्छ । आआफ्ना परम्पराअनुसार दुग्धाहारी भए दूध, दही, घ्यू तथा हवनसामग्री निवेदन गर्ने र रक्तबलिभोगी भए सकेसम्म कालो नभए अरू नै वर्णको बोको बलिका लागि चढाई भक्ति प्रकट गर्ने काम त्यस अवसरमा

मस्टोका उपासकहरू गर्दछन् । कतैकतै वैशाख सङ्क्रान्तिका दिन पनि यिनको वार्षिक पूजा गर्ने चलन छ ।

त्रैमासिकसम्मको पूजा कुलदेवताको मान्यताका साथै क्षेत्रपाल र आराध्य देवताका रूपमा स्वीकारेर गरिने पूजा हुन् भने कुलायन पूजाचाहिँ कुलका स्वामी, कुलसंरक्षक, कुलाधिपति एवं कुलदेवताको मान्यतामा केन्द्रित भएर गरिने पूजा हो । यसमा कुलदेवता मान्ने र त्यस्तो परिवारसित वैवाहिक सम्बन्ध राखेका व्यक्तिहरू मात्र संलग्न हुन्छन् । यसलाई देवाली पनि भनिन्छ । यस पूजालाई पनि बाबर्‍यै जाँत अर्थात् सेल पकाएर खुसी मनाइने जाँत भन्ने चलन छ । यस्तो पूजा आश्विन र चैत्र नवरात्रिको अष्टमी, कार्तिक शुक्ल अष्टमी, पूर्णिमा, मङ्सिर पूर्णिमामध्ये निश्चित कुनै एक दिन गरिन्छ । ठाउँअनुसार उपर्युक्त फरक-फरक तिथिमा यो पूजा गरिने हुँदा यहाँ यतिका तिथिको उल्लेख गरिएको हो । यो पूजा यीमध्ये कुनै एक निश्चित तिथिमा गर्ने चलन छ । रक्तबलिभोगी भए बोका र दुग्धाहारी भए हवन, फलफूल, दूध, दही, घ्यू निवेदन गरी मस्टोलाई कुलदेवता मान्नेहरू आआफ्ना गाउँठाउँका मस्टामाडौँमा जम्मा भई पूजा गर्दछन् । आफन्तहरू भेट्ने, पारिवारिक जमघट गर्ने र एउटै कुलका सन्ततिको सान्निध्य जुटाउने कार्यमा यस पूजाले महत्त्वपूर्ण भूमिका निभाउँछ । एकपटक थलारी राजासित यिनका भक्त मानिने डोटेली राजाको युद्ध पर्दा यिनले सर्प, मौरी र अरिँगालको रूप धारण गरेर थलारी राजालाई पराजित गर्नमा पनि मद्दत गरेका थिए भनिन्छ । यिनले त्यस बेला थलाराबाट ल्याएका चाँदीका घडा, तामाका ताउला र अन्य भाँडाकुँडा, चमर जस्ता वस्तु अद्यापि डोटीको यिनको भण्डारमा सुरक्षित छन् भनिन्छ ।

दुग्धाहारी वा सात्विक छन् भने माडौँ, गब्युरो अर्थात् गर्भगृहमा स्थापित मुख्य थान वा गाथमा पुजारीद्वारा अभिषेक गरिन्छ र कोरा अक्षता एवं पातीका पात चढाएर पूजा गरिन्छ । हवन गरिने ठाउँ र मूल गाथका छेउमा राखिएको छुट्टै आसनमा मस्टोका धामी बस्तछन् । गाथको पूजा गरिसकेपछि सोही विधि अपनाएर काम्दै गरेको धामीको पूजा गरिन्छ । सो ठाउँमा पुजारी, भण्डारी, धामी र ज्यादै चोखो आहारविहारमा बस्ने विशिष्ट कुनै उपासकबाहेक अन्य व्यक्ति उपस्थित हुन पाउँदैन । त्यस बखत माडौँका आँगनको निश्चित ठाउँमा बसेर ढोलीहरू दमाहा,

ट्याम्को, ताल, भ्याली, नरसिंहा जस्ता बाजाहरू परम्परागत धुनमा सामूहिक रूपमा बजाउँछन् । सो धुनलाई पुजकी घाई अर्थात् पूजाको धुन भनिन्छ । त्यस बखत व्रतालु महिलाहरू फाग अर्थात् परम्परागत गीत गाउँछन् र भक्तजन श्रद्धासाथ आफ्ना आराध्य एवं कुलदेवता मस्टोको आराधना गर्दछन् । यस्तो पूजा निर्दिष्ट तिथिको मध्य रात र अर्को दिनको प्रात:कालमा हुन्छ । प्रात:कालको भन्दा मध्य रातको पूजालाई बढी महत्त्व दिइन्छ । रतेडीको विशेष कार्यक्रम भनेको यही पूजा हो । दिनभरि निराहार रहेर उपवास बस्नेहरू रातिको पूजा समाप्तिपछि पुजारीद्वारा दिइने अभिषेक ग्रहण गर्दछन् ।

रक्तबलिभोगी मस्टा छन् भने रातिको कार्यक्रम दुग्धाहारी मस्टोको पूजामा गरेबमोजिम सञ्चालन गरिन्छन् र बिहान तथा दिउँसोका कार्यक्रम केही भिन्न तरिकाले सम्पन्न गरिन्छन् । रक्तबलिभोगी मस्टो बिहानको भुल्केघाममा आफ्ना सहायक देवताका धामीका काँधमा चढेर बयाल खेल्दछन् अर्थात् ढोलीहरूको पूर्वोक्त परम्परागत वाद्यधुनका साथ नाच्तछन् र देउरो पनि अर्कै धामीद्वारा नचाइन्छ । त्यसपछि माडौंको आँगनको एउटा छेउमा रहेको मस्टोको थानमा गएर भक्तजनद्वारा दिइएका बोकाको बलि ग्रहण गर्ने काम हुन्छ । सो बलि कहीँ धामी, पुजारी, भण्डारी र अन्य कार्यकर्ताको समुपस्थितिमा उपासकमध्येको कुनै व्यक्तिबाट दिई मस्टोथानमा रगत चढाइन्छ र मस्टोको धामीमा रगतको अभिषेक गरिन्छ भने कहीँ स्वयं धामी नै कामेर बलि दिई मस्टोथानमा रगत चढाइन्छ । कहीँ मस्टोका धामीले धामी र पुजारीको दोहोरो भूमिका निभाउँछन् ।

बिहानको भोजनको समयसम्म बलिको कार्यक्रम चल्दछ । चौंसट्ठीवटा बोका बलिका लागि स्वीकार्य हुन्छन् । सोभन्दा बढी भएमा अर्को वर्षको पहिलो प्राथमिकताका लागि प्रतीक्षापङ्क्तिमा राखिन्छ । दाँतले टोकेर बोका काट्ने वा नङले चिथोरेर बोका काट्ने चलन भएका ठाउँमा बिहानकै समयमा बलिको कार्यक्रम चल्दछ । माडौंका आँगनको छेउमा स्थापित मस्टोथानमा पर्दाले छेकेर सर्वसाधारणले नदेख्ने गरी धामी, भण्डारी र पुजारीको उपस्थितिमा बलि दिने काम गरिन्छ । भण्डारीले गर्दन सोभ्याउने, पुजारीले खुट्टा समात्ने र धामीले दाँतले टोकेर वा नङले चिथोरेर बोका काट्ने काम हुन्छ । त्यस ठाउँमा खुकुरी,

तरबार, चक्कू, हँसिया आदि कुनै हतियार हुँदैन । दाँतले टोकेर बोका काट्ता धामीले लँगौटीबाहेक अन्य लुगा लगाएको हुँदैन । यसरी लिइने बलि पनि चौंसठ्ठीवटा बोकाको मात्र हुन्छ । बढी भए अर्को वर्षको पहिलो प्राथमिकतामा निर्धारण गरी बोका फिर्ता गरिन्छ । त्यसरी फिर्ता भएका बोका घरमा नलगेर जङ्गलमै छोडिन्छन् । बेलुकीको कार्यक्रम पुछाइँ, धामीनाच, देउरोनाच र पुरुष तथा महिलाको सामूहिक नृत्य एवं गायनमा केन्द्रित हुन्छ ।

यी दुवै प्रकृतिका मस्टोका पूजाको मिल्दोपन पनि छ । बिहानको पूजा सुरु हुनुभन्दा पहिले देउरो सजाइन्छ । धामी, भण्डारी, पुजारी र डोलीबाहेकका प्रमुख अन्य कार्यकर्ताहरू माड़ौंको आँगनमा निश्चित ठाउँमा राखिएको देउरोका छेउमा बसेर सबैतिरका भक्त वा उपासकहरूले ल्याएका भेटी, उपहार, फूलमाला र पूजासामग्री लिने काम गर्दछन् । कहीँकहीँ चढाइएका सामानको विवरण लिखित रूपमा तयार पार्ने चलन छ भने कहीँ विनालिखत भण्डारीको विश्वासमा भण्डारमा जम्मा गर्ने र नासिने वस्तु भए प्रसादस्वरूप तत्काल विशेष दाता वा उपासकलाई दिने गरिन्छ । त्यसरी उपहारस्वरूप दिइने वस्तुमा घण्ट, दियो, पानस, आलम वा नेजा, ताम्रपत्र, सुन मिसाएर बनाएका विभिन्न देवताका चाँदीका प्रतिमा, चमर, साटन वा सिल्कका रङ्गीबिरङ्गी कपडा, रातो रङ्गमा रङ्गाइएका उनी पछ्यौरा, कलश, करुवा, झारी, दण्ड, भोकर, दमाहा, ताल, भ्याली, नरसिंहा, गजुर, आसागुर्जा, सुनका जनै पर्दछन् । यस्ता वस्तु चोरी, ठगी, लुटी वा गलत बाटो अपनाई ल्याइएमा धामी वा कुनै पनि कार्यकर्ता कामेर फालिदिन्छन्, स्वीकार गर्दैनन् । साथै १४४ बर्से, १२ बर्से र १ वर्षे जाँतमा मात्र यस प्रकारका उपहारहरू चढाइन्छ, अन्य सामान्य पूजामा चढाइँदैन । वार्षिकभन्दा १२ बर्से र १२ बर्सेभन्दा १४४ बर्से जाँतमा उपहार ल्याउने क्रम तीव्र हुन्छ । वर्षौंवर्षदेखि जम्मा पारिएका उपहार सामग्री बढी भएर कतिपय भण्डारमा त राख्ने ठाउँ पनि हुँदैन । यस दृष्टिले लडे र दाडे मस्टोका भण्डार अन्यका तुलनामा अधिक समृद्ध देखिन्छन् ।

बाबुआमाको सेवाटहल जति गऱ्यो, त्यति नै आत्मसन्तुष्टि र माया पाइएझैँ कुलका मालिक मानिने यी देवताको स्तुतिभक्तिबाट अनिष्ट नाश एवं सुखसमृद्धि प्राप्त हुने विश्वास गरिन्छ । तसर्थ बढी उपहार आउने १२

वर्ष र १४४ वर्षका जाँतमा उपहार सामग्री बटुल्ने कार्यमा लामो समय लाग्दछ। त्यस्तो स्थितिमा एकथरि कार्यकर्तालाई उपहारका सामान जम्मा गर्नमा खटाएर धामी, भण्डारी, पुजारी जस्ता प्रमुख कार्यकर्ताहरू जाँतका नियमित कार्यक्रम अघि बढाउनपट्टि लाग्दछन् । धामी र देउरोलाई मस्टोको प्रतिमूर्ति मानेर धामीनाच र देउरोनाचका बखत अक्षता, फूल चढाई ढोग्ने चलन छ । वृक्ष-वनस्पतिले घेरिएको माडौं क्षेत्र पूजाको समयमा एकत्रित हुने जनसमूह, बजाइने बाजा, सम्पन्न हुने धामीनाच र देउरोनाच एवं भक्तजनद्वारा गाइने गीतबाट झनै आकर्षक, झनै रमणीय र झनै सङ्गीतमय बन्दछ ।

यिनको पूजामा आफ्नै किसिमको शैली अपनाइन्छ । कुनै पनि मन्त्र वा वैदिक ऋचाको प्रयोगविना पूजा सम्पन्न गरिन्छ । वार्षिक, बाह्रबर्से र एक सय चौवालीस बर्से पूजा एक प्रकारको हुन्छ भने छमहिने, तीनमहिने पूजा तुलनात्मक रूपमा केही छोटो र सरल हुन्छ । त्यसै गरी देवाली, धार्मिक अनुष्ठान र भाकल पूरा भएका स्थितिको पूजामा पनि आंशिक भिन्नता पाइन्छ ।

यिनको पूजामा दुग्धाहारी छ भने हवन र रक्तबलिभोगी छ भने बलिलाई बढी महत्त्व दिइन्छ। हवनलाई स्थानीय बोलीमा हुम भनिन्छ। हवनमा जौ, तील, चामलमिश्रित चरुको आहुति नदिएर घृतधाराको आहुति दिइन्छ। त्यसः बखत मनमा मस्टोको ध्यान गरिन्छ। कुनै मन्त्र वा ऋचा पढिँदैन। कतिपय स्थानका पुजारीहरू लेखपढ गर्न नजान्ने हुन्छन्। मूल थानमा अभिषेक, कोरा अक्षता एवं पाती चढाउनु पूजा गर्नु हो भने मूल थानको छेउमा बालिएको आगोमा गाईको चोखो घ्यूको आहुति दिनु हवन गर्नु हो । यसका साथै मूल गाथको पूजा गरेझैँ सम्बद्ध देवताको धामीको पूजा गरेर काम्न लगाउनु पनि पूजाको अभिन्न अङ्ग मानिन्छ।

विशेष धार्मिक अनुष्ठानको आयोजना गर्दा शास्त्रोक्त विधिका ज्ञाता पण्डितहरूले पूजा गराउने हुंदा मन्त्र वा ऋचा पाठ गरिन्छ । त्यस्तो पूजालाई मूल पूजा भने मानिंदैन । रक्तबलिभोगी मस्टोको पूजामा पनि उपर्युक्त विधिको हवन गरिन्छ, तर त्यसमा हवनलाई भन्दा बलिलाई बढी महत्त्व दिइन्छ । मस्टोका पूजाको अर्को विशेषता आआफ्ना कुल-परिवारको चलनबमोजिम पूजासामग्री, गोदान, कालो वा सेतो वर्णका बोकाको बलिदान, घोडादान र त्यस्तै खास-खास पात्र एवं वस्तुको दान

गर्नु पनि हो । यस प्रकारको दान पालोअनुसार व्यक्ति र परिवारद्वारा गर्ने चलन छ । प्रत्येक उपासकका घरबाट पाँच मुठी सग्लो चामल, एक पसर दाल, नुन, खुर्सानी, दही, दूध, घ्यू, दक्षिणा, चन्दन, केशरी, बत्ती, धूप प्राप्त भएकै हुनुपर्दछ । जुठो-सुत्केरो वा कुनै अन्य वर्ज्य स्थितिमा चाहिँ पूजनसामग्री दिनु हुँदैन । यो जम्मा गर्ने काम जाँत हुने दिनमा निर्दिष्ट व्यक्तिले गर्दछ । पोखल अर्थात् पूजा सामान उठाउने काम गर्ने हुँदा यस प्रकारका सामग्री उपासकका घरघरबाट जम्मा गर्ने व्यक्तिलाई पोखल्या भनिन्छ ।

उपहारदाता तथा विशिष्ट उपासकलाई चढाइएका वस्त्रबाट मलमल, सिल्क र साटनका कपडा झिकेर सार्वजनिक सम्मान दिएझैँ गरी प्रदान गरिन्छ । उपासक तथा रैथाने अन्य देवताका पूजकलाई सकेसम्म फूलका माला नपुगे फूलका थुँगा प्रसाद भनेर दिइन्छ । अन्य आगन्तुकहरूलाई पनि व्यक्तित्व हेरेर टीका, पगरी, फूलको माला वा थुँगा प्रसादका रूपमा दिने चलन छ । अझ अपराध गरेबापत धामीद्वारा दिइने दण्डलाई पनि प्रसाद मानेर स्वीकार गरिन्छ । छमहिने र तीनमहिने जाँतका साथै अन्य अवसरका पूजामा उपस्थित कार्यकर्ता, उपासक एवं दर्शनार्थीहरूलाई अभिषेक गरेर दिइने फूल नै प्रसाद मानिन्छ । विशेष धार्मिक अनुष्ठानको आयोजना गरिएमा उपस्थित दर्शनार्थीलाई माडौंमै र अनुपस्थितहरूलाई घरघरमा टीका, तिलक, फूल, नैवेद्य, पञ्चामृत प्रसाद मानेर दिइन्छ । विशेष योगदान गर्ने र विशिष्ट व्यक्तित्व भएका व्यक्तिलाई सम्मानस्वरूप मलमल, सिल्क वा साटनको कपडाको पगरी गुँथिने हुँदा त्यस्तो वस्त्र खास किसिमको प्रसाद मानिन्छ भने त्यसपछिको क्रममा आउने फूलको माला, टीका र तिलक फूलका थुँगा मध्यम एवं अन्य प्रसादलाई सामान्य प्रसाद मानिन्छ । यसरी अभिषेक र फूललाई सामान्य, फूलको मालालाई मध्यम र फेटा वा पगरीलाई मस्टोदेवताको उत्तम प्रसादका रूपमा लिने गरिन्छ ।

रक्तबलिभोगी मस्टोका प्रसाद पनि दुग्धाहारी भेदका जस्तै हुन्छन्, तापनि थप प्रसादका रूपमा दिइएको बोकाको शिर तथा शरीरलाई पनि लिइन्छ । बोकाको शरीर बलि जसले दिन ल्याएको हो, त्यसलाई नै दिइन्छ र सो व्यक्ति वा परिवारले प्रसादका रूपमा ग्रहण गर्दछ भने शिर प्रमुख कार्यकर्ताहरूले पाउने प्रसादमा पर्दछ । कतिपय दुग्धाहारी एवं

रक्तबलिभोगी भेदमा काँक्रो, कुभिन्डो, लौका, नरिवललाई बोकाका जस्ता चार खुट्टा, दुई सिङ र पुच्छर भएको बनाएर सिँगारपटार पारी बलि दिने गरिन्छ । त्यस्तो बलिको पनि शिर भाग प्रमुख कार्यकर्ता र शरीर भाग बलिदातालाई दिइन्छ । प्रमुख कार्यकर्ताहरूलाई दिन भनी छुट्याइएको बोका वा अन्य बलिको शिर भाग धामीले इच्छाअनुसार कुनै बाह्य उपासक वा दर्शकलाई दिन पनि सक्तछन् । भण्डारी र पुजारीको सल्लाहबमोजिम पनि त्यस्तो प्रसाद बाहिरको दर्शक वा नवागन्तुक व्यक्तिलाई धामीले दिने गर्दछन् ।

कतिपय ठाउँमा पूजाका लागि दूध, दही, घ्यू यथेष्ट मात्रामा जम्मा हुने र पूजाबाट अवशिष्ट सोको भाग उपासक तथा दर्शनार्थीहरूलाई प्रसादस्वरूप खाने गरी दिइने हुनाले दूध, दही र घ्यू पनि यिनको प्रसाद बनाइएको देखिन्छ । यसरी भोगभेद, कार्यविभिन्नता, जाँत वा पूजाका किसिम, उपासकका भेद तथा अवस्थानुसार यी देवताका प्रसाद अनेक प्रकारका पाइन्छन् । मस्टोका धामीले कामेर सुरुमा यस प्रकारका कुरा सुनाउँछन् –

१. ऊ ... (ठूलो स्वरको चीत्कार)
पुजारी, भण्डारी, ब्राह्मणहरू,
विश्वकर्माहरू, दमाईंहरू
अघि फाँडेर पछि हानेर
बहिनीका पाउको सेवा गरेर
नदी तरी दुर्गम्य शिखर चढी
कहाँबाट कहाँ पुगेर
पानीको सामल बतासका लुगा
काँडाका ओछ्यान, ढुङ्गाको सिरानी
पछिपछि लागेर
कहाँबाट कहाँ आइपुगेँ भक्त हो, देखेकै छौ ।

२. के भनेर बोलूँ भक्त हो
के भनेर कुरा गर्न थालूँ
तीनै युगको हुँ भनेर
सत्ययुगको हुँ भनेर
जान्ने सबै छौ, मान्ने सबै छौ

तीनै लोक र चौधवटै भुवन
जलमा हामी, थलमा हामी
डाँडामा हामी, पहरामा हामी
एकाग्र भएर, सभ्य एवं शान्त बनेर उपासना गर
सोचेको-सम्झेको पूरा गर्ने म छँदैछु।

३. रोगीको रोग र दोषीको दोष
मैलै नाश गरेकै छु, मैले समाप्त गरेकै छु
माटाको स्वामी, थलाको स्वामी
मलाई सम्झेर आयौ, मलाई मानेर आयौ
हितैषी तिमीहरूको, मित्र तिमीहरूको
जहाँ तिमीहरू जान्छौ त्यहीँ म पुग्छु
पूजासामग्री तिमीहरूले सधैँ दिएकै छौ
पूजासामग्री मैले सधैँ लिएकै छु।

४. अहा पुजारी ! अहा भण्डारी !
अहा ब्राह्मणहरू, विश्वकर्माहरू, दमाईंहरू !
हुन त मैले तिमीहरूका पछाडि हिँड्न
कहिले छोडेको छु र
जाऊ त भक्त हो
अहिलेदेखि नै तिमीहरूका
अघिको बाटो खोलेर, पछि परेर
तिमीहरूलाई सुरक्षित राख्ने
म छँदैछु भक्तहरू हो
म छँदैछु नि।

कुलदेवताका रूपमा मानिने र पुजिने मस्टोदेवताको परम्परा नेपाली धार्मिक, सांस्कृतिक र सामाजिक रीतिथितिको प्रतीक बनेर चल्दै आएको छ । पश्चिमबाट बसाइँ सर्दै पूर्वतिर उन्मुख भएका आफ्ना उपासकहरूसँग साथसाथ हिँड्ने क्रममा यी देवता नेपालभरि फैलिएका देखिन्छन् । यिनको मूल थलो मानसरोवर र त्यसपछिको केन्द्रभूमि खप्तड एवं सुदूर पश्चिमाञ्चलको महाभारत पर्वतको शिखर हो, तापनि बिस्तारै यस क्षेत्रको मध्यपर्वतीय भूभागलाई बासस्थान बनाई सोही प्रकृतिका पहाडी बस्तीमा पूर्व र पश्चिमतिर यी उन्मुख भएका हुन् । त्यसैले

भूबनोटका दृष्टिले समान देखिने नेपाल र भारतका समानान्तर रेखामा रहेका ठाउँमा यिनका थानहरू पाइन्छन् ।

विविध जातजाति र भाषाभाषी-समुदायका बीच सम्बन्धसूत्र कायम गरी एकताको सन्देश दिने आधार पनि मस्टो हुन् । बाहुन, छेत्री, संन्यासी, दमाईं, कामी, सार्की लगायतका सबै जातिका कुलदेवता बनेर साझा आस्था आर्जन गर्नमा सफल यिनले विभिन्न जातिमा पारस्परिक मित्रता, प्रेम, समझदारी र एकता सुदृढ गरेर सामाजिक शान्ति सुस्थिर तुल्याउने काम गरेका छन् । कुलका स्वामीलाई मान्नुपर्ने, पूर्वजहरूप्रति श्रद्धा गर्नुपर्ने र पितृहरूप्रति आस्थावान् बन्नुपर्ने सन्देश पनि यिनले जनजनमा पुर्‍याउन खोजेको देखिन्छ । साथै अभिभावक बन्नेले आफ्नो आश्रयमा बस्नेहरूको संरक्षणप्रति सदा सतर्क र संवेदनशील हुनुपर्ने पाठ पनि यिनले आफ्ना कार्यव्यापारबाट उदाहरणसहित सिकाएका छन् । त्यही कार्यव्यापारका कारण यिनलाई छेत्रपाल अर्थात् आफ्ना अधीनका क्षेत्रको सुरक्षा गर्ने देवता भनिन्छ । यी आफ्ना उपासकहरूभन्दा टाढा रहँदैनन् र दुःख-सुख, आँसु-हाँसो, गाह्रो-सजिलो जुनसुकै स्थितिमा पनि साथ दिन यिनले छोड्दैनन् भनिन्छ । भक्तहरू जहाँ जान्छन् यी पनि सियोसित धागो हिँडेझैँ पछिपछि लाग्दछन् भन्ने विश्वास गरिन्छ । त्यसैले उपासकहरूको वंशवृद्धि हुँदै जाँदा थपिएका नयाँ-नयाँ बस्तीमा यिनले पनि अनुगमन गर्दा ठाउँठाउँमा यिनका थान थपिएका हुन् र तिनै थानहरू ठाउँको नामका आधारमा यिनका भाइ बनाइएका हुन् भन्ने जनश्रुति छ । वास्तवमा ती सबै थान यिनका भाइ वा विविध रूप नभएर यिनका उपासकहरूको बस्तीविस्तारका प्रतीक हुन् । यिनले आफ्ना भक्तहरूलाई संरक्षण दिन छोड्दैनन् भन्नुभन्दा यिनका भक्तहरूमा पाइने यिनीप्रतिको अगाध आस्थाका कारण जहाँ रहे पनि जहाँ गए पनि भक्तहरू यिनलाई सम्झन, मान्न र पुज्न नछोड्ने हुँदा आफ्नो डेरा होस् वा बस्तीमा होस्, सर्वत्र यिनको थांन राख्छन् भन्नु बढी समीचीन हुन्छ ।

यिनीप्रतिको सम्मान र भरोसा यिनका भक्तहरू कतिसम्म गर्दछन् भने जहाँ रहे पनि आफ्नो साथमा संरक्षकीय दायित्व निर्वाह गर्ने साख्खै बाबु, साख्खै काका, साख्खै दाजु वा ज्यादै नजिकको अभिभावक उभिएझैँ गरी यिनको उपस्थिति रहने कुरामा गाढा विश्वास गर्दछन् । तसर्थ मस्टो भनेको देवता मात्र नभएर सामाजिक र सांस्कृतिक परम्पराको एउटा

संस्था हो, सम्प्रदाय हो, जीवन-पद्धति हो, आस्थाकेन्द्र हो, आशा-भरोसाको प्रतीक हो र व्यावहारिक दर्शन, पथ, वाद वा सिद्धान्त पनि हो ।

भगवान् शङ्कर र दुर्गा भवानीको प्रमुख गण मानिने यी मूलतः सात्विक देवता हुन् तापनि रक्तबलिभोग लिने दुर्गा भवानीका सान्निध्यमा रहने हुनाले सोही भोग यिनमा पनि चढाउने क्रममा यिनलाई रक्तबलिभोगी बनाइएको बुझिन्छ । फलस्वरूप भगवान् शङ्करको गण मानिने सात्विक भोग लिने एउटा र दुर्गा भवानीको गण मानिने रक्तबलिभोगी अर्को गरी यिनका दुइटा भेद कालान्तरमा प्रचलित भएका देखिन्छन् । अझ तिनमा पनि स्थानभेद बढ्न जाँदा दूधे, लडे, दाडे र खापडे गरी थप चारभाइ तथा तिनमा पनि प्रत्येकका बाह्र-बाह्रभाइ भनेर ठाउँठाउँमा राखिएका मस्टोका थानहरू जोडी जम्मा अठचालीसवटा भेदहरू पुऱ्याइएको पाइन्छ । वास्तवमा भोगभेद, स्थानभेद र पूजनप्रक्रियाका भेदहरू छुट्याएर जतिसुकै सङ्ख्यामा यिनका भाइहरूको गणना गरे पनि मूलतः यी एउटै देवता हुन्, शिव तथा शक्तिको मुख्य गणका रूपमा चर्चित यिनको समग्र नाम एउटै हो ।

अत्यधिक शक्तिले सम्पन्न तत्त्वका साथै मानवकल्याणमा समर्पित देखिने सूर्य, चन्द्र, पृथ्वी, आकाश, धर्ती, नदीनाला, पहाड, वृक्ष, वायु, अग्नि, जल, फल, पशु, पक्षी जस्ता विविध पक्षलाई देवता मान्ने चलन मानव-समाजमा यत्रतत्रसर्वत्र पाइन्छ । यस्तै तत्त्वमध्येका एउटा शक्ति मस्टो पनि हुन् । नेपाली जनमानसले गाउँबस्तीका प्रत्येक बाटाघाटा, नदीनाला, वनजङ्गल, खेतगरा, घरआँगन, वृक्ष-वनस्पति, भीरपाखा सबैतिर कुनै न कुनै देवताको थान रहेको कुरा स्वीकार गर्दछ र लोकले निश्चित तिथिमिति पारेर तिनको पूजा गर्दछ । साथै ती सबै देवीदेवताको पूजा नगरी जीवन चल्दैन भन्ने मान्यता व्यवहारमा लागू पनि गर्दछ । 'पहाड पुजी खानू, माल जुधी खानू' अर्थात् पहाडमा स्थानीय देवताको पूजा गर्न सक्यो भने मात्र गुजारा चल्दछ भने मधेसमा प्रत्येक क्षेत्रमा सङ्घर्ष गर्न सकेमा मात्र जीवन धान्न सकिन्छ भन्ने उखानले यस परम्परालाई थप स्पष्ट पारेको छ । एउटै मस्टोका स्थानभेद र भोगभेदको गणनाद्वारा पचासौं भाइ भएका कुरा यसै सन्दर्भमा जोडिन गएका हुन् । अन्य देवताका प्रसङ्गमा पनि यही कुरा दोहोऱ्याइएको पाइन्छ ।

दृष्ट, अनुमान र आप्तवचन तीनवटै प्रमाणबाट मस्टोको अस्तित्व स्वीकार गरिएको हो । आँखाअगाडि दाँतले टोकेर बोका काटेको देखेपछि, धामीमा अवतरण भएपश्चात् झारफुक तथा वचनबाट असाध्य दीर्घ रोग निको भएको देखेपछि, भूत र भविष्यका कुरा यथातथ्य भनेको सुनेपछि यिनीप्रति विश्वास उत्पन्न हुनु स्वाभाविकै हो । अझ जानी-नजानी गरिएका गल्तीको छानबिन गरी कडा सजाय दिने न्यायदाताका रूपमा यिनले जिम्मेवारी लिएको देखेपछि यिनबाट डर्नु पनि त्यत्तिकै स्वाभाविक हो । संरक्षण दिने तथा सन्मार्गमा सहयोग गर्ने जस्ता राम्रा पक्षमा देवता देखिए पनि ज्यान लिने, सार्वजनिक रूपमा दण्ड दिने र सानातिना गल्तीमा आवश्यकताभन्दा ज्यादा कठोर सजाय सुनाउने यिनका कतिपय कार्य क्रूर, निर्दयी र अमानवीय पनि देखिन्छन् । त्यसो भए पनि नराम्राभन्दा राम्रा कार्यको मात्रा अधिक देखिने हुनाले यिनीप्रति जनसामान्य डर्नुभन्दा ज्यादा आशा-भरोसा गर्दछ र गल्तीमा डाँट-फट्कार तथा सत्कार्यमा स्याबासी दिने अभिभावकका प्रति गरिएझैँ श्रद्धा, भक्ति एवं विश्वास गर्दछ ।

मनले चिताए पुग्ने, सुखदुःखमा सम्झना मात्र गरे पनि सहयोगी बनेर उपस्थित हुने, पूजाआजाको प्रक्रिया ज्यादै सरल, सहज र विवरणविहीन हुने र कर्मकाण्डीय मन्त्रको प्रयोगविना अक्षता र पाती चढाएर वर्षमा एक दिन उपासना गरे पनि पुग्ने जस्ता अनेकौँ थप निजत्व यिनका देखिन्छन् । ऐच्छिक रूपमा यिनको संस्मरण जहाँ रहेबसे पनि, जहिले पनि, जुनसुकै अवस्थामा पनि गर्न सकिन्छ । साँझ, बिहान र दिउँसोका त्रिसान्ध्यपूजा यिनी खोज्दैनन् ।

यिनी सत्कार्य मन पराउँछन् । तोकिएका तिथिमितिमा उपासकहरूले आफूलाई सम्झून् र आफ्नाप्रति चोखो हृदयले समर्पित होऊन् भन्ने पनि यिनले चाहन्छन् । साथै स्वयंनिर्दिष्ट अवसरमा आराध्य देवीदेवताप्रति श्रद्धासुमन अर्पण गर्दछन् । यस किसिमका कार्यबाट यिनको अनुशासनप्रियताको परिचय मिल्दछ । धर्म भनेको पूजापाठ मात्र नभएर, शङ्खघण्ट बजाएर भगवन्नामसङ्कीर्तन गर्नु मात्र नभएर, अक्षता र पाती चढाउने प्रक्रिया मात्र नभएर मान्यजनप्रति श्रद्धा राख्नु, आश्रितप्रति स्नेह गर्नु, संयममा बस्नु, चोखो रहनु र अनुशासित हुनु हो भन्ने पाठ यिनको परम्पराबाट बुझ्न सकिन्छ । चोरी, डकैती, ठगी र लुटबाट अर्जित वस्तु

चढाउँदा यिनका कार्यकर्तामध्येका कुनै पनि व्यक्तिले कामेर फालिदिने, स्वीकार नगर्ने चलनको अध्ययन गर्दा पनि यो कुरा स्पष्ट हुन्छ । कुनै पनि व्यक्ति र समाजलाई असल बनाउने पहिलो आधार समाजमा बस्ने प्रत्येक व्यक्तिको हार्दिक विशालताको भावना हो । भावनाले मस्तिष्कलाई र मस्तिष्कले व्यवहारलाई प्रभावित तुल्याउँछ । समाज सभ्य, शान्त, सुसंस्कृत र समुन्नत तब हुन्छ जब त्यस समाजमा बस्ने सबैजना सहयोगी, संयमित, शान्त, समभ्कदार, मिलनसार र विशालहृदयी हुन्छन् । प्रस्तुत परम्पराले जनजनलाई उपर्युक्त आचार-व्यवहारमा सम्वेदनशील बनाउन सहयोग गरेको छ । यिनले एक ठाउँमा बस्ने विभिन्न जातजातिलाई अनेकौं कोणबाट एकताबद्ध तुल्याउने काम गरेका छन् । जुनसुकै जातजातिका कुलदेवता बन्ने यी सबैलाई उत्तिकै संरक्षण दिन्छन् र भक्तिपूर्वक जसले पूजा गरे पनि, भोग चढाए पनि सहर्ष स्वीकार गर्दछन् । समाजबाट यिनले जातीय विभेद हटाउन खोजेको कुरा थाहा हुन्छ ।

चोरी, डकैती, ठगी र लुट हुन नदिनु र गलत बाटो अपनाउने वा निषेधित कार्य गर्नेलाई सार्वजनिक रूपमा दण्डित गर्नु यिनले बनाउन खोजेको स्वस्थ समाजको परिचायक हो । श्रद्धेयलाई सम्मान दिनुपर्ने, सम्मान औपचारिकताका लागि नभएर आस्थाका लागि गर्नुपर्ने, अशक्त र कमजोर वर्गको सेवा गर्नुपर्ने, आफूसँग छ भन्दैमा सामाजिक जीवनका कमजोर व्यक्तिले जीवन धान्न गाह्रो हुने गरी धनसम्पत्तिको तुजुग देखाउन नहुने, समर्थले समाजोपयोगी कार्य गर्नुपर्ने जस्ता विविध नियमको परिपालनमा यिनले दिने गरेको निगरानीबाट पनि यिनलाई समाजसुधारक देवता भन्नुपर्दछ । यिनले रातारात चट्टान फोरेर सिँढी तयार पारी सुगम मार्ग बनाएको, ठाउँठाउँमा जलाशय, चौतारी र पौवा बनाएको र सङ्कटमा परेका व्यक्तिलाई त्राण दिएको घटनामा आधृत यिनका अनेकौं किंवदन्तीहरू सामाजिक विशेषताका उदाहरण हुन् ।

संरक्षण दिनका निम्ति यिनले आफ्ना भक्तहरूलाई सदा पछ्याइराखेका हुन्छन् भनिन्छ । साथै आफूलाई महत्त्व दिने भक्तलाई यिनले पनि महत्त्व दिन्छन् भन्ने कुरामा दृढ विश्वास गरिन्छ । त्यसो भए तापनि राम्रो काम गर्ने व्यक्ति छ भने कुलदेवता मानेर नपुज्ने वा अन्य कुनै देवतालाई कुलदेवता मान्ने भए पनि यिनले स्याबासी दिन्छन् र

प्रशंसा गर्दछन् भने नराम्रो काम गर्ने आफ्नै उपासक छ भने पनि कठोर दण्ड दिन्छन् र सार्वजनिक रूपमा बदनाम गरिदिन्छन् । त्यसैले यिनलाई निष्पक्ष भएर न्याय दिने देवता भनिन्छ । यिनले समाजमा अन्याय हुन दिँदैनन् । 'जाँ मुन्ठा वाँ न्याँ' अर्थात् जहाँ मस्टो रहन्छ त्यहाँ न्याय हुन्छ भन्ने उखानले पनि सामाजिक स्वस्थताका निम्ति यिनले गर्ने कार्यको परिचय दिएको छ । आर्य, अनार्य, तागाधारी, मतवाली, ब्राह्मण, शूद्र, ठूलो, सानो जातभात केही नभनेर सबैलाई उत्तिकै स्नेह र उत्तिकै सुरक्षा दिनु यिनको उदाहरणीय व्यवहार हो ।

पितृपूजाको परिपाटी यिनको परम्पराबाट चलेको जस्तो देखिन्छ । सदा साथ दिने र सधैं माया गर्ने काम पितृहरूले गर्दछन् । त्यसैले तिनका प्रति कृतज्ञता प्रकट गर्नका निम्ति जीवित सन्ततिले तिनको पूजा गर्दछन्, तिनलाई मान्दछन् । मस्टोको मान्यता पनि यस्तै प्रकृतिको देखिन्छ । यिनै विविध कारणले मस्टोपरम्पराको गढका रूपमा रहेको नेपाल मस्टोपथ वा मस्टोसम्प्रदायको प्रबल अनुयायी बनेको छ । साथै मस्टोले पनि यस भूमिलाई केन्द्रबिन्दु बनाएर पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर आफ्नो प्रभाव चतुर्दिक् विस्तारमा फैलाउन सफल भएको छ ।

('नेपाली खसबाहुनका कुलदेवता मस्टो' पुस्तकको भूमिकाको सम्पादित अंश)

पश्चिम नेपालमा विकसित नौ बहिनी भवानी परम्परा : एक अध्ययन

– हरिप्रसाद खराल –

१. पृष्ठभूमि :

हामी नेपाली पूर्वीय दर्शनको दक्षिण एसियाली भूखण्डमा सनातन धर्म भनिने हिन्दू धर्मदर्शनका अनुयायी हौँ । हिन्दू धर्मदर्शन विश्वको सर्वप्राचीन दर्शन हो । यस दर्शनका मुख्य दुई प्रमुख स्तम्भ निगम (वेद) र आगम (तन्त्र) हुन् । निगम विधामा चार वेद, चार उपवेद, असङ्ख्य उपनिषद्, स्मृति, उपस्मृति, महापुराण, पुराण, उपपुराण, निबन्धग्रन्थ आदिको विशालतम भण्डार रहेको छ भने आगम विधामा विष्णुक्रान्तका चौँसठ्ठी (६४) नै ग्रन्थहरूको विशालतम भण्डार रहेको कुरा तान्त्रिक साहित्यका महान् सर्जक महामहोपाध्याय गोपीनाथ कविराज, सर जोन उडरुप, आर्थर आभन्लोन र अन्य तन्त्रशास्त्रका ज्ञाताहरूले पनि सप्रमाण उल्लेख गरेका छन् ।

हामी पूर्वीय हिन्दू धर्मदर्शनका अनुयायीहरू वैदिक, सनातनी, बौद्ध, जैन आदि विविध शाखा र उपशाखामा रहे पनि, वैष्णव, शैव, शाक्त, गाणपत्य, सौर्य जुनसुकैका अनुयायी भए पनि हामी मुख्यतः प्रकृतिपूजक हौँ, बहुदेववादी हौँ । हाम्रो देश 'मानिसहरूभन्दा बढी देवताहरू र घरहरूभन्दा बढी मन्दिरहरू भएको देश हो' भनी विश्वसमुदायमा परिचित छ । हाम्रो देशका मूर्ति, गुम्बा, मन्दिर, स्तुप, बहाल, विहार, दरबार, घर, धारा, पाटी, पौवा, पुरातात्त्विक वस्तु, पक्षी, मानिस आदि विभिन्न पक्ष र क्षेत्रका जीवित वा निर्जीव वस्तुहरू प्रायः सबै ईश्वरीय रूपमा रहेका छन् । हाम्रो धर्मको मूल ग्रन्थ ऋग्वेदले 'मातृदेवो भवः, पितृदेवो भवः, आचार्यदेवो भवः, अतिथिदेवो भवः' भनी आमालाई देवीका रूपमा, बुबालाई परमेश्वरका रूपमा, गुरु (शिक्षक) लाई ईश्वरका रूपमा र अतिथिलाई पनि परमेश्वरकै रूपमा स्वीकारेको छ । यसका साथै हामीले कुमारी-कन्यालाई देवीका रूपमा, कुमारलाई देवताका रूपमा,

भान्जा, ज्वाइँ, भिनाजु, पुसाजु (फुपाजु) लाई परमेश्वरका रूपमा, श्रीमान्लाई पतिपरमेश्वरका रूपमा र श्रीमतीलाई गृहलक्ष्मी देवीका रूपमा स्वीकारेका छौं । यसका साथै भाइलाई भाइटीकामा ईश्वरको रूप मानी हिन्दू नारीहरूले पूजा गर्दछन् ।

हामी वर, पीपल, शमी, तुलसी, कुश, दुबो, बेलपत्र आदि वृक्षहरूलाई ईश्वरका प्रतीकका रूपमा सद्भावपूर्ण पूजा-आराधना गर्दछौं । गाई, काग, कुकुर, नाग, सर्प, भ्यागुताहरूलाई पनि ईश्वरकै रूपमा पूजा गर्ने हाम्रो शास्त्रीय विधान छ । यहाँ जति ढुङ्गा छन्, ती सबै ईश्वरका रूपमा छन् । हामी नेपालीका निम्ति हावा, पानी, माटो, जल, स्थल र नभ र त्यसमा अवस्थित समग्र वस्तु नै ईश्वरका प्रतिमूर्ति हुन् । हामी किताब, कापी र कलमलाई सरस्वतीका रूपमा पूजा गर्दछौं, आदर गर्दछौं र सम्मान गर्दछौं । हाम्रा दृश्य-अदृश्य, प्राप्त-अप्राप्त सबै ईश्वरीय रूप हुन्, वस्तु हुन् र विश्वास एवम् मान्यता हुन् ।

नेपाल पवित्र भूमि हो । यसलाई सप्तकोसी, सप्तगण्डकी, सप्तकर्णाली, सप्तमती, सप्तमाई, सप्तभेरी र सप्तकाली गरी ४९ पवित्र नदीहरूले सिञ्चन गरी पवित्र पारेका छन् । यसै पवित्र राष्ट्रमा कौशिक विश्वामित्रले कोसीको किनारमा, नारायण ऋषिले नारायणीको तीरमा, वशिष्ठ ऋषिले देवघाटमा, वाल्मीकि ऋषिले त्रिवेणी (भैँसालोटन) मा, माण्डव्य ऋषिले माडी (पाल्पा) मा, पराशर ऋषिले कुण्डाखोला (हुम्ला) मा, उतथ्य ऋषिले उत्थ (हुम्ला) मा, जैमीनि ऋषिले म्याग्दी र जुम्लामा, वैशम्पायन ऋषि र याज्ञवल्क्य ऋषिले पुरन्चौर (पोखरा र जनकपुर मटिहानी) मा, यास्क ऋषिले यारी (हुम्ला) मा, शक्तिले देवघाटमा, पराशर ऋषिले दमौलीमा, शुकदेव र व्यास ऋषिले दमौलीमा, 'ने' मुनिले विष्णुमती र बागमतीको दोभान तथा सिन्धुलीमा तपस्या गरी मानवीय धर्मको संरक्षक, परिपालक, उद्धारकर्ता र कल्याणकर्ता मन्त्र (ज्ञान) प्राप्त गरे, देखे । यहीँ कौशिक विश्वामित्रले ऋग्वेदमा, मेधातिथि ऋषिले यजुर्वेदमा र हिरण्यगर्भले सामवेदमा विशिष्टता हासिल गरे । यहीँ दार्शनिक राजा जनकले आफ्नो दर्शन फैलाए, यहीँ सिद्धार्थ गौतम बुद्धले शान्तिको शङ्खघोष गरे, यहीँ सतीसावित्री सीताले जन्म लिइन्, यहीँ जन्म लिएर भृकुटीले यो देशको परिचय गराइन्, बलबाहु (अरनिको) यहीँ जन्मी विश्वका कलासम्राट् घोषित भए । यहीँका वीर र वीराङ्गनाहरूले

आफ्नो बहादुरीले विश्वलाई थर्कमान पारे । आज विश्वबाट शान्ति, अमनचैन, प्राकृतिक मनमोहकता, एकता, प्रेम, सद्भाव, 'वसुधैव कुटुम्बकम्' कैयौँ मानवीय मूल्य र मान्यताको निम्ति लाखौँको सङ्ख्यामा मानिसहरू यही पवित्र भूमिमा आइरहेका छन् । यो सबै यही इतिहासको, यही दर्शनको प्रकाशको प्रतिफल हो भन्दा अत्युक्ति नहोला ।

२. सामाजिक जनजीवनमा देवीदेवताको प्रभाव :

पश्चिम नेपालको दैवी परम्पराले यहाँको सामाजिक जनजीवनका हरेक पक्षलाई गम्भीर प्रभाव पारको छ । एक हिसाबले भन्नुपर्दा देवी-देवताहरूले मानिसको व्यक्तिगत जीवनमा महत्त्वपूर्ण प्रभाव पारेको जनविश्वास छ । देवीदेवता मानव जातिमा आश्रित रहन्छन् र मानव जाति तिनीहरूका कृपा र आशीर्वादमा बाँचेको छ । देवीदेवताहरू मानव जातिसँग व्यवहार गर्दछन् । मानिसहरूले देवतासँग गर्ने अपेक्षा र देवताले पार्ने प्रभावका सम्बन्धमा निम्नानुसार चर्चा गर्न सकिन्छ (खड्का, २०७२ : ७६) ।

२.१ घरपरिवारको सुरक्षा :

भक्तहरूले घरका मानिसहरूको सुरक्षा आफूले पूजा गर्ने देवताहरूले गरून् भन्ने चाहन्छन् । यसका लागि उनीहरू देवताको नियमित पूजा गर्दछन् । आफ्नो घरमा रहँदा, परदेशमा जाँदा, आफ्नो परिवारका सबै सदस्यहरू सकुशल रहुन् भन्ने चाहना राखिएको हुन्छ (खड्का : २०७२ : ७६) ।

२.२ पशुधनको रक्षा :

खेतीपातीका साथै दुग्धपदार्थका लागि पालिएका गाईवस्तुहरूको रक्षा देवताहरूले गरून् भन्ने सबैको चाहना हुन्छ । उनीहरू पशुलाई विभिन्न रोगहरूबाट र बालीनालीलाई प्राकृतिक प्रकोपबाट जोगाइदिन देवीदेवतासँग अनुरोध गर्दछन् (खड्का, २०७६ : ७७) ।

२.३ बाधा-व्यवधानको निराकरण :

मानिसहरू देवीदेवताहरूसँग कुनै अवस्थामा रोकिएको कामबाट पार लगाइदिन अनुरोध गर्दछन् । नोकरी प्राप्ति, व्यापार, विवाह आदिमा

सफलताका लागि मानिसहरूले देवतासँग आशीर्वाद मागदछन् भने कतिपयले सन्तानप्राप्तिका लागि देवताहरूलाई गुहार्दछन् । दैनिक जीवनमा आइपर्ने बाधा-व्यवधानलाई पन्छाउनका लागि पनि उनीहरू देवताको शरणमा पर्दछन् (खड्का, २०७२ : ७७) ।

२.४ अन्यायबाट मुक्ति :

आफूलाई कसैले अन्याय गरेमा अन्याय गर्ने व्यक्तिका विरुद्धमा पीडित व्यक्ति देवीदेवताको शरणमा जान्छन् । स्थानीय भाषामा यसलाई ढुवाउनु अथवा फिराद हाल्नु भनिन्छ । यसमा धेरै केही गर्नुपर्दैन । पीडित व्यक्ति गएर रुँदै अथवा आफूलाई परेको समस्या देवताको थानअगाडि भन्दछन् । केहीले ढुङ्गा कुटेजस्तो गर्दछन् । कसैको घरमा चोरी भएमा त्यो व्यक्ति देवतासँग उजुर गर्न जान्छ । कतिपय अवस्थामा चोर्ने अथवा दुःख दिने व्यक्तिलाई देवताले सजाय दिन्छन् । कतिपय अवस्थामा चोरिएको सामान पनि फर्किआएको सुनिन्छ । त्यसै भएर देवताको डरले अरूलाई दुःख दिने तथा सामान चोरी गर्ने जस्ता घटना कम हुन्छन् (खड्का, २०७२ : ७७) ।

२.५ निरोगिता र उपचारको कामना :

मानिसहरू गाउँघरतिर बिरामी भइराख्छन् । गाउँमा अस्पताल र डाक्टरको उपलब्धता धेरै कम छ । तत्काल बिरामी परियो भने धामीको शरणमा नपरी हुँदैन । जनतामा के विश्वास छ भने स्थानीय भूतप्रेतले पनि दुःख दिइराख्छन् । ती भूतहरूले बिरामी गराउँदछन् भने धारणा पनि प्रबल नै छ । शारीरिक अस्वस्थता भएमा धामीले नै औषधि गर्न सल्लाह दिन्छन् । कुनै भूतप्रेतले समातेको भए तिनलाई भगाई धामीले निको पार्दछन् भन्ने जनविश्वास रहेको देखिन्छ (खड्का : २०६२ : ७७) ।

२.६ राक्षसहरूको भयबाट मुक्ति :

अधिकांश मानिसहरूको मान्यताअनुसार आसपासमा जतासुकै राक्षसहरू रहेका हुन्छन् । तिनीहरूले बेलाबेलामा मानिसहरूलाई आक्रमण गरिरहेका हुन्छन् । राक्षसले जुनसुकै समयमा पनि ज्यान लिन सक्ने खतरा रहिरहन्छ । राक्षसको खतराबाट देवताले रक्षा गर्दछन् भन्ने धारणा बलियो रहेको छ । कतिपय किंवदन्तीमा राक्षस र देवताको लडाइँ

परेका कथाहरू छन् । कुनै मानिसलाई राक्षसले अदृश्य रूपमा समातेको भए पनि देवताले फुकफाक गरेर भगाइदिन्छन् भन्ने जनविश्वास छ (खड्का, २०७२ : ७८) ।

२.७ भविष्यज्ञानको अपेक्षा :

मानिसले देवतालाई भविष्यवक्ताका रूपमा मान्ने गरेका छन् । भविष्यमा के हुने हो, कुन काम गर्दा सफल अथवा असफल भइन्छ भन्ने जस्ता कुराहरू देवताले बताइदिन्छन् । यहाँसम्म कि कुन काम कुन साइतमा गर्ने भन्ने कुरासमेत देवतालाई सोधेर मात्र सुरु गरिन्छ । कतिपय मानिसहरूले आफ्नो भविष्यका बारेमा सोधपुछ गरी जानकारी लिन्छन् (खड्का, २०७२ : ७८) ।

२.८ वर्षा र पानीको माग :

मानिसहरू खेतीपातीमा निर्भर हुन्छन् । खेतीपाती सम्बन्धी कार्यका लागि वर्षातको आवश्यकता पर्दछ । कहिलेकाहीँ मौसम सुक्खा भएमा र अनिकाल पर्ने भएमा मानिसहरू देवीदेवताहरूको शरणमा जान्छन् । कुमाऊँतिर मानिसहरू पानीका लागि चण्डालको मस्टा मन्दिरमा पूजा गर्दछन् । पूजा गरेपछि पानी परेको घटनाका उदाहरणहरू थुप्रै छन् (खड्का, २०७२ : ७८) ।

२.९ रोगव्याधिबाट रक्षा :

गाउँमा बेलाबेलामा देखापर्ने विभिन्न संक्रामक रोगव्याधिहरूबाट टाढा रहन पनि मानिसहरू देवताको आशीर्वाद पाउन सक्रिय हुन्छन् । कतिपय शक्तिशाली देवताको प्रभाव क्षेत्रभित्र रोगव्याधि प्रवेश गर्नसमेत नसक्ने मान्यता छ । त्यसका लागि गृहस्थीहरूले आफ्नो देवताको नियमित पूजा गर्दछन् (खड्का, २०७२ : ७८) ।

२.१० बाँदो हाल्ने (भाकल गर्ने) :

मानिसहरूले आफूलाई कुनै किसिमको अप्ठ्यारो पर्दा आफ्ना कुलदेवतालाई सम्झेर पछि पूजा गर्नेछु भनी कबोल गर्दछन् । यसरी भाकल गर्ने मानिसले दियो बालेर देवताको नाम लिई केही पैसा अथवा चामल र पैसा कपडामा बेरेर आफ्ना कुलदेवतालाई छुट्याएर

राखिदिन्छन् र के पनि कबुल गर्दछन् भने काम सम्पन्न भएपछि पूजा गर्नेछु । काम सकिएपछि पूजा गर्न भने अनिवार्य रूपमा जानैपर्छ । नत्र यसबाट देवता रिसाएर नकारात्मक असर पर्छ भन्ने सामाजिक मान्यता रहेको छ (खड्का, २०७२ : ७९) ।

२.११ हतियारको प्राप्ति :

पहिले-पहिले शत्रुसँग लडाइँ गर्नुपर्ने भएकाले मानिसहरू आफ्ना देवीदेवताहरूसँग पञ्चहतियारको माग गर्दथे । तीर-कमान, बाँछै, भुतिया (भाला) तथा कटार पञ्चहतियार कहलाइन्छन् । यी हतियारहरू देवी-देवताको अनुग्रहबाट प्राप्त हुन्छन् भन्ने लोकविश्वास छ (खड्का, २०७२ : ७९) ।

३. मस्टपरम्परा :

नेपालको मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका प्राय: पहाडी जिल्लामा मस्टपरम्परा व्यापक रूपमा छ, तापनि नेपालका सबै स्थान, भारतका कुमाऊँ, गढवाल आदि र विदेशतिर पनि मस्टपरम्परा (नाम, रूप र प्रक्रिया फरक भए पनि) छ । भेरी, सेती, महाकाली, कर्णाली आदिका पाखापखेरा र उपत्यकाहरूमा 'मस्ट' को मान्यता र प्रभुत्व जुन सर्वोपरि छ, त्यसको सङ्क्षिप्त भूमिकास्वरूप यो लेख प्रस्तुत छ ।

वास्तवमा 'मस्ट' एक ग्रामीण देवताको नाम हो । मस्टको कुनै मूर्ति हुँदैन । मस्टको प्रतिनिधित्व धामीले गर्दछ । धामी जनसमाजमा अघि-पछि एक साधारण मान्छे भए पनि उसमा मस्ट देवता चढ्दा ऊ एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ र मस्टकै प्रतिनिधित्व गरेर पतुर्न (बोल्न, बक्न) थाल्छ । त्यस बेला गाउँघरमा मानिसहरू मस्ट देवता चढेको धामीमा अगाध श्रद्धा र विश्वास राख्छन् (जोशी, २०२९ : ३९) ।

यस सन्दर्भमा कर्णाली अञ्चललाई नै उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । यस अञ्चलमा पाँच जिल्लाहरू छन् – १) जुम्ला, २) डोल्पा, ३) कालिकोट, ४) मुगु, र ५) हुम्ला । यी जिल्लाहरूका जुनसुकै भेकमा पनि ग्रामीण देवताहरूको क्रममा सर्वेसर्वा तत्त्वचाहिँ 'मस्ट'

भएको छ । मस्टलाई 'मैथो' पनि भनिन्छ । मस्टलाई 'गोसाइँ' (विशेषतः मस्टदेवता चढेका धामीलाई) भनिन्छ (जोशी, २०२९ : ३९) ।

मस्टस्थानलाई टाढैबाट पहिचान दिने आलन (ध्वजापताका) हुन् । मस्टपरम्परा रहेका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका विशेषतः पहाडी जिल्ला (रुकुम, रोल्पा, प्युठान, सल्यान, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, जाजरकोट, बाजुरा, बझाङ, दार्चुला, बैतडी आदि) का जुनसुकै गाउँमा पुग्न खोजे पनि टाढैबाट यी गाउँहरू अवलोकन गर्दा सबभन्दा पहिले हामीहरूको दृष्टि त्यहाँ फर्फराइरहेका उच्च आलनहरूमा पर्न जान्छ । यहाँ 'आलन' शब्दले लामो काठको लिङ्गाको टुप्पोमा सजाइएका ध्वजापताकाहरूलाई जनाउँदछ । आलनको अर्को पर्याय शब्द 'नेजा' हो ।

यस किसिमको ध्वजापताकामा कहीँ झण्डाझैँ चारकुने र बीचमा रातो धर्को (तूल कपडाको तूला चौका) पनि हुन्छ, कहीँ भने तीनकुने अनि यसको बीचमा गुणन चिह्नको तूलो चौका, कहीँ-कहीँ ध्वजापताकाको साथमा चमर र साना-साना घण्टाहरू पनि हुन्छन् । यस किसिमका आलनहरू फर्फराइरहेको देखिँदा कर्णाली अञ्चललाई नै 'आलनको अञ्चल' मानेमा अत्युक्ति हुने छैन । वास्तवमा यस अञ्चलका गाउँ घरको शोभा यस किसिमका आलनले नै बढाएको छ । यसको महत्त्वचाहिँ अलग्ग छँदैछ ।

यस सन्दर्भमा जुम्ला खलङ्गास्थित श्री चन्दननाथ र श्री भैरवनाथका ५२ हाते आलनहरू विशेष उल्लेखनीय छन् (जोशी, २०२९ : ४२) ।

विशेषतः 'आलन' गाउँमा देवीदेवताहरू साधना गरी राखेको घरमा फरफराइराखेको हुन्छ । त्यसैले जुन घरमा मस्टको अथवा मस्टसरह अन्य ग्रामीण देवताको माडौँ (थान, स्थान, गाउँका माझमा र आसपासमा पनि गाउँथलो (घरथान) छ भने त्यहीँ पनि आलनसहितको लिङ्गो गाडिएकै हुन्छ । अझ गाउँको सिरानमा अथवा गाउँ घरको हाराहारीको वन-जङ्गलको छेउमा रहेको मस्ट अथवा अन्य ग्रामीण देवताको वनथान (वनथलो) मा पनि आलनसहितको देवताका दुई थान (थला) हरू हुन्छन् – (१) एउटा वनजङ्गलमा हुने वनथान (वनथलो), यहाँ हुने थानचाहिँ मूल थान हुन्छ । (२) घरथान (गाउँथलो), योचाहिँ वनथानकै

शाखाका रूपमा सुविधाका निमित्त गाउँघरमा रहेको हुन्छ । यो पछिल्लो थान (थलो) छुट्टै पनि बन्न सक्छ अथवा मान्छे बसेकै घरमा पनि रहन सक्छ । वनथान (थलो) चाहिँ सुनसान ठाउँमा अलग रहेको हुन्छ ।

यस किसिमको मस्टको वनथान अलि उच्च परेको ठाउँमा अथवा एकान्त परेको ठाउँमा बनेको हुन्छ । यस थानका वरिपरि धूपीका रूखहरू र ढुङ्गाका चौघेरा हुन्छन् । थान एउटा सानो घरकै रूपमा देखापर्दछ । अक्सर यस्ता थानमा काठको छाना (दुईपाखे छाना) हुन्छ । थानभित्रको भाग खुला र चौडा हुन्छ र त्यहाँ एउटा गुप्ती कोठा (मस्टको आगम) पनि हुन्छ । यसलाई 'गबीर' भन्दछन् । थानमा ठूलाठूला बुट्टेदार काठका थामहरू हुन्छन् । यहाँ मस्टदेवलाई चढाइएका काठका ठूला-ठूला मूर्ति, ढुङ्गाका साना-साना मूर्ति, घण्टा, शङ्ख, रुद्राक्ष, चमर, त्रिशूल, ध्वजा-पताका, दियो आदि हुन्छन् । कुनै कुनै वनथानमा मूलद्वार पनि हुन्छ । आलनसहितको लिङ्गोचाहिँ थलोको मुण्डा छानाको मध्यभागमा गगनचुम्बी गजुरझैँ गाडिएको हुन्छ । यो लिङ्गो मस्ट रहेको गुप्ती कोठासँग जोडिएको हुन्छ । यस्तो वनथानचाहिँ एकतले नै हुन्छ ।

मस्टको घरथान (गाउँथलो) भने एकतले अथवा दुईतले पनि हुन सक्दछ । यस थानमा पनि वनथानमा झैँ नै आलनसहितको लिङ्गो गाडिएको हुन्छ । यस थानको देउचल (भित्री भाग) पनि खुला हुन्छ र भित्री भागको पनि एक छेउमा 'गबीर' (गुप्ती कोठा) हुन्छ । गाउँका माझ अथवा छेउमा रहेका अन्य ग्रामीण साना-साना देवीदेवताहरूको थान भने साना भएकाले चारकुने देवलजस्तो हुन्छ । यसको भित्री भागमा देवी-देवता रहेका हुन्छन् । यस्ता देवलमा पनि कुनै-कुनैमा आलनसहितको लिङ्गो गाडिएको हुन्छ, तर मस्टको थानमा झैँ अनिवार्यतः गाडिएको हुनैपर्छ भन्ने कुनै नियम छैन । फेरि प्रायः गाउँघरको प्रत्येक घरमा पनि साना-साना खोपाहरूमा आफूहरूले मान्ने मस्ट र अन्य देवीदेवता पनि स्थापना गरिराखिएको हुन्छ, तर यसरी पूजिने थानहरूमा पनि लिङ्गोको सम्बन्ध हुनैपर्छ भन्ने कुनै नियम देखिँदैन । मूलतः धामीले पतुर्ने प्रचलित ठूला-ठूला वनथान र घरथान मानिएका ठाउँहरूमा नै आलनसहितका १५ देखि २० अथवा ३०/४० हातसम्मका लिङ्गाहरू ठड्याइएका पाइन्छन् । प्रायशः धामीले नपतुर्ने ठाउँमा आलनसहितको लिङ्गो गाडिएको हुँदैन ।

लिङ्गाको काठ प्रायः पावै सल्ला अथवा लेकाली सल्लाको हुन्छ र सो सुरिलो हुन्छ । यो लिङ्गोलाई 'लुगू' पनि भन्दछन् (जोशी, २०२९ : ४४) । वास्तवमा यी वनथानमा अथवा घरथानमा पुजिने मस्ट अथवा अन्य देवी-देवताहरूका मूर्ति स्थापना गरिएको हुँदैन । माथि उल्लेख भएका काठ, ढुङ्गा र फलामका पाताका मूर्तिहरू भक्तजनहरूको मस्टको नाममा अथवा अन्य देवीदेवताहरूको नाममा जस (फल) पाउनका निम्ति चढाइएका मूर्तिहरू मात्र हुन् । यहाँ त मुख्यतया लिङ्गो नै प्रतीक हुन्छ अथवा लिङ्गोको मूल फेदको वरिपरि थुप्राइएका प्राकृतिक बनोटका चुच्चे ढुङ्गाहरू अथवा गबीरभित्रको खोपामा स्थापना गरिएका शिलाहरू प्रतीक हुन्छन् (जोशी, २०२९ : ४४) । फेरि यस किसिमका वनथान र घरथानमा प्रत्येक दिन पूजाआजा भइरहने पनि होइन । विशेषतः पूर्वकालहरूमा अथवा गाउँघरका मानिसहरूले धमेलो गर्न आएका दिनमा (मस्टको धामी हेराउन आएको बेलामा) यहाँ धुमधामले पूजाआजा हुन्छ । यस बेला यहाँ गोबरले शुद्ध र चोखो पार्न सफा सुग्घरसँग लिपपोत गरी सिँगारपटार गरिएको हुन्छ । मस्टको नाममा सन्दूकभित्र सङ्कलित भएका मूर्ति (सामान्य मूर्ति), गहना, हातहतियार, लुगाफाटा आदि पनि सफा-सुग्घर गरी सजाइन्छन् । अघिपछिचाहिँ यहाँ केही विशेष सजावट हुँदैन, न नित्य कर्मका रूपमा पूजाआजा नै हुन्छ (जोशी, २०२९ : ४४) ।

३.१ मस्टको उत्पत्ति :

मस्टको उत्पत्तिका विषयमा ठाउँअनुसार फरक-फरक कुरा प्रचलित रहेको पाइन्छ । कसैले कैलाश वा मानसरोवरमा यिनको उत्पत्ति भएको हो भन्दछन् भने कसैले खप्तडमा यी उत्पन्न भएका हुन् भन्दछन् । कसैले यिनलाई महाराष्ट्र वा राजस्थानबाट आएका देवता मान्दछन् भने कसैले डोटी प्रदेशका पहाडी खोचबाट उत्पन्न भएका मान्दछन् । अझ कसैले भगवान् शङ्करका पुत्र त कसैले पाण्डवका सन्तान मान्दछन् । जसले जे भने पनि यिनलाई सबैले मट्या अर्थात् रैथाने देवता मान्दछन् (पन्त, २०७१ : २२) ।

मानसरोवरमा भगवान् शङ्करको वीर्य पतन भएकोमा सो वीर्य ज्वालाका रूपमा बलिरहेका बखत कैलाशको जाडोले थर्थर कामेका अप्सराहरूले कसैले बालेको आगो ठानेर ताप्ता ती अप्सराहरूमा गर्भ रहन गयो । त्यस प्रकारको गर्भबाट एउटी अप्सराले शिवको अवतार

मानिने देवता जन्माइन् भने अर्कीले देवी भगवतीको अवतार मानिने मालिका, कालिका, दुर्गा आदिलाई जन्म दिइन् । तेस्रीले चाहिँ शिव र शक्तिका प्रमुख गण बनेर लोककल्याणमा समर्पित हुने प्रस्तुत मस्टदेवता जन्माइन् (पन्त, २०७१ : १२-२३) ।

भगवान् शङ्करले दसै दिशाका समस्त जीवजन्तुको पालनपोषण तथा संरक्षण गर्ने जिम्मेवारी दिई खटाएका गणहरूमध्येका गणहरूले लोककल्याणका कार्य ज्यादै प्रभावकारी तवरले पूरा गरेकाले तिनलाई स्थानीय बासिन्दाहरूले मस्ट नाम दिएर देवताका रूपमा स्थापित गरी पुज्न थालेका कारण शैव सम्प्रदाय बनेर यी देवता प्रकट भएका हुन् पनि भनिन्छ (पन्त, २०७१ : २३) । त्यस्तै सत्यमोहन जोशी भन्छन्– मस्टको उत्पत्ति कुन बेला भयो र कहाँबाट भयो भन्ने कुरामा एकरूपता कायम गर्न मस्टले चर्चेका सबै इलाकाहरूमा विशेष तवरले सर्वेक्षण गर्नु आवश्यक छ । किनभने कर्णाली अञ्चलमा मात्र होइन, यस अञ्चलबाहेक अरू पश्चिमाञ्चल र भेकहरूमा पनि मस्टको अस्तित्व र प्रचलन कायम भएको विदित हुन्छ (जोशी, २०३९ : ४६) ।

साधारणतया मस्टको उत्पत्तिको चोसो खोज्दै गएमा दरिलो जनकथनअनुसार वर्तमान कर्णाली अञ्चलको दक्षिण भागमा रहेको अर्थात् सेती अञ्चलको बझाङ नै मस्टको आदि थलो देखापर्दछ । पछि यही ठाउँबाट मस्टका अनेक हाँगाहरू चारैतिर फैलिएर गएको पत्ता लाग्दछ । यस सन्दर्भमा सिँजाखोला उपत्यकामा अझै निकै प्रचलित भइरहेको 'बान्ना फुटे, ढँणार छुटे' भन्ने आहान ऐतिहासिक देखिन आउँछ । यस आहानको भावार्थ बान्नीबाट मस्ट फुटे र ढँणारबाट छुटेर गए भन्ने हो (जोशी, २०२९ : ४६) ।

अब यही आहानको पृष्ठभूमिलाई केलाएर हेरौं । वर्तमान सेती अञ्चल बझाङ जिल्ला (उहिले बझाङ राज्य) पर्दछ । यही बझाङमा बान्नीकोट (बझाङ राज्य भएकाले) भन्ने ठाउँ छ । 'बान्नी' त्यही ठाउँको दर्राको नाम हो । ढँणार (सजिलो उच्चारण ढँडार) पनि बझाङकै एउटा गाउँको नाम हो (जोशी, २०२९ : ४६) । सिँजा उपत्यकामा लुट्कू गाउँ विकास समितिका वयोबृद्ध पं. केदारनाथ न्यौपानेका कथनानुसार 'बझाडे राजाका एकजना पुर्खा बद्रीनारायण धाम गएका थिए । उनी तीर्थधाम गरी त्यहाँबाट फर्कंदा एउटा नीलो रङ्गको कलेवर शिला (ढुङ्गो) उनको

साथ लागी आएछ । उनले त्यो ढुङ्गा बाटोमा फाले, तर भोलिपल्ट पनि त्यो ढुङ्गो उनकै झोलामा देखापऱ्यो । उनले त्यो ढुङ्गो दुई-तीनपल्ट बाटामा फाल्दा पनि उनकै साथ लागेर झोलामा देखापऱ्यो । पछि आफ्नो घर बझाङमा आइपुगेपछि उनलाई एउटा सपना भएछ । त्यस सपनामा ढुङ्गाले भन्यो रे – 'मलाई किन फाल्छस् ? म त मस्टका रूपमा आएको हुँ तँलाई रोजेर । तँलाई राज्य दिलाउँछु । किन फाल्छस् मलाई ?' (जोशी, २०२९ : ४६) । यसै कथाको पृष्ठभूमिमा अद्यापि गाउँघरमा बूढापाका मानिसहरू भन्दछन् – 'हाम्रा मूल मस्ट बद्रीनारायण स्थानको गरुड शिला (ढुङ्गा) बाट फाटेर आएका हुन्, त्यहाँ दर्शन गर्न जाने मानिसको थैलोमा बसेर आएका हुन् ।' (जोशी, २०२९ : २६)

यस सन्दर्भमा सिन्जा लुट्कू ग्रामनिवासी श्रीलक्ष्मण पाध्याको घरमा सुरक्षित एक अज्ञात कविको कविता जुन प्राप्त भएको छ, त्यसबाट मस्टको उत्पत्ति र भोगबारे केही कुरा थाहा हुन आउँछ । जस्तै –

'पानीको इनेरा भाप फुलिगयो जाई
इन्द्रका पुत्रले मस्टो बोलायो ।
सुनका भड्यारा फोरी मर्त्यलोक आयो
कहाँ रोज्यो ठाउँ गोसाइँ कहाँ रोज्यो भोग ।
वाराणसी ठाउँ गोसाइँ ढँडार भोग
कानाकुश नजापुर मस्टो छ नाम ।'

यस कवितामा 'सुनका भड्यारा फोरी मर्त्यलोक आयो', 'ढँडार भोग' आदि उल्लेखले मस्टको जन्म र मस्टले भोग गरेको ठाउँको सङ्केत स्पष्ट हुन्छ (जोशी, २०२९ : ४६-४८) । अनि बझाङको बान्नीकोटमा सर्वप्रथम स्थापना भएकाले त्यस मस्टको नाम नै 'बान्नीमस्ट' भयो । त्यही बेलादेखि मस्टको पूजाआजा सुरु भयो । यसको प्रचार चारैतिर हुन थाल्यो । सबैले मस्टलाई प्रत्यक्ष देवता मान्न थाले । मस्ट सर्वेसर्वा तत्त्वको प्रतीक बन्यो (जोशी, २०२९ : ४८) ।

३.२ मस्टका प्रकार (विविध मतका आधारमा) :

पश्चिम नेपालका मानिसहरू मस्टलाई आफ्नो कुलायन देवता (कुलद्यौता) अत्यन्तै श्रद्धाका साथ मान्दछन् । लेखकहरू योगी नरहरिनाथ, पूर्णप्रसाद नेपाल 'यात्री', डा. प्रयागराज शर्मा, विहारीकृष्ण श्रेष्ठ, रत्नाकर

देवकोटा, देवीचन्द्र श्रेष्ठ, प्रदीप रिमाल, विष्णुप्रसाद खत्री, जयराज पन्त, श्यामबहादुर खड्का, कुलचन्द्र कोइराला, सत्यमोहन जोशी आदिसमेतका कृति-लेख-रचनामा दिइएका विषयवस्तुहरूको अध्ययनका आधारमा मस्टका विभिन्न प्रकारहरू यहाँ उल्लेख गरिएको छ । यद्यपि मस्टका प्रकार कति छन् भन्ने कुरामा मतैक्य पाइँदैन । मस्ट शक्तिको सर्वोच्च रूप हुने भएकाले एउटै हुन् कि भन्ने कुरामा पङ्क्तिकार बढी नजिक छ । यहाँ विविध लेखकहरूले प्रस्तुत गरेका मस्टको नाम र थान (थलो) को फेहरिस्त प्रस्तुत गरिन्छ –

१) ढँडार मस्ट (आदिमस्ट) (बझाङ), २) कवा मस्ट (हुम्ला र मुगु), ३) बूडु मस्ट (जुम्ला), ४) थार्पा मस्ट (जुम्ला र मुगु), ५) गुरो मस्ट (अष्टमदेव) (मुगु र हुम्ला), ६) खापर मस्ट (जुम्ला, मुगु, डोटी, अछाम, सान्नी), ७) दाड्या मस्ट (जाजरकोट, दैलेख, डोटी, अछाम, रास्कोट), ८) दुद्या मस्ट (जाजरकोट, दैलेख, डोटी, अछाम, रास्कोट), ९) विनायक मस्ट (जाजरकोटसमेतका जिल्ला), १०) बिजुलीडाँडो मस्ट (जुम्ला, डोल्पा र कालिकोट), ११) कालशिलो मस्ट (जुम्ला, कालिकोट, अछाम), १२) बाबिरो मस्ट (जुम्ला), १३) सुनारगाउँ मस्ट (जुम्ला), १४) लाँकुडो मस्ट (डोल्पा र कालिकोट), १५) उखाडी मस्ट (गडुली सिद्ध) (जुम्ला), १६) रूम (रोम) मस्ट, १७) छल मस्ट (डोल्पा), १८) राउतकोट्या मस्ट (अज्ञात), १९) कफाल्ला मस्ट (जाजरकोट), २०) पुइक मस्ट (जाजरकोट), २१) बाम मस्ट (जुम्ला र मुगु), २२) बाँटपाल मस्ट (हुम्ला), २३) रामपाल मस्ट (हुम्ला), २४) लडीवाल मस्ट, २५) सोलुपाल मस्ट, २६) क्षेत्रपाल मस्ट, २७) वनपाल मस्ट, २८) लोहासुर मस्ट, २९) दूवेशिला मस्ट (हुम्ला), ३०) हगुरो मस्ट, ३१) सीमताडी मस्ट, ३२) भ्वानी मस्ट (जाजरकोट), ३३) सुम्लेगुरो मस्ट, ३४) भुइगरो मस्ट, ३५) ह्याङ्ग्रया मस्ट (जुम्ला), ३६) राँगामालचुला मस्ट, ३७) दयाशिला मस्ट, ३८) भुवाँर मस्ट (जुम्ला), ३९) कैलाश (अमस्तदेव) मस्ट (हुम्ला), ४०) लामा-विष्णु मस्ट, ४१) जगन्नाथ मस्ट (जुम्ला), ४२) कुडाचा मस्ट (जुम्ला), ४३) कालिकोट (रास्कोट) मस्ट, ४४) हिङ्गाल मस्ट (जाजरकोट), ४५) लड्या मस्ट (डोटी), ४६) लट्या मस्ट (डोटी), ४७) भैरो (भैरव) मस्ट (बाजुरा), ४८) सिद्ध मस्ट, ४९) तेडी मस्ट, ५०) गच्चु मस्ट (जुम्ला), ५१) कालदुङ्गी मस्ट (जुम्ला), ५२) ढँडीदुस्की मस्ट, ५३) सार्कीद्यो मस्ट (हुम्ला), ५४) उब्ज्या मस्ट (जाजरकोट), ५५) धुरगाँ

(गाउँ) मस्ट (जाजरकोट), ५६) ठिङ्गाल मस्ट (जाजरकोट), ५७) बान्नी मस्ट, ५८) शम्भु मस्ट, ५९) भुइँफुटा मस्ट (जाजरकोट), ६०) धूपीरुख्या मस्ट, ६१) बाँजकोट्या मस्ट, ६२) धौलपुऱ्या मस्ट (जुम्ला, कालिकोट), ६३) भात्याखोल्या मस्ट, ६४) पन्त्या मस्ट, ६५) सहावै मस्ट, ६६) कुलद्यो मस्ट, ६७) महाद्यो मस्ट, ६८) राहद्यो मस्ट, ६९) सक्तिद्यो मस्ट (हुम्ला), ७०) लाटोद्यो मस्ट, ७१) चुनद्यो मस्ट, ७२) कुलसैनी मस्ट, ७३) लाटो बाहुन मस्ट, ७४) मशालो मस्ट, ७५) ध्याल्यानो मस्ट, ७६) रुमाल मस्ट (सेती अञ्चल), ७७) टाट्ढी मस्ट (सेती), ७८) मण्डली मस्ट (सेती), ७९) सड्या मस्ट (सेती), ८०) मुण्डा मस्ट (सेती), ८१) रुद्र मस्ट, ८२) कैली मस्ट (सेती), ८३) काला मस्ट (सेती), ८४) खप्पर (खप्तड) मस्ट (सेती), ८५) गन्याय मस्ट (सेती), ८६) लोखाली (डी) मस्ट (भेरी), ८७) लिउडी मस्ट (जुम्ला), ८८) काफल मस्ट (जुम्ला), ८९) सीम मस्ट (जुम्ला, कालिकोट), ९०) ढुसापानी मस्ट (जुम्ला, कालिकोट), ९१. डढीशीतल मस्ट (जुम्ला, कालिकोट), ९२) कुर्मी मस्ट (जुम्ला, कालिकोट), ९३) रमाल मस्ट (जुम्ला, कालिकोट), ९४) बाइफालो मस्ट (हुम्ला), ९५) रामफाल मस्ट (हुम्ला), ९६) महारुद्र द्यौता (जुम्ला, हुम्ला), ९७) बाँसकोट्या मस्ट, ९८) पुआँल्या मस्ट, ९९) क्यूँडा मस्ट, १००) साइन मस्ट, १०१) धुरापानी मस्ट, १०२) बाडाबाडा मस्ट, १०३) तलिकोट्या मस्ट, १०४) श्वेता मस्ट, १०५) पँचालो मस्ट (कालिकोट) (सानी-सिकु), १०६) रूपा मस्ट (जुम्ला), १०७) काला मस्ट (कालिकोट, कालिकोट कुलायन), १०८) स्थानु मस्ट (कालिकोट) (रासकोट दर स्युना) समेत जम्मा १०८ वटा मस्ट अथवा द्यौता (देवकोटा, २०७० : १३३-१३४)।

उपर्युक्त नामका मस्टहरू सामान्य रूपमा मस्टको गणनाभित्र परे तापनि यिनीहरूमध्ये कोही मस्ट, कोही देवता, कोही क्षेत्रपाल, कोही प्रसिद्ध भूत-भँवार र कोही प्रसिद्ध पुड्यानाभित्र पनि पर्दछन् (देवकोटा, २०७० : १३४) । श्यामबहादुर खड्काले 'खड्का सन्देश' नामक पत्रिकाको लेख 'कुलदेवता मस्टो' शीर्षकमा नेपालमा मस्टका सम्बन्धमा विभिन्न लेखहरूले कलम चलाए तापनि विस्तृत अध्ययन तथा अनुसन्धान हुन बाँकी छ। मस्टका कसैले १२ भेद दिए भने कसैले १८ प्रकारका मस्टको उल्लेख गरेर नामसमेत दिए। कसैले त ८४ प्रकारका मस्टहरू भएको उल्लेख गरे भने कसैले मरुत नै मस्ट हुन् भनिदिए । विभिन्न लेखकहरूले उल्लेख गरेका मस्टका विभिन्न प्रकार र नामहरूमा

कुनै सत्यता छैन । सुरुमा कुनै लेखकले विभिन्न नाम दिएर मस्टका प्रकार उल्लेख गरेर बाहिर प्रकाशमा ल्याए । अन्य लेखकहरूले त्यस विस्तृत अनुसन्धान नै नगरी त्यसैलाई अनुसरण गर्दै आए भनेका छन् (खड्का, २०७२ : ८) ।

ठाउँअनुसार मस्ट देवताको हाँगाबिँगा छरिँदै गएपछि बाह्रवटा शाखामा मस्ट विभाजित भएको पाइन्छ, जसलाई पश्चिम नेपालको लोकभाषामा बाह्रभाइ मस्ट भनिन्छ । बाह्रभाइ मस्टका नामहरू प्रायजसो त्यही ठाउँको नामबाट उठान भएको पाइन्छ । बाह्रभाइ मस्टका नामावली भने भिन्नाभिन्नै पाइन्छन् । जुम्ला सिँजा पाण्डुसेरामा प्रचलित बाह्रमस्टाका नाम यसप्रकार छन् – १) आदि मस्ट, २) खापर मस्ट, ३) बाबिरो मस्ट, ४) काला मस्ट, ५) रुमाल मस्ट, ६) ढँडार मस्ट, ७) थार्पा मस्ट, ८) बान्नी मस्ट, ९) कावा मस्ट, १०) मण्डली मस्ट, ११) डाढे मस्ट, र १२) दाह्रे मस्ट (गुरुङ, २०७३ : १-२) ।

यहाँनेर मस्टका बाह्र भाइहरूको नामावली प्रस्तुत गर्दा यसमा एकरूपता ल्याउन ज्यादै कठिन पर्दछ । प्रत्येक गाउँमा जान्ने बुढापाकाहरू आफ्नै तरिकाले बाह्रभाइ मस्टका नामहरू बताउँछन् । तिनीहरूले यसरी नाम बताउँदा कहिलेकाहीँ बाह्र पुग्दैन, कहिलेकाहीँ बाह्रभन्दा बढी पनि देखापर्दछ । फेरि त्यस नामावलीमा आफ्नै गाउँका विशेषता दर्साएर मस्टको नाम भन्ने गरेको पनि पाइन्छ । साथै एउटै मस्ट विभिन्न नामले पनि देखापर्दछ (जोशी, २०२९ : ५५) । उदाहरणका निमित्त यहाँ दुईथरी नामावलीहरू प्रस्तुत गरिएका छन्, जसअनुसार – सिन्जा पाण्डुसेराका बूढापाकाका भनाइमा १) ढँडार मस्ट, २) कवा मस्ट, ३) कालोसिल्टो मस्ट, ४) धवलपुरा मस्ट, ५) दूधेसिल्टो मस्ट, ६) दाढे मस्ट, ७) लरिचाल मस्ट, ८) थार्प मस्ट, ९) बुडू मस्ट, १०) कैलाश मस्ट, ११) लाँखुरो मस्ट, १२) सुकिलोहंस मस्ट (जोशी, २०२९ : ५६) । सिन्जा लुट्कूका बूढापाकाका भनाइमा १) बान्नी मस्ट, २) ढँणार मस्ट, ३) क्यूँडाला मस्ट, ४) डाढे मस्ट, ५) लाटो मस्ट, ६) बुडू मस्ट, ७) कवा मस्ट, ८) थार्प मस्ट, ९) बाबिरो मस्ट, १०) बाँओ मस्ट, ११) बाँसकोट मस्ट, १२) साइँन मस्ट (जोशी, २०२९ : ५६) ।

उक्त नामहरूका अतिरिक्त यी नामहरू पनि देखापर्दछन् – १) सीम मस्ट, २) सुनारगाउँ मस्ट, ३) पुवाँले मस्ट, ४) उखाडी मस्ट, ५)

तलीकोटे मस्ट, ६) बाँसकोट मस्ट, ७) बा मस्ट, ८) लिउडी मस्ट, ९) काफल मस्ट, १०) रमाल मस्ट, ११) धुरापानी मस्ट, १२) गुरु मस्ट, १३) विजयी मस्ट इत्यादि (जोशी, २०२९ : ५६) ।

३.३ कुलदेवताका रूपमा मस्ट :

खस ब्राह्मणहरू सबैका कुलदेवताका रूपमा पुजिने मस्ट अवश्य पनि कुनै वैदिक देवताकै अपभ्रंश रूप हुनुपर्ने कुरामा शङ्का छैन । हामी कहाँबाट आयौँ ? कहिले आयौँ ? हाम्रो आदिथलो कुन हो ? इत्यादि विषयमा आजसम्म टुङ्गो लागेको छैन (रिसाल, २०६० : १८) । मस्टको खोजीका अनुक्रममा सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल अर्थात् कर्णाली प्रदेश, अझ खास गरी महाकाली, सेती र भेरी अञ्चल अझ तोकेरै भन्नुपर्दा दैलेख जिल्लामा थुप्रै-थुप्रै प्रमाणहरू पाइएका छन् । मस्टको पूजास्थान, मेला, धामी बस्ने, बलि दिने, बलि नदिने आदि विषयमा केही तथ्यहरू फेला परेकाले यहाँ पहिले मस्टका बाह्र भेद दिइन्छ ।

खस ब्राह्मणहरूले परम्परागत रूपमा मान्दै आएका कुलदेवता, कुलायन हुन् मस्ट । यसरी मानिने मस्टहरूमा प्रसिद्ध बाह्र सूर्य पनि हुन सक्छन् (रिसाल, २०६० : १८) । ती बाह्र सूर्यको नाम – १) धाता, २) अर्यमा, ३) मित्र, ४) वरुण, ५) इन्द्र, ६) विवश्वान्, ७) पूषा, ८) पर्जन्य, ९) अंशुमान्, १०) भाग, ११) त्वष्टा, १२) विष्णु (चतुर्वेदी, २-२८) ।

परन्तु कुलदेवताका रूपमा भन्दा मस्टलाई आर्य ब्राह्मण र खस दुवैमा आ-आफ्ना गोत्रदेवसमेत मानेको पाइन्छ । गोत्रअनुसार 'मस्ट' का नाम यसप्रकार छन् – १) आदि मस्ट - वशिष्ठ गोत्रीका कुलदेवता, २) खापड मस्ट - कौशिक गोत्रीका कुलदेवता, ३) टेढी मस्ट - भारद्वाज गोत्रीका कुलदेवता, ४) क्षेत्रपाल मस्ट - कौडिन्य गोत्रीका कुलदेवता, ५) धौला वा धवला मस्ट - गर्ग गोत्रीका कुलदेवता, ६) बाबिरा मस्ट - उपमन्यु गोत्रीका कुलदेवता, ७) काला मस्ट - आत्रेय गोत्रीका कुलदेवता, ८) ढुसासैनी मस्ट - काश्यप गोत्रीका कुलदेवता, ९) लटे मस्ट - माण्डव्य गोत्रीका कुलदेवता, १०) रुमाल मस्ट - वत्स गोत्रीका कुलदेवता, ११) दाह्रे मस्ट - धनञ्जय गोत्रीका कुलदेवता, १२) मण्डली मस्ट - घृतकौशिक गोत्रीका कुलदेवता (रिसाल, २०६० : १९) । परन्तु तन्त्रप्रधान समाजमा आध्यात्मिक प्रशासन सिद्धको हातमा हुन्छ । सिद्ध

सबैका राजा हुन् । मस्टलाई 'सिद्ध र भैरव' दुवैका रूपमा पूजा गरिन्छ भनेको पनि पाइन्छ (रिसाल, २०६० : १९) ।

३.४ मस्टका नातागोता :

मस्टका नातागोता वा सम्बन्ध भएकाहरूको चर्चा गर्नु प्रासङ्गिक नै होला । मस्ट देवतालाई ब्रह्मचारी मानिन्छ । यिनका पत्नी छैनन् । मस्ट व्यक्तिगत सुखभोगभन्दा लोककल्याणलाई महत्त्व दिने र हरपल जनहितका कार्यमा संलग्न रहने देवता हुन् भनिन्छ (पन्त, २०६४ : २५) । मस्ट ब्रह्मचारी भएकाले सन्तति हुने कुरै भएन, तर पनि 'लाँकुरे' देवता यिनका भतिजा मानिन्छन् (पन्त; २०६४ : २६) ।

३.४.१ मस्टका मामा :

मस्टको लहरमा महादेव, विष्णु र तेडीका धामीलाई समेत मामालाई दिइने सम्मान दिएर विशेष उपचारका साथ स्वागत गरिन्छ । कहीँ-कहीँ तेडीलाई पनि मस्टका भाइ मान्ने चलन छ । डोटी जिल्लाका गिरिचौरमा तेडीलाई मस्टका मामा भनिन्छ भने गडसेरामा तेडीलाई भाइ भनिन्छ (पन्त, २०६४ : २६) ।

३.४.२ मस्टका भान्जा :

मस्टका दिदी वा बहिनी भए पनि अविवाहित भएर आ-आफ्ना थानमा बसेको कुराको वर्णन पाइन्छ । कुनचाहिँ दिदी वा बहिनीले विवाह गरी गृहस्थी जीवन बिताएको हो, कोसित विवाह गरेको हो र के-कति सन्तान प्राप्त भएका हुन् भन्ने बारे कतै उल्लेख भएको पाइँदैन । तर क्षेत्रपाल तथा भैरवलाई यिनका भान्जा मानेर पूजा गर्ने चलन छ र तिनलाई भान्जा भनिन्छ । तिनलाई सेतो बोको बलि दिने चलन पनि विवेच्य क्षेत्रमा प्रचलित छ । मस्टलाई नै क्षेत्रपाल भन्ने र भैरवलाई मस्टकै भाइ मान्ने गरेको पनि कुनै-कुनै ठाउँमा पाइन्छ । कहीँ-कहीँ भैरवलाई मस्टको गणका रूपमा पनि लिइन्छ (पन्त, २०६४ : २६) ।

३.४.३ मस्टकी भान्जी :

वसन्तमाला नामक स्थानीय देवीलाई मस्टकी भान्जी भनिन्छ । यिनी मस्टकी कुनचाहिँ दिदी वा बहिनीबाट जन्मिएकी हुन् र यिनका पिता को हुन् भन्ने स्पष्ट छैन । रक्तबलि ग्रहण नगर्ने र कोरा पूजा वा

सात्विक भोग लिने यिनी कुनै-कुनै मस्टको पूजाका साथमा मात्र पुजिन्छिन् । यिनको शक्ति भगवती दुर्गाको जस्तै रहेको विश्वास गरिन्छ (पन्त, २०६४ : २६) ।

३.४.४ मस्टका इष्टमित्र :

इष्टमित्र तथा नातागोता ज्यादै व्यापक भएका स्थानीय देवता हुन् मस्ट । नजिक र टाढाको साइनो लाग्ने यिनका सम्बन्धी देवीदेवताहरू अनेक छन् भनिन्छ । विशेषत: ऐकवार, डाणाबाग, झलल्या, बन्थडी, लाटो, कलङ्की, निमौने, नान्ने, असङ्खी, बेताल र सिद्ध जस्ता स्थानीय देवीदेवतासित यिनको नजिकको नाता लाग्दछ भन्ने जनश्रुति छ । साँघुरो-अप्ठेरो पर्दा मस्टले यिनलाई सहयोग गर्दछन् र आफूलाई परे यीबाट मद्दत लिई लोकहितका कार्य गर्दछन् भनिन्छ (पन्त, २०६४ : २६-२७) ।

३.४.५ मस्टका सेवक :

स्थानीय नदी-नाला, बाटो-घाटो, भीर-भन्ज्याङ, खोला-खोल्सा, खेत-गरा, वन-जङ्गल र भीर-पाखामा बस्ने सहायक देवी-देवताहरूलाई मस्टका सेवक मानिन्छ । यिनलाई मस्टका बान (बाहन) अर्थात् गण वा मस्टसित पारिवारिक सम्बन्ध भएका गणदेवता भनिन्छ (पन्त, २०६४ : २७) ।

३.४.६ मस्टको बाहन :

भगवती दुर्गाको प्रमुख सेनापति वा मुख्य सहायक यी देवताको बाहन मूलत: बाघ नै हो । यिनलाई कुलदेवता मान्नेहरूले सपनामा बाघ देखेमा यिनको दर्शन पाएको विश्वास गर्दछन् र गाउँबस्तीमा बाघ देखियो वा त्यसको आतङ्क फैलियो भने यी देवता रिसाए भन्दै चलनचल्तीका उपचारको अवलम्बन गर्दछन् (पन्त, २०६४ : २७) ।

३.५ मस्टसँग सम्बन्धित देवताहरू :

महालिङ्ग देवता, छडाखेत देवता, नानन देवता, लाँकुडा देवता, कालसैन देवता, लवसैन देवता, लाँगा देवता, बाँठपाला देवता, धौलदेउ (देवता), डाँडाबाघ (देवता), लाटा हित वा लाटा देवता, धौलापुरा देवता,

खापर (देवता), तिलकोटी डाँडाबाघ (देवता), लाटा हित वा लाटा देवता, खापर (देवता), तिलकोटी (कैलाश) देवता, बाँझकोटी देवता, खाँडो बेताल आदि मस्टसँग सम्बन्धित देवताहरू हुन् ।

३.६ मस्टको दैवी शक्ति :

मानिसहरूको विश्वासअनुसार देवताहरू अद्भुत दैवी शक्तिका हुन्छन् । यिनीहरूले चाहेमा आकाशबाट तुरुन्त पानी पार्न सक्तछन्, परिरहेको पानीलाई रोक्न सक्तछन् । देवताको शरणमा गएमा कुनै बिरामी परेको व्यक्ति निको हुन सक्छ । आफ्ना भक्तलाई अकाल मृत्युबाट जोगाउन सक्छन् । तर दैवी शक्ति रिसाए भने कुनै व्यक्तिको धन-सम्पत्ति नष्ट गरिदिन सक्छन् र कुनै व्यक्तिको मृत्यु गराउन पनि सक्छन् (खड्का, २०७२ : ८०) ।

४. नौ बहिनी भवानी :

पश्चिम नेपालमा नौ बहिनी भवानी र बाह्र भाइ मस्टको व्यापकता रहेको कुरा उल्लेख भइसक्यो । नौ बहिनी भवानी र बाह्र भाइ मस्टका नाम र सङ्ख्यामा विद्वान्हरूको मतैक्य पाउन सकिँदैन । मस्ट कसैले एक, कसैले दुई, कसैले तीन, कसैले चार, कसैले बाह्र, कसैले सोह्र, कसैले चौँसठ्ठी, कसैले चौरासी र कसैले एक सय आठसम्मको नामोल्लेख गरेका छन् । त्यस्तै भवानीका बारेमा पनि नौ बहिनी र सोह्र बहिनी भवानीको नाम र सङ्ख्यामा धेरैजसो विद्वान्हरू बाँडिएका छन् । यहाँ ती दुवैथरिमा प्रतिनिधि विद्वान्को मत प्रस्तुत गरिन्छ ।

संस्कृतिविद् सत्यमोहन जोशीले आफ्नो 'कर्णाली लोकसंस्कृति : मस्टका आलनहरू' लेखमा बाह्र भाइ मस्ट र नौ बहिनी भवानी/भुवानी भनेका छन् । जोशीले आफ्नो लेखमा भुवानी/भवानीका नामावली पनि पृथक्-पृथक् (त्यहीँका बासिन्दा र जानिफकारहरूको भनाइका आधारमा) पेस गरेका छन् । जस्तै एकथरिको भनाइअनुसार – १) मालिका, २) कनकासुन्दरी, ३) त्रिपुरासुन्दरी, ४) जालपा, ५) कालिका, ६) खेसमालिनी, ७) ठिङ्ग्याल्नी, ८) दुलेल्नी, ९) विन्द्रवासिनी (विन्ध्यवासिनी) (जोशी, २०२९ : ५६) । अर्कोथरिको भनाइअनुसार – १) भुवानी, २) कालिका, ३) मालिका, ४) खेसमालिनी, ५) ठिङ्ग्याल्नी, ६) पुगेल्नी, ७) हिमालिनी, ८) कनकासुन्दरी, ९) त्रिपुरासुन्दरी (जोशी, २०२९ : ५६) । यीबाहेक भुरुचुनी,

मालिका, पुङ्गेल्नी, सुरन्दा, अलकानन्दा आदि नामहरू पनि देखापर्दछन् (जोशी, २०२ ९ : ५६) । त्यस्तै मस्ट र भवानीका सम्बन्धमा झन्डै तीस वर्षदेखि अध्ययन गरी 'मस्टो : संस्कृति र परम्परा', 'बझाङ : किंवदन्ती र इतिहास' जस्ता पुस्तक एवम् विभिन्न कार्यपत्रहरू र लेखहरूका लेखक श्यामबहादुर खड्काका अनुसार १६ बहिनी भवानीको नाम यसप्रकार छ, जस्तै – १) लखमादेवी, २) पुन्युगिरिदेवी, ३) निगालदेवी, ४) दुर्गादेवी, ५) सुर्मादेवी, ६) जालपादेवी, ७) कालिकादेवी, ८) खनारीदेवी, ९) मालिकादेवी, १०) त्रिपुरासुन्दरी (रणसैनीदेवी), ११) उग्रतारा, १२) नन्दादेवी, १३) कनकसुन्दरी (कनकासुन्दरी), १४) भुवनेश्वरी, १५) वागेश्वरी, १६) शैलेश्वरी (खड्का, २०७२) ।

४.१ भवानीको उत्पत्ति :

पश्चिम नेपालमा देवीदेवताको उत्पत्तिका सम्बन्धमा विभिन्न किसिमका धारणाहरू रहेका छन् । यस सम्बन्धमा निश्चित कुनै मत छैन । देवीचन्द्र जैसीको 'सुर्मादेवीको इतिहास' मा एक भाइ मस्ट र सोह्र बहिनी देवीहरूको उत्पत्तिका सम्बन्धमा चर्चा गरिएको छ । उक्त कृतिमा सङ्कलित फागअनुसार एक भाइ मस्ट र सोह्र बहिनी देवीहरू हिउँको पहाडको पानीमा छायाँ देखिने ठाउँ मालमुनि उत्पन्न भए भन्ने उल्लेख छ । त्यो ठाउँ कहाँ हो भन्ने सम्बन्धमा फाग र किंवदन्तीहरू उपलब्ध छैनन् (खड्का, २०७२ : ३५) । त्यस्तै यसै लेखको ३.१ मा मस्टको उत्पत्ति शीर्षकभित्र पनि सङ्क्षिप्त चर्चा भएकै छ ।

४.२ भवानीका प्रकार :

भवानीका विषयमा विभिन्न विद्वान्हरूले तयार पारेका केही चार्ट (सूची) यसै लेखको शीर्षक ४ मा नौबहिनी भवानीमा उल्लेख भइसकेको छ । तर नौ वा सोह्र बहिनीको नामोल्लेख मात्र भयो । तीमध्ये केहीको सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गर्नु प्रासङ्गिक नै होला । जस्तै –

४.२.१ निगालदेवी/निगालसैनी भगवती (डेमाण्डू) :

बैतडीगढीको हाराहारी पूर्वतिर उँचो भूभाग काठमातेनजिकै सतपाली अझै देमाण्डू भनेर बढी चिनिने ठाउँमा एउटा स्थानीय पहाडी कलायुक्त मन्दिर छ । यस मन्दिरभित्र निगालसैनी भगवतीको उद्गम

स्थल मानी शक्तिपीठका रूपमा धुमधामसँग पूजा हुन्छ। यहाँ पूजा गर्ने भट्ट पुजारी र धौकाहरू धामी हुन्छन्।

यहाँ भाद्र शुक्लपूर्णिमाका दिनमा विशेष पूजा हुन्छ र ठूलो जात्रा लाग्दछ। त्यस्तै चैत्र र शारदीय नवरात्रमा शक्तिपीठका रूपमा पूजा, पाठ, होम, यज्ञ हुन्छ र ६४ राँगाको बलि दिनु जरुरी मानिन्छ। राँगा नपाएमा कुभिन्डो भए पनि बलि दिनुपर्दछ। आफ्नो चाहना पूरा गर्न भगवतीलाई बोका, राँगा चढाउने भाकल गरेर पूजा गरी आफ्नो अभीष्ट सिद्ध गर्दछन् (खत्री, २०६० : ६०)।

४.२.२ दुर्गादेवी :

मस्टका सोह्र बहिनीमध्ये दुर्गादेवी सबभन्दा जेठी हुन्। देवीका सबै बहिनीहरूलाई सोह्र बहिनी दुर्गा भनिन्छ। दुर्गाको मुख्य स्थान बझाङ थलीका बीचमा छ। उक्त स्थान वा मन्दिरमा बर्सेनी भाद्र २० गते दुर्गादेवीको पूजाआजा हुन्छ र मेला लाग्दछ। मन्दिरमा पुग्नका लागि निकै तलबाट सिंढी बनाएर मन्दिरसम्म पुऱ्याइएको छ। यस क्षेत्रमा जुत्ता लगाएर प्रवेश गर्न निषेध छ। वैदिक ग्रन्थहरू र पौराणिक ग्रन्थहरूमा दुर्गाको नाम ठाउँठाउँमा पाइन्छ। दुर्गा धेरै ठाउँमा देव-दानवहरूको लडाइँमा देवताहरूको पक्ष लिएर लडेको पाइन्छ। दुर्गाका विभिन्न स्वरूपहरूसमेत उल्लेख भएका छन् (खड्का, २०५८ : ८९-९०)।

४.२.३ सुर्मादेवी :

सुर्मादेवीको प्रमुख बासस्थान पश्चिम-उत्तर बझाङको चौगाउँको सुर्मासरोवर भन्ने ठाउँमा छ। सुर्मादेवीको पूजा खास गरी चैनपुरको देवीस्थान र रिठापाटाको सेलाखेतमा हुन्छ। सुर्मादेवी पनि मस्टाकी सोह्र बहिनीमध्ये एक बहिनी हुन् (खड्का, २०५८ : ९०)।

सुर्मादेवीको जात्रा सुर्मासरोवरमा प्रत्येक वर्षको भाद्र पूर्णिमामा हुन्छ। सुर्मासरोवर जान चाहने व्यक्तिले जानुभन्दा केही दिन अगाडिदेखि नै शुद्धतामा बढी ध्यान पुऱ्याउनुपर्दछ (खड्का, २०५८ : ९३)। सुर्मादेवीको मन्दिरमा कुनै पनि बलि चढ्दैन। कुनै चीजको बलि दिन वर्जित छ। अरू देवीहरूका मन्दिरमा प्रायः बलि दिने गरिएको भए तापनि सुर्मादेवीले रगतको भोग लिन्नन्। उनको शुद्ध पूजा मात्र हुन्छ (खड्का, २०५८ : ९३)।

४.२.४ जालपादेवी :

बझाङको जालपादेवी मन्दिर रिठापाटाको देवलमा छ र उक्त ठाउँलाई देवल नै भनिन्छ । जालपादेवीको मन्दिर भएका कारणले नै उक्त ठाउँलाई पहिलादेखि नै देवल भनिएको हो । उक्त ठाउँको तत्कालीन नाम बालीचौखुडी थियो भन्ने कुरा बुढापाकाहरूले बताउँछन् र देवभाषामा उक्त ठाउँलाई गैरीडोटी पनि भनिन्छ (खड्का, २०५८ : ९८) ।

सुर्मादेवीको इतिहासमा जालपादेवीलाई मस्टकी सोह्र बहिनीहरूमध्ये एक बहिनी मानिएको छ । अरू बहिनीहरूजस्तै उनको विवाह पनि महालिङ्गसँग भएको र बझाङमा आइसकेपछि उनले सो ठाउँ रोजेकी हुन् भन्ने उल्लेख गरिएको छ (खड्का, २०५८ : ९९) जालपादेवी आफ्ना गणहरूसहित देव-दानवहरूको लडाइँ भएको ठाउँ छोडेर जालन्धर आई बसोबास गरेको र त्यसपछि कर्णालीको तटमा रहेको रास्कोटको सानीमा आई बसोबास गरेको भन्ने उल्लेख छ (खड्का, २०५८ : १००) । हालसम्म जानकारीमा आएअनुसार जालपादेवीको अछाममा पनि पूजा गरिन्छ र त्यहाँ मन्दिरसमेत छ । नुवाकोटको त्रिशूलीमा पनि जालपादेवीको मन्दिर छ । धनकुटाको छिन्ताङमा पनि जालपादेवीको मन्दिर छ ।

यसरी देशका विभिन्न भागहरूमा जालपादेवीको पूजाआजा हुने गरेको छ र यिनको उत्पत्तिका सम्बन्धमा विभिन्न किंवदन्तीहरू प्रचलित छन् । बझाङमा भएकी जालपादेवी एउटै हुन् वा अलग-अलग हुन्, त्यो यकिन हुन सकेको छैन (खड्का, २०५८ : १००) । बझाङको जालपादेवीको मन्दिरमा नवरात्रिभरि र चैतेदसैंमा पूजाआजा हुन्छ । चैतेदसैंको दिनमा ठूलो मेला लाग्दछ, जसलाई चैतोली भनिन्छ । मन्दिरनेर सल्लाको काँकर ठड्याइन्छ । उक्त काँकर (लिङ्गो) प्रत्येक साल पालैपालो गरी चार दिशाबाट ल्याउने परम्परा छ (खड्का, २०५८ : १०१) ।

४.२.५ कालिकादेवी :

जालपादेवीको मन्दिर परिसरभित्र जालपादेवी मन्दिरसँगै दुई-तीन फिटको दूरीमा पश्चिमपट्टि भित्तामा कालिकाको मन्दिर छ । जालपादेवीको

मन्दिरमा पूजा भएपछि कालिकादेवीको मन्दिरमा पूजा गरिन्छ । मस्टका सोह्र बहिनी देवीहरूमा कालिकालाई पनि एक बहिनी मानिएको छ (खड्का, २०५८ : १०२) ।

कालिकाको मन्दिरमा कालो आलन (देवताको मन्दिरमा चढाइने निगालामा गाँसिएको झण्डाजस्तो ध्वजा) मात्रै चढाइन्छ । कालिकालाई काली पनि भनिन्छ । विचार गरेर हेर्दा कालीको कुनै अलग रूप नभई जालपाले आवश्यकतानुसार धारण गर्ने गरेको एउटा अर्को रूप मात्र हो कि भनी मान्नुपर्ने अवस्था पनि आउँछ । महिषासुरको बध गर्न भगवतीले कालिकाको रूप धारण गर्नुपरेको कुरा विभिन्न पुराणहरूमा उल्लेख भएको पाइन्छ (खड्का, २०५८ : १०२) ।

नेपाल राष्ट्रभित्र कालिकाका मन्दिरहरू विभिन्न ठाउँमा छन् । कालिकालाई ठाउँअनुसार विभिन्न नामले पुकारिएको छ । अन्य देवी-देवताहरूको तुलनामा कालिकाका मन्दिर अथवा स्थानहरू बढी ठाउँमा पाइएका छन् । कालिकाप्रति आस्था राख्ने विभिन्न व्यक्तिले उनको स्थापना गरेका हुन् र ती सबै कालिकाका एउटै रूप हुन् । मानिसहरूमा शक्तिपूजाको प्रचलन बढी भएको र कालिकाको कोपबाट बाँच्न वा आफ्नो मनोकाङ्क्षा छोटो अवधिमै पूरा गर्न आफ्नो पायक पर्ने स्थानमा मन्दिर बनाई पूजा गर्ने चलन चलेको हो । कालिकालाई विभिन्न मसानी, भैरव र बलि खाने देवताहरूको प्रमुख मान्नेहरू पनि प्रशस्त छन् (खड्का, २०५८ : १०२-१०३) ।

४.२.६ खनारीदेवी :

खनारीदेवीलाई स्थानीय बोलचालको भाषामा खँदारीदेवी पनि भन्दछन् । यिनको मन्दिर रिठापाटास्थित खोल्सिङ्गाको खोलाको मुखनेरको खेतमा रहेको छ । खनारीदेवी मस्टका सोह्र बहिनीहरूमध्ये एक हुन् (खड्का, २०७२ : १६९) । खनारीदेवी मस्टका सोह्र बहिनीहरूमध्ये एक हुन् (खड्का, २०७२ : १६९) । खनारीदेवीको चर्चा-परिचर्चा कहीँ कतै नदेखिए तापनि स्थानीय रूपमा यिनी अत्यन्तै शक्तिशाली र भक्तहरूको मनेकाङ्क्षा पूरा गर्ने देवीका रूपमा मानिन्छन् । यिनले आफ्ना भक्तहरू तथा आश्रितहरूका धनधान्य र पशुधनको रक्षा गर्दछिन् । स्थानीय व्यक्तिहरू यिनलाई पाकेको नयाँ अन्न, पहिलो बेत ब्याएको गाईको दूध

चढाउँछन् । यी देवीले गाउँलाई रोगव्याधी र दैवी प्रकोपबाट टाढा राख्छिन् भन्ने बलियो जनविश्वास रहेको छ (खड्का, २०७२ : १७०)।

खनारीदेवी आफ्ना आश्रितहरूको रक्षाका लागि जहाँसुकै पुग्छिन् र आश्रितहरूको मनोकाङ्क्षा पूरा गरिदिन्छन् भन्ने जनविश्वास रहेको छ। महानवमी र चैतेदसैंमा यी देवीको पूजाआजा हुन्छ। अरू बेला शनिबार र मङ्गलबार यिनको पूजा गर्ने परम्परा छ। चैतेदसैंमा देवलमा ठूलो लिङ्गो (काँकर) ठड्याइन्छ । देवलबाट यिनी छुट्टिएर आएकी हुँदा त्यहाँको परम्पराअनुसार लिङ्गो ठड्याउने परम्परा रहेको हो (खड्का, २०७२ : १७०)।

४.२.७ मालिकादेवी :

बाजुरा जिल्लाको मार्तडीसँगैको १४-१५ हजार फिटभन्दा बढी उचाइमा रहेको पहाडलाई मालिका पर्वत भनिएको छ। यसलाई मल्लागिरि पनि भन्ने गरेको कुरा स्वस्थानी व्रतकथामा उल्लेख छ। उक्त कथामा उल्लेख भएअनुसार शिव सतीदेवीको मृत शरीर लिई पृथ्वीमा घुम्दै जाँदा त्यहाँ देब्रे कान पतन भएको थियो । स्थानीय व्यक्तिहरूले यिनलाई मस्टका सोह्र बहिनीहरूमध्ये एक मानेका छन् । पहाडतर्फ आइसकेपछि आ-आफ्नो बसोबास रोज्ने क्रममा मालिकाले यो ठाउँ रोजिन् भन्ने भनाइ छ (खड्का, २०७२ : १५५)।

देवीका १५० पीठहरूमध्ये मालिका भगवतीको स्थान एउटा प्रमुख पीठ हो । मालिका जाने बाटोमा रहेको त्रिवेणीमा नुहाएपछि यात्रुहरू मालिकाको दर्शन गर्न जान्छन्। यसरी दर्शन गर्दा सम्पूर्ण पाप काटिन्छ भन्ने जनविश्वास रहेको छ। श्रावण चतुर्दशीका दिन बिहान त्रिवेणीमा मालिकाको छत्र नुहाउँछन्। छत्र नुहाउँदा यात्रीहरूसमेत त्यहीँ नुहाउँछन् र छत्रको पानी आफ्नो जिउमा परेमा पुण्य हुन्छ भन्ने जनविश्वास रहेको छ (खड्का, २०७२ : १५६)। मालिकाको पूजा श्रावण पूर्णिमामा हुन्छ। मालिकादेवीले आफ्ना भक्तहरूको मनको इच्छा पूरा गरिदिन्छन् भन्ने बलियो विश्वास र मान्यता रहेको छ (खड्का, २०७२ : १५६)।

४.२.८ त्रिपुरासुन्दरी (रणसैनी) :

त्रिपुरासुन्दरी बैतडी गढीबाट दक्षिणतिर पुजारा गाउँ थापाबस्तीमा छ । यहाँ हरेक सङ्क्रान्ति, पूर्णिमा, औँसी, आषाढ शुक्ल अष्टमी र

नवमी, चैत्र र आश्विन महिनाको नवरात्रमा विशेष पूजा हुन्छ । नवरात्रमा मन्दिरभित्र (मुख्य मन्दिरबाहिर) बलि दिने चलन छ । आश्विनको नवरात्री र दशमीमा भगवतीको भणार यात्रा हुन्छ (खड्का, २०७२ : २४६) ।

भगवतीको उत्पत्तिबारे एउटा यस्तो कथा छ, मौनी थरका एक व्यक्तिले एक ऋणे (असी माना) जौ किनेर घर लैजाँदै गर्दा मौनीलाई दिसाले च्यापेछ । भारी बिसाएर ती व्यक्ति दिशा बस्न गएछन् । फर्केर आउँदा त्यो भारी उठ्न मानेनछ, पछि सपना हुँदा तिमी अशुद्ध भएकाले म नउठेको हुँ, म यहीँ बस्छु भनिछन्, अनि त्यो जौ त्यहीँ शिलामा परिणत भएछ (खड्का, २०७२ : २४७) । स्थानीय व्यक्तिहरूले यिनलाई मस्टका सोह्र बहिनीहरूमध्येकै एक मान्दछन् । यो मन्दिर स्थानीय कलात्मक शैलीमा दोपाखे पत्थरले बनेको छ । यसको गर्भगृहमा त्रिपुरासुन्दरी रणसैनी भगवतीको नाममा स्वप्रस्फुटित शिला छ । गर्भगृहमा पुजारीबाहेक अरूको प्रवेश निषेध छ (खत्री, २०६० : ५८) ।

४.२.९ उग्रतारा :

मस्टकी सोह्र बहिनीहरूमध्येकै एक मानिने भगवती उग्रताराको मन्दिर डडेलधुराको सदरमुकाम अमरगढीदेखि उत्तर-पूर्व पाँच किलोमिटर पर पखेरानजिकै पर्दछ । यी दशमहाविद्यामध्येकी एक हुन् । यो मन्दिरभित्र एउटा गब्यूर छ । त्यो गब्यूरभित्र एउटा भगाकारको पूज्य शिला छ । त्यहाँ गब्यूरभित्र पुजारी गई तान्त्रिक विधिले पूजा गर्दछन् । त्यहाँ अरू जान पाइँदैन । मन्दिरभित्र गब्यूरको बाहिरी ढोकानेर कालिका पीठ छ । सर्वसाधारण सबैले त्यहाँ पूजा गर्दछन् । त्यहाँ नित्य-नैमित्तिक पूजा बाहेक भाद्र शुक्ल पूर्णिमा र कार्तिक शुक्ल पूर्णिमाको दिन विशेष पूजा गरिन्छ (खत्री, २०६० : ४१) । यी उग्रतारा भगवतीले शक्ति-सामर्थ्य बढाइदिने र भाकल गरेमा चिताएको कुरा पुऱ्याइदिन्छिन् भन्ने जनविश्वास रहिआएको छ (खत्री, २०६० : ४३) ।

४.२.१० नन्दादेवी :

मस्टका सोह्र बहिनीहरूमध्येकै एक मानिने नन्दादेवीको पूजाआजा गढवाल तथा कुमाऊँ क्षेत्रतिर बढी हुन्छ । उक्त क्षेत्रमा कृष्णजन्माष्टमीदेखि लिएर नन्दाष्टमीसम्म गाउँगाउँमा दुर्गालाई नन्दाका

रूपमा पूजा गरिन्छ र ठाउँठाउँमा मेला लाग्दछ । कुमाऊँ क्षेत्रतिर नन्दाको विवाह भगवान् शिवसँग भएको थियो भन्ने मान्यता छ (खड्का, २०७२ : १५३) ।

४.२.११ कनकसुन्दरी / कनकासुन्दरी :

मस्टका सोह्र बहिनीमध्येकै एक मानिने कनकासुन्दरी (जुम्ला) गाउँको गढी पहाडको थुम्कोमा कनकासुन्दरीको मन्दिर छ । मन्दिर विहार आकारको छ । चार कुनामा चार मन्दिर छन्, बीचमा कनकासुन्दरी भगवतीको मन्दिर छ । मुख्य मन्दिरका अगाडि २ सिंहमूर्ति छन् र तिनलाई स्थानीयले आफैँ उत्पन्न भएको मान्दछन् । यहाँ घण्टा पनि निकै चढाइएका छन् । पूर्वपट्टि जापपादेवीको पत्थर प्रतिमा, पश्चिमपट्टि महाकालीको प्रतिमा, उत्तरपट्टि सूर्यनारायणको प्रतिमा र दक्षिणपट्टि मन्दिर मात्र छ (भट्टराई, २०७१ : २२) । यी देवी रहेको पहाडमा सुन पाइने हुँदा कनकासुन्दरी नाम रहेको बुझिन्छ (भट्टराई, २०७१ : २३) ।

४.२.१२ भुवनेश्वरी (पाटेश्वरी) भगवती :

सल्यानको हेवल्ला गाउँ खैरावाडमा भुवनेश्वरी (पाटेश्वरी) भगवतीको मन्दिर छ । भूमिबाट आफैँ उत्पन्न भएकी हुनाले भुवनेश्वरी भनिए पनि सरकारी कागजहरूमा पाटेश्वरी कालिका भन्ने पनि भेटिन्छ (भट्टराई, २०७१ : २११) । यी भुवनेश्वरी देवी पनि मस्टका सोह्र बहिनीहरूमध्येकै एक हुन् । यस मन्दिरमा गुह्येश्वरी आकारकी भगवती छन् । त्यहाँ एक मौलो छ र पर्व-पर्वमा बलि चढाउने चलन पनि छ । मन्दिरभित्र त्रिशूल र अन्य घण्टाहरू पनि भक्तहरूले चढाएका छन् । सहस्रबाहु भएकी भगवतीको मूर्ति पनि एक योगीले यहाँ स्थापना गरेका छन् (भट्टराई, २०७१ : २११) ।

४.२.१३ वागेश्वरी (नेपालगञ्ज) बाँके :

सतीदेवीको जिब्रो पतन भएको हुनाले वागेश्वरी भन्न थालिएको हो भन्ने जनधारणा छ । नवरात्री, चैतेदसैं, शिवरात्रि, छठ र तीजमा पनि यहाँ मेला लाग्दछ । देशभित्र र भारतबाट समेत दर्शनार्थी भक्तहरू यहाँ आउँछन् । यस मन्दिरमा वर्षमा एकपटक सरकारी पूजा र वर्षमा दुईपटक महायज्ञ पनि सम्पन्न हुन्छन् । भक्तहरूबाटै सङ्कलित रकमबाट

खिचडी पकाएर दर्शनार्थीहरूलाई खुवाउने चलन पनि छ । देवी अति नै साक्षात् छिन् (भट्टराई, २०७१ : २७७-२७८) ।

मस्टकी सोह्र बहिनीहरूमध्येकै एक मानिने वागेश्वरी क्षेत्रमा सिद्धेश्वर योगीले भगवतीको तपस्या गरेका थिए । खाल्डो खनी सिद्धेश्वरले समाधि लिएका थिए । वागेश्वरी भगवती साक्षात् छन् । भक्तहरूका सबै मनोकाङ्क्षा पूरा गर्छिन् भन्ने बलियो जनविश्वास छ (भट्टराई, २०७१ : २७८) । यसै ठाउँमा जुँगा भएका शिवको मूर्ति देख्न पाइन्छ ।

४.२.१४ शैलेश्वरी भगवती :

शैलेश्वरी भगवतीको मन्दिर डोटी सिलगढी बजारको बीचको खुला र उच्च भूभागमा ठूलो शक्तिपीठका रूपमा रहेको छ । पहाडी क्षेत्रमा यो मन्दिर खुला पटाङ्गिनी भएको र सुन्दर वास्तुकलाले युक्त छ । मन्दिरको भित्री भागमा गब्यूर (गर्भगृह) छ, जहाँ मूल मुख्य शिलादेवी तथा देवताहरू स्थापित छन् । त्यसको बाहिर होमकुण्ड, देवभण्डार सहितको पूजापाठ गर्ने खुला मण्डप छ । गब्यूरमा अन्दाजी ६ इन्च लामो १२ इन्च गोलाइ भएको दिव्य कालो पत्थरशिला जमिनबाट स्वप्रस्फुटित रूपमा दर्शनीय छ । यो अति पवित्र सिद्धिदायिनी गुप्त, स्वयम्भू: ज्योतिर्लिङ्ग दिव्यशिला अर्धनारीश्वरका रूपमा पूज्य छ । दशमहाविद्यामा भुवनेश्वरीका रूपमा यी आराध्यदेवी छन् । यहाँको नित्य र पर्वपूजा अविच्छिन्न रूपले चलेको छ (खत्री, २०६० : ३६-३७) । यसबाहेक यहाँ हरेक १२ वर्षमा लक्षहोम र १४४ वर्षमा कोटिहोम गर्ने परम्परा छ (खत्री, २०६० : ३७) ।

हिमालयपुत्री पार्वती र किराँतेश्वर महादेवको विवाह वैशाख शुक्ल अक्षयतृतीयाका दिन सम्पन्न भएपछि वनविहार क्रीडा गर्दै मधुचन्द्रिका (हनिमुन) मा रमाउँदै घुम्दै यो मनमोहक चन्दनवनमा पुगेछन् । त्यहाँ सुन्दर वनको रमणीय छटा र मधुचन्द्रिकाको आनन्द मस्तीमा वर्षौं बितेको पत्तै भएनछ । ताराकासुर दैत्यको अत्याचारले असह्य भई ब्रह्मा, विष्णु, इन्द्रसहितका देवताहरूले खोज्दै हिँड्दा शिव-पार्वती रतिक्रिडामा रमाइरहेको भेट्टाएछन् । त्यो थाहा पाई देवताहरूको लाजले शिव-पार्वती शिला रूपमा परिणत भई ती शिला नै यहाँ अर्धनारीश्वर शैलेश्वरी

शक्तिपीठका रूपमा पूज्य भयो र अद्यापि पूज्य छ (खत्री, २०६० : ३८) शैलेश्वरी भगवती मस्टकै सोह्र बहिनीहरूमध्येकै एक भएको जनविश्वास पश्चिमाञ्चल क्षेत्रमा व्यापक रूपमा छ । शैलेश्वरी सिद्धिदात्री हुनाले त्यहाँ पूजा गर्दा सबैको कल्याण हुन्छ । सद्बुद्धि, सिद्धि र स्मृति प्राप्त भई कार्यमा सफलता हुन्छ भन्ने जनविश्वास छ (खत्री, २०६० : ३९) ।

४.३ चतुःषष्टियोगिनी (चौँसठ्ठी योगिनी) :

चौँसठ्ठी योगिनीको नाम निम्नलिखित क्रमानुसार छ, जस्तै – १) दिव्ययोगा, २) महायोगा, ३) सिद्धयोगा, ४) महेश्वरी, ५) पिशाचिनी, ६) डाकिनी, ७) कालरात्री, ८) निशाचरी, ९) कङ्काली, १०) रौद्रवेताली, ११) हुङ्कारी, १२) भुवनेश्वरी, १३) ऊर्ध्वकेशी, १४) विरूपाक्षी, १५) शुष्काङ्गी, १६) नरभोजिनी, १७) फट्कारी, १८) वीरभद्रा, १९) धूम्राक्षी, २०) कलहप्रिया, २१) रक्ताक्षी, २२) घोराराक्षसी, २३) विश्वरूपा, २४) भयङ्करी, २५) कामाक्षी, २६) उग्रचामुण्डा, २७) भीषणा, २८) त्रिपुरान्तका, २९) वीरकौमारिका, ३०) चण्डी, ३१) वाराही, ३२) मुण्डधारिणी, ३३) भैरवी, ३४) हस्तिनी, ३५) क्रोधादुर्मुखी, ३६) प्रेतवाहिनी, ३७) खट्वाङ्ग दीर्घलम्बोष्ठी, ३८) मालती, ३९) मन्त्रयोगिनी, ४०) अस्थिनी, ४१) चक्रिणी, ४२) ग्राहा, ४३) कङ्काली, ४४) भुवनेश्वरी, ४५) कण्टकी, ४६) काटकी, ४७) शुभ्रा, ४८) क्रियादूती, ४९) करालिनी, ५०) शङ्खिनी, ५१) पद्मिनी, ५२) क्षीरा, ५३) असन्धा, ५४) प्रहारिणी, ५५) लक्ष्मी, ५६) कामुकी, ५७) लोला, ५८) काकदृष्टि, ५९) अधोमुखी, ६०) धूर्जटी, ६१) मालिनी, ६२) घोरा, ६३) कपाली, ६४) विषभोजिनी ।

यसप्रकार चौँसठ्ठी उत्तम सिद्धिदात्री योगिनीहरू कहिएका छन् (कल्याण, ई. १९८७ : ३७) ।

४.४ षोडशमातृका :

सोह्र मातृकाहरूको महत्त्व पूर्वीय दर्शनमा निकै महत्त्वपूर्ण रहेको छ । ती हुन् – १) गौरी, २) पद्मा, ३) शची, ४) मेधा, ५) सावित्री, ६) विजया, ७) जया, ८) देवसेना, ९) स्वधा, १०) स्वाहा, ११) माताहरू, १२) लोकमाताहरू, १३) धृति, १४) पुष्टि, १५) तुष्टि तथा १६) आफ्ना कुलदेवता (कल्याण, १९८७ : ३७) ।

------------- -------------

५. लामा-विष्णु :

मस्ट सम्प्रदायमा मस्टका अनेक नाताकुटुम्ब पनि हुन्छन् । यस सन्दर्भमा गाउँघरमा पुजिने ग्रामीण देवीदेवताहरू यसरी देखापर्दछन्, जस्तो कि मस्टका मामाका रूपमा महाद्यौ, मस्टकी बहिनीका रूपमा भुवानी, मस्टका मामाका रूपमा लामा-विष्णु आदि छन् । अब लामा-विष्णुलाई 'मामा' नाता जोडेको घटनालाई प्रस्तुत गरौँ ।

एकचोटि सिन्जाखोला उपत्यकाका बोताँ गाउँका घोडामौला भन्ने ठाउँमा भूतहरूले बाह्र भाइ मस्टाहरूलाई पिँजडामा थुनेछन् । त्यस बेला मुगुको दाउराघारमा तीखो जूर (पत्थर) बाट पैदा भएका लामाजुले अवतार लिएका थिए । उनले मुगालीहरूलाई (मुगु जिल्लाका भोटेहरूलाई) स्थानीय भूतप्रेतबाट बचाइदिएका थिए । यिनै लामाजुले त्यहाँ आई पिँजडा फोडी मस्टहरूलाई छुटकारा गरिदिए । त्यस बेला लामाजुले मस्टसँग सोधे – 'तिमीहरूको भीत (शक्ति) के कति छ ?' मस्टले बाखाको रूप धारण गरी आफ्नो शक्ति देखाउन थाले । त्यसै बेला लामाजुले बाघको रूप धारण गरी देखाए । बाखाको रूप लिने मस्टाहरू सब डराए र उनीहरूले लामाजुसँग नाता जोड्दै उनलाई मामा भन्न थाले (जोशी, २०२९ : ६०) । एउटै देवतालाई लामाका रूपमा पनि पुज्ने र विष्णुका रूपमा पनि पुज्ने हुनाले यी देवतालाई लामा-विष्णु भनिएको हो (उपाध्याय, २०७२ : ८०) । यो चलन खससंस्कृतिको मियोजस्तै रहेको छ ।

६. उपसंहार :

हामी प्रकृतिपूजक हौँ, बहुदेवतावादी हौँ, कुलपूजक हौँ, कुलदेवतापूजक हौँ, पितृपूजक हौँ । हामी पशु, पक्षी, जलचर, स्थलचर, नभचर अझ भनौँ पञ्चतत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश), ग्रह-नक्षत्र, देवी-देवता, पितृ र मानवका पूजक हौँ । हामी देवीदेवता र पितृहरूको कृपा, आशीर्वाद र अनुकम्पाविना जीवनमा केही पनि गर्न सक्तैनौँ भन्ने मान्यता राख्दछौँ । त्यसैले त 'ईश्वरको कृपाविना रूखको पात पनि हल्लिँदैन' भन्ने आदर्शयुक्त मान्यता (वाक्य) जनजनमा प्रचलित छ । प्रकृतिसृजिता भनौँ या ईश्वर सृजित भनौँ, ब्रह्माण्डका यावत् पदार्थमा ईश्वरीय अंश छ, सङ्कल्प छ र दृष्टि छ ।

त्यस्तै, पश्चिम नेपालको दैवी परम्पराले सामाजिक जनजीवनमा गहिरो प्रभाव पारेको छ अर्थात् देवीदेवताले मानव जीवनमा महत्त्वपूर्ण प्रभाव पारेका छन् । मानव जीवनका यावत् पक्ष, जस्तै - घरपरिवारको सुरक्षा, पशुधनको सुरक्षा, बाधा-व्यवधानको निराकरण, अन्यायबाट मुक्ति, निरोगिता र उपचारको कामना, राक्षसहरूको भयबाट मुक्ति, भविष्यज्ञानको अपेक्षा, वर्षा र पानीको माग, रोगव्याधिबाट मुक्ति, हतियारको प्राप्ति जस्ता जीवनका हरेक क्षणमा आइपर्ने यावत् वस्तु वा परिस्थितिसँग देवीदेवताहरूको प्रत्यक्ष सहयोगको कामना गर्दछन् ।

मानव जीवनका हरेक पक्षलाई हरेक क्षण सहयोग गर्ने अथवा संरक्षण प्रदान गर्ने मस्ट र नौ बहिनी भवानी ग्रामीण देवताको कुनै मूर्ति हुँदैन, यी अमूर्त रहन्छन् । ध्वजा, पताका (आलन), वनथान, घरथान, गब्यूर (गुप्ती कोठा), आगम आदि तन्त्रबहुल शब्दहरू (क्रियाहरू) प्रयोग गरिने सर्वेसर्वा तत्त्वको प्रतीक, शक्तिको सर्वोच्च रूप, अद्भुत दैवीशक्तियुक्त रहेको जनविश्वास ती भगवती र मस्टमा छ। ती भवानी र मस्टले चाहेमा आकाशबाट तत्कालै पानी पार्न सक्तछन्, परिरहेको पानीलाई रोक्न सक्तछन्, कसैको (भक्तको) मृत्यु टार्न सक्तछन्, रातमा सूर्य प्रकाशित गर्न सक्तछन्, मानव/भक्तका यावत् कमी-कमजोरी निराकरण गरी दैवीय आनन्द प्रदान गर्न सक्तछन् ।

मस्ट परम्पराबाट विकसित ऐतिहासिक वा धार्मिक तथ्य 'झोलीको देवता' आजभोलि प्रायः 'भान्जा-भान्जी' मा प्रयोग हुन थालेको छ । यहाँ प्रयुक्त 'झोलीको देवता' शब्दले अत्यन्तै मान्यता, धर्म, अर्थ, काम र मोक्ष अथवा अभीष्ट फल दिने, अत्यन्त आदरपूर्वक पुजिने, आस्था, विश्वास र श्रद्धाको पुञ्ज भन्ने बुझाउँदछ ।

मस्टशिलाका रूपमा झोली (झोला) मा परी/पसी आएका र कैयौँपल्ट फाल्दा पनि पुनः आएका र अन्त्यमा झोलाधनीलाई सपनामा निर्देशन दिएकाले पश्चिम नेपालमा मस्टको परम्परा विकसित भएको जनविश्वास छ ।

हुन त आज भोलि नेपालभर मात्र नभएर विदेश (विशेषतः भारत) मा पनि मस्टको उपासना कहीं पितृका रूपमा, कहीं कुलका रूपमा, कहीं कुलायनका रूपमा रहेको कुरा सर्वविदितै छ ।

सन्दर्भग्रन्थ :

१) आत्रेय, विष्णुराज, लौकिक दर्शनमा मस्टो परम्परा, २०७०, खस जाति र कुलपूजा, काठमाडौँ : बानियाँ बन्धु समाज ।

२) उपाध्याय, वासुदेव, सांस्कृतिक समन्वयको प्रतीक लामा-विष्णु : एक अध्ययन, २०७२, मिलनविन्दु, काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

३) कैदी, प्रेम, पश्चिम नेपालको निभेको ज्योति प्रज्ज्वलित गर्ने मस्टो पुराण, २०७२, मस्टो संस्कृति र परम्परा, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

४) कोइराला, कुलचन्द्र, शाक्त सम्प्रदाय र शक्तिपीठ, २०६५, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान । खस जाति र कुलपूजा, काठमाडौँ : बानियाँ बन्धु समाज । नेपाली खस-बाहुनका कुलदेवता मस्टो, २०७१, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

५) खड्का, श्यामबहादुर, बझाङ, किम्वदन्ती र इतिहास २०५८, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. । मस्टो : संस्कृति र परम्परा, २०७२, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. । कुलदेवता मस्टो, २०७२, खड्का सन्देश, काठमाडौँ : खड्का क्षत्री महासमाज, वर्ष ३ अङ्क १५ । मस्टोसम्बन्धी अनुमान र वास्तविकता, २०७३, काठमाडौँ : खड्का क्षत्री महासमाज ।

६) खत्री, विष्णुप्रसाद, सुदूर पश्चिमाञ्चल क्षेत्रका धार्मिक स्थल र शक्तिपीठहरू, २०६०, काठमाडौँ : श्रीमती शान्तिदेवजी खत्री ।

७) खनाल, मोहनप्रसाद, मस्ट एक प्राचीन देवता, २०७०, खस जाति र कुलपूजा, काठमाडौँ : बानियाँ बन्धु समाज ।

८) गुरुङ, डा. जगमान, मस्ट : एक चिनारी, २०७३, (कार्यपत्र), काठमाडौँ : खड्का क्षत्री महासमाज ।

९) चतुर्वेदी, ज्वालाप्रसाद (सं) भगवान् सूर्य के १२ स्वरूप और श्रीआदित्यहृदयस्तोत्र, (नेत्रोपनिषद् एवम् चाक्षुषोपनिषद्) हरिद्वार : रणधीर प्रकाशन ।

१०) जोशी, सत्यमोहन, कर्णाली लोकसंस्कृति र मस्टाका आलनहरू, २०२९, प्रज्ञा त्रैमासिक, वर्ष २, अङ्क ३, काठमाडौँ : ने. रा. प्र. प्र. ।

११) दाहाल, पेशल, मन्तव्य, २०७२, मस्टो संस्कृति र परम्परा, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।
१२) देवकोटा, रत्नाकर, कुलदेवताका रूपमा पुजिने मस्टो र यसका विविध पक्ष, २०७०, खस जाति र कुलपूजा, काठमाडौँ : बानियाँ बन्धु समाज ।
१३) पन्त, जयराज, मस्टा परम्परा र त्यसका गीतहरू, २०६४, काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा. लि. ।
१४) बानियाँ, रामबहादुर, मस्टो परिचय र पोखराका बानियाँहरूको कुलपूजाविधि, २०७०, खस जाति र कुलपूजा, काठमाडौँ : बानियाँ बन्धु समाज ।
१५) भट्टराई, घटराज, नेपालका धार्मिक स्थलहरू, २०७१ (सांस्कृतिक कोश), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
१६) रावल रामबहादुर, भूमिका, २०७१, नेपाली खस बाहुनका कुलदेवता मस्टो, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।
१७) रिजाल वंशावली २०६०, काठमाडौँ : रिजाल वंशावली प्रकाशन समूह ।
१८) विमल, राजेन्द्र, तराईका देवीदेवता र तिनको पूजाविधि २०७३, (कार्यपत्र), काठमाडौँ : खड्का क्षत्री महासमाज ।
१९) शक्ति के विभिन्न स्वरूपों का कल्याण, ई. १९८६, (शक्ति उपासना अङ्क), सङ्ख्या १, पूर्णसङ्ख्या ७२२, अध्ययन, गोरखपुर : गीता प्रेस ।
२०) शर्मा, प्रयागराज, पश्चिम नेपालको हिमालयमा पुजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा २०२८, कर्णाली प्रदेश : एक बिटो अध्ययन, हुम्ला : सामाजिक अध्ययन समुदाय ।
२१) श्रीपशुपतिदर्शन (लघुपरिक्रमा) २०७१, काठमाडौँ : श्रीपशुपतिनाथ अर्चना सुव्यवस्था प्रतिष्ठान ।
२२) सुवेदी, राजाराम, खस-आर्यहरूका कुलदेवता मस्टो, २०७३, (कार्यपत्र) काठमाडौँ : खड्का क्षत्री महासमाज ।

कुलदेवता मस्टो

- श्याम खड्का -

हाम्रा वरिपरि मानव जीवनलाई प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्ने गरी विभिन्न दैवी शक्तिहरू विद्यमान रहेका छन् । वास्तवमा तिनीहरू को हुन्; देवता, यक्ष तथा राक्षसहरूका सम्बन्धमा कसरी विभिन्नता भयो भन्नेजस्ता प्रसङ्ग रामायणमा उल्लिखित निम्न श्लोकहरूले स्पष्ट पार्दछन् ।

रक्षाम इति तत्रान्यैर्यक्षाम इति चापरैः ।
भुङ्क्षीत भुङ्क्षीतैरुक्तस्ततस्तानाह भूतकृत् ।

ती प्राणीहरू भोकाएका थिए । तिनीहरूमध्ये केहीले भने हामी यस जलको रक्षा गर्दछौं । केहीले ब्रह्मालाई भने हामी यसलाई यक्षण (पूजन) गर्नेछौं ।

रक्षाम इति यैरुक्तं राक्षसास्ते भवन्तु वः ।
रक्षाम इति यैरुक्तं यक्षा एव भवन्तु वः ॥

त्यसपछि ब्रह्माजीले रक्षा गर्छौं भन्ने दैवी शक्तिलाई राक्षस र यक्षण गर्न खोज्नेलाई यक्ष नामकरण गरिदिँदा उनीहरू दुई समूहमा विभक्त भए ।

सनातन विश्वासअनुसार तेत्तीसकोटि देवताहरू मान्ने गरिए पनि महाभारत आदिपर्व छैसठ्ठी अध्याय श्लोक ३७ मा तेत्तीसवटा मात्रै देवता रहेको उल्लेख छ । यसमा उल्लेख भएअनुसार इन्द्र एक आदित्य हुन् भने मस्टा इन्द्रका पुत्र हुन् ।

त्रयोस्त्रिंशत इत्येते देवास्तेषा वहं तब ।
अन्वयं सप्रक्ष्यामिश्च पक्षैश्च कुलतो गणान् ॥३७॥

यसरी आठ वसु, एघार रुद्र, बाह्र आदित्य तथा प्रजापति र वषट्कार, यी तेत्तीस मुख्य देवता छन् ।

तेत्तीस देवतामध्ये कोको कहाँ बस्छन् भन्ने कुरा ऋग्वेदको पहिलो मण्डलको श्लोक १५२५ र सूक्त १४० मा यसरी उल्लेख भएको छ –

चेर्देवासो दिव्येका दशस्थ पृथिव्या मध्येका दशस्थ ।
अप्सुक्षितो माहिनैका दशस्थले दैवासो यज्ञामि मन्जुषध्वम् ॥११॥

द्युलोकमा एघार, अन्तरिक्षमा आफ्नो महिमाका साथ बसेका एघार र पृथ्वीमा रहेका एघारजना हे देवताहरू, तिमीहरू यस यज्ञलाई स्वीकार गर ।

मस्टालाई स्थानीय रूपमा क्षेत्रपाल मानिएको छ । क्षेत्रपाललाई ऋग्वेदमा क्षेत्रपति भनी सम्बोधन गरिएको छ । ऋग्वेदको सातौँ मण्डलको सूक्त ३५, श्लोक ५४७४ मा क्षेत्रपतिका बारेमा यसरी उल्लेख भएको छ –

शनो देव सवितात्रायमाण शनो भवन्तुषसो विभाती ।
शन पर्जन्यो भवतु प्रजाभ्य शन क्षेत्रेस्यपति रस्तुशम् ॥

रक्षा गर्ने सवितादेव र चम्किला उषाहरू हाम्रा लागि शान्ति दिने होऊन् । पर्जन्यदेव र कल्याण कारक क्षेत्रपति देवता हाम्रा प्रजाका लागि शान्ति दिने होऊन् ।

नेपालका विभिन्न ठाउँमा मस्टो देवताका मन्दिर रहेका छन् । मस्टोका अनुयायीहरूले आफूलाई जानकारी भएको विधिद्वारा पूजा सम्पन्न गर्दछन् । कुमाऊँ, गढवाल तथा पूर्वी भारतको आसामसम्म समेत मस्टोपूजकहरू रहेका छन् । जुम्ला क्षेत्रलाई आफ्नो मूल थलो मान्ने र नेपाल, भारत तथा विश्वका विभिन्न भागमा बसाइँ सरी गएका नेपाली जातिहरूले यसलाई आफ्नो कुलदेवता सम्झेर, कुलपूजा वा कुलायन पूजा गर्ने गरेका छन् ।

आफूलाई इन्द्रपुत्र भन्ने यी देवताको स्थानीय नाम मस्टा हो । मस्टोपूजकहरूको धारणाअनुसारसमेत यिनलाई इन्द्रपुत्र मान्ने गरिएको सम्बन्धमा निम्न फागको अंशले स्पष्ट पार्दछ ।

कसका पुत गोसाइँ कसका जाया ।
इन्द्रका पुत गोसाइँ मण्डालीका जाया ॥

इन्द्रका पुत्र मस्टो इन्द्रकी पत्नी मण्डाल्नीका कोखबाट जन्मेका देवता हुन् । यसबाट यिनको सम्बन्ध पौराणिक र वैदिक देवता इन्द्रसँग रहेको मान्यतालाई बल पुऱ्याउँछ । वेद र पुराणहरूमा मस्टोको नाम र पूजापद्धति चर्चा भएको पाइँदैन ।

देवीहरूका साथै भैरवको पूजा विभिन्न ठाउँमा हुने गरेको छ । पुराणहरूको प्रचलनपछि स्थानीय पूजापद्धतिलाई प्रभावित पारेको पाइन्छ । पछि यसतर्फ शास्त्रीय पूजापद्धति प्रचलनमा ल्याइएको पाइन्छ । मस्टोको मुख्य स्थान ढँडारमा रहेको छ । ढँडार देशभरि पूजा गरिने मस्टोको मुख्य थान हो । यहाँबाट बान्नी भन्ने स्थानमा, किमडाला, रामडी, सेरागाउँ आदि ठाउँहरूमा बक्साएर पूजाआजा हुन्छ । अन्य जातिहरूले पनि आफ्नो कुलदेवताका रूपमा आफ्नो पायक पर्ने स्थानमा गाउँनजिक पूजा गर्ने भएकाले ठाउँको आधारमा नाम दिएर पूजा गर्ने गरेका छन् ।

देशभरिका विभिन्न जातजातिले गर्ने कुलपूजा अथवा कुलायनपूजा यिनै मस्टो देवताको हो । कुलपूजा वर्षको एकचोटि अथवा वर्षको दुईचोटि अथवा दुई वर्षको एकचोटि गर्नुपर्छ भन्ने मान्यता धेरैमा रहेको पाइन्छ । पहिले मानिसहरू काममा व्यस्त हुने तथा पूजाआजामा समय दिन नसक्ने भएकाले वर्षको एकचोटि पूजा गर्ने गरिएको हो ।

कुलदेवताको पूजा जहिलेसुकै पनि गर्न सकिन्छ । केही निश्चित दिनहरू आफू चोखो भएको अवस्थामा पूजा होम आदि गर्न सकिन्छ । केही जातिहरूले होम, यज्ञ आदि नगरेरै कुलायन अथवा कुलपूजासमेत गरेको पाइयो । केही जातिले कुलपूजाको नाममा कुलको मुख्य व्यक्तिबाट सामान्य पूजा मात्रै गरेर समाप्त गरेको पाइन्छ भने केही जातिले पूजाको नाममा अस्वाभाविक रूपमा बलि प्रथालाई बढावा दिइएको पाइन्छ ।

कुलपूजा गर्दा कुलदेवताको नाममा होम आदि गर्नुपर्दछ । उक्त काम ब्राह्मण (कर्मकाण्ड चलाउने) ले मात्र गर्न सक्छ । देवताका मन्दिरहरूमा एकजना ब्राह्मण मुख्य पुजारीका रूपमा तोकिएको हुन्छ । उसले मात्र नियमित मन्दिरभित्र पसी होम, पूजा आदि गर्दछ । उसको शेषपछि अर्को ब्राह्मण स्थायी रूपमा तोकिन्छ । तोकिएदेखि बाहेक अन्य व्यक्ति मुख्य मन्दिरभित्र पस्न पाउँदैन ।

पूर्वी भागतर्फका केही जातिले आफ्नो कुलदेवताका सम्बन्धमा राम्रो जानकारी राख्न नसकेका कारण पितृ अथवा वायुलाई आफ्नो कुलायन मानी पूजा गरेको पनि पाइएको छ । कुलायन तथा वायु दुवै अलग-अलग शक्ति हुन् । कुलायन आफ्नो बाबुबाजेदेखि परम्पराका रूपमा मानिँदै आएको शक्ति हो । वायु भनेको कुलको कुनै व्यक्तिले मोक्ष प्राप्त नगर्दा मोक्षको प्रयासका लागि कुललाई दुःख दिने गरेको शक्ति हो । कुलदेवता र अन्य शक्ति पहिचान नगरी त्यसैलाई कुलायन अथवा कुलपूजा मान्ने गरेका छन् । कुलपूजा गर्दा अपनाइएका विधिहरू शास्त्रभन्दा फरक र वास्तविकतासँग मेल नखाने समेत अपनाएको पाइन्छ ।

वायुको पूजा भनेको पितृपूजा हो । कुलदेवताको पूजा गरेमा कुलदेवताले नै पितृलाई भाग दिलाउँछन् भन्ने मान्यता रहिआएको छ । श्राद्धबाहेक अन्य अवस्थामा सामान्यतया पितृपूजा गरिँदैन । तर धेरै जातिहरूले कुलपूजाको विधि नजानेर केकसरी पूजा गर्ने हो भन्ने जानकारी राख्न नसकेकाले औपचारिकता पूरा गर्ने गरी पूजाविधि अपनाएका छन्, जसको कुनै अर्थ अथवा औचित्य हुँदैन ।

कुलपूजामा केही जातिहरूले देवीलाई समेत पूजा गर्ने गरेका छन् । नेपालको पूर्वी भागका नयाँ पुस्ताहरू आफ्नो पैतृक थलो र परम्परा तथा संस्कृतिका बारेमा अनभिज्ञ रहेको पाइएको छ । नेपाली समाजमा कुलायन तथा कुलदेवतासम्बन्धी व्यवस्था बसाइँ-सराइका कारणले अवरुद्ध भएका छन् । नेपाली जनसङ्ख्याको ठूलो भाग मस्टोपूजकका रूपमा रहेको छ । मानसरोवरको आसपासको क्षेत्र मस्टोको मुख्य स्थानका रूपमा रहेको र नेपाली सभ्यताको उत्पत्तिसमेतको क्षेत्र त्यसतर्फ नै रहेकाले यस क्षेत्रको संस्कृति र परम्पराको विशेष महत्त्व रहेको छ ।

वैदिक धर्मले भन्छ समस्त मानवजातिको पहिलो उत्पत्ति थलो मानसरोवरको आसपास हो र मस्टोको क्षेत्रसमेत त्यही क्षेत्रमा रहेकाले नेपाली भाषा तथा सभ्यतासँग मस्टो संस्कृतिको गहिरो सम्बन्ध रहेको छ । नेपाली भाषाको उत्पत्ति सिँजा क्षेत्रमा रहेकाले नेपाली भाषा तथा सभ्यतासँग मस्टो संस्कृतिको गहिरो सम्बन्ध रहेको छ । नेपाली भाषाको उत्पत्ति सिँजा क्षेत्रमा भएको तथ्य भाषाशास्त्रीहरूले निक्योल गरिसकेका

छन् । यी देवताका आखर, भाषा र फागहरू यस समाजमा दसौँ हजार वर्षदेखि प्रचलित छन् । देवता तथा मानवजातिको बीचमा हुने संवादका विभिन्न शब्दहरू र आखरहरू यस क्षेत्रमा परापूर्व कालदेखि चलनचल्तीमा छन् । ती आखर र फागहरूकै भाषामा पछिल्ला दिनहरूमा शिलापत्र तथा ताम्रपत्रहरू प्रचलनमा आए । हाल आएर यही भाषा परिमार्जित भएर विश्वमा नेपाली भाषाका रूपमा विकसित भइसकेको छ । मस्टो संस्कृतिसँग नेपाली भाषा विकसित हुनुमा गहिरो सम्बन्ध रहेको छ ।

पिथौरागढको चण्डाकमा मस्टालाई मोष्टाका रूपमा पूजा हुन्छ र प्रत्येक वर्ष नागपञ्चमीको अवसरमा ठूलो मेला लाग्दछ । त्यस क्षेत्रमा उनलाई पानी पार्ने देवताका रूपमा मानिएको छ । त्यस क्षेत्रमा पानी परेन अथवा सुख्खा मौसम भयो भने यी देवताको पूजा गर्दा पानी परेको उदाहरणले मानिसहरूको विश्वास बढेको हो । यी देवता इन्द्रका पुत्र भएको र आकाशबाट पर्ने पानीमा इन्द्रको नियन्त्रण रहने भएकाले वर्षातमा यिनको समेत नियन्त्रण हुन्छ भन्ने विश्वास छ । जुम्ला क्षेत्रमा परापूर्व कालदेखि पूजा गरिने देवताहरू कुमाऊँ क्षेत्रमा पनि मन्दिरको स्थापना गरी पूजा गरिने परम्परा छ । भारतीय लेखकहरूले पनि मस्टोको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरेको पाइन्छ ।

नेपालमा मस्टोका सम्बन्धमा विभिन्न लेखकहरूले कलम चलाएको भए तापनि विस्तृत अध्ययन तथा अनुसन्धान हुन बाँकी छ । मस्टाको कसैले १२ भेद दिए भने कसैले १८ प्रकारका मस्टा उल्लेख गरेर नामसमेत दिए । कसैले त ८४ प्रकारका मस्टा भएको उल्लेख गरे भने कसैले मरुत नै मस्टा हुन् सम्म भनिदिए । विभिन्न नाम दिएर मस्टाका प्रकार उल्लेख गरेर बाहिर प्रकाशमा ल्याए । अन्य लेखहरूले त्यसमा विस्तृत अनुसन्धान नै नगरी त्यसैलाई अनुसरण गर्दै आए । स्थानीय स्तरमा अध्ययन गर्दा त्यस्तो केही पनि देखिन आउँदैन । यी देवता मानिसमा अवतार हुँदा कहिल्यै आफ्नो नाम मस्टा भन्दैनन् । एउटा मात्र रूप भएका मस्टाले आफूलाई इन्द्रपुत्र भन्ने गरेका छन् । स्थानीय व्यक्तिहरूले मस्टा नाम दिएका ती देवता अध्ययन-अनुसन्धानबाट इन्द्रपुत्र जयन्त हुन् भन्न सकिन्छ ।

विभिन्न स्थानमा पूजा गर्ने गरी स्थापित मस्टाका थानको आधारमा पुकारिने नामहरू मस्टाको भेद होइनन् । स्मरणीय कुरा के छ भने

मस्टो पूजकहरूले आफ्नो पायक पर्ने स्थानको आधारमा मस्टोका मन्दिरहरू स्थापना गरी ठाउँविशेषको मस्टो नाम दिने गरेका छन्। सबै मन्दिरहरूमा मस्टा नै मुख्य देवता हुन्छन् भने मस्टोका सहायक तथा गणहरूसमेत मन्दिरमा अथवा आसपास आफ्नो स्थानमा बसोबास गरेका हुन्छन्। एउटा पाली अथवा पूजा गर्ने जातिको समूहले आफूलाई पायक पर्ने स्थानमा मस्टाको पूजासँगै मस्टासँग अनिवार्य रूपमा रहेका अन्य देवताहरू अथवा गणको पनि पूजा गर्नुपर्दछ। एक मस्टोको थानमा पूजा गर्ने जातिको मानिसले आफूलाई छुट्याएको मस्टाको थानमा बाहेक जानकारी भएसम्म प्रायः अन्य पालीको मस्टाको थानमा पूजा गर्दैनन्।

मस्टाबाहेक अन्य देवताका थानमा पूजा गर्दासमेत मस्टाको नाम लिइन्छ। मस्टाको विद्रोहीजस्तो मानिएको खापरको मन्दिरमा समेत मस्टाको शिला राखेर पूजा गरिएको हुन्छ। मस्टासँग लाकुडा, लाटाहित अनिवार्य रूपमा हुन्छन्। कालसैन, लागा, बाठपाला सहयोगीका रूपमा सदैव रहेका हुन्छन्। यसका साथै मस्टाको सहयोगीका रूपमा रहेका अन्य देवताहरूको थानसमेत मन्दिरको भित्र, बाहिर अथवा थानवरिपरि रहेका हुन्छन्। मस्टा विभिन्न प्रकारका नभई दुधे मस्टा तथा दाह्रे मस्टा गरी दुई रूपमा देखिएका छन्। मस्टा देवता देवीका भाइ भएको र अन्य देवताहरू देवीका पुत्र भएको कारण यिनलाई देवीका पुत्रहरूको मामा भन्ने गर्दछन्। यसमा विचार गर्नुपर्ने कुरा के छ भने दुधे मस्टालाई मामाज्यू तथा दाह्रे मस्टालाई मामा दाह्रे भन्ने गरेको पाइन्छ। दाह्रे मस्टा राक्षसकी छोरीका पुत्र भएकाले रक्तबलि ग्रहण गरेको भन्ने केही व्यक्तिको मान्यता छ। पुराणले नै भन्दछ शची पुलोमा दानवकी छोरी हुन्। दाह्रे मस्टालाई मस्टाले आफ्नै रूप मान्ने गरेका छन्। दाह्रे मस्टाले रक्तबलि ग्रहण गर्दा एकचोटिमा बढीमा ६४ पाठा मात्र भोग गर्दछन्। यसरी हेर्दा मस्टाले आफू दुग्धाहारी रहेर आवश्यकताअनुसार कुनै तामसी शक्ति सृजना गरेर दाह्रे मस्टाको रूप लिएको हो कि भन्ने आभास पाइन्छ।

जहाँ देवीहरू अथवा इन्द्रको पूजा हुन्छ, त्यहाँ मस्टोको पनि पूजा हुने गरेको छ।

स्थानविशेषमा नाम फरक हुन सक्छन् र विभिन्न ठाउँमा भैरव नाम दिएर पूजा हुने गरेको छ, जसले मस्टाको पूजा नगरी अन्य देवी

अथवा देवताको पूजा गर्दछन् । त्यसमा अन्य देवता पूजा गर्नू भनेर मस्टाले नै भाग दिई छुट्याइदिएका हुन्छन् । मस्टोपूजक सबैका लागि मस्टोको मूल थान ढँडार भएको हुनाले यहाँ सबै मस्टोपूजकले पूजा गर्न सक्तछन्, त्यस ठाउँमा जुम्ला क्षेत्रबाट तथा देश विदेशबाट विभिन्न देवारुहरू पूजा गर्न आउँछन् ।

मस्टाको मन्दिरमा पूजा तथा होम हुन्छ । देवी र मातृकाको पूजासमेत होम पद्धतिको आधारमा हुन्छ । मस्टालाई दूध र चामलको पूजा लाग्दछ भने दाह्रे मस्टाले आफैँले भोग लिन्छन् । देवताहरूको सहयोगीका रूपमा बाह्रकाले र अठार कङ्काले भनेर विभिन्न शक्तिहरू पुजिएको पाइन्छ । बाह्रकाले भनेका गोरखनाथपन्थीहरूले मान्ने गरेका बाह्र भैरवहरू अथवा बाह्र आदित्य हुन सक्छन् । कतै देवताहरूको सङ्ख्या बाह्रवटा मात्र मानेर बाह्रदेउ मान्ने गरेका उदाहरण पनि छन् ।

ढँडारको मन्दिरमा २०५७ साल माघमा आगलागी भएको थियो । त्यस बेला थाहा पाउने मानिसहरूले अब देशमा कुनै अनिष्ट हुन्छ भन्ने अनुमान गरेको थियो । २०५८ साल जेठमा राजाको वंश विनाश भएको थियो । त्यसको पूर्वाभास धामीले पनि दिएका थिए । त्यस बेला कसैको ध्यान नगए पनि पछि सबैले यस्तो हुनु रहेछ र पो मन्दिरमा आगलागी भएको रहेछ भनेका थिए ।

(खड्का सन्देश, खड्का क्षत्री महासमाज, वर्ष ३ अङ्क १५, २०७२)

हिमालय एसियाली अध्ययन केन्द्र (हिकास)

काठमाडौं विश्वविद्यालय